नेकाप

२०७४

साउन

अङ्क

४

# नेपाल कानून पत्रिका

भाग - ५९ **२०७४ साउन** अङ्क - ४



प्रकाशक

## सर्वोच्च अदालत

**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)
फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८
**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| नायव महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री रामचन्द्र खड्का

प्रकाशित सङ्ख्या : २५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*नेकाप, २०७४... ... ... ... , नि.नं. ... , पृष्ठ ...*

*(साल) (महिना)*

उदाहरणार्थ : *नेकाप* २०७४, साउन, नि.नं.९७८९, पृष्ठ ५०७

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*सअ* बुलेटिन २०७४ ... ... ... १ वा २, पृष्ठ ...

*(साल) (महिना)*

उदाहरणार्थ : सअ बुलेटिन, २०७४, साउन – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

ठेगाना

**www.lawcommission.gov.np**

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

## विषय सूची


| क्र.स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९७८९ संयुक्त उत्प्रेषण / परमादेश | सुनिता दवाडीसमेत विरूद्ध नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, बबरमहल, काठमाडौंसमेत | ▪ कुनै पदपूर्ति समितिमा आफ्नो नाता पर्ने व्यक्ति रहेको अवस्थामा त्यस्तो पदपूर्ति समितिबाट लिइएको परीक्षा दूषित हुन सक्छ । तर प्रस्तुत मुद्दाको तथ्यमा हेर्दा निवेदकका पिताले परीक्षाको गोप्य प्रक्रियामा संलग्न हुने छैन भनी निर्णय गराई निजले सो निर्णयलाई स्वीकार गरी परीक्षाको गोप्य प्रक्रियामा संलग्न नभएको स्पष्ट देखिँदा देखिँदै यी निवेदिकाहरूका हकमा परीक्षा प्रणालीबाट च्यूत गर्ने विपक्षी प्राधिकरण पदपूर्ति समितिको निर्णय कानूनसम्मतको हो भन्ने देखिँदैन । जुन निर्णयमा आधार र कारणहरू खोलिएको हुँदैन विधि शास्त्रीय मान्यताको आधारमा त्यस्ता निर्णय न्याय र कानूनसम्मत मान्न नमिल्ने । | ५०७ |
| २. | ९७९० संयुक्त परमादेश | अधिवक्ता राजुप्रसाद चापागाईँसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ समाजमा रहेका मानिसहरू जो आफ्नो बारेमा स्वयम् बुझ्न सोच्न र जान्न सक्दैनन् त्यस्ता वृद्ध, असक्त, असहाय,अनाथ बालबालिकासमेतका व्यक्ति वर्ग र समुदायको आधारभूत आवश्यकताको परिपूर्ति राज्यका तर्फबाट हुनुपर्ने विषय सामाजिक सुरक्षासँग सम्बन्धित हुने हुँदा यस्तो विषयलाई लोक कल्याणकारी राज्यमा अनिवार्यरूपमा स्वीकार गर्नुपर्ने हुन्छ । जीवन नै संकटमा | ५१४ |

| | | | | |
|---|---|---|---|---|
| | | | परेका वर्ग र समुदायको रक्षा गर्ने महत्त्वपूर्ण संरक्षणात्मक उपाय सामाजिक सुरक्षासम्बन्धी विशेष योजना र कार्यक्रम नै रहेको हुन्छ। राज्यले प्रदान गर्ने निश्चित अवस्थाका सबै नागरिक समेटिएको सामान्य भत्ताको व्यवस्थाबाट विशेष अवस्थामा रही सामाजिक सुरक्षाको आवश्यकता रहेका नागरिकहरूको हकमा उचित सम्बोधन हुनसक्ने नदेखिने। | |
| ३. | ९७९१<br>संयुक्त<br>कर्तव्य ज्यान | हरिबहादुर विश्वकमर्मा विरूद्ध नेपाल सरकार | ▪ कुनै पनि मानिसमाथि बोक्सीको आरोप लगाउने कार्य कानूनले निषिद्ध गरेको छ भने सो प्रकृतिको आरोप लगाई मानिसको कपाल काट्ने, मानव मलमूत्र खुवाउने, कुटपिट गर्ने, यातना, प्रताडित गर्ने जस्ता कार्य अमानवीयसमेत भएकोमा दुईमत हुन सक्दैन। मानव समाजमा अन्धविश्वासको रूपमा रहेको बोक्सा बोक्सी जस्तो मान्यता निर्मूल गर्न कानून बनाएर मात्र प्रयाप्त हुँदैन। यस्तो क्रियाकलाप विरूद्ध कडा दण्ड नीतिसमेत अपनाउन आवश्यक रहेकोले सोहीअनुरूप कठोर सजाय पनि गर्न आवश्यक हुने। | ५३८ |
| ४. | ९७९२<br>संयुक्त<br>लागु औषध अपराध | सुमन शाही विरूद्ध नेपाल सरकार | ▪ कानूनको व्याख्या गर्दा त्यसबाट पर्न जाने प्रभाव प्रति न्यायकर्ता सदैव गम्भीर रहन पर्ने देखिन्छ। कानूनको यान्त्रिक व्याख्या गर्दा त्यसबाट अनपेक्षित परिणाम निस्कन गई न्यायबाट वञ्चित हुनुपर्ने अवस्थातर्फ पनि न्यायकर्ताले ध्यान पुर्‍याउन जरूरी हुन्छ। कानून र न्यायको समायोजन हुन | ५५९ |

| | | | | |
|---|---|---|---|---|
| | | | नसके प्रतिवादीले न्याय प्राप्त गर्ने अवस्था नै रहन्न । अतः न्यायकर्ताले यस विषयमा गम्भीर भई न्याय सम्पादन गर्न वाञ्छनीय हुन्छ । तथ्यगत रूपबाट लागु औषधको कुलतमा लागेकालाई लागु औषधको कारोबारीको रूपमा सजाय गर्दा न्यायको भावना नै मर्न जाने हुँदा विवेकशील भई न्याय गर्नु न्यायकर्ताको मुलभूत र अन्तरनिहित कर्तव्य भएकोमा द्विविधा हुन नसक्ने । | |
| ५. | ९७९३<br>संयुक्त<br>उत्प्रेषण | डा. सन्तोष पौडेल<br>विरूद्ध<br>नेपाल सरकार | ▪ सरकारबाट अध्ययन गर्न पठाएका राष्ट्रसेवक र कानूनबमोजिम बिदा स्वीकृत गराई निजी तवरमा अध्ययन गरेका राष्ट्रसेवकबीच समान हैसियत रहने र निजी तवरले अध्ययन गरेको भन्ने आधारले मात्र कानूनले विवेकसम्मत आधार देखाई फरक फरक स्थितिमा राखेको अवस्थामा बाहेक वृत्ति विकासको अवसरमा विभेद गर्नु न्याय, कानून र समानताको सिद्धान्तका साथै संविधानद्वारा प्रत्याभूत समानताको हकको समेत विपरीत हुन जाने । | ५६७ |
| ६. | ९७९४<br>संयुक्त<br>सवारी ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>सेरपु लामा | ▪ सवारी चालक अनुमतिपत्र नै नभएका व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको कानूनद्वारा निषेधित कार्य हो । कानूनद्वारा निषेधित कार्य गरी सवारी चलाउने अनुमति नै प्राप्त नगरेको व्यक्तिले सवारी चलाई सो सवारी साधनबाट ठक्कर लागी वा किची | ५७३ |

| | | | | |
|---|---|---|---|---|
| | | | मानिसको ज्यान गएमा सोकार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको मान्नुपर्ने । | |
| ७. | ९७९५<br>संयुक्त<br>उत्प्रेषण | सुरेन्द्र भण्डारी<br>विरूद्ध<br>मालपोत कार्यालय, चितवनसमेत | ▪ एक पटक बैंकको हकमा रोक्का राखिएको र त्यसकै आधारमा ऋण प्रवाह भएको सम्पत्तिलाई फेरी अरू कुनै निकायका पत्र वा आदेशबाट पुन: रोक्का रहने हो भने ऋण असुलीको प्रक्रिया नै अवरूद्ध हुन गई बैंकिङ कारोबार नै खलबलिन जाने ।<br>▪ रोक्का राखिएको उक्त सम्पत्तिको प्रयोजन समाप्त नभई अर्का प्रयोजनका लागि पुनः रोक्का राख्दा पहिले रोक्का राखिएको प्रयोजन नै निरर्थक वा प्रयोजनहीन हुने गरी दोहोरो रोक्का राख्न कानूनसङ्गत नदेखिने । | ५७९ |
| ८. | ९७९६<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>चार्ल्स गुरूमुख शोभराज | ▪ कर्तव्यवाला पत्ता लागेको अवस्थामा २० वर्षपछि पनि मुद्दा चल्ने ज्यानसम्बन्धी महलको २० नं. को व्यवस्थाले नै स्पष्टरुपमा बोली राखेकै छ । यस्तो अवस्थामा कर्तव्य भएको २० वर्षपछि मुद्दा चल्न नसक्ने भन्ने जिकिर ज्यानसम्बन्धी महलको २० नं. को मनसाय प्रतिकूल भई सो जिकिरसँग सहमत हुन नसकिने । | ५८६ |
| ९. | ९७९७<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | घुर्नी थरूनी<br>विरूद्ध<br>भूमिसुधार कार्यालय, सुनसरी, इनरूवासमेत | ▪ पति मोहीको जीवनकालमा मोही लगत कट्टा भएको विषयमा लगत कट्टा भएको करिब ३७ वर्षसम्म निवेदकले उजुरी गरी उपचार माग गर्न नसकेको कुरामा निजको मृत्युपश्चात् पत्नीको हैसियतले दाबीको | ६०४ |

| | | | | |
|---|---|---|---|---|
| | | | जग्गामा पतिको मोहीयानी हक नामसारी गर्न हकदाबी गर्न पाउने हकाधिकार निजकी पत्नीमा रहेको भन्न नमिल्ने । | |
| १०. | ९७९८<br>संयुक्त<br>भ्रष्टाचार | नेपाल सरकार<br>विरूद्ध<br>लक्ष्मीप्रसाद आचार्यसमेत | ▪ वस्तुतः विशिष्ट ऐनमध्ये कुन आकर्षित हुने भन्ने कुरालाई ऐनको उद्देश्य र त्यसले समेटेको क्षेत्रको आधारमा हेरी निर्णय निष्कर्षमा पुग्नुपर्ने हुन्छ । अर्थात् यदि दुईवटा ऐनहरू एउटै उद्देश्यबाट बनेका छन् वा तीनका व्यवस्था एउटै विषयसँग सम्बन्धित छन् भन्ने विधायिकाको पछिल्लो ईच्छालाई जसले समेट्छ, सो ऐन आकर्षित हुन्छ । तर यदि दुईवटा ऐनहरूले अलग अलग उद्देश्यहरू राख्छन् र अलग अलग कुराहरू समेट्छन् भने जुन ऐन उद्देश्य र व्यवस्थाको आधारमा नजिक छ वा विषयवस्तुसँग सोझो सम्बन्ध राख्छ, सो ऐन नै आकर्षित हुने । | ६०९ |
| ११. | ९७९९<br>संयुक्त<br>निर्णय दर्ता बदर दर्ता | राजेन्द्रप्रसाद पण्डित<br>विरूद्ध<br>टिपाल्जोर लामा | ▪ फैसलाको ठहर खण्ड यथावत् रहिरहने तर सो फैसलाबमोजिम कार्यान्वयन भएको कार्य बदर हुने हो भने त्यस्तो कार्यान्वयनले फैसलालाई नै परिवर्तन गर्न पुग्दछ जुन हाम्रो न्यायिक पद्धति प्रणालीविपरीत हुने हुन्छ । अतः अन्तिम भई रहेको फैसला कहीँकतैबाट बदर हुन नसकेको स्थितिमा सो फैसलाअनुसार भएको कार्यान्वयनको पाटोलाई मात्र बदर गर्न सैद्धान्तिकरूपबाट नै मिल्ने नदेखिने । | ७२५ |

| | | | | |
|---|---|---|---|---|
| १२. | ९८०० संयुक्त हाडनाता जबरजस्ती करणी | नेपाल सरकार विरूद्ध जिवन दमाई (परियार) | ▪ विभिन्न कलममा भएको कैद गणना गर्दा २० वर्ष वा सो भन्दा बढी हुनु र जन्मकैदको सजाय हुने ठहर हुनु एउटै कुरा होइन । खण्ड कायम गरी कैद गर्नु पर्दा वा जन्मकैद बापत कैद ठेक्नु पर्दा अपनाउने मापदण्डको रूपमा सम्म जन्मकैद बापत २० वर्ष कैद हुने भन्ने व्यवस्था गरिएको देखिन्छ । विभिन्न कलमको कैद गणना गर्दा २० वर्ष हुने भयो भन्ने कुरालाई नै जन्मकैद भन्नु तार्किक दृष्टिकोण नहुने । | ७३३ |
| १३. | ९८०१ संयुक्त जबरजस्ती करणी | सुमन पहरी विरूद्ध नेपाल सरकार | ▪ जबरजस्ती करणीको कसुर हुनका लागि मुख्यतः तीन वटा आधारभूत तत्त्व हुनु अनिवार्य हुन्छ । जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्था । यस्ता आधारभूत तत्त्व विद्यमान भएको अवस्थामा जबरजस्ती करणीको कसुर स्थापित हुने । | ७३९ |

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।

– सम्पादक

# निर्णय नं. ९७८९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
आदेश मिति : २०७३।१२।२०
०७३-WO-०८६३
मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : काठमाडौं जिल्ला मुलपानी गा.वि.स. वडा नं. ४ घर भई हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने सुनिता दवाडीसमेत

विरूद्ध

विपक्षी : नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, बबरमहल, काठमाडौंसमेत

- **नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको पदपूर्ति कार्यविधि निर्देशिका, २०६६ को कानूनी व्यवस्था हेर्दा उम्मेदवारहरूको आफन्त पदपूर्ति समितिमा रहेकै आधारमा निजका सन्ततिहरू प्रतिस्पर्धामा भाग लिन नपाउने गरी रोक लगाएको पाइँदैन । विपक्षी प्राधिकरण सार्वजनिक निकाय हो। सार्वजनिक निकायले कर्मचारी नियुक्ति गर्दा सम्बन्धित कानूनको अनुशरण गरी उम्मेदवारहरू बीच प्रतिस्पर्धा गराई योग्यतम उम्मेदवार चयन गर्नु नै पर्छ । यसमा कसैले विमति राख्नु हुँदैन । तर, उम्मेदवारको आफन्त विज्ञापित संस्थाको सेवामा रहेको कारणले मात्र निजसँग नाता जोडिएका व्यक्ति प्रतिस्पर्धामा समावेश हुन नै पाउँदैन भन्न उचित हुँदैन । बिना ठोस आधार कारण प्रतिस्पर्धा गर्नबाट वञ्चित गरिएमा नागरिकको हैसियतले पेसा रोजगार गर्न पाउने नागरिकको संवैधानिक र कानूनी मौलिक हकमा गम्भीर आघात पर्न जाने ।**

(प्रकरण नं.५)

- **कुनै पदपूर्ति समितिमा आफ्नो नाता पर्ने व्यक्ति रहेको अवस्थामा त्यस्तो पदपूर्ति समितिबाट लिइएको परीक्षा दूषित हुन सक्छ । तर प्रस्तुत मुद्दाको तथ्यमा हेर्दा निवेदकका पिताले परीक्षाको गोप्य प्रक्रियामा संलग्न हुने छैन भनी निर्णय गराई निजले सो निर्णयलाई स्वीकार गरी परीक्षाको गोप्य प्रक्रियामा संलग्न नभएको स्पष्ट देखिँदा देखिँदै यी निवेदिकाहरूका हकमा परीक्षा प्रणालीबाट च्यूत गर्ने विपक्षी प्राधिकरण पदपूर्ति समितिको निर्णय कानूनसम्मतको हो भन्ने देखिँदैन । जुन निर्णयमा आधार र कारणहरू खोलिएको हुँदैन विधि शास्त्रीय मान्यताको आधारमा त्यस्ता निर्णय न्याय र कानूनसम्मत मान्न नमिल्ने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती र विद्वान् अधिवक्ता नारायणप्रसाद पराजुली
विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता द्वारिकाप्रसाद भट्टराई
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या.गोपाल पराजुली :** नेपालको संविधान,

२०७२ को धारा ४६ र १३३ बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :-

**निवेदिका सुनिता दवाडीसमेतको निवेदन व्यहोराः-**

हामी निवेदिकाहरू अति अशक्त अपाङ्गता भएका दृष्टिविहीन व्यक्तिहरू हौं । हामी सेवा प्रदायी संस्था प्राधिकरणअन्तर्गत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालय, गौचरमा टेलिफोन अपरेटर पदमा कार्यरत छौं । हाम्रा पिता महेश्वर दवाडी प्राधिकरणको प्रशासन सेवामा तह ९ को प्रबन्धक (हाल निमित्त प्रशासन प्रमुख) पदमा कार्यरत हुनुहुन्छ ।

विपक्षी प्राधिकरणले खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने भनी मिति २०७१।१०।१७ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरेको रहेछ । उक्त सूचनामा प्रकाशित विभिन्न पदमध्ये विज्ञापन नं. १३४/०७१/०७२ तह २ को प्राविधिक हेल्पर पदको पदसंख्या २० का लागि हामीसमेत योग्य भएका हुँदा ती पदका लागि खुला, महिला र अपाङ्ग तीनवटै क्लष्टरमा हामीले मिति २०७१।११।१७ गते दरखास्त दर्ता गरेका थियौं । म सुनिताको रोल नं. २३१ र म नारायणीको रोल नं. २३२ रहेको थियो । मिति २०७३।५।४ गते लिइएको लिखित परीक्षामा सहभागी भई हामी उत्तीर्ण भएका छौं । मिति २०७३।११।१२ गते म नारायणी दवाडीको र मिति २०७३।११।१५ गते म सुनिता दवाडीको अन्तर्वाताको तालिका प्रकाशित गरिएको थियो ।

मिति २०७३।११।४ गते विपक्षी प्राधिकरणमा गई बुझ्दा "नेपाल नागरिक उड्डयन प्राधिकरणको विज्ञापन नं. १३४/०७१/७२, तह-२, प्राधिकरण सेवा, समूहीकृत नहुने समूह, हेल्पर पदको यस समितिको मिति २०७३।१०।२५ को निर्णयानुसार प्रकाशित लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनौट भएका रोल नं. २३२ र २३१ का उम्मेदवारहरूको दरखास्त फाराम र लिखित परीक्षा रद्द गरी उपरोक्त रोल नं. का उम्मेदवारहरूको नाम अन्तर्वार्ता सूचीबाट हटाइएको व्यहोरा पदपूर्ति समितिको मिति २०७३।१०।२९ को निर्णयानुसार सम्बन्धित सबैंको जानकारीको लागि.." भनी विपक्षी पदपूर्ति समितिले सूचना प्रकाशित गरेको रहेछ ।

उक्त सूचनाबाट हाम्रो दरखास्त र लिखित परीक्षाको नतिजा रद्द गरी हामीलाई अन्तर्वार्ताबाट किन रोक्नु परेको हो त्यसको कुनै कारण उल्लेख भएको रहेनछ । निर्णयको प्रतिलिपी माग गरी हेर्दा उक्त पदपूर्ति समितिका सदस्य सचिव महेश्वर दवाडीका हामी नजिकका नातेदार (छोरीहरू) भएको र हाम्रा पिता उक्त परीक्षाको तयारी, सञ्चालन र नतिजा प्रकाशनमा संलग्न भएको भन्ने आरोप लगाइएको रहेछ ।

हाम्रा पिता महेश्वर दवाडी विपक्षी प्राधिकरणको प्रशासन विभागमा कार्यरत रहनु भएको कारण पदपूर्ति समितिको सदस्य सचिव रहनु भएको रहेछ । नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारी नियमावली २०५६ र पदपूर्ति निर्देशिकासमेतमा सदस्य सचिवको आफन्त उम्मेदवार प्रतिस्पर्धामा संलग्न हुन नपाउने व्यवस्था रहेको छैन । नैतिकताको आधारमा पिताले हामीहरू सहभागी भएको उक्त विज्ञापनको प्रश्नपत्र निर्माण, परिमार्जन, छपाई, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशनलगायतका परीक्षामा प्रभाव पर्ने कुनै पनि क्रियाकलापमा संलग्न हुनु भएको छैन ।

विपक्षी पदपूर्ति समितिको उक्त निर्णयउपर विपक्षी लोक सेवा आयोगमा उजुरी गर्न जाँदा पदपूर्ति समितिमा लोक सेवा आयोगको प्रतिनिधिसमेत रहने व्यवस्था भएको र उक्त प्रक्रियामा हाम्रो प्रतिनिधि संलग्न रहेको हुँदा प्राधिकरणको (सरकारी सेवा बाहेकको) यस्तो निवेदन दर्ता गर्न मिल्दैन भन्ने मौखिक जानकारी गराइयो । उक्त जवाफबाट हामीले

न्याय पाउन सक्ने कुनै वैकल्पिक उपचारको मार्गसमेत नरहेको हुँदा सम्मानित अदालतसमक्ष यो निवेदन गर्न आएका छौं।

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारी नियमावली, २०५६ अनुसार हाम्रो दरखास्त र लिखित परीक्षा रद्द गर्नुपर्ने कुनै आधार देखिँदैन। त्यसमा पनि हाम्रा पिताले हामी प्रतियोगितामा सहभागी भएको जानकारी गराई नैतिकताका आधारमा प्रतियोगिताको निष्पक्षतामा प्रभाव पर्ने कुनै पनि बैठक र निर्णयमा संलग्न नरहनु भएको अवस्थामा पदपूर्ति समितिले हामीलाई अन्तर्वार्ता सूचीबाट हटाउने भनी गरेको मिति २०७३।१०।२९ को निर्णय र मिति २०७३।११।३ को सूचना गैरकानूनी छ।

हाम्रा पिता पदपूर्ति समितिको पदेन सदस्य सचिव भएको नाताले हाम्रो पेसा र रोजगारको हकमा प्रतिकूलता सिर्जना गर्न मिल्दैन। पिताका कारणले हाम्रो संवैधानिक हक संकुचित र अपहरित हुन सक्दैन। परीक्षामा अनियमितता भएको, परीक्षा सञ्चालनका क्रममा गैरकानूनी कार्य भएको तथा परीक्षा निष्पक्ष नभएको वा निष्पक्ष हुन नसक्ने अवस्था भएको अवस्थामा मात्र परीक्षा रद्द गर्ने अवस्था रहन्छ। हाम्रा पिताले उक्त प्रतियोगितामा हामीलाई सफल गराउने उद्देश्यले यो यो कार्य गरी प्रतियोगिताको निष्पक्षता प्रतिकूलताको काम गरेको भन्न सकेको अवस्था छैन।

अतः सम्मानित अदालतबाट संविधानको धारा १३३(२) बमोजिम असाधारण अधिकारक्षेत्र ग्रहण गरी विपक्षी पदपूर्ति समितिको मिति २०७३।१०।२९ को निर्णय र मिति २०७३।११।३ को सूचनालगायत यस सम्बन्धमा हामी निवेदकहरूलाई प्रतिकूल असर पर्ने गरी विपक्षीहरूबाट भए गरेका यावत् काम कारवाहीलाई उत्प्रेषणको आदेशले बदर गरी हामीलाई प्रतियोगितामा सहभागी गराई हाम्रो अन्तर्वार्ता लिई नतिजा प्रकाशन गर्नु गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेशलगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पूर्ण न्याय पाउँ साथै उक्त निर्णय कार्यान्वयन नगर्नु भनी तत्काललाई अन्तरिम आदेशसमेत जारी गरिपाऊँ।

**यस अदालतको कारण देखाउ आदेश :-**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारणसहित बाटाको म्यादबाहेक १५ दिनभित्र कानूनबमोजिम लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको नक्कलसमेत साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू। साथै अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा छलफलको निमित्त मिति २०७३।११।१२ को तारेख तोकी उक्त मितिसम्म विज्ञापन नं. १३४/७१/७२ को प्राविधिक हेल्पर पदको अन्तर्वातासम्बन्धी कारवाही अगाडि नबढाई यथास्थितिमा राख्नु भनी विपक्षीका नाममा अन्तरकालीन आदेश जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरूलाई शीघ्रातिशीघ्र प्रेक्षेपित गर्नू।

**यस अदालतको आदेशः-**

विपक्षी पदपूर्ति समितिको मिति २०७३।१०।२९ को निर्णय र सो निर्णय गराउनु पर्ने आधार र कारणसहितको टिप्पणीसहितको सम्पूर्ण कागजातहरू संलग्न मिसिल झिकाई पुनः अन्तरिम आदेशको छलफलको लागि पेस गर्नू। साथै उक्त निर्णयसमेतका कागजातहरू प्राप्त भई अन्तरिम आदेश सम्बन्धमा छलफल नहुँदासम्म यस अदालतको एकल इजलासबाट मिति २०७३।११।९ मा जारी भएको अन्तरकालीन आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ।

**विपक्षी लोक सेवा आयोगको लिखित जवाफः-**

नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय, बबरमहलबाट वि.नं. १३४/०७१/०७२ तह-२ प्राविधिक हेल्पर पदपूर्ति गर्न उक्त प्राधिकरणको तालिकाअनुसार विज्ञापन गरी लिखित परीक्षा सञ्चालन भएको र उल्लिखित परीक्षा लोक सेवा आयोगबाट लिइएको नभई प्राधिकरण आफैँले लिएको हो । रिट निवेदकहरूलाई अन्तर्वार्तामा समेत नराख्ने गरी सम्बन्धित पदपूर्ति समितिले गरेको कामकारवाहीमा लोक सेवा आयोगको कुनै संलग्नता छैन । यसर्थ, लोक सेवा आयोगलाई विपक्षी बनाउनुपर्ने आधार कारण नभई हचुवाका भरमा विपक्षी बनाइएको प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाऊँ ।

**विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरण र ऐ.ऐ. को पदपूर्ति समितिको तर्फबाट अख्तियार प्राप्त ऐ. का महानिर्देशकको लिखित जवाफः-**

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको सेवाका सर्त र सुविधासम्बन्धी नियमावली, २०५६ को नियम ३.३ ले पदपूर्ति समितिको गठनसम्बन्धी व्यवस्था गरेको छ । पदपूर्ति समितिमा प्रशासन विभाग प्रमुख सदस्य सचिव रहने प्रावधान छ । यदि सदस्य सचिव बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने अवस्थामा निजको सट्टा समितिले तोकेको प्राधिकरणको कुनै अधिकृतले पदपूर्ति समितिमा प्रतिनिधित्व गर्नेछन् भन्ने कानूनी प्रावधानले पदपूर्ति समितिले गर्ने कार्य पारदर्शी हुनुपर्ने भन्ने नै हो । कुनै पनि पदपूर्ति गर्दा स्वच्छ प्रतिस्पर्धात्मक पारदर्शीतापूर्वक गर्नुपर्ने हुन्छ । तर, रिट निवेदिकाहरूको हकमा निजको पिता नै पदपूर्ति समितिको सदस्य सचिव रहेकोले परीक्षाको पारदर्शीतामा प्रश्न चिह्न खडा हुने हुँदा दरखास्त फाराम र लिखित परीक्षा रद्द गरी अन्तवार्ताको सूचीबाट हटाउने गरी निर्णय गरिएको हो । यस्तो निर्णयले रिट निवेदकको कुनै पनि मौलिक एवं कानूनी हक उल्लङ्घन नभएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाऊँ ।

**यस अदालतको अन्तिम आदेशः-**

नियमबमोजिम पेसीमा चढी अन्तरिम आदेश छलफलका लागि पेस भएको प्रस्तुत निवेदन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) को प्रतिबन्धात्मक वाक्यांश (४) अनुसार अन्तिम निर्णय गर्न सकिने नै देखिएकोले निवेदन संलग्न कागजात अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती र विद्वान् अधिवक्ता श्री नारायणप्रसाद पराजुलीले निवेदिकाहरूले विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणको विज्ञापन नं.१३४/०७१/७२ को तह-२ प्राविधिक सेवा हेल्पर पदमा रीतपूर्वक दरखास्त दिई प्रतिस्पर्धाबाट लिखित परीक्षा उत्तीर्ण भएका छन् । निवेदिकाहरूका पिता पदपूर्ति समितिको सदस्य सचिव भए पनि निजले निवेदिकाहरू सम्मिलित विज्ञापनमा असर पर्ने गोप्य प्रक्रियामा संलग्न नहुने भनी पदपूर्ति समितिको मिति २०७३।२।१७ को बैठकमा लिखित जानकारी गराएका छन् । उक्त विज्ञापनको प्रश्नपत्र निर्माण, परिमार्जन, छपाई र परीक्षा सञ्चालनमा निवेदकहरूका पिता संलग्न भएको कुनै प्रमाण छैन । सार्वजनिक संस्थाको पदपूर्ति समितिमा पिता सदस्य सचिव भएको नाताले निजका सन्ततिले उक्त संस्थामा पेसा रोजगारका लागि प्रतिस्पर्धा गर्न पाउँदैनन् भन्न मिल्दैन । बिना आधार र कारण निवेदिकाहरूको मात्र दर्खास्त र लिखित परीक्षाको नतिजासमेत रद्द गरी निजहरूलाई अन्तर्वार्ता सूचीबाट हटाउने भनी विपक्षी पदपूर्ति समितिबाट मिति २०७३।१०।२९ मा भएको निर्णय गैरकानूनी र स्वेच्छाचारी हुँदा उत्प्रेषणको आदेशले बदर गरी अन्तर्वार्तालगायतको प्रक्रियामा निवेदिकाहरूलाई सहभागी गराउनु भनी विपक्षीहरूका

नाममा परमादेशको आदेशसमेत जारी गरिपाउँ भनी बहस गर्नुभयो।

विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री द्वारिकाप्रसाद भट्टराईले सार्वजनिक निकायले सम्पादन गर्नुपर्ने कार्यमध्ये पदपूर्तिसम्बन्धी कार्य पनि एक हो। त्यस्ता निकायले पदपूर्ति गर्दा स्वच्छ र पारदर्शीतापूर्ण ढङ्गले गर्नुपर्छ। निवेदिकाहरू सम्मिलित भएको विज्ञापनअनुसारको पदपूर्ति समितिमा निजहरूका पिता पदपूर्ति समितिको सदस्य सचिव भई कार्य गरेको हुँदा परीक्षाको पारदर्शीतामा प्रश्न चिह्न खडा नहोस् भन्ने उद्देश्यले निवेदिकाहरूको दरखास्त फाराम र निजहरूको लिखित परीक्षासमेत रद्द गरी अन्तर्वार्ता सूचीबाट निजहरूको नाम हटाउने निर्णय गरिएको हो। सार्वजनिक निकायबाट सम्पादन हुने काममा जनसाधारणको विश्वास बढोस् भनी असल मनसायबाट पदपूर्ति समितिबाट मिति २०७३।१०।२९ मा निवेदिकाहरूको लिखित परीक्षाको नतिजा रद्द गरी निजहरूलाई अन्तर्वार्ता सूचीबाट हटाउने गरी भएको निर्णय न्यायसङ्गत हुँदा बदर हुने होइन, निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

हामी निवेदिकाहरू उम्मेदवार रहेको विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्रकाशित हेल्पर पदको विज्ञापन नं.१३४/०७१/०७२ बमोजिमको पदपूर्ति गर्ने क्रममा हाम्रा पिता प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, परीक्षा सञ्चालन, उत्तर पुस्तिका परीक्षण र नतिजा प्रकाशनमा पदपूर्ति समितिको सदस्य सचिवको हैसियतले सहभागी हुनु भएको थिएन। पदपूर्ति समितिको मिति २०७३।२।१७ को बैठकमै पिता महेश्वर दवाडीले उक्त विज्ञापित परीक्षाको प्राप्ताङ्कमा असर पर्ने सबै गोप्य काममा म संलग्न हुने छैन भनी लिखित जानकारी गराएको अवस्था छ। बिना आधार कारण विपक्षी पदपूर्ति समितिले सदस्य सचिवका छोरी नातेदारहरू सम्मिलित भएको भनी हामीहरूको लिखित परीक्षाको नतिजा रद्द गरी अन्तर्वार्ता सूचीबाट हटाउने भनी मिति २०७३।१०।२९ मा निर्णय गरेको रहेछ। पिताबाट कुनै अवाञ्छित कार्य नभएको अवस्थामा विपक्षीले गरेको उक्त निर्णयबाट हाम्रो पेसा रोजगार गर्न पाउने हक हनन् भएको हुँदा उत्प्रेषणको आदेशले बदर गरी अन्तर्वार्तामा सहभागी गराउनु भन्ने परमादेशको आदेशसमेत जारी गरिपाउँ भनी निवेदिकाहरूले निवेदनमा दाबी लिएको पाइन्छ। प्राधिकरण आफैँले सञ्चालन गरेको पदपूर्तिसम्बन्धी काम कारवाहीमा लोक सेवा आयोगको प्रत्यक्ष संलग्नता नहुने हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत विपक्षी लोक सेवा आयोग र निवेदिकाहरूका पिता यस प्राधिकरणको प्रशासन शाखाको अधिकृतको हैसियतले पदपूर्ति समितिको सदस्य सचिव रहनु भएको छ। निवेदकहरू र निजबीच बाबु छोरीको नाता सम्बन्ध रहेकोले परीक्षाको पारदर्शीतामा प्रश्न चिह्न खडा नहोस् भन्ने उद्देश्यले निवेदिकाहरूको दरखास्त फाराम र लिखित परीक्षाको नतिजासमेत रद्द गरी निजहरूलाई अन्तर्वार्ता सूचीबाट हटाउने गरी पदपूर्ति समितिबाट भएको निर्णय कानूनसम्मत हुँदा निवेदन खारेज गरिपाउँ भनी विपक्षीहरू नेपाल नागरिक उड्डयन प्राधिकरण र ऐ. को पदपूर्ति समितिसमेतले लिखित जवाफमा जिकिर लिएको देखिन आयो।

पक्ष विपक्ष तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता र विद्वान् अधिवक्ताहरूले बहसका क्रममा राख्नु भएका बुँदा एवं निवेदन दाबी र विपक्षीहरूको लिखित जवाफ व्यहोरासमेतलाई दृष्टिगत गरी निवेदकको मागबमोजिमको आदेश जारी हुने हो, होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ हेर्दा विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय, काठमाडौंको मिति २०७१।१०।१७ को राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचनामा प्राधिकरणमा रिक्त रहेका

निर्देशकदेखि हेल्परसम्मका विभिन्न तहका पदहरूको प्रतिस्पर्धात्मक लिखित परीक्षासमेतबाट पदपूर्ति गर्ने भनी विज्ञापन गरेको देखियो । उक्त विज्ञापन / सूचना अनुसार निवेदिकाहरू सुनिता दवाडी र नारायणी दवाडीसमेतले विज्ञापन नं.१३४/०७१/७२ को सेवा प्राविधिक, हेल्पर पदमा दरखास्त बुझाई लिखित परीक्षामा सहभागी भई विपक्षी प्राधिकरणको मिति २०७३।१०।२५ को सूचनाबमोजिम निवेदिकाहरू नारायण दवाडी सि.नं. १५ रोल नं. ३२ र सुनिता दवाडी सि.नं.३४ रोल नं.२३१ खुला, महिला, अपाङ्गतर्फ उत्तीर्ण भएको पाइयो । लिखित परीक्षाको नतिजा प्रकाशित गरिसकेपछि विपक्षी प्राधिकरण पदपूर्ति समितिको मिति २०७३।११।३ को सूचना अनुसार निज निवेदकहरूको दरखास्त फाराम र लिखित परीक्षा रद्द गरी निजहरूको नाम अन्तर्वार्ता सूचीबाट विपक्षीहरूले हटाएको देखिन आउँछ ।

३. निवेदन संलग्न निवेदिकाहरूको दरखास्तसमेत रद्द गर्ने पदपूर्ति समितिको निर्णय हेर्दा पदपूर्ति समितिका सदस्य सचिव महेश्वर दवाडीका निवेदिकाहरू नजिकका नातेदार (छोरीहरू) रहेका, उल्लिखित परीक्षाको तयारी, परीक्षा सञ्चालन, नतिजा तयारी तथा प्रकाशनलगायतका कार्यमा निजले सदस्य सचिवको हैसियतमा कामकाज गर्दै आएको, आफ्ना छोरीहरू परीक्षामा संलग्न भएको विषयमा पदपूर्ति समितिलाई कुनै जानकारी नगराएको र लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि मात्र समितिले जानकारी प्राप्त गरेको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ ।

४. निवेदन संलग्न नेपाल नागरिक उड्डयन प्राधिकरण, पदपूर्ति समितिको मिति २०७३।२।१७ को बैठकको निर्णय हेर्दा उक्त बैठकबाट लिखित परीक्षाका लागि केन्द्र तोक्नेसमेतका निर्णय गरेको देखिन्छ । सोही बैठकमा पदपूर्ति समितिका सदस्य सचिव निवेदिकाहरूका पिता महेश्वर दवाडीले निवेदिकाहरू प्रतिस्पर्धामा सम्मिलित रहेको *विज्ञापन नं.१३४/०७१/७२ को पदमा मेरा आफन्तले परीक्षा दिने हुँदा उक्त परीक्षाको प्राप्ताङ्कमा असर पर्ने सबै गोप्य प्रक्रियामा (काममा) म सदस्य सचिव संलग्न हुने छैन* भनी लिखित जानकारी गराएको देखिन्छ । तत्पश्चात् निज परीक्षामा संलग्न भएको भन्ने देखिँदैन । तथापी मिति २०७३।१०।२९ को निर्णयमा निजले पदपूर्ति समितिको सदस्य सचिवको हैसियतले कामकाज गर्दै आएको भनी निवेदिकाहरूको नाम अन्तर्वार्ता सूचीबाट हटाइएको पाइयो । निवेदन संलग्न विपक्षी प्राधिकरणको मिति २०७३।११।५ को पत्र हेर्दा निवेदिकाहरूका पिता महेश्वर दवाडी परीक्षा सञ्चालन कार्यक्रम तय गरी सोको सूचना प्रकाशन गर्ने, परीक्षा कार्यक्रम संशोधनको सूचना प्रकाशन गर्नेसमेतका कार्यमा सम्म संलग्न रहेको भन्ने देखिन आउँछ । सदस्य सचिवको रूपमा महेश्वर दवाडीले निर्वाह गरेको उक्त भूमिकाले निवेदिकाहरू सम्मिलित परीक्षाको पारदर्शीतामा असर पार्ने प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, प्रश्नपत्रको छपाई, उत्तरपुस्तिका परीक्षणलगायतका कार्यमा निजबाट हस्तक्षेप हुन पुगेको भन्ने देखिन आउँदैन । निवेदिकाहरूलाई यो यस्तो प्रकृतिको कार्य गरी अनुचित तवरबाट लिखित परीक्षामा निजले उत्तीर्ण गराएको भन्ने प्रमाणित हुने कुनै ठोस प्रमाण विपक्षी पदपूर्ति समितिसमेतले लिखित जवाफसाथ पेस गर्न सकेको स्थिति पनि छैन ।

५. यसैगरी नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको पदपूर्ति कार्यविधि निर्देशिका, २०६६ को कानूनी व्यवस्था हेर्दा उम्मेदवारहरूको आफन्त पदपूर्ति समितिमा रहेकै आधारमा निजका सन्ततिहरू प्रतिस्पर्धामा भाग लिन नपाउने गरी रोक लगाएको पाइँदैन । विपक्षी प्राधिकरण सार्वजनिक निकाय हो । सार्वजनिक निकायले कर्मचारी नियुक्ति गर्दा सम्बन्धित कानूनको अनुशरण गरी उम्मेदवारहरू बीच प्रतिस्पर्धा गराई योग्यतम उम्मेदवार

चयन गर्नु नै पर्छ । यसमा कसैले विमति राख्नु हुँदैन । तर, उम्मेदवारको आफन्त विज्ञापित संस्थाको सेवामा रहेको कारणले मात्र निजसँग नाता जोडिएका व्यक्ति प्रतिस्पर्धामा समावेश हुन नै पाउँदैन भन्न उचित हुँदैन । बिना ठोस आधार कारण प्रतिस्पर्धा गर्नबाट वञ्चित गरिएमा नागरिकको हैसियतले पेसा रोजगार गर्न पाउने नागरिकको संवैधानिक र कानूनी मौलिक हकमा गम्भीर आघात पर्न जान्छ ।

६. आफ्ना नाता पर्नेबाहेकका अन्य पदको परीक्षामा महेश्वर दवाडीले सदस्य सचिवका हैसियतले काम गरेको हो वा सबै प्रक्रियामा संलग्न भएको हो भन्ने सम्बन्धमा हेर्दा उक्त मिति २०७३।१०।२९ को निर्णयमा गोश्वारारूपमा सदस्य सचिवको रूपमा काम गर्दै आएको भनी उल्लेख गरेको पाइन्छ । पदपूर्ति समितिको गठन हेर्दा विपक्षी प्राधिकरणका महानिर्देशक अध्यक्ष र अन्य सदस्यहरूमा सहसचिव लोक सेवा आयोग, सहसचिव संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्राधिकरणका उपमहानिर्देशक, तोकिएका दक्ष विज्ञ १ जना तथा लोक सेवा आयोगको उपसचिवसमेत सदस्य रहेको देखिन्छ । यसरी लोक सेवा आयोगसमेतको संलग्नतामा लिइएको परीक्षा प्रणालीमा त्यसको शुद्धता र नतिजालाई अस्वीकार गर्ने आधार भनेकै निवेदकका पिताको सो परीक्षा प्रणालीमा संलग्न भएको भन्ने वस्तुनिष्ठ तवरबाट पुष्टि भएको हुनुपर्छ । परीक्षा प्रणालीलाई हेर्दा योग्यता प्रणालीको संरक्षकको रूपमा रहेको संवैधानिक निकाय लोक सेवा आयोगको सिद्धान्तहरूलाई अस्वीकार गरिएको भन्ने पनि देखिँदैन । एउटा संवैधानिक निकायको समेत संलग्नतामा भएका काम कारवाहीलाई दोष र खोट लगाउन सक्ने आधार प्रस्टरूपमा देखिन पर्नेमा विवाद छैन । कुनै पदपूर्ति समितिमा आफ्नो नाता पर्ने व्यक्ति रहेको अवस्थामा त्यस्तो पदपूर्ति समितिबाट लिइएको परीक्षा दूषित हुन सक्छ । तर प्रस्तुत मुद्दाको तथ्यमा हेर्दा निवेदकका पिताले परीक्षाको गोप्य प्रक्रियामा संलग्न हुने छैन भनी निर्णय गराई निजले सो निर्णयलाई स्वीकार गरी परीक्षाको गोप्य प्रक्रियामा संलग्न नभएको स्पष्ट देखिँदा देखिँदै यी निवेदिकाहरूका हकमा परीक्षा प्रणालीबाट च्यूत गर्ने विपक्षी प्राधिकरण पदपूर्ति समितिको निर्णय कानूनसम्मतको हो भन्ने देखिँदैन । जुन निर्णयमा आधार र कारणहरू खोलिएको हुँदैन विधि शास्त्रीय मान्यताको आधारमा त्यस्ता निर्णय न्याय र कानूनसम्मत मान्न मिल्दैन । अतः विपक्षी पदपूर्ति समितिको मिति २०७३।१०।२९ को निर्णयमा अभिव्यक्त निवेदिकाहरूको पिता परीक्षा प्रणालीमा संलग्न भई निजले परीक्षा सञ्चालन गरेको भन्ने कुरा तथ्ययुक्त र वस्तुनिष्ठ तवरबाट पुष्टि नभएको हुँदा निवेदिकाहरू सम्मिलित परीक्षामा निज संलग्न रहेको भन्ने देखिन आएन । यसबाट निवेदिकाहरूको लिखित परीक्षाको नतिजा र दरखास्तसमेत रद्द गर्ने विपक्षी पदपूर्ति समितिको निर्णय कानूनबमोजिमको रहेको मान्न मिलेन ।

७. तसर्थ, विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरण पदपूर्ति समितिले निवेदिकाहरू सुनिता दवाडी र नारायणी दवाडीको दरखास्त फाराम र निजहरूले उत्तीर्ण गरेको लिखित परीक्षाको नतिजा रद्द गरी अन्तर्वार्ताको सूचीबाट समेत निजहरूको नाम हटाउने भनी मिति २०७३।१०।२९ मा गरेको निर्णय एवं सोका आधारमा मिति २०७३।११।३ मा प्रकाशित गरेको सूचना न्याय र कानूनसङ्गत नहुँदा उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । अब निवेदिकाहरू सुनिता दवाडी र नारायणी दवाडीसमेतलाई समावेश गरी अन्तर्वार्ता लिई कानूनसम्मत तवरबाट नतिजा प्रकाशन गर्ने कार्य गर्नु, गराउनु भनी विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरण पदपूर्ति समितिका नाउँमा परमादेशको आदेशसमेत जारी गरी दिएको छ । यो आदेशको प्रतिलिपिसहितको जानकारी

विपक्षीमध्येको नेपाल नागरिक उड्डयन प्राधिकरण र ऐ. को पदपूर्ति समितिलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. हरिकृष्ण कार्की

इजलास अधिकृत : कपिलमणी गौतम
इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

## निर्णय नं. ९७९०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति : २०७३।२।२६
०७१-WO-०२५७

विषयः- अन्तरिम संविधान २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम परमादेश जारी गरिपाऊँ।

रिट निवेदक : न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल) को तर्फबाट र आफ्नो हकमा समेत चितवन जिल्ला रत्ननगर नागरपालिका वडा नं. १ घर भई हाल ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. २ सानेपा बस्ने जुरी-नेपालका अध्यक्ष एवं अधिवक्ता राजुप्रसाद चापागाईँसमेत

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

- **मौलिक हकको रूपमा भएको संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने प्राथमिक जिम्मेवारी राज्यउपर नै रहने हुँदा संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयन नागरिकले महसुस गर्न सक्ने स्वरूपको बनाउन आवश्यक नियम कानूनको तर्जुमा र त्यसलाई कार्यरूपमा लैजाने जिम्मेवारी राज्यले नै लिनुपर्ने।**
- **मौलिक हकको रूपमा स्थापित अधिकारलाई आवश्यक कानून र विशेष योजना तथा कार्यक्रमबाट अगाडि बढाउन नसकिएको अवस्थामा त्यस्तो अधिकार कागजमा मात्र सिमित हुने हुँदा प्राप्त अधिकारको अर्थपूर्ण कार्यान्वयनको लागि सामाजिक सुरक्षाको आवश्यक प्रबन्ध गरिनु आवश्यक हुन्छ। यसरी आवश्यक प्रबन्ध हुन सकेमा मात्र नेपाली नागरिकले संविधानबाट प्राप्त गरेको मौलिक हकको संरक्षण भई व्यवहारमा अधिकार स्थापित हुन सक्ने।**

(प्रकरण नं.२)

- **राज्यले आवश्यकताअनुसार क्रमशः कानून र कार्यक्रममार्फत मौलिक अधिकारमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दाको अवस्थामा पनि तत्काल सहायताको आवश्यकता रहेका नागरिकहरूलाई नै पहिलो प्राथमिकता दिनुपर्ने हुन्छ। यसरी प्राथमिकता निर्धारण गरी राज्यद्वारा सहयोग प्रदान गरेका खण्डमा मात्र जीवन गम्भीररूपमा जोखिममा रहेका**

नजिर अद्यावधिक

नागरिकहरूको बाँच्न पाउने अधिकारको संरक्षणमा सघाउ पुग्न जाने ।

(प्रकरण नं.३)

- राज्यको आर्थिक क्षमताले सकेको खण्डमा सबै मौलिक अधिकारहरू नागरिकले प्राप्त गर्ने अवस्थाको सुनिश्चितता गरिदिनुपर्ने भए पनि बाँच्न पाउने अधिकारको प्रत्याभूति मानव जीवनको अस्तित्वसँग सम्बन्धित भएको हुँदा असक्त तथा घर परिवारबाट परित्यक्त विभिन्न अवस्थाका नागरिक जसको जीवन नै संकटमा छ त्यस्ता नागरिकको जीवनको सुरक्षाको विषयलाई राज्यले स्रोत र साधनको अभाव भन्ने कारण देखाई कार्यान्वयनको क्रममा गरिने ढिलाईलाई मानवीय दृष्टिकोणबाट समेत उचित मान्न नसकिने ।

(प्रकरण नं.४)

- राज्यले समान अवस्थाका आफ्ना नागरिकहरूको बीचमा असमान व्यवहार हुने गरी आवश्यक बन्दोबस्तीका कार्यक्रम सञ्चालन गर्नु लोककल्याणकारी राज्यको परिवेशमा उपयुक्त हुने नदेखिँदा सिमित संख्यामा मात्र असहाय र असक्त नागरिकको संरक्षण गरेको आधारमा विशेष सहायताको आवश्यकता रहेका सबै नेपाली नागरिक प्रतिको संवैधानिक र कानूनी दायित्व राज्यबाट पूरा भएको भनी मान्न नसकिने ।

(प्रकरण नं.९)

- नेपाली नागरिकलाई राज्यको उपस्थितिको अनुभूति गराउनका लागि अन्तर्राष्ट्रियरूपमा नेपालले व्यक्त गरेको प्रतिबद्धताको परिप्रेक्ष्यमा समेत राज्यबाट विशेष अवस्थाबाट गुज्रीएका आफ्ना नागरिकहरूको भरणपोषण र खानपिनको उचित प्रबन्ध गर्नका लागिसमेत आफूले अनुमोदन गरेको सन्धि महासन्धिको व्यवस्थानेपाल सरकारबाट अक्षरश: पालना भई कार्यान्वयन हुनुपर्ने ।

(प्रकरण नं.१७)

- मौलिक हकको रूपमा रहेको सामाजिक सुरक्षाको विषय सामाजिक न्यायसँग अन्तर सम्बन्धित रहने हुँदा सामाजिक सुरक्षा सामाजिक न्यायलाई व्यवहारमा उतार्ने मुख्य उपकरण रहेको देखिन्छ । नेपाल सरकारले सामाजिक न्यायका आयामलाई सामाजिक सुरक्षाका कार्यक्रमहरू मार्फत नै मुर्तरूप दिने गरेको देखिन्छ । आफ्ना नागरिकको लागि जन्मदेखि मृत्युपर्यन्त हरेक अवस्था र चरणमा सामाजिक सुरक्षाको प्रत्याभूति गरिएको खण्डमा मात्र नागरिकको बाँच्न पाउने अधिकारको संरक्षण हुन गई नागरिकप्रति रहेको सरकारको दायित्व परिपूरण हुन जाने ।

(प्रकरण नं.१८)

- नेपाली नागरिकले भाग्य र भगवानको भरमा आफ्नो जीवन सुरक्षित राख्नुपर्ने अवस्थाको अन्त्य गरी राज्य नै आफ्नो वास्तविक संरक्षक भएको अनुभूति राज्यबाट नै दिलाउनु पर्ने ।

(प्रकरण नं.१९)

- सामाजिक सुरक्षाका सम्बन्धमा आवश्यकताको रोहमा जीवन जोखिममा रहेका अवस्थाका नागरिकहरूको वर्गीकरण गरी अत्यन्त जोखिम अवस्थाका नागरिकहरूलाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु सामाजिक न्यायको दृष्टिकोणबाट समेत उत्तम

नजिर अभिलेख

विकल्प हुन सक्दछ । नेपाल सरकारले औपचारिकताको लागि मात्र सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम तर्जुमा नगरी जीवन संकटमा परेका र पर्ने जोखिममा रहेका नागरिकहरूले अनुभूति गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्नु अनिवार्य हुन्छ । सामाजिक सुरक्षाको कार्यक्रमको सञ्चालन गर्ने संस्थाहरूको संस्थागत सुदृढीकरण गरी सामाजिक सुरक्षाका विधि र आयामलाई सहज र सरलरूपमा प्राप्त गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

(प्रकरण नं.२०)

- खाना र छानाको अभावमा आफ्ना नागरिक मृत्युको जोखिममा पुग्नुपर्ने अवस्थालाई राज्यले सम्बोधन गर्नुपर्ने नै हुन्छ । आर्थिक अभावको बहानामा उपयुक्त कुनै बन्दोबस्त नगरी मानवीय संवेदनाविपरीत आफ्ना नागरिकहरूको कठिन परिस्थितिलाई नियालेर मात्र बस्नु लोककल्याणकारी राज्यको रोहमा स्वीकारयोग्य हुन नसक्ने ।
- आफ्नो भरणपोषण आफैँ गर्न नसक्ने आफ्ना नागरिकहरूको न्यूनतम आवश्यकता पूर्ति गरिदिनुपर्ने दायित्व लोक कल्याणको वर्तमान परिवेशमा राज्यउपर नै रहेको देखिँदा आफूउपर रहेको त्यस्तो दायित्व कुन स्वरूपमा (Model) कार्यान्वयन गर्ने हो सो कुरा राज्यले स्थापित गर्ने संस्थागत संयन्त्र र सञ्चालन गर्ने कार्यक्रमले निर्धारण गर्ने हुन्छ । राज्यले अन्तर्राष्ट्रिय कानूनी दायित्व (सन्धि महासन्धिबाट सिर्जित) र राष्ट्रिय संवैधानिक व्यवस्थाको कार्यान्वयन र आवश्यकताको रोहमा नागरिकप्रतिको जिम्मेवारी वहन गर्नसमेत प्रचलनयोग्य आधारभूत न्यूनतम अधिकारहरूको संरक्षण गर्नु अनिवार्य नै रहेको देखिने ।

(प्रकरण नं.२१)

- समाजमा रहेका मानिसहरू जो आफ्नो बारेमा स्वयम् बुझ्न सोच्न र जान्न सक्दैनन् त्यस्ता वृद्ध, असक्त, असहाय,अनाथ बालबालिकासमेतका व्यक्ति वर्ग र समुदायको आधारभूत आवश्यकताको परिपूर्ति राज्यका तर्फबाट हुनुपर्ने विषय सामाजिक सुरक्षासँग सम्बन्धित हुने हुँदा यस्तो विषयलाई लोक कल्याणकारी राज्यमा अनिवार्यरूपमा स्वीकार गर्नुपर्ने हुन्छ । जीवन नै संकटमा परेका वर्ग र समुदायको रक्षा गर्ने महत्त्वपूर्ण संरक्षणात्मक उपाय सामाजिक सुरक्षासम्बन्धी विशेष योजना र कार्यक्रम नै रहेको हुन्छ । राज्यले प्रदान गर्ने निश्चित अवस्थाका सबै नागरिक समेटिएको सामान्य भत्ताको व्यवस्थाबाट विशेष अवस्थामा रही सामाजिक सुरक्षाको आवश्यकता रहेका नागरिकहरूको हकमा उचित सम्बोधन हुनसक्ने नदेखिने ।

(प्रकरण नं.२४)

रिट निवेदकको तर्फबाट : विद्वान् अधिवक्ताहरू राजुप्रसाद चापागाईं, खुशीप्रसाद थारू र शशि बस्नेत

विपक्षीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधानको धारा १२(१), १८, ३५(९)
- मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा ३, ६, २२, २५(१)

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को प्रस्तावना, धारा ६, ७, १०
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, धारा ११(१), ११(२)
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ६(१)
- बाल अधिकार महासन्धि, १९८९ को धारा ६(१), ६(२), ८(३), ९(१)
- महिला विरूद्धको सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को प्रस्तावना

आदेश

**न्या.दीपकराज जोशी :** नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ।

निवेदक संस्थाहरूमध्ये न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल) मानव अधिकारको संरक्षण, प्रवर्द्धन र विकासमार्फत सामाजिक न्याय, कानूनी राज र सुशासनमा आधारित नेपाली समाजको स्थापनार्थ फरक तरिकाले सेवारत रहने मूल ध्येयका साथ वि.सं. २०६८ मा संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्थापित भई तदनरूप क्रियाशील रहँदै आएको एक गैरसरकारी, गैरराजनीतिक एवं गैरनाफामूलक सामाजिक संस्था हो। त्यसैगरी फियान नेपाल खाद्य अधिकारको प्रत्याभूति र सुनिश्चितताको लागि पैरवी तथा वकालत गर्ने उद्देश्यका साथ स्थापित मानव अधिकारवादी संस्था हो।

हामी निवेदकहरू व्यक्तिगतरूपमा पनि मानव अधिकारको संरक्षणार्थ स्थापित विभिन्न सामाजिक संघ संस्थाहरूसँग आबद्ध भई मौलिक तथा मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्य गर्दै आएका कानून व्यवसायी तथा अधिकारकर्मी हौं। हामी निवेदकहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ को ३२ तथा १०७(२) समेतका आधारमा यो गहन सामाजिक न्यायको विषय समाहित रहेको प्रस्तुत विषयमा सार्वजनिक हित र सरोकारको निवेदन लिएर सम्मानित अदालतमा प्रवेश गर्ने निर्विवाद हकदैया रहेको छ।

अज्ञानता, अशिक्षा, गरिबी र परित्यक्तता प्राकृतिक देन वा परिणाम पनि होइनन् र कसैको रोजाइ तथा चाहना पनि होइन। प्रकृतिले मानिसको रूपमा सबैलाई समान अस्तित्व प्रदान गरेको हुन्छ। तर समाजमा विद्यमान रहेको सामाजिक, आर्थिक असमानता तथा भेदभावका कारण कतिपय नागरिकहरू आफ्नै बलबुतामा वा पारिवारिक संरक्षणमा न्यूनतम स्तरको जीवनयापन गर्ने परिस्थितिमा समेत नभई पूर्णतः परित्यक्तताको अवस्थामा पुग्ने स्थिति निर्माण भएको छ। राज्यको तर्फबाट परित्यक्तताको कारण पत्ता लगाउने त्यस्तो स्थितिलाई रोक्नको लागि आवश्यक उपाय अवलम्बन गर्ने तथा परित्यक्त र असहाय स्थितिमा पुगेकाहरूलाई आवश्यक सामाजिक संरक्षणको सुविधा उपलब्ध गराउनेतर्फ कुनै सारभूत काम हुन सकेको छैन। जसको कारणले खासगरी बालबालिकाहरू, वृद्धवृद्धाहरू, शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिहरू तथा चरम गरिबीको अवस्थामा रहेका कयौं व्यक्तिहरू परित्यक्त तथा बेवारिस अवस्थामा सडकको आश्रय लिन बाध्य भएको तथ्य विभिन्न माध्यमबाट उजागर हुँदै आएको छ। खासगरी उपत्यकालगायतका शहरी क्षेत्रका सडक र गल्लीहरूमा दिन प्रतिदिन बढ्दै गएको त्यस्तो बिकराल अवस्थाको जो कोहीले पनि सहजै अवलोकन तथा अनुभव गर्न सक्ने अवस्था छ।



नमुना मात्र

असहाय, वृद्धवृद्धा तथा बालबालिकालगायतका परित्यक्त व्यक्तिको प्राकृतिक संरक्षक भए पनि नभए पनि राज्य अन्तिम अभिभावकको रूपमा रहेको हुन्छ । हेरचाह र संरक्षण दिने कोही नभएको तथा जीविकोपार्जनको आधार नभएका आफैँ कुनै काम गरी जीविका चलाउन नसक्ने वा परिवार भएर पनि परित्याग गरिएका वा संरक्षकत्व पाउन नसकेको अवस्थाका नागरिकहरूको लागि राज्य नै अन्तिम अभिभावक हो । यसै वास्तविकतालाई आत्मसात् गर्दै बालअधिकारसम्बन्धी महासन्धि, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धलगायतका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनहरूको अतिरिक्त विभिन्न राष्ट्रिय कानूनहरूले समेत राज्यका निकायहरूलाई जिम्मेवार बनाएका भए पनि विपक्षीहरूबाट यस्ता कानूनी दायित्वलाई मनन् गरी आफ्नो कर्तव्य पूरा गरेको अवस्था छैन । त्यस्ता परित्यक्त व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने मानव अधिकारको संरक्षणको अभावमा अकालमै मृत्यु हुने र कठोर जीवन व्यतीत गर्नुपर्ने अवस्था विद्यमान छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले सबै नेपाली नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार, असमानता र भेदभावबाट संरक्षणको अधिकार तथा सामाजिक सुरक्षालगायतका मौलिक मानव अधिकारको प्रत्याभूति दिएको छ । यसको अतिरिक्त अन्तरिम संविधानको धारा १३ ले परित्यक्त, असहाय तथा चरम गरिबीको अवस्थामा रहेका नागरिकहरूको आर्थिक तथा सामाजिक संरक्षण, विकास र सशक्तिकरणको लागि विशेष उपायहरू अवलम्बन गर्नुपर्ने गरी राज्यलाई मौलिक कानूनी दायित्व सुम्पेको छ । समष्टीगतरूपमा भन्नुपर्दा त्यस्तो अवस्थामा रहेका नागरिकहरूका लागि राज्यबाट विशेष अभिभावकीय संरक्षण प्राप्त गर्ने हक सुरक्षित रहेको छ । साथै नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ लगायतका दर्जनौ मानव अधिकारसम्बन्धी सन्धिहरूको पक्ष छ । जसअन्तर्गत आफ्नो भरणपोषण गर्न नसक्ने नागरिकहरूका लागि राज्यले न्यूनतम जीवन गुजाराको साधन तथा स्रोत (सर्भाइबल किट) को प्रबन्ध गरिदिने दायित्व राज्यको हुन्छ । राज्यको यस्तो दायित्वलाई आर्थिक-सामाजिक अधिकारको तत्काल प्रचलनयोग्य आधारभूत अन्तरवस्तु (मिनिमम कोर एलिमन्ट) को रूपमा मान्यता दिइएको छ । यसलाई सभ्य तथा प्रजातान्त्रिक राज्यले उपेक्षा गर्न मिल्दैन । अन्तरिम संविधानले धारा ३३ (ड) अन्तर्गत राज्यका निकायहरूले यो अन्तर्राष्ट्रिय कानूनी दायित्वको पनि प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

आजभन्दा ५१ वर्ष अगाडि लागु भएको मुलुकी ऐन, २०२० गरिब कंगालको महलअन्तर्गत गरिएको कल्याणकारी कानूनी व्यवस्थालाई यस सम्बन्धमा महत्त्वपूर्ण उदाहरणको रूपमा लिन सकिन्छ । यस महलअन्तर्गत चरम गरिबीको अवस्थामा रहेका तथा आफ्नो हेरचाह र पालनपोषण आफैँ गर्न असमर्थ महिला, वृद्धवृद्धा, अशक्त तथा अपाङ्ग व्यक्तिहरू एवं अनाथ बालबालिकालगायतका नागरिकहरूको भरणपोषण तथा स्याहारको यथोचित कानूनी कर्तव्य गाउँ विकास समिति, नागरपालिका तथा प्रमुख जिल्ला अधिकारीलगायतका राज्यका निकायहरूमा निहित रहने व्यवस्था गरिएको छ । यस सम्बन्धमा उक्त महलका ४, ५, ६, ८ र ९ नं. का व्यवस्थाहरू विशेष महत्त्वपूर्ण छन् । यसका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन, २०५५ दफा २८ (१) को खण्ड (ट) अन्तर्गत देहाय (८) मा गाउँ विकास समिति, दफा ९६(१) को खण्ड (ज) को देहाय १ एवं खण्ड (ञ) को देहाय (१०) तथा दफा १८९(१) को खण्ड (च) को देहाय (२) लगायतका प्रावधानहरूले पनि अनाथ तथा असहाय महिला, बालबालिका, वृद्धवृद्धाहरू

तथा अशक्तहरूलाई लक्षित गरी गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिले सामाजिक भलाई र संरक्षणका कामहरू गर्नुपर्ने बाध्यात्मक कानूनी कर्तव्यको व्यवस्था गरेको छ। यसका अतिरिक्त पछिल्ला केही विषयगत कानूनहरूले पनि परित्यक्त, असहाय तथा विशेष संरक्षणको आवश्यकता रहेका व्यक्तिको विशेष संरक्षणको लागि राज्यका विभिन्न निकायहरूलाई कानूनी दायित्व तोकिएको पाइन्छ । उदाहरणको लागि बालबालिका ऐन, २०४८ को दफा ३४, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १६ तथा अपाङ्ग संरक्षण तथा कल्याण ऐनको दफा १० मा गरिएका व्यवस्था महत्त्वपूर्ण छन्।

उपरोक्त कानूनी दायित्वहरूको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गरी असहाय, परित्यक्त, अनाथ तथा चरम गरिबीको अवस्थामा बाँच्न बाध्य नागरिकहरूलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको अर्थपूर्ण उपभोग गर्न सक्ने वातावरण सृजना गर्नु विपक्षी निकायहरूको अहम् कर्तव्य हो। त्यस्तो दायित्वको यथोचित परिपालनको लागि लोककल्याणकारी तथा मानव अधिकारप्रति प्रतिवद्ध कुनै पनि राज्यको जिम्मेवार निकायहरूबाट ठोस प्रयत्न गर्ने कुरा स्वाभाविकरूपमा अपेक्षित हुन्छ । यो कुरा सर्वत्र स्वीकारिँदै आएको पनि छ। राज्यका लागि जोखिममा रहेका, कमजोर, गरिब तथा असहाय नागरिकको जीवन रक्षाभन्दा महत्त्वपूर्ण अरू कुनै कुरा हुँदैन भन्दै घर तथा आवासविहीन नागरिकहरूलाई ठण्डीबाट बचाउन रात्री आवासालयको व्यवस्था गर्न आदेश दिँदै भारतीय सर्वोच्च अदालतले *पिपल्स यूनियन फर सिभिल लिवर्टी (पियूसिएल) वि. यूनियन गभर्नमेन्ट* को मुद्दामा २७ जनवरी २०१० मा दिएको आदेशलाई महत्त्वपूर्ण विधिशास्त्रिय उदाहरणको रूपमा रहेको छ।

असक्त र असहाय नागरिकको संरक्षणतर्फ लक्षित कानूनी कर्तव्यको परिपालना नहुँदा राष्ट्रको मूल कानून अन्तरिम संविधान, २०६३ का मौलिक हक तथा निर्देशक सिद्धान्तहरूमा अन्तरनिहित संवैधानिक दायित्वको पनि उल्लङ्घन भएकाले असाधारण क्षेत्राधिकारको प्रयोगमार्फत न्यायिक प्रचलन हुनुपर्ने आवश्यकता सृजना भएको छ। राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छ। यी व्यवस्थाहरूले परित्यक्त अवस्थामा रहेका व्यक्तिहरूको सम्बन्धमा अधिकार र राज्यमाथि कर्तव्य तोकेका छन्। परित्यक्त तथा असहाय नागरिकलाई सामाजिक संरक्षणबाट वञ्चित गर्ने विपक्षीको कामकारवाही संविधानविपरीत मात्रै नभएर अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनी दायित्वको पनि बर्खिलाप भएको निवेदन गर्दछौं। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ मा प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरूलगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, एकल अवस्था, बुढेसकाल वा आफ्नो काबुबाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ भन्ने व्यवस्था गरिएको छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा प्रत्याभूत स्तरीय जीवनको अधिकारलाई विस्तृतिकरण र कानूनीरूपमा बन्धनकारी बनाउँदै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ११(१) ले भोजन, आवासलगायतको विषयलाई बन्धनकारी र प्रचलनयोग्य बनाएको छ । अनुबन्धको धारा ११(१) मा यस्तो व्यवस्था गरिएको छ - *"प्रस्तुत अनुबन्धका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू*

*स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनको लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्त्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।"* यसर्थ सामाजिक संरक्षणको आवाससहितको स्तरीय एवं सम्मानित जीवनयापन गर्न सक्ने वातावरणको सृजना गर्नु विपक्षीको संवैधानिक तथा अन्तर्राष्ट्रिय कानूनी दायित्वको विषय हो । यो दायित्व अन्तरिम संविधानको धारा ३३ (ड) तथा सन्धि ऐन, २०४७ को दफा ९(२) अन्तर्गत बन्धनकारी हुने हुँदा राज्यले यसको यथोचित परिपालन गर्नु अपरिहार्य हुन्छ । पर्याप्त खाद्य तथा उपयुक्त आवासको अधिकार, स्तरीय एवं मर्यादित जीवनयापनको अधिकार एक अर्कामा अन्योन्याश्रित छन् । यी अधिकारहरूको व्यवहारिक प्रत्याभूतिको अभावमा जीवन न मर्यादित हुन सक्तछ, न त स्तरीय नै बन्दछ । यतिमात्रै नभई नेपाल पक्ष भएका अन्य मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूले पनि पर्याप्त आवास तथा खाद्य अधिकारलाई प्रत्याभूत गरेका छन्; जस्तै – जातीय विभेद विरूद्धको महासन्धिको धारा ५(ड)(३), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १७, महिला अधिकारसम्बन्धी महासन्धि, १९७९ को धारा १४(२) तथा १५(२), बालअधिकार महासन्धिको धारा १६(१) र २७(३), आई.एल.ओ. अभिसन्धि १६९ को धारा १४, १५ र १७ तथा अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धिको धारा ९ र २८ अन्तर्गत पनि प्रत्यक्ष अप्रत्यक्षरूपमा पर्याप्त आवास तथा खाद्य अधिकारसहित स्तरीय जीवनयापन गर्न पाउने अधिकारलाई प्रत्याभूत गरिएको छ ।

अतः माथि विभिन्न प्रकरणहरूमा उल्लेख गरिएका तथ्य एवं कानूनहरूको आधारमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम मुलुकी ऐन २०२० को गरिब कंगालको महल लगायतका कल्याणकारी कानूनी व्यवस्थाहरू अनुरूप प्रत्येक जिल्लामा परित्यक्त, असहाय, बेसहारा तथा आश्रयविहीन नागरिकहरूको यथोचित भरणपोषण तथा आवासको लागि उपयुक्त स्थानको व्यवस्था गर्न, स्थानीय निकायसम्बन्धी कानूनले यस्ता प्रकारका व्यक्तिहरूको लागि उचित व्यवस्था गर्नुपर्ने दायित्व निर्धारण गरेको हुनाले नेपाल राज्यभरका स्थानीय निकायलाई आ-आफ्नो क्षेत्रभित्र परित्यक्त तथा असहाय नागरिकहरूको अद्यावधिक अभिलेख राख्न लगाई सोहीबमोजिमको व्यवस्था तत्काल गराउनको राज्यले प्रत्यक्षरूपमा अभिभावकत्व दिनुपर्ने तथा सामाजिक संरक्षणको आवश्यकता भएको नागरिकहरूको पहिचान, भरणपोषण तथा आवश्यकताअनुसार अस्थाई वा स्थाई आवास, स्वास्थ्य तथा शिक्षालगायतका सामाजिक सुविधाका सम्बन्धमा छुट्टै राष्ट्रिय मापदण्ड बनाएर लागु गर्ने तथा यससम्बन्धी छिरिएर रहेका कानूनहरूलाई संहिताकृत गर्न सामाजिक संरक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा वा सेवासुविधा उपलब्ध गराउँदा मानसिक अपाङ्गता तथा शारीरिकरूपमा अशक्त व्यक्तिहरू, बालबालिका, गर्भवती तथा बालबच्चासहितका महिलाहरू एवं वृद्धवृद्धाहरूलाई विशेष प्राथमिकता दिनु भनी नेपाल सरकारका विभिन्न निकायका नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोरा रिट निवेदकको तर्फबाट यस अदालतमा पेस भएको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको एक एकप्रति नक्कल साथै राखी विपक्षीहरूको नाउँमा सूचना पठाई लिखित जवाफ पेस भए वा सोको अवधि

व्यतीत भएपछि नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको कारण देखाउ आदेश।

नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले मन्त्रालयको कार्यक्षेत्र भित्रका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकसम्बन्धी ऐन, निर्देशिका मापदण्ड बनाई उनीहरूका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । महिला हिंसामा परेका, मानव बेचबिखनमा परेका, घरेलु हिंसाका शिकार भएका, एकल महिलाहरूका लागि पुनर्स्थापना र राहत एवं क्षतिपूर्ति, सीपमूलक कार्यक्रम सञ्चालनसमेतका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यसरी नै अपाङ्गता भएका व्यक्तिहरूको संवैधानिक तथा कानूनी हक, अधिकारको प्रचलनको सुनिश्चितताका लागि विविध कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने बालबालिकाको हक, अधिकार संरक्षण, सडक बालबालिका, अनाथ, परित्यक्त बालबालिकासमेतको लागि विविध कल्याणकारी कार्यक्रमहरू पनि सञ्चालन भइरहेका छन्। ज्येष्ठ नागरिकहरूका लागिसमेत ज्येष्ठ नागरिक आवास गृह सञ्चालन गरिएको छ भने विभिन्न हेरचाह केन्द्र र ज्येष्ठ नागरिक क्लवलाई समेत नेपाल सरकारबाट समय समयमा आवश्यक सहयोग गरिँदै आएको छ । राज्यका तर्फबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकहरूका लागि विविध कार्यक्रमहरू सञ्चालन भइरहेका भए तापनि साधन र स्रोतको उपलब्धता पर्याप्त हुन नसक्दा सबै क्षेत्रमा प्रभावकारीता नआएको हो । राज्यका तर्फबाट भएका यी कार्यहरू लुकाई विपक्षीले विशेष अवस्थाका नागरिकहरूका लागि नेपाल सरकारले केही कार्य नगरेको भनी रिट निवेदकले लगाएको आरोप झुट्ठा हो । निवेदनमा उठाएको वर्गको हक, अधिकारका लागि विद्यमान कानूनी तथा नीतिगत व्यवस्था एवं सञ्चालित कार्यक्रमहरूमा समसामयिक पुनरावलोकन गरी परिमार्जन सहित आगामी दिनमा प्रभावकारीरूपमा कार्य गर्न मन्त्रालय प्रतिवद्ध रहेको हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

नेपाल सरकार, मन्त्रिपरिषद् संविधान तथा विद्यमान नेपाल कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गरी प्रचलनको सुनिश्चितता प्रदान गर्ने कुरामा कटिबद्ध रहेको छ। मानव अधिकारका सम्बन्धमा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिका व्यवस्थाहरू तथा यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट समयमा नेपाल सरकारका नाममा जारी भएका आदेशहरूलाई समेत मध्यनजर गर्दै मानव अधिकारको सम्मान, संरक्षण र प्रत्याभूत गर्ने कार्य गरी आएको छ । मुलुकी ऐन, २०२०, बालबालिका ऐन, २०४८ स्थानीय स्वायत्त शासन ऐन, २०५५ ज्येष्ठ नागरिक ऐन, २०६३ लगायतका कानूनहरू र नेपाल सरकारले ज्येष्ठ नागरिकलगायतका विशेष संरक्षण गर्नुपर्ने वर्गको हितमा आफ्नो क्षमताअनुसार आ.व. २०५२/०५३ सालदेखि नै बजेटको माध्यमबाट महिला, वृद्ध, अशक्त, दलितलगायतका वर्गहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । नेपाल सरकारले सामाजिक सुरक्षा भत्ताको सन्दर्भमा सीमान्तकृत एवं उत्पीडित वर्गहरूलाई विशेष व्यवस्था गर्न सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९समेत लागू गरेको छ । राज्यले प्रत्यक्षरूपमा अभिभावकत्व दिनुपर्ने अवस्थाका नागरिकको विषयमा आफ्नो जिम्मेवारीबाट अलग भएको छैन । सरकारले स्थानीय तहसम्म आवश्यकताअनुसार सेफ हाउसको व्यवस्था गर्ने, महिला बालबालिका कार्यालयहरूबाट शारीरिकरूपमा अशक्त व्यक्तिहरू, बालबालिका, गर्भवती तथा बालबच्चासहितका महिलाहरू एवं वृद्धवृद्धाहरूलाई विशेष प्राथमिकता दिई लैङ्गिक

हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना लागू गरेको, नेपाल सरकारले मिति २०७१।३।३२ गते स्वीकृत गरेको मानव अधिकारसम्बन्धी चौथो राष्ट्रिय कार्ययोजनाले समेत सामाजिक संरक्षणको सन्दर्भमा राज्यको दायित्व स्वीकार गरी विभिन्न कार्यक्रमहरूको व्यवस्था गरेकोले सरकार यी विषयमा संवेदनशील नै रहेको छ। साथै नेपाल सरकार परित्यक्त, अशक्त व्यक्ति संरक्षण, सशक्तिकरण एवं विकासको लागि राष्ट्रको क्षमताअनुसार निरन्तर क्रियाशील रहँदै आएको हुँदा नेपाल सरकारको नाममा थप आदेश जारी हुनु पर्ने होइन। त्यसैगरी संविधानको धारा १८ को उपधारा (२) मा महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था रहेको छ। संविधानको धारा १८ को उपधारा (२) बमोजिमको सामाजिक सुरक्षाको विषय राज्यको साधन, स्रोत र क्षमतामा भर पर्ने भई सोका आधारमा राज्यले क्रमशः कानून बनाई लागू गर्दै जाने नै छ। रिट निवेदकले उठाएको विषयमा नेपाल सरकारले विभिन्न नीतिगत, कानूनी, संस्थागत व्यवस्था गरी स्रोत र साधनअनुसार लक्षित कार्यक्रमसमेत सञ्चालन गर्दै आएको र भविष्यमा पनि स्रोतले धान्ने हदसम्म थप कार्यक्रम सञ्चालन हुने नै हुँदा नेपाल सरकार यस विषयमा उदासिन रहेको अवस्था होइन। तसर्थ माथि उल्लिखित आधार र कारणहरूबाट रिट निवेदकको मागबमोजिम आदेश जारी हुनु पर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट मुख्य सचिव लिलामणि पौडेलले पेस गर्नु भएको लिखित जवाफ।

यसमा लोककल्याणकारी राज्यको अवधारणाअनुरूप राज्यले असहाय, अनाथ एवं अपाङ्गहरूको हित संरक्षणका लागि आवश्यक कानूनहरूको तर्जुमा गरी सोको कार्यान्वयन गर्दै यस्ता व्यक्तिहरूको हितमा काम गर्दै आएको छ। मिति २०७१।८।७ गते यस मन्त्रालयले सबै जिल्ला विकास समितिहरू, महानगरपालिका, सबै उपमहानगरपालिका र नगरपालिकाहरूलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको प्रावधानसमेतका आधारमा त्यस्तो क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालबालिकाहरूको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था मिलाउनसमेतका लागि परिपत्र गरी (पत्रको फोटोकपी संलग्न छ) पठाई सकिएको अवस्थामा यस विषयमा यस मन्त्रालयको सन्दर्भमा रिट जारी गरिरहनु पर्ने अवस्था नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

केन्द्रीय बालकल्याण समिति बालअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्ने तथा कदाचित बालअधिकार उल्लङ्घन वा हनन हुन गएमा त्यस्ता घटनाहरूबाट पीडित सबै बालबालिकालाई पर्याप्त राहत, क्षतिपूर्ति तथा परिपूरणको सुनिश्चितता भई दोषीहरूलाई उचित कारवाही हुनु पर्छ भन्ने दृढ मान्यता राख्दछ। विपक्षी रिट निवेदकले उल्लेख गरेका राज्यले अनुमोदन गरेको संयुक्त राष्ट्रिय संघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरू एवं प्रचलित कानूनी व्यवस्थाहरूसमेतको भावनालाई कदर गर्दै, बालअधिकारको संरक्षणार्थ बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिँदै यस्ता असहाय बालबालिकाको संरक्षणको लागि संरक्षण गृह तथा पुनर्स्थापना केन्द्र निर्माण हुनु पर्ने, तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने, त्यसैगरी असहाय, परित्यक्त बालबालिकालाई सामाजिक संरक्षणको दायरामा ल्याउने कुरामा केन्द्रिय बालकल्याण समिति सदैव प्रयत्नशील छ। विपक्षीले उठान गरेको विषयसँग यस समितिको सम्बन्धित

रहन सक्ने विषयमध्ये ४ वटा बालकल्याण गृह मन्त्रालयले सञ्चालन गर्नुका साथै गैरसरकारी क्षेत्रबाट नेपाल राज्यभरी सञ्चालनमा रहेका थप ५९३ वटा बालगृहहरूसँग आवश्यक समन्वय गरी यस समितिले त्यस्ता बालबालिकाको संरक्षणमा सघाउ पुर्‍याउँदै आएको छ।

बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ३४ को बालकल्याण गृहको स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था गरेको छ। त्यस्ता गृहहरूको अभिलेख राख्ने, अनुगमन गर्ने जस्ता जिम्मेवारी मात्र यस समितिलाई तोकिएको छ। यस समितिले जोखिम अवस्थामा रहेका बालबालिकालाई संरक्षण प्रदान गर्ने आफ्नो जिम्मेवारीलाई मनन् गर्दै आफ्नो स्रोत र साधनले भ्याएसम्म समितिको सम्पर्कमा आएका बेवारिस बालबालिकाहरूको उचित व्यवस्थापनको लागि विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी संरक्षण प्रदान गर्ने, परिवारमा पुनर्स्थापना गर्ने र परिवारमा पुनर्स्थापना हुन नसकेका बालबालिकाको हकमा विभिन्न संघ संस्थाहरूबाट सञ्चालित संरक्षण गृहहरूमा त्यस्ता बालबालिकाहरूको पुनर्स्थापना गर्दै आएको छ। अनाथ र असक्त बालबालिकाको हकमा आवश्यक व्यवस्था गर्न कानून तथा स्रोत विनियोजन लगायतका कार्य गर्ने प्रथम दायित्व यस समितिको नभएको र माथि प्रकणहरूमा उल्लेख भएअनुसार कानूनबमोजिमको आफ्नो कर्तव्य र दायित्व निर्वाह गरिनै रहेको सन्दर्भमा यस समितिलाई समेत विपक्षी बनाई दायर गरिएको रिट निवेदन समितिको हकमा खारेजभागी छ भन्नेसमेत व्यहोरा केन्द्रिय बालकल्याण समितिको तर्फबाट ऐ ऐ का कार्यकारी निर्देशक तारक धितालले पेस गर्नुभएको लिखित जवाफ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री राजुप्रसाद चापागाँई, खुशी प्रसाद थारू र शशि बस्नेतले नेपाल सरकारका तर्फबाट राष्ट्रिय एवं अन्तर्राष्ट्रियरूपमा स्वीकार गरी सकेको दायित्वसमेत पूरा नगरी असक्त, असहाय, मानसिक बिरामी, घर परिवारबाट परित्यक्त (बालक, वृद्ध, महिला) तथा चरम गरिबीमा तथा साहाराको खोजीमा रहेका नेपाली नागरिकको संरक्षणको लागि ठोस कदम चालेको अवस्था छैन। त्यस्ता नागरिकको जीवन जोखिममा पर्न नदिई आवश्यक सुरक्षा र संरक्षण गर्ने अभिभावकीय दायित्व नेपाल सरकारको रहेको हुँदा आफ्ना नागरिकलाई सम्मानपूर्वक बाँच्ने अवस्थाको सिर्जना गरी संविधान तथा कानूनद्वारा प्रदत्त अधिकारको संरक्षणको लागि पनि मागबमोजिमको आदेश जारी हुनुपर्दछ भनी बहस गर्नुभयो।

त्यसैगरी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले नेपाल सरकारले रिट निवेदकले उठाएका विषय सम्बोधन गर्न गरिबी निवारण मन्त्रालय, गरिबी निवारण कोष, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग, विभिन्न स्थानमा वृद्धाश्रम, बालगृहलगायतका संस्थागत व्यवस्था गरेको अवस्था विद्यमान छ। नेपाल सरकारले संविधान र कानूनले निर्दिष्ट गरेका दायित्व निर्वाह गरी आफ्ना नागरिकको संरक्षण गर्न आफूसँग भएका स्रोत साधन र आर्थिक अवस्थाले धान्नेसम्मका अधिकतम कार्यहरू गरिआएको र गर्न प्रत्यनशील रहेको तथा क्रमश: सबै दायित्व पूरा गर्दै जाने सरकारको दीर्घकालीन लक्ष्य नै भएको हुँदा तत्काल सबै माग पूरा गराउनको लागि आदेश जारी भएको खण्डमा पनि आवश्यक प्रबन्धको लागि समय लाग्ने नै हुँदा मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था छैन रिट निवेदन खारेज हुनुपर्दछ भनी प्रस्तुत गर्नुभएको बहससमेत सुनियो।

मिसिल संलग्न रिट निवेदन, पेस भएको

लिखित जवाफ तथा विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसमेत सुनी निर्णयतर्फ विचार गर्दा निवेदन माग दाबीअनुसारको आदेश जारी हुने वा नहुने सम्बन्धमा देहायका प्रश्नहरूको निरूपण गरी निर्णय दिनुपर्ने देखिन आयो।

१. परित्यक्त, असहाय, बेसाहारा तथा शारीरिक र मानसिकरूपबाट असक्त अपाङ्ग, (बालबालिका, गर्भवती, महिला, वृद्ध अवस्थाका) नेपाली नागरिकको यथोचित भरणपोषण र आवासको अधिकार मौलिक हक अधिकार हो वा होइन ?

२. आवास र भरणपोषणको अधिकारबाट वञ्चित यस्तो अवस्था नेपाली नागरिकको वास्तविक विवरण नेपाल सरकारसँग छ वा छैन ? यस्ता नागरिकको भरण पोषण र बसोबासको लागि राज्यका तर्फबाट के कस्तो प्रबन्ध गरिएको छ ?

३. नागरिकहरूको उपरोक्त अधिकारको संरक्षणको सम्बन्धमा अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, प्रोटोकलहरू लगायतका अन्तर्राष्ट्रिय कानूनमा गरिएका व्यवस्थाहरू अनुमोदन गरिसकेको अवस्थामा नेपाल सरकारउपर उक्त व्यवस्था कार्यान्वयन गर्ने दायित्व रहन्छ वा रहँदैन?

४. सामाजिक न्यायको प्रत्याभूतिका लागि नेपाल सरकारबाट हाल सञ्चालनमा रहेका सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम जीवन संकटमा रहेका विशेष अवस्थाका नेपाली नागरिकहरूको लागि पर्याप्त छ वा छैन ?

५. निवेदन मागदाबीअनुसार आदेश जारी हुने वा होइन ?

२. सर्वप्रथम पहिलो प्रश्नतर्फ विचार गर्दा असक्त, परित्यक्त र बेसाहारा (अपाङ्ग, बालबालिका, गर्भवती, महिला, वृद्ध) नागरिकहरूको उचित भरणपोषणको अधिकार Right to Social Security सँग सम्बन्धित देखिन्छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(१) मा "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ" भन्ने व्यवस्था रहेको छ भने धारा १८ को रोजगारी र सामाजिक सुरक्षासम्बन्धी हकअन्तर्गत उपधारा २ मा – "महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा असक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।" भन्ने व्यवस्था गरेको परिप्रेक्ष्यमा नेपाली नागरिकलाई समाजमा सम्मानपूर्वक बाँच्नका लागि सामाजिक सुरक्षासम्बन्धी संवैधानिक अधिकारको प्रत्याभूति गरेको देखिन्छ । नेपाल राज्यभर प्रत्येक क्षेत्र र समुदायमा रहेका असक्त असहाय, परित्यक्त नेपाली नागरिकहरूको सम्मानपूर्वक बाँच्न पाउने हकलाई संविधानबाट नै मौलिक हकको रूपमा संरक्षित गरेको देखिँदा त्यस्तो हकको प्रचलनको लागि राज्यको महत्त्वपूर्ण दायित्व हुने कुरामा विवाद हुन सक्दैन । यस्तो अधिकार सम्बद्ध विषयलाई सरकारी नीति तथा कार्यक्रममा समावेश गर्न सहजताको लागि संविधानको धारा ३५(९) अन्तर्गत राज्यको नीतिमा समेत समावेश गरी "राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, असक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ" भन्ने व्यवस्था गरिएको देखिन्छ । असक्त र असहाय नागरिकहरू विशेष र संवेदनशील अवस्थाबाट गुज्रीनु पर्ने हुँदा त्यस्ता नागरिकहरूप्रति विशेष व्यवस्था र हेरचाहका सम्बन्धमा राज्यको दायित्व रहने विषयलाई संविधानमा नै स्पष्ट गरिएको देखिन्छ । मौलिक हकको रूपमा भएको संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने प्राथमिक जिम्मेवारी राज्यउपर नै रहने हुँदा संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयन नागरिकले महसुस गर्न

सक्ने स्वरूपको बनाउन आवश्यक नियम कानूनको तर्जुमा र त्यसलाई कार्यरूपमा लैजाने जिम्मेवारी राज्यले नै लिनुपर्ने हुन्छ । मौलिक हकको रूपमा स्थापित अधिकारलाई आवश्यक कानून र विशेष योजना तथा कार्यक्रमबाट अगाडि बढाउन नसकिएको अवस्थामा त्यस्तो अधिकार कागजमा मात्र सिमित हुने हुँदा प्राप्त अधिकारको अर्थपूर्ण कार्यान्वयनको लागि सामाजिक सुरक्षाको आवश्यक प्रबन्ध गरिनु आवश्यक हुन्छ। यसरी आवश्यक प्रबन्ध हुन सकेमा मात्र नेपाली नागरिकले संविधानबाट प्राप्त गरेको मौलिक हकको संरक्षण भई व्यवहारमा अधिकार स्थापित हुन सक्ने देखिन्छ।

३. नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ र वर्तमान नेपालको संविधानमा समेत असक्त, असहाय, आर्थिकरूपले विपन्न, एकल महिला, अपाङ्गता भएका व्यक्ति, अनाथ बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने नेपाली नागरिक तथा लोपोन्मुख जातिका मानिसलाई लक्षित गरी सामाजिक सुरक्षाको प्रत्याभूति गरेको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को समानताको हकअन्तर्गत धारा १३(३) को स्पष्टिकरण खण्डमा महिला दलित... बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले असक्त व्यक्तिको संरक्षण गर्न...कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको नमानिने गरी मौलिक हकसम्बन्धी संवैधानिक व्यवस्था भएको देखिन्छ । त्यसैगरी उक्त संविधानको धारा २० मा महिलाको हक, धारा २१ मा सामाजिक न्यायको हक, धारा २२(२) मा बालबालिकाको हकअन्तर्गत प्रत्येक बालबालिकालाई पालन पोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्न हक हुने र धारा २२(४) मा असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यतर्फबाट विशेष सुविधा पाउने हक हुनेछ भन्नेसमेतका मौलिक हकसम्बन्धी संवैधानिक व्यवस्थाले परित्यक्त, असहाय, बेसाहारा तथा बासस्थानको उचित व्यवस्था नभएका (असक्त, शारीरिक तथा मानसिक अपाङ्ग, बालबालिका, गर्भवती, महिला, वृद्ध अवस्थाका) नेपाली नागरिकलाई अन्य नागरिकभन्दा विशेष व्यवस्था गरी निजहरूको बाँच्न पाउने हकको संरक्षण गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । कुनै पनि नेपाली नागरिकको जीवन सुरक्षित भएको खण्डमा मात्र अन्य संवैधानिक अधिकारहरूको प्राप्तिको अभिलाषा र आवश्यकता पर्ने हुँदा जीवनको सुरक्षालाई प्राथमिक महत्त्व दिई राज्यबाट नै नागरिकको जीवन सुरक्षाका लागि सबै उपाय अवलम्बन गरिनुपर्ने विषयलाई मानव अधिकारको क्षेत्रमा प्राथमिक र महत्त्वपूर्ण अधिकारको सूचीमा राखिएको देखिन्छ। जीवनलाई सुरक्षित राख्नका लागि लागि आधारभूत आवश्यकताको रूपमा रहेको खाना (FOOD) र बासस्थानको (SHELTER) अभावमा मानिसको जीवन नै संकटमा पर्ने देखिन्छ । परिवार र आफन्तबाट परित्यक्त शारीरिक मानसिक तथा अन्य कारणबाट विशेष अवस्थाका रहेका मानिसलाई आफ्नो जीवन स्वयम् आफ्नै प्रयासमा सुरक्षित राख्न कठिन हुने देखिन्छ। आफूले आफ्नो लागि केही पनि गर्न नसक्ने र आफ्नो भरणपोषणका लागि सहयोग गर्ने परिवारका अन्य सदस्यसमेत नभएको अवस्थामा त्यस्ता नेपाली नागरिकको बाँच्न पाउने संवैधानिक मौलिक अधिकारको संरक्षण गर्नुपर्ने महत्त्वपूर्ण दायित्व राज्यमा नै रहेको देखिन्छ । राज्यले आफूसँग भएको स्रोत र साधनको कारण सबै नागरिकहरूको भरणपोषण र बसोबासको प्रबन्ध गर्न नसक्ने भएपनि सहाराको खोजीमा रहेका र सडकलाई नै घरको रूपमा लिई जीवनयापन गरिरहेका नागरिकहरूको बाँच्न पाउने मौलिक हक संरक्षितहुन सक्ने वातावरण सिर्जना गर्नका लागि हरसम्भव प्रयास गर्नुपर्ने कुरा विवादको विषय हुन सक्दैन । राज्यले आवश्यकताअनुसार क्रमशः कानून

र कार्यक्रममार्फत मौलिक अधिकारमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दाको अवस्थामा पनि तत्काल सहायताको आवश्यकता रहेका नागरिकहरूलाई नै पहिलो प्राथमिकता दिनुपर्ने हुन्छ। यसरी प्राथमिकता निर्धारण गरी राज्यद्वारा सहयोग प्रदान गरेका खण्डमा मात्र जीवन गम्भीररूपमा जोखिममा रहेका नागरिकहरूको बाँच्न पाउने अधिकारको संरक्षणमा सघाउ पुग्न जाने देखिन्छ।

४. संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेका सामाजिक सुरक्षासम्बन्धी नागरिकका अधिकारहरू सरल र सहज ढंगले प्राप्त हुन नसकेमा त्यसले राज्यको कल्याणकारी भूमिकामाथि नै प्रश्न चिह्न खडा गर्ने हुँदा खाना, छाना र कपडाको अभावमा जीवनको अस्तित्व नै संकटमा पर्न जाने माथि उल्लिखित वर्ग र समूहको जीवन रक्षाको लागि संविधानले परिकल्पना गरेको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संवैधानिक व्यवस्थाको ग्यारेन्टी राज्यबाट हुनु आवश्यक देखिन्छ। आफ्ना नागरिकको अभिभावक राज्य हुने हुँदा त्यस्ता नागरिक राज्यको सन्तानको रूपमा रहेका हुन्छन्। यस्ता सन्तानको रूपमा रहेका आफ्ना नागरिकको आधारभूत अधिकारको संरक्षण गर्नु लोक कल्याणकारी राज्यको रोहमा राज्यको महत्त्वपूर्ण दायित्वको रूपमा रहेको हुन्छ। अन्तरिम संविधानको मौलिक हकसम्बन्धी विभिन्न धारा तथा उपधाराहरूमा महिला, बालक,ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्ग व्यक्तिहरूको बाँच्न पाउने हक सुरक्षित गरेको देखिँदा त्यस्ता नागरिकहरूको जीवनको सुरक्षा गरी संवैधानिक अधिकार प्रत्याभूत गर्नुपर्ने मुख्य दायित्व राज्यबाट अन्य निकायमा हस्तान्तरण भई जाने देखिँदैन। सामाजिक सुरक्षासम्बन्धी हकले मौलिक हकको रूपमा संवैधानिक स्थान प्राप्त गरेको अवस्थामा सहाराको आवश्यकता रहेका नागरिकहरूलाई सामाजिक सुरक्षाको अनुभूति गराउनका लागि राज्यले नागरिकहरूको संरक्षण गर्न उपयुक्त सबै उपायहरूको प्रत्यभूति गर्नुगराउनु अति आवश्यक देखिन्छ। सबै नागरिकले राज्यबाट बाँच्न पाउने मौलिक अधिकारको प्रत्याभूति खोज्ने परिप्रेक्ष्यमा वृद्ध, अपाङ्ग, अनाथ बालबालिका तथा असक्त-असहाय एवं परित्यक्त नागरिकहरूले आफूलाई प्राप्त भएको संविधान प्रदत्त अधिकार संरक्षणको अपेक्षा गर्नु असान्दर्भिक हुन सक्दैन। संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हक, समानताको हक, स्वतन्त्रताको हक, शिक्षासम्बन्धी हक, धर्मसम्बन्धी हक, न्यायसम्बन्धी हक, सूचनाको हक, गोपनियताको हकलगायतका अन्य मौलिक हकहरूको उपयोगको आवश्यकता तब पर्दछ जब नागरिकहरूको जीवन सुरक्षित र संरक्षित भएको हुन्छ। यसको लागि मौलिक हकको रूपमा रहेको सामाजिक सुरक्षाको विषयलाई आवश्यकताको रोहमा वर्गीकरण गरी तत्काल कार्ययोजनाको प्रारूपसहित कार्यान्वयनमा लग्नु आवश्यक देखिन्छ। राज्यको आर्थिक क्षमताले सकेको खण्डमा सबै मौलिक अधिकारहरू नागरिकले प्राप्त गर्ने अवस्थाको सुनिश्चितता गरिदिनुपर्ने भएपनि बाँच्न पाउने अधिकारको प्रत्याभूति मानव जीवनको अस्तित्वसँग सम्बन्धित भएको हुँदा असक्त तथा घर परिवारबाट परित्यक्त विभिन्न अवस्थाका नागरिक जसको जीवन नै संकटमा छ त्यस्ता नागरिकको जीवनको सुरक्षाको विषयलाई राज्यले स्रोत र साधनको अभाव भन्ने कारण देखाई कार्यान्वयनको क्रममा गरिने ढिलाइलाई मानवीय दृष्टिकोणबाट समेत उचित मान्न सकिँदैन। संविधानको मातहत रहने सरकार संवैधानिक व्यवस्था कार्यान्वयनको महत्त्वपूर्ण संयन्त्र हुने हुँदा सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रमहरूबाट सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि विभिन्न किसिमका सामाजिक सुरक्षासँग सम्बन्धित कार्यक्रमहरूको सञ्चालन गर्नु आवश्यक देखिन्छ। संविधानमा उल्लिखित सबै मौलिक हकको कार्यान्वयन एकैपटक सम्भव नभएपनि प्राथमिकताको माथिल्लो क्रममा

रहेको जीवनको सुरक्षासँग सम्बन्धित सामाजिक सुरक्षाको प्रत्याभूति तात्कालीनरूपमा नै आवश्यक रहेको देखिन्छ । संविधानमा उल्लेख भएका राज्यका नीति, निर्देशक सिद्धान्त एवं राज्यका दायित्वहरूमा समेत सामाजिक सुरक्षाको विशेष व्यवस्था समावेश भएको परिप्रेक्ष्यमा माथि उल्लिखित अवस्थाका नेपाली नागरिकहरूको मौलिक हकको प्रत्याभूतिको लागि राज्यको सक्रियता अझ बढी हुनु आवश्यक देखिन्छ । असक्त र परित्यक्त नागरिकको जीवन रक्षाको सन्दर्भमा मानव अधिकारसम्बन्धी विभिन्न सन्धि, महासन्धि, बडापत्र र प्रोटोकलहरूले राज्यको दायित्व के कस्तो हुने सम्बन्धमा विशेष व्यवस्था गरेको र नेपालले उक्त व्यवस्थाहरू अनुमोदन गरिसकेको अवस्था देखिँदा उल्लिखित अन्तराष्ट्रिय दायित्व कार्यान्वयन गर्नुपर्ने नैतिक दायित्वको परिप्रेक्ष्यमा संविधानको मौलिक हकमा उल्लिखित सामाजिक सुरक्षाको प्रत्याभूति गरी नेपाल सरकारले राज्यको तर्फबाट राष्ट्रिय र अन्तराष्ट्रियरूपमा सिर्जित दायित्व पूरा गर्नुपर्ने देखिन आउँछ ।

५. नागरिकको आत्मसम्मानपूर्वक बाँच्न पाउने मौलिक अधिकारको विषयमा भारतीय संविधानमा रहेको Right to life र Right to food सम्बन्धी संवैधानिक व्यवस्थाका सम्बन्धमा देहायका मुद्दामा देहायबमोजिम व्याख्या गरिएको छ ।

Franch Coralic Mullin v. Union Territory of Delhi (1981) 1 sec 608. Bhagwati J Stated that-

"The right to life includes the right to live to live with human dignity and all that goes along with it namely, the bare necessaries of life such as adequate nutrition, clothing and shelter and facilities for reading, writing and expressing one-self in diverse forums freely moving about and mixing and commonly with fellow human beings of course, the magnitude and content of the components of this rights would depend upon the extent of the economic development of the country, but it must in any view of the matter, include the right to the basic necessities of life and also the right to carry on such functions and activities as constitute the bare minimum expression of the human self (at para. 8)"

Chameli singh v. State of V.P. (1996) scc 549. (Court interpreted article 21 in the following words)

Right to the live guaranteed in any civilized society implies the right to food, water, decent environment, education, medical care and shelter. These are basic human rights known to the any civilized society. All civil, Political, Social and Cultural rights enshrined in the Universal Declaration of human rights and Convention or under the Constitution of India cannot be exercised without these basic human rights. Shelter for the human beings, therefore, is not a mere protection of his life and limb.

६. माथि उल्लिखित दुईवटा मुद्दामा उल्लिखित निर्णयाधारको केही अंश हेर्दा भारतीय सर्वोच्च अदालतले सामाजिक सुरक्षा र मानिसको बाँच्न पाउने अधिकार संरक्षणको सन्दर्भमा अवलम्बन गरेको सामाजिक न्यायको पक्ष जीवन्त र खुल्ला देखिन्छ । मानिसको बाँच्न पाउने मानव अधिकारको संरक्षण कुनै एक देशको मात्र एजेण्डा नभई यो विश्वका सबै लोककल्याणकारी कार्य सञ्चालन गर्ने राज्यको साझा एजेण्डा भएको हुँदा सो विषयमा देखिएको राज्यको

निष्क्रियतालाई सक्रियरूप दिन अदालतले न्यायिक रोहमा देखाउने न्यायिक सक्रियता महत्त्वपूर्ण हुने गर्दछ। यो विषय मानिसले मानिस भएर बाँच्न पाउने नैसर्गिक अधिकारसँग सम्बन्धित भएको हुँदा यस विषयलाई मानव अधिकारको क्षेत्रमा महत्त्वपूर्णरूपमा लिने गरिन्छ । भारतीय अदालतको उल्लिखित न्यायिक दृष्टिकोण मानिसको आत्मसम्मानपूर्वक बाँच्न पाउने नैसर्गिक अधिकारको संरक्षणको सन्दर्भमा landmark decision को रूपमा रहेको देखिन्छ।

७. रिट निवेदकले निवेदन दायर गर्दाको समयमा कायम रहेको नेपालको अन्तरिम संविधान २०६३ मा रहेको व्यवस्थाभन्दा पनि अझ बढी प्रगतिशिलरूपमा नागरिकहरूको सामाजिक सुरक्षासम्बन्धी व्यवस्था वर्तमान नेपालको संविधानमा गरिएको हुँदा सामाजिक सुरक्षाको विषयले नागरिकको आधारभूत मौलिक अधिकारको रूपमा निरन्तरता पाएको देखिन्छ । गाँस र बासको अभावमा आफ्ना नागरिकहरूले अकालमा मृत्युको जोखिममा पर्न नपरोस् निजहरूको बाँच्न पाउने अधिकारको संरक्षण हुन सकोस् भन्ने अभिप्रायले नै सामाजिक सुरक्षासम्बन्धी अधिकारलाई संविधानले आधारभूत मौलिक अधिकारको रूपमा स्थान दिएको देखिन्छ। यसरी हेर्दा असक्त र परित्यक्त महिला, बालक, वृद्ध अवस्थाका नेपाली नागरिकको उचित भरणपोषण र बासस्थानको अधिकार संविधान प्रत्याभूत मौलिक अधिकारका रूपमा देखिँदा यसरी स्थापित भएको मौलिक अधिकार प्राप्तिको सुनिश्चितता राज्यको तर्फबाट गर्नका लागि नेपाल सरकारले नै आधारभूतरूपमा आवश्यक भरणपोषणलगायतका सामाजिक सुरक्षासम्बन्धी प्रबन्ध गर्नुपर्ने देखिन्छ।

८. अब दोस्रो प्रश्नतर्फ विचार गर्दा विपक्षीहरूका तर्फबाट पेस भएको लिखित जवाफमा माथि उल्लिखित अवस्थाका नागरिकहरूको वास्तविक विवरण उल्लेख भएको नदेखिँदा नेपाल सरकारसँग असक्त र असहाय नागरिकहरूको यकिन विवरण रहे भएको देखिँदैन । यकिन विवरण नै नभएको अवस्थामा जीवन जोखिममा परेका नागरिकहरूको संरक्षणको सम्बन्धमा उचित प्रबन्धात्मक कार्य गर्न नेपाल सरकारलाई कठिनाई हुने देखिन्छ । जीवनको संरक्षणसम्बन्धी आवश्यक कार्य सञ्चालनको लागिसमेत नेपाल सरकारले आफ्नो भू-भागभित्र रहेका यस्तो अवस्थाका सबै नागरिकहरूको विवरण तत्काल संकलन गर्नु आवश्यक देखिन्छ। नेपाल सरकारबाट वृद्ध अवस्थाका नागरिक, अपाङ्गता भएका नागरिक र अनाथ बालबालिकाको लागि केही प्रबन्ध गरिएको भएपनि सोसम्बन्धी स्पष्ट विवरण लिखित जवाफबाट खुल्न आउँदैन । नेपाल सरकारको तर्फबाट सिमितरूपमा भएको यस्तो अवस्थाका नागरिकप्रतिको प्रबन्धात्मक कार्यलाई नै सामान्यीकरण गरी हेरिनु उपयुक्त हुने देखिँदैन। नेपाल सरकारले महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयअन्तर्गत सिमित संख्यामा बालगृह, वृद्धाश्रम, अपाङ्ग आवास गृह सञ्चालन गरेको र नेपालराज्यभर रहेका गैरसरकारी र संस्थागत सामाजिक सेवाभावले खुलेका आवासीय सुविधासहितका आश्रम गृहहरूमा असक्त, अपाङ्ग तथा परित्यक्त नागरिकहरूले आश्रय लिइरहेको भए तापनि त्यस्ता गृहहरूमा रहेका नागरिकहरूको वास्तविक विवरण के कति संख्यामा रहेको छ नेपाल सरकारका सम्बन्धित निकायबाट उल्लेख भएको देखिँदैन । विपक्षीमध्यको केन्द्रिय बालकल्याण समितिको तर्फबाट पेस भएको लिखित जवाफमा अनाथ बालबालिकाको सम्बन्धमा उल्लेख भएको विवरणबाहेकको भरणपोषण र बसोबासका व्यवस्था गरिएका नागरिकहरूको विवरण लिखित जवाफबाट खुल्न आएको नदेखिँदा सहायताको बढी आवश्यकता रहेका असक्त र असहाय नागरिकहरूको वास्तविक विवरण संकलन गरी आवश्यक व्यवस्था गर्न नेपाल सरकारबाट उपयुक्त कदम चालेको देखिँदैन । आजका मितिसम्म पनि सडक र खुल्ला स्थानलाई नै घर बनाई चिसो रात र तातो घाममा

समेत खुला आकाशमुनी कष्टकर जीवन बिताई रहेका नागरिकहरूको वास्तविक विवरण नै राज्यका कुनै पनि निकायसँग रहे भएको नदेखिनु मानवीय संवेदनाको दृष्टिकोणबाट समेत ज्यादै गम्भीर अवस्था रहेको देखिन्छ । तत्काल सहायताको आवश्यकता रहेका असक्त र परित्यक्त अवस्थाका के कति सख्यामा नागरिकहरू रहेका छन् त्यसको यकिन नै हुन नसकेको अवस्थामा त्यस्ता नागरिकहरूप्रति लक्षित भई नेपाल सरकारका तर्फबाट सञ्चालित कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन हुन सक्ने देखिँदैन । नेपाल सरकारबाट सञ्चालित बालगृह, वृद्धाश्रम एवं अपाङ्ग केन्द्रहरूमा सिमित संख्यामा रहेका नागरिकहरूको भरणपोषणको प्रबन्ध गरिएको भएपनि सहायताको आवश्यकता रहेका सबै असहाय नागरिकहरूको संविधान प्रद्धत्त बाँच्न पाउने हकको संरक्षणका लागि नेपाल सरकारले सार्थक प्रयास र पहल गरेको देखिँदैन ।

९. राज्यले समान अवस्थाका आफ्ना नागरिकहरूको बीचमा असमान व्यवहार हुने गरी आवश्यक बन्दोबस्तीका कार्यक्रम सञ्चालन गर्नु लोककल्याणकारी राज्यको परिवेशमा उपयुक्त हुने नदेखिँदा सिमित संख्यामा मात्र असहाय र असक्त नागरिकको संरक्षण गरेको आधारमा विशेष सहायताको आवश्यकता रहेका सबै नेपाली नागरिक प्रतिको संवैधानिक र कानूनी दायित्व राज्यबाट पूरा भएको भनी मान्न सकिँदैन । नेपाल राज्यभर विशेष सहायताको आवश्यकता रहेका नागरिकहरूको यकिन विवरण संकलन गरी उचित भरण पोषणको लागि राज्यले आधारभूत आवश्यकता पूरा हुने प्रकृतिका आवासीय सुविधासहितका केन्द्रहरूको विस्तार गरी जीवन संकटमा रहेका सबै नेपाली नागरिकहरूको भरणपोषणको उचित व्यवस्था तत्कालै गर्नु आवश्यक देखिन्छ । राज्य सञ्चालनको जिम्मेवारी रहेको नेपाल सरकारले जीवन संकटमा रहेका नागरिकहरूको आवश्यकताको पहिचान गरी त्यस्ता नागरिकहरू बीच अति जोखिम, जोखिम र कम जोखिमको अवस्था वर्गीकरण गरी सोही आधारमा संरक्षणको विशेष व्यवस्था गरिएमा यथोचितरूपमा त्यस्तो अवस्थाका नागरिकको कल्याणका सम्बन्धमा आवश्यक प्रबन्ध हुन सक्ने देखिन्छ । नेपाल सरकारले सामाजिक सुरक्षाको लागि वृद्ध भत्ता, अपाङ्ग भत्ता, एकल महिला भत्तालगायतका सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम सुरू गरेको र केही सिमित आवासीय केन्द्रहरूमा वृद्ध, अपाङ्ग र अनाथ बालबालिका रहने आवश्यक व्यवस्था गरी सामाजिक सुरक्षाको क्षेत्रमा सकारात्मक कार्यको सुरूवात गरेको भएपनि सामाजिक सुरक्षाका सम्बन्धमा नगद भत्ता वितरणसम्बन्धी कार्यक्रम समग्रतामा लक्षित भई यस्तो कार्यक्रमबाट सक्षम र असक्षम दुवै वर्गका नागरिक लाभान्वित हुने देखिँदा सोही सिमित व्यवस्थाबाट मात्र रिट निवेदनमा उठाइएका वर्ग र समूहका नागरिकहरूको बाँच्न पाउने अधिकारको उचित संरक्षण हुनसक्ने देखिँदैन । जीवन नै अति जोखिममा रहेका नागरिकको संरक्षणका लागि नेपाल सरकारले गरिआएको भरणपोषण र बसोबासका लागि प्रबन्धनात्मक कार्य सिमित मात्रामा भएको हुँदा सो सम्बन्धमा तत्काल प्रभावकारी कदम राज्यका तर्फबाट सञ्चालन गर्नु आवश्यक देखिन्छ । नेपाल सरकारको तर्फबाट यस्तो अवस्थाका नागरिकको यकिन विवरण संकलन गरी उचित भरणपोषणको लागि हाल सञ्चालित विभिन्न केन्द्र र आवास गृहलाई देशका विभिन्न भागमा विस्तार गर्ने गृहकार्य तत्काल सुरू गर्नुपर्ने देखिन्छ ।

१०. अब तेस्रो प्रश्नतर्फ विचार गर्दा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा सामाजिक सुरक्षाको विषयलाई नागरिकको बाँच्न पाउने हकसँग सम्बन्धित गर्दै प्रत्येक पक्ष राष्ट्रहरूलाई आफ्ना नागरिकहरूको सामाजिक सुरक्षाका लागि विशेष व्यवस्था गर्न आह्वान गरिएको देखिन्छ । रिट

निवेदनमा उठाइएको विषयका सम्बन्धमा रहेका मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरूमा भएका देहायका व्यवस्थाहरू नागरिकहरूको सामाजिक सुरक्षाको सन्दर्भमा महत्त्वपूर्ण रहेका देखिन्छन्।

**मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को**

***धारा ३ मा*** *"प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ।"*

***धारा ६ मा*** *"कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ।"*

***धारा २२ मा*** *"प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसियतले सामाजिक सुरक्षाको अधिकार हुने र राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोगमार्फत र प्रत्येक राष्ट्रको संगठन र स्रोतहरू अनुरूप निजको प्रतिष्ठाको लागि र निजको व्यक्तित्वको स्वतन्त्र विकासको लागि अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको प्राप्तिको अधिकार हुनेछ।*

*"**धारा २५(१) मा** "प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधी उपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी अशक्तता विधवा, बुढेसकाल वा आफ्नो काबुबाहिरको परिस्थितिमा जीविकोपार्जनलगायत उपायको अभावमा सुरक्षा पाउने अधिकार हुनेछ।" भन्ने व्यवस्था आत्मसम्मानपूर्वक बाँच्न पाउने नागरिकको अधिकारको सम्बन्धमा महत्त्वपूर्ण देखिन्छ।*

११. मानव अधिकारको संरक्षणका सवालमा महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेको यस घोषणापत्रमा व्यक्तिको जीवनको सुरक्षा र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको देखिन्छ। यस घोषणापत्रको महत्त्वपूर्ण व्यवस्थाहरू पछिल्लो समयमा विश्वका धेरै देशहरूको संविधानमा मौलिक हकको रूपमा उल्लेख गरेको देखिँदा यस घोषणापत्रलाई नागरिक अधिकार संरक्षणको सवालमा महत्त्वपूर्ण दस्तावेजको रूपमा लिने गरिन्छ। यस घोषणापत्रले असक्त र असहाय नागरिकको संरक्षणमा सम्बन्धित पक्ष राष्ट्रलाई जवाफदेही बनाएको देखिँदा घोषणापत्र अनुमोदन गर्ने पक्ष राष्ट्रको हैसियतले नेपाल सरकारले उक्त घोषणापत्रको व्यवस्था कार्यान्वयन गरी आफ्ना नागरिकको मानव अधिकारको उचित संरक्षणका लागि सम्भव भएका सबै कार्य सुरू गर्नुपर्ने देखिन्छ।

*१२. त्यसैगरी **अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ को प्रस्तावनामा** "गहन सहयोग आश्यक पर्ने अपाङ्गता भएका सबै व्यक्तिहरूको मानव अधिकार सम्बर्द्धन र संरक्षणको आवश्यकतालाई स्वीकार गर्दै, अपाङ्गता भएका व्यक्तिले आवश्यक संरक्षण र सहयोग पाउनु पर्ने कुरा स्मरण गर्दै, अपाङ्गता भएका नागरिकको नैसर्गिक मर्यादाको सम्मानलाई सम्बर्द्धन गर्नु, अपाङ्गता भएका व्यक्तिहरूको विशेष व्यवस्थाको लागि आवश्यक उपाय अवलम्बन गर्ने," भन्ने व्यवस्था उल्लेख हुनाको साथै **धारा ६ मा** "अपाङ्गता भएका महिलालाई आवश्यक विशेष सहयोग" **धारा ७ मा** "अपाङ्गता भएका बालबालिकालाई आवश्यक विशेष सहयोग" **धारा १०** मा "प्रत्येक मानिसलाई जीवनको नैसर्गिक अधिकार हुन्छ भनी राज्य पक्षहरू पुनः पुष्ट्याई गर्दैछन् तथा अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रभावकारी उपयोगको सुनिश्चिता गर्न आवश्यक सम्पूर्ण उपायहरू अवलम्बन गर्नेछन्।" भन्नेसमेतका अपाङ्गता भएका नागरिकहरूको जीवन संरक्षणका सम्बन्धमा महत्त्वपूर्ण*

*व्यवस्था गरेको देखिन्छ।*

१३. अपाङ्गता भएका नागरिकहरूको जीवन निकै कष्टकर हुने अवस्थालाई विचार गरी महासन्धिको ऐच्छिक आलेख, २००६ मा पक्ष राष्ट्रहरूले महासन्धिको व्यवस्था पालना नगरेको सम्बन्धमा पीडितले समितिसमक्ष उजुरी दिने र समितिले पक्ष राष्ट्रमा लेखी पठाउनेलगायतका महत्त्वपूर्ण कार्यविधिगत व्यवस्था गरेको देखिँदा यस महासन्धिको कार्यान्वयन पक्ष सबल देखिन्छ । महासन्धिको पक्ष बनेका राष्ट्रहरूलाई उक्त आलेखले महासन्धिबाट सिर्जित दायित्व र आफ्ना नागरिकहरूबाट परेका उजुरीका विषयमा सजग गराउने व्यवस्थासमेत रहेको देखिन्छ । यस महासन्धिलाई नेपालले ७ मे २०१० मा अनुमोदन गरिसकेको हुँदा अपाङ्गता भएका नागरिकको यथोचित व्यवस्थाको लागि नेपाल सरकारले सम्भव भएसम्मका सबै सार्थक पहल गर्नुपर्ने आवश्यकता देखिन्छ।

*१४. त्यस्तै **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६** को प्रस्तावनामा – "मानिसमा अन्तरनिहित प्रतिष्ठानबाट नै अधिकारहरू निसृत हुने" कुरालाई मान्यता दिएको देखिँदा आत्मसम्मानपूर्वक जीवन जीउन पाउने अधिकारलाई सारभूतरूपमा उक्त प्रतिज्ञापत्रले प्रत्याभूति गरेको देखिन्छ । उक्त प्रतिज्ञापत्रको **धारा ११(१) मा** "प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तर तथा जीवन अवस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनको लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्त्वलाई स्वीकार गर्दै यस अधिकारको प्राप्तिको सुनिश्चितता गर्न उपयुक्त कदमहरू चाल्ने छन् ।" त्यसैगरि धारा **११(२)मा** "भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकारलाई स्वीकार गर्दछन ।" **धारा १२(१)मा** "पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् भन्ने व्यवस्था गरी यस महासन्धिले नागरिकको बाँच्न पाउने अधिकारलाई उच्चतम स्थान प्रदान गरेको देखिन्छ।"*

***१५. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र – १९६६ को** धारा ६(१) मा "प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ। कानूनद्वारा यस अधिकारको संरक्षण गरिनेछ" भन्ने व्यवस्था उल्लेख हुनाको साथै*

***बाल अधिकार महासन्धि १९८९ को** प्रस्तावनामा कठिन अवस्थामा रहेका बालबालिकालाई विशेष ध्यान दिनुपर्ने, विषय उल्लेख गर्दै **धारा ६(१) मा** "बाँच्न पाउने बालबालिकाको जन्मसिद्ध अधिकार हो भनी पक्ष राष्ट्रहरू स्वीकार गर्दछन् ।" **धारा ६(२) मा** "पक्ष राष्ट्रहरूले सम्भव भएसम्मको हदसम्म बालबालिकाको जीवन र विकास सुनिश्चित गर्नेछन् ।" **धारा ८(३)मा** "बालबालिकालाई शीघ्र पुर्नस्थापना र समुचित सहयोग तथा संरक्षण प्रदान गर्नेछन् ।" **धारा ९(१)मा** "बालबालिकाको बासस्थानको सम्बन्धमा निर्णय गर्नुपर्ने भएमा उचित निर्णय गर्नेछन् ।" भन्ने व्यवस्था गरी बाल अधिकार महासन्धिले बालबालिकाको उचित संरक्षणका लागि पक्ष राष्ट्रहरूलाई दायित्वयुक्त गराएको देखिन्छ।*

***१६. महिला विरुद्धको सबै प्रकारका भेदभाव उन्मुलन गर्नसम्बन्धी महासन्धि १९७९*** *को प्रस्तावनामा अन्य कुराको अतिरिक्त "खाद्यान्न, स्वास्थ्य, शिक्षा एवं अन्य आवश्यकताहरूमा महिलाको न्यूनतम पहुँच रहेको कुराप्रति चिन्तित हुँदैन ।" भन्ने*

*वाक्यांश उल्लेख भएको देखिँदा महिलाको जीवन संकटमा पर्न नदिन न्यूनतम आवश्यकता परिपूर्तिका लागि महासन्धिले पक्ष राष्ट्रहरूलाई सजग गराएको देखिन्छ ।*

१७. माथि उल्लिखित विभिन्न अन्तर्राष्ट्रिय सन्धि / महासन्धि तथा प्रोटोकलहरूले महिला बालक वृद्धा अवस्थाका नागरिक तथा शारीरिक र मानसिकरूपमा अपाङ्गता भएका नागरिकहरूलाई महासन्धिका पक्ष राष्ट्रहरूले राष्ट्रियरूपमा विशेष व्यवस्था गरी संरक्षण गर्नुपर्ने गरी दयित्व निर्धारण गरेको देखिन्छ । प्रायः सबै सन्धि महासन्धिमा नेपालले सम्मिलन गरी अनुमोदन गरिसकेको देखिँदा उपरोक्त सन्धि महासन्धिको व्यवस्था कार्यान्वयन गर्नुपर्ने नैतिक बाध्यता नेपाल सन्धि ऐन २०४७ को दफा ९(२) को परिप्रेक्ष्यमा नेपाल सरकारसमक्ष रहेको देखिन्छ । नेपाल सरकारले अन्तराष्ट्रिय क्षेत्रमा आफूले गरेको प्रतिबद्धताबाट उत्पन्न भएका दायित्व पूरा गर्नुपर्ने जिम्मेवारीबाट बाहिर निस्कन खोज्नु उपयुक्त हुने देखिँदैन । कुनै पनि राष्ट्र आर्थिकरूपमा सबल र कमजोर जे जस्तो भएपनि विशेष हेरचाहको आवश्यकता रहेका आफ्ना नागरिकप्रतिको दायित्व सबै राष्ट्रउपर समानरूपमा रहने हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय पहल र सहकार्यबाट उपरोक्त दायित्व राज्यले पूरा गर्नुपर्ने देखिन्छ । संयुक्त राज्य अमेरिका, बेलायत, जापान, चीन जस्ता विकसित मुलुकहरूले अवलम्बन गरी आएको सामाजिक सुरक्षाका कार्यक्रमहरूसमान अवस्था र समानरूपमा अवलम्बन गर्न नेपाल सरकारलाई प्राप्त साधन र स्रोतका कारण सम्भव नभएपनि जीवन नै संकटमा रहेका आफ्ना नागरिकको संरक्षणको लागि नेपाल सरकारले तत्काल आवश्यक र नतिजामुलक ठोस कदम चाल्नुपर्ने देखिन्छ । अन्तराष्ट्रिय सन्धि महासन्धिबाट सिर्जना भएको दायित्व पूरा गर्ने सम्बन्धमा नेपाल सरकारले असक्त र असहाय नागरिकहरूको संरक्षणतर्फ केन्द्रित भइ विभिन्न कानूनहरूको तर्जुमा गरेको देखिएपनि त्यसको सार्थकरूपमा कार्यान्वयन भएको नदेखिँदा नेपाल सरकारले आफूउपर रहेको नागरिकप्रतिको संरक्षकिय दायित्व पूरा गरेको देखिन आएन । तत्काल अभिभावकीय सुरक्षाको आवश्यकतारहेका अशक्त, वृद्ध अवस्थाका नागरिक, पारिवारिकरूपमा परित्यक्त, सडकलाई नै बासस्थान बनाएका (बालक, महिला, वृद्ध) नागरिकको उचित बसोबास र खानपीनको व्यवस्था नेपाल सरकारका तर्फबाट गरिनु नेपालले स्वीकार गरेका अन्तराष्ट्रिय मानव अधिकारसम्बन्धी कानून र बाँच्न पाउने नेपाली नागरिकको अधिकार संरक्षणको दृष्टिकोणबाट समेत आवश्यक रहेको देखियो । नेपाली नागरिकलाई राज्यको उपस्थितिको अनुभूति गराउनका लागि अन्तर्राष्ट्रियरूपमा नेपालले व्यक्त गरेको प्रतिबद्धताको परिप्रेक्ष्यमा समेत राज्यबाट विशेष अवस्थाबाट गुज्रीएका आफ्ना नागरिकहरूको भरणपोषण र खानपीनको उचित प्रबन्ध गर्नका लागिसमेत आफूले अनुमोदन गरेको सन्धि महासन्धिको व्यवस्था नेपाल सरकारबाट अक्षरश: पालना भई कार्यान्वयन हुनुपर्ने देखियो ।

१८. अब चौथो प्रश्नतर्फ विचार गर्दा सामाजिक न्याय र सुरक्षा समाजमा रहेका असक्त असहाय तथा परित्यक्त नागरिकहरूका लागि अत्यावश्यक हुने देखिन्छ । यस्तो आवश्यकतालाई महसुस गरी नेपालको अन्तरिम संविधान २०६३ र वर्तमान नेपालको संविधानले सामाजिक न्याय र सुरक्षासम्बन्धी अवधारणात्मक व्यवस्थालाई सामाजिक न्यायको परिप्रेक्ष्यमा आत्मसाथ गरेको देखिन्छ । न्यायको परम्परागत मान्यताले समेत सामाजिक न्यायलाई ग्रहण गरेको अवस्थामा आर्थिक र सामाजिकरूपमा रहेको असमानता हटाई सम्मानपूर्वक बाँच्न पाउने आधारभूत मानव अधिकारको रक्षाको लागि सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति राज्यका तर्फबाट हुनु आवश्यक देखिन्छ । समाजमा उचित बासस्थान र



नेपाल कानून पत्रिका

खानपिनको व्यवस्थाबाट वञ्चित रही जीवन संकटमा रहेका अशक्त असहाय र परित्यक्त नागरिकले सोही कारण अकालमा मृत्युको जोखिममा पुग्न नपरोस् भन्ने अभिप्रायले त्यस्ता नागरिकहरूलाई सामाजिक सुरक्षाको भरपर्दो प्रत्याभूति राज्यका तर्फबाट प्रदान गरिनु आवश्यक हुन्छ । मौलिक हकको रूपमा रहेको सामाजिक सुरक्षाको विषय सामाजिक न्यायसँग अन्तर सम्बन्धित रहने हुँदा सामाजिक सुरक्षा सामाजिक न्यायलाई व्यवहारमा उतार्ने मुख्य उपकरण रहेको देखिन्छ । नेपाल सरकारले सामाजिक न्यायका आयामलाई सामाजिक सुरक्षाका कार्यक्रमहरू मार्फत नै मुर्तरूप दिने गरेको देखिन्छ । आफ्ना नागरिकको लागि जन्मदेखि मृत्युपर्यन्त हरेक अवस्था र चरणमा सामाजिक सुरक्षाको प्रत्याभूति गरिएको खण्डमा मात्र नागरिकको बाँच्न पाउने अधिकारको संरक्षण हुन गई नागरिकप्रति रहेको सरकारको दायित्व परिपूरण हुन जाने देखिन्छ । सामाजिक सुरक्षाको रूपमा विश्वका धेरै मुलुकमा अवलम्बन गरिएका नि:शुल्क स्वास्थ्य सेवा, बेरोजगार भत्ता, बालबालिका भत्ता, वृद्ध भत्ता, सामाजिक विमा, अपाङ्ग कल्याण जस्ता कार्यक्रमलाई सिमितरूपमा भएपनि नेपालले अंगीकार गरी आएको छ । तर सो व्यवस्थाले मात्र आवश्यकताको रोहमा रहेको विशेष अवस्थाबाट गुज्रिएका नागरिकको संरक्षण हुन सक्ने देखिँदैन । नेपाल सरकारले सिमितरूपमा सञ्चालन गरेको कार्यक्रमलाई विस्तार गरी गम्भीररूपमा जीवन संकटमा परेका विशेष अवस्था र परिवेशका नागरिकहरूको लागि सामाजिक सुरक्षाको कार्यक्रमलाई पूर्ण स्वरूपमा सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

१९. सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम प्रारम्भ हुँदाको अवस्थामा पेन्सन, उपदान, विमालगायतका स्वरूपमा रोजगारीमा आबद्ध श्रमिक तथा कर्मचारीको लागि प्रारम्भ गरिएको भएपनि समयक्रमसँगै आफ्नो भू-भागभित्र रहेका सबै असक्त र असक्षम नागरिकहरूको लागिसमेत फरक प्रकृतिका सामाजिक सुरक्षाको भिन्न भिन्न स्वरूपमा कार्यक्रमहरू विस्तार गरिएको देखिन्छ । सामाजवादी अर्थनीतिको एक महत्त्वपूर्ण हिस्साको रूपमा सामाजिक सुरक्षा योजना सञ्चालन गरिने भएपनि पुँजीवादी र मिश्रित अर्थ व्यवस्थामा समेत यसलाई समान महत्त्व प्रदान गरी कल्याणकारी कार्यक्रम सञ्चालन गरेको देखिन्छ । राज्यबाट नागरिकहरूप्रति लक्षित लोककल्याणकारी कार्यको सन्दर्भमा नेपालमा पनि सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरूको सुरूवात भएको देखिन्छ । नेपालमा विद्यमान विभिन्न कानूनहरूमा कामदार तथा कर्मचारीसँग सम्बन्धित विभिन्न सामाजिक सुरक्षासम्बन्धी व्यवस्था भई कार्यान्वयनमा आएकोमा आजभन्दा २०/२२ वर्ष अगाडि नेपाल सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत सोही आर्थिक वर्षको बजेटमा ७५ वर्ष उमेर पूरा गरेका वृद्ध अवस्थाका नागरिकहरूको लागि विशेष सामाजिक सुरक्षा कार्यक्रमको रूपमा वृद्ध भत्ता स्वरूप नगद सहायता प्रदान गर्ने कार्यक्रमको सुरूवात गरेको देखिन्छ । समयको अन्तरालसँगै सुरूवाती चरणको उक्त सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम विस्तार गर्दै त्यसमा विशेष अवस्थाका असक्त, अपाङ्ग, अनाथ बालक, वृद्ध अवस्थाका परित्यक्त नागरिक तथा अति गरिबीमा रहेका नागरिकको बाँच्न पाउने अधिकारको (Right to Survive) संरक्षण गर्नका लागि भौतिक पूर्वाधारसहितका आवश्यक सामाजिक सुरक्षाको कार्यक्रम सञ्चालन हुनुपर्नेमा हालसम्म पनि राज्यसँग आवश्यकतामा आश्रित आफ्ना नागरिक जसको संरक्षण हुन नसकेमा जीवनको अस्तित्व नै खतरामा पर्ने अवस्था रहेको छ तिनीहरूको वास्तविक विवरणसमेत रहे भएको देखिँदैन । वास्तविक विवरणको अभावमा त्यस्ता नागरिकहरूप्रति लक्षित भई कार्यक्रम सञ्चालन गर्न स्वयम् नेपाल सरकारलाई कठिनाई पर्ने देखिँदा नेपाल राज्यभर रहेका असक्त, अपाङ्ग,

असहाय, परित्यक्त सडक बालबालिकलगायतका सहारा र उचित संरक्षणको आवश्यकता भएका आफ्ना नागरिकको विवरण संकलन र कार्यक्रम सञ्चालन गर्ने केन्द्रीय स्तरको संस्थागत संरचनाको अभाव देखिँदा देखिँदा आवश्यक नयाँ संरचना र हाल कायम रहेका त्यस्ता निकायको पुनर्संरचना गरी सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्नु आवश्यक देखिन्छ । नेपाली नागरिकले भाग्य र भगवानको भरमा आफ्नो जीवन सुरक्षित राख्नुपर्ने अवस्थाको अन्त्य गरी राज्य नै आफ्नो वास्तविक संरक्षक भएको अनुभूति राज्यबाट नै दिलाउनु पर्ने देखिन्छ।

२०. असक्त, असहाय, परिव्यक्त, अति गरिबीको चपेटामा परेका नागरिकहरूलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्नुपर्ने अनिवार्य दायित्व जुनसुकै प्रकृतिको भएपनि त्यस देशको सरकारउपर नै रहेको हुन्छ। यसरी राज्यउपर रहने कल्याणकारी दायित्वको परिपूरण गर्नका लागि के कस्तो स्वरूपमा कस्ता कार्यक्रम सञ्चालन गर्ने भन्ने विषय सरकारको नीतिगत र कार्यक्रमगत विस्तारको विषय भएपनि नागरिकलाई कठिन अवस्थाबाट जोगाउन तत्काल संरक्षण लक्षित कार्यक्रमहरूको विस्तार हुनुपर्ने आवश्यकता देखिन्छ। सामाजिक सुरक्षाका सम्बन्धमा आवश्यकताको रोहमा जीवन जोखिममा रहेका अवस्थाका नागरिकहरूको वर्गीकरण गरी अत्यन्त जोखिम अवस्थाका नागरिकहरूलाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु सामाजिक न्यायको दृष्टिकोणबाट समेत उत्तम विकल्प हुन सक्दछ । नेपाल सरकारले औपचारिकताको लागि मात्र सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम तर्जुमा नगरी जीवन संकटमा परेका र पर्ने जोखिममा रहेका नागरिकहरूले अनुभूति गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्नु अनिवार्य हुन्छ। सामाजिक सुरक्षाको कार्यक्रमको सञ्चालन गर्ने संस्थाहरूको संस्थागत सुदृढीकरण गरी सामाजिक सुरक्षाका विधि र आयामलाई सहज र सरलरूपमा प्राप्त गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ।

२१. विकसित मुलुकहरूका सबै नागरिक कुनै न कुनैरूपमा सामाजिक सुरक्षाको दायराभित्र रहेका हुन्छन्। तर गरिबी र आर्थिक अभाव झेलिरहेका विकासोन्मुख देशहरूका नागरिकहरूको जीवन उचित भरणपोषण र वासस्थानको अभावमा असुरक्षित बन्दै गएको देखिन्छ । त्यस्तो अवस्थाका नागरिकहरूको जीवन सुरक्षाको लागि सञ्चालनमा रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरू विस्तार हुनुपर्ने देखिन्छ । रोजगारीमा आबद्ध भएका नागरिकको रोजगार प्रदायक संस्थाहरूबाट सिमितरूपमा भएपनि सामाजिक सुरक्षाको प्रत्याभूति भएको सन्दर्भमा सर्वसाधारणको रूपमा रहेका परित्यक्त, अति वृद्ध, असक्त, अपाङ्ग तथा सडक बालबालिकाको जीवन निकै नै कष्टकर हुने अवस्थालाई सम्बोधन गर्न राज्यले सार्थक प्रयास गर्नुपर्ने देखिन्छ । परिवार र आफन्तको सहयोग पाएका नागरिकको हकमा तत्कालै सामाजिक सुरक्षाको प्रत्याभूति आवश्यक नहोला तर परित्यक्त / असक्त / तथा अति गरिबीको चपेटामा परेर आफ्नो जीवन रक्षाको लागि गाँसबास र कपासको व्यवस्था गर्न नसक्ने नागरिकहरूको बाँच्न पाउने अधिकारको संरक्षण गर्न राज्य नै संजीवनी बुटी बन्नु आवश्यकताको रोहमा अपरिहार्य देखिन्छ। खाना र छानाको अभावमा आफ्ना नागरिक मृत्युको जोखिममा पुग्नुपर्ने अवस्थालाई राज्यले सम्बोधन गर्नुपर्ने नै हुन्छ। आर्थिक अभावको बहानामा उपयुक्त कुनै बन्दोबस्त नगरी मानवीय संवेदनाविपरीत आफ्ना नागरिकहरूको कठिन परिस्थितिलाई नियालेर मात्र बस्नु लोककल्याणकारी राज्यको रोहमा स्वीकारयोग्य हुन सक्दैन । आफ्नो भरणपोषण आफैँ गर्न नसक्ने आफ्ना नागरिकहरूको न्यूनतम आवश्यकता पुर्ति गरी दिनुपर्ने दायित्व लोककल्याणको वर्तमान परिवेशमा राज्यउपर नै रहेको देखिँदा आफूउपर रहेको त्यस्तो

दायित्व कुन स्वरूपमा (Model) कार्यान्वयन गर्ने हो सो कुरा राज्यले स्थापित गर्ने संस्थागत संयन्त्र र सञ्चालन गर्ने कार्यक्रमले निर्धारण गर्ने हुन्छ । राज्यले अन्तर्राष्ट्रिय कानूनी दायित्व (सन्धि महासन्धिबाट सिर्जित) र राष्ट्रिय संवैधानिक व्यवस्थाको कार्यान्वयन र आवश्यकताको रोहमा नागरिकप्रतिको जिम्मेवारी बहन गर्नसमेत प्रचलनयोग्य आधारभूत न्यूनतम अधिकारहरूको संरक्षण गर्नु अनिवार्य नै रहेको देखिन्छ ।

२२. आजभन्दा पाँच दशक अगाडि लागू भएको मुलुकी ऐनमा भएको गरिब कंगालको महलअन्तर्गत चरम गरिबीको अवस्थामा रहेका र आफ्नो हेरचाह आफैँ गर्न नसक्ने महिला, वृद्धवृद्धा, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू एवं अनाथ बालबालिकालगायतका नागरिकहरूको भरणपोषण तथा स्याहार सम्भारको यथोचित कानूनी कर्तव्य गाउँ विकास समितिलगायतका स्थानीय निकायहरूलाई तोकेको देखिन्छ । पछिल्लो समयमा जारी भएका बालबालिकासम्बन्धी ऐन, २०४८, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ र नियमावली २०६३, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७०, आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली २०६७ लगायतका कानूनहरूमा सहायताको आवश्यकता रहेका विशेष अवस्थाका नेपाली नागरिकहरूको यथोचित व्यवस्थाको लागि विशेष कानूनी प्रावधानहरू रहे भएको देखिन्छ। उक्त व्यवस्था कार्यान्वयनको लागि सम्बन्धित निकायबाट विभिन्न मापदण्ड र कार्ययोजना तयार भएको भएपनि त्यस्तो अवस्थाका नागरिकको संरक्षणको लागि कार्यान्वयन योग्य ठोस कदम चालेको भने देखिँदैन । न्यूनतम सुविधासहित सिमितरूपमा रहेका विशेष अवस्थाका नागरिक लक्षित आवास गृह नेपाल सरकारको तर्फबाट सञ्चालनमा रहेको भन्ने आधारमा मात्र त्यस्तो अवस्थाका नागरिकप्रतिको दायित्व नेपाल सरकारले सारभूतरूपमा नै पूरा गरेकोभनी मान्न सकिँदैन । नेपाल राज्यभर कति नागरिक असक्त / अपाङ्ग / चरम गरिबी / परित्यक्त अवस्थामा भई सडकलाई नै वासस्थान बनाएका छन् भन्ने कुराको वास्तविक विवरणराज्यसँग नरहेको अवस्थामा भरणपोषणको न्यूनतम सुविधाको अभावमा जीवन संकटको अवस्थामा रहेका सबै नागरिकले समानरूपमा राज्यबाट प्राप्त गर्ने सामाजिक सुरक्षाको प्रत्याभूति प्राप्त गरेको अवस्थाको परिकल्पना गर्न सकिँदैन । यस्तो अवस्थाको निवारणको लागि जीवन संकटमा परेका आफ्ना नागरिकको वास्तविक विवरण राज्यसँग उपलब्ध हुनु आवश्यक देखिन्छ । रिट निवेदकले काठमाडौं उपत्यकाभित्रका स्थानीय निकाय तथा जिल्ला प्रशासन कार्यालयसँग परित्यक्त, असहाय तथा चरम गरिबीको अवस्थामा रहेका नेपाली नागरिकको भरणपोषण तथा आवाससम्बन्धी कल्याणकारी व्यवस्थाको कार्यान्वयनको जानकारी माग गरेकोमा राजधानीमा रहेका उपरोक्त निकायहरूले यथार्थ विवरणसहितको कुनै जानकारी उपलब्ध गराउन सकेको देखिँदैन । यस परिस्थितिलाई विचार गर्दा दुर्गम र पिछडिएका स्थानमा यस्तो अवस्थाको नागरिकको लागि उचित प्रबन्ध भएको छ भनी स्वाभाविकरूपमा नै अनुमान गर्न सकिँदैन ।

२३. स्थानीय विकास मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफमा स्थानीय स्वायत शासन ऐन, २०५५ को प्रावधानबमोजिम सबै जि.वि.स., महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकालाई असहाय, अनाथ एवं अपाङ्ग नागरिकहरूको लगत राख्न परिपत्र गरेको र असहाय, असक्त, अनाथ एवं अपाङ्गहरूको हित संरक्षणमा कार्यक्रम गरिआएको भनी उल्लेख गर्नुबाहेक नेपाल राज्यभरमा यो यति संख्यामा निवेदकले रिट निवेदनमा

उल्लेख गरेअनुसारको अवस्थाका नागरिक रहेका र त्यस्ता नागरिकहरूको जीवन सुरक्षित गरी निजहरूको बाँच्न पाउने अधिकारको संरक्षण गर्नका लागि यो यस्तो कार्यक्रमहरू लागू गरिएको छ भनी व्यहोरा उल्लेख भएको पाइँदैन । त्यसैगरी नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफमा महिला, अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियम, निर्देशिका, मापदण्ड तर्जुमा गरी उनीहरूका लागि विविध कार्यक्रम सञ्चालन गरिआएको भन्ने उल्लेख भएपनि नेपाल राज्यभर यस्तो अवस्थाका नागरिकको संख्या यति रहेको र ति नागरिकहरूको संरक्षणको लागि यो यति संख्यामा आवास गृहसहितको आवश्यक प्रबन्ध गरिएको भनी उल्लेख गरेको पाइँदैन । कानूनमा अधिकार उल्लेख हुने तर त्यसको व्यवहारिकरूपमा कार्यान्वयन नहुने अवस्थाले त्यस्ता ऐन नियममा रहेका अधिकारहरूको कुनै प्रयोजन नहुने देखिँदा प्रयोजनपरकरूपमा त्यस्ता अधिकार कार्यान्वयनको लागि नेपाल सरकार र मातहतका सम्बद्ध सरकारी निकायहरूको सकृय र सार्थक पहल हुन आवश्यक देखिन्छ ।

२४. समाजमा रहेका मानिसहरू जो आफ्नो बारेमा स्वयम् बुझ्न, सोच्न र जान्न सक्दैनन् त्यस्ता वृद्ध, असक्त, असहाय, अनाथ बालबालिकासमेतका व्यक्ति वर्ग र समुदायको आधारभूत आवश्यकताको परिपूर्ति राज्यका तर्फबाट हुनुपर्ने विषय सामाजिक सुरक्षासँग सम्बन्धित हुने हुँदा यस्तो विषयलाई लोक कल्याणकारी राज्यमा अनिवार्यरूपमा स्वीकार गर्नुपर्ने हुन्छ । जीवन नै संकटमा परेका वर्ग र समुदायको रक्षा गर्ने महत्त्वपूर्ण संरक्षणात्मक उपाय सामाजिक सुरक्षासम्बन्धी विशेष योजना र कार्यक्रम नै रहेको हुन्छ । राज्यले प्रदान गर्ने निश्चित अवस्थाका सबै नागरिक समेटिएको सामान्य भत्ताको व्यवस्थाबाट विशेष अवस्थामा रही सामाजिक सुरक्षाको आवश्यकता रहेका नागरिकहरूको हकमा उचित सम्बोधन हुनसक्ने देखिँदैन । जीवन संकटमा परेका विशेष अवस्थाका नागरिकहरूलाई गासबास तथा कपास र स्वास्थ्य उपचारको व्यवस्थासहितको जीवन संरक्षणका लागि आवश्यक सबै आधारभूत सेवा सुविधा प्रदान गर्नु आवश्यक देखिँदा सामाजिक सुरक्षाको आवश्यकता भएका परित्यक्त सबै नागरिकको अभिभावकको रूपमा नेपाल सरकार उपर असक्त, असहाय, परित्यक्त, चरम गरिबी, सडक बालबालिका तथा वृद्ध अवस्थाका जीवन संकटमा परेका उक्त वर्ग र समुदायका नेपाली नागरिकप्रतिको सम्पूर्ण अभिभावकीय दायित्व रहने नै देखियो । माथि उल्लिखित अवस्थाका नागरिकलाई सामाजिक न्याय प्रदान गर्न सामाजिक सुरक्षासम्बन्धी नेपाल सरकारबाट सञ्चालित कार्यक्रम मात्र विशेष अवस्थाका नागरिकको लागि पर्याप्त रहेको भनी मान्न सकिएन । जीवन संकटमा रहेका नेपाली नागरिकहरूको बाँच्न पाउने अधिकारको संरक्षण गरी जीवन रक्षा गर्नका लागि आवश्यक कार्य गर्न मानवीय आवश्यकता, सामाजिक न्याय र सुरक्षाका दृष्टिकोणबाट समेत उपयुक्त नै हुने देखियो ।

२५. अब अन्तिम तथा पाचौँ प्रश्न निवेदकको मागबमोजिमको आदेश जारी हुने नहुने सम्बन्धमा विचार गर्दा अशक्त, परित्यक्त, असहाय र चरम गरिबीमा रहेका महिला, बालक तथा वृद्धा अवस्थाका नागरिकको अधिकारको संरक्षणको लागि अन्तराष्ट्रिय समुदायले स्वीकार गरेको मानव अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर र सम्मिलन गरी उपरोक्त सन्धि महासन्धि अनुमोदन गरी लागू गरिसकेको अवस्थामा सिर्जित दायित्वबाट नेपाल अलग रहन सक्ने देखिएन । अन्तर्राष्ट्रिय सन्धि महासन्धि अनुमोदनपश्चात सिर्जना भएकोदायित्व पूरा गर्न तथा संविधान र कानूनमा उल्लिखित सामाजिक

सुरक्षाको आवश्यकता रहेका नेपाली नागरिकहरूको बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा असक्त र परित्यक्त अवस्थाका नेपाली नागरिकहरूको उचित बसोवास र भरणपोषणसम्बन्धी आधारभूत मौलिक अधिकारको संरक्षणका गर्नका लागि समेत निवेदकको मागबमोजिमको आदेश जारी हुने नै देखियो।

२६. तसर्थ माथि विभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट जीवन नै संकटमा परेका असक्त, असहाय, परित्यक्त तथा चरम गरिबीमा रहेका महिला, बालक तथा वृद्धाअवस्थाका नेपाली नागरिकहरूको बाँच्न पाउने मौलिक अधिकारको संरक्षणका लागि त्यस्तो अवस्थाका नागरिकहरूको वास्तविक विवरण संकलन गरी एक वर्षभित्र उचित वासस्थान र भरणपोषणको कार्य सम्पन्न गर्नु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतका विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ।

२७. आज भन्दा ५ दशक अगाडि मुलुकी ऐन गरिब कंगालको महलमा भएको व्यवस्था कार्यान्वयन हालसम्म हुन सकेको देखिँदैन । अर्कोतर्फ विभिन्न समयमा नागरिकको सामाजिक सुरक्षाका सम्बन्धमा नियमन गर्न विभिन्न ऐन नियम तर्जुमा भएपनि सोअनुसारको आवश्यक संस्थागत व्यवस्था भई लक्षित वर्ग उन्मुख कार्यक्रम सञ्चालन भई लक्षित वर्गसम्म त्यसको पहुँच स्थापित हुन सकेको समेत नदेखिँदा नेपाल सरकारका नाममा देहायबमोजिमको निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ।

१. असक्त, असहाय, परित्यक्त तथा चरम गरिबीमा रहेका महिला, बालक तथा वृद्धा अवस्थाका जीवन संकटमा रहेका नेपाली नागरिकहरूको भरण पोषण र बसोबासको आवश्यक प्रबन्ध गर्न तत्काल (संविधान कार्यान्वयनपश्चात् गठन हुने संघीय सरकारको मातहतमा रहने गरी) पर्याप्त साधन स्रोतसहितको एक छुट्टै केन्द्रिय सामाजिक सुरक्षा बोर्ड गठन गर्ने कार्य अविलम्ब सुरू गर्नू।
२. संविधानअनुरूप गठन हुने प्रदेश सरकारको मातहतमा रहने गरी प्रदेश तहमा सोही कार्यको आवश्यक प्रबन्ध गर्ने प्रयोजनको लागि प्रत्येक प्रदेशमा प्रादेशिक सामाजिक सुरक्षा बोर्डको गठन गर्नू।
३. जीवन संकटमा रहेका असक्त र असहाय नेपाली नागरिकहरूको वास्तविक विवरण संकलन र अद्यावधिक गर्न संविधानअनुरूप गठन हुने प्रत्येक स्थानीय तहहरूमा सामाजिक सुरक्षा इकाई गठन गर्नू।
४. नेपाल सरकारले सञ्चालन गरी आएका गरिबी निवारण कोष, स्वरोजगार कोष तथा गरिबसँग विशेश्वर जस्ता गरिबी निवारण गर्नेतर्फ लक्षित कार्यक्रमहरूको मातहतमा रहने गरी चरम गरिबीको अवस्थामा रहेका नागरिकहरूको यथोचित भरणपोषण र वासस्थानको व्यवस्था गर्नका लागि आवश्यक संस्थागत र कानूनी व्यवस्था गर्नू।
५. सार्वजनिक तथा निजी क्षेत्रमा रोजगारीमा रहेका व्यक्तिहरूबाट मासिकरूपमा कट्टा गरी आएको सामाजिक सुरक्षा करको केही अंश आदेश कार्यान्यवनको लागि गरिने प्रबन्धनात्मक कार्यको लागि छुट्याई त्यसमा नेपाल सरकारको तर्फबाट नपुग रकम थप गरी सामाजिक सुरक्षा प्रबन्ध कोषको व्यवस्था गर्नू।

२८. प्रस्तुत आदेशको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमितरूपमा अनुगमन गरी प्रतिवेदन पेस गर्न यस अदालत अनुगमन तथा निरीक्षण

महाशाखा तथा फैसला कार्यान्वयन निर्देशनालयलाई समेत आदेशको जानकारी दिई मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी
इति संवत् २०७३ साल जेठ २६ गते रोज ४ शुभम्।

## निर्णय नं. ९७९१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७३।८।१४

मुद्दाः कर्तव्य ज्यान

०६९-CR-०९२५

पुनरावेदक / प्रतिवादी : मकवानपुर जिल्ला, डाँडाखर्क गा.वि.स. वडा नं. ७ घर भई हाल कारागार कार्यालय भिमफेदीमा थुनामा रहेको हरिबहादुर विश्वकर्मा

विरूद्ध

प्रत्यर्थी / वादी : पूर्णसिंह स्याङ्तानको जाहेरीले नेपाल सरकार

०६९-CR-०९५०

पुनरावेदक / प्रतिवादी : मकवानपुर जिल्ला डाँडाखर्क गा.वि.स. वडा नं. ७ घर भई हाल कारागार कार्यालय भिमफेदीमा थुनामा रहेको राजकुमार वि.क.

विरूद्ध

प्रत्यर्थी / वादी : पूर्णसिंह स्याङ्तानको जाहेरीले नेपाल सरकार

०६९-CR-०९५१

पुनरावेदक / प्रतिवादी : मकवानपुर जिल्ला डाँडाखर्क गा.वि.स. वडा नं. ७ घर भई हाल कारागार कार्यालय भिमफेदीमा थुनामा रहेको प्रेमबहादुर स्याङ्तान

विरूद्ध

प्रत्यर्थी / वादी : पूर्णसिंह स्याङ्तानको जाहेरीले नेपाल सरकार

०७०-CR-००५५

पुनरावेदक / प्रतिवादी : मकवानपुर जिल्ला डाँडाखर्क गा.वि.स. वडा नं. ७ घर भई हाल कारागार पर्सा वीरगञ्जमा थुनामा रहेकी वर्ष ४० की साइलीमाया विश्वकर्मासमेत

विरूद्ध

प्रत्यर्थी / वादी : पूर्णसिंह स्याङ्तानको जाहेरीले नेपाल सरकार

०७०-CR-०९४९

पुनरावेदक / प्रतिवादी : मकवानपुर जिल्ला, डाँडाखर्क गा.वि.स. वडा नं. ७ घर भई हाल कारागार कार्यालय भिमफेदीमा थुनामा रहेको काजी भन्ने हरिबहादुर विश्वकर्मा

विरूद्ध

प्रत्यर्थी / वादी : पूर्णसिंह स्याङ्तानको जाहेरीले नेपाल सरकार

सर्वोच्च अदालत

- **पुनरावेदक प्रतिवादीहरूसमेत मिली बोक्सीको आरोपमा चरम र निर्मम यातना दिएका छन् । ह्यामर, काँटी, लाठी, कैँची जस्ता हतियार तथा लाठी, लात, मुक्काको प्रयोग गरी यातना दिने कार्य भएको छ । सिस्नु लगाइएको छ, कपाल खौरिएको छ, मानव मलमूत्र खुवाइएको एवं शरीरभरी दलिएको छ । मानवलाई दिने निकृष्ठ र पशुवत यातना यो भन्दा अरू के हुनसक्छ ? सामान्य मानिसको समझ (reasonable person test) बाट हेर्दा यस्तो चरम यातना दिँदा यातना पाउनेले सहन सक्दैन, उसको मृत्यु हुनसक्छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । रातैभरी एउटी महिलालाई सबै मिली कुटपिट यातना दिने कार्य गर्दा ज्यानसम्बन्धीको ५ नं.मा उल्लेख भएजस्तो आफूले गरेको कर्तव्यबाट मानिस मर्ला जस्तो नदेखिएको अवस्था प्रस्तुत वारदातमा देखिन नआएको हुँदा भवितव्य कसुर कायम हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।**

(प्रकरण नं.१०)

- **कुनै पनि मानिसमाथि बोक्सीको आरोप लगाउने कार्य कानूनले निषिद्ध गरेको छ भने सो प्रकृतिको आरोप लगाई मानिसको कपाल काट्ने, मानव मलमूत्र खुवाउने, कुटपिट गर्ने, यातना, प्रताडित गर्ने जस्ता कार्य अमानवीयसमेत भएकोमा दुईमत हुन सक्दैन । मानव समाजमा अन्धविश्वासको रूपमा रहेको बोक्सा बोक्सी जस्तो मान्यता निर्मूल गर्न कानून बनाएर मात्र प्रयाप्त हुँदैन । यस्तो क्रियाकलाप विरूद्ध कडा दण्ड नीतिसमेत अपनाउन आवश्यक रहेकोले सोहीअनुरूप कठोर सजाय पनि गर्न आवश्यक हुने ।**

(प्रकरण नं.११)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताद्वय सानुमैया डंगोल र विमला यादव
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३), १३(४)

सुरू तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री टेक नारायण कुँवर
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री बम कुमार श्रेष्ठ

फैसला

**न्या. ओमप्रकाश मिश्र :** मिति २०६७।२।२ को बिहान अं. ५ बजेको समयमा काजी भन्ने हरिबहादुर विश्वकर्मा, निजको श्रीमती साइलीमाया विश्वकर्मा, निजको छोरा राजकुमार विश्वकर्मा, देवमाया लामा, प्रेमबहादुर स्याङ्तानसमेतले मेरी श्रीमती निरमाया स्याङ्तानलाई बोक्सीको आरोप लगाई मेरै घरमा कपाल काट्ने, सिस्नो लगाउने, मानिसको दिसा पिसाब खुवाउने, कुटपिट गर्नेलगायतको कार्य गरी कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको पूर्णसिंह स्याङ्तानको जाहेरी दरखास्त ।

जिल्ला मकवानपुर, गा.वि.स. डाँडाखर्क, वडा नं. ७, सानो डाँडाखर्कस्थित पूर्णसिंह स्याङ्तानको घरको पिँढीमा सेतो कपडाले छोपी राखेको लासको वरिपरी फलामको हम्मर, कैंची,

सिस्नो, दिसा पिसाबको घोलसहितको कचौरा, लठ्ठी र काटेको कपालसमेत छरिएको अवस्थामा रहेको, मृतक निरमाया स्याङ्तानको लासको टाउकाको कपाल काटेको, शरीरभरी मानिसको मलमूत्र लागेको, रातो, नीलो डामहरू रहेको, नाक मुखबाट रगत बगिरहेको भन्नेसमेत व्यहोराको घटनास्थल तथा लास प्रकृति मुचुल्का।

टाउकोको चोटको कारण निरमाया स्याङ्तानको मृत्यु भएको भन्नेसमेत व्यहोराको शव परीक्षण प्रतिवेदन।

जाहेरवालाको कुहिनोसमेतमा घिसारेको घाउ चोट रहेको भन्नेसमेत व्यहोराको जाहेरवाला पूर्णसिंह स्याङ्तानको घाउजाँच केस फाराम।

मेरो छोरी निरमाया स्याङ्तानलाई कर्तव्य गरी मारेको भन्ने जानकारी पाई मिति २०६७।२।२ को बिहान छोरीको घरमा जाँदा छोरी मृत अवस्थामा रहेकी, घटनास्थल वरिपरि कैंची, काटेको कपाल, सिस्नो, दिसापिसाब, लठ्ठीसमेत छरिएको अवस्थामा रहेको देखेको हुँदा छोरीको मृत्युको सम्बन्धमा बुझ्दा सोधपुछ गर्दा रामबहादुर स्याङ्बो, काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान, देवमाया लामा, जीवन मोक्तान, इन्द्रबहादुर मोक्तान, जोगबहादुर स्याङ्तानसमेत भई मेरो छोरी निरमायालाई बोक्सीको आरोप लगाई मिति २०६७।२।१ को बेलुकादेखि निजकै घरमा कपाल काट्ने, सिस्नो लगाउने, दिसापिसाब खुवाउने, कुटपिट गर्ने कार्य गरी रातै भरी यातना दिएको कारणबाट मिति २०६७।२।२ को बिहान अं. ५ बजे छोरीको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको सुनमाया घलानको कागज।

जाहेरवाला पूर्णसिंह स्याङ्तानको श्रीमती निरमाया स्याङ्तानलाई बोक्सीको आरोप लगाई काजी भन्ने हरिबहादुर विश्वकर्मा, साइलीमाया विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान, देवमाया लामा, जीवन मोक्तान, इन्द्रबहादुर मोक्तान, जोगबहादुर स्याङ्तान, रामबहादुर स्याङ्वोसमेतले मिति २०६७।२।१ को बेलुकादेखि २०६७।२।२ को बिहानसम्म सिस्नो लगाउने, मानिसको दिसापिसाब खुवाउने, कुटपिट गर्ने कार्य गरी कर्तव्य गरी मारेको हो भन्नेसमेत व्यहोराको बुझिएका मानिसहरूले गरिदिएको एकै मिलानको घटना विवरण कागज।

जाहेरवालाको श्रीमती निरमायाले साइलीमाया विश्वकर्मालाई जाँडमा बोक्सी लगाई खान दिएको कारण बिरामी भएँ भनी बताएकी हुँदा मसमेत भई निज निरमायालाई निजकै घरमा बोक्सीको आरोपमा मिति २०६७।२।१ को बेलुका अं. ५ बजेदेखि भोलिपल्ट बिहान अं. ४.३० बजेसम्म बोक्सी कायल गराउन भनी सिस्नो लगाउने, मानिसको दिसा खुवाउने, कपाल काट्ने, कुटपिट गर्नेलगायतको कार्य गर्दागर्दै निरमायाको मृत्यु भएको हो । निरमायालाई बोक्सीको आरोपमा कारवाही गर्नुपर्छ भनी मानिस जम्मा गर्ने, कारवाही सुरू गर भनी बचन दिने पञ्च अन्तरे भन्ने रामबहादुर स्याङ्वो हुन् र निरमायालाई पहिला हात छाड्ने म हुँ। मैले निजको कपाल समाती टाउको पटकपटक भुँइमा ठोक्काएको र किला ठोक्नु पर्‍यो भनी सानो बन्चरो मगाएको हो । हरिबहादुर, राजकुमार र प्रेमबहादुरले कपाल काटेको, निर्ममरूपमा लाठी, लातमुक्कासमेतले टाउको, छातीसमेतमा प्रहार गरेको हो। कुटपिट यातना दिने अन्य व्यक्तिहरू जोगबहादुर स्याङ्तान, जीवन मोक्तान र अन्तरे भन्ने इन्द्रबहादुर मोक्तान हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी देवमाया लामाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मेरी श्रीमती साइलीमाया विश्वकर्मालाई निरमाया स्याङ्तानले जाँडमा भेद गरी बोक्सी लगाई दिएकीले मिति २०६७।२।१ को बेलुका मसमेत निरमायाको घरमा भेला जम्मा भई सो विषयमा निरमायासँग सोधपुछ गर्दा इन्कार गरेकी हुँदा म, साइलीमाया वि.क, राजकुमार वि.क, देवमाया

लामा, प्रेमबहादुर स्याङ्तान, पञ्च अन्तरे भन्ने रामबहादुर स्याङ्बो, जोगबहादुर स्याङ्तान, जीवन मोक्तान, अन्तरे भन्ने इन्द्रबहादुर मोक्तानसमेत भई निज निरमायाको कपाल काट्ने, सिस्नो लगाउने, दिसापिसाब खुवाउने, कुटपिट गर्ने लगायतको यातना दिएको हो । कायल नभएको कारण रातैभरी कुटपिट यातना दिएको हो । मलगायत सबै जनाले टाउको लगायत स्थानमा प्रहार गरेको कारण २०६७।२।२ को बिहान ५ बजे निरमायाको मृत्यु भएको हो । सबैभन्दा पहिले बचन दिने रामबहादुर, हात छाड्ने देवमाया हो भन्नेसमेत व्यहोराको प्रतिवादी काजी भन्ने हरिबहादुर विश्वकर्माले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मसमेतले जाहेरवालाको श्रीमती निरमाया स्याङ्तानलाई बोक्सीको आरोप लगाई निजकै घरमा दिसा पिसाब खुवाउने, कपाल काट्ने, सिस्नो लगाउने, कुटपिट गर्ने लगायतको कार्य गरी कर्तव्य गरी मारेको हो । सबैभन्दा पहिला देवमायाले कपालमा समाती घुमाउने, लछारपछार गर्ने, टाउको ठोक्काउने, सिस्नो लगाउने, मानव मलमूत्र खुवाउने कार्य गरेको हो । त्यसपछि राजकुमार र मैले पटकपटक सिस्नु लगाउने काम गरेको हो । हरिबहादुर, राजकुमार र म भई कपाल काटी, लट्ठी, लात, मुक्कासमेतले टाउको छातीलगायतमा प्रहार गरेको हो । देवमाया, हरिबहादुर, राजकुमार र मसमेतले मार्नुपर्छ भनी सल्लाह गरी बेहोस नहुँदासम्म यातना दिएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेमबहादुर स्याङ्तानले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मेरी आमा साइलीमाया विश्वकर्मालाई निरमाया स्याङ्तानले जाँडमा भेदगरी बोक्सी लगाई दिएकी हुन् भनी मेरो आमाले भनेकीले मिति २०६७।२।१ को बेलुका मसमेत निरमायाको घरमा भेला जम्मा भई सो विषयमा निरमायासँग सोधपुछ गर्दा इन्कार गरेकी हुँदा निजलाई मार्नुपर्छ भनी हरिबहादुर, साइलीमाया, प्रेमबहादुर, देवमाया र मसमेत भई सल्लाह गरी बेहोस नभएसम्म यातना दिने, कुटपिट गर्ने गरेको कारण निरमायाको मृत्यु भएको हो । निजको कपाल काट्ने, सिस्नो लगाउने, दिसापिसाब खुवाउने, कुटपिट गर्ने लगायतको यातना दिँदा २०६७।२।२ को बिहान ५ बजे निरमायाको मृत्यु भएको हो । सोकार्यमा जोगबहादुर, रामबहादुर, जिवन, अन्तरे भन्ने इन्द्रबहादुरसमेत संलग्न छन् भन्नेसमेत व्यहोराको प्रतिवादी राजकुमार विश्वकर्माले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

निरमाया स्याङ्तानले मलाई २०६६ साल कार्तिकमा जाँड खान दिएकी र सो जाँड खाएपछि म बिरामी भएको हुँदा जाँडमा बोक्सी लगाई दिएकी कारण बिरामी भएको हो भनी सोही विषयमा छलफल गर्नुपर्‍यो भनी पञ्च अन्तरे भन्ने रामबहादुर स्याङ्बोले मसमेतलाई मिति २०६७।२।१ को साँझ जाहेरवालाको घरमा बोलाएको हो । त्यहाँ भेला जम्मा भएकामध्ये देवमाया लामाले कपालमा समाती टाउको जमीनमा ठोक्काएको र पछि कपाल काटेपछि पनि कुटपिट गरेको, हरिबहादुर वि.क., राजकुमार वि.क., प्रेमबहादुर स्याङ्तान, जोगबहादुर स्याङ्तान, अन्तरे भन्ने रामबहादुर स्याङ्बो, जीवन मोक्तान र इन्द्रबहादुर मोक्तानले निरमायालाई केरकार गर्ने, कपाल काट्ने, सिस्नो लगाउने, दिसा पिसाब खुवाउने, कुटपिट गर्ने कार्य गर्दागर्दै भोलिपल्ट मिति २०६७।२।२ बिहान अं. ५ बजेको समयमा निरमायाको मृत्यु भएको हो, म घटनास्थलमा भए तापनि मैले कुटपिट केही गरिनँ बरू यसरी अति भयो नगर भनेको हो । बचन दिने रामबहादुर स्याङ्बो, पहिला हात हाल्ने देवमाया हुन् । अन्यले कपाल काट्ने सिस्नो लगाउने, दिसा खुवाउने, कुटपिट गर्ने गरेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी साइलीमाया वि.क. ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

निरमाया स्याङ्तानले साइलीमायालाई

जाँडमा बोक्सी लगाई दिएकी कारण बिरामी भएको हो भनी सोही विषयमा छलफल गर्नुपर्‍यो भनी पञ्च अन्तरे भन्ने रामबहादुर स्याङ्बोले मससमेतलाई मिति २०६७।२।१ को साँझ जाहेरवालाको घरमा बोलाई निजकै आदेशमा मसमेत देवमाया लामा, हरिबहादुर वि.क., साइलीमाया वि.क., रामबहादुर वि.क., प्रेमबहादुर स्याङ्तानले निरमायालाई केरकार गर्ने, कपाल काट्ने, सिस्नो लगाउने, दिसा पिसाब खुवाउने, कुटपिट गर्ने कार्य गर्दागर्दै भोलिपल्ट बिहान अं. ५ बजेको समयमा निरमायाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी जीवन मोक्तानले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

निरमाया स्याङ्तानले साइलीमायालाई जाँडमा बोक्सी लगाई दिएकी कारण बिरामी भएको विषयमा छलफल गर्नुपर्‍यो भनी पञ्च अन्तरे भन्ने रामबहादुर स्याङ्बोले मससमेतलाई मिति २०६७।२।१ गते साँझ जाहेरवालाको घरमा बोलाई निजकै आदेशमा देवमाया लामा, हरिबहादुर वि.क., साइलीमाया वि.क., राजकुमार वि.क., प्रेमबहादुर स्याङ्तान र मससमेतले निरमायालाई केरकार गर्ने, कपाल काट्ने, सिस्नो लगाउने, दिसा पिसाब खुवाउने, कुटपिट गर्ने कार्य गर्दागर्दै भोलिपल्ट मिति २०६७।२।२ को बिहान अं. ५ बजेको समयमा निरमायाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी जोगबहादुर स्याङ्तानले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

निरमाया स्याङ्तानले साइलीमायालाई जाँडमा बोक्सी लगाई दिएको विषयमा छलफल गर्नुपर्‍यो भनी पञ्च अन्तरे भन्ने रामबहादुर स्याङ्बोले मससमेतलाई मिति २०६७।२।१ को साँझ जाहेरवालाको घरमा बोलाएको र निजकै आदेशमा देवमाया लामा, हरिबहादुर वि.क., साइलीमाया वि.क., राजकुमार वि.क., प्रेमबहादुर स्याङ्तान र मससमेतले निरमायालाई केरकार गर्ने, कपाल काट्ने, सिस्नो लगाउने, दिसा पिसाब खुवाउने, कुटपिट गर्ने कार्य गर्दागर्दै भोलिपल्ट बिहान अं. ५ बजेको समयमा निरमायाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी इन्द्रबहादुर मोक्तानले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६७।२।१ को बेलुका अं.७ बजेको समयमा जाहेरवालाको घरमा मानिसहरू जम्मा भएको र हल्ला गरेको सुनी निजको घरमा जाँदा अन्तरे भन्ने रामबहादुर स्याङ्बो, अन्तरे भन्ने इन्द्रबहादुर मोक्तान, जीवन मोक्तान, जोगबहादुर स्याङ्तान, काजी भन्ने हरिबहादुर वि.क., साइलीमाया वि.क., राजकुमार वि.क., प्रेमबहादुर स्याङ्तान, देवमाया लामासमेतले निरमाया स्याङ्तानलाई बीचमा राखी घेरा हाली साइलीमायालाई बोक्सी लगाएको आरोप लगाई केरकार गरिरहेकोमा रोक्न खोज्दा रोक्न नसकी आफूलाई नै कुट्लान् भन्ने डरले घर गई भोलिपल्ट बिहान निज निरमाया मरिन् भनी गाउँमा हल्ला भएकोले जाँदा निजको मृत्यु भइसकेको देखी लासलाई सेतो कपडाले छोपेको र निजको माइती एवं प्रहरीमा खबर गरेको हो भन्ने सुकबहादुर घलान एवं निरमाया तामाङलाई अमानवीय तवरले ह्यामर, लाठी, हात, लात मुक्काले हानी, सिस्नुपानी लगाई, कपाल खौरी, दिसापिसाब खुवाई, कपाल काटी, रातभरी यातना दिई मारेका हुन् भन्ने सुनेको र घटनास्थलमा जाँदा ह्यामर, लाठी, दिसापिसाब घोलेको कचौरा, काटिएको कपाल, सिस्नुसमेत यत्रतत्र छरिएका, मृत शरीरभरी दिसापिसाब दलिएको अवस्थामा देखेको भनी सुकबहादुर घलान, युवराज लामा र दीपक योन्जनले गरेको घटना विवरण कागज।

प्रतिवादी काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा, देवमाया लामा र प्रेमबहादुर स्याङ्तानसमेतले निरमाया स्याङ्तानलाई बोक्सीको आरोपमा रातभरी विविध यातनासमेत दिई निजको शरीर थिलथिलो पारी टाउकोसमेतमा हम्मर, लाठीबाट गम्भीर चोट पुर्‍याई कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुर अपराध

गरेकोमा निज प्रतिवादीहरूलाई ऐ. को १३(३) नं. अनुसार सजाय गरिपाऊँ । प्रतिवादी पञ्च अन्तरे भन्ने रामबहादुर स्याङ्तानले सो वारदात घटाउन उक्साउने तथा आदेश वचन दिने कार्य गरी सोही महलको १ नं. अनुसारको कसुर गरेकोमा निज प्रतिवादीलाई ऐ. को १३(४) नं. अनुसार सजाय गरिपाऊँ । प्रतिवादी साइलीमाया विश्वकर्माले मृतक निरमायाको ज्यान मार्ने कार्यमा प्रथम शुत्राधार भई मुख्य भई बचन दिई सोही महलको १ नं. को कसुर अपराध गरेमा निजलाई ऐ. को १३(४) अनुसार सजाय गरिपाऊँ । प्रतिवादी इन्द्रबहादुर मोक्तान, जोगबहादुर स्याङ्तान र जीवन मोक्तानसमेतले मृतक निरमायालाई बोक्सीको आरोपमा घेरा हाली केरकार गरी निजको कपाल मुड्ने, सिस्नो लगाउने कार्यमा संलग्न भई निजको जिउमा हात हाली मार्नेमा संयोग पारी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुर अपराध गरेकोमा निज प्रतिवादीहरूलाई सोही महलको १३(४) नं. अनुसार सजाय गरी उल्लिखित सबै प्रतिवादीहरूले बोक्सीको आरोपमा मृतक निरमायालाई अमानवीय व्यवहार गरी निर्दयी र निर्मम एवम् क्रूर यातनासमेत दिई मुलुकी ऐन, अदलको महलको १० (ख) नं. को कसुर गरेकोमा सोही महलको १०ख नं. मा उल्लिखित सजायसमेत गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

मिति २०६७।२।१ मा म आमा समूहको बैठकमा गएकोमा निज निरमाया पनि सोही बैठकमा आएकी र निजले मलाई बोक्सी भनी मानिस जम्मा गर्ने भनी काजी भन्ने हरिबहादुर विश्वकर्माले भनेको छ, मसँग तपाई पनि जाउँ भनी मलाई घरमा लगेकी हो । निजको घरमा हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान, साइलीमाया विश्वकर्मा, रामबहादुर स्याङ्वो थिए । सबैजना जम्मा भई हरिबहादुर विश्वकर्माले निज निरमायाले मेरो श्रीमतीलाई विष दिएर बिरामी पारेकी हुँदा निजलाई के गर्ने भनी गाउँलेहरूलाई भनेपछि कसैले गाउँबाट निकाल्नुपर्छ भने, कसैले कपाल काटी छाडिदिनु पर्छ भने, हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तानले कैंची ल्याई निजको कपाल काटी दिए । हामीहरू हेरी बसिरह्यौं । निरमाया र निजको श्रीमान् पूर्णसिंह स्याङ्तान घरभित्र पसी आफैँ विष खाएपछि निजहरू छट्पटाउन थालेपछि सबै जम्मा भएका गाउँलेहरूले समाउन लाग्दालाग्दै पीडित मृतकको पिँढीको डिलमा टाउको ठोक्किई मृत्यु भयो । सो समयमा जीवन मोक्तान, जोगबहादुर स्याङ्तान, इन्द्रबहादुर मोक्तानसमेत उपस्थित थिए । मृतकको श्रीमान्लाई उपचार गरेपछि ठीक भएको हो । मैले कुटपिट गरेको, बोक्सी भनी अपशब्द बोलेको छैन । मार्ने कार्यमा मेरो संलग्नतासमेत नहुँदा अभियोगदाबीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी देवमाया लामाले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बयान ।

मिति २०६७।२।१ दिउँसो ५ बजेको समयमा म आफ्नो घरमा रहेको अवस्था निरमाया र निजको श्रीमान् मेरो घरमा आई तपाइँको श्रीमतीले निरमायालाई बोक्सीको आरोप लगाएको विषयमा छलफल गर्न हाम्रो घरमा जानुपर्‍यो भनी भनेपछि गएँ । निजको घरमा देवमाया, प्रेमबहादुर स्याङ्तान, राजकुमार विश्वकर्मा, साइलीमाया विश्वकर्मा थिए । बिहान ४:३० बजेतिर निरमाया र निजको श्रीमान्ले भित्र गई फारकम खाएपछि बाहिर निस्केपछि निज निरमाया बलेसीमा आई घोप्टो परेर बसेकीमा भैंसीको गोबर, तेल र नुन राजकुमार र म भएर समाएर ख्वाएको हो । उसको श्रीमान्लाई पनि खुवाएकोमा निजलाई निको भयो । काँटी, हम्मर, कैंची र लाठी मेरो छोरो राजकुमारले ल्याएको हो । कसैले चुटेन । मेरो श्रीमती २०६६ साल कार्तिकदेखि बिरामी परेकी थिइन् । मेरो श्रीमतीले निरमायालाई बोक्सीको आरोप लगाएको विषयमा छलफल भएको हो । निरमायाको कपाल देवमायाले समाती मैले काटेको र देवमायाले निजको

कपाल समाती पटकपटक जमीनमा टाउको ठोक्काई दिएको एवं सिस्नु लगाएको हो । बोक्सी हो कारवाही गर्नुपर्छ भनी सुरूमा रामबहादुर स्याङ्बोले भनेको हो । श्रीमती बिरामी पर्दा बिसेक नभएपछि बोक्सी लगाएको भन्नेमा विश्वास भयो र बोक्सी कबोल गर्दछन् कि भनेर हम्मरसमेत लगेको हो, कुटपिट गरेको छैन । निज निरमायाले मेरो श्रीमतीलाई बोक्सी लगाई दिएको हो । मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी काजी भन्ने हरिबहादुर विश्वकर्माले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बयान ।

मिति २०६७।२।१ मा निरमायाले गाउँको मानिसहरू भेला जम्मा गरेको र मेरो आमासमेतलाई बोलाउनु भएकोमा मेरो आमालाई जाँडमा सेतो पाउडर मिसाएको हो भनी भनिन् र हामीले यो विष खाएको भए सोही बेलामा असर गर्नुपर्ने हो । अहिले किन पेट दुखेको भनी भन्दा निज आवेशमा आई मैले भेदेर यस्तो गरेको भनी भनेपछि यो बोक्सी हो, बोक्सीलाई चुल्ठो काटेपछि बोक्सी लाग्दैन भनेपछि देवमाया लामाले चुल्ठो समाई कैंची लिई चुल्ठो काट्न लागेपछि मैले, मेरो बुबा हरिबहादुर विश्वकर्मा र प्रेमबहादुर स्याङ्तानले निजको कपालको चुल्ठो काटी दियौं । सो बखत जीवन मोक्तान, जोगबहादुर स्याङ्तान, इन्द्रबहादुर मोक्तान, रामबहादुर स्याङ्बोसमेत गाउँका धेरै मानिससमेत थिए । कपाल काटिसकेपछि निज निरमाया भित्र गई विष सेवन गरी बाहिर आई घोप्टो परी बसिन् । केही बेरमा उठी आफैँ लडेको हुँदा मसमेतले दही, गोबर, तेल मिसाई विष काट्न भनी खान दियौं । केहीबेर पछि निजको मृत्यु भयो । निजलाई कसैले पनि पिट्ने, मलमूत्र ख्वाउने कार्य गरेनन् । निज आफैँ विष सेवन गरी मरेकी हुन् । कैँची कपाल काट्न ल्याएको हो, हतौडी र किला तर्साउन ल्याएको हो । गाउँलेहरूले बोक्सी भनेपछि आफैँ विष सेवन गरी मरेकी हुँदा अभियोग मागदाबीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी राजकुमार विश्वकर्माले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बयान ।

मिति २०६७।२।१ बेलुका ६ बजेको समयमा म आफ्नो घरमा रहेको अवस्था, निरमाया र निजको श्रीमान् मेरो घरमा आई तपाईँले मलाई बोक्सी भन्नुभयो रे, सो विषयमा छलफल गर्न मेरो घरमा जाउँ भनी भनेबाट म त्यहाँ जाँदा मेरो श्रीमान्, मेरो छोरा राजकुमार, देवमाया लामा, प्रेमबहादुर स्याङ्तान, जीवन मोक्तान, जोगबहादुर, इन्द्रबहादुर मोक्तान, पञ्च अन्तरे भन्नेसमेत थिए । त्यहाँ भेला भएकामध्ये देवमाया लामा र प्रेमबहादुर स्याङ्तानले यो बोक्सी हो भनी मृतक निरमायाको कपालमा समाई भुइँमा पछारी दिएको र निजको कपालसमेत काटिदिएको हो । सिस्नोले देवमायाले एकपटक हिर्काएको हो । म निरमायाको घरको अलि पर बसेर हेरिरहेको थिएँ । रामबहादुर स्याङ्बोले निरमायाले बोक्सी लगाएको भन्नु भनी मलाई सिकाएको भएपनि मैले भनिन । कुटपिट गरेको हो, देवमायाले चुल्ठोमा समाई झार्दाखेरी लडेको हो । मैले कुट्नु हुँदैन भनेको हो । बिरामी भएको कारण छुटाउन जान सकिन । निरमाया र निजको श्रीमान् घरभित्र पसी मेटासिट खाई बाहिर निस्किए । त्यसपछि घोप्टो परेर बलेंसीमा निरमाया बसेकीले विष काट्नको लागि तेल, नुन, साबुन ख्वाएको देखेँ । अरूले के के ख्वाए मैले देखिन, म परै थिएँ । निको नभएपछि निरमायाको मृत्यु भएको हो । निजको श्रीमान्लाई निको भयो । निजलाई कुटपिट गरेको छैन, दिसा पिसाब ख्वाएको याद गरिनँ । मलाई सजाय हुने नहुने के हो थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी साइलीमाया विश्वकर्माले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बयान ।

मिति २०६७।२।१ मा आमा समूहको बैठक थियो । रामबहादुर स्याङ्बोले निरमायाले साइलीमाया विश्वकर्मालाई भेद हालेर दिएको र सो विषयमा छलफल गर्नु पर्‍यो भनेपछि निरमाया र निजको श्रीमान भई साइलीमायालाई बोलाई ल्याई गाउँलेहरूले सोध्दा

जाँडमा यो औषधी दिएको भनी १ पोका सेतो पाउडर ल्याउनुभयो । सोही विषयमा वादविवाद हुँदा देवमाया लामाले यो बोक्सीलाई चुल्ठो काट्नुपर्छ कपालको चुल्ठोमा समाई आँगनमा ल्याएपछि ल काट भनी कैंची दिएको हुँदा मैले चुल्ठो काटेँ । त्यसपछि हरिबहादुर विश्वकर्मा र राजकुमार विश्वकर्माले कपाल काटेपछि देवमाया लामाले मृतकलाई सिस्नोको मुठोले शरिरभित्र कपडा उठाई लगाइन् । मृतक रोई कराएको अवस्थामा निज देवमायाले मानिसको दिसा पिसाब घोलेर मृतकको मुखमा खुवाइन् । मृतकले नमानेपछि मृतकको शरीरमा खन्याई दिएकी हुन् । जीवन मोक्तान, जोगबहादुर स्याङ्तान, इन्द्रबहादुर मोक्तानसमेत थिए तर छुटाउन प्रयास गरेनन् । साइलीमाया पर थिइन् । मृतकलाई कुटपिट गरेको छैन । सिस्नो लगाएपछि भित्र पसी विष सेवन गरी मुख छोपी बाहिर आइन् । हामीहरूले निजलाई बचाउनको लागि साबुनपानी, तेल, गाईको गोबरसमेत खुवाई बान्ता गराउन कोसिस गर्दा-गर्दैको अवस्थामा निजको मृत्यु भएको हो । मृतकलाई कुटपिट गरी मारेको होइन । ह्यामर, काँटी, सिस्नु र दिसापिसाब मैले र राजकुमारले ल्याएको हो । मैले कपाल काट्ने कामसम्म गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेमबहादुर स्याङ्तानले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बयान ।

मिति २०६७।२।१ बेलुका ५ बजेतिर म समूहको ऋण तिर्न भनी सोही गाउँको स्कुलमा गई ऋण तिरिसकेपछि निरमायाको घरमा छलफल गर्नुछ भनी जाहेरवाला पूर्णसिंहले भने । के को छलफल भन्दा साइलीमाया विश्वकर्माले मेरो श्रीमतीलाई बोक्सी भनी भनेकी छिन्, जाउँ भनी भनेपछि म, जोगबहादुर स्याङ्तान, इन्द्रबहादुर मोक्तानसमेत गई हेर्दा गाउँको अन्य मानिसहरूसमेत भेला भएका रहेछन् । साइलीमाया विश्वकर्मासमेत आएपछि निरमायालाई साइलीमाया विश्वकर्माले मलाई औषधी हाली खान दिएको हुँदा बिरामी भएको भनी भनेपछि गाउँलेहरूले के औषधी हालिदिएको भनी सोधपुछ गर्दा निजले केही पनि नभनेपछि देवमायाले मृतकको कपालमा समाई भुइँमा टाउको ठोक्काई दिई यो बोक्सी हो, यसको चुल्ठो काट भनेपछि मैले मानिसलाई त्यस्तो अमर्यादित काम गर्न हुन्न भन्दा मलाई तँ पनि बोक्सीपट्टिको मानिस होस् भनी राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान, हरिबहादुर विश्वकर्माले भनेपछि कैंची ल्याई देवमायाले कपालको चुल्ठो समाउने, हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा र प्रेमबहादुर स्याङ्तानले कपाल काटी सिस्नु लगाइदिए र मानिसको दिसापिसाब घोली शरीरमा खन्याई दिए । सो समयमा साइलीमाया अलि पर बसिरहेकी थिइन् । जोगबहादुर स्याङ्तान, इन्द्रबहादुर मोक्तानसमेत उक्त समयमा थिए । रातको समय हुँदा म, इन्द्रबहादुर र जोगबहादुर घर जाउँ भनी घर गयौं । त्यहाँ देवमाया लामा, हरिबहादुर विश्वकर्मा, साइलीमाया विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान तथा निरमाया र निजको श्रीमान् पूर्णसिंह स्याङ्तान मात्र थिए । भोलिपल्ट बिहान ६ बजेतिर मात्र निरमायाको मृत्यु भयो भन्ने सुनेको हुँ । मैले मृतकलाई कुटपिट गरेको, मार्नुपर्छ भनेको होइन, मलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी जीवन मोक्तानले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बयान ।

मिति २०६७।२।१ का दिन गाउँमा बचत समूहको बैठक थियो । त्यस बैठकमा निरमाया र निजको श्रीमान्ले हरिबहादुर विश्वकर्माको श्रीमती साइलीमाया विश्वकर्माले बोक्सीको आरोप लगाएकोले सो विषयमा छलफल गर्नुपर्‍यो भनी गाउँको समूहमा भेला भएका मानिसहरूलाई भनी हरिबहादुरको श्रीमती, हरिबहादुर, निजको छोरा एवं थुप्रै गाउँलेहरूसमेत भई निरमायाको घरमा सो विषयमा छलफल भयो । हामी प्रतिवादी बनाइएका मध्ये म, जीवन, साइलीमाया, हरिबहादुर वि.क., राजकुमार वि.क., देवमाया लामा, प्रेमबहादुर स्याङ्तान, इन्द्रबहादुरबाहेक अरू एकदुई घण्टा बसी

घर गए । यो बोक्सी हो भनी देवमायाले निरमायाको कपाल समाती लडाएको र प्रेमबहादुर, हरिबहादुर विश्वकर्मा, राजकुमारले निरमायाको कपाल काटिदिएको हो । मैले यस्तो गर्न हुँदैन भन्दा मानेनन् । मृतकलाई मैले कुटपिट गरेको छैन, सिस्नोपानी लगाएको पनि देखिन। राति २/३ बजेको समयमा मृतक निरमायालाई लडाई देवमाया, हरिबहादुर, प्रेमबहादुर र राजकुमारले कपाल काटेर शरीरभरी दिसा छरिदिएपछि निज निरमाया पानी खान्छु भनी घरभित्र जाँदा घरभित्रबाट विष सेवन गरी मुखमा कपडाले छोपेर बाहिर पिँडीमा आई बसेपछि निजले विष खाएको हो भनेर हरिबहादुर, राजकुमार र प्रेमबहादुरले गोबर, तेल, नुन, दही खुवाई दिएको हो। बिहान ४/५ बजेको समयमा निरमाया त्यहीं मरेको हो, कुटपिट गरेको होइन। मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी जोगबहादुर स्याङ्तानले सुरू मकवानपुर जिल्ला अदालत गरेको बयान।

मिति २०६७।२।१ मा निरमायाले साइलीमाया विश्वकर्मालाई भेद गरी बिरामी भएकोसम्बन्धमा छलफल गर्न भनी गाउँलेहरू जम्मा भएको हुँदा म पनि गएको थिएँ। बोक्सी भनी निरमायालाई बकाउन भनी गाउँलेहरूले छलफल गरिरहँदा देवमायाले मृतकलाई चुल्ठोमा समाई भुइँमा निहुराई हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तानले कपाल काटिदिएपछि निजहरू चारजनाले मानिसको मलमूत्र खुवाई सिस्नोसमेत लगाई दिए। म पछाडि उभिरहेको थिएँ। मैले मानिस मर्न सक्छ, नकुट, यस्तो सिस्नु लगाउने, दिसा ख्वाउने काम राम्रो होइन भनी भन्दा निजहरूले मलाई तँ पनि बोक्सीको मान्छे होस् भनी कराएको हुँदा म घरमा गएँ । जीवन, इन्द्रबहादुर, रामबहादुर स्याङ्बो पनि थिए। भोलिपल्ट निरमायाको मृत्यु भयो भन्ने कुरा सुनी थाहा पाएको हो। आई हेर्दा बुझ्दा निज आफैँ विष खाई मरेको भनी भन्थे । मैले निजलाई कुटपिट गरेको, बोक्सी भनेको, मार्न आदेश दिएकोसमेत नहुँदा अभियोग मागदाबीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी इन्द्रबहादुर मोक्तानले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बयान।

मेरो श्रीमतीलाई बोक्सीको आरोप लगाई पहिला देवमायाले कपालमा समाती मुन्ट्याई, घोक्र्याई पिटेको, त्यसपछि हरिबहादुर विश्वकर्माले सिस्नुपानी लगाएर हानेको र दिसा ल्याई घोलेर देवमायाले ख्वाएको, हरि विश्वकर्माले कपाल काटी राजु विश्वकर्मा, प्रेमबहादुर स्याङ्तानसमेतले कपाल मुन्डन गरी दिएको, प्रेमबहादुरले पनि दिसा पिसाब ख्वाएको, साइलीमायाले बोक्सीको आरोप लाएको हो। त्यसपछि मेरो श्रीमती निरमाया बेहोस भएको, म पनि बेहोस भएछु । बोक्सीको आरोपमा कुटपिट भएर मृत्यु भएको हो भन्नेसमेत व्यहोराको जाहेरवाला पूर्णसिंह स्याङ्तानले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बयान।

मृतकलाई बोक्सीको आरोप लगाई मानव मलमूत्र खुवाई सिस्नु लगाई, कपाल काटी, कुटपिटसमेत गरी हाल थुनामा रहेका प्रतिवादीहरूले कर्तव्य गरी मारेको भन्ने कुरा सुनेर जाँदा घटनास्थलमा सिस्नुको थुप्रो, दिसा पिसाबले मुखभरी लेपी दिएको, लाठीहरू पनि थियो । मृतकको मृत्यु भइसकेको थियो, कपाल काटिएको, टाउको, हात, पाखुरामा निलडाम रहेको र मुखबाट रगत बगिरहेको थियो । मृतकलाई प्रतिवादी देवमाया, हरि विश्वकर्मा, साइली विश्वकर्मासमेतका ५ जना मानिसहरू मिली कुटपिट गरी दिसापिसाब ख्वाई बेहोस बनाई मृत्यु भइसकेको रहेछ भन्नेसमेत व्यहोराको घटना विवरणमा कागज गर्ने मानिसहरू दिपक योन्जन र सुनमाया घलानले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको छुट्टाछुट्टै बकपत्र।

प्रतिवादी साइलीमाया विश्वकर्मा पहिलादेखि नै बिरामी भएकी थिइन् । जाहेरवालाको श्रीमतीलाई बोक्सीको आरोप लगाएको विषयमा छलफल भयो ।

सबै समूहका मानिसहरू थिए, देवमायाले मृतकलाई मानव मलमूत्र ख्वाएकी थिइन् । साइलीमाया विश्वकर्मा, इन्द्रबहादुर मोक्तानसमेतले यस्तो मलमूत्र ख्वाउने, कुटपिट गर्नु हुँदैन भनेका थिए । मृतकको मृत्यु २०६७।२।१ को भोलिपल्ट बिहान ६ बजेतिर भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी साइलीमाया विश्वकर्मासमेतका साक्षी माइलीमाया स्याङ्तानले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी जीवन मोक्तान निर्दोष हुँदा अभियोगदाबीबाट सफाई पाउनु पर्दछ । बोक्सीको आरोपमा छलफल हुँदा निज आएका रहेछन्। निजले कसैलाई केही भनेका र केही गरेको मैले देखिन भन्नेसमेत व्यहोराको प्रतिवादी जीवन मोक्तानका साक्षी सुकबहादुर घलानले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

म घटनास्थलमा थिएन । प्रतिवादी हरी र राजकुमारले आरोपित कसुर गरे नगरेको विषयमा मलाई थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी काजी भन्ने हरिबहादुर विश्वकर्मासमेतका साक्षी गणेश विश्वकर्माले सुरू अदालतमा गरेको बकपत्र।

जोगबहादुर छलफलमा गएको मात्र हो। उसले मृतकलाई केही पनि गरेको छैन। सफाई पाउनुपर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी जोगबहादुर स्याङ्तानको साक्षी वीरबहादुर स्याङ्तानले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

प्रेमबहादुरले निरमायाको कपालसम्म काटिदिएको हो, उसले मारेको होइन, सफाई पाउनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेमबहादुर स्याङ्तानका साक्षी रामबहादुर स्याङ्तानले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरू जोगबहादुर स्याङ्तान, जीवन मोक्तान र प्रेमबहादुर स्याङ्तानलाई जाहेरवालाले बोक्सी भनेको सम्बन्धमा छलफल गर्न बोलाएकोमा घटनास्थलमा गई कुरा सुनेर बसेको हो। प्रेमबहादुरले कपालसम्म काटेको हो। हातपात कुटपिट नगरेकोले सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी जीवन मोक्तान, प्रेमबहादुर स्याङ्तान, जोगबहादुर स्याङ्तानका साक्षी सूर्यबहादुर स्याङ्तानले सुरू मकवानपुर जिल्ला अदालतमा गरेको बकपत्र।

फरार प्रतिवादी पञ्च अन्तरे भन्ने रामबहादुर स्याङ्बोका हकमा अ.बं. १९० नं. बमोजिम मुल्तबीमा राखिदिएको छ । प्रतिवादीहरू मध्ये देवमाया लामा, हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा र प्रतिवादी प्रेमबहादुर स्याङ्तानको हकमा अभियोग दाबीअनुसारको कसुर अपराध गर्नमा सक्रिय संलग्नता रहेको प्रमाणबाट पुष्टि हुन आएकोले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं.अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर्छ । अर्का प्रतिवादी साइलीमाया विश्वकर्मालाई ज्यानसम्बन्धीको १ नं. र १३ (४) नं. अनुसारको कसुर गरेको प्रमाणित हुन आएकोले सोही ऐनको १३(४) नं. अनुसार जन्मकैद हुने ठहर्छ। अन्य प्रतिवादीहरू जीवन मोक्तान, जोगबहादुर स्याङ्तान र इन्द्रबहादुर मोक्तानको हकमा घटनास्थलमा उपस्थित रहेको तथ्यमा समर्थित भएको तर अरू कुरा केही नगरी हेरिरहेको भन्ने पुष्टि हुन आएकोले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ (३) नं. अनुसार जनही १ वर्ष ८ महिना कैद सजाय हुने ठहर्छ। प्रतिवादीहरू मध्येका देवमाया लामा, काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान र साइलीमाया विश्वकर्मालाई अदलको १०ख नं. मा उल्लिखित कसुरसमेत गरेको कारणबाट मृतकको मृत्यु भएको देखिएको हुँदा प्रतिवादीहरू मध्येका देवमाया लामा, काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान र साइलीमाया विश्वकर्मालाई सोही अदलको महलको १०ख नं. बमोजिम जनही २ वर्ष कैद र रू. २५,०००।- जरिवानासमेत हुने

ठहर्छ । अन्य प्रतिवादीहरू जोगबहादुर स्याङ्तान, जीवन मोक्तान र इन्द्रबहादुर मोक्तानलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम सजाय हुने ठहर भएको परिप्रेक्ष्यमा अदलको १०ख नं. को अभियोगदाबी पुग्न सक्दैन भन्नेसमेत व्यहोराको सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६८।१०।२ मा भएको फैसला।

प्रस्तुत मुद्दामा आरोप लगाइएको म प्रतिवादीले मार्न वचन दिएको मिसिलमा कहीँकतैबाट नदेखिएको परिप्रेक्ष्यमा तथ्य, प्रमाण, कानून र नजिरसमेत नहेरी प्रमाण ऐन, २०३१ को दफा ३, ५४ तथा मुलुकी ऐन, अ.बं. १८४ नं., १८५ नं. समेतको व्यवस्थाविपरीत गरिएको फैसला उल्टी गरी अभियोगदाबीबाट सफाई दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी साइलीमाया विश्वकर्माको पुनरावेदन पत्र।

सुरू मकवानपुर जिल्ला अदालतबाट प्रमाणको सही मूल्याङ्कन नगरी, वादी पक्षले प्रमाणको भार पूरा नगरेको अवस्थामा पनि मलाई आरोपित कसुरमा बिना आधार सर्वस्वसहित जन्मकैद र थप २ वर्ष कैद तथा रू. २५,०००।- जरिवानासमेत हुने ठहर्‍याएको फैसला संविधान, कानून, नजिर र न्यायका मान्य सिद्धान्तसमेतको प्रतिकूल भई त्रुटिपूर्ण हुँदा बदर गरी अभियोगदाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी हरिबहादुर विश्वकर्माको पुनरावेदन पत्र।

प्रतिवादी जीवन मोक्तान, जोगबहादुर स्याङ्तान र इन्द्रबहादुर मोक्तान अभियोग दाबीअनुसारका कसुरदार हुन् भनी गडाउ गर्ने प्रमाण सह-अभियुक्तको पोल, सुनमायासमेतको मौकाको कागज र बकपत्र, मौकाको साबिती बयान आदिहरूबाट पुष्टि भइरहेको तथ्यलाई नहेरी प्रतिवादीको कसुरबाट बच्ने उद्देश्यले गरिएको इन्कारी बयानमा भर गरी कर्तव्य ज्यानको कसुरमा कम सजाय गरी गरेको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । यसैगरी यी उल्लिखित प्रतिवादीहरूलाई अदलको महलको १०ख नं. को कसुरबाट सफाई दिएको फैसला विरोधाभाषपूर्ण रहनुको अलावा अदलको १०ख नं. को कसुरमा यी प्रतिवादीहरूको संलग्नता पुष्टि गर्ने प्रमाणहरू (जाहेरी दरखास्त र जाहेरवालाको बकपत्र) सबै प्रतिवादीहरूको मौकाको साबिती बयान, मौकामा कागज गर्ने तथा घटना विवरण मुचुल्काका मानिसहरूको भनाई एवं बकपत्र, जाहेरवालाको घाजाँच केस फाराम, घटनास्थल एवं लास प्रकृति मुचुल्का आदितर्फ नहेरी, लाग्ने प्रमाण नलगाई प्रमाण ऐन, २०३१ को दफा ८, १०, १८ र ५४ को त्रुटि गरी भएको फैसला यी प्रतिवादीहरूका हकमा बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन पत्र।

अभियोगमा उक्साउने तथा आदेश दिनेमा रामबहादुर स्याङ्बो हो भन्ने दाबी छ । निजमाथिको अभियोग मिसिलबाट प्रस्ट छ। मैले कुनैपनि कार्य गरी ज्यान मार्नमा सहयोग पुर्‍याएको छैन। यस्तो अवस्थामा सुरूले म आमा समूहको महिलाउपर आकृष्ट नहुने दाबी लिई मलाई अन्य प्रतिवादीसरह राखी ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय तथा मुलुकी ऐन, अदलको १०ख नं. बमोजिमको कुनैपनि कसुर मबाट नभएको हुँदा उक्त ऐनबमोजिमसमेत मलाई सजाय भएको ठहर फैसला बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी देवमाया लामाको पुनरावेदन पत्र।

मेरो प्रहारले नै निरमायाको मृत्यु भएको ठहर भएको फैसलामा मेरो बिमती हो । निजलाई मार्नको लागि म पुनरावेदकले कुनैपनि हतियार प्रयोग गरेको छैन। मेरै प्रहारबाट निजको मृत्यु भएको भनी निष्कर्षमा पुग्ने कुनैपनि प्रमाण मिसिलमा छैनन्। जाहेरवालाले सो घटनाका बारेमा प्रस्ट उल्लेख गरी पुष्टि गर्न नसकेको हुँदा सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसला नमिलेको हुँदा बदर गरी सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजकुमार विश्वकर्माको पुनरावेदन

पत्र।

म प्रतिवादीको प्रस्तुत मुद्दाको वारदातको कुन कार्यले गर्दा निरमायाको मृत्यु भएको हो भन्ने कुरा उल्लेख छैन । मार्ने कार्यमा मैले खेलेको भूमिका नै प्रस्टरूपमा उल्लेख नगरी सगोलमा दाबी गरिएको अभियोगबमोजिमको सजाय हुने अवस्था हुँदैन । जाहेरवालाले जाहेरी दिँदाको अवस्थामा म पुनरावेदकको नाम विरूद्ध खण्डमा उल्लेखसम्म गरेको कारणले मात्र सो जाहेरी किटानी हुने भन्ने हुँदैन। सो हुनको लागि किटानी जाहेरीमा नाम उल्लेख भएको व्यक्तिले सो घटना वारदातमा के कुन कार्य गरी निरमायालाई मार्ने कार्य गरेँ सो कुनैपनि कुरा उल्लेख नभएको हुँदा सो जाहेरीलाई किटानी भनी फैसला गर्न मिल्ने अवस्था हुँदैन । जाहेरवालाको जाहेरी र सोअनुसारको बकपत्रलाई किटानीको संज्ञा दिई मलाई सजाय गर्न मिल्ने अवस्था नभएकोले सुरू फैसला बदर गरी सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेमबहादुर स्याङ्तानको पुनरावेदन पत्र।

यसमा प्रतिवादीहरू जीवन मोक्तान, जोगबहादुर स्याङ्तान र इन्द्रबहादुर मोक्तानसमेतले मौकामा बयान गर्दा आफूसमेत भई मानिस बोलाई वारदातस्थलमा निरमायाको मृत्यु हुँदाको अवस्थासम्म उपस्थित रहेको, तर बोक्सीको आरोपमा निजलाई यातना दिने कार्य रोक्न कुनै प्रयास नगरेको र मृत्यु भइसकेपछि वारदातस्थलबाट भागी गएको भन्नेसमेतको व्यहोरा खुलाई बयान गरेको देखिएको, आफूसमेत आरोपित कसुरमा साबित भई बयान गर्ने अन्य प्रतिवादीहरू देवमाया लामाको मौकाको बयानको स.ज. २०, काजी भन्ने हरिबहादुर विश्वकर्माको मौकाको बयानको स.ज. २०, काजी भन्ने हरिबहादुर विश्वकर्माको मौकाको बयानको स.ज. ९, प्रतिवादी प्रेमबहादुर स्याङ्तानको मौकाको बयानको स.ज. २०, प्रतिवादी राजकुमार विश्वकर्माको मौकाको बयानको स.ज. २१ मा उल्लिखित व्यहोराले जीवन मोक्तान, जोगबहादुर स्याङ्तान र इन्द्रबहादुर मोक्तानसमेतको संलग्नता देखिएको, प्रतिवादीहरू देवमाया लामा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान, जीवन मोक्तान, जोगबहादुर स्याङ्तान र इन्द्रबहादुर मोक्तानसमेतको अदालतसमक्ष भएको बयानको स.ज. ३ मा उल्लिखित व्यहोरासमेतबाट सबै प्रतिवादीहरूको संलग्नता देखिएकोमा निज प्रतिवादीहरू जोगबहादुर, इन्द्रबहादुर र जीवन मोक्तानउपर मुलुकी ऐन, अदलको १०ख नं. को अभियोगदाबी नपुग्ने र निजहरूलाई ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम मात्र सजाय हुनेसमेत ठहर्‍याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६८।१०।२ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्नसक्ने देखिँदा प्रत्यर्थी झिकाउनु भन्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।९।३ को आदेश।

प्रत्यर्थी प्रतिवादीहरू जीवन मोक्तान, जोगबहादुर स्याङ्तान र इन्द्रबहादुर मोक्तानसमेतले पुनरावेदन अदालत, हेटौंडामा पेस गरेको लिखित प्रतिवाद पत्र मिसिल संलग्न रहेको।

प्रतिवादी साइलीमाया विश्वकर्मालाई ज्यानसम्बन्धी महलको १३(४) नं. तथा अदलको १०ख नं. बमोजिम र प्रतिवादी जोगबहादुर स्याङ्तान, जीवन मोक्तान र इन्द्रबहादुर मोक्तानलाई ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम सजाय गर्ने गरी भएको फैसला मनासिब नै देखियो। प्रतिवादीहरू देवमाया लामा, काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा र प्रेमबहादुर स्याङ्तानलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको सो हदसम्म मकवानपुर जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भई प्रतिवादीहरू देवमाया लामा, हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा र प्रेमबहादुर स्याङ्तानलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद र अदलको १०ख नं. ले दुई वर्ष कैद र रू.

२५,०००।– जरिवानासमेत हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।११।२२ को फैसला।

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी पक्षले शंकारहित रूपमा निर्विवादित ठोस सबुद प्रमाणबाट अभियोग दाबी पुष्टि गर्न सकेको छैन । प्रस्तुत मुद्दामा वादी पक्षले म प्रतिवादीउपर ज्यानसम्बन्धी महलको १ र १३(३) को अभियोग लगाएपनि निरमायासँग म प्रतिवादीको ज्यानै मार्नुपर्ने सम्मको रिसइवी रहेको तथा मार्नेसम्मको कार्य गरेको हो भनी तथ्ययुक्त र विश्वसनीय तवरबाट प्रमाण गुजार्न सकेको छैन।मिसिल संलग्न कागजातहरूबाट अधिकारप्राप्त अधिकारीसमक्ष गराइएको बयानलाई समर्थन र पुष्टि नभएको अवस्थामा प्रमाणमा ग्रहण गर्न मिल्दैन । जाहेरवालाले आफूउपर लागेको लाञ्छना सहन नसकी आफैँ गाउँ समाजका व्यक्तिहरू बोलाई छलफल गराएको र छलफलबाट केही नभएपछि प्रतिवादीहरूले कायल गराउन यातना दिएको भन्ने व्यहोरा उल्लेख गरी कारवाही गरिपाउँ भन्ने सुरू जाहेरी व्यहोराबाटै देखिन्छ । केवल जाहेरीकै व्यहोराअनुसार घटनामा उपस्थित रहेको कारण मात्र दर्साइएको शंकाजन्य अभिव्यक्तिले मात्र ज्यान जस्तो गम्भीर अपराधमा दोषी कायम गर्न मिल्दैन । प्रति व्यक्ति प्रति प्रमाण एवं प्रत्यक्ष प्रमाणको अभावमा अनुमानित कथाको श्रृङ्खलाले मात्र दोषी करार गर्ने आधार बन्न सक्दैन भने घटना घटेको तथ्य पुष्टि हुँदैमा अभियुक्तको कसुर प्रमाणित पनि हुन सक्दैन । प्रस्तुत मुद्दामा अन्तरिम संविधानले प्रत्याभूत गरेका पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने र आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्न पाउने एवं असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा पाउने हक म पुनरावेदकले अनुसन्धानको सिलसिलामा चरणमा उपभोग गर्न नपाएको अवस्था छ।

सहअभियुक्तको पोल बयान र अनुसन्धान अधिकारीसमक्षको गैरन्यायिक साबितीबाहेक म पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेको देखिने कुनैपनि सबुत प्रमाण मिसिल संलग्न छैन । त्यसैगरी म पुनरावेदक प्रतिवादीको विरूद्ध बयान दिने सह-अभियुक्तलाई जिरह गर्न पाएको छैन । प्रमाण ऐन, २०३१ को दफा १० र ३७(२) अनुसार घटना घटदा घटनास्थलमा उपस्थित नरहेका घटनाको बारेमा पछि थाहा पाएका व्यक्ति सुकबहादुर घलान र दिपक योञ्जनसमेतको भनाई प्रमाणमा ग्रहण गर्न मिल्दैन । जाहेरवाला पूर्णसिंह स्याङ्तानले अदालतको बकपत्रमा समेत म प्रतिवादीको कसुर कायम हुनसक्ने कथन छैन। त्यसैगरी लोकलाजका कारण जाहेरवाला र निरमायाले घरभित्र प्रवेश गरी विषजन्य वस्तु सेवन गरेका कारण मृत्यु भएको भनी भन्नुका साथै जाहेरवालाले अदालत बकपत्रमा समेत आफू ३ घण्टासम्म बेहोस भएका भन्ने कथनबाट मृत्यु शारीरिक हस्तक्षेपको कारण हो वा विष सेवनबाट भएको भन्ने शंकास्पद अवस्थामा मृत्युको कारण यकिन नै नगरी लास परीक्षण गर्ने चिकित्सकलाई बुझ्दै नबुझी मलाई आरोपित कसुरमा बिना आधार सर्वस्वसहित जन्मकैद र अदलको महलको १०ख नं. बमोजिम २ वर्ष थप कैद र रू. २५,०००।– जरिवाना ठहर गर्ने गरी भएको फैसला र सो फैसलालाई केही उल्टी (जन्मकैद) र थप कैद र जरिवाना गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी हरिबहादुर वि.क. को पुनरावेदन पत्र।

म पुनरावेदकले आफूलाई लगाइएको अभियोगमा पूर्णरूपमा इन्कार रही बयान गरेको छु । घटनामा मेरो संलग्नता देखिने ठोस सबुद प्रमाण रहेको अवस्था छैन । मेरो मौकाको बयान मैले भनेबमोजिम लेखिएको होइन । मैले कसुर अपराधमा साबित भएर गरेको भनेको बयानमा समेत म आफूले निरमायालाई मार्नको लागि यस किसिमको भूमिका खेलेको थियो

भन्ने कुरा खुलेको छैन । कुनै अन्य प्रतिवादीसमेतले सो कुरा देखाउन सकेको छैन। मृतक निरमायाको पति जाहेरवालाले जाहेरीमा अभियोजित कसुर अपराधमा मेरो के कस्तो संलग्नता थियो भनी उल्लेख गर्न सकेको अवस्था छैन। जाहेरवालाको सुरू अदालतमा गरेको बकपत्रमा राजु वि.क. ले कपाल काटीदिएको देखेको हो सो पछि म बेहोस भएकोले त्यसपछि के के भयो थाहा भएन भनी उल्लेख गरेको अवस्था छ। मेरो घटनास्थलमा भएको उपस्थितिको कुराले मात्र मलाई सजाय हुने अवस्था हुँदैन । घटना सम्बन्धमा केही कुराहरूको बारेमा स्वीकार गर्नु र उल्लेख गर्नु मात्रले अभियोजित सबै कुरा साबित भएको भनी मान्न मिल्ने अवस्था हुँदैन । हामी अत्यन्त सामान्य चेतनास्तर भएका मानिसहरू हौं । अझ पनि हाम्रो समाजमा भूतप्रेत र बोक्सी जस्ता कुरामा विश्वास गरी आएको विद्यमान सामाजिक अवस्थाको परिप्रेक्ष्यमा घटना घटेको छ । म पुनरावेदकले निरमायालाई मार्नुपर्ने कुनैपनि कारण, अवस्था, रिसइवी, मनसाय र योजना रहे भएको अवस्था छैन । घटनाको बारेमा भएको आफ्ना कुराहरू सत्य तथ्यरूपमा राख्नाले सजाय हुने अवस्था भएको छ । सहअभियुक्त साइलीमाया वि.क. पोललाई फैसलाको आधार बनाइएको सम्बन्धमा मेरो आमा निज साइलीमाया वि.क. बिरामी भएको कारण वारेमा निज निरमाया रहेको भन्ने भ्रम र अन्धविश्वासको जड कारणबाट सबै मिली छलफल गर्ने क्रममा बोक्सी बकाउने प्राचिनतम पद्धतिअनुरूप घटना भएको अवस्था निरमायाको मृत्यु भएको कुरालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ नं. अनुसार भवितव्य कसुर आकर्षित हुनुपर्ने हो । मुद्दाको अनुसन्धानको क्रममा बुझिएका मानिसहरू मृतकको आमा सुनमाया घलानले आफू घटनाको प्रत्यक्षदर्शी नभएकी भनी र मौकामा कागज गर्ने दिपक योन्जनले पनि सोहीअनुसारको कागज गरेको र अन्य मौकामा बुझिएका मानिसहरू अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्थासमेत नहुँदा सो प्रमाणलाई मेरो विरूद्धमा लिन मिल्ने हुँदैन। मेरो साक्षी सूर्यबहादुर स्याङ्तानले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट मेरो इन्कारीलाई समर्थन गरेको अवस्था छ । अदलको १०ख ले २ वर्ष कैद र रू. २५,०००।– जरिवानासमेत हुने ठहर्‍याएको सुरू फैसलालाई विवेचना नगरेको पुनरावेदन अदालतको फैसला मिलेको नहुँदा उल्टी गरी पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजकुमार वि.क. को पुनरावेदन पत्र।

म पुनरावेदक प्रतिवादीले आफूलाई लगाइएको अभियोगमा पूर्णरूपमा इन्कार रही बयान गरेको छु। घटनामा मेरो संलग्नता देखिने कुनैपनि ठोस सबुद प्रमाण रहे भएको अवस्था छैन । मेरो मौकाको बयान मैले भनेबमोजिम लेखिएको होइन । साबिती भनिएको बयानमा समेत म आफूले मृतकलाई मार्नको लागि यस किसिमको भूमिका खेलेको थियो भन्ने कुरा खुलेको छैन । कुनै अन्य प्रतिवादीसमेतले सो कुरा देखाउन सकेको अवस्था छैन। मृतक निरमायाका पति जाहेरवालाले जाहेरीमा म पुनरावेदकको अभियोजित कसुर अपराधमा के कस्तो संलग्नता थियो भनी उल्लेख गर्न सकेको अवस्था छैन। निज जाहेरवालाको बकपत्रमा प्रेमबहादुर स्याङ्तानले कपाल काटी दिएको र दिसा खुवाउने कामसेमत गरेको थियो । सोपछि म बेहोस भएछु । त्यसपछि के के भयो थाहा भएन भनी उल्लेख गरेको पाइन्छ। मेरो घटनास्थलमा उपस्थितिले मात्र मलाई सजाय हुने अवस्था हुँदैन । घटना सम्बन्धमा केही कुराहरूको बारेमा मान्नु स्वीकार गर्नु र उल्लेख गर्नु मात्रले अभियोजित सबै कुरा साबित भएको भनी मान्न मिल्ने अवस्था हुँदैन। हामी अत्यन्त सामान्य चेतनाको स्तर भएका मानिस हौं । म पुनरावेदक प्रतिवादीले निरमायालाई मार्नुपर्ने कारण, रिसइवी, मनसाय र योजना खुलेको छैन । घटनाको बारेमा भएको आफ्ना कुराहरू सत्य

तथ्यरूपमा राख्नाले सजाय हुने अवस्था भएको छ । बोक्सीसम्बन्धी भ्रम र अन्धविश्वासको कारणबाट छलफल गर्ने क्रममा बोक्सी बकाउने प्राचिनतम पद्धति अनुरूप घटना भएको अवस्थामा निरमायाको मृत्यु भएको कुरालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ नं. अनुसारको कसुरसम्म कायम हुनुपर्ने हो । मउपरको दाबी निर्विवादरूपमा प्रमाणित भएको अवस्था छैन । मुद्दाको अनुसन्धानको क्रममा बुझिएका मानिसहरू मृतकको आमा सुनमाया घलानले आफूले घटना नदेखेको र भोलिपल्ट थाहा पाएको भनी कागज र बकपत्र गरेको अवस्था छ । मौकामा कागज गर्ने दिपक योन्जनले पनि सोहीअनुसारको कागज गरेको र अन्य मौकामा बुझिएका मानिसहरू अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्था छैन । मेरो साक्षी सूर्यबहादुर स्याङ्तानले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट मेरो इन्कारीलाई समर्थन गरेको अवस्था छ। साथै अदलको १०ख ले २ वर्ष कैद र रू. २५,०००।– जरिवानासमेत हुने ठहऱ्याएको सुरू फैसलालाई कुनै विवेचना नगरेको पुनरावेदन अदालतको फैसला मिलेको नहुँदा उल्टी गरी पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेमबहादुर स्याङ्तानको पुनरावेदन पत्र ।

हामी पुनरावेदकहरूले आफूलाई लगाइएको अभियोगमा पूर्णरूपमा इन्कार रही बयान गरेका छौं । मिसिल संलग्न प्रमाणहरूमा घटनामा हामीहरूको संलग्ना देखिने कुनैपनि ठोस सबुद प्रमाण रहे भएको अवस्था छैन । हामीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान हामीले भनेबमोजिम नलेखिएको र सो बयानको आधारमा मात्र हामीलाई अभियोग दाबीबमोजिम सजाय हुने अवस्था हुँदैन । हामीले कसुर अपराधमा साबित भएर गरेको भनेको बयानमा समेत मार्नमा हाम्रो कस्तो भूमिका थियो भन्ने कुरा खुलेको छैन । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६७ अंक ८ पृष्ठ १३२१ नि.नं. ८४३३ मा प्रतिपादन भएको नजिर सिद्धान्तविपरीत फैसला भएको प्रस्ट छ । कुनै अन्य प्रतिवादीसमेतले सो कुरा देखाउन सकेको अवस्था नहुँदा हामीलाई अभियोग दाबीबमोजिमको सजाय हुन सक्ने अवस्था हुँदैन । जाहेरवाला मृतक निरमायाका पतिले दिएको जाहेरीमा हामीहरूको अभियोजित कसुर अपराधमा कस्तो संलग्नता थियो भनी उल्लेख गर्न सकेको अवस्था छैन । हामीहरूको घटनास्थलमा भएको उपस्थितिको कुराले मात्र मलाई सजाय हुने अवस्था हुँदैन । घटना सम्बन्धमा केही कुराहरूको बारेमा स्वीकार गर्नु र उल्लेख गर्नु मात्रले अभियोजित सबै कुरा साबित भएको भनी मान्न मिल्ने अवस्था हुँदैन । अज्ञानता र अन्धविश्वासको कारण भएको सामान्य किसिमको घटनामा निरमायाको मृत्यु हुनु नै हामी पुनरावेदकको दुर्भाग्य हो । घटनाको बारेमा सत्य तथ्य व्यहोरा राख्नाले हामीलाई सजाय हुने अवस्था भएको छ । प्रतिवादीमध्येकै साइलीमाया वि.क.को मौका र अदालतसमक्षको पोललाई फैसलाको आधार बनाइएको सम्बन्धमा निज साइली माया वि.क. आफैँ बिरामी परेको कारण निज निरमाया थिइन् भन्ने अन्धविश्वासको कारणबाट सबै मिली छलफल गर्ने क्रममा बोक्सी बकाउने प्राचिनतम पद्धतिअनुरूप घटना भएको अवस्थामा निरमायाको मृत्यु भएको कुरालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ नं. आकर्षित हुनुपर्ने हो । हामी पुनरावेदकउपरको दाबी निर्विवादरूपमा प्रमाणित गरी पुष्टि हुन सकेको छैन । मुद्दाको अनुसन्धानको क्रममा बुझिएका मानिसहरू मृतकको आमा सुनमाया घलान प्रत्यक्षदर्शी होइनन् । म पुनरावेदक प्रतिवादी साइलीमाया विश्वकर्माको साक्षी माइलीमायाले सुरू मकवानपुर जिल्ला अदालतमा उपस्थित भई गरेको बकपत्रमा प्रतिवादी साइलीमाया वि.क.ले मानिसलाई कुटपिट गर्न र मलमुत्र खुवाउन हुँदैन भनी भनेको हो कुटपिट नगरेको हुँदा यी प्रतिवादीहरूले अभियोगदाबीबाट सफाई पाउनु पर्छ

भनी बकपत्र गरेबाट मेरो इन्कारीलाई समर्थन गरेको अवस्था छ । अदलको १०ख ले २ वर्ष कैद र रू. २५,०००।– जरिवानासमेत हुने भनी सजायतर्फ नहेरी फैसला भएको अवस्था हुँदा सो आधारमा उक्त फैसला पनि मिलेको नहुँदा उल्टी गरी पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू साइलीमाया वि.क. र देवमाया लामाको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको सम्पूर्ण मिसिल अध्ययन गरियो । पुनरावेदक प्रतिवादी हरिबहादुर वि.क. को तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताद्वय श्री सानुमैया डंगोल र श्री विमला यादवले वादी पक्षले अभियोगदाबी निर्विवादरूपले पुष्टि गर्न नसकेको, मौकाको बयान एवं भनाई पुष्टि हुन सक्ने स्वतन्त्र प्रमाणको अभाव रहेको एवं अदलको १०ख नं. बमोजिम सजाय भएतर्फ विवेचनासमेत नभएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ भनी बहस प्रस्तुत गर्नुभयो।

मिसिल संलग्न कागजात प्रमाण एवं विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर सुनी हेर्दा प्रस्तुत मुद्दामा सुरू फैसला केही उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको छ, छैन ? तथा पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा काजी भन्ने हरिबहादुर विश्वकर्मा, साइलीमाया विश्वकर्मा, राजकुमार विश्वकर्मा, देवमाया लामा, प्रेमबहादुर स्याङ्तानसमेतले निरमाया स्याङ्तानलाई बोक्सीको आरोप लगाई कपाल काट्ने, सिस्नो लगाउने, दिसापिसाब खुवाउने, कुटपिट गरी मारेको भन्ने जाहेरी रहेको प्रस्तुत मुद्दामा काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा, देवमाया लामा र प्रेमबहादुर स्याङ्तानलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा १३(३) नं. बमोजिम सजाय, प्रतिवादी पञ्च अन्तरे भन्ने रामबहादुर स्याङ्बोलाई ऐ. १ नं. को कसुरमा १३(४) नं. अनुसार सजाय, प्रतिवादी साइलीमाया विश्वकर्मालाई ऐ. १ नं. को कसुरमा १३(४) नं. अनुसार सजाय, प्रतिवादी इन्द्रबहादुर मोक्तान, जोगबहादुर स्याङ्तान र जीवन मोक्तानलाई ऐ. १ नं. को कसुरमा १३(४) नं. अनुसार सजाय गरी सबै प्रतिवादीहरूलाई मुलुकी ऐन अदलको महलको १०ख नं. को कसुरमा १०ख नं. अनुसारसमेत सजाय गरिपाउँ भन्ने अभियोग दाबी देखियो । फरार प्रतिवादी रामबहादुर स्याङ्बोको हकमा मुल्तबीमा राखिदिने, प्रतिवादीहरू देवमाया लामा, हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा र प्रेमबहादुर स्याङ्तानको हकमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने, प्रतिवादी साइलीमायाँ विश्वकर्मालाई ऐ. १ र १३(४) नं. अनुसार जन्मकैदको सजाय हुने, अन्य प्रतिवादीहरू जीवन मोक्तान, जोगबहादुर स्याङ्तान र इन्द्रबहादुर मोक्तानलाई ऐ. १७(३) नं. अनुसार जनही १ वर्ष ८ महिना कैद सजाय हुने, प्रतिवादीहरू देवमाया लामा, काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान र साइलीमाया विश्वकर्मालाई मुलुकी ऐन अदलको १०ख नं. अनुसार जनही २ वर्ष कैद र रू. २५,०००।– जरिवाना हुने ठहर भई मकवानपुर जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । उक्त फैसला केही उल्टी भई प्रतिवादीहरू देवमाया लामा, काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा र प्रेमबहादुर स्याङ्तानलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको हदसम्म नमिलेकोले निजहरूलाई जनही ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद र अदलको १०ख नं. ले २ वर्ष कैद र रू. २५,०००।– जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत,

हेटौंडाबाट फैसला भएको पाइयो। सो फैसलाउपर चित्त नबुझाई प्रतिवादीहरू हरिबहादुर विश्वकर्मा, प्रेमबहादुर स्याङ्तान, राजकुमार वि.क., साइलीमाया विश्वकर्मा र देवमाया लामाको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो । प्रतिवादी काजी भन्ने हरिबहादुर विश्वकर्माको तर्फबाट कारागार कार्यालय मकवानपुर मार्फत ०६९-CR-०९४६ र ०६९-CR-०९२५ मा दुइवटा पुनरावेदन पत्र दर्ता हुन आएको भएपनि एउटै फैसलाउपर उसै प्रतिवादीको दुइवटा पुनरावेदन दर्ता भएपनि पुनरावेदन जिकिर मूलरूपमा दुवैमा एउटै रहेको परिप्रेक्ष्यमा निजको तर्फबाट पहिले दायर भएको मिति २०७०।२।१३ (०६९-CR-०९२५) पुनरावेदन पत्रलाई नै आधिकारिक मानी प्रस्तुत मुद्दामा विश्लेषण गरिएको छ।

३. प्रस्तुत घटना वारदात सम्बन्धमा संक्षेपमा हेर्दा निरमाया स्याङ्तानलाई बोक्सीको आरोप लगाई प्रतिवादीहरूले कुटपिट गरी, सिस्नु लगाई, कपाल काटी, दिसापिसाबसमेत खुवाई चरम यातना दिई मारेको भन्ने मुख्य आरोप देखिन्छ । घटनास्थल एवं लास प्रकृति मुचुल्का हेर्दा टाउकाको कपाल काटेको, शरीरभरी मानिसको मलमूत्र लागेको, अनुहार एवं आँखाहरू फुलेको कालो भएको, नाक मुखबाट रगत बगेको, कान कालो भएको, ओठ निलो भएको, दायाँ स्तनमा निलडाम रहेको, पेटमा बिस्तारै थिच्दा नाक मुखबाट ह्वालह्वाल्ती रगत आएको, घटनास्थलमा लासको वरपर फलामको हम्मर, कैंची, सिस्नो, दिसापिसाबको घोलसहितको कचौरा, लठ्ठी र काटेको कपालसमेत छरिएको अवस्थामा रहेको भन्ने देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण "टाउकोमा लागेको चोट" भन्ने उल्लेख भएको पाइन्छ । यसबाट निज निरमाया स्याङ्तानको मृत्यु कर्तव्यबाट भएको भन्ने कुरामा कुनै विवाद रहेको नदेखिँदा के कुन प्रतिवादी वा व्यक्तिहरूको संलग्नतामा प्रस्तुत वारदात घटाइएको हो तथा पुनरावेदक प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको थियो वा थिएन भन्ने सम्बन्धमा हेर्नुपर्ने देखियो।

४. पुनरावेदक प्रतिवादी काजी भन्ने हरिबहादुर विश्वकर्माको हकमा हेर्दा निजले आफ्नो पुनरावेदन जिकिरमा आफूउपर लगाएको अभियोग शंकारहित तवरले पुष्टि हुन नसकेको मार्नुपर्नेसम्मको पूर्व रिसइवी, योजना आदिको अभाव रहेको, आफू अनुसन्धानको क्रममा कानून व्यवसायीको सल्लाहबाट वञ्चित भएको, सहअभियुक्तको पोल एवं अनुसन्धान अधिकारीसमक्षको गैरन्यायिक साबितीबाहेक अन्य कुनै ठोस सबुद प्रमाण विद्यमान नरहेको, प्रत्यक्षदर्शीबाहेक अन्य व्यक्तिहरूको भनाईलाई आधार मानी भएको फैसला मिलेको छैन भन्ने मुख्य व्यहोरा उल्लेख भएको पाइन्छ । यी पुनरावेदक प्रतिवादीउपर किटानी जाहेरी परेको देखिन्छ । अनुसन्धानका क्रममा बयान गर्दा यी पुनरावेदकले निरमाया स्याङ्तानलाई कुटपिट यातना दिने कार्यमा आफू संलग्न रहेको, आफूले लाठी, हात मुक्कासमेतले टाउको, छाती, पेटलगायत शरीरको विभिन्न भागमा प्रहार गरेको, दिसा पिसाब खुवाएको, सिस्नु लगाएको, ह्यामरले किला ठोक्न भय त्रास देखाएको, कपाल काट्ने, सिस्नो लाउने काम गरी रातैभरी कुटपिट गर्दा बिहान ४:३० बजे बेहोस भई अं. ५ बजे मृत्यु भएको भनी घटना वारदातको सिलसिलेवाररूपमा उल्लेख गरेको पाइन्छ । अदालतसमक्षको बयानमा निज आफू कुटपिट गरेकोमा इन्कार भएपनि आफ्नो घरबाट ह्यामर, लाठी, किला कैंचीलगायतका सामाग्री लिई गएको एवं आफूसमेतले निज निरमायालाई बोक्सीको आरोपमा समाती गोबर, तेल एवं नून खुवाएको, कपाल काटीदिएको भनी घटना वारदातमा साबित भई बयान गरेको पाइन्छ । घटना वारदातको प्रत्यक्षदर्शी साक्षी जाहेरवाला पूर्णसिंह स्याङ्तानले अदालतसमक्ष बकपत्र गर्दा जाहेरी व्यहोरालाई समर्थन हुनेगरी निज निरमायालाई यी पुनरावेदकसमेतले कपाल समाती

काटी, घोक्र्याई, मुन्ट्याई पिटेको, सिस्नु लगाएको, दिसापिसाब खुवाएको र पछि आफ्नी श्रीमती बेहोस भएपछि आफूपनि बेहोस भएको भनेर घटना वारदातको अमानवीय एवं दर्दनाक दृष्य उल्लेख गरी लेखाई दिएको पाइन्छ । प्रतिवादी साइलीमाया वि.क.समेतको साक्षी माइलीमाया स्याङ्तानले अदालतसमक्ष बकपत्र गर्दा निज निरमायालाई बोक्सीको आरोप लगाएको, सो सम्बन्धमा रातैभरी छलफल भएको र सो दौरान बोक्सीको आरोपमा मानव मलमूत्र खुवाएको, सिस्नु लगाएको, कुटपिट गरेको भनी लेखाइ दिएको अवस्था छ । घटना वारदातका प्रत्यक्षदर्शी मानिसहरू मौकामा कागज गर्ने सुकबहादुर घलानसमेतका व्यक्तिहरूले यी प्रतिवादीसमेतको संलग्नतामा उक्त घटना वारदात घटाइएको भनी व्यहोरा उल्लेख गरिदिएको पाइन्छ । प्रतिवादीहरू देवमाया लामा, राजकुमार वि.क., साइलीमाया वि.क., प्रेमबहादुर स्याङ्तान, जीवन मोक्तान, जोगबहादुर स्याङ्तान, अन्तरे भन्ने इन्द्रबहादुर मोक्तानसमेतले यी प्रतिवादीसमेत भई घटना वारदात गराएको, निज निरमायालाई बोक्सीको आरोपमा सिस्नो लाएको, मानव मलमूत्र खुवाएकोसमेत व्यहोरा उल्लेख गरी अदालतसमक्ष बयान गरिदिएको समेतका आधार प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी निज निरमायालाई बोक्सीको आरोपमा कुटपिट गर्ने, यातना दिने, मानव मलमूत्र खुवाउनेसमेतका अमानवीय क्रियाकलापमा प्रत्यक्षरूपमा सक्रियतापूर्वक संलग्न रही निज निरमायालाई मार्ने कार्य गरेको देखियो ।

५. पुनरावेदक प्रतिवादीहरू साइलीमाया विश्वकर्मा र देवमाया लामाको संयुक्त पुनरावेदन जिकिर हेर्दा निजहरूले मुख्यरूपमा घटनामा हाम्रो संलग्नता देखिने प्रमाणको अभाव रहेको, जाहेरीका आधारमा मात्र कसुरदार ठहर गर्न नमिल्ने, मार्ने मनसाय र पूर्वरिसइवी, पूर्वयोजना आदि नभएको, अज्ञानता र अन्धविश्वासका आधारमा सामान्य किसिमको घटनामा मृत्यु हुन गएको, आफूउपरको अभियोगदाबी निर्विवादरूपमा पुष्टि हुन नसकेको हुँदा सुरू एवं पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ भनी जिकिर लिएको पाइन्छ । यी पुनरावेदकहरू उपर किटानी जाहेरी परेको अवस्था छ । अनुसन्धानका क्रममा बयान गर्दा यी पुनरावेदकहरूले निज निरमाया स्याङ्तानलाई बोक्सीको आरोपमा कुटपिट, यातना दिई, सिस्नु लगाई, मानव मलमूत्र खुवाएको तथा कपाल मुडेको समेतका कार्य गरी मारेको भनी घटनावारदातको सिलसिलेवाररूपमा उल्लेख गरिदिएको पाइन्छ । यी पुनरावेदकहरू मध्ये देवमाया लामाले आफूले सर्वप्रथम सिस्नु लगाएको, दिसा खुवाएको, कपाल समाती पटकपटक जमीनमा ठोकाएको र निज बेहोस नहुँदासम्म कुटपिट गरेको भनी उल्लेख गरेको देखिन्छ भने साइलीमाया विश्वकर्माले आफूलाई जाँडमा बोक्सी लगाई खुवाएको कारणबाट आफू बिरामी परेको विषयमा निरमायालाई बोक्सीको आरोपमा कुटपिट, यातना दिँदा, मानव मलमूत्र खुवाउँदा, आफू घटनास्थलमा उपस्थित रहेको भनी प्रत्यक्षरूपमा कसुरमा आफ्नो संलग्नता इन्कार गरेपनि मौकामा एवं अदालतसमक्ष बयान गर्दा प्रतिवादीहरू हरिबहादुर विश्वकर्मासमेतले निज निरमायालाई बोक्सीको आरोपमा चरम यातना दिई मार्ने कार्यमा संलग्न रहेको भन्ने व्यहोरा लेखाएको पाइन्छ । मौकामा कागज गर्ने सुकबहादुर घलानसमेतका व्यक्तिहरूले यी पुनरावेदकहरूसमेतको चोट प्रहार एवं चरम यातनाका कारण निज निरमायाको मृत्यु भएको भन्ने व्यहोरा लेखाइदिएको अवस्था छ । जाहेरवाला पूर्णसिंह स्याङ्तानले जाहेरी व्यहोरालाई समर्थन हुनेगरी बकपत्र गरिदिएको देखिन्छ । घटना विवरणमा कागज गर्ने सुनमाया घलानले अदालतसमक्ष बकपत्र गर्दा यी पुनरावेदक प्रतिवादीहरू देवमाया लामा एवं साइलीमाया वि.क.समेतको चोट प्रहार एवं यातनाबाट निरमायाको मृत्यु भएको भन्ने व्यहोरा लेखाइदिएको देखिन्छ । यी प्रतिवादी साइलीमायासमेतको साक्षी माइलीमाया स्याङ्तानले अदालतसमक्ष बकपत्र

गर्दा प्रतिवादी देवमायाले निज निरमायालाई मानव मलमूत्र खुवाएको, साइलीमाया वि.क.समेतका व्यक्तिहरू रातैभरी घटनास्थलमा थिए भनी उल्लेख गरिदिएको अवस्थासमेतका आधार प्रमाणहरूबाट निज निरमायालाई बोक्सीको आरोपमा मानव मलमूत्र खुवाई कुटपिट यातना दिई मार्ने कार्यमा यी पुनरावेदक प्रतिवादीहरूको संलग्नता प्रस्टरूपमा देखिन आउँछ ।

६. अर्का पुनरावेदक राजकुमार वि.क.को हकमा हेर्दा निजले आफू अभियोग दाबीमा इन्कार रहेको, आफ्नो विरूद्ध ठोस सबुद प्रमाणको अभाव रहेको, मार्नुपर्नेसम्मको पूर्वयोजना, रिसइवी नरहेको, भ्रम र अन्धविश्वासको कारणबाट घटना घट्न गएको अवस्थामा ज्यानसम्बन्धी महलको ५ नं. आकर्षिक हुने भनी जिकिर लिएको पाइन्छ, यी प्रतिवादीउपर किटानी जाहेरी रहेको देखिन्छ । अनुसन्धानका क्रममा बयान गर्दा यी पुनरावेदकले निज निरमाया स्याङ्तानलाई आफ्नो आमालाई बोक्सी लगाएको आरोपमा कुटपिट यातना दिने, मलमूत्र खुवाउने, सिस्नो लगाउनेसमेतका कार्यमा आफूसमेत मुख्य भूमिकामा रहेको र उक्त कार्य २०६७।२।१ को बेलुकादेखि भोलिपल्ट बिहान निज बेहोस नहुँदासम्म जारी रहेको भनी घटना वारदातको बारेमा छर्लङ्ग हुनेगरी बयान गरिदिएको अवस्था देखिन्छ । मौकामा बयान गर्ने अन्य सबै प्रतिवादीहरूले यी पुनरावेदकसमेत भई निज निरमायालाई बोक्सीको आरोपमा मलमूत्र खुवाई, कुटपिट गरी, चरम यातना दिई मारेको भनी लेखाई दिएको पाइन्छ । अदालतसमक्ष बयान गर्दासमेत यी प्रतिवादी स्वयम्ले बोक्सीको आरोपमा निज निरमायालाई आफूसमेतले चुल्ठो काटी दिएको कुरा स्वीकारे गरेको पाइन्छ । प्रतिवादी प्रेमबहादुर स्याङ्तानले घटनास्थलमा फेला परेको निज निरमायालाई यातना कुटपिट गर्न प्रयोग भएको भनिएको ह्यामर, कैंची, मानव मलमूत्रसमेत आफू र यी पुनरावेदक राजकुमार भई ल्याएको भनी उल्लेख गरेको पाइन्छ । प्रतिवादी साइलीमाया वि.क.समेतको साक्षी माइलीमाया स्याङ्तानले अदालतसमक्ष बकपत्र गर्दा निज निरमायालाई बोक्सीको आरोपमा कुटपिट गरी यातना दिएको एवं मानव मलमूत्र खुवाएको कुरा स्पष्टरूपमा उल्लेख गरी लेखाइ दिएको पाइन्छ । जाहेरवाला पूर्णसिंह स्याङ्तानले जाहेरी व्यहोरालाई समर्थन हुनेगरी अदालतसमक्ष बकपत्र गरिदिएको अवस्थासमेतबाट यी प्रतिवादीसमेतको संलग्नतामा निज निरमायालाई कुटपिट गरी, चरम यातना दिई, मानव मलमूत्रसमेत खुवाई मारेको कुरा पुष्टि हुन आयो ।

७. अर्का पुनरावेदक प्रेमबहादुर स्याङ्तानको हकमा हेर्दा निजले आफू अभियोग दाबीमा इन्कार रही बयान गरेको, आफू विरूद्ध कुनै ठोस सबुद प्रमाण नरहेको, मार्नुपर्नेसम्मको पूर्वरिसइवी एवं पूर्वयोजना केही नरहेको, बोक्सी बकाउने प्राचीनतम पद्वतिअनुरूप भ्रम र अन्धविश्वासका कारण घटना घटेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. को कसुर कायम हुनुपर्ने भन्ने जिकिर लिएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीउपर किटानी जाहेरी परेको अवस्था छ । अनुसन्धानका क्रममा बयान गर्दा यी पुनरावेदकले आफूसमेत भई निरमाया स्याङ्तानलाई बोक्सीको आरोपमा कुटपिट यातना दिई, मानव मलमूत्र खुवाई सोही कारणबाट निजको मृत्यु भएको भनी घटना वारदातको यथार्थ चित्रण गरिदिएको अवस्था छ । निजले अदालतसमक्षको बयानमा समेत आफूसमेत भई निज निरमायालाई बोक्सीको आरोपमा केरकार गरेको, सिस्नु लगाएको, कपाल मुडेको समेतका कार्य गरेको भनी उल्लेख गरेको पाइन्छ । निज निरमायालाई यातना दिन कुटपिट गर्न प्रयोग भएका भनिएका ह्यामर, कैंची, मानव मलमूत्रसमेत यी प्रतिवादी स्वयम्समेतको संलग्नतामा ल्याइएको भन्ने निज स्वयम्को बयानबाट देखिन्छ । मौकामा एवं अदालतसमक्ष बयान गर्ने अन्य प्रतिवादीहरूले समेत घटना वारदातमा यी पुनरावेदक प्रतिवादीको संलग्नता रहेको भनी उल्लेख गरिदिएको पाइन्छ । जाहेरवालाले

जाहेरी व्यहोरा समर्थन हुनेगरी अदालतसमक्ष बकपत्र गरिदिएको एवं प्रतिवादी साइलीमाया वि.क.समेतका साक्षी माइलीमाया वि.क.ले आफ्नो बकपत्रमा निज निरमायालाई बोक्सीको आरोपमा मानव मलमूत्र खुवाएको एवं कुटपिट यातना दिएको कुरा आफूले देखेको भनी लेखाइदिएको अवस्थासमेतबाट निज निरमायालाई बोक्सीको आरोपमा अमानवीय तवरले कुटपिट यातना दिई मानव मलमूत्रसमेत खुवाई मार्ने कसुरमा यी पुनरावेदक प्रतिवादीसमेत संलग्न रहेको अवस्था देखियो।

८. अब माथि उल्लेख भएबमोजिम सबै पुनरावेदक प्रतिवादीहरूले आफ्नो पुनरावेदन जिकिरमा उल्लेख गरेको प्रायः समान विषयहरू सम्बन्धमा प्रकाश पार्नुपर्ने देखियो । निजहरूले आफूहरू विरूद्ध ठोस सबुद प्रमाणको अभाव रहेको, कसुरमा इन्कार रहेको, अदलको १०ख नं.बमोजिम गरेको सजाय सम्बन्धमा पुनरावेदन अदालतले विश्लेषण नगरेको, मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ नं. को कसुर आकर्षित हुनुपर्ने भन्ने जिकिर लिएको पाइन्छ। कुनैपनि व्यक्तिलाई बोक्सा बोक्सीको आरोप लगाउने कार्य आफैँमा अन्धविश्वास एवं कुप्रथाको रूपमा लिनुपर्छ। माथि यी पुनरावेदक प्रतिवादीहरूका सम्बन्धमा गरिएको अलगअलग विवेचनाबाट निज निरमायालाई बोक्सीको आरोप लगाई अमानवीय एवं पशुवत्‌रूपमा चरम यातना दिई मानव मलमूत्र खुवाएको भन्ने कुरा यी पुनरावेदकहरू सबैको हकमा निजहरूको संलग्नता पुष्टि भइसकेको छ। प्रमाण भनेको विवादको विषयमा कुनै कुरा खण्डन वा समर्थन गर्ने साधन हो, यसले विवादित विषयको सत्यता पहिचान गर्छ, मुद्दाको सम्बन्धमा के साँचो के झुट्टो भनी हेर्ने माध्यम वा ऐना नै प्रमाण हो र प्रस्तुत घटनामा यी पुनरावेदकहरू सबैको व्यक्तिगत संलग्नता ऐना जस्तै छर्लङ्ग छ। घटनास्थल एवं लास प्रकृति मुचुल्कामा उल्लिखित लासको प्रकृति एवं घटनास्थलमा भेटिएका यातना दिन प्रयोग भएका हयामर, लाठी, मानव मलमूत्र, सिस्नुलगायतका सामाग्री एवं यी प्रतिवादीहरूको मौकाको तथा अदालतसमक्षको बयानमा पूर्णरूपमा तादात्म्यता भेटिन्छ । मौकामा कागज गर्ने मानिसहरूले उल्लेख गरेको घटना विवरण एवं व्यहोरा, अदालतमा उपस्थित भई बकपत्र गर्ने जाहेरवालालगायतका वादी पक्षका साक्षीहरू एवं माथि विश्लेषण गरिएबमोजिम प्रतिवादी स्वयम्‌का साक्षीहरू समेतले घटनाको वास्तविकता एवं सत्यता प्रस्ट पारेको अवस्था छ । यी पुनरावेदक प्रतिवादीहरूको उक्त वारदातमा आफ्नो संलग्नता नरहेको वा आफू घटनास्थलमा नरहेको भन्ने त्यस्तो कुनै जिकिर पनि नभएको अवस्थामा घटना वारदातलाई पुष्टि गर्ने यस्ता तथ्यगत एवं वस्तुगत प्रमाणहरूको विद्यमानता रहेको प्रस्तुत मुद्दामा आफूहरू विरूद्ध ठोस सबुद प्रमाणको अभाव रहेको भन्ने पुनरावेदकहरूको जिकिर अत्यन्त भ्रामक एवं कपोलकल्पित रहेको देखिन्छ।

९. अदलको १०ख नं.बमोजिम गरेको सजाय सम्बन्धमा पुनरावेदन अदालतले विश्लेषण नगरेको भन्ने पुनरावेदकहरूको पुनरावेदन जिकिर रहेको देखिन्छ । प्रतिवादीहरू देवमाया लामा, काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा र प्रेमबहादुर स्याङ्तानलाई मुलुकी ऐन अदलको महलको १०ख नं.बमोजिम जनही २ वर्ष कैद र रू.२५०००।– जरिवानासमेत हुने ठहर भएको पाइन्छ । उक्त १०ख नं.मा *कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा निजलाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक बहिष्कार गर्ने वा अन्य कुनै अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने काम गरेमा... तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ* भनी उल्लेख भएको पाइन्छ । माथि गरिएको विश्लेषणबाट यी पुनरावेदकहरूले निज निरमायालाई बोक्सीको आरोपमा निर्मम र अमानवीय यातना दिएको र सोही

चोट पीडाबाट निजको मृत्यु भएको भन्ने देखिएको सन्दर्भमा उक्त नं.बमोजिम सजाय गर्ने गरेको फैसला मिलेको देखिन आयो।

१०. जहाँसम्म प्रस्तुत वारदात मुलुकी ऐन ज्यानसम्बन्धीको ५ नं. को कसुर कायम हुनुपर्ने भने जिकिरको प्रश्न छ सो सम्बन्धमा हेर्दा ज्यानसम्बन्धीको ५ नं. मा *ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्नेजस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ* भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत वारदातमा यी पुनरावेदक प्रतिवादीहरूसमेत मिली बोक्सीको आरोपमा चरम र निर्मम यातना दिएका छन्। ह्यामर, काँटी, लाठी, कैँची जस्ता हतियार तथा लाठी, लात, मुक्काको प्रयोग गरी यातना दिने कार्य भएको छ । सिस्नु लगाइएको छ, कपाल खौरिएको छ, मानव मलमूत्र खुवाइएको एवं शरीरभरी दलिएको छ। मानवलाई दिने योभन्दा निकृष्ठ र पशुवत् यातना यो भन्दा अरू के हुन सक्छ ? सामान्य मानिसको समझ (reasonable person test) बाट हेर्दा यस्तो चरम यातना दिँदा यातना पाउनेले सहन सक्दैन, उसको मृत्यु हुनसक्छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ। रातैभरी एउटी महिलालाई सबै मिली कुटपिट यातना दिने कार्य गर्दा ज्यानसम्बन्धीको ५ नं.मा उल्लेख भएजस्तो *आफूले गरेको कर्तव्यबाट मानिस मर्ला जस्तो नदेखिएको* अवस्था प्रस्तुत वारदातमा देखिन नआएको हुँदा भवितब्य कसुर कायम हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

११. कुनैपनि मानिसमाथि बोक्सीको आरोप लगाउने कार्य कानूनले निषिद्ध गरेको छ भने सो प्रकृतिको आरोप लगाई मानिसको कपाल काट्ने, मानव मलमूत्र खुवाउने, कुटपिट गर्ने, यातना, प्रताडित गर्ने जस्ता कार्य अमानवीयसमेत भएकोमा दुईमत हुन सक्दैन । मानव समाजमा अन्धविश्वासको रूपमा रहेको बोक्सा बोक्सी जस्तो मान्यता निर्मूल गर्न कानून बनाएर मात्र प्रयाप्त हुँदैन । यस्तो क्रियाकलाप विरूद्ध कडा दण्डनीतिसमेत अपनाउन आवश्यक रहेकोले सोहीअनुरूप कठोर सजाय पनि गर्न आवश्यक छ । प्रस्तुत मुद्दाका प्रतिवादीहरूले कुटपिट गर्ने, सिस्नु लगाउने, कपाल काट्ने, दिसापिसाब खुवाउने जस्तो कार्य गरेको कारणबाट शारीरिक र मानसिकरूपमा चरम यातना पाई निरमायाको मृत्यु भएको देखिएबाट यी प्रतिवादीहरू प्रति दयाभाव प्रदर्शन गर्नु मानवीय मूल्य र मान्यता विरूद्ध हुने हुनाले प्रतिवादी साइलीमाया विश्वकर्मालाई ज्यानसम्बन्धी महलको १३(४) नं. तथा अदलको १०ख नं. बमोजिम सजाय गर्ने गरी भएको फैसला सदर हुने, प्रतिवादीहरू देवमाया लामा, काजी भन्ने हरिबहादुर विश्वकर्मा, राजकुमार विश्वकर्मा र प्रेमबहादुर स्याङ्तानलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको हदसम्म मकवानपुर जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भई निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद र अदलको १०ख नं. ले दुई वर्ष कैद र रू. २५,०००।– जरिवानासमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।११।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत: आत्मदेव जोशी
इति संवत् २०७३ साल मङ्सिर ४ गते रोज ३ शुभम्।

## निर्णय नं. ९७९२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
फैसला मिति : २०७३।८।६

मुद्दा : लागु औषध अपराध।

०६८-CR-०२२७
पुनरावेदक / प्रतिवादी : झापा जिल्ला दमक नगरपालिका वडा नं.१३ घर भई हाल क्षेत्रीय कारागार कार्यालय, सुनसरी, झुम्कामा थुनामा रहेका सुमन शाही

विरूद्ध

प्रत्यर्थी / वादी : प्रहरी प्रतिवेदनले नेपाल सरकार

०६८-CR-०२२८
पुनरावेदक / प्रतिवादी : झापा जिल्ला टागनडुब्बा गाउँ विकास समिति वडा नं. २ घर भई हाल कारागार कार्यालय झापामा थुनामा रहेका विशाल तामाङ

विरूद्ध

प्रत्यर्थी / वादी : प्रहरी प्रतिवेदनले नेपाल सरकार

- **कानूनको व्याख्या गर्दा त्यसबाट पर्न जाने प्रभाव प्रति न्यायकर्ता सदैव गम्भीर रहन पर्ने देखिन्छ । कानूनको यान्त्रिक व्याख्या गर्दा त्यसबाट अनपेक्षित परिणाम निस्कन गई न्यायबाट वञ्चित हुनुपर्ने अवस्थातर्फ पनि न्यायकर्ताले ध्यान पुर्‍याउन जरूरी हुन्छ । कानून र न्यायको समायोजन हुन नसके प्रतिवादीले न्याय प्राप्त गर्ने अवस्था नै रहन्न । अतः न्यायकर्ताले यस विषयमा गम्भीर भई न्याय सम्पादन गर्न वाञ्छनीय हुन्छ । तथ्यगत रूपबाट लागु औषधको कुलतमा लागेकालाई लागु औषधको कारोबारीको रूपमा सजाय गर्दा न्यायको भावना नै मर्न जाने हुँदा विवेकशील भई न्याय गर्नु न्यायकर्ताको मुलभूत र अन्तरनिहित कर्तव्य भएकोमा द्विविधा हुन नसक्ने ।**

(प्रकरण नं.६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ),(ङ) र (च), दफा १४(१)(ज)

**सुरू तहमा फैसला गर्नेः-**
माननीय जिल्ला न्या. श्री शालिग्राम कोइराला
**पुनरावेदन तहमा फैसला गर्नेः-**
माननीय न्यायाधीश श्री विष्णुदेव पौडेल
माननीय न्यायाधीश श्री रेवन्त बहादुर कुँवर

फैसला

**न्या. केदारप्रसाद चालिसे :** न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

मिति २०६५।७।१७ गते राति जिल्ला झापा दमक नगरपालिका वडा नं. १३ बस्ने सुमन शाहीको घर कोठामा लागु औषध छ भन्ने खबर प्राप्त भई घरमा खान तलासी गर्दा सुमन शाहीको कोठामा अवैध लागु औषध फेनारगन ३६ थान, लुपिजेसिक ३९ थान,

डाईजिपाम् ३५ थान फेला पारी बरामद गरी बरामदी मुचुल्कासहित सुमन शाही र विशाल तामाङसमेतलाई पक्राउ गरी दाखेल गरेको भन्नेसमेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

मिति २०६५।७।१७ गते राति जिल्ला झापा दमक नगरपालिका वडा नं. १० स्थित बजार एरियामा ऐ.ऐ.१३ बस्ने सुमन शाही र ऐ.ऐ.बस्ने विशाल तामाङसमेतले लागु औषध इन्जेक्सन लगाई मातेर तरबार बोकी सर्वसाधारण मानिसलाई आतंकित पार्दै हिँडेको भन्ने खबर पाई उक्त स्थानमा जाँदा निज सुमन शाही र विशाल तामाङ कत्ती बोकी हिँडिरहेको अवस्थामा फेला पारी सोधपुछ गर्दा आफूहरूले लागु औषधको इन्जेक्सन लगाएको बताएको हुँदा निजहरूले बताएअनुसार निज सुमन शाहीको घर कोठा खान तलासी गर्दा ११० थान लागु औषध फेला परेकाले निज सुमन शाही र विशाल तामाङलाई पक्राउ गरी दाखेल गरेको भन्ने प्रहरी प्रतिवेदन।

मेरो दाजु सुमान शाही पहिलादेखि नै लागु औषध सेवन गरी हिँड्ने गर्दथे निज सुमन शाही र विशाल तामाङ लागु औषध सेवन गरी मिति २०६५।७।१७ गते राति हो हल्ला गर्दै हिँडिरहेको अवस्थामा फेला पारी निजहरूले कोठामा लुकाई राखेको लागु औषध डाइजेपाम, लुपिजेसिक, फेनारगनसमेत गरी ११० थान फेलापारी बरामद गरी निज सुमन र विशाल तामाङलाई पक्राउ गरी प्रहरीले लगेको भन्नेसमेत व्यहोराको सुरज शाहीले गरेको कागज।

मिति २०६५।७।१७ गते राति जिल्ला झापा दमक नगरपालिका वडा नं. १३ बस्ने सुमन शाही र विशाल तामाङ लागु औषध इन्जेक्सन लगाई कत्ती बोकी डिसकस गरी रहेको अवस्थामा प्रहरी टोलीले थाहा पाई प्रहरी भेन लिई आएर निज प्रतिवादी सुमन शाही र विशाल तामाङले लुकाई राखेको लागु औषध बरामदी मुचुल्काअनुसारको बरामद गरी प्रतिवादीहरूलाई समेत पक्राउ गरी लगेको हो, निज प्रतिवादी पहिलादेखि नै लागु औषध सेवन गरी हिँड्ने मानिसहरू हुन् भन्नेसमेत व्यहोराको मनोज बोगटीको कागज।

बरामद भई आएको लागु औषध म र सुमन शाही भई भारतको पानी ट्याङ्कीबाट खरिद गरी ल्याई सिरिन्जमा लगाई इन्जेक्सन लगाउने गर्दथ्यौं विगत धेरै वर्षदेखि हामीले लागु औषध प्रयोग गर्दै आएको हो। उक्त वारदात मिति र समयमा मसमेत लागु औषध इन्जेक्सन प्रयोग गरी रहेको अवस्थामा प्रहरीले फेला पारी ११० थान लागु औषध डाईजिपाम, लुपिजेसिक र फेनारगनसमेत बरामद गरी लगेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विशाल तामाङको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान।

बरामद भई आएको लागु औषध म र मेरो साथी विशाल तामाङ भई भारतको पानी ट्याङ्कीबाट खरिद गरी ल्याई सिरिन्जमा लगाई इन्जेक्सन लगाउने गर्दथ्यौं विगत धेरै वर्षदेखि हामीले लागु औषध प्रयोग गर्दै आएको हो उक्त वारदात मिति र समयमा समेत लागु औषध इन्जेक्सन प्रयोग गरी रहेको अवस्थामा प्रहरीले फेला पारी ११० थान लागु औषध डाइजेपाम, लुपिजेसिक र फेनारगनसमेत बरामद गरी लगेको हो । भन्नेसमेत व्यहोराको प्रतिवादी सुमन शाहीले अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज।

मिति २०६५।७।१७ गते राति जिल्ला झापा दमक नगरपालिका वडा नं. १३ बस्ने सुमन शाही र विशाल तामाङ लागु औषध इन्जेक्सन लगाई बाहिर निस्कँदै गर्दा प्रहरी भेन आई निजहरू बस्ने कोठा खान तलासी गर्दा लागु औषध डाईजिपाम, लुपिजेसिक र फेनारगनसमेत ११० बरामद गरी निजहरूले पुनः लगाउन तयार पारेको लागु औषध सिरिन्जसमेत बरामद गरी प्रतिवादीहरूलाई समेत पक्राउ गरी लगेको हो भन्नेसमेत व्यहोराको सुन्दर शाहीको कागज।

प्रतिवादी सुमन शाही र विशाल तामाङको साथबाट लागु औषध डाइजेपाम, लुपिजेसिक,

फेनारगनसमेतबाट नमूनाको लागि निकाली बाँकी लागु औषध झापा जिल्ला अदालतको प्राङ्गणमा जलाई नष्ट गरिएको हो । भन्नेसमेत व्यहोराको लागु औषध नष्ट मुचुल्का ।

मिति २०६५।७।१७ गते राति जिल्ला झापा दमक नगरपालिका वडा नं. १३ बस्ने सुमन शाही र विशाल तामाङ लागु औषध सेवन गर्ने मानिसहरू हुन् । निजहरूले उक्त वारदात मिति र समयमा लागु औषध डाइजेपाम, लुपिजेसिक, फेनारगनसमेत ११० थान फेला पारेको र निजहरूले लगाउन तयार पारेको लागु औषधसहितको सिरिन्जसमेत फेला पारी निज प्रतिवादीहरूलाई पक्राउ गरी लगेको भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

बरामद भई आएको लागु औषध डाइजेपाम, लुपिजेसिक, फेनारगन, नाइट्रोजन टेप्लेटहरू परीक्षण गर्दा लागु औषध भएको पाइयो भन्नेसमेत व्यहोराको समेत केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला महाराजगञ्ज, काठमाडौंको परीक्षण रिपोर्ट ।

प्रतिवादी सुमन शाही र विशाल तामाङले अवैध लागु औषध डाइजेपाम, लुपिजेसिक, फेनारगन र नाइट्रोसन ट्याब्लेट सञ्चय, खरिद बिक्री ओसारपसार गर्ने कार्यमा संलग्न रहेको प्रमाणित भएकोले प्रतिवादीहरू सुमन शाही र विशाल तामाङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ) (च) र (छ) अनुसारको कसुर अपराधमा ऐ.ऐनको दफा १४(१) (ज) र (झ) अनुसार सजाय हुने तथा ऐ.ऐनको दफा १८(१) अनुसार जाहेरवाला प्रहरी प्रतिवेदकलाई पुरस्कार दिने व्यवस्था हुनसमेत मागदाबीसहितको अभियोगपत्र ।

प्रतिवादीमध्येका विशाल तामाङलाई पहिलादेखि नै चिन्दछु । मैले पहिले पनि लागु औषध सेवन गर्दथेँ । पछि सुधार केन्द्रमा बसी छाडेको थिएँ । मिति २०६५।७।१७ गते प्रतिवादीमध्येका विशाल तामाङले बरामदी लागु औषध ल्याएको रहेछ । निज र म भई मेरो घरमा नै उक्त लागु औषध दुवै जनाले सेवन गर्‍यौं । बाँकी लागु औषध कहाँ राख्ने भनेर मैले मेरो घरमा राखी दिएको हो । मैले ल्याएको होइन । निज विशाल तामाङले के कहाँबाट ल्याए मलाई थाहा भएन । मैले सेवनसम्म गरेको हो । बेचबिखन ओसारपसार गर्ने गरेको होइन छैन भन्नेसमेत व्यहोराको प्रतिवादी सुमन शाहीले अदालतमा गरेको बयान ।

म उक्त लागु औषध सेवन गर्छु । इन्जेक्सन लिन्छु, डाइजेपाम, फेनारगन र लुपिजेसिक १।१ सि.सि. मिसाएर एक डोज बनाइन्छ । यता दमकतिर उक्त एक डोजको रू.२५०।– लिइन्छ । इण्डियामा रू.५०।– मा पाइन्छ । त्यसैले मैले इण्डियाबाट रू.४,०००।– मा किनेर मैले ल्याएको हो । केवल खानका लागि मात्र । बिक्री वितरण गर्न होइन । मिति २०६५।७।१७ गते म र मेरो साथी सुमन शाही मिली सुमन शाही कै घरमा बसी लागु औषध खाई बाँकी त्यहीँ राखेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । म सेवन गर्ने व्यक्ति हुँ । बिक्री वितरण गर्ने होइन । तत्काल नपाउने र महंगो पर्ने भएकाले ल्याई राखेको हो । सुमन शाहीको घरमा म र सुमन शाहीले सेवन गर्दै गर्दा प्रहरीले पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विशाल तामाङले अदालतमा गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा मुलुकी ऐन अ.बं. ११८ नं. को देहाय (२) नं. अनुसार प्रतिवादीहरू सुमन शाही र विशाल तामाङलाई पुर्पक्षको निमित्त कानूनबमोजिम थुनामा राख्नु भनी जिल्ला कारागार कार्यालय झापालाई लेखी पठाउनु र प्रतिवादीहरू चुक्ता भइसकेकाले जाहेरवालासहितको मानिस र प्रतिवादीहरूका साक्षीसमेत बुझी नियमानुसार पेस गर्नु भनी मिति २०६५।८।२५ मा भएको आदेश ।

प्रतिवादीहरू विशाल तामाङ र सुमन शाही यस मुद्दामा पक्राउ पर्नु अघि कहिल्यै पनि लागु औषधको कारोबारमा संलग्न रहेको वा लागु औषध सेवन गर्ने व्यक्तिहरूका रूपमा चिनिएका थिएनन् ।

मेरो हेराइमा यी दुवै भाइहरू इमान्दार, अध्ययनशील विद्यार्थीको रूपमा देखेको थिएँ, निजहरूको मुख्य व्यवसाय अध्ययन नै हो । प्रहरीले पक्राउ गरेपछि मात्रै साथीभाइहरूको कुलतमा परेर लागु औषध सेवन गरे भन्ने सुनेको हो तर गाउँघरमा यी भाइहरू कहिल्यै पनि यस्तो लागु औषधको कारोबारमा संलग्न रहेको थाहा छैन । बरामद भएको लागु औषध सञ्चय गरी क्रमिकरूपमा आफैँमा खाने उद्देश्य रहेको हुन सक्छ भनी प्रतिवादी सुमन शाही र विशाल तामाङका साक्षी रूपक पौडेलले गरेको बकपत्र ।

प्रतिवादीहरू विशाल तामाङ र सुमन शाही यस मुद्दामा पक्राउ पर्नु अघि कहिल्यै पनि लागु औषधका कारोबारमा संलग्न रहेको वा लागु औषध सेवन गर्ने व्यक्तिहरूका रूपमा चिनिएका थिएनन् । यी दुवै भाइहरू इमान्दार, अध्ययनशील विद्यार्थी हुन् । यिनीहरू आफ्नो घरमा बुबा आमालाई समेत कामकाज सघाउने गर्छन् यी भाइहरू ध्रूवतारा स्पोटिङ्ग क्लव दमकबाट फुटबल, क्रिकेटलगायतका खेलहरू खेल्ने गर्दथे । प्रहरीले पक्राउ गरेपछि मात्रै साथी भाइको कुलतमा परेर लागु औषध सेवन गरे भन्ने सुनेको हो तर गाउँउपरमा यी भाइहरू कहिल्यै पनि यस्तो लागु औषध सेवन गरेको र कारोबारमा संलग्न रहने व्यक्ति होइनन् भनी प्रतिवादी सुमन शाही र विशाल तामाङका साक्षी कुमार राईले अदालतमा गरेको बकपत्र ।

मिति २०६५।७।१९ गतेको घटना विवरण कागजको व्यहोरा सहिछाप मेरो हो । बरामद भएको लागु औषध प्रतिवादीहरूले के प्रयोजनको लागि के कुन ठाउँबाट कति ल्याएका हुन् मलाई थाहा छैन भनी घटना विवरण कागज गर्ने मनोज बोगटीले अदालतमा गरेको बकपत्र ।

बरामद हुँदाको समयमा म त्यहाँ थिइन, सहिछाप मेरो नै हो । बरामद भएको लागु औषध यी प्रतिवादीहरूले के कुन उद्देश्यले ल्याएका हुन यसबारेमा मलाई केही थाहा छैन भनी बरामदी मुचुल्काका साक्षी सुमित्रा राईले अदालतमा गरेको बकपत्र ।

मिति २०६५।७।१७ मा मैले दिएको प्रतिवेदनको व्यहोरा र सहिछाप मेरो हो । उक्त मितिमा प्रतिवादीहरूलाई लागु औषध सेवन गर्दै गरेको अवस्थामा दमक बजार एरियाबाट पक्राउ गरी लागु औषध लुपिजेसिक, डाइजेपाम र फेनारगनसमेत बरामद गरेको हो । बिक्री वितरण गर्ने प्रयोजनको लागि नभई व्यक्तिगतरूपमा सेवन गर्न लिइएको भनी बताएअनुसार सुमन शाहीको घरबाट बरामद गरेको हो भनी प्रतिवेदक शिवप्रसाद निरौलाले अदालतमा गरेको बकपत्र ।

यसमा प्रतिवादीहरूले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा कसुरमा साबित भई सेवन गर्ने भनी दाबी लिएको भए तापनि बरामद भएको लागु औषधको मात्रा र लागु औषधको प्रकारलाई हेर्दा सेवन गर्ने मात्र नदेखिई बिक्री वितरण सञ्चय गर्ने भन्ने देखिन आउँदा यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) को अपराध गरेको ठहर्नाले उक्त ऐनको दफा १४ को उपदफा (१) को (ज) र (झ) अनुसार यी प्रतिवादीहरूलाई जनही वर्ष ५ कैद र रू.१,००,०००।– (एक लाख) जरिवानासमेत हुने ठहर्छ भन्ने सुरू झापा जिल्ला अदालतको मिति २०६६।५।९।३ को फैसला ।

बरामद भएका लागु औषधको सन्दर्भमा १ एम.पूल बराबर २, एम.सि. हुने जम्मा ११० एम्पूल भएकोमा जम्मा २२० एम.एल.लागु औषध बरामद भएकोमा प्रतिवादी विशाल तामाङले बयान गर्दा ३ वटा डाइजेपाम, फेनारगन र लुपीजेसिक बराबर एक डोज हुने र प्रति दिन ३ डोज लगाउने कुरा सुमन शाहीले उल्लेख गरेको जम्मा २ दिनका लागि मात्र प्रर्याप्त देखिन्छ तसर्थ उक्त परिणाम केवल सेवन गर्न मात्र ल्याएको हो । बिक्री वितरण गर्न ल्याएको होइन, भन्ने कुरामा कुनै प्रमाणले पुष्टि नगरेको हुँदा सुरू

फैसला बदरभागी छ, अभियोग दाबीबाट अलग फुर्सद गराई पाउँ भन्ने व्यहोराको प्रतिवादीहरू सुमन शाही र विशाल तामाङको पुनरावेदन अदालत, इलाममा परेको पुनरावेदन पत्र।

यसमा पुनरावेदक प्रतिवादीले लागु औषध बिक्री वितरण गरेको भन्ने नदेखिएको अवस्थामा सुरूको फैसला फरक पर्न सकिने देखिँदा छलफल निमित्त अदालती बन्दोबस्तको २०२ नं. र पुनरावेदन अदालत, नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय, इलामलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, इलामको मिति २०६६।८।३० को आदेश।

यी दुवै जना प्रतिवादीहरूको बयानअनुसार नै अभियोगपत्रमा उल्लिखित लागु औषध बरामद भएको देखिन्छ । अदालतमा बयान गर्दा प्रतिवादी सुमन शाहीले आफ्नो घरमा लागु औषध बरामद भएको कुरालाई स्वीकार गरेकै देखिन्छ । प्रतिवादी विशाल तामाङले खरिद गरी ल्याएको कुरालाई स्वीकार गरेकै देखिन्छ । घरमा रहे भएको कुरालाई स्वीकार गरेपछि सञ्चय गरेको होइन भन्न मिल्ने देखिएन । खरिद गरी ल्याएको भन्ने कुरा पनि स्वीकार गरेको देखियो । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को उपदफा (च) मा लागु औषध खरिद गर्न सञ्चय गर्न हुँदैन भन्ने व्यवस्था भएको देखिन्छ । त्यस्तोमा ऐ.ऐनको दफा १४ (झ) आकर्षित हुने नै देखियो । प्रतिवादीहरूले सेवन मात्र गर्ने गरेको भनेको आधारमा मात्र निजहरू अभियोग दाबीअनुसारको कसुरदार होइनन् भन्न सक्ने अवस्था नदेखिएकाले झापा जिल्ला अदालतले यी प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार कसुर गरेको ठहर गरी ५ वर्ष कैद र एकलाख जरिवाना हुने गरी गरेको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। निज प्रतिवादीहरूको पुनरावेदन जिकिर र निजहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन । माथि उल्लिखित गरेअनुसार लागु औषध खरिद गरी ल्याएको र घरमा राखी सञ्चय गरेको भन्ने प्रस्ट देखिएकोले यस अदालतको संयुक्त इजलासबाट २०६६।८।३० मा झगडिया झिकाउने आदेश गर्दा लिएको आधारसँग सहमत हुन सकिएन । तसर्थ यी माथि उल्लिखित आधार प्रमाणबाट सुरू जिल्ला अदालतबाट मिति २०६६।५।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, इलामको मिति २०६७।१।२९ को फैसला।

मिसिल संलग्न प्रमाणको उचित एवं न्यायिक ढंगबाट विश्लेषण गरी प्रमाणबाट अभियोग दाबी पुष्टि हुन्छ भने मात्रै कसुरदार कायम गरिने हो । प्रस्तुत मुद्दामा अभियोजन पक्षले अभियोजन पत्रमा बिक्री वितरणसमेतको दाबी गरेकै भरमा उक्त कसुर कायम हुन सक्ने अवस्था रहँदैन । विपक्षी नेपाल सरकारकै गवाह (साक्षी) प्रतिवेदक शिव प्रसाद निरौलाको बकपत्रबाट समेत लागु औषध सेवन गरिरहेको अवस्थामा फेला परेका, बिक्री प्रयोजनको होइन भनी लेखाई दिएबाट उक्त अभियोग दाबी वस्तुनिष्ठ आधार प्रमाणबाट वादी पक्षले पुष्टि गर्न नसकोले प्रतिवादीको जिकिर नै सत्य रहेछ भनी मान्नुपर्ने हुन्छ । म निवेदक प्रतिवादीसमेतले लागु औषध आफ्नै घरमा सेवन गर्दै पक्राउ परेको भन्ने कुरा बरामदी मुचुल्कालगायतका प्रमाणले पुष्टि गरिसकेपश्चात लागु औषध कसैलाई बिक्री वितरण गर्न लागेको भन्न नमिल्ने भई त्यस्तो अवस्थामा दुर्व्यसनीसम्म ठहर्‍याउन मिल्ने भन्ने संवत् २०६४ सालको फौ.पु.नं. ०६१६ सीता गुरूङ विरूद्ध नेपाल सरकार फैसला मिति २०६५।३।२५ सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधार कारणबाट मिसिल संलग्न प्रमाणबाट अभियोग दाबीबमोजिम बिक्री वितरण कसुर स्थापित नभई म निवेदक प्रतिवादीको सेवनको

जिकिर पुष्टि हुँदाहुँदै अभियोग दाबीबमोजिम कसुरदार कायम गरी भएको मिति २०६६।५।९ गतेको सुरू झापा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।१।२९ गतेको फैसलामा प्रमाणको मूल्याङ्कन, न्यायिक मनको अभाव रही मुलुकी ऐन, अ.बं. १८४(क), १८५, प्रमाण ऐन, २०३१ को दफा ३,२५,५४, लागु औषध (नियन्त्रण) ऐन, २०३३ कोदफा ४,१४(१)(ज) (झ) को व्याख्यामा गम्भिर त्रुटि हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) (ख) को अवस्था विद्यमान रहेकाले दोहोर्‍याई हेरी उक्त दुवै फैसला उल्टी गरिपाउँ भन्ने पुनरावेदक सुमन शाही र विशाल तामाङको यस अदालतमा परेको छुट्टाछुट्टै पुनरावेदन पत्र।

यसमा प्रतिवादीहरूले बरामदी लागु औषध आफूहरूले सेवन गर्ने उद्देश्यले ल्याएको र सोही अवस्थामा फेला परेको भनी अनुसन्धानका क्रममा साबिती रही बयान गरेको अवस्था देखिन्छ । प्रतिवादीहरूको कसुर स्थापित गर्दा उक्त बयान व्यहोरा र बरामद भएको लागु औषधको परिमाणसमेतको वस्तुनिष्ठ आधारमा मूल्याङ्कन गरिनु पर्नेमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को खण्ड (ज) र (झ) बमोजिम प्रतिवादीहरूलाई बिक्री वितरण सञ्चयतर्फ सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०६७।१।२९ को फैसलामा प्रमाणको मूल्याङ्कन र लागु औषध (नियन्त्रण) ऐनको उक्त दफा १४ को खण्ड (ज) र (झ) को व्याख्यात्मक त्रुटि विद्यमान रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) अनुसार मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिदिएको छ । प्रस्तुत निवेदन पुनरावेदनको लगतमा दर्ता गरी सम्बन्धित मिसिलहरू र प्रत्यार्थीहरूसमेत झिकाई नियमानुसार गरी पेस गर्नु भनी यस अदालतको मिति २०६८।४।१५ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो।

२. यसमा पुनरावेदन अदालत, इलामबाट भएको फैसला मिलेको छ छैन ? पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने भई त्यसतर्फ विचार गर्दा, यी प्रतिवादीहरू उपर लागु औषध डाइजेपाम, लुपिजेसक, फेनारगन र नाइट्रोजन ट्याबलेटसमेत खरिद बिक्री ओसारपसारमा संलग्न रहेको प्रमाणित भएकोले लागु औषध (नियन्त्रण) ऐन २०३३ को दफा ४ (घ), (ङ), (च), (छ) अनुसारको कसुर अपराधमा ऐ.ऐनको दफा १४(१)(ज) र(झ) अनुसार सजायको मागदाबीसहित अभियोग पत्र दायर भएकोमा सुरू झापा जिल्ला अदालतबाट यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ), (ङ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४ को उपदफा १ को (ज) र (झ) अनुसार जनही ५ वर्ष कैद र १,००,०००।– (एक लाख) जरिवाना हुने ठहर्‍याई फैसला भएको पाइयो।

३. उक्त फैसलाउपर यी प्रतिवादीहरूको पुनरावेदन अदालत, इलाममा पुनरावेदन परेकोमा उक्त अदालतबाट पनि सुरू झापा जिल्ला अदालतको मिति २०६६।५।९ को फैसला सदर हुने ठहर्‍याई फैसला भएको दखियो । पुनरावेदन अदालत, इलामबाट भएको फैसलाउपर चित्त नबुझाई प्रतिवादीहरूको यस अदालतमा मुद्दा दोहोर्‍याई पाउँ भनी निवेदन पर्न आएकोमा उक्त निवेदनमा यस अदालतबाट मिति २०६८।४।१५ मा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई पुनरावेदनको रोहमा दर्ता भई पेस हुन आएको देखियो।

४. सुमन शाहीको घरमा लागु औषध सेवन गर्दा गर्दैको अवस्थामा पक्राउ परेको कुरा बरामदी

मुचुल्कालगायतका प्रमाणहरूले पुष्टि गरिरहेको अवस्थामा अभियोग दाबीअनुरूप बिक्री वितरणको कसुरमा हामी प्रतिवादीहरू सुमन शाही र विशाल तामाङलाई कसुरदार कायम गरी भएको सुरू झापा जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, इलामबाट भएको फैसला त्रुटि पूर्ण हुँदा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरी फैसला उल्टी गरिपाउँ भनी पुनरावेदकहरूले जिकिर लिएको देखियो।

५. प्रतिवादी सुमन शाहीको घर कोठामा लागु औषध फेनारगन ३६ थान लुपिजेसिक ३९ थान, डाइजेपाम ३५ थान फेला पारी बरामदी मुचुल्कासहित सुमन शाही र विशाल तामाङलाई पक्राउ गरी दाखेल गरेको भन्ने प्रहरीको प्रतिवेदनबाट देखिन्छ । प्रतिवादीहरू विशाल तामाङ र सुमन शाहीले बरामद भएको लागु औषध आफूहरूले भारतको पानी टंकीबाट खरिद गरी ल्याई सिरिन्जमा राखी इन्जेक्सन लगाउने गर्दथ्यौं, विगत धेरै वर्षदेखि हामीले लागु औषध प्रयोग गरी आएको हो । वारदात मिति र समयमा समेत लागु औषध इन्जेक्सन प्रयोग गरी रहेको अवस्थामा प्रहरीले फेला पारी ११० थान लागु औषध डाइजेपाम, लुपजेसिक र फेनारगनसमेत बरामद गरेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ । अदालतमा बयान गर्दा पनि बरामद भएको लागु औषध सेवन गर्ने गरेको स्वीकार गरी बिक्री वितरण ओसारपसारको कसुर इन्कार गरेको देखिन्छ । प्रतिवादीहरूका साक्षी कुमार राई र रूपक पौडेलले पनि प्रतिवादीहरूले लागु औषधको कारोबारमा लागेको थाहा छैन। साथी भाइको लहैलहैमा सेवनसम्म गरे होलान् भनी बकपत्र गरिदिएको पाइयो। प्रतिवेदक शिवप्रसाद निरौलाले पनि अदालतमा आई यी प्रतिवादीहरूलाई लागु औषध सेवन गर्दै गरेको अवस्थामा दमक एरियाबाट पक्राउ गरेको हो । बिक्री वितरण गर्ने प्रयोजनको लागि नभई व्यक्तिगतरूपमा सेवन गर्न लिएको भनी बताएअनुरूप सुमन शाहीको घरबाट बरामद गरेको भनी बकपत्र गरिदिएको पाइन्छ।

६. यसरी मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीहरू लागु औषध सेवन गर्दा गर्दैका अवस्थामा प्रतिवादी सुमन शाहीको घरबाट पक्राउ परेको देखिन्छ । प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बयानमा सेवनमा साबित भई बिक्री वितरणको कसुरमा इन्कार रहेका छन् । प्रतिवेदकले पनि यी प्रतिवादीहरू बिक्री वितरणको कसुरमा संलग्न थिए भनी बकपत्र गरिदिएको पाइँदैन । लागु औषध (नियन्त्रण) ऐन २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) र (छ) को कसुर गरेको भनी यी पुनरावेदक प्रतिवादीहरू उपर दाबी लिएको देखिन्छ। उक्त खण्डहरूमा लागु औषध बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, खरिद गर्ने सञ्चय गर्ने राख्ने वा ओसार पसार गर्ने, र गाँजाबाहेक अन्य लागु औषध सेवन गर्ने कार्य निषेध गरेको देखिन्छ। बरामद भएको लागु औषध गाँजाबाहेकको लागु औषध रहेको देखिन्छ । यी पुनरावेदक प्रतिवादीहरूले उक्त खण्ड (छ) मा उल्लिखित गाँजाबाहेकको बरामद भएको लागु औषध सेवन गर्ने कसुर गरेको तथ्य स्वीकार गरेको देखिन्छ। सो खण्ड (छ) बाहेक माथि उल्लेख भएको खण्ड (घ)(ङ)र(च) को कसुर कायम हुन लागु औषधको कारोबार गर्ने उद्देश्यबाट लागु औषधको बिक्री, निकासी पैठारी खरिद, सञ्चय ओसार पसार गर्ने कार्य गरेको हो भन्ने प्रमाणबाट स्थापित हुनुपर्ने देखिन्छ । कानूनको व्याख्या गर्दा त्यसबाट पर्न जाने प्रभावप्रति न्यायकर्ता सदैव गम्भीर रहन पर्ने देखिन्छ। कानूनको यान्त्रिक व्याख्या गर्दा त्यसबाट अनपेक्षित परिणाम निस्कन गई न्यायबाट वञ्चित हुनुपर्ने अवस्थातर्फ पनि न्यायकर्ताले ध्यान पुर्‍याउन जरूरी हुन्छ। कानून र न्यायको समायोजन हुन नसके प्रतिवादीले न्याय प्राप्त गर्ने अवस्था नै रहन्न । अतः न्यायकर्ताले यस

विषयमा गम्भीर भई न्याय सम्पादन गर्न वाञ्छनीय हुन्छ । तथ्यगत रूपबाट लागु औषधको कुलतमा लागेकालाई लागु औषधको कारोबारीको रूपमा सजाय गर्दा न्यायको भावना नै मर्न जाने हुँदा विवेकशील भई न्याय गर्नु न्यायकर्ताको मुलभूत र अन्तरनिहित कर्तव्य भएकोमा द्विविधा हुन सक्दैन । अब प्रस्तुत मुद्दामा भएको तथ्य र प्रमाणको विश्लेषण गर्दा यी पुनरावेदक प्रतिवादीहरूले लागु औषधको कारोबार गर्ने उद्देश्यबाट बरामद भएको लागु औषध खरिद गरी राखेको भन्ने देखिँदैन । बरामद भएको निषेधित वस्तुहरू मिलाएर एकै पटक सिरिन्जबाट शरीरमा इन्जेक्सन लगाउने गरेको भन्ने देखिएकाले बरामदी लागु औषध सेवनको लागि मात्रा मिलाउँदा एक पटक सेवन गर्न तीनै थरी प्रयोग हुने अवस्था देखिएकाले बरामदी लागु औषधको मात्रा ठूलो परिणामको रहेको भन्ने पनि देखिँदैन । बरामद भएको लागु औषध सेवन प्रयोजनकै लागि राखेको भन्ने कुरा यी पुनरावेदकहरू लागु औषधको इन्जेक्सन लगाएको अवस्थामा पक्राउ परेको भन्ने र सिरिन्जसमेत बरामद भएबाट पुष्टि हुन्छ । उल्लिखित आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादीहरू लागु औषधको दुर्व्यसनी रहेको भन्ने प्रमाणित हुन्छ । निजहरूले निषेधित लागु औषध कारोबार गर्ने उद्देश्यबाट खरिद गरी घरमा राखेको भन्ने तथ्य प्रमाणित नभएकोले यी प्रतिवादीहरूको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (झ) मा उल्लेख भएको सजायको व्यवस्था आकर्षित हुने देखिन आएन । प्रतिवादी अनुसन्धान अधिकारी र अदालतसमक्षको बयानमा सेवनमा साबित रहेका र बरामदी लागु औषध सिरिन्जसहित फेला परेकोसमेतको उल्लिखित आधार प्रमाणबाट प्रतिवादीहरूले माथि लेखिएबमोजिम लागु औषध (नियन्त्रण) ऐनको दफा ४ को खण्ड (छ) को कसुर गरेको देखिन आयो । सो कसुर गर्नेका हकमा सोही ऐनको दफा १४ को (१) (ज) मा उल्लेख भएको नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको प्राकृतिक वा कृत्रिम लागु औषध वा मनोद्विपक पदार्थ (साइकोट्रपिक सब्स्ट्रान्स) र तिनको लवण र अन्य पदार्थसमेतको दुव्यर्सन गर्नै व्यक्तिलाई दुई महिनासम्म कैद वा दुइहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेकोले यी पुनरावेदक प्रतिवादीहरूका हकमा सो व्यवस्था आकर्षित हुने देखियो ।

७. तसर्थ माथि विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को १(ज) अनुरूप सजाय हुनुपर्नेमा सोही ऐनको दफा १४ को (ज) र (झ) अनुसार सजाय गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।१।२९ को फैसला मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (ज) बमोजिम प्रतिवादीहरूलाई जनही २ महिना कैद र जरिवाना रू. २०००।– (दुई हजार) जरिवाना हुने ठहर्छ । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत, इलामको फैसला केही उल्टी भई प्रतिवादी सुमन शाही र विशाल तामाङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम जनही २ महिना कैद र रू २०००।– जरिवाना हुने ठहरेको र उक्त कैद, जरिवानाको लगत प्रतिवादीहरू थुनामा बसी व्यतित गरिसकेकोले केही गरी रहनु परेन ---१

यसमा प्रतिवादीहरू मध्ये विशाल तामाङ प्रस्तुत फैसला अगावै प्रस्तुत मुद्दाको रोहबाट छुटी जाने देखिएकोले केही गरिरहनु परेन, अर्का प्रतिवादी सुमन शाहीको हकमा निज कारागार कार्यालय तेह्रथुमको मिति २०७०।८।२६ को पत्रले प्रस्तुत मुद्दाबाट

थुनामुक्त भइसकेको देखिँदा केही गरी रहनु परेन ----२
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू --------------------------३

उक्त रायमा सहमत छु ।
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृत: मुकुन्द आचार्य
इति संवत् २०७३ साल मङ्सिर ६ गते रोज २ शुभम् ।

## निर्णय नं. ९७९३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
आदेश मिति : २०७४।१।१३
०७३-WO-०३९०

विषय : उत्प्रेषण

निवेदक : पुण्यप्रसाद पौडेलको छोरा जिल्ला कास्की ढिकुर पोखरी वडा नं. ७ घर भई हाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल राष्ट्रिय ट्रमासेन्टर महाबौद्ध काठमाडौंमा मेडिकल अधिकृत आठौं तहमा कार्यरत वर्ष ३२ को डा. सन्तोष पौडेल

विरूद्ध

विपक्षी : नेपाल सरकार स्वास्थ्य मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत

- **सरकारबाट अध्ययन गर्न पठाएका राष्ट्रसेवक र कानूनबमोजिम बिदा स्वीकृत गराई निजी तवरमा अध्ययन गरेका राष्ट्रसेवकबीच समान हैसियत रहने र निजी तवरले अध्ययन गरेको भन्ने आधारले मात्र कानूनले विवेकसम्मत आधार देखाई फरक फरक स्थितिमा राखेको अवस्थामा बाहेक वृत्ति विकासको अवसरमा विभेद गर्नु न्याय, कानून र समानताको सिद्धान्तका साथै संविधानद्वारा प्रत्याभूत समानताको हकको समेत विपरीत हुन जाने ।**

(प्रकरण नं.४)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता टंकप्रसाद दुलाल
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता लोकराज पराजुली
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या. हरिकृष्ण कार्की :** नेपालको संविधानको धारा ४६/१३३(२)(३) नं. बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गतको भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ:-

म रिट निवेदकले मिति २०६५।७।५ बाट नेपाल सरकारको स्वास्थ्य सेवामा अस्थायी मेडिकल अधिकृतको रूपमा सेवा प्रवेश गरेकोमा २०६६।१०।२५ को पत्रबमोजिम मेडिकल अधिकृत आठौं तहमा स्थायी भई मिति २०६८।५।३१ सम्म शिशुवा प्राथमिक स्वास्थ्य केन्द्र कास्कीमा सेवा गरेको र मिति २०६८।६।१ बाट २०७१।५।३१ सम्म रेजिडेण्ट मेडिकल अधिकृत भई चिकित्सा विज्ञान

राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल महाबौद्ध काठमाडौंमा हाडजोर्नी विषयमा अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर तह एम. एस. अर्थोपेडिक तथा ट्रमा सर्जरीको अध्ययन पूरा गरी हाल म रिट निवेदक चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल राष्ट्रिय ट्रमा सेन्टर महाबौद्ध काठमाडौंमा आठौं तहको मेडिकल अधिकृत पदमा कार्यरत रहेको हुँदा म रिट निवेदक नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ बमोजिमका खुल्ला प्रतियोगिताद्वारा गरिने पदपूर्तिको लागि नेपाल स्वास्थ्य सेवा नियमावली (संशोधनसहित) २०५५ को नियम १५ तथा अनुसूची ६ को (२) (छ) बमोजिम नेपाल स्वास्थ्य सेवा सर्जरी समूह अर्थोपेडिक सर्जरी उपसमूह नवौं तह (प्रा.) कन्सलटेण्ट अर्थोपेडिक सर्जनको पदको लागि विपक्षी आयोगको विज्ञापन नं. १७१४१/०७२/०७३ को पदका लागी उम्मेदवार बन्न योग्य भई उक्त विज्ञापनको खुल्ला प्रतियोगितामा सामेल भएको थिएँ। उक्त विज्ञापनमा पद संख्या ३ माग भएकोमा २०७२ साल माघ २३ र २४ गते सञ्चालन भएको लिखित परीक्षामा म रिट निवेदक उत्तीर्ण भई मिति २०७३।४।११ गतेको दिन अन्तर्वार्ता तोकी म रिट निवेदकलाई विपक्षी आयोगको सूचना नं. ११८४/०७२/०७३ मिति २०७३।३।२० को विपक्षी आयोगको सूचनामा लिखित परीक्षामा उत्तीर्ण भई अन्तर्वार्ताको लागि सूचीकृत गरिएको थियो । म रिट निवेदकको स्नातकोत्तर तहको अध्ययनको अवधि रेजिडेण्ट अध्ययन समयलाई अनुभवको रूपमा लिन नमिल्ने भनी उक्त मिति २०७३।४।११ गतेको अन्तर्वार्तामा सहभागी नगराएको हुँदा म रिट निवेदकले मिति २०७३।४।१२ गतेका दिन द.नं. १०२ बमोजिम विपक्षी लोक सेवा आयोगको कार्यालयमा अन्तर्वार्तामा सहभागी हुन पाउँ भनी निवेदन दिएको थिएँ। म रिट निवेदक जस्तै समान चिकित्सा शास्त्र विश्वविद्यालय/महाविद्यालयमा सरकारबाट मनोनित भई सरकारको व्ययभारमा अध्ययन गरेका व्यक्तिहरू बद्री चापागाई, विज्ञापन नं. १७०८३ अन्तर्गत अशोक श्रीपाइली, विज्ञापन नं. १७०७४ अन्तर्गत रूद्र प्रसाद मरासिनी, विज्ञापन नं. १७०८१ अन्तर्गत जगत जीवन घिमिरेसमेतले गरेको अध्ययनलाई अनुभव मानेको तर सोही किसिमको आफ्नो निजी प्रयासमा गरेको अध्ययन एवं तालिमलाई अनुभव नमान्दा खुल्ला प्रतिष्पर्धामा खोजिएको अनुभवको सिद्धान्तविपरीत भई नेपालको संविधानको धारा १८(१) ले प्रदान गरेको कानूनको अगाडि समानता र कानूनको समान संरक्षण प्राप्त हुने हकमा गम्भिर उल्लङ्घन भएकोले विपक्षी आयोगमा दर्ता नं. १०२ मिति २०७३।४।१२ मा म रिट निवेदकलाई अन्तर्वार्तामा सहभागी गराई पाउन निवेदन दिएकोमा सेवा अवधि प्रमाणित हुने कागजात नपुगेको भनी मेरो उक्त अनुभवलाई ग्रहण नगरी मिति २०७३।७।१९ मा सूचना नं. ३५४/०७३/०७४ बमोजिम अन्तर्वार्ताको सूचनाबाट हटाउने कार्य भएकोले उक्त सूचना र सोसँग सम्बन्धित निर्णय एवं कामकारवाही नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी म रिट निवेदकले एम.एम. अर्थोपेडिक तथा ट्रमा सर्जरी विषयमा अध्ययन गर्दा प्राप्त गरेको अनुभवलाई मान्यता प्रदान गरी अन्तर्वार्तामा सहभागी गर्नु गराउनु र म रिट निवेदकको जेष्ठतासमेत उक्त विज्ञापनमा सिफारिस भएको शिवराज पनेरू र सरोज कुमार सिंह समान नै हुने गरी जेष्ठता कायम गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाऊँ। साथै उक्त विज्ञापन नं. १७१४१ बमोजिम खुल्ला प्रतिस्पर्धाबाट नेपाल स्वास्थ्य सेवा सर्जरी समूह अर्थोपेडिक सर्जरी उपसमूह नवौं तह (प्रा.) कन्सल्टेण्ट अर्थोपेडिक सर्जन पदको लागि ३ पद संख्या माग गरिएकोमा हाल मिति २०७३।७।१९ सूचना नं. ३५६/०७३/०७४ बमोजिम शिवराज पनेरू र सरोज कुमार सिंहलाई मात्र विपक्षी आयोगले सिफारिस गरेको र हाल एक पद खाली भएकोले सुविधा र सन्तुलनको सिद्धान्तको आधारमा

उक्त पदमा म रिट निवेदकबाहेक अन्य व्यक्तिलाई सिफारिस नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी निवेदन पत्र र यो आदेशको प्रतिलिपीसमेत साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन मागका सम्बन्धमा विचार गर्दा अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्षका बीच छलफल गराई आदेश गर्नु उपयुक्त हुने हुँदा अन्तरिम आदेशको छलफलका लागि मिति २०७३।८।१२ गतेको पेसी तोकी उक्त पेसीको सूचना विपक्षीलाई दिनु भन्ने यस अदालतबाट भएको मिति २०७३।७।३० को आदेश।

रिट निवेदकले दाबी गरेबमोजिम अन्तर्वार्तामा सहभागी नगराउने भनी सूचना प्रकाशन गर्ने गराउने कामकारवाही यस मन्त्रालयले गरे गराएको छैन। निवेदकले बदर माग गरेको मिति २०७३।७।१९ को निर्णय सूचना प्रकाशनलगायत निवेदन दाबीका कुनै कार्य यस मन्त्रालयले गरे गराएको होइन, गरे गराएको भनी लेख्न सकेको तथा सक्ने अवस्थासमेत छैन। रिट निवेदकलाई प्रतिकूल असर पर्ने कार्य यस मन्त्रालयले नगरे नगराएकोले यस मन्त्रालयलाई विपक्षी महलमा विपक्षी बनाउँदैमा कुनै दायित्व सिर्जना हुने नहुँदा यस मन्त्रालयको हकमा कुनै आदेश जारी गर्न मिल्दैन। यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्नेसम्मको कारण रिट निवेदकले उल्लेख गर्न सक्नु भएको छैन, न त सक्ने अवस्था नै छ। निवेदकले निजी प्रयासमा गरेको अध्ययन तथा तालिमलाई अनुभव मान्ने नमान्ने भन्ने कुरा कानूनी प्रश्न भएकोले यस सम्बन्धमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ बमोजिम हुने विषय हो। रिट निवेदकले उल्लेख गरेजस्तो अशोक श्रीपाइलीसमेतका व्यक्तिले गरेको अध्ययनलाई मान्यता दिई रिट निवेदकको समान अवस्थाको अध्ययनलाई मान्यता नदिई असमान व्यवहार तथा भेदभाव गर्ने कार्य यस मन्त्रालयबाट भएकै छैन। भेदभाव तथा असमान व्यवहार गर्नु हुँदैन भन्ने मान्यतामा यस मन्त्रालय अडिग छ। यस मन्त्रालयको कामकारवाहीले विपक्षीको कुनै संवैधानिक तथा कानूनी हकमा प्रतिकूल असर परेको अवस्था विद्यमान नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको स्वास्थ्य मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ को उपनियम (१) मा ऐनको दफा ७ को उपदफा (२) तथा नियम ८ बमोजिम सेवाको अनुसूची-३ मा उल्लिखित समूह तथा उपसमूहको खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने पदको लागि आवश्यक न्यूनतम योग्यता अनुसूची-६ मा उल्लेख गरिएबमोजिम हुने कानूनी व्यवस्था रहेको छ। जसअनुसार नेपाल स्वास्थ्य सेवा, सर्जरी समूहको अर्थोपेडिक सर्जरी उपसमूहको प्राविधिक कन्सल्टेण्ट अर्थोपेडिक सर्जन पद अधिकृत नवौं र एघारौं तहका लागि अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त हुनुपर्ने विषयमा कुनै विवाद रहेन। रिट निवेदक आफूले निजी प्रयासमा अध्ययन बिदा लिई अध्ययन गरेको अनुभवलाई सूचनामा प्रकाशित भएबमोजिमको अनुभवको प्रयोजनका लागि अनुभवको रूपमा ग्रहण गर्न नमिल्ने भनी भएको जानकारी सम्बन्धमा निवेदक सन्तोष पौडेल नेपाल स्वास्थ्य सेवाको सातौं र आठौं तहमा गरी मिति २०६५।०७।०५ देखि २०६७।०७।०४ सम्म २ वर्ष सेवा अवधि २०७१।०६।१३ देखि पुन: काम गरेको

अवधि देखिए तापनि सोबीचको अवधि निजी प्रयासमा MD गर्न गएको भन्ने देखिएबाट सोको प्रमाणित कागजात ३ दिनभित्र पेस गर्न रिट निवेदकलाई समय उपलब्ध गराइएकोमा उक्त अवधिमा सोको प्रमाणित कागजात निजले पेस गर्न नसकेबाट अनुभवको लागि आवश्यक सेवा अवधि ५(पाँच) वर्ष पुगेको देखिएन। सोही आधारमा रिट निवेदकलाई अन्तर्वार्तामा समावेश नगराई निजको दरखास्त फाराम, लिखित परीक्षा रद्द गरी अन्तर्वार्ता सूचीबाट हटाइएको आयोगको मिति २०७३।०७।१९ को निर्णय कानून तथा न्यायसङ्गत भएकोले प्रस्तुत रिट खारेजभागी छ। निजी प्रयासमा गरेको अध्ययनको अवधिलाई अनुभवको अवधिमा गणना गर्ने हो भने सरकारी तवरमा अध्ययन गर्ने कानूनी प्रावधान निस्प्रयोजन हुन जान्छ। कसैले आफूखुशी अध्ययन गर्दछ भने त्यसको जवाफदेहिता सरकारले लिनु पर्ने हुँदैन। निजले आफूखुशी अध्ययन गर्दाका बखत प्राप्त गरेको अनुभवलाई सेवाको अनुभव अवधिमा गणना गर्दा सरकारी सेवाको सरकारको आवश्यकताबमोजिम कर्मचारीलाई तालिम दिने, शैक्षिकरूपमा योग्य बनाउने जस्ता सिद्धान्त नै मर्न जान्छ। त्यसैले सेवाको आवश्यकतामा नभई निजी आवश्यकता पूरा गर्न अध्ययनमा गएको अवधि कुनै अनुभवमा गणना हुन सक्दैन। तसर्थ यस आयोगबाट नीतिगतरूपमा नै मिति २०७३।०३।३० नि.नं. ३३०/०७२/०७३ मा त्यस्तो प्रकारको अवधिलाई अनुभवमा गणना नगर्ने गरी निर्णय गरेको हुँदा सोही निर्णयबमोजिम यी रिट निवेदकको पनि अनुभव अवधि पूरा भएको नदेखिएबाट निजको दरखास्त र लिखित परीक्षा रद्द गरी अन्तर्वार्तामा सहभागी नगराउने निर्णय गरिएकोले रिट निवेदन आधार र तथ्यहीन हुँदा खारेजभागी छ भन्ने व्यहोराको लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरको तर्फबाट पेस भएको लिखित जवाफ।

यसमा निवेदकले लोक सेवा आयोगमा पेस गरेको दरखास्त फारम निज कार्यरत अस्पतालको प्रमुख मेडिकल सुपरिन्टेन्डेन्टबाट प्रमाणित भइरहेको, निवेदनसाथ पेस भएको उम्मेदवारको अनुभव र असाधारण बिदासम्बन्धी विवरण फारमबाट देखिएकोले अन्तरिम आदेश जारी नगर्दा निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने देखिँदा निवेदकले माग गरेको हाल रिक्त पदमा प्रस्तुत निवेदकको टुंगो नलागेसम्म अन्य कसैलाई सिफारिस नगर्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। अन्तरिम आदेशको सूचना विपक्षीहरूलाई दिनु भन्ने यस अदालतको मिति २०७३/०९/०१ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री टंकप्रसाद दुलालले निवेदक असाधारण बिदा स्वीकृत गराई निजी तवरमा सम्बन्धित विषयको उपाधी प्राप्त गरी आयोगबाट विज्ञापन भएको पदमा न्युनतम योग्यता पुगेको अवस्थामा दरखास्त स्वीकार गरी लिखित परीक्षामा सामेल गरी अन्तर्वार्ताको लागि छनौट गरिसकेपछि गैरकानूनीरूपमा निवेदकको दरखास्त फारम र लिखित परीक्षासमेत रद्द गरी अन्तर्वार्ताको सूचीबाट हटाइएकोले निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्दछ भनी तथा विपक्षीका तर्फबाट महान्यायाधिवक्ता कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले सेवाको आवश्यकतामा नभई निजी आवश्यकता पूरा गर्न अध्ययनमा गएको अवधि अनुभवमा गणना नगर्ने गरी निर्णय गरेको हुँदा दरखास्त र लिखित परीक्षा रद्द गरी अन्तर्वार्तामा सहभागी नगराउने नीतिगतरूपमा नै निर्णय गरिएकोले रिट जारी हुन सक्ने अवस्था नरहेको भनी बहस प्रस्तुत गर्नुभयो।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को

दफा ८ बमोजिमका खुल्ला प्रतियोगिताद्वारा गरिने पदपूर्तिको लागि नेपाल स्वास्थ्य सेवा नियमावली (संशोधनसहित) २०५५ को नियम १५ तथा अनुसूची ६ को (२) (छ) बमोजिम नेपाल स्वास्थ्य सेवा सर्जरी समूह अर्थोपेडिक सर्जरी उपसमूह नवौं तह (प्रा.) कन्सलटेण्ट अर्थोपेडिक सर्जनको पदको लागी विपक्षी आयोगको विज्ञापन नं. १७१४१/०७२/०७३ को पदका लागि उम्मेदवार बन्न योग्य भई उक्त विज्ञापनको खुल्ला प्रतियोगितामा सामेल भई लिखित परीक्षामा उत्तीर्ण भई अन्तर्वार्ताको लागि सूचीकृत भएकोमा स्नातकोत्तर तहको अध्ययनको अवधि रेजिडेण्ट अध्ययन समयलाई अनुभवको रूपमा लिन नमिल्ने भनी विपक्षी लोक सेवा आयोगले निवेदकलाई विज्ञापन नं. १७१४१ अन्तर्गतको अन्तर्वार्ताको सूचीबाट हटाउने गरी प्रकाशित गरेको सूचना नं. ३५४/०७३/०४ को मिति २०७३/७/१९ को सूचना र सोसँग सम्बन्धित निर्णय एवं काम कारवाही गैरकानूनी भएको भनी उत्प्रेषणको आदेशद्वारा बदर गरी रिट निवेदकले अर्थोपेडिक तथा ट्रमा सर्जरी विषयमा अध्ययन गर्दा प्राप्त गरेको अनुभवलाई मान्यता प्रदान गरी अन्तर्वार्तामा सहभागी गर्नु गराउनु र रिट निवेदकको जेष्ठतासमेत उक्त विज्ञापनमा सिफारिस भएका सिवराज पनेरू र सरोज कुमार सिंह समान नै हुने गरी जेष्ठता कायम गराउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुख्य रिट निवेदन जिकिर रहेको पाइन्छ।

२. अब निवेदकको मागबमोजिम रिट जारी हुनुपर्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने भई तत्सम्बन्धमा विचार गर्दा लोक सेवा आयोगबाट सूचना नं. २९७/०७२-०७३ विज्ञापन नं. १७१४१/०७२-७३ मा प्रकाशित सेवाः स्वास्थ्य, पदः कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, समूहः सर्जरी, उपसमूहः अर्थोपेडिक सर्जरी नवौ तहको खुलातर्फको माग पद संख्या ३ पदको विज्ञापनमा रिट निवेदकले आफ्नो अनुभव र शैक्षिक योग्यतासमेत खुलाई विभागीय प्रमुखले प्रमाणित गरिदिएको दरखास्त फारम भरी लिखित परीक्षामा सम्मिलित भई आयोगबाट मिति २०७३/०३/२० मा प्रकाशित लिखित परीक्षाको नतिजामा उत्तिर्ण भई अन्तर्वार्ताको लागि छनौट भएकोमा सेवा अवधि प्रमाणित हुने कागजात नपुगेको भनी निवेदकको दरखास्त फारम र लिखित परीक्षासमेत रद्ध गरी अन्तर्वार्ताको सूचीबाट हटाइएको मिसिल संलग्न लोक सेवा आयोग अन्तर्वार्ता तथा सिफारिस शाखाको मिति २०७३/०७/१९ को सूचना नं. ३५४/०७३-७४ समेतका कागजातबाट देखिन्छ।

३. विपक्षी आयोगको लिखित जवाफमा निजी प्रयासमा अध्ययन गरेको अनुभवलाई सूचनामा प्रकाशित भएबमोजिमको अनुभवको प्रयोजनका लागि अनुभवको रूपमा ग्रहण गर्न नमिल्ने र अनुभवको लागि आवश्यक सेवा अवधि ५(पाँच) वर्ष पूरा भएको नदेखिएबाट निजको दरखास्त र लिखित परीक्षा रद्द गरी अन्तर्वार्तामा सहभागी नगराउने निर्णय भएको भन्ने उल्लेख भएबाट सर्वप्रथम निवेदकको योग्यता पुगे नपुगेको के रहेछ सो विषय निर्क्योल गर्नुपर्ने देखिन आयो। लोक सेवा आयोगले विज्ञापन प्रकाशित गर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (१) को खण्डा (ङ) र (च) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने अधिकृत नवौं तह पदको लागि अनुसूची-६ मा उल्लिखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित तहको अधिकृत स्तरमा नवौं तहको हकमा पाँच वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ भनी योग्यता तोकेको देखिन्छ। सोबमोजिम खुल्ला प्रतियोगिताद्वारा गरिने पदपूर्तिको लागि उक्त अनुसूची-६ मा अर्थोपेडिक सर्जरीको लागि अर्थोपेडिक सर्जरीमा स्नातकोउत्तर उपाधी प्राप्त हुनुपर्ने व्यवस्था गरेबमोजिम निवेदक स्नातकोत्तर प्राप्त उम्मेदवार भएकोमा विवाद रहेको पाइएन। नेपाल स्वास्थ्य सेवा नियमावली (संशोधनसहित) २०५५ को नियम १५(३) मा ऐनको

दफा ८(१) (ङ) को लागि अनुभव तोकिएको अवस्था नदेखिएकोमा अनुभव नभएको भन्ने पनि नदेखिएको र निवेदकले Resident Medicial officer भई M.D. को अध्ययन गरेको अवधिमा २०६८/१२/१ देखि २०७१/५/३० सम्म असाधारण बिदा लिई अध्ययन गरेको देखिएकोमा यस्तोमा अनुभवसमेत गणना गर्ने गरिएको अभ्यास रहेको भन्ने पेस भएको लोक सेवा आयोगको मिति २०७३/७/१८ को टिप्पणी आदेशमा उल्लेख भएको देखिन्छ। रिट निवेदक मिति २०६६/१०/२५ बाट जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीअन्तर्गतको शिशुवा प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत (आठौं) तहमा स्थायी नियुक्ति भई उक्त कार्यालयमा र तत्पश्चात चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल हुँदै सोही प्रतिष्ठानको ट्रमा सेन्टरमा कार्यरत रही परीक्षा फारम भर्दाका बखतसम्म पदाधिकार रहेको मिसिल संलग्न कागजातबाट देखिन आउँछ । कानूनद्वारा अन्यथा नगरिएको अवस्थामा पहिलेदेखि अवलम्बन गरिएको अभ्यासबाट यी निवेदकले Residential Medicial officer भई M.D. को अध्ययन गरेको अवधिलाई अनुभवमा गणना गर्नु नपर्ने भन्न सकिएन।

४. अब जहाँसम्म निजी प्रयासमा अध्ययन गरेको अनुभवलाई सूचनामा प्रकाशित भएबमोजिमको अनुभवको प्रयोजनका लागि अनुभवको रूपमा ग्रहण गर्न नमिल्ने र अनुभवको लागि आवश्यक सेवा अवधि ५(पाँच) वर्ष पूरा भएको नदेखिएबाट निवेदकको दरखास्त र लिखित परीक्षा रद्द गरी अन्तर्वार्तामा सहभागी नगराउने निर्णय भएको भन्ने लिखित जवाफ सम्बन्धमा यी निवेदक असाधारण बिदा स्वीकृत गराई निजी प्रयासमा अध्ययन गरेकोमा निज रिट निवेदक र सरकारबाट अध्ययन गर्न पठाएका व्यक्तिहरूको अनुभवबापत काम गरेको अवस्था समान रहेको देखिन आयो। रिट निवेदक असाधारण बिदामा रही सम्बन्धित विषयमा अध्ययन गरी स्नातकोउत्तर उपाधी प्राप्त गरेकोमा विवाद देखिँदैन। यसरी सरकारबाट अध्ययन गर्न पठाएका राष्ट्रसेवक र कानूनबमोजिम बिदा स्वीकृत गराई निजी तवरमा अध्ययन गरेका राष्ट्रसेवकबीच समान हैसियत रहने र निजी तवरले अध्ययन गरेको भन्ने आधारले मात्र कानूनले विवेकसम्मत आधार देखाई फरक फरक स्थितिमा राखेको अवस्थामा बाहेक वृत्ति विकासको अवसरमा विभेद गर्नु न्याय, कानून र समानताको सिद्धान्तका साथै संविधानद्वारा प्रत्याभूत समानताको हकको समेत विपरीत हुन जान्छ।

५. अतः यी निवेदक अध्ययन गर्न असाधारण बिदा स्वीकृत गराई गएको तथा कानूनद्वारा तोकेको योग्यता पुगेको र लोक सेवा आयोगले निजको दरखास्त फारमसमेत लिई परीक्षा लिई लिखित परीक्षामा समावेश भई उत्तीर्ण गरेकोसमेत देखिँदा हाल आएर निवेदकको नाम अन्तर्वार्ताको सूचीबाट हटाउने गरी निवेदकको दरखास्त फारम र लिखित परीक्षासमेत रद्ध गरी अन्तर्वार्ताको सूचीबाट हटाइएको लोक सेवा आयोग अन्तर्वार्ता तथा सिफारिस शाखाको मिति २०७३/०७/१९ को सूचना नं. ३५४/०७३-७४ मा प्रकाशित सूचना, सोसँग सम्बन्धित निर्णय र अन्य काम कारवाही कानूनविपरीत भएबाट उत्प्रेषणको आदेशले बदर गरी रिट निवेदकलाई अन्तर्वार्तामा समावेश गरी कानूनबमोजिम नतीजा प्रकाशन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृत: नविन कोइराला
इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

## निर्णय नं. ९७९४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७३।११।८
०७०-CR-११४५

मुद्दा : सवारी ज्यान

पुनरावेदक / वादी : पारूग वलीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : सिन्धुपाल्चोक जिल्ला, ठुले धादिङ गाउँ विकास समिति वडा नं. ६ घर भई हाल काठमाडौं जिल्ला, जोरपाटी बराल पेट्रोल पम्प नजिक बस्ने सेरपु लामा

- **कुनै पनि सवारी चलाउने व्यक्तिले सवारी चालक अनुमतिपत्र लिनुपर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई अनिवार्यरूपमा पालना गर्नुपर्ने व्यवस्था हो । सार्वजनिक सडकमा सवारी चलाउने ज्ञान र सीप नभई कुनै पनि सवारी चलाउनु हुँदैन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले लिखित र प्रयोगात्मक परीक्षणबाट सफल भएका उम्मेदवारलाई सवारी चालक अनुमतिपत्र प्रदान गर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । तसर्थ लिखित र प्रयोगात्मक परीक्षणमा उत्तीर्ण भई सवारी चालक अनुमतिपत्रको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिमा सवारी चलाउने ज्ञान र सीप भनी कानूनतः अनुमान गर्नु पर्ने ।**
- **सवारी चालक अनुमतिपत्र नै नभएका व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको कानूनद्वारा निषेधित कार्य हो । कानूनद्वारा निषेधित कार्य गरी सवारी चलाउने अनुमति नै प्राप्त नगरेको व्यक्तिले सवारी चलाई सो सवारी साधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सोकार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको मान्नुपर्ने ।**

(प्रकरण नं.४)

- **कुनै पनि सवारी साधन चलाउन सवारी चालक अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को व्यवस्था र दफा १६१(२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एक अर्कामा अन्तर्सम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१(२) आकर्षित हुने ।**

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता सुरेन्द्रबहादुर थापा
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :

- नेकाप २०७० फागुन, नि.नं.९०७३, पृ.१३२७

सम्बद्ध कानून :

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ र १६१(२)

सुरु तहमा फैसला गर्ने :

मानननीय जिल्ला न्या. श्री नारायणप्रसाद श्रेष्ठ

पुनरावेदन तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री रामचन्द्र यादव

फैसला

**न्या. पुरूषोत्तम भण्डारी :** न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को (क) र (ख) बमोजिम मुद्दा दोहोर्‍याई हेरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा निवेदन परी दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः

मृतक गणेशप्रसाद ओझाको बायाँ खुट्टाको कुर्कुच्चाभन्दा माथि गोली गाँठो नजिक नली खुट्टाको हाड भाँच्चिएर बाहिर निस्की दुई टुक्रा भएको, टाउकोमा दायाँपट्टी कानभन्दा माथि कन्चटको भागमा थिल थिल अवस्थामा रहेको भित्र टाउकोमा हाड फुटेको भन्नेसमेत व्यहोराको लास जाँच प्रकृति मुचुल्का।

मिति २०६५।८।१२ गते बेलुका राति अं. २३.०० बजेको समयमा मेरो बुबा खाना खाने होटलमा खाना खान पैदल जाँदै गरेको अवस्थामा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ सिनामंगलस्थित मूल सडकमा प्रतिवादी सेरपु लामाले चलाएको विपरीत दिशाबाट आएको बा. ९ प. ६८३५ नं. को मोटरसाइकल लापरवाहीपूर्वक चलाई ल्याई बुबालाई ठक्कर दिई घाइते भएकोमा बुबाको काठमाडौं मेडिकल कलेज सिनामंगल काठमाडौंमा मृत्यु भएकोले कानूनबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको पारूग वली ओझाले दिएको जाहेरी दरखास्त।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका ९ सिनामंगलमा बा. ९ प. ६८३५ नं. को मोटरसाइकल लडिरहेको, हेडलाइट कभर फुटेको अवस्थामा रहेको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

मैले चलाएको मोटरसाइकलले ठक्कर दिई घाइते भएको कारण गणेशप्रसाद ओझाको मृत्यु भएको हो । वारदातको बेला मैले ३ बोतल बियर खाएको हुँ। मैले कुनै पनि सवारी साधन चलाउने इजाजतपत्र प्राप्त गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी सेरपु लामाले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

प्रतिवादी सेरपु लामाको मुखबाट मादक पदार्थ गन्ध आउँछ । निजले मादक पदार्थ रक्सी सेवन गरेको छ भन्नेसमेत व्यहोराको बीर अस्पताल काठमाडौंको पत्र।

हामीहरूले घटनास्थलमा सडक पार गरी आफ्नो साईडमा आइसकेको अवस्थामा प्रतिवादी सेरपु लामाले लापरवाहीपूर्वक चलाई ल्याएको मोटरसाइकलले गणेशप्रसाद ओझालाई ठक्कर दिई मृत्यु भएको हो भन्नेसमेत व्यहोराको घटनाको प्रत्यक्षदर्शीहरू राजेन्द्रकुमार गौतम र गंगामणी शर्माले गरेको एकै मिलानको छुट्टाछुट्टै कागज।

गणेशप्रसाद ओझा र सेरपु लामा सडकमा लडिरहेको अवस्थामा देखेको हुँ। तत्काल म आत्तिएर हिँडेको हुँ र गणेशप्रसाद ओझाको मृत्यु भएछ भन्नेसमेत व्यहोराको पारस लामाले गरेको कागज।

मिति २०६५।१२।८ गतेका दिन मादक पदार्थ अल्कोहल सेवन गरी लापरवाहीपूर्वक बा. ९ प. ६८३५ नं. को मोटरसाइकल चलाई गणेशप्रसाद ओझालाई ठक्कर दिई निजको मृत्यु भएको भन्ने देखिँदा निज प्रतिवादी सेरपु लामाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) र (४) बमोजिमको कसुर अपराधमा निज प्रतिवादी सेरपु लामालाई सोही ऐनको दफा १६१(२) र (४) बमोजिम

सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी।

प्रतिवादीले सवारी चालक अनुमतिपत्र नलिएको अवस्थामा मोटरसाइकल चलाएको एवं घटनाको स्वरूप, प्रकृति एवं परिस्थिति र प्रतिवादीले गरेको कसुरको मात्राको आधारमा प्रतिवादी सेरपु लामालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अनुसार ५ (पाँच) महिना कैद र रू. २,०००।– (दुई हजार) जरिवाना हुने ठहर्छ । साथै प्रतिवादीले सवारी चालक अनुमतिपत्र नलिई मोटरसाईकल चलाएको देखिँदा ऐ. ऐनको दफा १६०(२)(क) अनुसार रू.२,०००।– (दुई हजार रूपैया) जरिवाना हुने ठहर्छ। प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) र (४) बमोजिम सजाय गरिपाउँ भन्ने हदसम्म वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०६६।११।५ को फैसला।

प्रतिवादीले मादक पदार्थसमेत खाई चालक अनुमतिपत्र बिना सवारी चलाउने जस्ता दुवै कार्य लापरवाहीपूर्ण हुनुका साथै कानूनतः निषेधित भई रहेको कसुर अपराधको अवस्थातर्फ कुनै विवेचना नै नगरी अभियोग दाबीको कसुर ठहर नभएको हदसम्मको सुरू फैसला न्यायोचित नभई सो हदसम्म बदरभागी छ। अतः अभियोग दाबीभन्दा कम सजाय ठहर भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला सो हदसम्म बदर गरी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारका तर्फबाट पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

प्रतिवादीको सवारी चालक अनुमति नभएको तथा घटना हुँदाको दिन दिउँसो मादक पदार्थ वियर सेवनसमेत गरेको थिएँ भनी प्रतिवादीले बयानमा स्वीकार गरिरहेको अवस्थामा लापरवाहीको कारण घटना भएको होइन भनी वादी पक्षले लिएको सजायको अभियोग माग दाबीबाट घटाई सजाय गरेको सुरूको फैसला प्रमाण मूल्याङ्कनको सन्दर्भमा फरक पर्न सक्ने देखिँदा प्रत्यर्थी झिकाउनु भन्ने पुनरावेदन अदालत, पाटनको आदेश।

प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम कसुर गरेकोले निजलाई सोही ऐनको सोही दफाबमोजिम ५ महिना कैद र रू.२,०००।– जरिवानासमेत हुने ठहर्‍याई भएको काठमाडौं जिल्ला अदालतको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भन्नेसमेतको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१२।१९ को फैसला।

प्रतिवादीले लापरवाहीपूर्वक सवारी चलाएको कारण मृतकको मृत्यु भएको भनी किटानी जाहेरी परेको, सवारीको रफ्तारको ४०-५० कि.मी. रहेको चालक अनुमतिपत्र नभएको तथ्य निर्विवाद रहेको, निजले मादक पदार्थ खाई सवारी चलाएको भनी मौका र अदालतमा समेत बयान गरेको जस्ता तथ्य प्रमाण हुँदाहुँदै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) र (३) को गलत व्याख्या एवम् प्रयोग गरी प्रतिवादीलाई दाबीभन्दा घटी सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । मिसिल संलग्न दुर्घटना प्रतिवेदन प्रतिवादीको मौकाको स्वास्थ्य परीक्षण प्रतिवेदन, निजको मौकाको बयानलगायतका मिसिल प्रमाणको समुचित मूल्याङ्कन नगरी जाहेरवालाको बकपत्र नभएको भन्ने आधार ग्रहण गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा १८, २७ र ५४ को पालनामा गम्भीर त्रुटिपूर्ण छ । साथै चालक अनुमतिपत्र नलिई सवारी चलाउने कार्य नै लापरवाहीपूर्ण क्रिया भएकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(२) अनुसार कै कसुर कायम भई सोही दफा बमोजिम कैद तथा दफा १६१(४) अनुसार थप जरिवाना हुने भनी ने.का.प. २०६५, अंक ८, पृष्ठ २४ समेतमा सर्वोच्च



सर्वोच्च अदालत

अदालतबाट नजिर प्रतिपादन भएकोमा उक्त फैसलामा प्रतिपादित सिद्धान्तसमेतको पालनामा गम्भीर त्रुटिपूर्ण छ । तसर्थ न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१) को खण्ड (क) र (ख) बमोजिम प्रस्तुत मुद्दा दोहोर्‍याई हेरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेतको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको निवेदन पत्र ।

यसमा प्रतिवादी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको भन्ने निज स्वयम्को बयानमा स्वीकार गरेको देखिन्छ । सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ५४ को विपरीत देखिनुको अतिरिक्त त्यसरी सवारी चलाउनु स्वयम्मा नै लापरवाहीपूर्ण क्रिया भएकोले उक्त ऐनको दफा १६१(२) को कसुर कायम हुने भनी ने.का.प. २०६५, अंक ८, पृष्ठ २४ मा यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भइरहेकोमा प्रतिवादीलाई उक्त ऐनको दफा १६१(३) बमोजिम कसुर कायम गरी सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा उक्त सिद्धान्त तथा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ५४ को समेतको व्याख्यात्मक त्रुटि देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा (१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गरी दिएको छ भन्ने मिति २०७०।१०।२४ मा यस अदालतबाट भएको आदेश ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापाले प्रतिवादीसँग सवारी चालक अनुमतिपत्र नभएको तथ्य निर्विवादित छ । निजले मादक पदार्थ सेवन गरी सवारी चलाएकोसमेत देखिन्छ । सवारी गति पनि ४०-५० कि.मी. प्रतिघण्टा रहेको अवस्था छ । सवारी चालक अनुमतिपत्र नभई सवारी चलाउनु नै स्वयम्मा लापरवाहीपूर्ण क्रिया हो । सोबाहेक पनि निजले मादक पदार्थ सेवन गरेको, तिव्र गतिमा सवारी चलाएको जस्ता क्रियाले चरम लापरवाहीको अवस्था देखिएको छ । यस्तो अवस्थामा पनि प्रचलित कानूनको गलत ब्याख्या गरी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको पालना नगरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकोले उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्दछ भनी बहस गर्नुभयो ।

यसमा प्रतिवादीले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी मादक पदार्थ सेवन गरी मोटरसाइकल चलाई मृतकलाई ठक्कर दिई निजको मृत्यु भएकोले निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६(१) (२) बमोजिम सजाय हुन र बिना लाइसेन्स सवारी चलाएकोले ऐ. को उपदफा (४) बमोजिम थप सजाय गरी पाउन मागदाबी लिई अभियोगपत्र दायर भएको रहेछ । सवारी चालक अनुमतिपत्र नभएकै कारणले मात्र लापरवाहीपूर्वक सवारी चलाएको मान्न सकिने अवस्था नदेखिएको र मोटरसाइकल चलाउँदा दुर्घटना भई मृतकको मृत्यु भएको देखिएकोले प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ५ महिना कैद र २,०००।– जरिवाना हुने ठहर्‍याई भएको सुरू जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालतले सदर गरेको देखियो । प्रतिवादीको सवारी चालक अनुमतिपत्र नभएको तथ्य निर्विवादित भएको, निजले मादक पदार्थसमेत सेवन गरी सवारी चलाएको देखिएको र सवारीको गति पनि तिव्र रहेको अवस्था हुँदाहुँदै प्रतिवादीलाई अभियोग मागदाबीभन्दा कम हुने गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम सजाय गरेको फैसला प्रचलित कानून र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत भएकोले दोहोर्‍याई हेरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा

निवेदन परी दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई पेस हुन आएको रहेछ।

यसप्रकारको तथ्य रहेको प्रस्तुत मुद्दामा प्रतिवादीले मोटरसाईकल चलाई सडकमा हिँडिरहेको मानिसलाई ठक्कर दिई निजको मृत्यु हुन गएको क्रिया लापरवाहीपूर्ण हो होइन ? लापरवाही नठहर्‍याई प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसुर कायम गरी प्रतिवादीलाई सोही दफाबमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेको छ छैन ? सोही विषयमा प्रस्तुत मुद्दामा निर्णय दिनुपर्ने देखिन आएको छ।

२. यस सम्बन्धमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ र १६१(२) मा निम्नानुसारको कानूनी व्यवस्था रहेको देखिन्छ।

दफा ४५ - कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउनु हुँदैन।

दफा १६१(२) - कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागी वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलमा उल्लिखित म्यादभित्र मरेमा त्यस्तो ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्नसक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ।

३. प्रस्तुत मुद्दामा प्रतिवादी सेरपु लामाले चलाएको बा. ९ प. ६८३५ को मोटरसाइकलले गणेशप्रसाद ओझालाई ठक्कर दिई निजको मृत्यु भएको तथ्यमा विवाद देखिन्न । यी प्रतिवादीसँग सवारी चालक अनुमतिपत्र नभएको तथ्यमा पनि विवाद छैन। वारदातको बेला आफूले ३ वोतल वियर खाएको हुँ भनी प्रतिवादीले वारदातको दिन वियर खाएको तथ्यलाई समेत स्वीकार गरी मौका र अदालतमा बयान गरेको र प्रतिवादी सेरपु लामाले मादक पदार्थ सेवन गरेको भन्ने वीर अस्पताल काठमाडौंको पत्रबाट देखिएकोले प्रतिवादीले मादक पदार्थसमेत सेवन गरी मोटरसाइकलको तथ्यसमेत स्थापित हुन आएको छ।

४. यसप्रकार निज प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ ले गरेको चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउन नपाइने उल्लिखित कानूनी व्यवस्थाको उल्लङ्घन गरी चलाएको मोटरसाइकलको ठक्करबाट मृतकको मृत्यु भएको नं.१ यसरी सवारी चालक अनुमतिपत्र नै नभएका व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको कानूनद्वारा निषेधित कार्य हो । कानूनद्वारा निषेधित कार्य गरी सवारी चलाउने अनुमति नै प्राप्त नगरेको व्यक्तिले सवारी चलाई सो सवारी साधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सोकार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको मान्नुपर्ने हुन्छ।

५. कुनै पनि सवारी साधन चलाउन सवारी चालक अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को माथि उल्लिखित व्यवस्था र दफा १६१(२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एक अर्कामा अन्तर्सम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा

१६१(२) आकर्षित हुन्छ।

६. नेपाल सरकार विरूद्ध राजकुमार तामाङसमेत भएको सवारी ज्यान मुद्दामा यस अदालतको पूर्ण इजलासबाट भएको फैसलामा "सवारी चलाउने अनुमतिपत्र नलिएको वा एउटा वर्गको हलुका सवारी साधन चलाउने अनुमतिपत्र लिई अर्को वर्गको भारी सवारी साधन चलाउने गरेको कार्य लापरवाहीयुक्त मान्नुपर्ने" भनी (*ने.का.प.* २०७० फागुन, नि.नं. ९०७३, पृ.१३२७) सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

७. तसर्थ उपरोक्त कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्तसमेतको आधारबाट प्रतिवादी सेरपु लामाले मोटरसाइकल चलाउने सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सार्वजनिक सडकमा मोटरसाइकल चलाउदा गणेशप्रसाद ओझालाई ठक्कर दिई निजको मृत्यु भएको र निज प्रतिवादीको उक्त कार्य लापरवाहीपूर्वकको भई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर देखिन आयो। तसर्थ प्रतिवादी सेरपु लामालाई उक्त ऐनको दफा १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा दफा १६१(३) बमोजिम सजाय गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१२।१९ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी सेरपु लामालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम दुई वर्ष कैद सजाय हुने ठहर्छ। निजले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाएको कारण मानिसको मृत्यु भएकाले उक्त ऐनको दफा १६१(४) बमोजिम थप दुई हजार रूपैयाँ जरिवानासमेत हुन्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम पुनरावेदन अदालत, पाटनको मिति २०६८।१२।१९ को फैसला केही उल्टी भई प्रतिवादी सेरपु लामालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको दुई वर्ष कैद र सोही ऐनको दफा १६१(४) बमोजिम थप दुई हजार रूपैयाँ जरिवानासमेत हुने ठहरेकोले सुरू काठमाडौं जिल्ला अदालतको फैसलाको तपसिल खण्डको देहाय दफा १ मा उल्लेख भएबमोजिमको कैद जरिवानाको लगत कायम नरहने भएकोले कट्टा गरी निज प्रतिवादीका नाउँमा देहाएबमोजिमको कैदको लगत कसी असुल गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू -------------------------------------------१

| **प्रतिवादी** | **लागेको कैद** | **पुर्पक्षको लागि थुनामा बसेको कट्टा गर्नुपर्ने दिन** | **असुल गर्न पर्ने बाँकी कैद** |
|---|---|---|---|
| सेरपु लामा | २ वर्ष | २४ दिन | १ वर्ष ११ महिना ६ दिन |

जरिवानाको हकमा सुरू जिल्ला अदालतमा प्रतिवादीले पुर्पक्षको लागि मिति २०६६।१।७ मा र.नं. ८७५ बाट रू. ५०,०००।– धरौटी राखेको देखिँदा निजलाई लागेको जरिवाना रू. २,०००।- सोही धरौटीबाट कटाई सदर स्याहा गर्नु र बाँकी धरौटी रू. ४८,०००।- निजबाट असुल गर्न बाँकी कैद असुल भएपछि निज प्रतिवादीलाई नियमानुसार गरी फिर्ता दिनु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखि पठाउनू ----------------------------२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइ दिनू ----------------------------------------३

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृतः आनन्दराज पन्त
इति संवत् २०७३ साल फाल्गुन ८ गते रोज १ शुभम्।

## निर्णय नं. ९७९५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७३।७।२६
०६९-WO-०७५६

मुद्दा : उत्प्रेषण

निवेदक : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १ हात्तिसारस्थित सिद्धार्थ बैंक लिमिटेड केन्द्रिय कार्यालयको तर्फबाट अधिकार प्राप्त ऐ.बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारी

विरूद्ध

विपक्षी : चितवन जिल्ला भरतपुर न.पा.वडा नं.१० स्थित मालपोत कार्यालय, चितवनसमेत

- **एक पटक बैंकको हकमा रोक्का राखिएको र त्यसकै आधारमा ऋण प्रवाह भएको सम्पत्तिलाई फेरी अरू कुनै निकायका पत्र वा आदेशबाट पुन: रोक्का रहने हो भने ऋण असुलीको प्रक्रिया नै अवरूद्ध हुन गई बैंकिङ कारोबार नै खलबलिन जाने।**

(प्रकरण नं.४)

- **रोक्का राखिएको उक्त सम्पत्तिको प्रयोजन समाप्त नभई अर्का प्रयोजनका लागि पुनः रोक्का राख्दा पहिले रोक्का राखिएको प्रयोजन नै निरर्थक वा प्रयोजनहीन हुने गरी दोहोरो रोक्का राख्न कानूनसङ्गत नदेखिने।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता बालकृष्ण ढकाल
विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता भरतलाल शर्मा
अवलम्बित नजिर :

- सर्वोच्च अदालतबाट प्रतिपादित वाणिज्य कानूनसम्बन्धी केही महत्त्वपूर्ण नजिरहरू, २०१५-२०६२, भाग-४, पृ.४२५, पृ.४८१
- नेकाप २०७१, अंक ५, नि.नं.९१५६

सम्बद्ध कानून :

- बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६(३) र (४)
- मालपोत ऐन, २०३४ को दफा ८(ख)

आदेश

**न्या. अनिलकुमार सिन्हा :** नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२/१०७(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको तथ्य एवं आदेश यसप्रकार छः-

रिट निवेदक सिद्धार्थ बैंक लि. (यसपछि बैंक भनिएको) का ऋणी श्री शिवानी एअर प्रा.लि.(यसपछि ऋणी कम्पनी भनिएको) ले यस बैंकबाट विभिन्न मितिमा कर्जा तथा बैंकिङ सुविधा प्रयोग गरी जनवरी १४, २०१३ सम्मको अभिलेख अनुसार १२,३०,७३२।३८ साँवा तथा ब्याज र पेनाल्टीसमेत लिन बाँकी छ। सो कम्पनीले बैंकबाट ऋण लिँदा कम्पनीकै नाममा दर्ता रहेको र कसैलाई हक हस्तान्तरण गरी नदिएको र कसैको रोक्का नरहेको जिल्ला चितवन कल्याणपुर गा.वि.स. वडा नं.७ ख कि.नं. १३९० क्षे.फ. ०-२-९$^{1}/_{2}$, ऐ. कि.नं. १३९१ क्षे.फ. ०-१-१०$^{1}/_{2}$ जग्गा तथा सोमा बनेको भवन तथा लिग लिगापातसमेत मालपोत कार्यालय चितवनबाट यस बैंकले धितो बन्धक पारित गरी मालपोत कार्यालय चितवनको च.नं. २१७० मिति २०६३।८।१८ को पत्रबाट बैंकको पक्षमा रोक्का

नेपाल कानून पत्रिका

रहेको छ । ऋणीले सो ऋण नतिरी यस बैंकबाट कर्जा चुक्ता गर्न आउने सूचना तथा जग्गा लिलामको लागि सूचना प्रकाशित गर्दा कसैको निवेदन परेन । यसरी बैंकले लिलाम गर्दा कसैको दरखास्त नपरेपछि बैंकको सञ्चालक समितिको बैठकले आफ्नै नाममा सकार गर्ने गरी मिति २०६८।१।२८ मा निर्णय गरेअनुरूप मिति २०६८।३।१ मा मालपोत कार्यालय, चितवनमा जग्गा नामसारी गरिपाउँ भनी पत्राचार गर्दा मालपोत कार्यालय चितवनबाट उक्त जग्गाहरू काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रोक्का भएको, उक्त कार्यालयहरूबाट फुकुवा भई नआएसम्म बैंकको नाममा नामसारी गर्न नसकिने भनी जवाफ प्राप्त भयो । बैंकले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा सो विषयमा पत्राचार गरेकोमा उक्त आयोगले मिति २०६९।५।२० मा बैंकको पत्राचारलाई बेवास्ता गरी निर्णय गरेको छ ।

यसरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ विपरीत काठमाडौं जिल्ला अदालतको मिति २०६७।८।२८ को पत्र, ललितपुर जिल्ला अदालतको मिति २०६७।८।२० को पत्र एवं अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६७।२।४ को पत्रहरूलाई आधार लिई यस बैंकको धितो रोक्कामा रहेको जिल्ला चितवन कल्याणपुर गा.वि.स. वडा नं. ७ ख कि.नं. १३९० क्षे.फ. ०-२-९$^{1}/_{2}$, ऐ कि.नं.१३९१ क्षे.फ.०-१-१०$^{1}/_{2}$ जग्गा तथा सोमा बनेको भवनसमेत निवेदक बैंकको नाममा नामसारी नगरी निवेदकको निवेदनलाई मुल्तबी राख्नेसम्बन्धी विपक्षी मालपोत कार्यालय चितवनको मिति २०६८।३।१० को निर्णय बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५७ प्रतिकूल भएकोले उक्त पत्र तथा निर्णयहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त जग्गाहरू यस बैंकको नाममा नामसारी दर्ता गरिदिनु भनी परमादेशको आदेश गरिपाउँ भन्नेसमेत व्यहोराको सिद्धार्थ बैंक लि. को रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले १५ दिनभित्र आफूसँग भएका सबुद प्रमाणसहित लिखित जवाफ पेस गर्नु भन्ने भनेसमेत व्यहोराको यस अदालतबाट मिति २०६९।१०।७ मा भएको आदेश ।

चितवन जिल्ला भरतपुरस्थित शिवानी एअर प्रा.लि. ले व्यवसायिक पाइलटको प्रशिक्षण गर्ने अनुमति लिँदा आवश्यक मापदण्ड नपुगेको र प्रशिक्षण सञ्चालन गर्न नसकेको हुँदा कारवाही गरिपाउँ भनी यस आयोगमा उजुरी परी सो उजुरीको छानबिनको लागि सिलसिलामा उक्त कम्पनीको चितवन जिल्लास्थित जग्गा रोक्काको लागि मालपोत कार्यालय चितवनलाई लेखी पठाउने भनी यस आयोगबाट निर्णय भएअनुसार च.नं. १३९६ मिति २०६७।२।४ को पत्रबाट रोक्काको लागि लेखी पठाइएको हो । आयोगबाट रोक्का राखिएको सम्पत्ति फुकुवा गर्नेतर्फ सिद्धार्थ बैंकबाट परेको निवेदन यस आयोगमा विचाराधीन रहेको अवस्थामा आयोगलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको लिखित जवाफ ।**

वादी नेपाल सरकार र प्रतिवादी मच्छिन्द्रलाल रंजितकार भएको २०६७ सालको स.फौ. नं. १२९१ नं. को मुद्दामा जाहेरवाला केशव बहादुर खड्काले निवेदन दाबीमा उल्लिखित जग्गाहरू रोक्का राखी पाउँ भनी दिएको निवेदनबमोजिम उल्लिखित जग्गा सिद्धार्थ बैंक लिमिटेड, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र ललितपुर जिल्ला अदालतबाट समेत रोक्का रहेको देखिँदा उक्त निकायहरूबाट फुकुवा भई जाने भएमा पुन: रोक्का राख्ने भनी अ.बं. १७१क.नं.

बमोजिम पुन: रोक्का राख्ने गरी मिति २०६८।८।२८ मा मालपोत कार्यालय चितवनमा पठाइएकोमा सो ठगी मुद्दा लेनदेनमा परिणत भई फैसला भएको र रोक्का राखिएका जग्गाहरू मुद्दाको अन्तिम किनारा भएपछि फुकुवा हुने ठहरेको यस अदालतबाट भएको कार्य कानूनबमोजिम भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने **काठमाडौं जिल्ला अदालतको लिखित जवाफ ।**

विपक्षी निवेदकले मिति २०६८।२।३१ मा ऋणी सिवानी एअर प्रा.लि.को नाममा रहेको निवेदनमा उल्लिखित जग्गा दा.खा. गरिपाउँ भनी भनी निवेदन दिएकोमा यस कार्यालयको मोठ भिडाउँदा उक्त जग्गाहरू ललितपुर जिल्ला अदालतको च.नं. २३७५ मिति २०६७।८।२० को पत्रबाट रोक्का रहेको, सोही जग्गा काठमाडौं जिल्ला अदालतको च.नं. १०८८६ मिति २०६७।८।२८ को पत्रबाट र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. १३९६ मिति २०६७।२।४ को पत्रबाट समेत रोक्का रहेको देखिएकोले उल्लिखित कार्यालयबाट फुकुवा भई आएका बखत निवेदकको नाममा दा.खा हुने हुँदा हाल मुल्तबीमा राख्ने भन्ने मिति २०६८।३।१० मा मुल्तबी आदेश भएको हो । सम्मानित अदालतबाट रोक्का राखिएका जग्गाहरू फुकुवा गर्ने कर्तव्य बैंकको भएको हुँदा फुकुवा भई आएपछि दा.खा. गरिने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने **मालपोत कार्यालय चितवनको लिखित जवाफ ।**

वादी डेभलप्मेन्ट इफोर्ट नेपाल प्रा.लि. का तर्फबाट चेक अनादर मुद्दा दिई उल्लिखित जग्गा रोक्का राखिपाउँ भनी निवेदन दिएको, यस अदालतबाट सिद्धार्थ बैंक लि. र अ.दु.अ.आ. बाट फुकुवा भई जाने अवस्था भएमा प्रस्तुत मुद्दाबाट हक हस्तान्तरण गर्न नपाउने गरी मु.ऐन अ.वं १७१ क नं. बमोजिम रोक्का राख्नु भनी आदेश भएबमोजिम यस अदालतको च.नं. २३७५ मिति २०६७।८।२० को पत्रबाट रोक्काको लागि लेखिएकोमा सोकार्यालयबाट रोक्का भई हालसम्म रोक्का रहेको छ । यस अदालतबाट गैरकानूनी रोक्का नराखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने **ललितपुर जिल्ला अदालतको लिखित जवाफ ।**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री बालकृष्ण ढकालले बैंकले सुरूमा राखेको रोक्काको जग्गालाई अन्य कार्यालयबाट पुन: रोक्का राख्न मिल्ने होइन । बैंकले आफूले प्रवाह गरेको कर्जाको असुलउपर गर्दा लिलामीबाट अरू कसैले सकार नगरेको अवस्थामा कानूनअनुसार नै आफ्नो नाउँमा सकार गरी नामसारी गर्न पाउने हुँदा अन्य कार्यालयको पत्रबाट रोक्का छ भनी मालपोत कार्यालयले रोक्न मिल्ने नहुँदा दोहोरो रोक्कालाई उत्प्रेषणको आदेशले बदर गरी बैंकको नाउँमा नामसारी गर्नु गराउनु भनी मालपोत कार्यालयको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भनी गर्नु भएको बहस र विपक्षी तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री भरतलाल शर्माले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको निवेदन तामेलीमा रहेको र अदालतहरूले बैंकले राखेको रोक्का फुकुवा भई जाने अवस्था भएका बखत पुन: रोक्का राख्ने गरी मात्र दोहोरो रोक्का रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नु भएको बहससमेत सुनियो ।

विद्वान् अधिवक्ता तथा उपन्यायाधिवक्ताको उपर्युक्तबमोजिमको बहस सुनी निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. यसमा सिद्धार्थ बैंक लि. ले शिवानी एअर प्रा. लि. लाई बैंकबाट विभिन्न मितिमा कर्जा प्रवाह भएको र सो कम्पनीले बैंकबाट ऋण लिंदा कम्पनीकै नाममा दर्ता रहेको जिल्ला चितवन कल्याणपुर गा.वि.स. वडा नं.७

ख कि.नं. १३९० क्षे.फ. ०-२-९½, ऐ. कि.नं. १३९१ क्षे.फ. ०-१-१०½ जग्गा तथासोमा बनेको भवनसमेत मालपोत कार्यालय चितवनबाट बैंकको नाउँमा धितो बन्धक पारित गरी मालपोत कार्यालय चितवनको च.नं. २१७० मिति २०६३।८।१८ को पत्रबाट बैंकको पक्षमा रोक्का देखिन्छ । तत्पश्चात् मिति २०६७।२।४ को पत्रबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगले, मिति २०६७।८।२० को पत्रबाट ललितपुर जिल्ला अदालतले र मिति २०६८।८।२८ मा काठमाडौं जिल्ला अदालतले रोक्काको लागि मालपोत कार्यालय चितवनलाई लेखी पठाएको देखिन्छ ।

३. बैंकबाट लिएको ऋण चुक्ता नभएको सम्बन्धमा कुनै विवाद देखिएन । ऋणीले सो ऋण नतिरी बैंकबाट कर्जा चुक्ता गर्न आउने सूचना तथा जग्गा लिलामको लागि सूचना प्रकाशित गर्दा ऋणीले ऋणा चुक्ता गर्न अग्रसरता नदेखाएको र लिलाम सकार गर्न कसैको निवेदन दरखास्त नपरेपछि बैंकको सञ्चालक समितिको बैठकले आफ्नै नाममा सकार गर्ने गरी निर्णय गरी मालपोत कार्यालय चितवनमा जग्गा नामसारी गरिपाउँ भनी पत्राचार गर्दा मालपोत कार्यालय चितवनबाट उक्त जग्गाहरू काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रोक्का भएको भनी फुकुवा भई नआएसम्म बैंकको नाममा नामसारी गर्न नसकिने भनी बैंकको नाउँमा नामसारी गर्न इन्कार गरेको देखियो । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६(२) मा ईजाजतपत्र संस्थाले कर्जा दिँदा आफूलाई मान्य हुने चलअचल सम्पत्ति सुरक्षण लिई वा आफ्नो हितको सुरक्षा हुने गरी उचित जमानतमा कर्जा प्रदान गर्नु पर्ने तथा दफा ५७ मा बैंक वा वित्तीय संस्थाले प्रवाह गरेको ऋण साँवा ब्याज आदि तोकिएको समयमा चुक्ता नगरेमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गरी असुलउपर गर्न सक्ने कानूनी व्यवस्था रहेकोले बैंकले रोक्का गराइराखेको धितो रितपूर्वक लिलाम बिक्री वा सकार गरी त्यस्तो ऋण असुलउपर गर्न सक्ने नै देखिन्छ ।

४. अब निवेदकले लिलाम सकार गरी आफ्नो नाउँमा दाखिल खारेज गर्न मालपोत कार्यालय, चितवनमा लेखी पठाएपछि उक्त कार्यालयले दाखेल खारेज गर्न इन्कार गर्न मिल्छ मिल्दैन भन्ने सम्बन्धमा विचार गर्दा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ को उपदफा (३) मा "इजाजत प्राप्त संस्थाले यस दफाबमोजिम कर्जाको सुरक्षणबापत लिएको सम्पत्ति कुनै पनि व्यहोराबाट कसैका नाउँमा रजिस्ट्रेसन वा दाखिल खारेज गर्न रोक्का गरी दिनका लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनुपर्नेछ"भन्ने व्यवस्था रहेको छ भने उपदफा ४ मा "उपदफा (३) बमोजिम रजिस्ट्रेसन वा दाखिल खारेज रोक्का गरी दिनको लागि इजाजत प्राप्त संस्थाबाट लेखी आएमा सम्बन्धित कार्यालयले रजिस्ट्रेसन वा दाखिल खारेज रोक्का गरी दिनुपर्नेछ" भन्ने व्यवस्था रहेको छ । यस्तै मालपोत ऐन, २०३४ को दफा ८ख. को उपदफा (३) मा "प्रचलित कानूनबमोजिम स्थापित कुनै बैंक, वित्तीय संस्था वा स्थानीय निकायले आफ्नो आर्थिक कारोबारको सिलसिलामा कुनै घर जग्गा रोक्का रोक्न वा त्यसरी रोक्का राखिएको घर जग्गा फुकुवा गर्न लेखी पठाएमा मालपोत कार्यालयले तोकिएबमोजिम त्यस्तो घर जग्गा रोक्का राख्नु वा फुकुवा गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ । यसबाट अघि कुनै व्यहोराले रोक्का नरहेको सम्पत्ति बैंकको अनुरोधमा सम्बन्धित निकायबाट रोक्का रहेपछि ऋण सुरक्षित हुने र तत्पश्चात् मात्र ऋण प्रवाह गरिने हुँदा बैंकको ऋण लगानी सुरक्षित राख्ने प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६(३) र (४) तथा मालपोत ऐन, २०३४ को दफा ८ख.(३) समेतमा रहेको कानूनी व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले कुनै व्यक्ति संस्था वा निकायबाट धितो लिई ऋण प्रवाह गरी त्यस्तो धितो कुनै व्यहोराले

अन्यत्र हक हस्तान्तरण हुन नसक्ने गरी रोक्का राख्न सम्बन्धित कार्यालयमा लेखी पठाउन सक्ने र बैंक वा वित्तीय संस्थाले त्यसरी रोक्का राख्नका लागि लेखी पठाएपछि रजिस्ट्रेसन, दाखिल खारेज गर्ने निकायले आदेशबमोजिमको ऋण असुली प्रयोजनार्थ रोक्का राखी दिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको छ । एक पटक बैंकको हकमा रोक्का राखिएको र त्यसकै आधारमा ऋण प्रवाह भएको सम्पत्तिलाई फेरी अरू कुनै निकायका पत्र वा आदेशबाट पुन: रोक्का रहने हो भने ऋण असुलीको प्रक्रिया नै अवरूद्ध हुन गई बैंकिङ कारोबार नै खलबलिन जान्छ । यसो नहोस् भनेर नै विधायिकाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ र मालपोत ऐन, २०३४ को दफा ८ख. को व्यवस्था कानूनमै राखेको देखिन्छ ।

५. निवेदक बैंकले विपक्षी शिवानी एअर प्रा. लि. को नाउँको जग्गा धितो लिई ऋण प्रवाह गर्नुपूर्व उक्त धितो लिएको जग्गा रोक्का राख्नका लागि मालपोत कार्यालय, चितवनमा लेखी पठाई सोहीबमोजिम मालपोत कार्यालय, चितवनले रोक्का राखेपछि ऋण प्रवाह गरेको देखिएकोले रोक्का राखिएको उक्त सम्पत्तिको प्रयोजन समाप्त नभई अर्का प्रयोजनका लागि पुनः रोक्का राख्दा पहिले रोक्का राखिएको प्रयोजन नै निरर्थक वा प्रयोजनहीन हुने गरी दोहोरो रोक्का राख्न कानूनसङ्गत देखिँदैन । प्रचलित कानूनले एकै साथ र एकै अवस्था परिस्थितिमा दोहोरो रोक्का राख्ने अधिकार मालपोत कार्यालयलाई दिएको पनि छैन । निवेदक पृथ्वीबहादुर पाण्डे विरूद्ध पुनरावेदन अदालत, पाटनसमेत भएको २०५७ सालको रिट नं. ४३९१ को उत्प्रेषण मिश्रित परमादेशको रिट निवेदनमा "एक पटक बैंकले रोक्का गरी सकेको जग्गा पक्षहरूको पत्रानुसार पछि रोक्का हुन नसक्ने" (सर्वोच्च अदालतबाट प्रतिपादित वाणिज्य कानूनसम्बन्धी केही महत्त्वपूर्ण नजिरहरू, २०१५–२०६२, भाग–४, पृष्ठ ४२५) भनी र विनय रेग्मी विरूद्ध मालपोत कार्यालय, ललितपुरसमेत भएको २०५९ को रिट नं. २५०२ को उत्प्रेषणसमेत रिट निवेदनमा "बैंकले सुरक्षणबापत राखेको सम्पत्ति विपक्षी ललितपुर जिल्ला अदालतको पत्रबाट कानूनविपरीत दोहोरो रोक्का राखिएको भन्ने देखिँदा कानूनको नजरमा स्वतः निस्क्रिय र प्रभावहीन भएको पत्र बदर गरी रहन नपर्ने" (सर्वोच्च अदालतबाट प्रतिपादित वाणिज्य कानूनसम्बन्धी केही महत्त्वपूर्ण नजिरहरू, २०१५–२०६२, भाग–४, पृष्ठ ४८१) भनी यस अदालतको संयुक्त इजलासबाट भएको व्याख्या प्रस्तुत मुद्दामा पनि आकर्षित र सान्दर्भिक देखिन आउँछ । यस्तै लुम्बिनी बैंक लि. विरूद्ध वि. मालपोत कार्यालय चावहिलसमेत भएको मुद्दामा (ने.का.प. २०७१, अंक ५ नि.नं. ९१५६) यस अदालतबाट बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ (३) र (४) तथा मालपोत ऐन, २०३४ को दफा ८ख (३) समेतमा रहेको कानूनी व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले कुनै व्यक्ति वा निकायबाट धितो लिई कर्जा प्रवाह गरेमा त्यस्तो धितो कुनै व्यहोराले अन्यत्र हक हस्तान्तरण हुन नसक्ने गरी रोक्का राख्न सम्बन्धित कार्यालयमा लेखी पठाउन सक्ने र त्यसरी रोक्का राख्नका लागि लेखी पठाएपछि त्यस्तो निकायले रोक्का राखिदिनु पर्ने तथा एउटा प्रयोजनको लागि रोक्का राखिएको सम्पत्ति सो प्रयोजन समाप्त नभई अर्को प्रयोजनको लागि पुन: रोक्का राख्दा पहिले रोक्का गरिएको प्रयोजन नै निरर्थक वा प्रयोगहीन हुने गरी दोहोरो रोक्का राख्न हुँदैन भन्ने पनि सिद्धान्त प्रतिपादन भएको छ ।

६. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ (२) मा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या तथा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतले मान्नुपर्ने बाध्यात्मक अवस्था भएको परिप्रेक्ष्यमा मालपोत कार्यालयले दोहोरो रोक्का सम्बन्धमा सर्वोच्च

अदालतबाट के कस्तो व्याख्या भएको छ, त्यसको कार्यान्वयन कसरी गर्नुपर्ने हो भन्नेबारे कानूनसरह आफूले जानकारी लिने विषय पनि हो । पटक पटक अदालतले दोहोरो रोक्का सम्बन्धमा नजिर कायम गर्दै जाने र मालपोत कार्यालय जस्तो जिम्मेवार निकायले दोहोरो रोक्कालाई निरन्तरता दिई निवेदक बैंक जस्ता संस्थालाई कानूनबमोजिम ऋण असुलीमा बाधा सृजना गर्ने हो भने कानूनको मनसाय पूरा हुन सक्दैन ।

७. धितो सुरक्षणमा राखी बैंकले ऋण प्रवाह गरेपछि ऋणीले बक्यौता फछ्र्यौट नगरेको लगायतका अवस्थामा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ (१) बमोजिम बैंकले रीत पूर्वक लिलाम गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा ब्याज असुलउपर गर्न सक्ने अधिकारलाई कार्यान्वयन गर्ने कार्यमा मालपोत कार्यालय लगायत अन्य निकायको समेत सहयोग अपेक्षित हुन्छ । सोही दफा ५७ को उपदफा (७) मा त्यस्तो धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा त्यस्तो सम्पत्ति बैंकले आफ्नो स्वामित्वमा लिन सक्ने र आफ्नो स्वामित्वमा लिएको सम्पत्ति आफ्नो नाममा रजिस्ट्रेसन वा दाखिल खारेज गरी दिनको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्ने तथा त्यसरी लेखिआएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यालयले त्यस्तो इजाजतपत्र प्राप्त संस्थाको नाममा त्यस्तो सम्पत्ति रजिस्ट्रेसन वा दाखिल खारेज गरिदिनु पर्ने भन्ने व्यवस्था बाध्यात्मक व्यवस्था हो । मिति २०६३।८।२८ को मालपोत कार्यालय चितवनको पत्रबाट बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ (३), (४) तथा मालपोत ऐन, २०३४ को दफा ८ख बमोजिम रोक्का रहेको धितोको सम्पत्ति जुन प्रयोजनको लागि रोक्का राखिएको हो, सो प्रयोजन समाप्त नभएसम्म दोहोरो रोक्का राख्न नमिल्ने अवस्थामा मालपोत कार्यालय चितवनले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६७।२।४, ललितपुर जिल्ला अदालतको मिति २०६७।८।२० एवं काठमाडौं जिल्ला अदालतको मिति २०६७।८।२८ का पत्रहरूलाई आधार बनाई ती पत्रहरूको आधारमा समेत रोक्का राखेकोले उक्त निकायबाट फुकुवा भई आएपछि मात्र निवेदक बैंकको नाममा नामसारी गर्ने भनी बैंकको नामसारीसम्बन्धी निवेदनलाई मिति २०६८।३।१० मा मुल्तबीमा राखेको भन्ने देखिन्छ ।

८. मिसिल संलग्न कागजातहरूबाट ती निकायहरूबाट रोक्का राख्न लेखी आएपछि उक्त जग्गा मिति २०६३।८।२८ देखि नै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५६ बमोजिम पहिले नै रोक्का रहेको भनी जवाफ पठाउन सक्ने अवस्थामा मालपोत कार्यालय चितवनले आफ्नो जिम्मेवारीबाट पन्छिन दोहोरो रोक्का गरी बैंकको निवेदन मुल्तबी राखेबाट अनावश्यकरूपमा बैंकले यो निवेदन दिन परेको र लामो समयसम्म विवादमा अल्झिनु परेको अवस्था देखियो । मालपोत कार्यालयमा अघिदेखि नै कुनै सम्पत्ति रोक्का रहेको छ भन्ने कुराको जानकारी स्वत: अदालत वा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्राप्त सक्ने व्यवस्था वा प्रविधिको अभावमा यस निवेदनमा उल्लेख भएबमोजिम अघि रोक्का रहेको सम्पत्ति पुन: रोक्काका लागि लेखी आउन सक्छ, यसको अर्थ कानूनबमोजिमको पहिलो रोक्कालाई निष्कृय वा प्रभावहीन तुल्याउन खोजेको भन्ने होइन । पूर्व रोक्काको जानकारीको अभावमा मुद्दा मामिलाको सिलसिलामा अदालतहरूले समेत विभिन्न अवस्था परिस्थितिमा कुनै सम्पत्ति रोक्का राख्न आदेश दिएमा सो सम्पत्ति अघि नै कानूनबमोजिम रोक्का छ भने अदालतको आदेश प्रभावहीन हुन पुग्ने हुँदा त्यसबारेमा मालपोत कार्यालय जस्तो जिम्मेवार निकायले सम्पत्ति यस्तो कारणले अघि नै रोक्का रहेको छ भन्ने कुराको जानकारी यथाशीघ्र अदालत वा सम्बन्धित निकायलाई दिनु वाञ्छनीय हुन्छ ।

त्यस्तो भएमा अड्डा अदालतबाट वा सम्बन्धित पक्षले समेत समयमा नै वैकल्पिक उपायहरू अपनाउन सक्ने भई न्यायिक वा अनुसन्धान प्रक्रियाहरूमा सहयोग पुग्छ । प्रस्तुत अवस्थामा बैंकबाट रोक्का रही लिलाम हुन नसकेको धितोको सम्पत्ति आफैँले सकार गर्नु ऋण असुली प्रक्रियाकै निरन्तरता भएकोले निवेदक बैंकको मागबमोजिम बैंकको नाममा नामसारी हुन नपर्ने कुनै कारण देखिँदैन । बैंकबाट धितोको सम्पत्ति लिलामी गरिएको वा आफैँले सकार गरेको अवस्थामा सो प्रयोजनको लागि नामसारी गरिदिने कर्तव्य मालपोत कार्यालयको हुने हुँदा कुनै कारणवस बैंकले उपरोक्त नामसारी दाखिल खारेज प्रयोजनका लागि बाहेक ऋण चुक्ता भएको आदि कारणबाट पूर्णरूपमा आफ्नो हकमा भएको रोक्का फुकुवा गर्न लेखी पठाएमा मात्र पछिल्ला कानूनबमोजिमका रोक्का आदेश कार्यान्वयन हुन सक्ने देखिन्छ ।

९. अतः निवेदक बैंकबाट शिवानी एअर प्रा.लि.ले लिएको कर्जा भाखाभित्र नतिरेकोले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुन नसकी र बैंक आफैँले कानूनअनुसार नै धितो सकार गरी आफ्नो नाउँमा दाखिल खारेज गर्न मालपोत कार्यालय, चितवनमा पठाएकोमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, ललितपुर जिल्ला अदालत र काठमाडौं जिल्ला अदालतबाट समेत रोक्का रहेको रहेको भनी बैंकको नाउँमा दाखिल खारेज गर्न इन्कार गरेको मालपोत कार्यालय, चितवनको काम कारवाही कानूनअनुकूल नदेखिएको समेतका आधार कारणहरूबाट दोहोरो रोक्का राख्न पठाउने विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, ललितपुर जिल्ला अदालत र काठमाडौं जिल्ला अदालतका पत्रहरू र सोसँग सम्बन्धित आदेश, निर्णय, काम कारवाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । निवेदक बैंकको पत्रानुसार रोक्का रहेको जग्गा निवेदकले दाखिल खारेज गर्न लेखी पठाएबमोजिम बैंकका नाउँमा दाखिल खारेज गरी दिनु भनी विपक्षी मालपोत कार्यालय, चितवनसमेतका नाउँमा परमादेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. दीपककुमार कार्की

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
इति संवत् २०७३ साल कात्तिक २६ गते रोज ६ शुभम् ।

अदालत

## निर्णय नं. ९७९६

सर्वोच्च अदालत,संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
फैसला मिति : २०७३।१२।२५।६
०७३-RC-००२८

मुद्दा : कर्तव्य ज्यान

वादी : भक्तपुर जिल्ला, तत्कालीन चित्तापोल गाउँ पञ्चायतका प्रधानपञ्च गोकर्ण बहादुर कार्कीको जाहेरीले वादी नेपाल सरकार

विरूद्ध

प्रतिवादी : भवानी शोभराजको छोरा २० एभेन्यू डि, इभ्री ७५०१३ प्यारिस फ्रान्स घर भई हाल कारागार शाखा जगन्नाथ देवल, काठमाडौंअन्तर्गत केन्द्रीय कारागार थुनामा रहेका चार्ल्स गुरूमुख शोभराज

- **कर्तव्यवाला पत्ता लागेको अवस्थामा २० वर्षपछि पनि मुद्दा चल्ने ज्यानसम्बन्धी महलको २० नं. को व्यवस्थाले नै स्पष्टरूपमा बोली राखेकै छ । यस्तो अवस्थामा कर्तव्य भएको २० वर्षपछि मुद्दा चल्न नसक्ने भन्ने जिकिर ज्यानसम्बन्धी महलको २० नं. को मनसाय प्रतिकूल भई सो जिकिरसँग सहमत हुन नसकिने ।**

(प्रकरण नं.१०)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता दशरथ पंगेनी

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता लोकभक्त राणा, विद्वान् अधिवक्ताहरू शकुन्तला थापा, रामबन्धु शर्मा र विद्वान् वैतनिक अधिवक्ता किरण कुमारी गुप्ता

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३), २० नं.

**सुरू तहमा फैसला गर्ने :**

माननीय जिल्ला न्या. श्री नागेन्द्रलाल कर्ण

**पुनरावेदन तहमा फैसला गर्ने :**

माननीय न्यायाधीश श्री बालकृष्ण उप्रेती
माननीय न्यायाधीश श्री नारायण प्रसाद शाह

फैसला

**न्या. दीपककुमार कार्की :** न्याय प्रशासन ऐन, २०४८ को दफा १०(२) बमोजिम साधकको रोहमा पेस भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

मिति २०३२ साल पौष ६ गते म आफ्नो गाउँ पञ्चायतको कामकाज गर्दै रहेको अवस्थामा ६ नं. वडा सदस्य भरत राना मगरले पलासे अरनिको राजमार्गको ढलमा कहाँको के नाम गरेको व्यक्ति के परिवन्धबाट मरेको छ भनी खबर गरेकोले मससमेत गई हेर्दा निज मृतकको जिउमा लुगा नभई सर्वाङ्ग नाङ्गो अवस्थामा मुख नचिनिने गरी आगोले डढेको,घाँटीमा रगतसमेत देखिएको मृतकको लास भेटिएकोले के कति परिबन्धबाट मारी यहाँ फालेको हो ? जाँचबुझ गरी कानूनबमोजिम गरिपाउँ भनी मिति २०३२।९।६ गतेको जिल्ला भक्तपुर, चित्तापोल गाउँ पञ्चायतका तत्कालीन प्रधानपञ्च गोकर्ण बहादुर कार्कीले दिएको दर्खास्त ।

जिल्ला भक्तपुर, तत्कालीन चित्तापोल गाउँ पञ्चायत वडा न.६ स्थित अरनिको राजमार्गदेखि

दक्षिण गाउँ जाने बाटो, उत्तर सडकको ढलमा पुर्व टाउको पश्चिम खुट्टा भई उत्तानो परी लडेको टाउकोमा रहेको कपाल डढेको, कान दुवै आगोले खाई छाला डढेको, नाकको दुवै प्वालबाट रगत आएको, आँखा दुवै बन्द रही आगोले खाएको, निधारको दुवै आँखामाथि चोट लागेको, जुँगा डढेको, घाँटीमा किलकिलेनिर सेरिएको काटेको घाउ प्वाल देखिएको, बायाँ हात जिउले थिचेको, दाहिने हात बाँधिएको, औंला आगोले डढेको, नारीमा कपडाले बाँधेको डढेको कपडा देखिएको, पाइन्ट आदि आगोले खाई केही भाग देखिएको, कट्टिमा डढेको अण्डरवयरको कपडा भएको, दुवै कट्टिमा छाला डढेको, पिसाब फेर्ने ठाउँमा आगोले हड्डी र छाला डढेको, दाहिने पिँडौलामा तिघ्रामा धेरैजसो भाग आगोले खाएको, बाँया पट्टीको तिघ्रा पिडौला र कुरकुच्चामा आगोले खाएको, लास ओल्टाई पल्टाई हेर्दा टाउकोमा पछाडिपट्टी केही भाग कैलो रंङको र सो कपालमा रगत लागेको,पछाडि पिठ्यूमा रगतको दाग लागी लासले थिचेको,देब्रेपट्टिको नाडीमा कपडाले बाँधेको र धेरैजसो कपडा डढेको, औंला प्राय: सबै डढेको, पछाडि दुवै फिलामा दिसा लागेको र निजले लगाएको अण्डरवयर केही भाग डढेको कपडा टाँसिएको, दाहिने खुट्टाको घुँडानिर हाड देखिने गरी डढेको, दुवै खुट्टाको औंलाहरू सग्लै देखिएको, लासले थिची राखेको ठाउँमा घाँटीबाट बगेको रगत जमेको, हेर्दा विदेशी जस्तो देखिने कहाँ बस्ने के नाम गरेको व्यक्ति भन्ने सम्बन्धमा यकिन नभएको भन्नेसमेत व्यहोराको मिति २०३२।९।६ गतेको घटनास्थल एवं लास जाँच प्रकृति मुचुल्का।

सम्भवत: मृत्युको कारण घाँटी काटिएर रेस्पोरेटरी फेलियर भएर हुन सक्छ। (Probably the cause of death might be due to respiratory failure due to cut throat) भन्ने व्यहोराको भक्तपुर अस्पतालको मिति २०३२।९।७ गतेको लासजाँच रिपोर्ट।

First met Connie and Laurent friday (१९th) on Saturday (२०th) in their hotel room. They were talking about travel and buying things in India. They bothhad a number of jewels and stones which they bought in India. Laurent had a very expensive ruby which he carried with his money. Connie talked of selling the jewels in the U.S.A. The next २ days I saw Connie a few times in the hotel or on the street. Connie evidently stayed in the hotel most of the time.

Monday afternoon, I had tea with Connie, Kirsty and Jan in the United Restaurant. Connie talked about meeting an Oriental jeweler and his French Wife. They visited in their room at the Solty Oberio Hotal where the jeweler told her the jewels were not very good. She said she was going to return them when she returned to India.In conclusion, Kirsty and Jan and myself identified the bodies and jewelry found which belonged to Connie (US). I identified Laurent (Can) by the size of the body (६'६") भन्ने व्यहोराको (c२६०९९८३-usa) kent c anschutz ले सन २४/१२/७५ मा गरेको सनाखत कागज।

भक्तपुर जिल्ला, पलाँसेको ढलमा एकजना अमेरिकन जस्तो जिउमा कुनै लुगा नभएको अनुहारसमेत नचिनिने गरी प्रेट्रोल हाली आगो लगाई डढाएको जस्तो शरीरको अधिकांश भाग डढेको मृतकको लास रहेको, निज मृतकलाई कहाँ बस्ने के नाम गरेको कसले घटनास्थलमा नै वा अन्यत्र ठाउँमा मारी ल्याई फालेका हुन् थाहा भएन। निज मृतकको शरीरमा कुनै लुगा नभएको, शरीर सर्वाङ्ग नाङ्गो र

निजको हतियारले काटेको घाउसमेत थियो भन्नेसमेत व्यहोराको बुझिएका लाल बहादुर बस्नेतसमेतले गरी दिएको मिति २०३३।३।२६ गतेको सरजमिन मुचुल्का।

भक्तपुर जिल्ला, साँगा पलासे भन्ने ठाउँमा विदेशी मानिस मारी आगो लगाई फालेको सम्बन्धमा निज मर्ने व्यक्ति क्यानाडा निवासी लरेन्ट आरमण्ड क्यारियरे (Laurent armond carriere) हुन् भन्ने पत्ता लागेको तर को कसले मारी आगो लगाई फाली दिएको हो भन्ने सम्बन्धमा कतैबाट खुल्न नआएको र पछि खुल्न आएका बखत कारवाही चलाउने गरी तामेलीमा राखी पाउन भक्तपुर जिल्ला अदालतमा दाखिल गरेको प्रहरी प्रतिवेदन।

भक्तपुर जिल्ला, साँगा पलाँसे भन्ने ठाउँमा विदेशी मानिस मारी आगो लगाई फालेको सम्बन्धमा निज मर्ने व्यक्ति क्यानाडा निवासी लरेन्ट आरमण्ड क्यारियरे (Laurent armond carriere) हुन् भन्ने पत्ता लागेको तर को कसले मारी आगो लगाई फाली दिएको हो भन्ने सम्बन्धमा कतैबाट खुल्न नआएको र खुल्न आएका बखत कारवाही चलाउने गरी मिसिल तामेलीमा राखी दिने भन्नेसमेत व्यहोराको मिति २०३३।९।२२ गतेको भक्तपुर जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री हरिजंङ सिजापतीको आदेश।

I.C.P.O Paris, feb. १९७३ file no ९४०/७२ control no A ८४४३ मा sobhraj hotchand bhawnani charles का नाममा जारी भएको green corner notice मा निज शोभराजको finger print,photo तथा केशको विवरणसमेत Interpol Secretariat General (महासचिव) फ्रान्सबाट मिति **२२** Aug, **२००५** मा प्रमाणित गरी पठाएको विवरण।

काठमाडौं जिल्ला, झोंछेस्थित ओरन्टियल लजका प्रोप्राइटरसँग बुझ्दा मिति २०३३।८।२८ गते अमेरिकी नागरिक कोनिजो ब्रोन्ची (miss Connie jo bronizch) र सोको तीन दिनपछि क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियरे (Laurent armond carriere) भन्ने व्यक्ति उक्त होटलमा आई बसेकोमा मिति २०३२।९।५ गते लरेन्ट धुलिखेलसम्म घुम्न जान्छु भनी हिँडेको र त्यसको २ दुई दिनपछि कोनिजो पनि लरेन्ट आरमण्ड क्यारियरे (Laurent armond carriere) लाई भेट्छु भनी धुलिखेलतर्फ गएको भनी बताएको, भक्तपुर साँगामा लरेन्ट आरमण्ड क्यारियरे (Laurent armond carriere) लाई एलेन गोटियर भनिने चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh), मनिलेक्लर्क भनिने मेरिएण्ड्रे लुसिलेक्लर्क (Marie Andre Lucie Leclerc) भारतीय नागरिक अजय चौधरीसमेतका जना ३ तिन व्यक्ति भई हत्या गरी मारी फालेकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुन र लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) लाई  कर्तव्य गरी मारेको घटनास्थल चित्तापोल गाउ पञ्चायत भक्तपुर जिल्लाभित्र परेको हुँदा निज लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) लाई कर्तव्य गरी मारेतर्फ उपरोक्त अभियुक्तहरू उपर सम्बन्धित अदालतमा मुद्दा दायर गरिनेछ भन्नेसमेत व्यहोराको मिति २०३३।६।५ गते काठमाडौं जिल्ला अदालतमा पेस गरेको प्रहरी प्रतिवेदन।

मिति २०३२।९।६ गते तदअनुसार २१ डिसेम्बर १९७५ का दिन भक्तपुर साँगा भन्ज्याङ सडक किनारमा पछि सनाखत हुन आएका क्यानडा निवासी लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) र मिति २०३२।९।८ गते तदअनुसार २३ डिसेम्बर १९७५ मा अमेरिकी नागरिक सुश्री कोनिजो ब्रोन्ची (Miss Connie Jo Bronizch) को लास मुख नचिनिने गरी डढाई फाली दिएको फेला परेको, दुवै मृतकहरू काठमाडौंको झोछेंस्थित ओरेन्टल लजको कोठा न.९ मा सँगै बसेको, दुवै जना मृतकको हकमा



नेपाल कानून पत्रिका

मृतकको साथमा आएका अन्य विदेशी पर्यटकहरूसँग सोधखोज गर्दा दुवै जना बहुमुल्य पत्थरहरू संकलन गर्न अभिरूची राख्ने र निजहरूको साथमा केही बहुमुल्य पत्थरहरू रहेको थियो । विदेशी पर्यटकहरू मध्ये अष्ट्रेलियन नागरिक सुश्री कृष्टीर सुश्री जेनकाले मृतक कोनिजो ब्रोनजी (Connie Jo Bronizch) तत्काल सोल्टी ओभराय होटलमा बस्ने एक जना भियतनामी पर्यटकसँग आफ्नो चिनजान भएको र उक्त युवक पनि बहुमुल्य पत्थरमा अभिरूची राख्ने भन्ने कुरा बताएकी थिइन् । उक्त भियतनामी युवकसँग आरामदायी कार छ भन्ने कुरा पनि मृतक कोनीजो (Connie jo) ले आफ्ना दुईजना साथीहरूलाई बताएकी र समय समयमा उक्त युवकसँग भेट गर्न जाने भन्ने कुरा गरेको पनि निज कृष्टी र जेनकाबाट थाहा हुन आएको थियो । यही आधारमा सोल्टी होटलमा गई भियतनामी भनिएको युवकको खोजतलास गर्दा भियतनामी कुनै पनि पर्यटक होटलमा नबसेको तर हिन्द चाईना अनुहारसँग मिल्दो एक युवक र निजको साथ एक युरोपियन केटी डिसेम्बर १८ तारेख देखि रहेको, उक्त होटलबाट डिसेम्बर २४ तारेखका दिन होटल मल्लमा सरी २५ तारेखको दिन पुन: सोल्टी होटलको कोठा नं.४१५ मा बसेको थाहा हुन आयो । उक्त दुवै जनालाई गई हेर्दा भियतनामी जस्तो देखिने युवकले आफ्नो नाम हेनरिकस बेन्टाजा (Hennricus Bintanja) र केटीले आफ्नो नाम कुकी हेम्कर (Cockie Hemker) भएको, आफू दुवै जनालाई हलैण्ड नागरिक बताएका थिए । अनुसन्धानको क्रममा खोजतलास गर्दै जाँदा निज हेनरिकस बेन्टाजा (Hennricus Bintanja) ले १९ डिसेम्बर १९७५ का दिन काठमाडौं स्थित गोरखा ट्राभल्सबाट ५००१ नम्बरको निजी ड्याटसन सेतो कार भाडामा लिएको, २३ डिसेम्बरका दिन कुकी हेङकर एक्लै गई गोरखा ट्राभल्समा उक्त कार फिर्ता गरेको भन्ने कुरा गोरखा ट्राभर्ल्सबाट बुझिन आएको । उक्त कार फिर्ता गर्दा सोकारमा गोल्डेन फ्रेम र कालो सिसा भएको चस्मा १, जिन्सको टोपी, लेन्स क्लिनरसमेत छुटेको, उक्त कारको पछाडि डिकीमा एउटा जिन्सको पाईन्ट फेला परेको, उक्त पाईन्ट सम्बन्धमा हेनरिक बेन्टान्जा (Hennricus Bintanja) सँग सोधपुछ गर्दा मेरो होइन भनी बयान दिएका थिए । यसैबीच एयरपोर्ट एमिग्रेशनमा गई एराईभल (arrival) तथा डिपास्चर लिष्ट चेक (Departure list check) गर्दा मृतक लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) २३ डिसेम्बरका दिन बैंकक गई २४ डिसेम्बरका दिन पुन: काठमाडौं आएको देखियो । लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) लेभरेको Emarkation card / disembarkation को हस्ताक्षर तथा ओरेन्टल लजमा गरिएको हस्ताक्षर विशेषज्ञकोमा जाँच गर्दा फरक देखियो । यसैबीच हेनरिकस बेन्टाजा (Hennricus Bintanja) र कुकि हेम्करसँग सोधपुछ जारी नै रहेकोमा २८ डिसेम्बरका दिन निजहरूलाई पुन सोधपुछ गर्न होटलमा जाँदा निजहरूले बस्ने गरेको कोठा नं.४१५ मा गई बोलाउँदा कोही नबोलेकोले जबरजस्ती ढोका खोलीभित्र पस्दा कोठामा कोही पनि नभएको तर तिन सुट्केश जुत्ता तथा अरू कपडाहरू त्यही भएको, उक्त होटलमा छोडिएका मालसामान मध्ये नाईलनको मनिब्याग बरामद हुन आएको, मे १९७६ मा मृतक लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) को दाजु गिलोर एम क्यारियरे (Gilor M. Carriere) काठमाडौंमा आई मृतक शवको फोटो, देखिएको कपडाको टुक्रा, ५००१ नं.को निजी कारमा भेटिएको, चस्मा, जिन्सको टोपी, निलो जिन्स पाईन्ट र हेनरिकस बेन्टाजा बसेको होटल सोल्टी कोठा न.४१५ बाट बरामद भएको निलो नाईलनको मनिब्याग, कालो नाईलन जिपर, कालो पलाष्टिक क्लिप र निलो कम्बर पेटी मेरो भाइ लरेन्ट आरमण्ड क्यारियरे (Laurent ArmondCarriere) को हो भनी मे २ तथा २१ को दिन सनाखत गर्दछ । सोल्टी होटलको रजिस्ट्रेसन कार्ड न.६४४९ मा एलेन गोटियर

(Allen Gauthier) उर्फ बेन्टाजाले लेखिएको अक्षर तथा हस्ताक्षर २३ डिसेम्बर १९७५ का दिन लरेन्ट आरमण्ड क्यारियरे (Laurent ArmondCarriere) को नामबाट बैंकक जाँदा र भोलिपल्ट फर्की काठमाडौं आउँदा भरेका लिखतका अक्षरहरू विशेषज्ञका अनुसार समान अर्थात् एउटै व्यक्तिले लेखेको छ भनी निर्विवाद छ भन्नेसमेत व्यहोरा उल्लेख भएको छ। उक्त कुराहरू तत्कालीन प्रहरी महानिरिक्षक अच्युत कृष्ण खरेलले मिति २०५३।१२।१४ मा लरेन्ट आरमण्ड क्यारियरे (Laurent ArmondCarriere) समेतको हत्या काण्डमा गृह मन्त्रालयमा दिएको प्रतिवेदन र एस.पी चन्द्र विर राईले पेस गरेको प्रतिवेदनसमेतमा उल्लेख भएको, प्रतिवादी चार्ल्स शोभराज गुरूमुख डिसेम्बर १९७५ मा बैंककबाट काठमाडौं आई सोल्टी होटलमा हेनरिकस बेन्टाजा (hennricus bintanja) को नामबाट बसेका, मृतक कोनिजोसँग एउटै कोठामा बस्ने क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) को भक्तपुर साँगामा मिति २०३२।९।६ गते लास फेला परेको निजको नाईलनको मनिब्याग निज प्रतिवादी बसेको होटल ओभरायको रूम न.४१५ बाट बरामद भएको र निज लरेन्टको टोपी चस्मा,जिन्सको पाईन्ट, यी प्रतिवादीले गोरखा ट्राभल्सबाट भाँडामा लिई चलाएको ५००१ नं.को सेतो कारबाट बरामद भएको, सो गाडी मिति २०३२।९।५ गतेदेखि ८ गतेसम्म विदेशीले भाँडामा लिएको भन्ने ड्राईभर पुर्णबहादुर महर्जनको कागजबाट देखिन आएको, मृतक कोनिजोको लास एकान्त ठाउमा ऐ.८ गते बिहान लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) कै लास फेला परेको स्थानतर्फ जाने बाटोमा भेटिएको र सोही दिन अर्थात् मिति २०३२।९।८ गतेका दिन ११:३० बजे बैंकक जाने प्लेनबाट निज प्रतिवादी लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) को नाउँबाट बैंकक गई भोलिपल्ट काठमाडौं फर्किएको, मृतक कोनिजो ब्रोन्ची (Connie jo Bronizch)को डाँयरीमा यी प्रतिवादीको नाम, थर, ठेगाना उल्लेख हुनु नपर्ने, मृतक कोनिजो (Connie jo) भियतनामी व्यक्तिसँग भेटघाट गर्न सोल्टी ओभरायमा जाने गरेको भनी किष्ट्री मारिन मेक्मिलनले (Kirsty Marion Macmillan) भनेकी हुँदा मृतक कोनिजो ब्रोन्जी (Miss Connie Jo Bronizch) सँग प्रतिवादीको काठमाडौंमा भेटघाट प्रत्यक्ष सम्बन्ध भएको देखिने हुँदा प्रतिवादीले वारदातको समयमा आफू अन्यन्त्र रहेको प्रमाण दिन नसकेको हुँदा निजले लिएको Plea of Alibi नै निजको विरूद्धमा प्रमाण लाग्ने भएको, यस हत्या सम्बन्धमा सोधपुछ हुँदा सामानहरू होटलमा छाडी यी प्रतिवादी ट्याक्सी लिई रोडको बाटो हुदै भारततर्फ भागी गएको, हत्या गर्ने र हत्या गरी सकेपछि मृतकलाई नचिनिने गरी जलाउने आपराधिक कार्यविधि तरिका (Modus Operandi) मा समानता देखिन आएको, हत्या गर्न विदेशी पर्यटकलाई छनौट गरी हत्या गर्ने कार्यमा समानता रहेको तथा उल्लिखित तथ्यहरू एक आपसमा आबद्ध रहेकोसमेतका उल्लिखित विवेचना गरिएका परिस्थितिजन्य प्रमाणहरूसमेतबाट प्रतिवादी चार्ल्स शोभराज गुरूमुखले अमेरिकी नागरिक कोनिजो ब्रोनची (Connie jo Bronizch) लाई कर्तव्य गरी मारेको ठहर्छ । सो ठहर्नाले मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धीको महलको १३(३) नं.अनुसार प्रतिवादी चार्ल्स शोभराज गुरूमुखलाई सर्वश्वसहित जन्मकैद हुने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०६१।४।२८ गतेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला।

प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) ले १९७५ डिसेम्बरमा आफू नेपाल नआएको भन्ने कुरा स्थापित नभई सो समयमा प्रतिवादी नेपालमा रहेको प्रमाणित र पुष्टी भएको, मृतक कोनिजो ब्रोन्ची (Connie jo Bronizch) सँगै एउटै कोठामा ओरेन्टल लजको कोठा न.९ मा बसेको क्यानेडियन नागरिक लरेन्ट आरमण्ड

क्यारियरे (Laurent Armond Carriere) को मनिब्याग प्रतिवादी बसेको होटल सोल्टी ओभरायको कोठा न.४१५ मा फेला पर्नुको साथै प्रतिवादीले भाडामा लिई चलाएको गोरखा ट्राभलर्सको सेतो ५००१ नम्बरको कारबाट लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) को चस्मा र जिन्सको पेईन्ट बरामद भएको,मृतक कोनिजो ब्रोनची (Connie jo Bronizch) को डायरीमा यी प्रतिवादीको नाम उल्लेख भएको र यसरी लरेन्ट आरमण्ड क्यारियरे (Laurent ArmondCarriere) का सामान निजले भाडामा लिएको कारबाट बरामद भएको, मृतक कोनिजो ब्रोन्चीको डायरीमा यी प्रतिवादीको नाम र ठेगाना उल्लेख हुनाको कारण प्रतिवादीले खुलाउन नसकी निजसँग सम्बन्ध सम्पर्क नै नभएको भन्ने निजको बयान मिथ्या साबित भएको तथा हत्या सम्बन्धमा तत्काल यी प्रतिवादीसँग सोधपुछ हुँदा र होटल छाड्दा खबर दिनु भनेको कुरालाई बेवास्था गरी सामान होटलमा छाडी मोटर बाटो हुँदै भारततर्फ लागेको र बहुमुल्य पत्थर सम्बन्धमा मृतकसँग भेटघाट सम्बन्ध भएको कुरा पुष्टि भएकोबाट बहुमुल्य पत्थरकै प्रलोभनमा समेत परी प्रतिवादीले मृतक कोनिजो ब्रोन्ची (Connie jo Bronizch) को हत्या गरेको कुरा परिस्थितिजन्य प्रमाणबाट खम्बिर भएको देखिँदा, गेष्ट रजिस्ट्रेसन कार्ड र पासपोर्टमा रहेको दस्तखत एकै व्यक्तिको हुन सक्ने भन्ने विशेषज्ञको राय भई २००३ मा मात्रै नेपाल आएको भन्ने बयान विश्वासयोग्य नदेखिइ गेष्ट रजिस्ट्रेसन कार्डबाट १९७५ डिसेम्बरमा प्रतिवादी नेपालमा रहेको पुष्टि भएको र बहुमुल्य पत्थर सम्बन्धमा मृतकसँग प्रतिवादीको भेटघाट हुने गरेको भन्ने देखिएको समेतका परिस्थितिजन्य प्रमाणको विवेचना गरी प्रतिवादी चार्ल्स शोभराज गुरूमुखलाई कसुरदार ठहर गरी ज्यानसम्बन्धी महलको १३(३) अनुसार सर्वश्वसहित जन्म कैद गर्ने गरी गरेको मिति २०६१।४।२८ को काठमाडौं जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०६२।४।२० गतेमा पुनरावेदन अदालत, पाटनको संयुक्त इजलासबाट भएको फैसला।

हेनरिकस बेन्टाजाको नामले बसेको एलेन गोटियर भन्ने व्यक्ति र चार्ल्स शोभराज गुरूमुख (Charles Shbhraj Gurumukh) भन्ने व्यक्ति एउटै रहेको र निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) को कार्य र व्यवहारको उपर्युक्त तथ्यहरू मालाकार कडीको रूपमा आबद्ध भई निजले अभियोग दाबीबमोजिम कोनिजो ब्रोनचीको (Connie jo Bronizch) हत्या गरेको भनी परिस्थितिजन्य प्रमाणहरूबाट स्थापित हुन आएको देखिएकोले अभियोग दाबीबमोजिम निजले कसुर अपराध गरेको भनी कसुरदार ठहराई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६१।४।२८ गतेमा गरेको फैसलालाई सदर गर्ने गरी गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६२।४।२०को फैसलामा तथ्यको विवेचना, प्रमाणको मुल्याङ्कन, अपराधको निर्धारण र सजायको उद्घोषणसमेतबाट कुनै त्रुटि विद्यमान रहेको नदेखिँदा सो फैसला सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको सर्वोच्च अदालतको संयुक्त इजलासबाट भएको मिति २०६७।४।१४ गतेको फैसला।

मेरो तीनपुस्ते नाम, थर, उपनाम, पेसासमेतको उत्तर बताउन आवश्यक ठान्दिन। म फ्रान्सदेखि अबुदाबी हुँदै नेपाल आएको हुँ। देशको भ्रमण गरेको सम्बन्धमा भन्न आवश्यक ठान्दिन। म पहिलो चोटी १ सेप्टेम्बर २००३ मा ३० दिने व्यवसायिक भिषा प्रयोग गरी नेपाल आएको हुँ। २७/१ नम्बरको (Disembarcation card) देखाउँदा देखेँ, हेरे, चिनेँ। उक्त कार्डमा रहेका अक्षरहरू मैले लेखेका होइनन् र उक्त कार्डमा रहेको दस्तखत चाहीँ

मेरो हो । म उक्त समयमा गार्डेन होटलमा बसेको हुँ । ट्याक्सीवालाले होटल ओभरायमा नलगी गार्डेन होटलमा लगेको हुँदा सोही होटलमा बसेको हुँ। सोल्टी होटलको ६४४९ नं. गेष्ट रजिस्ट्रेसन कार्ड र मल्ल होटलको ०११९ गेष्ट रजिस्ट्रेसन कार्डको प्रतिलिपि देखेँ हेरेँ उक्त कार्डहरू कोनिजो ब्रोनची (Connie jo Bronizch) सँग सम्बन्धित काठमाडौं जिल्ला अदालतमा चलेको केशसँग सम्बन्धित छन्। काठमाडौं जिल्ला अदालत र सर्वोच्च अदालतको फैसलालाई U.N.Human Right Committee ९९ session on २७ july ०१० को views/order ले खारेज गर्दै ICCPR को उल्लङ्घन पारिएको प्रस्ट पारिएको छ। (Article१०,१४ and १५) जसको कारणले ICCPR को Article-२ अनुसार उक्त मुद्दा पुनरालोकन गर्न आदेश दिएको छ । नेपाल सरकारले सो विषयमा १२ मार्च २०१२ मा चार्ल्स शोभराज गुरूमुखले नेपाली भाषामा पुनरावलोकनको लागि निवेदन दिएर पुनरावलोकन गर्न सकिन्छ भनी जवाफ पठाएको पाइन्छ। काठमाडौं जिल्लामा चलेको कोनिजोको मुद्दा अन्तिम नलागे सम्म उक्त मुद्दाको फैसलालाई आधार मानी प्रश्न सोधिरहनु उपर्युक्त देखिँदैन । मैले लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) लाई मारी फालेको भन्ने कहीँकतै कुनै आदेशमा उल्लेख नभएको,म उक्त घटनामा संलग्न पनि नरहेको, काठमाडौं प्रहरीले कोनिजोको मुद्दामा अभियोग तयार गर्दा भक्तपूरको घटनासमेत उल्लेख गर्नु उसको अधिकार क्षेत्रभित्र पर्दैन । भक्तपुर प्रहरीले को कसले मारी फालेको भन्ने उल्लेख नगरेको र जिल्ला अदालत भक्तपुरसमेतले कसले मारेको यकिन नभएको भनी मिति २०३३।९।२२ मा फैसला गरेको । प्र.ना.नि. नन्दराम श्रेष्ठसमेतले डि.एस.पि.कार्यालय, काठमाडौंमा पेस गरेको प्रतिवेदनमा कोनिजो ब्रोनची (Connie jo Bronizch) लाई लरेन्ट आरमण्ड क्यारियर (Laurent Armond Carriere) ले हत्या गरी भागेको भन्ने उल्लेख भएको, मृतक लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) को लास सम्बन्धमा निजको आफन्त र क्यानेडियन दुतावाससमेत लाई जानकारी नगराइ भियाना कन्भेन्सनको विपरीत जलाउन दिएको, मैले उक्त घटना घटाएको होइन। उक्त घटनाको बारेमा मलाई थाहा छैन । कोनिजो ब्रोनची (Connie jo Bronizch) क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) भारतीय अजय चौधरीसमेतलाई चिन्दिन, देखेको र भेटेको समेत छैन। तर मेरी एण्ड्रेलुसी लेक्लर्क (Marie Andre Lucie Leclec) चिन्दछु । निजलाई भारतमा भेटेको हुँ। बैंकक पोष्टमा छापिएको पत्रिका मैले देखेको छैन । यी सबै फोटोकपी भएकोले यसमा केही थाहा छैन । विभिन्न CDs, DVD का बारेमा Police station is not a movie house त्यसैले मलाई केही भन्नु छैन। विभिन्न किताबहरू तथा cd र dvd हरू police story,charge sheet र accusation को लागी बनेका हुन् । यी कुनै अदालतको final verdict को आधारमा नबनाएकोले त्यस्ता किताबहरू र dvd हरू अदालतमा प्रमाणको रूपमा लिइँदैन । मृतक लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) को ब्याग ओरन्टल होटलको कोठा नं.९ मा रहेको, निजको हत्या सम्बन्धमा भक्तपुर र काठमाडौंको प्रहरीले होटल म्यानेजरलगायत कोही कसैसँग अनुसन्धान गरेको नदेखिएको, जबकी लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) र कोनिजो ब्रोनचीसँगै उक्त होटलको एउटै कोठामा बस्दथे । मृतक लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) को लासजली दाहसंस्कार गर्दासमेत भक्तपुर प्रहरीलाई मृतक को हो थाहा थिएन । यस भन्दा अगाडि कुनै फौजदारी अभियोगमा सजाय पाएको छैन भनी लेखिएको ठिक साच्चो छ फरक पर्दैन भनी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) को दोभाषे अधिवक्ता (प्र.

प्र.न.२२४८) शकुन्तला थापाको रोहबरमा भएको चार्ल्स शोभराजको मिति २०७०।११।१६ गतेको अनुसन्धानका क्रममा भएको बयान।

मिति २०३२।९।६ गते म आफ्नै घर चित्तापोलमा थिएँ। उक्त दिन जिल्ला भक्तपुर, चित्तापोल गाउँ पञ्चायत वडा नं. ६ स्थित अरनिको सडकको ढलमा जलेको मृत मानिस फेला परेको भन्ने जानकारी पाई मससमेत घटनास्थलमा गई हेर्दा पूर्व टाउको, पश्चिम खुट्टा भई उत्तानो परेको, टाउको कपाल जलेको, शरीरको अधिकांश भाग जलेको, ठाउँठाउँमा घाउचोट निलडाम रही रगत निस्केको विदेशी जस्तो मानिसको हत्या गरी मानिसको लास फ्याँकेको देखेको हुँ। सो सम्बन्धमा पछि मृतक क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियरे (Laurent ArmondCarriere) को हत्या गर्नेमा फ्रान्सेली नागरिक चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh), भारतीय नागरिक अजय चौधरी, क्यानेडियन नागरिक मेरी अन्डरे लेक्लर्क हुन भन्ने थाहा पाएको हुँ। अमेरिकी नागरिक कोनिजो ब्रोनजी (Connie jo Bronizch) र लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) एउटै होटलमा बसेका, दुवै सँग बहुमुल्य पत्थर रहेको बुझिएकोले सोही कारणले उक्त घटना निज चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) समेतले घटाएकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको बुझिएका कृष्णहरी बस्नेतसमेतले मिति २०७०।१२।३ गते गरी दिएको कागज।

घटना मेरो घर नजिकै पर्दछ । मिति २०३२।९।६ गते बिहान मलगायत घरका अन्य सदस्य गहुँ छर्नको लागी घटनास्थलको बाटो हुदै खेतमा जानलाग्दा ढलमा विदेशी जस्तो, शरीरको अंधिकांश भाग जलेको, ठाउ ठाउँमा निलडाम घाउचोटसमेत रही रगत निस्किएको अवस्थाको मृत लास देखी तत्कालीन चित्तापोल गाउपञ्चायतका प्रधानपञ्च गोकर्णबहादुर कार्कीलाई खबर गरेको हुँ। मैले सो समयमा देखेको मृतक लास र हाल मिसिल संलग्न गरिएको लासको फोटो एकै व्यक्तिको हो । हाल मृतक क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियरे (Laurent ArmondCarriere) लाई हत्या गर्नमा फ्रान्सेली नागरिक चार्ल्स शोभराज गुरूमुख रहेको कुरा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको बुझिएका भरत राना मगरसमेतले मिति २०७०।१२।५ गते गरी दिएको कागज।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल तथा लासजाँच मुचुल्का, सर्जमिन मुचुल्का, लासजाँच रिपोर्ट, मृतक लासको सनाखत कागज, भक्तपुर जिल्ला अदालतमा पेस गरेको प्रहरी प्रतिवेदन, भक्तपुर जिल्ला अदालतको आदेश, मिति २०३३।६।५ गतेको तत्कालीन प्र.ना.उ. कार्यालय काठमाडौंका प्र.नि. विश्वलाल श्रेष्ठले काठमाडौं जिल्ला अदालतमा दायर गरेको प्रहरी प्रतिवेदन, प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान महाशाखाबाट मिति २०३३।४।२० मा सुपुर्दगीका लागि गृह सचिवलाई लेखेको पत्र, सम्मानित काठमाडौं जिल्ला अदालतको अमेरिकी नागरिक कोनिजो ब्रोनची (Connie jo Bronizch) को हत्यासम्बन्धी फैसला, सो फैसला सदर गरी पुनरावेदन अदालतबाट मिति २०६२।४।२० मा भएको फैसला र सो फैसलालाई सदर गरी सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।४।१४ मा भएको फैसला, प्रतिवादी चार्ल्स शोभराज गुरूमुखले जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरमा गरेको बयान, बुझिएका मानिसहरूले गरी दिएको कागज, मिसिल साथ पेस गरिएका विभिन्न पत्रिकाका प्रतिलिपिहरू तथा चार्ल्स शोभराजका बारेमा लेखिएका विभिन्न पुस्तकहरूसमेतका संकलित आधार प्रमाणहरूसमेतबाट मिति २०३२।९।६ गते तदनुसार २१ डिसेम्बर १९७५ का दिन प्रतिवादी चार्ल्स शोभराज गुरूमुखसमेत भई क्यानेडियन नागरिक लरेन्ट

आरमण्ड क्यारियरे (Laurent Armond Carriere) लाई हत्या गरी जलाई भक्तपुर जिल्ला चित्तापोल गाउ पञ्चायत वडा नं.६ स्थित अरनिको सडकको ढलमा लिङ्गसमेत पहिचान हुन नसक्ने गरी फालेको भन्ने पुष्टि हुन आएकोले प्रतिवादी चार्ल्स शोभराज गुरूमुख, मेरी एण्ड्रेलुसी लेक्लर्क (Marie Andre Lucie Leclec), भारतीय नागरिक अजय चौधरीसमेतको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नम्बर र १३(३) नम्बर विपरीतको कसुर अपराध भएकोले निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुखलाई सोही महलको १३(३) नम्बरबमोजिम सजाय गरी पाउन निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुख हाल केन्द्रिय कारागार जगन्नाथदेवल, काठमाडौंमा थुनामा रहेको हुँदा सम्मानित अदालतबाटै झिकाई बयानलगायतका कारवाही गरिपाउँ र भारतीय नागरिक प्रतिवादी अजय चौधरी र क्यानेडियन नागरिक मेरी एण्डे लुसी लेक्लर्क (Marie Andre Lucie Leclec) को हकमा पछि नाम, थर, वतन खुल्न आएका बखत वा पक्राउ परेका बखत कानूनबमोजिम पूरक अभियोग पत्र पेस गरिने भन्नेसमेत व्यहोराको मिति २०७०।१२।१९।४ गतेको अभियोग पत्र।

मलाई प्राप्त कागजातहरू मध्ये अभियोग पत्रसमेतका संलग्न १०० पृष्ठका कागजातहरू प्राप्त गरेको ३९९ पृष्ठ मैले प्राप्त गरेको छैन।अदालती बन्दोबस्तको १२७ नं. बमोजिमको बयान गराउनु पूर्व मलाई अभियोग पत्रसमेत संलग्न सम्पूर्ण कागज उपलब्ध गराई मतलब सम्झाई कागज सुनाई सोधनी हुनु पर्नेमा सो नभएकोले म बयान दिनका लागि तयार छैन। तसर्थ मलाई अभियोग पत्रको सम्पूर्ण कागजात उपलब्ध गराइयोस्। म विरूद्ध लागेको अभियोगबारे थाहा पाउन सकुँ र बयानका लागी तयार हुन सकुँ। जबसम्म मलाई अभियोग पत्रसमेतका सम्पूर्ण कागजात उपलब्ध गराइँदैन तबसम्म म बयान दिनका लागि तयार छैन। जुन सम्बन्धमा ICCPR को धारा १४(३)(A)(B) अनुसार उक्त प्रावधान मान्न नेपाल सरकारसमेत बाध्य रहन्छ। मलाई बयान गर्न बाध्य नगरियोस। ICCPR को धारा १४(३) (a)(b)(f) नं. लागू नभएसम्म बयान दिन बाध्य छैन। अनुवादक परिवर्तन गर्न मैले ईङ्लिसमा निवेदन दिई सकेकोले अर्को अनुवादक सम्बन्धमा टुङ्गो नलागेसम्म म बयान दिन चाहन्न। अनुवादकले Compliance शब्दको appropriate अनुवाद नगरेकोले competent अनुवादकको व्यवस्था गर्ने गरी competent अनुवादक नियुक्त गरिपाउँ। त्यसैले म निजले गरेको अनुवादमा विश्वास गर्दैन। म विदेशी नागरिक भएकोले competent अनुवादक एवं आधिकारिक अनुवादक नभएसम्म बयान दिन चाहन्न। म नेपाली बुझ्दिन। मैले मिति ०७१।२।१२ को आदेशबमोजिम अदालतमा उपस्थित भई अभियोग पत्र र संलग्न १०० पृष्ठ कागजात बुझेको हो तर पुर्ण अभियोग पत्रसँग संलग्न कागजातहरूको अनुवादित प्रति प्राप्त नभएकोले म केही भन्न सक्दिन। मेरो बयान सम्बन्धमा अनुवादकबाट अंग्रेजी भाषामा अनुवादित कागजबाहेक म अरू कुरा बुझ्दिन भन्नेसमेत व्यहोराको अग्रेजी भाषामा व्यक्त गरेकोलाई नेपाली भाषामा उल्था गरिएको, मिति २०७१।२।२९ मा सुरू अदालतमा प्रतिवादी चार्ल्स शोभराजले इजलाससमक्ष गरेको बयान कागज।

मिसिल संलग्न तत्काल प्राप्त कागजातहरू समेतबाट आरोपित कसुरमा यी प्रतिवादीसमेतको संलग्नता रहेको कुरामा विश्वास गर्नुपर्ने अवस्था देखिएकोले प्रतिवादीउपर ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वश्वसहित जन्म कैदको मागदाबी भएको र अ.बं.को ११८(३) नं. बमोजिम नेपालमा बसोबास नभएको व्यक्तिको हकमा ६ महिनाभन्दा बढी सजाय हुन सक्ने अपराधको कसुर गरेको हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा पुर्पक्षका लागि थुनामा राखी कारवाही गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेकोले सोहीअनुसार प्रस्तुत मुद्दामा पुर्पक्षको लागि

थुनामा राख्न अ.बं.को १२४ ग बमोजिम यो पर्चा खडा गरिदिएको छ। अ.बं.को १२१ नं. बमोजिम थुनुवा पुर्जी साथै प्रस्तुत थुनछेकको प्रतिलिपि पाउने गरी कारागार कार्यालय जगन्नाथ देवल, काठमाडौंमा पठाई दिनु भन्ने मिति २०७१।३।१ को थुनछेक आदेश।

मिति २०३२।९।६ का दिन भक्तपुर जिल्ला, चित्तापोल गा.वि.स.वडा नं.६ मा सडकको नजिक कल्वोर्टको छेउमा नालीमा नचिनेको व्यक्तिको लास रहेको, मैले देखेर सो बखतका जाहेरवाला गोकर्णबहादुर कार्की प्रधानपञ्च भएकोले निजलाई सो जानकारी दिएको थिएँ। उक्त लास देखेको समयमा म घरबाट खेतीतर्फबाट हुँदै जाँदै गरेको अवस्थामा खोल्सीमा लास जस्तो देखी हेर्दा कालो जलेको जस्तो नचिनिने अवस्थामा रहेको धुँवा लागेको जस्तो रहेको थियो। देख्दा नेपाली होइन, विदेशी जस्तो देखिएको थियो। उक्त मितिहरूमा भएका कागजमा भएको व्यहोरा सहीछाप मेरो नै हो। सो मरेको व्यक्तिलाई प्रतिवादीले मारेको र विदेशी रहेछ भन्ने पछि थाहा पाएको हो। मृतकलाई मार्ने अपराधीलाई कारवाही हुनुपर्दछ भन्नेसमेत व्यहोराको बुझिएका तथा लासजाँच प्रकृति मुचुल्का मानिस भरत राना मगरले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०३२।९।६ को लासजाँच घटनास्थल मुचुल्कामा उक्त लासको यथार्थ विवरण खुलाई त्यहाँको अवस्थाबमोजिम मसमेतले खुलाई दिई सहीछापसमेत गरी दिएको थिए। सो सम्बन्धमा २०३३ साल मा सरजमिनसमेत भएकोले सोमा भएको व्यहोरा लेखाई सहीछाप गरी दिएको छु। मिति २०३२।९।६ का दिन भक्तपुर जिल्ला, चित्तापोल गा.वि.स.वडा न.६ को पलासे भन्ने ठाउँमा सडकको नाली जस्तो खोल्सीमा डढेको अवस्थामा लास रहेको देखेको हुँ, को कसले मारे भन्ने कुरा तत्काल थाहा पाइएन। पछि मर्ने र मार्ने दुवै नागरिक विदेशी हुन अरे भन्ने सुनेको थिए। उक्त मृतकलाई मार्ने अपराधी जोसुकै भए पनि कडा कारवाही हुनुपर्दछ भन्नेसमेत व्यहोराको सरजमिन तथा लासजाँच प्रकृति मुचुल्काका मानिस बाबुकाजी बस्नेतले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०७०।१२।४ मा अनुसन्धानको क्रममा गरिएको कागजको व्यहोरा सहीसत्य साँचो हो। उक्त मृतकको लास क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियरे (Laurent Armond Carriere) को रहेको र निजलाई चार्ल्स सोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) भन्ने फ्रान्सेली नागरिकसमेतले हत्या गरी जलाई घटनास्थलमा फालेको भन्ने थाहा पाएको हुँ भनी कागजको व्यहोरामा लेखाई सही गरेको हो। मृतकलाई मार्ने अपराधी जोसुकै भए पनि त्यस्ता व्यक्तिलाई कडाभन्दा कडा कारवाही हुनुपर्छ भन्नेसमेत व्यहोराको अनुसन्धानको क्रममा कागज गर्ने साधुराम रानामगरले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०३२।९।६ मा भएको उक्त घटनास्थल लासजाँच प्रकृति मुचुल्कामा भएको व्यहोरा र सहीछाप मेरो हो। घटनास्थलमा लास डढेको, कालोमोसो दलेको जस्तो अवस्थामा थियो। अपराध गर्नेलाई कारवाही हुनुपर्दछ भन्नेसमेत व्यहोराको अनुसन्धानको क्रममा कागज गर्ने मानिस अर्जुन महतले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०३२।९।६ मा भक्तपुर जिल्ला, पलासे भन्ने ठाउँमा सडकको नालीमा लास डढेको कालो अवस्थामा रहेको र उक्त घटनास्थलबाट मसमेतले लास बोकी प्रहरीले भनेको स्थानमा पुर्‍याई दिएको र मुचुल्कासमेत बनाई मसमेतले सो मुचुल्कामा सहीछाप गरेकोले उक्त मितिको मुचुल्काको व्यहोरा सहीछाप मेरो नै हो। मृतकको लास डढेको अवस्थामा रहेकोले कसको लास हो भन्ने पहिचान गर्न नसकेको र को कसले मारेको हो भन्नेसमेत सुनेको थाँहा पाएको छैन भन्नेसमेत व्यहोराको लासजाँच प्रकृति मुचुल्काका मानिस कमलबहादुर बस्नेतले सुरू अदालतमा गरेको

बकपत्र।

मृतक कोनिजो व्रोन्ची (Connie jo Bronizch) तथा मृतक लरेन्ट (Laurent) सँगै प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) समेत बहुमुल्य पत्थर कारोबारसँग सम्बन्धित भई प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh), काठमाडौंको सोल्टी होटलको कोठा नं.४१५ मा बसेको अनुसन्धानको क्रममा काठमाडौं बाहिर जाँदा प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) ले जानकारी गराउनु पर्नेमा नगराई होटलबाट भागी गाडीको बाटो भई भारततर्फ गएको र सो कुरा भारतमा निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) ले गरेको बयानमा समेत खुल्न आएको देखिएको, काठमाडौं जिल्ला अदालतमा चलेको कर्तव्य ज्यान मुद्दाकी मृतक कोनिजो व्रोन्चि (Connie jo Bronizch) र मृतक लरेन्ट (Laurent) को हत्याको प्रकृति एउटै भएको, मृतकको हत्या संगठित अपराधको प्रकृतिबाट योजनाबद्धरूपमा गरिएको देखिएको, मृतक लरेन्ट (Laurent) को पासपोर्ट प्रयोग गरी काठमाडौंबाट बैंकक जाँदा र फर्कंदा एयरपोर्टमा भएको embarkation card तथा disembarkation card कार्ड र निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) को पासपोर्टमा भएको हस्ताक्षर विशेषज्ञका अनुसार समान देखिएको भन्ने उल्लेख भएकोछ। उल्लिखित परिस्थिति जन्य प्रमाणसमेतका आधारमा प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) सन २००३ सेप्टेम्बर १ मा नेपालमा आएको नभई सन १९७५ मा नै नेपालमा रहेको भन्ने पुष्टि भई काठमाडौं जिल्ला अदालतबाट मृतक कोनिजो व्रोन्ची (Connie jo Bronizch) लाई कर्तव्य गरी मारेको मुद्दामा सर्वश्वसहित जन्म कैद हुने गरी भएको मिति २०६१।४।२८ को फैसला पुनरावेदन अदालतबाट मिति २०६२।४।२० मा सुरू सदर भई सम्मानित सर्वोच्च अदालतसमेतबाट तथ्यको विवेचना भई सुरू जिल्ला अदालतको फैसला सर्वोच्च अदालतबाट समेत मिति २०६७।४।१४।६ मा सदर गरी फैसला भई अन्तिम भइसकेकोले मृतक कोनिजो व्रोन्ची (Connie jo Bronizch) र यी मृतक आरमण्ड लरेन्ट क्यारियरे (Laurent Armond Carriere) को हत्या गरी सकेपछि मृतकहरूलाई नचिनिने गरी जलाउने अपराधिक कार्यविधि तरिका (MODUS OPERANDI) मा समानता रहेकोसमेतका उल्लिखित तथ्यहरूको विवेचित परिस्थिति जन्य प्रमाणबाट प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh)ले मृतक आरमण्ड लरेन्टक्यारियरे (laurent armond carriere) लाई कर्तव्य गरी मारेको कुरा पुष्टि भएको हुँदा प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) लाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्म कैद हुने ठहर्छ भन्ने व्यहोराको सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७१।०६।०१ मा भएको फैसला।

यसमा म पुनरावेदकउपर मिति २०६०।०६।२८ मा जाली राहादानी मुद्दा चलाई अध्यागमन ऐन, २०४९ दफा ५(१) (२) बमोजिमको कसुरमा ऐ. को दफा १०(१) बमोजिम १ वर्ष कैद र रू. २०००।– जरिवाना हुने ठहर्‍याई यसै पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई सदर गर्ने गरी मिति २०६७।०४।२६ मा पु.नं. ०६६-CR-००१६) सर्वोच्च अदालतबाट फैसला भयो। मउपर २०६६ सालमा स.फौ.पु.नं. ३३५३ को कर्तव्य ज्यान मुद्दामा मिति २०६७।०४।१४ मा सर्वश्वसहित जन्म कैदमध्ये क्यानेडियन नागरिक लरेनट क्यारियोलाई कसले मारेको हो, भन्ने सम्बन्धमा अनुसन्धान हुँदा पत्ता लाग्न नसकेपछि खुल्न आएका बखत कारवाही चलाउने गरी

भक्तपुर जिल्ला अदालतबाट मिति २०३३।०९।२० मा तामलीमा राखी दिने ठहर्छ भनी फैसला भएको छ । सो फैसलाउपर ३७ वर्षपछि तामेलीबाट जगाई मउपर पूरक अभियोग पत्र गरी प्रस्तुत कर्तव्य ज्यान मुद्दा चलाईएको ठाडै कानूनविपरीत छ । मउपर प्रस्तुत मुद्दा बद्नियतपूर्ण चलाइएको हो । माथि पकरण नं. (२) मा उल्लिखित मुद्दाहरू मउपर दायर गरिएको बेलामै प्रस्तुत मुद्दा पनि चलाउन सकिन्थ्यो । वास्तवमा म उपर यो मुद्दा चलाउन नमिल्ने भएकोले सो बेला यस मुद्दा नचलाइएको हो । मलाई लागेको कैद आधी भन्दा बढी भइसकेको र मेरो वृद्धावस्था एवं कारणहरूबाट समेत मलाई बाँकी कैद मिनाहा गरी म रिहा हुन सक्ने सम्भावना देखेर जसरी भए पनि मलाई थुनामै राख्नुपर्छ भन्ने कलुषित भावना एवं बद्नियत राखी यो मुद्दा मउपर पछि चलाइएको प्रस्टै छ । एकैसाथ अनुसन्धान गरी मुद्दा चलाउन सकिनेमा पहिले एउटा मुद्दामा मात्र अनुसन्धान गरी मुद्दा चलाई पछि मौका हेरी अरू मुद्दा चलाउन नमिल्ने भन्ने कानूनी सिद्धान्त सर्वोच्च अदालतबाट प्रतिपादित भई ने.का.प. २०६६ नि.नं. ८२२१ पृ.सं. १४८३ अंक (९) मा प्रकाशित भएको छ । यस कानूनी सिद्धान्तको परिप्रेक्ष्यबाट हेर्दा मउपर हदम्यादसमेत नघाई हाल अर्को कर्तव्य ज्यान मुद्दा चलाइएको कार्यबाट मउपरको प्रवृत्त भावना छर्लङ्ग हुन्छ । प्रस्तुत मुद्दामा सुरू भक्तपुर जिल्ला अदालतले नेपाल अन्तरिम संविधान, २०६३ को धारा २४(८), (९) द्वारा प्रदत्त न्यायसम्बन्धी हक एवं नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुसन्धि १९६६ (ICCPR) को धारा १४(३) समेत विपरीत मलाई Fair Trial प्रदान गरेन । अभियोग पत्रलगायत मिसिलको सम्पूर्ण कागजातहरूको अंग्रेजी भाषामा उल्था गरी मलाई उपलब्ध गराइएन । भक्तपुर जिल्ला अदालतमा मेरो बयान लिइने अवस्थामा मात्र मलाई दोभाषे उपलब्ध गराइँदैमा Fair Trial को सिद्धान्त अवलम्बन गरिएको मान्न सकिँदैन । प्रथमतः मलाई सम्पूर्ण अनुवादित कागजातहरू उपलब्ध गराइनु पर्दछ भने त्यसपछि ती अनुवादित कागजातहरू हेर्ने उचित समय पनि मलाई दिइनुपर्दछ । सयौं पृष्ठहरू भएको मिसिलको आंशिक कागजात मात्र उपलब्ध गराइनु पर्याप्त हुन्न (ICCPR) को धारा १४(३) (ख) बमोजिम तैयारीको लागि उचित एवं प्रर्याप्त समयको पनि आवश्यकता पर्दछ । यी सबै कुराहरूबाट मलाई वञ्चित गरियो । यसको अलावा मैले नियुक्त गरेका कानून व्यवसायीहरू हुँदाहुँदै भक्तपुर जिल्ला अदालतबाट जबरजस्ती तवरबाट मेरो इच्छाविपरीत मेरो हकमा वैतनिक कानून व्यवसायी नियुक्त गरियो (ICCPR) को धारा १४(३) (घ) मा सम्बन्धित प्रतिवादीको कानून व्यवसायी नभएको अवस्थामा मात्र वैतनिक कानून व्यवसायी उपलब्ध गराउने व्यवस्था गरिएको छ । जरबजस्ती वैतनिक कानून व्यवसायी राख्ने Fair trial को सिद्धान्तविपरीत रहेको छ । तसर्थः सुरू भक्तपुर जिल्ला अदालतबाट भएको मिति २०७१।०६।०१ को फैसला कत्ति पनि नमिल्नुको अतिरिक्त कानूनी त्रुटिपूर्ण भएको हुँदा सो फैसला बदर गरी पूर्णरूपले सफाई दिलाई न्याय पाउँ भन्ने व्यहोराको पुनरावेदक प्रतिवादीको पुनरावेदन पत्र ।

यसमा प्रतिवादीले आरोपित कसुर गरेमा इन्कार रही अधिकार प्राप्त अधिकारीसमक्ष बयान गरेका आफूउपर लागेको अभियोगसम्बन्धी कागजातको अनुवादित प्रति नपाएको भनी अदालतमा बयान गर्न इन्कार रहेका एवं मिति २०३२।०९।०६ मा लास फेला परेका Laurent Armond Carriere लाई कर्तव्य गरी मारेको भन्ने विषयको मुद्दामा यसैले मारी फालेको हो भनी खुलाउन नसकेको हुँदा पछि खुल्न आएका बखत कारवाही चलाउने गरी हाललाई कोही कसैउपर कारवाही चलाउन नपर्ने नचलाउने गरी हाललाई कोही कसैउपर कारवाही चलाउन नपर्ने देखिँदा मिसिल तामेलीमा राखी दिने ठहरी भक्तपुर जिल्ला अदालतबाट मिति २०३३।२२।०४ मा आदेश भई

रहेकोमा मिति २०७।१२।१९ मा दायर पूरक अभियोग पत्रको आधारमा प्रतिवादीलाई सजाय गर्ने गरेको सुरू फैसला ज्यानसम्बन्धीको महलको २० नं. को व्याख्याको सन्दर्भमा फरक पर्न सक्ने देखिँदा मुलुकी अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०७२।०३।१५ को आदेश।

मिति २०३२।०९।०६ गते हेनरीकस विन्टाजाको नामले बसेको एलेन गोटियर भन्ने प्रतिवादी चार्ल्स शोभराज गुरूमुखसमेत भई क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियरेलाई घाँटी काटी हत्या गरी जलाई भक्तपुर जिल्ला चित्तापोल गा.पं. वडा नं. ६ स्थित अरनिको राजमार्गको ढलमा लिङ्गसमेत पहिचान हुन नसक्ने गरी फालेको भन्ने अभियोग दाबी समर्थित हुन आएको देखिँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गरेको सुरू भक्तपुर जिल्ला अदालतको फैसला अन्यथा नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थः प्रतिवादी चार्ल्स शोभराज गुरूमुखले आरोपित कसुर गरेको ठहर्‍याई निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गर्ने गरी भक्तपुर जिल्ला अदालतबाट मिति २०७१।०६।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने मिति २०७२।०८।०८ को पुनरावेदन अदालत, पाटनको फैसला।

प्रतिवादी चार्ल्स गुरूमुख शोभराजलाई सर्वस्वसहित जन्मकैदको सजाय ठहर गर्ने गरी भएको फैसला साधक जाँचको लागि यसै साथ पठाइएको छ भन्ने पुनरावेदन अदालत, पाटनको च.नं. ११५ मिति २०७३।५।१ को पत्र।

यसमा मृतक लरेन्ट आरमण्ड क्यारियरे (LAURENT ARMOND CARRIERE) भन्नेको कर्तव्यबाट मृत्यु भएको सम्बन्धमा निजलाई कसले मारी आगो लगाई फाली दिएको हो भन्ने कतैबाट खुल्न नआएको भन्नेसमेत व्यहोरा उल्लेख गरी भक्तपुर जिल्ला अदालतबाट उक्त मुद्दा मिति २०३३।९।२२ मा तामेलीमा राख्ने आदेश भएकोमा सो मुद्दामा प्रतिवादी चार्ल्स गुरूमुख शोभराजउपर मिति २०७०।१२।१९ मा अभियोग पत्र दायर भएको देखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०७२।८।८।३ को फैसलामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २० नं. को व्याख्यात्मक प्रश्न समावेश भई फरक पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोवस्तको २०२ नं. बमोजिम महान्यायाधिवक्ताको कार्यालयलाई छलफलको लागि सूचना दिई नियमानुसार गर्नुहोला भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७३।१०।४।३ को आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ साधकको रोहमा इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरियो । वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले प्रहरी प्रतिवेदन दर्ता भई अदालतले तामेलीमा राखेको हुँदा हदम्याद जाँदैन । मुद्दा तत्काल दर्ता भएको छ । अदालतले तामेलीमा राख्दा पछि ठहरेबमोजिम हुने गरी तामेलीमा राखिएको छ । अनुसन्धानबाट प्रतिवादी कर्तव्यवाला देखिएका छन् । तसर्थ अभियोग दाबीबमोजिम सजाय हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला सदर हुनुपर्छ भनी तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री लोकभक्त राणा, विद्वान् अधिवक्ताहरू श्री शकुन्तला थापा, रामबन्धु शर्मा र विद्वान् वैतनिक अधिवक्ता श्रीकिरण कुमारी गुप्ताले प्रतिवादी कसुरमा साबित भएको छैन । ३७ वर्षपछि मुद्दा चल्न सक्दैन। तामेलीमा राख्दा पछि ठहरेबमोजिम हुने गरी लेखिए पनि ज्यानसम्बन्धीको २० नं. मा जे लेखिएको छ। त्यही अनुसार हुनुपर्छ। हदम्याद कानूनी प्रश्न हो अदालतले हेर्नुपर्छ । नत्र वास्तविक न्यायको

अनुभुति हुँदैन । तसर्थ पुनरावेदन अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

अब पुनरावेदन अदालत, पाटनबाट यी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरी भएको फैसला मिले नमिलेको सम्बन्धमा साधकको रोहबाट निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, यी प्रतिवादीको कर्तव्यबाट लरेन्ट आरमण्ड क्यारियरे (LAURENT ARMOND CARRIERE) भन्नेको मृत्यु हुन गएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नम्बर र १३(३) नम्बरविपरीतको कसुर अपराध भएकोले निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुखलाई सोही महलको १३(३) नम्बरबमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी भएकोमा क्यानेडियन नागरिक लरेनट क्यारियोलाई कसले मारेको हो, भन्ने सम्बन्धमा अनुसन्धान हुँदा पत्ता लाग्न नसकेपछि खुल्न आएका बखत कारवाही चलाउने गरी भक्तपुर जिल्ला अदालतबाट मिति २०३३।०९।२० मा तामलीमा राखी दिने ठहरी फैसला भएकोमा अनुसन्धानको क्रममा काठमाडौं बाहिर जाँदा प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) ले जानकारी गराउनु पर्नेमा नगराइ होटलबाट भागी गाडीको बाटो भई भारततर्फ गएको र सो कुरा भारतमा निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) ले गरेको बयानमा समेत खुल्न आएको देखिएको, काठमाडौं जिल्ला अदालतमा चलेको कर्तव्य ज्यान मुद्दाकी मृतक कोनिजो व्रोन्चि (Connie jo Bronizch) र मृतक लरेन्ट (Laur ent) को हत्याको प्रकृति एउटै भएको, मृतकको हत्या संगठित अपराधको प्रकृतिबाट योजनाबद्धरूपमा गरिएको देखिएको, मृतक लरेन्ट (Laur ent) को पासपोर्ट प्रयोग गरी काठमाडौंबाट बैंकक जाँदा र फर्कंदा एयरपोर्टमा भएको Embar kat ion car d तथा Disembarkation card र निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुख (Charles Shobhraj Gurumukh) को पासपोर्टमा भएको हस्ताक्षर विशेषज्ञका अनुसार समान देखिएको भन्ने उल्लेख भएबाट तामेलीमा रहेको उक्त मुद्दा जगाई पूरक अभियोग पत्र दर्ता भई निज प्रतिवादीउपर मुद्दाको कारवाही सुरू भएको देखिन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा वारदातको मिति र समयमा आफू वारदातस्थलमा नभएको र उक्त कर्तव्य आफूले नगरेको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ ।

३. भक्तपुर जिल्ला, साँगा पलासे भन्ने ठाउँमा विदेशी मानिस मारी आगो लगाई फालेको सम्बन्धमा निज मर्ने व्यक्ति क्यानडा निवासी लरेन्ट आरमण्ड क्यारियोर (Laurent Armond Carriere) हुन् भन्ने पत्ता लागेको तर कसले मारी आगो लगाई फाली दिएको हो भन्ने सम्बन्धमा कतैबाट खुल्न नआएको र पछि खुल्न आएका बखत कारवाही चलाउने गरी तामेलीमा राखी पाउन भक्तपुर जिल्ला अदालतमा प्रहरी प्रतिवेदन दायर भएकोमा को कसल् मारी आगो लगाई फालिदिएको हो भन्ने सम्बन्धमा कतैबाट खुल्न नआएको र खुल्न आएका बखत कारवाही चलाउने गरी मिसिल तामेलीमा राखी दिने भनी मिति २०३३।०९।२२ मा भक्तपुर जिल्ला अदालतबाट आदेश भएको देखिन्छ । काठमाडौं जिल्ला झोँछे स्थित ओरिन्टियल लजका प्रोपाइटरसँग बुझ्दा मिति २०३३।०८।२८ गते अमेरिकी नागरिक कोनिजो ब्रोन्ची (Miss connie Bronizch) र सोको ३ दिनपछि क्यानेडियन नागरिक लेरेन्ट आरमण्ड क्यारियोर (Laurent Armond Carriere) भन्ने व्यक्ति उक्त होटलमा आई बसेकोमा मिति २०३२।०९।०५ गते लरेन्ट धुलिखेलसम्म घुम्न जान्छु भनी हिँडेको र त्यसको २ दिनपछि कोनिजो पनि लरेन्ट आरमण्ड क्यारियोरलाई भेट्छु भनी धुलिखेलतर्फ गएको भनी बताएको, भक्तपुर साँगामा लरेन्ट आरमण्ड

क्यारियोरलाई एलेन गोटियर भनिने चार्ल्स शोभराज गुरूमुख (Charles sobhraj gurumukh) मनि लेल्कर्क भनिने मेरिएण्ड्रे लुसीलेल्कर्क (Marie Andre lucie leclerc) भारतीय नागरिक अजय चौधरीसमेतका जना ३ व्यक्ति भई हत्या गरी मारी फालेकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुन र लेरेन्ट आरमण्ड क्यारियोरलाई कर्तव्य गरी मारेको घटनास्थल चित्तापोल गाउँ पञ्चायत भक्तपुर जिल्लाभित्र परेको हुँदा निज लरेन्ट आरमण्ड क्यारियोरलाई मारेतर्फ उपरोक्त अभियुक्तहरू उपर सम्बन्धित अदालतमा मुद्दा दायर गरिनेछ भन्नेसमेत व्यहोराको मिति २०३३।०६।०५ मा काठमाडौं जिल्ला अदालतमा प्रहरी प्रतिवेदन पेस भएको र प्रतिवादी चार्ल्स शोभराज गुरूमुख मेरी एण्ड्रे लुसी लेल्कर्क र भारतीय नागरिक अजय चौधरीले क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियोरलाई सुनियोजित तरिकाबाट सावधानी पूर्वक संगठितरूपमा हत्या गरी निजको पहिचान र लिङ्गसमेत नखुल्ने गरी जलाई भक्तपुर साँगा अरनिको राजमार्ग छेउमा फाली ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुर गरेकाले अजय चौधरी र मेरी एण्ड्रे लुसी लेल्कर्कको हकमा नाम, थर, वतन खुली आएका बखत वा पक्राउ परेका बखत कानूनबमोजिम पूरक अभियोग पत्र पेस गर्ने गरी प्रतिवादी चार्ल्स शोभराज गुरूमुखलाई सोही ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरी पाउन र निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुख हाल केन्द्रीय कारागार जगन्नाथ देवलमा थुनामा रहेकाले झिकाई बयान गरिपाउँ भन्ने व्यहोराको भक्तपुर जिल्ला अदालतमा पूरक अभियोग पत्र मिति २०७०।१२।१९ मा दायर भई प्रतिवादी चार्ल्स शोभराज गुरूमुखले मृतक आरमण्ड लरेन्ट क्यारियोरलाई कर्तव्य गरी मारेको ठहऱ्याई निज प्रतिवादी चार्ल्स शोभराज गुरूमुखलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी मिति २०७१।०६।०१ मा सुरू भक्तपुर जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । सो फैसलामा चित्त नबुझाई प्रतिवादी चार्ल्स शोभराज गुरूमुखको पुनरावेदन दायर भई उक्त पूरक अभियोग पत्र ज्यानसम्बन्धी महलको २० नं. को हदम्याद नघाई दायर गरिएको स्थिति रहेबाट आफूलाई कसुरदार कायम गरी सजाय गर्ने गरेको भक्तपुर जिल्ला अदालतको फैसला कानूनसम्मत नभएकाले आफूलाई सफाई दिइनुपर्छ भनी जिकिर लिइएकोमा पुनरावेदन अदालत, पाटनबाट सुरू जिल्ला अदालतको फैसला सदर भएको देखियो ।

४. प्रस्तुत मुद्दाको वारदातका सन्दर्भमा विचार गर्दा कर्तव्यवाला यही हो भनी सुरूमा प्रस्ट कसैउपर पोल नभई मुद्दा २०३३ साल मै तामेलीमा रहेको भन्ने देखिएपनि सो तामेली आदेशमा मृतक क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियोरको मृत्यु कर्तव्यबाट भएको देखिएको भन्ने आधारमा अभियुक्त कोही खुल्न नआएको अवस्था रहेको भन्ने उल्लेख गर्दै कर्तव्यवाला खुल्न आएमा पछि कारवाही गर्ने गरी तामेलीमा राखिएको पाइएको र सो तामेली आदेश भएपश्चात् काठमाडौं जिल्ला अदालतमा चलेको अमेरिकी नागरिक कोनि ब्रोन्चीको ज्यान मरेको २०६० सालको स.वा.फौ.नं. ३१६/९०१ को कर्तव्य ज्यान मुद्दामा भएको अनुसन्धानबाट प्रस्तुत वारदातका मृत व्यक्ति लरेन्ट आरमण्ड क्यारियोरको ज्यान मार्नमा समेत यी प्रतिवादी चार्ल्स शोभराज गुरूमुखको संलग्नता रहेको देखाई निज प्रतिवादीलाई भारतबाट सुपुर्दगी माग गरिएको भन्ने देखिएबाट कर्तव्यको उजुरी सुरूमै परेको प्रस्तुत ज्यान मुद्दाको केही समयको अनुसन्धान पछि कर्तव्यवाला यी पुनरावेदक प्रतिवादी चार्ल्स शोभराज गुरूमुखसमेत हुन् भनी खुलिसकेको अवस्था रहेको पाइँदा वारदातको २० वर्षपछि आफूउपर मुद्दा चल्नै नसक्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । सुरूमै मृतक लरेन्ट आरमण्ड

क्यारियोरको मृत्यु कर्तव्यबाट भएको भनी उजुरी परेको र पछि मुद्दा तामेलीमा रहेपछिको अनुसन्धान तहकिकातबाट कर्तव्यवाला यीनै पुनरावेदक प्रतिवादी चार्ल्स शोभराज गुरूमुख खुल्न आएको देखिँदा निज उपर दायर भएको पूरक अभियोगपत्र ज्यानसम्बन्धि महलको २० नं. मा उल्लिखित हदम्यादभित्र नै दायर भएको पाइएको भन्ने सुरू भक्तपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिलेन।

५. मृतक लरेन्ट आरमण्ड क्यारियोरको ज्यान मरेको वारदातका सम्बन्धमा यी प्रतिवादीको संलग्नता रहे नरहेको सन्दर्भमा हेर्दा यी प्रतिवादीले अदालतमा बयान गर्दा आफू कसुरदार नभई निर्दोष रहेको भन्ने कुराको स्पष्टरूपमा जिकिर लिन सकेको नपाइएको बरू विभिन्न बहाना बनाई सोधिएको जवाफ दिन अनिच्छुक रहँदै पटक पटक बयान गर्न अदालतबाट दिइएको मौकाको दुरूपयोग गर्दै वारदातसँग सम्बन्धित विषय वस्तुको बारेमा जवाफ नदिई बसेको देखियो भने अर्कोतर्फ निजको पुनरावेदन अदालतमा परेको पुनरावेदन पत्रमा समेत स्पष्टरूपमा आरोपित कसुर आफूले नगरेको वा आफू निर्दोष रहेको भनी आधार कारण खुलाई जिकिर लिन नसकी मुद्दा हदम्यादभित्र दायर नभएको, आफ्नो सुनुवाई निस्पक्षरूपमा नभएको, अर्को ज्यान मुद्दाबाट लागेको सजाय भुक्तान हुन लागेका बखत आफूलाई यो मुद्दा दुराग्रहीरूपमा चलाइएको भन्नेसम्मका कुराहरूको जिकिरसम्म लिइएको पाइयो।

६. मिति २०३२।०९।०६ गते सर्वाङ्ग नाङ्गै अवस्थामा डढी घाँटीमा रगतसमेत देखिई मृत अवस्थाको लास भेटिएकोले घटनास्थल तथा लास प्रकृति मुचुल्कामा मृतकको शरीर पूरै भाग आगोले डढेको, घाँटी शेरिएको दाहिने हात बाँधिएको, पिसाब फेर्ने ठाउँमा आगोले हड्डी र छालासमेत डढेको विदेशी जस्तो देखिने कहाँ बस्ने के नाम गरेको व्यक्ति भन्ने सम्बन्धमा यकिन नभएको भन्ने व्यहोरा उल्लेख भएकोमा भक्तपुर अस्पतालको लास जाँच पोष्टमार्टम रिपोर्टमा मृत्युको कारण घाँटी काटिएर श्वास प्रश्वास अवरूद्ध भई भएको हुनसक्छ भनी चिकित्सकले राय दिएको एवं मृतक लरेन्ट आरमण्ड क्यारियोरका दाजु गिल्स एम क्यारियोर (M. GillesCarriere) काठमाडौं आई शवको फोटो, लासमा देखिएको कपडाको टुक्रा, ५००१ नं. को कारमा भेटिएको चस्मा, टोपी, निलो जिन्स प्यान्ट र बेन्टाजा हेनरी बसेको होटल सोल्टीको कोठा नं. ४१५ बाट बरामद भएको मनी ब्याग नाईलनको जिपर फिलिप कम्मर पेटी मेरो भाइ लरेन्ट आरमण्ड क्यारियोरको हो भनी सनाखत गरेबाट मृतक लरेन्ट आरमण्ड क्यारियो रहेको र निजको मृत्यु स्वाभाविक रूपले भएको नभई घाँटी काटी जलाई कर्तव्यबाट भएको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट समेत पुष्टि भएको देखिन्छ। साथै निज प्रतिवादी विभिन्न नाममा विभिन्न स्थानमा गई बसी अपराध गरेको भन्नेसमेत देखिन्छ।

७. हिन्द चिन अनुहारसँग मिल्ने एक युवकसँग युरोपियन केटीसमेत रहेको सोल्टी होटलको कोठा नं. ४१५ मा बसेको युवकले आफ्नो नाम हेनरिक बेन्टाजा तथा केटीले आफ्नो नाम कुकी हेम्कर बताएको, १९ डिसेम्बर १९७५ मा ५००१ नं. को कार भाडामा लिई ऐ. २३ तारिखका दिन फिर्ता गरेको उक्त कारमा गोल्डेन फ्रेम र कालो सिसा भएको चस्मा, जिन्स पाइन्ट छुटेकोमा हेनरिक बेन्टाजासँग सोध्दा डिकी नखोलेको बताएको, हेनरिक बेन्टाजालाई बाहिर जाँदा जानकारी गराउने भनी भनिएकोमा २८ डिसेम्बरका दिन निज बस्ने ४१५ नं. को कोठामा बोलाउँदा कोही नबोलेकोले ढोका खोली पस्दा कोही नभएको मनी ब्याग जिफर आदि बरामद भएको, कारबाट बरामद भएको चस्मा, पेटी, पाइन्ट तथा सोल्टी होटलको कोठा नं. ४१५ बाट बरामद भएको मनी ब्याग कम्मर पेटीसमेत मृतक लरेन्टका दाजु एम क्यारियोरले

सनाखत गरेको, बैंककमा नशालु पदार्थ खुवाई ग्याँस लिन हाली आगो लगाई मारेको समाचार आएकोमा यहाँको अपराधको प्रकृति र त्यहाँको अपराधको प्रकृति एउटै भएको, बैंककमा प्रकाशित हुने बैंकक पोष्टको उक्त हत्याकाण्डमा एलियन गोटियर (Allen Gauthies) जो काठमाडौंमा हेनरिक बेन्टाजाको नामले बसेका थिए । निज कुकी हेमकर तथा अजय चौधरीसमेतको फोटो प्रकाशित भएको र दिल्लीमा एलेन गोटियर पक्राउ परेकोमा एलेन गोटियरको वास्तविक नाम चार्ल्स शोभराज भएको भन्ने थाहा भएको भारतमा प्रहरीसमक्ष बयान गर्दा नेपाल पाकिस्तान, भारत, बैंककमा विभिन्न नामले बस्ने गरेको र मृतक लरेन्ट आरमण्ड क्यारियोरसमेतको हत्या गरेको भनी उल्लेख गरिएको पाइयो ।

८. प्रतिवादी Marie Andree lucie leclerc ले भारतीय अधिकारीसमक्ष गरेको बयानमा क्यानेडियन नागरिक लरेन्ट आरमण्ड र अमेरिकी केटीसँग मन्दिरनजिक भेट भई यी प्रतिवादी चार्ल्स शोभराजले कुराकानी गरेका, पछि राति पनि निज जोडीलाई भेट्न भनी यी प्रतिवादीसमेत गएको उल्लेख गरेकी छन् । मृतक कोनी जो ब्रोन्जिको डायरीमा Mr. A. Gautier, Kanit house APT. ५०४,७७/५, saisalasang tel.८६/२८४-५०४ or ५०३ Bangkok उल्लेख भएको सोको फोटोबाट देखिन आएको सो A.Gautier भन्ने व्यक्ति यीनै प्रतिवादी भएको भन्ने निजले भारतमा गरेको बयानबाट देखिन्छ भन्ने काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।०४।२८ मा भएको कर्तव्य ज्यान मुद्दाको फैसलामा समेत उल्लेख भएको पाइन्छ ।

९. मृतक लरेन्ट आरमण्ड क्यारियोर र कोनी जो ब्रोन्जिचसँगै प्रतिवादी चार्ल्स शोभराज गुरूमुख काठमाडौंको सोल्टी होटलको कोठा नं.४१५ मा बसेका, अनुसन्धान अधिकारीको निगरानीमा रहेका प्रतिवादी चार्ल्स शोभराज काठमाडौं बाहिर जाँदा जानकारी गराउनु पर्नेमा नगराई होटलबाट भागी गाडीको बाटोबाट भारततर्फ गएका र सो कुरा भारतीय अधिकारीसमक्ष निजले गरेको बयानमा खुलाएको पाइएको, यी प्रतिवादीले अनुसन्धानका क्रममा गरेको बयानमा लरेन्ट आरमण्ड क्यारियोरलाई चिन्दिन भनेपछि लरेन्ट आरमण्ड क्यारियोर र कोनी जो ब्रोन्जिचसँगै एउटै होटलमा बस्थे भनी व्यहोरा लेखाएको पाइएको, काठमाडौं जिल्ला अदालतमा चलेको कर्तव्य ज्यान मुद्दाकी मृतक अमेरिकी नागरिक कोनी जोब्रोन्जिच र प्रस्तुत मुद्दाका मृतक लरेन्टको हत्याको प्रकृति समान देखिएको, मृतक लरेन्टको पासपोर्ट प्रयोग गरी काठमाडौंबाट बैंकक जाँदा र फर्कंदा एयरपोर्टमा भएको Embarkation card तथा Disembarkation card र प्रतिवादी चार्ल्स शोभराज गुरूमुखको पासपोर्टमा भएको हस्ताक्षर समान रहेको भन्ने विशेषज्ञको राय रहेको यी प्रतिवादी चार्ल्स शोभराजले भारतीय अधिकारीसमक्ष बयान गर्दा आफूले कोनिजो ब्रोन्जिचसमेतको नेपालमा हत्या गरी मोटर बाटो हुँदै भारत आएको भनी स्वीकार गरेको र निजको उक्त भारतीय अधिकारीका समक्ष भएको बयानलाई प्रमाणमा लिन मिल्ने भनी यीनै प्रतिवादीउपर काठमाडौं जिल्ला अदालतमा चलेको २०६० सालको स.वा.फौ.नं. ३१६।९०१ को कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतबाट भएको फैसलामा उल्लेख भएको पाइएको समेतका माथि उल्लिखित परिस्थितिजन्य प्रमाणहरूको विश्लेषणबाट मिति २०३२।०९।०६ गते हेनरीकस विन्टाजाको नामले बसेको एलेन गोटियर भन्ने प्रतिवादी चार्ल्स शोभराज गुरूमुखसमेत भई क्यानेडियन नागरिक लरेन्ट आरमण्ड क्यारियरेलाई घाँटी काटी हत्या गरी जलाई भक्तपुर जिल्ला चित्तापोल गा.पं. वडा नं. ६ स्थित अरनिको राजमार्गको ढलमा लिङ्गसमेत पहिचान हुन नसक्ने गरी फालेको भन्ने अभियोग दाबी समर्थित हुन आएको देखिँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं.

बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गरेको सुरू भक्तपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा देखिएन।

१०. मृतक लरेन्ट आरमण्ड क्यारियोरको ज्यान मरेको वारदातका सम्बन्धमा तत्काल नै मुद्दा दायर भएको देखिन्छ। अदालतबाट तामेलीमा राख्दा पनि को कसले मृतक लरेन्ट आरमण्ड क्यारियोरलाई मारी आगो लगाई फालेको भन्ने सम्बन्धमा कतैबाट खुल्न आएका बखत कारवाही चलाउने गरी तामेलीमा राखी दिने भन्ने भएबाट पछि प्रतिवादी कर्तव्यवाला देखिएपछि मुद्दा चलाउन मिल्दैन भन्न मिल्दैन । सोही सम्बन्धमा ज्यानसम्बन्धीको २० नं. को व्यवस्थाअनुसार " ***कर्तव्य परि ज्यान मरेको मुद्दामा कसुरदार आफैँ साबित भई पोलेकोमा बाहेक कर्तव्यको उजुर परेकोमा तहकिकातबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेकोमा २० वर्षपछि र कर्तव्यको उजुर नपरेकोमा सो वारदात भएका २ वर्षपछि कसैउपर मुद्दा चल्न सक्दैन ।" भन्ने व्यवस्था रहेको छ।*** यसको अर्थ अनुसन्धानबाट कर्तव्यवाला देखिएपछि पनि मुद्दा चलाउन मिल्दैन भनी कानूनको व्याख्या गर्नु कानूनको मक्सद हुन सक्दैन। प्रमाणहरूको मालाकार श्रृंखलाबाट अपराधी घोषित व्यक्तिलाई निश्चित समयपछि मुद्दा नलाग्ने भन्ने हुँदैन । लरेन्ट आरमण्ड क्यारियोर (Laurent Armond Carriere) को कर्तव्यबाट मृत्यु भएकोमा द्विविधा छैन । निज Laurent को कर्तव्यमा परी ज्यान मरेको भनी तत्काल उजुर परेको अवस्था छ। अनुसन्धान तहकिकातबाट कर्तव्यवालाको स्पष्ट पहिचान भएको छ। कर्तव्यवाला पत्ता नलागेको भन्ने अवस्था प्रस्तुत मुद्दामा विद्यमान देखिँदैन। कर्तव्यवाला पत्ता लागेको अवस्थामा २० वर्षपछि पनि मुद्दा चल्ने सो ज्यानसम्बन्धी महलको २० नं. को व्यवस्थाले नै स्पष्टरूपमा बोलि राखेकै छ। यस्तो अवस्थामा कर्तव्य भएको २० वर्षपछि मुद्दा चल्न नसक्ने भन्ने प्रतिवादी तर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर ज्यानसम्बन्धी महलको २० नं. को मनसाय प्रतिकूल भई सो बहस जिकिरसँग सहमत हुन सकिएन। सोही विषयमा प्रतिवादीले म कसुरदार होइन भनि वस्तुनिष्ठ प्रमाणहरू प्रस्तुत गरी पुष्टि गर्न सकेको अवस्था पनि छैन । अदालतसमक्ष प्रमाण प्रस्तुत गर्ने र बयान गर्ने समयमा विभिन्न असान्दर्भीक बहाना बनाई निज प्रतिवादी पन्छिने काम गरेको देखिन्छ । साथै सो सम्बन्धमा प्रतिबादी आफूले पुनरावेदन गरी विवाद ल्याएको स्थिति पनि छैन।

११. तसर्थः उल्लिखित आधार र कारणबाट मृतकको मृत्यु यी प्रतिवादीसमेतको कर्तव्यबाट भएको देखिएको र प्रतिवादीको इन्कारी बयानलाई अन्य स्वतन्त्र प्रमाणसमेतबाट पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादी चार्ल्स शोभराज गुरूमुखलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७२।८।८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. तेजबहादुर के.सी.

इजलास अधिकृत : सुमन पाण्डे
इति संवत् २०७३ साल चैत २५ गते रोज ६ शुभम्।

## निर्णय नं. ९७९७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खड्का
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
फैसला मिति : २०७३।९।१८
०६८-CI-१३३६

मुद्दाः उत्प्रेषण / परमादेश

पुनरावेदक / निवेदक : सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं.१ घर भई ऐ.ऐ. वडा नं.८ बस्ने घुर्नी थरूनी

विरूद्ध

विपक्षी / प्रत्यर्थी : भूमिसुधार कार्यालय, सुनसरी, इनरूवासमेत

- **पति मोहीको जीवनकालमा मोही लगत कट्टा भएको विषयमा लगत कट्टा भएको करिब ३७ वर्षसम्म निवेदकले उजुरी गरी उपचार माग गर्न नसकेको कुरामा निजको मृत्युपश्चात् पत्नीको हैसियतले दाबीको जग्गामा पतिको मोहीयानी हक नामसारी गर्न हकदाबी गर्न पाउने हकाधिकार निजकी पत्नीमा रहेको भन्न नमिल्ने ।**

(प्रकरण नं.५)

पुनरावेदक / निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता जगनाथ महतो
विपक्षी / प्रत्यर्थीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)

**सुरू तहमा फैसला गर्नेः**
माननीय मुख्य न्या. श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

आदेश

**न्या. मीरा खड्का :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन अदालत, विराटनगरको आदेशउपर पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

जिल्ला सुनसरी इटहरी नगरपालिका वडा नं.१(ग) कि.नं.६० को ज.बि. ३-५-१० जग्गा विपक्षी कृष्ण विक्रम शाहको नाउँमा दर्ता रही मेरा पति रामे चौधरी हक प्राप्त मोही थिए। पतिको मिति ०६७।५।१७ गते परलोक भयो। पतिको परलोक भएपछि पनि उक्त जग्गा मोहीको हैसियतले जोतभोग गरी कुतबाली बुझाई आएकी थिए। पतिको मृत्युपश्चात् मोही नामसारीका लागि सिफारिससहित विपक्षी भूमि सुधार कार्यालयमा फिराद गरेकोमा मिति २०३०।११।२९ को निर्णयले मोहीको लगत कट्टा भइसकेको भन्ने आधारमा फिराद तामेलीमा राख्ने गरी मिति २०६७।१२।२० मा आदेश भएको छ।

मिति २०३०।११।२९ को निर्णयमा इटहरी गाउँ पञ्चायतबाट मोहीले जग्गा कमाउन छाडी जग्गाधनीले नै कमाई आएको भनी भएको सिफारिस र मोहीले खाएको ऋण तिर्न बाँकी भए तिर्न मन्जुर छु भनी जग्गाधनीले कबोलनामा गरेको समेत हुँदा मोहीको लगत कट्टा गरी रेकर्ड मिलाई राख्नु पर्ने भन्ने आधार लिएको रहेछ। मेरा पति रामे चौधरीले मोहियानी हक छाड्नका लागि कुनै कागज पेस दाखिला नगरेको र विपक्षीहरूले समेत त्यस्तो कागज देखाउन सकेका छैनन्। यसरी प्राकृतिक न्यायको सिद्धान्त र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तविपरीत मोहीको लगत कट्टा गर्ने कार्य भूमिसम्बन्धी ऐन, २०२१

को दफा २५, २६ मा भएका प्रावधान विपरीत रहेका छन्। उक्त निर्णय एवं कारवाहीबाट निवेदकको नागरिक अधिकार ऐन, २०१२ को दफा ६(६)(७) र ९ द्वारा प्रदत्त हकमा आघात पुग्न गएकोले अन्य वैकल्पिक उपचारको बाटो नहुँदा निवेदन लिई आएको छु। भूमि सुधार कार्यालयको मिति २०६७।१२।२० को आदेश तथा सो आदेशले ग्रहण गरेको मिति २०३०।११।२९ को आदेश तथा उल्लिखित आदेशका आधारमा मोहीको लगत कट्टा गरेको लगायतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकका पति रामे चौधरीको मोहीको अभिलेख यथावत् कायम गरी मोही नामसारी मुद्दामा कानूनबमोजिम कारवाही गर्नु भनी आदेश जारी गरिपाउँ भन्ने व्यहोराको निवेदन दाबी।

निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सोसमेत साथै राखी बाटाको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपि संलग्न गरी विपक्षीका नाममा म्याद जारी गरी लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि पेस गर्नु भन्ने व्यहोराको मिति २०६८।३।१५ को पुनरावेदन अदालतको आदेश।

भूमि सुधार कार्यालयको आदेश एवं पत्रअनुसार यस कार्यालयले मोहीको लगत कट्टा गरी स्रेस्ता अद्यावधिक मात्र गरिएको र अन्य कार्य गरेको छैन भन्ने व्यहोराको मालपोत कार्यालय, सुनसरीको मिति २०६८।४।१३ को लिखित जवाफ।

मोहियानी हक २०२४ सालमा नै छोडपत्र गरी दिएको भनी भई आएको सिफारिसका आधारमा २०३० सालमा नै मोहीको लगत कट्टा हुने गरी निर्णय भएको, निवेदकसँग बाली बुझाएको निस्सा नभएको, निवेदकलाई उजुर गर्न हकदैयासमेत नरहेको हुँदा यस कार्यालयको निर्णय एवं कारवाही बदर हुने होइन भन्नेसमेत व्यहोराको भूमि सुधार कार्यालय, सुनसरीको लिखित जवाफ।

रिट निवेदकले हक हनन भएको देखाउन नसकेको, निवेदकको हैसियत भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अन्तर्गतको हो, सो हक हुनलाई दफा २५ बमोजिमको मोही हक निवेदकका पति रामे चौधरीको हुनु पर्दछ। रामे चौधरीको मोहियानी हक २०२४ सालदेखि कायम नरहेको र नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हक निर्विवादित हुनुपर्ने र विलम्ब गरी निवेदन गरेको देखिँदा निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको प्यारू शाहको लिखित जवाफ।

मिति २०३०।११।२९ को निर्णयउपर भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५५ बमोजिमको पुनरावेदन नगरी पतिका देहावसानपछि उत्प्रेषणको माग दाबी गरेकोमा वैकल्पिक कानूनी उपचारको मार्ग अवलम्बन गरेको देखिएन। मोही कायम गरी माग्न सुरू भूमि सुधार कार्यालय सुनसरीमा फिराद गरेकोमा सो फिराद तामेलीमा राख्ने आदेश भएकोमा त्यसका उपर उपचारको मार्ग अवलम्बन गरेको देखिएन। त्यस्तै इटहरी गाउँ पञ्चायत कार्यालयको सिफारिस र मोही लगत कट्टाको लागि गरेको निर्णय एवं सिफारिसउपर जुन कार्य कारणबाट मोही लगत कट्टा भएको त्यस्तो पक्षलाई विपक्षी बनाएको नदेखिएको र भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ ले आफू मोही बनी नसकेको अवस्थामा निर्विवाद हकमा जारी हुने उत्प्रेषणको आदेश विवादित विषयमा आएको देखिँदा निवेदकलाई सहयोग गर्न सकिएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।११।१५ को फैसला।

तत्कालीन इटहरी गा.पं. को मिति २०२९।१।२६ मा २०२४ सालदेखि मोही मेरो पति रामे चौधरीले जग्गा कमाउन छोडेको हुँदा मोहीको नाम खारेज गरी दिन सिफारिस गरेअनुरूप भूमिसुधार अधिकारीबाट मिति २०३०।११।२९ मा मोही लगत कट्टा गर्ने निर्णय भएको छ। उक्त निर्णय

गर्दा मोही पक्ष कायम गरी बुझ्ने कार्य नभएको हुँदा त्यस्तो निर्णयलाई न्यायिक निर्णय भन्न मिल्दैन । यस्तो निर्णयउपर पुनरावेदन लाग्न सक्दैन। मेरो पति मोही रामे चौधरीले मोही छोड्ने गरी निवेदन दिएको छैन। सनाखत गराइएको पनि छैन। यसरी गोप्यरूपमा भएको निर्णयको जानकारी नभएपछि उपचार खोज्ने प्रयत्न पनि भएन । तसर्थ, लामो समयपश्चात् उपचार खोज्न आएको भन्ने आदेश पनि त्रुटिपूर्ण छ । मेरो पतिको मृत्युपश्चात् भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम स्वतः मोही नामसारी हुनेमा कुनै कारण नखुलाई मेरो निवेदन नै तामेलीमा राखिएको छ। विपक्षी भूमि सुधार कार्यालयले दरपीठ नगरी तामेलीमा राखेबाट पुनरावेदन लाग्ने अवस्था पनि भएन। तसर्थ, प्रमाणको उचित मूल्याङ्कन नभई अनुचित विलम्ब गरी र वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी असाधारण अधिकार क्षेत्रमा प्रवेश गरेको भनी खारेज गर्ने गरी पुनरावेदन अदालतबाट भएको आदेश उल्टी गरिपाउँ भन्ने निवेदकको पुनरावेदन जिकिर।

जग्गाधनी कृष्ण विक्रम शाहको निवेदनबाट कि.नं.६० को जग्गाको रामे चौधरीको नामको मोही लगत कट्टा गर्ने ठहराएको मिति २०३०।११।२९ को निर्णय सहितको फाइल भूमिसुधार कार्यालय सुनसरीबाट झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।९।२० को आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी सुनुवाइका लागि पेस भएको प्रस्तुत पुनरावेदन पत्र संलग्न मिसिल अध्ययन गरी पुनरावेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री जगन्नाथ महतोले विपक्षी भूमिसुधार कार्यालयले मेरो पक्षलाई नबुझी एकतर्फीरूपमा मिति २०३०।११।२९ मा निर्णय गरी मोही लगत कट्टा हुने निर्णय गरेको छ । मोही रामे चौधरीको मिति २०६७।५।१७ मा मृत्यु भएपछि मोही हक नामसारीका लागि गएकोमा कुनै निर्णय नगरी निवेदन तामेलीमा राख्ने काम भयो । एकतर्फी निर्णय भएको कुरामा पुनरावेदन गर्ने प्रश्न हुँदैन। मोही नामसारीको फिराद तामेलीमा राखेपछि एकतर्फी निर्णय भएको जानकारी भई सोसमेत बदर गर्न उपचारका लागि रिट क्षेत्रमा प्रवेश गरेको कानून र न्यायसङ्गत हुँदाहुँदै निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरबाट भएको आदेश नमिलेको हुँदा उल्टी गरिपाउँ भनी बहस गर्नुभयो।

सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं.१ (ग) कि.नं.६० को ज.बि. ३-५-१० जग्गाको मोही मेरो पति रामे चौधरी रहेको थियो । निजको मृत्युपछि मोही नामसारीका लागि निवेदन दिएकोमा विपक्षी प्यारू शाहका पति कृष्णविक्रम साहले दिएको निवेदनअनुसार मिति २०३०।११।२९ को निर्णयले मोहीको लगत कट्टा भइसकेको भनी तामेलीमा राख्ने काम भयो। यसरी एक पक्षीयरूपमा भएको निर्णय बदर गराउने अन्य कुनै मार्ग नभएको स्थितिमा रिटको रोहबाट प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको निर्णयहरू बदर गरिपाउँ भनी निवेदकले निवेदनमा उल्लेख गरेको पाइयो । तत्कालीन गाउँ पञ्चायतको सिफारिसबमोजिम मोही लगत कट्टाको निर्णय भएको भन्ने विपक्षी भूमिसुधार कार्यालय, भूमिसुधार कार्यालयको पत्रअनुसार लगत कट्टा गरी स्रेस्ता अद्यावधिक गरिएको भन्ने विपक्षी मालपोत कार्यालय र मोहीकै जीवनकालमा लगत कट्टा गरिएको विषयमा निर्णय भएको करिब ३८ वर्षपछि उक्त निर्णय बदरतर्फ दाबी गर्ने हकसमेत विपक्षी निवेदकको नरहेको हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत विपक्षी मु.स. गने प्यारू शाहसमेतले लिखित जवाफमा जिकिर लिएको देखिन आउँछ। यथा समयमै पुनरावेदन नगरी अनुचित विलम्ब गरी निवेदन परेको भन्ने आधार कारणबाट पुनरावेदन अदालतबाट निवेदन खारेज गरेउपर उक्त आदेश मिलेन उल्टी गरी मागबमोजिमको आदेश जारी गरिपाउँ भनी निवेदकले यस अदालतमा पुनरावेदन दर्ता गरेको देखियो।

उक्त तथ्य एवं विद्वान् अधिवक्ताको बहस बुँदासमेतलाई दृष्टिगत गरी पुनरावेदन अदालतबाट भएको आदेश मिलेको छ, छैन र पुनरावेदन जिकिरबमोजिम हुन पर्ने नपर्ने के हो, सो सम्बन्धमा निर्णय गर्नुपर्ने हुन आयो।

२. यसमा निर्णयतर्फ विचार गर्दा मोही लगत कट्टा हुनुभन्दा अगाडि कि.नं. ६० को जग्गाको जग्गाधनी प्रत्यर्थी मु.स. गर्ने प्यारू शाहको पति कृष्ण विक्रम शाह र मोही पुनरावेदिका घुर्नी थरूनीका पति रामे चौधरी रहेकोमा विवाद देखिँदैन। प्रमाणमा झिकाइएको लगत कट्टासम्बन्धी सक्कलै मिसिल अध्ययन गरी हेर्दा मोही रामे चौधरीले कमाई आएको जग्गा बिगाह ३-१-६ जग्गा ०२४ सालको बाली लगाउन नसक्ने भई असमर्थ भएकोले मोहियानी हक राजीनामा छोडपत्र गरेको छु भनी मिति २०२४।५।२।६ मा इटहरी गाउँ पञ्चायतसमक्ष हुलाकद्वारा निवेदन दिएको पाइयो। निवेदन हुलाकद्वारा पठाएपछि मिति २०२४।७।२४ गते मोही आफैँ पञ्चायतमा उपस्थित भई सकारनामासमेत गरेको भनी मोहीले कमाएको उक्त जग्गा भूमिसम्बन्धी ऐन, २०२१ अन्तर्गत चलन गर्नु होला। पछि मोहीसँगै तपाईँको उजुर लाग्ने छैन भनी तत्कालीन इटहरी गाउँ पञ्चायतका प्रधानपञ्चले ज.ध. कृष्णविक्रम शाहलाई मिति २०२४।८।७।५ मा लेखेको पत्रमा उल्लेख भएको देखिन्छ। दाबीको जग्गा ज.ध. काठमाडौं ज्ञानेश्वर बस्ने कृष्णविक्रम शाहलाई २०२४ सालदेखि जोत खन गर्न आदेश दिई निजले खनजोत गरी घरसमेत बनाई बसेको हुँदा उक्त जग्गाको रामे चौधरीको मोहियानी हकसमेत खारेज गरी निजका नाउँमा मोहीयानी दर्ता गरी दिन इटहरी गाउँ पञ्चायत कार्यालय सुनसरीले च.नं.७४७ मिति २०२९।१।१६ मा भूमि प्रशासक भूमि प्रशासन कार्यालय सुनसरीलाई पत्र लेखेको देखियो। उक्त सिफारिस पत्रको व्यहोरा उल्लेख गरी मोहीले खाएको ऋण बाँकी भए म तीर्न मन्जुर छु भनी जग्गाधनीले कवोलनामा कागज गरिदिएको हुँदा मोहीले छोडिसकेको उक्त जग्गाको लगत कट्टा गरी रेकर्ड मिलाउने भन्ने तत्कालीन भूमि प्रशासन कार्यालय, सुनसरीको मिति २०३०।११।२९ को निर्णयबाट पुनरावेदिकाको पति रामे चौधरीको मोही हक लगत कट्टा भएको पाइन्छ।

३. तत्काल प्रचलनमा रहेको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ (१) को प्रतिबन्धात्मक वाक्यांशमा तर- मोहीले कुनै सालमा खेतीको यामभन्दा कमसेकम एक महिना अगावै जग्गावालालाई स्थानीय पञ्चायतमार्फत लिखित सूचना दिई आफ्नो हक छोड्न पाउनेछ भन्ने कानूनी व्वस्था रहेको देखिन्छ। उक्त दफाको प्रतिबन्धात्मक कानूनी व्यवस्थालाई भूमिसम्बन्धी (दोस्रो संशोधन) ऐन २०२५ ले संशोधन गरी नयाँ प्रतिबन्धात्मक व्यवस्था गरेको र नयाँ व्यवस्था मिति २०२५।७।९ देखि प्रचलनमा आएको पाइयो। यसबाट २०२५।७।९ भन्दा अगाडि मोहीले मोहीयानीमा खनजोत गरेको जग्गा गाउँ पञ्चायतमार्फत छोडपत्र गरी छाड्न सक्ने र त्यसरी छोडपत्र गराउने कानूनी अधिकार गाउँ पञ्चायतलाई रहेको पाइयो। तत्कालीन समयमा प्रचलनमा रहेको कानूनी व्यवस्थाअनुसार पुनरावेदिकाको पति रामे चौधरीले स्वेच्छाले आफूले मोहीमा कमोत गरेको प्रस्तुत मुद्दाको दाबीको जग्गा कमाउन सक्दिन भनी तत्कालीन इटहरी गाउँ पञ्चायतका प्रधानपञ्चसमक्ष निवेदन पठाई आफैँ उपस्थित भई मिति २०२४।७।२४ गते सनाखत गरेको कार्य कानूनबमोजिम नै भएको देखिन आयो। यसरी तत्कालीन कानूनले अख्तियारी पाएको गाउँ पञ्चायतबाट २०२४ सालमा नै पुनरावेदिकाको पतिले मोही हक छोडी सोही समयदेखि प्रत्यर्थी जग्गाधनीले नै दाबीको जग्गा खनजोत गरेको भन्ने निजको जिकिर पुष्टि भएको पाइयो।

४. मोही पति रामे चौधरीको मिति २०६७।५।१७ गते मृत्यु भएपश्चात् दाबीको जग्गाको पतिको नामको मोहीयानी हक नामसारीका लागि मिति

२०६७।१२।१० मा फिराद लिई पुनरावेदिका विपक्षी भूमिसुधार कार्यालय सुनसरीमा गएको पाइन्छ । मिति २०३०।११।२९ मै पतिको नामको मोहीयानी लगत कट्टा भइसकेको भन्ने आधार र कारण देखाई उक्त फिराद तामेलीमा राख्ने आदेश प्रत्यर्थी भूमिसुधार कार्यालयबाट मिति २०६७।१२।२० मा भएको देखिन्छ । फिराद तामेलीमा राख्ने आदेशबाट दाबीको जग्गाको पतिको मोही लगत कट्टा गर्ने गरी २०२९।११।२९ मा विपक्षी भूमिसूधार कार्यालयबाट भएको निर्णयको जानकारी भयो । उक्त निर्णयसमेत गैरकानूनी छ बदर गरिपाउँ भनी पुनरावेदिका प्रस्तुत उत्प्रेषणको निवेदन लिई पुनरावेदन अदालत, गएको देखियो । तर, दाबीको जग्गाको मोहीयानी हक लगत कट्टा गर्ने निर्णय भएपछि करिव ३७ वर्षसम्म जीवितै रहेका पुनरावेदिकाका पति मोही रामे चौधरीले आफ्नो जीवनकालमा नै उक्त निर्णयलाई स्वेच्छाचारी र कानूनविपरीतको हो भनी उजुर दाबी गर्न सम्बन्धित निकायमा गएको देखिएको छैन ।

५. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ बमोजिम पति रामे चौधरीको मोहीयानी हक कायम रहेको अवस्थामा मात्र निजको पत्नीको हैसियतले ऐ.ऐनको दफा २६ (१) बमोजिम पुनरावेदिकाले नामसारी गर्न पाउने हो । पतिले २०२४ सालमा नै कमाउन सक्दिन भनी छोडपत्र गरेपछि त्यस्तो जग्गामा पत्नीको हैसियतले मोहीयानी नामसारी गर्ने हकदैया पुनरावेदिकामा रहने स्थितिसमेत भएन । मोही लगत कट्टा भएको मितिले करिब ३७ वर्षसम्म पतिले आफ्नो जीवनकालमा उजुर नगरी बसेको तथ्यले पुनरावेदिकाले दाबीको जग्गाको जोत कमोद हालसम्म गरिरहेको भनी लिएको जिकिर पनि विश्वसनीय देखिएन । पति मोहीको जीवनकालमा मोही लगत कट्टा भएको विषयमा लगत कट्टा भएको करिब ३७ वर्षसम्म निजले उजुरी गरी उपचार माग गर्न नसकेको कुरामा निजको मृत्युपश्चात् पत्नीको हैसियतले दाबीको जग्गामा पतिको मोहीयानी हक नामसारी गर्न हकदाबी गर्न पाउँने हकाधिकार पुनरावेदिकामा रहेको भन्न मिलेन ।

६. तसर्थ, माथि उल्लिखित आधार र प्रमाणबाट भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ बमोजिम आफैँ मोही बनी नसकेको अवस्थामा निर्विवाद हकमा जारी हुने उत्प्रेषणको आदेश विवादित विषयमा आएको देखिँदा निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।११।१५ मा भएको आदेश मिलेको हुँदा सदर हुने ठहर्छ । पुनरावेदिकाको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. हरिकृष्ण कार्की

इजलास अधिकृत : कपिलमणि गौतम
इति संवत् २०७३ साल पुस १८ गते रोज २ शुभम् ।

## निर्णय नं. ९७९८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
फैसला मिति : २०७३।७।२२

मुद्दा: अख्तियारको दुरूपयोग गरी भ्रष्टाचार गरेको ।

२०६२ सालको फौ.पु.नं.३६४२
पुनरावेदक / वादी : अनुसन्धान अधिकृत फणिन्द्र गौतमको प्रतिवेदनले श्री ५ को सरकार
विरूद्ध
प्रत्यर्थी / प्रतिवादी : झापा जिल्ला गरामुनी गा.वि.स. वडा नं. ७ घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने लक्ष्मीप्रसाद आचार्यसमेत

२०६२ सालको फौ. पु.नं. ३५९७
पुनरावेदक / प्रतिवादी : सवल लाल सिंह
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

२०६२ सालको फौ.पु.नं. ३७३८
पुनरावेदक / प्रतिवादी : विष्णुराम श्रेष्ठ
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

२०६२ सालको फौ.पु.नं. ३७४०
पुनरावेदक / प्रतिवादी : लोकबहादुर श्रेष्ठसमेत
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

२०६२ सालको फौ.पु.नं. ३७५२
पुनरावेदक / प्रतिवादी : डा. हरिवंश झा
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

२०६२ सालको फौ.पु.नं. ३७५६
पुनरावेदक / प्रतिवादी : नरेन्द्रराज भट्टराई
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

२०६२ सालको फौ.पु.नं. ३७९६
पुनरावेदक / प्रतिवादी : केशवलाल श्रेष्ठ
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

२०६२ सालको फौ.पु.नं. ३८१७
पुनरावेदक / प्रतिवादी : इन्दिरा गुरूङ
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

२०६२ सालको फौ.पु.नं. ३८२४
पुनरावेदक / प्रतिवादी : प्रदिपकुमार चापागाईं
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०००१
पुनरावेदक / प्रतिवादी : पदमकुमार प्रधान
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०००५
पुनरावेदक / प्रतिवादी : नरेन्द्र मेहेर श्रेष्ठ
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार



सर्वोच्च अदालत

०६३-CR-००२१
पुनरावेदक / प्रतिवादी : शशिकिरण श्रेष्ठ
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-००९७
पुनरावेदक / प्रतिवादी : रोशनमान जोशी
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०१८५
पुनरावेदक / प्रतिवादी : अम्बरकुमार खड्का
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०२३६
पुनरावेदक / प्रतिवादी : महन्तबहादुर महर्जन
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०२४२
पुनरावेदक / प्रतिवादी : उत्तमकुमार नेपाल
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०३२८
पुनरावेदक / प्रतिवादी : रजनी लोचनप्रसाद तण्डुकार
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०४४०
पुनरावेदक / प्रतिवादी : शेरबहादुर थापा
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०६१५
पुनरावेदक / प्रतिवादी : पुरूषोत्तमप्रसाद श्रेष्ठ
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०४५१
पुनरावेदक / प्रतिवादी : लक्ष्मीप्रसाद आचार्य
विरूद्ध
प्रत्यर्थी / वादी : नेपाल सरकार

०६३-CR-०६५२
पुनरावेदक / वादी : नेपाल सरकार
विरूद्ध
प्रत्यर्थी / प्रतिवादी : अच्युतप्रसाद रिजाल

- **जुन जुन कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत मुद्दा चल्ने र सजाय हुने व्यवस्था रहेको थियो, भ्रष्टाचार निवारण ऐन, २०५९ मा पनि उक्त कसुर र सजायसम्बन्धी व्यवस्थाहरूले निरन्तरता पाइरहेको देखिन्छ । यसरी दुईवटा ऐनले नै कसुर कायम गरेको विषयमा कसुर जुन समयमा घट्यो सोही ऐनको परिप्रेक्ष्यमा हेरिनु पर्ने हुन्छ । यदि दुईमध्ये नयाँ ऐनले कम सजाय गरेको स्थितिमा सम्म के कति सजाय गर्ने भन्ने सन्दर्भमा नयाँ ऐन आकर्षित हुने हुन्छ । यहाँ जुन कसुरको कुरा छ सो साबिक ऐन वहाल रहेकै अवस्थाको कसुर हुँदा यस्तोमा साबिक ऐनबमोजिम मुद्दा चलाउने निर्णय भई मुद्दा दायर भएको विषयलाई अब मुद्दा चल्न नसक्ने भनी नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४(ङ) को व्यवस्थाबाट भन्न मिल्ने नदेखिने ।**

सर्वोच्च अदालत

(प्रकरण नं.३)

- **वाणिज्य बैंक ऐन, २०३१ को दफा ४३ मा गरिएको व्यवस्थाअनुसार सामान्यतः राष्ट्र बैंकले लिखित उजुरी गरेमा वा राष्ट्र बैंकले विशेष स्वीकृति दिएमा मात्र दफा ४१ बमोजिम कारवाही उठ्न सक्छ । त्यसैले यो एउटा नियन्त्रित व्यवस्थासम्म हो । भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ मा उल्लेख भए जस्तो भ्रष्टाचारजन्य कार्यको विस्तृत एवं कसैले पनि सोझै अनुसन्धान गर्ने निकायमा उजुर गर्ने वा अनुसन्धान गर्ने निकायले सोझै हेर्ने र सरकारवादी भई मुद्दा चल्ने स्वतन्त्र व्यवस्था यो होइन । तसर्थ वाणिज्य बैंक ऐन, २०३१ को दफा ४१ को व्यवस्थालाई देखाएर भ्रष्टाचारमा अनुसन्धान हुन र मुद्दा चल्न सक्दैन भन्ने जिकिरलाई स्वीकार गर्न सकिने स्थिति देखिएन । सरकारी वा बैंकमा कार्यरत राष्ट्रसेवकले अन्य राष्ट्र सेवक वा राष्ट्र सेवकबाहेकको अन्य व्यक्तिसँग मिलेमतो गरी बैंकलाई हानि पुर्‍याउने वा आफू वा अन्य कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने बद्नियतले कानून बर्खिलाप कुनै कार्य गरेमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७, ८, १५ वा १६क समेतको व्यवस्थाहरू आकर्षित हुने स्थिति बन्छ । त्यसैले वाणिज्य बैंक ऐनको व्यवस्था देखाएर भ्रष्टाचारमा मुद्दा चल्न सक्दैन भन्न मिल्ने देखिँदैन । बैंकमा कार्यरत राष्ट्रसेवकहरूले जानीजानी बद्नियतपूर्वक गरेका भ्रष्टाचारजन्य कार्यमा अनुसन्धान तहकिकात भई मुद्दा चल्न सक्ने नै देखिने ।**

(प्रकरण नं.६)

- **नेपाल बैंक लि. नेपाल राष्ट्र बैंकको नियन्त्रणमा रहने संस्था हो भने राष्ट्र बैंक सरकारको पूर्ण नियन्त्रणमा रहेको संगठित संस्था हो । यसरी हेर्दा नेपाल बैंक लि. राष्ट्र बैंकको नियन्त्रणमा रहेको एवं सार्वजनिक उपयोग वा सेवाको उद्देश्यले कानूनबमोजिम गठन भएको संस्था हुँदा दफा २(ङ) मा गरिएको संस्थाको परिभाषालाई समग्रमा नहेरी "श्री ५ को सरकारका पूर्ण वा अधिकांश स्वामित्व" भन्ने शब्दावली मात्र टपक्क टिपेर त्यसको असान्दर्भिक व्याख्या गरी नेपाल बैंकभित्र भएका भ्रष्टाचारजन्य कार्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान र अभियोजन गर्न सक्दैन भनी अर्थ गर्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.८)

- **प्रस्तुत मुद्दामा भए गरिएका कुराहरूको गहिराइमा पुगेर विश्लेषण नगरी सतहीरूपमा सरसर्ती हेरी निर्णय निष्कर्षमा पुग्ने हो भने प्रतिवादीहरूको जिकिर अस्वीकार गर्नुपर्ने कारण नरहन सक्छ । तर मुद्दाको गहिराइमा पुगेर हेर्ने हो भने त्यो निष्कर्षमा पुगी हाल्न नमिल्ने ।**

(प्रकरण नं.९)

- **वस्तुतः विशिष्ट ऐनमध्ये कुन आकर्षित हुने भन्ने कुरालाई ऐनको उद्देश्य र त्यसले समेटेको क्षेत्रको आधारमा हेरी निर्णय निष्कर्षमा पुग्नुपर्ने हुन्छ । अर्थात् यदि दुईवटा ऐनहरू एउटै उद्देश्यबाट बनेका छन् वा तीनका व्यवस्था एउटै विषयसँग सम्बन्धित छन् भन्ने विधायिकाको पछिल्लो ईच्छालाई जसले समेट्छ, सो ऐन आकर्षित हुन्छ । तर यदि दुईवटा ऐनहरूले**

नेपाल कानून पत्रिका

**अलग अलग उद्देश्यहरू राख्छन् र अलग अलग कुराहरू समेट्छन् भने जुन ऐन उद्देश्य र व्यवस्थाको आधारमा नजिक छ वा विषयवस्तुसँग सोझो सम्बन्ध राख्छ, सो ऐन नै आकर्षित हुने।**

(प्रकरण नं.१३)

- **जहाँ भ्रष्टाचार जस्ता फौजदारी कसुर भएको देखिन्छ त्यहाँ बिगोभन्दा पनि कसुर भएको छ वा छैन भनी हेरिनु पर्ने हुन्छ । कसुरको गम्भीरताको मापन र सजाय निर्धारणको लागिसम्म कर्जाको स्थिति र बिगो सान्दर्भिक हुन्छ । त्यसैले कर्जा असुलको निर्दोष प्रक्रिया सुरु गरिएको छैन भनेर भ्रष्टाचारमा मुद्दा नचल्ने भन्ने नहुने।**

(प्रकरण नं.१९)

- **धितो लिन नमिल्ने जग्गा धितोमा लिने, बिना मूल्याङ्कन जग्गा धितो लिने, पक्षको अनुरोधमा सुरक्षण दिएको जग्गाको मूल्याङ्कन बढाउने वास्तविक मूल्याङ्कनभन्दा अत्यधिक मूल्याङ्कन गराउने, सुरक्षणबेगर धितो एयरमार्क गराउने आदि कार्य पनि कर्जा प्रवाह प्रकरणमा भए गरेको पाइँदा सो कार्यहरूमा निजको जिम्मेदारी रहँदैन भन्न नमिल्ने।**

(प्रकरण नं.३४)

- **बागमती एपरल्सलाई पूर्व निर्यात कर्जा दिने विषयमा यी प्रतिवादीले नकारात्मक टिप्पणी गर्दा गर्दै कर्जा प्रवाह गरिएको भन्ने देखियो । त्यस्तै प्रतितपत्र खोल्ने विषयमा पनि मातहत कर्मचारीहरूले लिमिट नभएको तथा कोल्याटरल नभएको भनी लेखेको टिप्पणीमा निजले पनि सही गरेकोबाट मातहत कर्मचारीकै व्यहोरामा समर्थन जनाएको भन्नुपर्ने भएबाट प्रतितपत्र खोलेको विषयमा निजलाई दोष लगाउन मिल्ने देखिएन । अतः निजलाई अभियोग दाबीबाट सफाई दिने ठहराएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नु पर्ने नदेखिने।**

(प्रकरण नं.६३)

वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता चन्द्रबहादुर सापकोटा र विद्वान् उपन्यायाधिवक्ताद्वय अर्जुनप्रसाद कोइराला र ज्ञानप्रसाद भूषाल

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता वालकृष्ण देवकोटा, महादेव यादव, कृष्ण सापकोटा, श्रीहरि अर्याल, हरिहर दाहाल, वसन्तराम भण्डारी, हरि उप्रेती, श्यामप्रसाद खरेल, बालकृष्ण न्यौपाने तथा विद्वान् अधिवक्ता इन्द्रशेखर खड्का, रामचन्द्र सुवेदी, शैलनाथ गौतम, मदनकुमार डंगोल, युवराज भण्डारी, हिरा रेग्मी, भोजराज भट्ट, विनोद श्रेष्ठ, नारायणप्रसाद दुवाडी, विनोद श्रेष्ठ, युवराज भण्डारी, भरतकुमार लकाई, ज्योतीदेव पनेरू, उमेश खकुरेल, शिव रिजाल, भरतमणी गौतम, नारायणप्रसाद दुवाडी, सुनिल पोखरेल, राजकुमार निरौला

अवलम्बित नजिर :

- नेकाप २०२९, अंक १, नि.नं.७११, पृ.३८५
- नेकाप २०६८, नि.नं.८६८३, पृ.१४९९
- नेकाप २०६८, नि.नं.८६८८, पृ.१५७०
- नेकाप २०६९, अंक २, नि.नं.८७६७, पृ.२०९
- 

सम्बद्ध कानून :

- नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४(ङ)

- भ्रष्टाचार निवारण ऐन, २०१७
- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६५
- वाणिज्य बैंक ऐन, २०३१

फैसला

**न्या.डा.आनन्दमोहन भट्टराई :** विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम विशेष अदालतको मिति २०६२।७।१३ को फैसलाउपर पर्न आएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार छः

नेपाल राष्ट्र बैंकका चार्टर एकाउन्टेण्ट राजनसिंह भण्डारीको नेतृत्वमा निरीक्षण गरी सोबाट तयार भएको निरीक्षण प्रतिवेदन, २०५७ ले "नेपाल बैंक लिमिटेडमा बैंकिङ कारोबार गर्दा औंल्याइएका अनियमित र त्रुटिपूर्ण कार्यको" संक्षेपमा उल्लेख गरिएका विषयहरू उजुरी निवेदनमा उल्लेख गरी "साँघु" साप्ताहिकका सम्पादक गोपाल बुढाथोकीले मिति २०५७।१२।२२ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा "१ अर्ब ८ करोड ६३ लाख कर्जा काण्डको छानबिन गरी कारबाही गरिपाऊँ" भन्ने विषयको उजुरी निवेदन दर्ता गराउनु भएपछि बैंकलाई हानि नोक्सानी पुर्‍याइएका विषयका सम्बन्धमा लक्ष्मी आचार्य समूह र सोसँग व्यावसायिक सम्बन्ध भएका फर्म, कम्पनी तथा उद्योगहरूको बैंकसँग भए गरेका कारोबारका विषयमा अनुसन्धान हुँदा निम्न स्थिति पाइयोः-

लक्ष्मी आचार्य समूह र सोअन्तर्गत रहेका निम्न फर्म/कम्पनीहरूले लिएको कर्जाको सुरक्षणका लागि प्रयोग भएका जग्गाहरूको संक्षिप्त विवरण देहायअनुसार छन् :

**तालिका- १**

| क्र.सं. | कम्पनी/फर्मको नाम | सञ्चालक / साझेदार | लक्ष्मीप्रसाद आचार्यको संलग्नता |
|---|---|---|---|
| १ | राधिका ह्याण्डीक्राफ्ट | लक्ष्मीप्रसाद आचार्य | निजी फर्म |
| २ | बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. | लक्ष्मीप्रसाद आचार्य, भरत कोइराला, अच्युत रिजाल | ५०% सेयर रहेको |
| ३ | मेची ह्याण्डिक्राफ्ट | लक्ष्मीप्रसाद आचार्य, भरत कोइराला | साझेदारी फर्म |
| ४ | अप्पिनप्पा कार्पेट | भरत कोइराला | धितो एयरमार्क |
| ५ | बागमती ओरिएण्टल टिपिक | मोती उप्रेती | व्यक्तिगत धनजमानी |
| ६ | बागमती एपरल्स | कृष्णप्रसाद लुइटेल | कारोबारमा संलग्न |
| ७ | आर.पी.कार्पेट | रूद्रप्रसाद भट्टराई | कारोबारमा संलग्न |
| ८ | रोशन ह्याण्डिक्राफ्ट | अच्युत रिजाल, चिरन्जीवी आचार्य | कारोबारमा संलग्न तथा वित्तीय निर्देशक |
| ९ | कटन रीच प्रा.लि. | एपाची गाउण्डर चन्दन, पदमावती चन्दन, पुलिकल रविन्द्रन | वित्तीय निर्देशक, व्यक्तिगत धन जमानत |

अप्पिनप्पा कार्पेट, बागमती ओरिएण्टल टिपिक, बागमती एपरल्स एउटै समूहमा भनी बैंक अफ काठमाडौं, नेपाल बंगलादेश बैंक, नेपाल बैंक अफ सिलोनबाट ठूलो रकम कर्जा लिएको, लुम्बिनी बैंक, हिमालयन बैंक र ललितपुर फाइनान्स कम्पनीबाट पनि ठूलो रकम कर्जा प्राप्त गरी हालसम्म साँवा ब्याज नतिरेको पाइएको र रोशन ह्याण्डिक्राफ्ट यसै समूहमा रहेको भनी हिमालयन बैंकबाट कर्जा लिएको ।

यी पार्टीहरूका नाउँमा लिए दिएको कर्जा र सोबापत बैंकमा लेखिदिएको धितो सुरक्षणको विवरण क्रमशः देहायबमोजिम तालिका नं. २ र ३ मा उल्लेख गरिएको छः

**तालिका- २**

लक्ष्मीप्रसाद आचार्य समूहको कर्जा विवरण (२०५८ चैत्र मसान्तसम्मको)

| सि. नं. | पार्टी /प्रोप्राइटर | कर्जा शिर्षक | सुरू प्रवाहित कर्जा रकम | लगानी मिति | भुक्तानी मिति | भाखा नाघेको साँवा | भाखा नाघेको ब्याज | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राधिका ह्याण्डिक्राफ्ट<br>लक्ष्मीप्रसाद आचार्य | हाईपो ६१।३९०<br>ओडि ५७७२।४८<br>टि.आर. ६१।३३० | २,२५,००,०००.००<br>१५,००,०००.००<br>१,०२,९३,९९५.४८<br>३,४२,९३,९९५.४८ | २०५५।९।२६<br>०५५।१०।२५<br>२०५५।९।२६ | २०५६।९।२५<br>२०५६।३।२५<br>२०५६।३।२५ | १,४३,१८,६२५.९७<br>१५,५६,०९१.२८<br>१,०२,९३,९९५.४८<br>२,६१,६८,७१२.७३ | ७०,२४,४९०.६१<br>६,९६,९८७.१३<br>४८,८०,०२७.००<br>१,२६,०१,५०४.७४ | २,१३,४६,११६.५८<br>२२,५३,०७८.४१<br>१,५१,७४,०२२.४८<br>३,८७,७०,२१७.४७ | |
| २ | बागमती उनी धागो कताई उद्योग प्रा.लि.<br>लक्ष्मीप्रसाद आचार्य<br>भरत कोइराला<br>अच्युतप्रसाद रिजाल | स्थिर पुँजी<br>६०।११५<br>चालु पुँजी<br>६१।१८१<br>टि.आर. ६०।११२<br>टि.आर.६०।२०१ | १,१०,००,०००.००<br>१,००,००,०००.००<br>९९,९७,७३३.२५<br>४९,६३,०७०.९५<br>३,५९,६०,८०४.२० | २०५४।१०।९<br>२०५५।९।१०<br>२०५५।४।३१<br>२०५५।७।१६ | २०५९।१०।८<br>२०५६।९।९<br>२०५५।१०।३०<br>२०५५।१०।१६ | १,१०,०२,०४३.०९<br>१,००,०१,०००<br>९९,९७,७३३.२५<br>४९,६३,०७०.९५<br>३,५९,६३,८४७.२९ | ६९,३८,९६९.००<br>५८,२४,७०४.००<br>५४,०५,०४५.००<br>२६,३०,०५३.००<br>२,०७,९८,७७१.०० | १,७९,४१,०१२.०९<br>१,५८,२५,७०४.००<br>१,५४,०२,७७८.२५<br>७५,९३,१२३.९५<br>५,६७,६२,६१८.२९ | भाखा नाघी नसकेको तर साँवा किस्ता नतिर्ने नतिराउने कार्य गरेको |
| ३ | मेची ह्याण्डिक्राफ्ट लक्ष्मीप्रसाद आचार्य भरत कोइराला | चालु पुँजी ६१।०१<br>ओ.डि. ५२९६८ | ४८,००,०००.००<br>१०,००,०००.००<br>५८,००,०००.०० | २०५५।१।२<br>२०५५।५।१६ | २०५७।१।१<br>२०५५।११।१५ | ४८,०३,०४३.०९<br>१०,३८,२४६.५६<br>५८,४१,२८९.६५ | ३३,८०,३२०.००<br>५,६४,९००.७९<br>३९,४५,२२०.७९ | ८१,८३,३६३.०९<br>१६,०३,१४७.३५<br>९७,८६,५१०.४४ | |
| ४ | अप्पिनप्पा कार्पेट भरत कोइराला | ओ.डि. ५२५९५ | १०,००,०००.०० | २०५५।५।१६ | २०५५।११।१५ | १०,३८,२४६.५६ | ५,६३,८२८.४८ | १६,०२,०७५.०४ | |
| ५ | बागमती एपरल्स<br>कृष्णप्रसाद लुइटेल | स्थिर पुँजी<br>६१।१४५<br>टि.आर.६१।८१<br>टि.आर.६१।२८९<br>पूर्व निर्यात६१।६६ | ८५,००,०००.००<br>६४,८१,७०७.६०<br>८,८८,०४९.८९<br>६०,७५,०००.००<br>२,१९,४४,७५७.४९ | २०५५।७।१<br>२०५५।६।२९<br>२०५५।९।१६<br>२०५५।१२।२६ | २०६१।६।३१<br>२०५५।९।२८<br>२०५५।१२।१५<br>२०५६।३।२५ | ८५,०३,०४३.०९<br>६४,८१,७०७.६०<br>८,८८,०४९.८९<br>६०,७५,०००.००<br>२,१९,४७,८००.५८ | ४८,०२,१५१.००<br>३१,९२,८२२.००<br>४,३३,२६१.००<br>३०,४२,६१७.००<br>१,१४,७०,८५१.०० | १,३३,०५,१९४.०९<br>९६,७४,५२९.६०<br>१३,२१,३१०.८९<br>९१,१७,६१७.००<br>३,३४,१८,६५१.५८ | |
| ६ | आर.पि.कार्पेट<br>रूद्रप्रसाद भट्टराई | हाईपो ६१।५७ | ७५,००,०००.०० | २०५५।२।२१ | २०५६।२।२० | ७५,६४,१६२.०० | ५३,४९,२५५.०० | १,२९,१३,४१७.०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बागमती ओरियण्टल टिपिक मोती उप्रेती | चालु पुँजी६०।१०७<br>हाईपो ६१।३५<br>चालु पुँजी ६०।१९१ | ३५,००,०००.००<br>५३,००,०००.००<br>१५,००,०००.००<br>१,०३,००,०००.०० | २०५४।९।२४<br>२०५५।२।७<br>२०५४।१२।२८ | २०५६।९।२३<br>२०५६।२।६<br>२०५६।१२।२७ | ३५,०१,०००.००<br>५३,९०,३१३.००<br>१५,०२,०४३.०९<br>१,०३,९३,३५६.०९ | २२,७२,५३६.००<br>३८,४३,४८७.००<br>९,६७,११८.००<br>७०,८३,१४१.०० | ५७,७३,५३६.००<br>९२,३३,८००.००<br>२४,६९,१६१.०९<br>१,७४,७६,४९७.०९ | |
| ८ | कटनरीच प्रा.लि. पद्मावती चन्दन एपाची गाउण्डर चन्दन पुलिकल रविन्द्रन | टि.आर.६०।२६९<br>टि.आर.६०।३००<br>टि.आर ६१।५५<br>टि.आर ६१।६५<br>टि.आर ६१।६९<br>पूर्व निर्यात ६१।२४<br>पूर्व निर्यात ६१।२५<br>पूर्व निर्यात ६१।४६<br>बिल खरिद ६१।१४२ | १२,२६,०००.००<br>८,६७,०००.००<br>१३,७१,०००.००<br>१७,९८,००७.०४<br>१५,२०,९३७.००<br>२३,८६,०००.००<br>६९,४६,०००.००<br>६६,७०,०००.००<br>११,४५,६६४.००<br>२,३९,३०,६०८.०४ | २०५४।१२।३०<br>२०५५।२।९<br>२०५५।३।२<br>२०५५।३।१६<br>२०५५।३।१८<br>२०५५।५।१२<br>२०५५।५।१८<br>२०५५।८।२<br>२०५५।६।९ | २०५५।३।२९<br>२०५५।५।८<br>२०५५।६।१<br>२०५५।६।१५<br>२०५५।६।१७<br>२०५५।८।११<br>२०५५।८।११<br>२०५५।११।१<br>२०५५।६।२३ | १२,२३,०००.००<br>८,६७,०००.००<br>१३,७१,०००.००<br>१७,९८,००७.०४<br>१५,२०,९३७.००<br>२३,८६,०००.००<br>१९,४६,०००.००<br>६६,७०,०००.००<br>११,४५,६६४.००<br>१,८९,३०,६०८.०४ | ६,०४,८५६.००<br>४,२७,७३६.००<br>६,७५,३५२.००<br>८,८५,४१६.००<br>७,४८,९१५.००<br>१३,०७,८२४.७५<br>११,२४,५०३.००<br>३७,७१,६६०.००<br>७,३७,६६८.००<br>१,०२,८३,९३९.७५ | १८,३०,८६५.००<br>१२,९४,७३६.००<br>२०,४६,३५२.००<br>२६,८३,४२३.०४<br>२२,६९,८५२.००<br>३६,९३,८२४.७५<br>३०,७०,५०३.००<br>१,०४,४१,६६०.००<br>१८,८३,३३२.००<br>२,९२,१४,५४७.७९ | |
| ९ | रोशन ह्याण्डिक्राफ्ट अच्युत प्रसाद रिजाल चिरञ्जिवी आचार्य | चालु पुँजी ६०।८१<br>चालु पुँजी ६०।९३<br>टि.आर ६०।३०५ | ३५,००,०००.००<br>३०,००,०००.००<br>८०,९८,९९०.९६<br>१,४५,९८,९९०.९६<br>१५,५३,२९,१५६.१७<br>✾ | २०५४।८।१६<br>२०५४।९।९<br>२०५४।८।१२ | २०५६।८।१५<br>२०५५।९।८<br>२०५५।२।११ | ३५,०१,०००.००<br>३०,००,०००.००<br>२७,१७,८०४.९६<br>९२,१८,८०४.९६<br>१३,७०,६६,८२७.९० | १८,७८,९६९.००<br>१६,१९,१६९.००<br>१२,१८,८५९.००<br>४७,१६,९९७.००<br>७,६८,१३,५०८.७६ | ५३,७९,९६९.००<br>४६,१९,१६९.००<br>३९,३६,६६३.९६<br>१,३९,३५,८०१.९६<br>२१,३८,८०,३३६.६६ | |

*✾ सुरु प्रवाहित कर्जा रकम रू. १५,५३,२९,१५६।१७ रहेको र बाँकी कर्जा रू. १३,७०,६६,८२७।९० रहनुमा पार्टीले विभिन्न उद्योग / कम्पनीको नाममा विभिन्न कर्जा शिर्षकमा बद्नियतपूर्ण ढंगले थप कर्जा स्वीकृत गराई बाँकी कर्जा चुक्ता गर्ने गरेको हुँदा सुरु प्रवाहित कर्जा रकमभन्दा बाँकी कर्जा रकम कम देखिएको। सोको विस्तृत विवरण सम्बन्धित उद्योगको व्याख्यामा वर्णन गरिएको छ।*

लक्ष्मीप्रसाद आचार्य समूह र सोसँग सम्बद्ध फर्म / उद्योगहरूले लिएको कर्जा सुरक्षाको लागि प्रयोग भएका जग्गाहरूको संक्षिप्त विवरण निम्नानुसार छ।

**तालिका- ३**

| सि.नं. | पार्टीको नाम | सुरक्षण दिने व्यक्ति/फर्म | सुरक्षणको विवरण र क्षेत्रफल | जग्गा खरिद मिति | दृष्टिबन्धक पास मिति र रकम | मूल्याङ्कन गर्ने इन्जिनियर र रकम | मूल्याङ्कन गर्ने कर्मचारी र रकम | गा.वि.स./न. पा. को हालको मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राधिका ह्याण्डिक्राफ्ट | राधिका ह्याण्डिक्राफ्ट | ल.पु.उ.म.न.पा. वडा नं. ५(म) को कि.नं. ६ र ऐ.ऐ. वडा नं. ५ (र) को कि.नं. ३७ २-२-२-० | २०५५।८।६ र ११ गते ८३,१०० | ४४,००,०००।- २०५५।९।५ | केशवलाल श्रेष्ठ ६४,९३,७५०।- | विष्णुराम श्रेष्ठ ६०,००,०००।- | ८,६२,५००।- | का.नं. ७२ देखि ७८ सम्मका कागजातहरू |
| २ | राधिका ह्याण्डिक्राफ्ट | माला खड्का | का.म.न.पा. २३(घ) कि.नं. ५३५ ०-१४-०-० | २०५३।१२।५ | ४९,००,०००।- २०५५।१।३० | हरिवंश झा ५६,३२,०००।- | - | ३५,००,०००।- | अफिसले मिति २०५५।१।३० मा प्रकाश मानन्धर र कृष्ण बहादुरलाई खटाउन पत्र लेखेको तर सो पत्र निजहरूलाई नबुझाई फाइलमा राखेको। कर्मचारीबाट निरीक्षण नभएको (का.नं. ६६ देखि ७१ सम्मको कागजातहरू) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | राधिका ह्याण्डिक्राफ्ट | लक्ष्मीप्रसाद आचार्य | झापा, अनारमुनी-३ कि.नं. ४०६८ क्षे.फ.०-१-११-१/२ | २०५४।२।२४ ६३,०००।- | ६५,००,०००।– २०५५।३।५ | नरेन्द्रराज भट्टराई ७९,१४,५००।- | पद्मकुमार प्रधान ६५,१२,५००।- | ४४,३७,५००।- | का.नं.५३ देखि ६५ सम्मका कागजातहरू। |
| ४ | राधिका ह्याण्डिक्राफ्ट | लक्ष्मीप्रसाद आचार्य | झापा, गरामुनी ७(क) ००७, ००८ १-६-१० | २०५४।१।२८ ८६,०००।- | ५३,००,०००।– २०५४।१।११ | हरिवंश झा ५८,२०,०००।- | रोशन मान जोशी ५३,००,०००।- | २१,२०,०००।- | यो जग्गा लुम्बिनी बैंक लि.मा पनि रू. २७,८२,५००।– दोहोरो दृष्टिबन्धकी पास गरेको। यसबाट ने.बैं.लि. मा धितोमा लिइने जग्गाको अत्यधिक मूल्याङ्कन गरिन्छ भन्ने तथ्य प्रमाणित हुन्छ (का.नं. ४३ देखि ५२ सम्मका कागजातहरू र फा.नं. १६ का.नं. १५,६३ र ६४) |
| ५ | राधिका ह्याण्डिक्राफ्ट | लक्ष्मीप्रसाद आचार्य | झापा, गरामुनी ७ कि.नं. ६६० क्षे.फ. ४-१४-१८ | २०५४।१२।१८ मा प्रतिलिपि लिएको | १,८६,८४,०००।– २०५४।१२।१९ | हरिवंश झा २,१०,१९,५००।- | - | ७५,९२,०००।- | कर्मचारीबाट मूल्याङ्कन नभएको। (का.नं. ३९ देखि ४२ सम्का कागजातहरू) |
| --- | गा.वि.स.बाट भएको मूल्याङ्कन रू. ८०,००,०००।– बढी भएको भनी आयोगमा परेको उजुरीका सम्बन्धमा आयोगबाट इन्जिनियरसहितको टोली खटाई स्थानीय व्यक्तिहरूको रोहबरमा सर्जमिन गरी प्रचलित बजार मूल्य बुझ्दा सो जग्गाको मूल्य रू. ४४,३७,५००।– मात्र हुने भनी उल्लेख भई आएको। | | | | | | | | |
| -- | गा.वि.स.बाट भएको मूल्याङ्कन रू. ६६,५०,०००।– बढी भएको भनी आयोगमा परेको उजुरीका सम्बन्धमा आयोगबाट इन्जिनियरसहितको टोली खटाई स्थानीय व्यक्तिहरूको रोहबरमा सर्जमिन गरी प्रचलित बजार मूल्य बुझ्दा सो जग्गाको मूल्य रू. २१,२०,०००।– मात्र हुने भनी उल्लेख भई आएको। | | | | | | | | |
| - | गा.वि.स.बाट भएको मूल्याङ्कन रू. २,३७,२५,०००।– बढी भएको भनी आयोगमा परेको उजुरीका सम्बन्धमा आयोगबाट इन्जिनियरसहितको टोली खटाई स्थानीय व्यक्तिहरूको रोहबरमा सर्जमिन गरी प्रचलित बजार मूल्य बुझ्दा सो जग्गाको मूल्य रू. ७५,९२,०००।– मात्र हुने भनी उल्लेख भई आएको। | | | | | | | | |
| ६ | राधिका ह्याण्डिक्राफ्ट | लक्ष्मीप्रसाद आचार्य | ल.पु. सैवू ४(ग) कि.नं. ३२६ ४११। ४१२ क्षेत्रफल जम्मा ०-१३-०-० | १,१३,९००।– २०५५।४।२१ र २२ | ३५,००,०००।– २०५५।५।१७ | हरिवंश झा ३८,००,०००।- | लोकबहादुर श्रेष्ठ, कृष्ण व. कारन्जित ३५,७५,०००।- | १८,२८,१२५।- | (का.नं. ३३ र ३४ का कागजातहरू) |
| ७ | राधिका ह्याण्डिक्राफ्ट | लक्ष्मीप्रसाद आचार्य | का.जि.का.म.न.पा. २९(ख) कि.नं. १०६७ ०-६-२-० | २०५३।४।२१ | २४,००,०००।– २०५३।४।२३ | एस.पी.श्रेष्ठ २६,१८,२८९।- | रजनीलोचन प्रसाद तण्डुकार र रोशनमान जोशी २६,०७,०४०।- | १६,२५,०००।- | उक्त जग्गा मिति २०५३।४।२२ को निर्णयबाट हालैको राजीनामा पास भएकोले सुरक्षण लिन कानूनतः नमिल्ने हुँदा पार्टीलाई जानकारी दिने निर्णय भएको। तर मिति २०५३।४।२३ को निर्णयको नं. २ मा मुख्य प्रबन्धक शेर बहादुर थापाको व्यक्तिगत जमानत बैंकको संलग्नता नमूना बमोजिम हुनुपर्ने उल्लेख भई उपरोक्त राय बमोजिम गराई पास गराउने उल्लेख भएको तर सो बमोजिम नभएको। (का.नं. २५ देखि ३२ सम्मका कागजातहरू) |
| ८ | राधिका ह्याण्डिक्राफ्ट | रामप्रसाद पाण्डे | का.जि.सुन्ताखान बालुवा ९(घ) कि.नं. १७४ क्षे.फ. २-८-२ | २०५४।२।१४ | ३८,००,०००।– २०५४।२।१४ | नरेन्द्रराज भट्टराई ५०,६२,५००।- | कृष्ण व.कारन्जित रोशनमान जोशी ४०,५०,०००।- | १०,१२,५००।- | (का.नं.१५ देखि २१ सम्मका कागजातहरू) |
| ९ | राधिका ह्याण्डिक्राफ्ट | राधिका ह्याण्डिक्राफ्ट | ल.पु.सैवू ४(ग) कि.नं. ४०१, ४१३ र ९ र सैवू ४(ग) ३१४, ३५५, ३५४, ३३२ ३-१०-२-१ | ४,७३,०००।– २०५५।२।११ र १२ | १,७६,००,०००।– २०५५।२।१५ | हरिवंश झा २,०५,००,०००।- | कृष्ण व.कारन्जित र नरेन्द्रमेहर श्रेष्ठ १,८२,१२,५००।- | ८२,२६,५६२।५० | (का.नं. १२, १३, १४ र ३४) |
| १५ | रोशन ह्याण्डिक्राफ्ट | मोती उप्रेती | ललितपुर उप म.न.पा. वडा नं. ५ (त्र) कि.नं. ४५, १-२-१-१ | २०५४।१०।६ | ३२,००,०००।– २०५४।१०।१२ | हरिवंश झा ३९,९०,०००।- | पूर्णराम शर्मा र कृष्ण बहादुर कारन्जित ३६,६२,५००।- | ५,१५,६२५।- | (का.नं. ३४क, ३४ ख, ३५ र ३६) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | राधिका ह्याण्डिक्राफ्ट | चुम्बक बहादुर बुढाथोकी | झापा, गरामुनी ५ कि.नं. ६६७, ०-१८-११ | २०५५।१२।१५ १,२१,०००।- | २५,००,०००।– २०५६।१।१३ | टेकनाथ चाम्लागाईं ३८,०२,७५०।- | २९,३२,५००।– प्रदिपकुमार चापागाईं र पदम कुमार प्रधान | १४,७०,०००।- * | ०-१८-११ बिगाहा मध्ये ०-३-१७ जग्गा बाटोमा पर्ने भनी उल्लेख भई आएको (का.नं. ८८ देखि ९२ सम्म) |
| १७ | बागमती ऊनी धातो कताई उद्योग प्रा.लि. | बागमती ऊनी धातो कताई (उ) प्रा.लि. | झापा, गरामुनी ८ कि.नं. ५३६ र ५३७ ०-१५-१० | २०५४।१।१३ ४२,७००।- | १,१०,००,०००।– २०५४।१०।६ | | | १५,७५,०००।- ** | इन्जिनियर तथा बैंक कर्मचारीबाट जग्गाको मूल्याङ्कन नभएको, बैंक कर्मचारीहरूबाट परियोजनाको निरीक्षण मात्र भएको (का.नं.९६,९७, ९८, ९९) |
| १८ | बागमती ओरिएण्टल टिपिक | मोती उप्रेती | साबिक बालाजु वडा नं. २(क) हाल का.जि.का.म.न.पा. वडा नं. १६ कि.नं. १५७० र १४८१ क्षे.फ. ०-१०-०-० | २०५५।४।१४ | २२,५०,०००।- | डा.हरिवंश झा ३२,००,०००।- | लोक बहादुर श्रेष्ठ कृष्ण व.कारन्जित २५,००,०००।- | १५,००,०००।- | (का.नं. १०० देखि १०५ सम्म) |
| | | | जम्मा | | १०,१०,३४,०००।- | | | ४,७१,६३,५६२।५० | |
| * | गा.वि.स.बाट भएको मूल्याङ्कन रू. ४४,१०,०००।– बढी भएको भनी आयोगमा परेको उजुरीका सम्बन्धमा आयोगबाट इन्जिनियरसहितको टोली खटाई स्थानीय व्यक्तिहरूको रोहबरमा सर्जमिन गरी प्रचलित बजार मूल्य बुझ्दा सो जग्गाको मूल्य रू. १४,७०,०००।– मात्र हुने भनी उल्लेख भई आएको। | | | | | | | | |
| ** | गा.वि.स.बाट भएको मूल्याङ्कन रू. ३८,५०,०००।– बढी भएको भनी आयोगमा परेको उजुरीका सम्बन्धमा आयोगबाट इन्जिनियरसहितको टोली खटाई स्थानीय व्यक्तिहरूको रोहबरमा सर्जमिन गरी प्रचलित बजार मूल्य बुझ्दा सो जग्गाको मूल्य रू. १५,७५,०००।– मात्र हुने भनी उल्लेख भई आएको। | | | | | | | | |

## १. <u>प्रतिवादीहरूको अनुसन्धानका क्रममा भएको बयानः</u>

### १.१ पूर्व नायब महाप्रबन्धक शेरबहादुर थापाः

करिब एक हप्ताअघि मात्र दर्ता भएको आर.पी.कार्पेटले रू. १ करोड १२ लाखको स्टक देखाई कर्जा माग गर्दा "पछि कमिटीबाट स्वीकृत गर्ने गरी दिने" भनी कर्जा प्रवाह गर्नुको कारणको सम्बन्धमा कार्यालय प्रमुखको हैसियतले स्टक पर्याप्त भएमा दिने बाँकी प्रक्रिया विभागबाटै हेरिनु पर्ने, कर्जा सुरक्षित भएमा पछिबाट समर्थन भएपनि हुने भएकोले त्यसो गरिएको, रोशन ह्याण्डिक्राफ्टको धितो एयरमार्क सम्बन्धमा सम्पूर्ण प्रक्रिया सम्बन्धित विभागको हो, मैले त केवल आदेश मात्र दिने हो विभागले नै गर्नुपर्ने र कर्जा जोखिममा परेमा समेत सम्बन्धित विभागीय प्रमुख जिम्मेवार हुन्छ।

कटन रीच प्रा.लि. लक्ष्मीप्रसाद आचार्यले ल्याएर परिचय गराएको कम्पनी हो। उक्त पार्टीलाई एल.सी. खोलेपछि टि.आर. नगर्दा बैंकलाई हानि हुने देखी मार्जिन पछि जम्मा गर्ने गरी लक्ष्मीप्रसाद आचार्यको व्यक्तिगत जमानतसमेत लिई कर्जा प्रवाह भएको हो। २०५५।३।२४ मा एल.सी. ६१/४२ अन्तर्गत भा.रू. २९ लाखको एल.सी. खोल्दा पुरानो टि.आर. कर्जामा रू. ६७,८८,९४४।– बाँकी रहेको र लिमिट कायम नभएको भन्ने कैफियतहरू रहँदा रहँदै एल.सी. खोल्नको कारण मैले नियमानुसार गर्नु भनेको थिएँ तर मातहत कर्मचारीले सोअनुसार नगरेपछि उनीहरू नै जवाफदेही हुनुपर्छ। कटन रीच प्रा.लि. लाई सञ्चालक नभेटिएमा सम्पर्कको लागि धन जमानी दिलाउन लक्ष्मीप्रसाद आचार्यलाई राखी एल.सी. खोलिएको, पुरानो कर्जा चुक्ता गर्न नयाँ कर्जा दिने प्रचलन बैंकमा सामान्यरूपमा चली आएको, पुरानो कर्जाको म्याद थप हुँदै र अनियमितसमेत हुँदै गएको अवस्थामा २०५५।८।२ मा पुरानो कर्जामा रू. ५० लाख कताई थप रू. १६,७०,०००।– कर्जा दिई एक पछि अर्को गर्दै बैंक कर्जा जोखिममा परेको सम्बन्धमा कमसेकम पुरानो कर्जा चुक्ता होस् र पार्टी डकुमेन्ट नेगोसिएट (Negotiate) गर्न

अन्य बैंकमा नजाओस् भन्ने उद्देश्यले त्यसो गरेको हो । आफ्नो अख्तियारी सीमा रू. ७५ लाखभन्दा बाहिर गएर रू. ३५,०२,०००।– पूर्व निर्यात कर्जा उपलब्ध गराएको भन्नेतर्फ टेलिफोनमा महाप्रबन्धकसँग कुरा भएर कर्जा उपभोग गराउन र समर्थनको लागि प्र.का.मा. लेखी पठाउनु भन्ने आदेशको आधारमा भएको तर पछि समर्थन भयो भएन, जानकारी छैन ।

शतप्रतिशत विदेशी लगानीमा स्थापित कम्पनीलाई लगानी गर्ने नीति नभए पनि स्थानीय व्यक्तिको थप जमानी लिई नियमानुसार गर्नु भनेपछि मातहत कर्मचारीहरूले सो सम्बन्धमा विचार पुर्‍याउनु पर्ने एल.सी. खोल्न बन्देज नहुँदा एल.सी. खोलिएको साथै सामान निर्यात भएपछि स्वतः कर्जा असुली हुने पूर्वानुमानका आधारमा कर्जा प्रवाह भएको, सो कर्जा सम्बन्धित विभागले कुनै कैफियत नजनाई पेस गरेको कारण नियमसङ्गतै छ भन्ने आधारमा कर्जा प्रवाह भएको र स्थानीय व्यक्तिको जमानत लिइएको, राधिका ह्याण्डिक्राफ्टको फाजिल धितो सुरक्षण लिई व्यक्तिगत ग्यारेण्टीसमेत लिई कर्जा प्रवाह गरिएको टि.आर. कर्जामा १० लाखभन्दा बढी रकम बुझाउन बाँकी हुँदै १५ दिनभित्र तिर्ने सर्तमा पुनः रू. १० लाख चल्ती कर्जा दिनुको कारण बैंकमा नियमितरूपमा कारोबार गर्ने ऋणीले कर्जा तिर्ने प्रतिबद्धता व्यक्त गरी लेखी दिएकोमा केही छुट दिने प्रचलन अनुरूप नै १५ दिनभित्र तिर्छुभन्दा ऋणीको कारोबार र पारिवारिक प्रतिष्ठा हेरी लगानी भएको हुनुपर्छ ।

मेची ह्याण्डिक्राफ्टले २०५४।१२।२८ मा चालु पुँजी कर्जा ५० लाख माग गरेकोमा २०५५।१।२ मा नै. रू. ५० लाख चालु पुँजी कर्जा प्रवाह भएको कारण कमिटीमा पेस भई सबै सदस्यले दिने भन्ने भएमा दिइन्छ तर कर्जा दिएको कुरा मेरो स्मरणमा छैन । रोहन ह्याण्डिक्राफ्टले २०५४।११।११ मा टि.आर. कर्जा उपलब्ध गराउन निवेदन दिँदा "११।१८ मा १० प्रतिशत जम्मा गर्ने गरी टि.आर. गरिदिने" भनी तोक लगाई नियमानुसार बैंकले कट्टा गर्नुपर्ने १०% मार्जिन रकमसमेत छुट दिई कर्जा प्रवाह गर्नुको कारण बारेमा पार्टीको प्रतिबद्धताअनुरूप तिर्नेछ भन्ने आधारमा केही दिनको म्याद दिइएको । सुरूमा नै पार्टीले इन्जिनियरिङ मूल्याङ्कन पेस गरी कर्जा माग गर्दा माग भएको कर्जा रकमबाट मूल्याङ्कन प्रभावित भई अवास्तविक हुन जानेतर्फ ध्यान नदिई हतारहतार धितो पास गरेको भन्ने सम्बन्धमा लक्ष्मीप्रसाद आचार्यसँग व्यवहारिकरूपमा सम्बद्ध रहेका व्यक्तिहरू मध्येकै धितो देखिएकोले कथंकदाचित अन्य धितो कम देखिएमा पनि बैंक कारोबार सुरक्षित हुने धारणा राखी धितो पास गरी लिएको, रोशन ह्याण्डिक्राफ्टको लागि मोती उप्रेतीले पास गरिदिएको धितो फेरबदल गरिपाउँ भन्ने निवेदनमा कमिटीबाट पछि समर्थन गर्ने गरी राधिकाको नाममा पारित धितो एयरमार्क गरी मोती उप्रेतीको धितो फुकुवा गर्नु परेको कारणका सम्बन्धमा पूर्व पारित धितोबाट कर्जा सुरक्षित हुने देखिएमा अर्को धितो फुकुवा गर्दा बैंकको हानि नोक्सानी हुने नदेखिएकोले सो फुकुवा गरेको हो । रोशन ह्याण्डिक्राफ्टको २०५५।३।१४ निवेदनमा बाँकी कर्जा सुरक्षित हुने भए फुकुवा गरी कमिटीबाट समर्थन गराउने" भनी तोक भएको छ । यसमा कुनै बदनियत नभएको बैंक सुरक्षित रही कर्जा सुलभ होस भन्ने चाहना नै हो ।

बैंकले धितो मूल्याङ्कन गर्दा कर्जावालाको विश्वसनीयता वा इन्जिनियरको मूल्याङ्कनमध्ये इन्जिनियरको मूल्याङ्कनलाई नै मूल आधार मानिन्छ, सो मूल्याङ्कन अनुसार छ छैन भनी निरीक्षण गर्न बैंक कर्मचारी पठाइने र निजसमेतको प्रतिवेदनलाई कर्जा कमिटीमा छलफल गरी मूल्याङ्कन तय गरिन्छ । निरीक्षणमा खटाइने काम कर्जा विभागको विभागीय प्रबन्धकले गर्ने हो, आफूले केवल मूल्याङ्कन गर्नु भनी आदेश मात्र दिने हो ।

धितोमा लिइने जगा राजीनामाको हकमा ६

महिना ३५ दिन र बकसपत्रको हकमा दुई वर्षपछि मात्र स्वीकार गर्ने कुरा सम्बन्धित विभागले हेर्नुपर्ने हो र मेरो जानकारीमा आएमा सो धितोमा मुद्दा नलाग्ने निश्चित जानकारी भएको अवस्थामा लिए हुन्छ भनी आदेश गर्दथे। धितो कस्तो छ र कति मूल्य पर्दछ भन्ने बारेमा इन्जिनियर र बैंक कर्मचारीमा नै निर्भर गर्ने परम्परा रहेको भन्ने व्यहोराको शेरबहादुर थापाले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.२ सहायक मुख्य प्रबन्धक उत्तमकुमार नेपालः**

राधिका ह्याण्डिक्राफ्टले २०५५।१०।१५ मा एल.सी. नं. ६१/१६११ को मार्जिन रकमबापतको रकम १० दिनभित्र बुझाउने गरी टि.आर. गर्न निवेदन दिँदा "वि.प्र.कर्जा लगानी विभागमा कुरा भए अनुसार गर्ने" भनी टि.आर. कर्जा दिनुको कारण सम्बन्धमा सामान अलपत्र परी नोक्सानी हुनसक्ने सम्भावना भएको हुँदा कहिलेकाहीँ सामान के थियो भन्ने थाहा नभए पनि सामान छुटाउने समयमा भएन भने सामान बिग्रने नासिने सम्भावना भएको हुँदा यस्तो गरेको बैंकले अग्रीमरूपमा कट्टि गर्नुपर्ने मार्जिन रकमसमेत पछि लिने गरी टि.आर. कर्जा उपलब्ध गराउनु पर्ने आधार एल.सी. खोली भुक्तानी भइसकेको अन्य कारोबार गरिरहेको साथै प्रधान कार्यालयमा कुरासमेत गरेको आधारमा टि.आर. सुविधा दिएको हो। बागमती ऊनी धागो उद्योगलाई एल.सी. नं. ६१/१३५५ बाट टि.आर. कर्जा उपलब्ध गराउँदा "एल.सी. को मार्जिनमा नै टि.आर. गर्ने" भन्ने आदेश दिनु परेको कारण कहिलेकाहीँ पार्टीले मार्जिन जम्मा गर्न नसकेको अवस्थामा केही समयको लागि सामान क्षति नहोस् भन्ने मनसाय राखी सामान भन्सार वा पोर्टमा अलपत्र नरहोस् भनी गरिएको, यस समूहलाई रू. ५ करोडभन्दा बढी कर्जा प्रवाह भइसकेको कर्जा उपलब्ध गराउनुको कारण लिमिट उपभोगसम्बन्धी रेकर्ड सम्बन्धित विभागहरूमा रहने हुँदा त्यहाँबाटै काम हुने गरेको कुन पार्टीको के कति लिमिट छ, त्यसको उल्लङ्घन भएको छ छैन ? खोजी गरी जानकारी लिनुपर्ने हुन्छ, बढी भएमा विभागबाट नै जानकारी गराउने गरिन्छ। कटनरीच प्रा.लि. लाई मार्जिन रकम र को.से.समेत १० दिनभित्र पास गरी लिने गरी रू. १५,२०,९३७।– टि.आर. कर्जा स्वीकृत गर्ने कार्य उक्त कर्जा एल.सी. अन्तर्गत भुक्तानी भइसकेकोले थप कर्जा जाने नभई सामान भित्र्याउने भएको र नपुग अचल १० दिनभित्र पास गर्ने गरी लेखेको हो। व्यक्तिगत जमानतमा कर्जा दिने सम्बन्धमा यो थप कर्जा नभएकोले व्यक्तिगत जमानत लिइएको हो। आयात भएको सामान समयमै नछुटाएमा बिग्रने नासिने सम्भावना रहने भएकोले गरिएको हो। बागमती एपरल्सलाई २०५५।९।१३ मा टि.आर. कर्जा प्रवाह गर्दा प्राप्त भएको डकुमेण्ट त्यसै राखिरहनु उचित नभएको, पूर्व टि.आर. को म्याद पूरै समाप्त भइनसकेको र बेसरोकारवाला फर्म भएपनि खर्च लेख्ने स्वीकृति लिई मार्जिन रकम लिइएको, खर्च लेख्ने स्वीकृतिलगायत अन्य कागजात दुरूस्त राख्ने काम विभागबाटै हुने हुँदा त्यहाँबाटै लिइन्छ भन्ने व्यहोराको उत्तमकुमार नेपालले अनुसन्धानमा गरेको बयान।

**१.३ कर्जा विभागका विभागीय प्रबन्धक पुरूषोत्तमप्रसाद श्रेष्ठः**

आर.पी. कार्पेटले दर्ता भएको छैठौं दिनमा नै १ करोड १२ लाखको गलैंचा मौज्दात देखाउँदा स्टक निरीक्षण गर्न कर्मचारी पठाएको सम्बन्धमा पत्र तयार गरी म कहाँ आउने, मैले केवल सही मात्र गरी खटाउने हो। खटिएर गएका अधिकृतहरूले नै स्टक के कति छ हेर्ने र हेरिसकेपछि विभागीय इन्चार्ज वा नायब महाप्रबन्धकबाट कार्यान्वयन हुने हो। रोशन ह्याण्डिक्राफ्टको मिति नखुलेको पत्रमा लिमिटभित्र रही गर्ने भनी तोक लगाएको सम्बन्धमा हाल मेरो स्वास्थ्य अति नै बिग्रेकोले यसै भन्न सकिन। तर मैले उक्त निवेदनमा लिमिटभित्र रही गर्ने भनी सही मात्र गरेको

हो। लिमिट भन्नाले सम्बन्धित अधिकारीले कायम गर्ने कर्जा लिमिटलाई भनेको हो। राधिका ह्याण्डिक्राफ्टले मिति नखुलेको पत्रमा रू. ८५ लाख कर्जाको लागि १ करोड ७० लाख धितो दिनुपर्नेमा १ करोड १२ लाखको मात्र धितो भई अरू धितो १५ दिनभित्र दिने भन्ने व्यहोराको निवेदन दिएकोमा मागबमोजिम गर्ने भनी तोक लगाउनु पर्नाको कारण १५ दिनभित्र नपुग धितो दिएपछि मात्र कर्जा लिने भन्ने उक्त निवेदनको मनसाय भएकोले मागबमोजिम गर्ने भनी सही गरेको हुँ। बागमती एपरल्सलाई स्थिर पुँजी कर्जा रू. ८५ लाख स्वीकृत गर्दा बिक्रेताको नाममा ड्राफ्टमार्फत भुक्तानी दिई पार्टीहरूलाई मेसिनरी सामान उपलब्ध गराउने निर्देशन भएकोमा "लिमिटभित्र रही गर्ने" भन्ने तोक लगाई सोझै पार्टीको खातामा रकम जम्मा गराए सम्बन्धमा प्रधान कार्यालयको सो निर्देशन आफू कहाँ नआएको र पार्टीको अनुरोधमा विभागबाट नायब महाप्रबन्धक तथा मुख्य प्रबन्धकको आदेशबमोजिम पार्टीकै खातामा रकम जम्मा गर्ने प्रचलन पनि रहेकोले त्यसरी तोक लगाएको हो भन्ने व्यहोराको पुरूषोत्तमप्रसाद श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.४ नेपाल बैंक लिमिटेडका तत्कालीन महा प्रबन्धक गौरीलाल श्रेष्ठ:**

महाप्रबन्धकको संलग्नता भनेको थप कर्जा सीमा स्वीकृत गर्नु र त्यसको जानकारी सम्बन्धित कार्यालयलाई दिनुसम्म मात्र हुन्छ, सो कर्जा प्रदान गर्दा पालना गर्नुपर्ने सबै सर्तहरू पालना गर्ने र पालना गर्न लगाउने दायित्व सम्बन्धित शाखा प्रमुखको हुन्छ। महाप्रबन्धकको आफ्नो अख्तियारी प्रयोग गर्दा कर्जा कमिटीको पनि सिफारिस चाहिने हुँदा मलाई याद भएसम्म मैले ठाडो तोक आदेश गरी वा फोनबाट कर्जा प्रवाह गराएको छैन। सम्बन्धित शाखा प्रमुख वा काठमाडौं बैंकिङ कार्यालयका नायब महाप्रबन्धकले ग्राहकको कर्जा कारोबार सन्तोषजनक रहेको र थप कर्जा दिए सुरक्षित हुने भन्ने सिफारिसका आधारमा थप कर्जा लिमिट स्वीकृत गरिएको हो। शाखाले कर्जा लगानी गरेकोमा प्रत्येक लगानीको तमसुक, अचल सम्पत्ति धितो लिएका कागजातहरू एक एक गरी दैनिकरूपमा हेर्ने काम प्रधान कार्यालयले गर्दैन। अनियमित तवरले कर्जा प्रवाह भइसकेको अवस्थामा मात्र प्रतिवेदनबाट जानकारी हुने गर्दछ।

शेरबहादुर थापाबाट गैरकानूनीरूपमा कर्जा प्रवाह गर्ने कार्य हुन्छ भनी पूर्वानुमान गर्ने कुनै आधार थिएन। विश्वास गार्मेन्ट प्रकरण जानकारीमा आउनासाथ निरीक्षण गर्न पठाई सोही निरीक्षणबाट अन्य कर्जा पनि ठीक नरहेको भन्ने जानकारी प्राप्त हुन आएपछि थप निरीक्षण टोली पठाइएको थियो। अम्बर कुमार खड्काले आफ्नो बयानमा शेरबहादुर थापा प्रमुख रहेको काठमाडौं बैंकिङ कार्यालयबाट प्रवाहित कर्जामा अनियमितता छ र तेस्रो पक्षको सुरक्षणमा कर्जा दुरूपयोग भएको छ भनी महाप्रबन्धक स्तरीय कर्जा कमिटीमा कुरा उठेको र सञ्चालक समितिमा पनि चर्चा चलेको कुरा व्यक्त गरेकोले निजको सो भनाई झुट्ठो देखिन्छ। पछि अन्य कर्जाहरूमा पनि अनियमितता भएको भन्ने सम्बन्धमा निरीक्षण गर्न पठाई सोको प्रतिवेदनका आधारमा सञ्चालक समितिबाटै छानबिन भई ना.म.प्र. शेरबहादुर थापालगायतका कर्मचारीहरूलाई विभागीय कारवाही भएको हो। बागमती ऊनी धागो कताई उद्योगलाई चालु पुँजी कर्जा स्वीकृतार्थ सञ्चालक समितिमा पेस गर्दा सो समूहसम्बन्धी तीनवटा फर्महरूको मात्र कर्जा विवरण उल्लेख गरी सो समूहअन्तर्गतका अन्य फर्म उद्योगहरूको विवरण नदिएको भन्ने सम्बन्धमा प्रधान कार्यालय, कर्जा लगानी विभागबाट विवरण तयार पारी महाप्रबन्धक स्तरीय कर्जा कमिटीमा पेस गर्ने र त्यसबाट सञ्चालक समितिमा सिफारिस साथ पठाउने गरिन्छ। अतः सबै विवरण ठीक छ छैन भनी हेर्नुपर्ने

जिम्मेवारी कर्जा विभागका सम्बन्धित अधिकृतहरूको हो । प्रधान कार्यालयबाट पटक पटक काठमाडौं अफिसलाई ५ करोडको लिमिट ननघाई कर्जा प्रवाह गर्नु भन्ने निर्देशन दिएकोले सोअनुरूप गर्ने कार्य त्यसै कार्यालयका अधिकृतहरूको हो । स्थिर पुँजी कर्जा रू. १ करोड १० लाख स्वीकृत गर्दा अम्बर कुमार खड्का र निजका सहायकले उक्त योजनामा पार्टीको ८० प्रतिशत लगानी भएको र २० प्रतिशत मात्र कर्जा माग गरेको साथै पार्टीको आफ्नै गलैंचा उद्योग भएकोले बजारको समस्या नपर्ने जानकारी गराई सोका आधारमा कर्जा स्वीकृत भएको थियो। प्रधान कार्यालयबाट कर्जा सीमा तोकिएको सम्म हो, सो उपलब्ध गराउने कार्य काठमाडौं बैंकिङ कार्यालयको हो । २०५५।७।१५ मा बागमती ऊनी धागो कताई उद्योगलाई टि.आर. कर्जा स्वीकृत गर्न उठेको टिप्पणी फायलमा सो समूहको कूल कर्जा रू. ६,०३,६५,०००।– देखाउँदा देखाउँदै महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट ५ करोडमा नबढ्ने गरी टि.आर. कर्जा स्वीकृत गर्ने भन्ने निर्णय गर्दा विशिष्ट श्रेणीका अधिकृतद्वय दिव्यकुमार अधिकारी र भवानी देवी शर्माले हेरी आफू कहाँ पेस भएपछि प्रतित पत्र खोली बैंकबाट भुक्तानी गई सकेको अवस्थामा सोअनुरूप टि.आर. नगर्दा पार्टीको सामान भन्सार सीमामा नै रहने र गोदाममा आई काम पनि नहुने भएकोले लगानीलाई थप सुरक्षित पार्न टि.आर. गरिएको हो भन्ने व्यहोराको गौरीलाल श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.५ नेपाल बैंक लिमिटेडका तत्कालीन मुख्य प्रबन्धक अम्बरकुमार खड्का:**

काठमाडौं बैंकिङ अफिसमा भएका गैरकानूनी काम कारवाहीहरू बारेमा विभिन्न समितिहरू बनेपछि मात्र थाहा हुन आएका कुराहरू लिखितरूपमा आफूभन्दा माथि पेस गरेको सम्झना छ। आफू विभागीय प्रबन्धक रहँदा शेरबहादुर थापाको कार्यकालमा कमसल सुरक्षण र तेस्रो पक्षको जमानतमा कर्जा दुरूपयोग भएको भनी चर्चा चलेको कुरा महाप्रबन्धक स्तरीय कर्जा कमिटीमा उठाएको र त्यसो नगर्न परिपत्रसमेत भएको थियो। आफूभन्दा माथिल्लो तहको व्यक्ति काठमाडौं अफिसमा कार्यरत भएकोले सोको निरीक्षण गर्ने अधिकार नभएको, निरीक्षण विभागले पनि महाप्रबन्धकको आदेशमा मात्र निरीक्षण गर्न पाउने स्थिति रहेकोले अरूलाई जानकारी नभएको, २०५५ कार्तिक महिनातिर महाप्रबन्धक गौरीलाल श्रेष्ठ, नायब महाप्रबन्धक भवानीदेवी शर्मा र दिव्यकुमार अधिकारीसमेत रहेको महाप्रबन्धक स्तरीय कर्जा कमिटीमा शेरबहादुर थापाको अख्तियार प्रयोगका सम्बन्धमा छलफल भएको हो। बागमती एपरल्सलाई रू. ८५ लाख कर्जा स्वीकृत गरेको र कर्जा स्वीकृत हुनुभन्दा एकदिन अगाडि सो कम्पनीको अधिकृत पुँजी थप गर्न लगाए सम्बन्धमा प्रधान कार्यालय कर्जा लगानी विभाग कर्जा लगानीसम्बन्धी सर्वोच्च निकाय भएकोले यसले कर्जा लगानीका सर्त तोक्न र फेरबदलसमेत गर्न सक्ने भएकोले निर्देशिका सर्तहरू पूरा नगरी पनि कर्जा दिन सकिने हुन्छ। स्थिर पुँजी कर्जा स्वीकृत गर्दा कर्जा रकमलाई खाम्ने दर्ता पुँजी नरहेकोले बढाउन लगाएको हो। सुरक्षण राम्री कभर गराई लिने २००% र पूर्वाधारहरू तयार भए नभएको हेरी पूर्वाधार तयार भएको भए मात्र दिने भनिएको हो। बागमती ऊनी धागो कताई उद्योगलाई १ करोड १० लाख स्थिर पुँजी कर्जा स्वीकृत गरेको सम्बन्धका प्रतिवेदन र लगत इष्टिमेटमा उल्लेख गरी पेस गरेको आधारमा विभागबाट टिप्पणीको माध्यमबाट कर्जा स्वीकृत गर्ने निकायमा पेस भएको हो । परियोजना प्रतिवेदनका आधारमा कर्जा स्वीकृत गरी कर्जा स्व-पुँजी लागत निर्धारण गर्ने गरिन्छ। कर्जा प्रदान गर्ने आधार र सर्तहरू निकासा पत्रमा तोकिएका हुन्छन्। २०५४।१०।६ को निकासा पत्रको बुँदा नं. १ मा उल्लेख भएबमोजिमका सर्तको पालनाका सम्बन्धमा विस्तृत परियोजना प्रतिवेदनका

आधारमा आवश्यकतानुसार स्थलगत निरीक्षण गराई परियोजनालाई आवश्यक मेसिनरी खरिद तथा भवन निर्माणको लागि लगानी भएको खर्चको आधारमा ऋण स्वलागत अनुपात ६०:४० हुने गरी निर्देशन दिइएको हो । टि.आर. कर्जाको लागि कम्तीमा ५ वर्षदेखि प्रतितपत्रलगायत सबै कारोबार सन्तोषजनक गरिरहेको ग्राहक हुनुपर्नेमा र पुरानो कर्जा बाँकी हुन नहुनेमा सोको बर्खिलाप २०५५।७।१६ मा ५८ लाख टि.आर कर्जा स्वीकृत भएकोमा पुनः २०५५।७।२७ मा रू. ९९,९७,७३३।– को टि.आर कर्जा समर्थन गरिएको सम्बन्धमा ५ करोडको सीमाभित्र रहने गरी स्वीकृत गरेको र समर्थन गरिएको हो लिमिटभित्र रही उपयोग गराउने कुरा काठमाडौं अफिसले गर्नुपर्ने हो । आफू कर्जा कमिटीको सचिव मात्र भएको निर्णायक मत दिने अधिकार नभएकोले कमिटीका सदस्यहरूले नै जवाफ दिन सक्ने कुरा हो। कर्जाको रकम सामान खरिद, चलान र प्याकिङ्गका अतिरिक्त अन्य कार्यमा पनि खर्च गर्न सक्ने देखिने र अरूबाट सामान लिएको भए सो रकम चुक्ता गर्न सकिने ललितपुर फाइनान्स कम्पनीबाट लक्ष्मीप्रसाद आचार्यलाई कर्जा दिँदा आफ्नो घर धितो दिएको सम्बन्धमा धितो सुरक्षण दिएको हो तर ऋण चुक्ता भइसकेको छ मैले उक्त पार्टीसँग कुनै प्रकारको कारोबार गरेको होइन, सुरक्षण दिनु भनेको कारोबार गर्नु भन्ने हुन सक्दैन भन्ने व्यहोराको अम्बरकुमार खड्काले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.६ तत्कालीन सञ्चालक समितिका सदस्य डा. प्रफुल्लकुमार काफ्ले:**

बागमती ऊनी धागो कताई उद्योगलाई चालु पुँजी कर्जा रू. १ करोड स्वीकृत गर्दा २०५५।९।१ मा व्यवस्थापनबाट पेस भएको प्रस्ताव र प्रस्तुत गरिएका सूचनाहरू अनुसार स्वीकृत गरिएको र उक्त निर्णय बाँकी सम्पूर्ण ब्याज चुक्ता गर्नुपर्ने र परियोजनाको स्थिर सम्पत्ति सुरक्षण लिएर मात्र कर्जा प्रदान गर्ने दुई वटा सर्तहरू राखेर गरिएको हो भन्ने व्यहोराको डा. प्रफुल्लकुमार काफ्लेले अनुसन्धानको क्रममा गरेको बयान।

**१.७ प्रा.डा. विश्वम्भर प्याकुर्याल:**

सञ्चालक समितिबाट कर्जा प्रवाह गर्दा परियोजनाको कर्जा क्षमता पुरानो बाँकी कर्जा, धितो मूल्याङ्कन, कर्जा सीमा नाघ्ने भए नभएको आदि छलफल गरेर कर्जा प्रवाह हुन्थ्यो । सञ्चालक समितिभित्र नीति तथा व्यवस्था उपसमिति बनाउँदा बैंकको विश्वसनीयता, वित्तीय स्वार्थ र निर्णय एवं नीति निर्देशनहरूको कार्यान्वयन भए नभएको हेर्ने जस्ता अपेक्षा गरिएको थियो । तत्कालीन चालक समिति त्यति व्यवसायिक तथा पारदर्शीताको संस्कृतिमा आधारित थिएन । बैंक सञ्चालनका धेरै कुराहरू महाप्रबन्धक र सञ्चालक समितिका अध्यक्षबीचको प्रत्यक्ष संवाद र परामर्शमा आधारित हुन्थ्यो। यसबाट बैंकको प्रभावकारिता कमजोर बनाएको थियो भन्ने व्यहोराको प्रा.डा. विश्वम्भर प्याकुर्यालले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.८ मुकुन्दप्रसाद अर्याल:**

सञ्चालक समितिबाट कर्जा स्वीकृत गर्नु पर्दा कर्जा कमिटीको सिफारिससहित कर्जा प्रवाह गर्न उपयुक्त छ भनी गरिएको सिफारिसलाई हेरी पार्टीको हैसियत, मुनाफाको सम्भावना आदि हेरी आवश्यक देखी व्यक्तिगत जमानतसमेत लिई कर्जा प्रवाह गरिने प्रचलन थियो। बैंकको महाप्रबन्धकको प्रत्यक्ष निगरानी र सुपरिवेक्षणमा अनुगमनको कार्य हुने गर्दछ। बागमती ऊनी धागो कताई उद्योगलाई चालु पुँजी कर्जा स्वीकृत गर्दा के कागजात पेस भएका थिए भन्ने सम्झना नभए तापनि व्यवस्थापनबाट प्राप्त विवरण र तथ्याङ्कहरू

अनुरूप नै गरिएको हो । सो विवरण फरक परेमा सम्बन्धित कर्मचारीहरूले नै जिम्मेवारी लिनु पर्दछ भन्ने व्यहोराको मुकुन्दप्रसाद अर्यालले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.९ पदमकुमार प्रधान:**

झापा जिल्ला, अनारमनी ३, विर्तामोड पूर्वमा सबैभन्दा व्यवसायिक केन्द्रको रूपमा बढी रहेकोले इन्जिनियरहरूको मूल्याङ्कनसमेतका आधारमा अनारमनि ३ को कि.नं. ४०६८ रू. ३५ लाख प्रति कट्ठाको दरले मूल्याङ्कन गरेको हो । सो जग्गाको मुख सानो भएपनि होटल, लज र मिनी मार्केट खोल्न सकिन्छ साथै बजार नजिकै छ भन्नेसमेत आधारमा मूल्याङ्कन भएको हो । सो जग्गामा बनेको घरको छ फिट नन्दलाल आचार्यको जग्गामा बनेको भनी उल्लेख भएको सम्बन्धमा निज आचार्य लक्ष्मीप्रसाद आचार्यको पिता भन्ने बुझिएबाट यसो हुन गएको हो भन्ने व्यहोराको पदमकुमार प्रधानले अनुसन्धानमा गरेको बयान।

**१.१० झरेन्द्र शमशेर ज.ब.रा.:**

काठमाडौं बैंकिङ अफिसमा बैंकिङ कानून र सिद्धान्त प्रतिकूलका कार्यहरू हुनुको मूल कारण हामी पूर्णकालीन सञ्चालक नभएकोले समय दिन नसक्दा र विश्वासमा काम गर्नुपर्ने भएकोले विश्वासघात भई यस्तो स्थिति उत्पन्न भयो। सञ्चालक समितिले अनुगमनको लागि खास संयन्त्र बनाई दिएको भए पनि यस्तो स्थिति आउने थिएन, कर्जाहरूको जानकारी दिन लगाउने बाहेक अन्य कुरामा सञ्चालक समितिले कुनै प्रक्रिया वा संयन्त्र बनाएको थिएन। बागमती ऊनी धागोको सम्बन्धमा समेत व्यवस्थापनबाट आएको औपचारिक विवरणबाहेक अरू सूचना वा जानकारी आएको सम्झना छैन भन्ने व्यहोराको झरेन्द्र शमशेर जबराले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.११ दिव्यकुमार अधिकारी:**

बागमती ऊनी धागो कताई उद्योगलाई परियोजना कर्जाअन्तर्गत स्थिर पुँजी कर्जा स्वीकृत गरिएको हो । सम्बन्धित अफिस तथा प्र.का. कर्जा लगानी विभागले परियोजना विश्लेषण गरी कर्जा कमिटीमा ब्रिफ गरेको आधारमा कर्जा स्वीकृत गरिएको हो । कर्जा कमिटीबाट सबै कागजात हेर्न सम्भव हुँदैन । कर्जावालाको क्षमता, कारोबार आदिको विश्लेषण गर्न आवश्यक पर्ने सूचनाहरू विभाग / अफिसले नै माग गरेर आवश्यक विश्लेषण गरी कमिटीमा राखिएको थियो। लक्ष्मीप्रसाद आचार्य समूहको कूल कर्जा उपभोग राखी ७ करोडभन्दा बढी भएको भन्ने सम्बन्धमा त्यसबेला सो विवरण नदिइएको हुनाले ५ करोडमा नबढ्ने गरी भनी स्वीकृत गरिएको हो। प्रधान कार्यालयबाट स्वीकृत भयो भन्दैमा जथाभावीरूपमा कर्जा प्रवाह गर्न मिल्दैन भन्ने व्यहोराको दिव्यकुमार अधिकारीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.१२ भवानीदेवी शर्मा:**

बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. लाई स्थिर पुँजी कर्जा प्रवाह गर्दा महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट सो समूहको कूल कर्जा उपभोग राखी ५ करोडमा नबढाउने गरी कर्जा लगानी गर्ने सैद्धान्तिक निर्णय भई उद्योगको लागि भौतिक पूर्वाधार तयार गर्ने कार्य भएको र कारखाना भवन निर्माण भइरहेको भन्ने निरीक्षण प्रतिवेदनका आधारमा र उक्त समूहले उपभोग गरेको कूल रू. ३,७८,९७,०००।– भएको भन्ने आधारमा पूरापूर सुरक्षण लिने गरी लगानी गर्ने निर्णय भएको हो। समूहको कूल कर्जा ७ करोडभन्दा बढी रहेको भन्ने सम्बन्धमा महाप्रबन्धक स्तरीय कर्जा कमिटीमा विभागबाट पेस भएको विवरणबमोजिम गरिएको हो । निर्णय ससर्तरूपमा हुँदा ससर्तरूपमा उपयोग गराउनु पर्ने दायित्व काठमाडौं अफिसको हो। समूह निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम हुनुपर्ने हो

सोअनुरूप नगरी हानि नोक्सानी हुन गए सम्बन्धित व्यक्ति जिम्मेवार हुनुपर्छ भन्ने व्यहोराको भवानीदेवी शर्माले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.१३ सुरेशकुमार न्यौपाने:**

बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. को स्थिर पुँजी स्वीकृत गर्दा लक्ष्मीप्रसाद आचार्य समूहको कूल कर्जा उपभोग रू. ३,८७,९७,०००।– उल्लेख भएको र महाप्रबन्धक स्तरीय कर्जा कमिटीको ५ करोडको सीमा भएको हुँदा बाँकी हुन आउने रकममा राय दिएको थिएँ। समूहको कर्जा उपभोग यकिन गर्दा काठमाडौं बैंकिङ अफिसबाट प्राप्त जानकारी नै मुख्य आधार थियो। बागमती एपरल्सलाई काठमाडौं बैंकिङ अफिसबाट प्रवाह भएको पूर्व निर्यात कर्जाको समर्थन गर्दा फोनमा कुरा भएअनुसार परिपत्रमा उल्लिखित सर्तहरू पालना नभए तापनि समर्थन गरिएको हो। स्वीकृत गर्ने म होइन, म.प्र.स्तरीय कर्जा कमिटी हो। बैंक सञ्चालक समितिमा प्रस्ताव पेस गर्दा फाटवालाले विभागीय प्रबन्धकसमक्ष पेस गर्छ, सही सूचना दिने काम तयार पार्नेको हो। पूर्व निर्यात कर्जा सामान निकासी गर्नु अगाडि प्रतित पत्रको आधारमा सम्बन्धित फर्मले सम्बन्धित काममा मात्र उपभोग गर्न पाउनु पर्ने हो। तर २०५५।१२।२४ मा बागमती एपरल्सलाई रोशन ह्याण्डिक्राफ्टको टि.आर कर्जा चुक्ता गर्न पूर्व निर्यात कर्जा दिँदा तत्कालीन विभागीय हाकिमबाट पार्टीको निवेदनमा भएको तोकअनुसारको निर्देशन पालना गरेको छु। आफूभन्दा माथिका हाकिमको आदेश पालना गर्नु मातहत कर्मचारीको कर्तव्य हो भन्ने व्यहोराको सुरेशकुमार न्यौपानेले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.१४ लक्ष्मीप्रसाद आचार्य:**

मैले नेपाल बैंकमा २०५०।५१ सालदेखि व्यापारिक कारोबार गर्दै आएको छु। खासगरी राधिका ह्याण्डिक्राफ्ट र बागमती ट्रेडर्स फर्मबाट कारोबार गर्दै आएता पनि विगत दुई वर्षदेखि सो बैंकले स्वीकृत लिमिट उपभोगबाट वञ्चित गराएकोले कारोबार बन्द छ। कारोबारका प्रकारमा आयात निर्यात एल.सी., हाइपो, ओभरड्राफ्ट हो। बैंकले कारोबार नरोक्दासम्म सबै साँवा ब्याज भुक्तानी हुँदै आएको थियो। कटन रीचका अध्यक्ष चन्दन नेपाल र इण्डियामा पालैपालो बस्दथे र रवीन्द्रन दुवईमा बस्दथे। हाल म संलग्न नभएकोले कहाँ बस्छन् थाहा छैन। कटन रीचले लिएका रू. ९२,१९,०००।– का टि.आर. कर्जाहरू उद्योग सञ्चालनको लागि लिएको हो तर किन चुक्ता भएन भन्ने कुरा उद्योगका मालिकहरूले जान्ने कुरा हो। कटन रीचले भारतबाट कच्चा पदार्थ ल्याई अमेरिकामा निर्यात गर्दथ्यो। कर्जाको लागि १० दिनभित्र अचल सम्पत्ति र मार्जिन रकमसमेत जम्मा गर्ने सम्बन्धमा आफूले कम्पनीको तर्फबाट हस्ताक्षरसम्म गरेको, सम्पत्ति र मार्जिन दिइयो दिइएन भन्ने कुरा सम्बन्धित प्रा.लि. र बैंकले जान्ने कुरा हो, मैले उक्त फर्मबाट १९९९।६।२८ मा नै राजीनामा दिइसकेकोले केही थाहा छैन। आफूले केवल वित्तीय निर्देशकको हैसियतले मात्र हस्ताक्षर गरेको हो। कटन रीचले लिएको पूर्व निर्यात कर्जा चुक्ता गर्न पटक पटक प्रतिबद्धता कम्पनीले व्यक्त गरेको र धनजमानी कम्पनीकै तर्फबाट दिएको, मैले उक्त कम्पनीबाट ९/१० लाख जति तलबको रकम नै लिन बाँकी छ जस्तो लाग्छ, नपाएपछि श्रम कार्यालयमा उजुरी गरेँ। हाल आफू त्यस प्रा.लि. सँग सम्बद्ध नभएकोले कति कर्जा बाँकी छ थाहा छैन।

मसँग सम्बन्धित फर्महरू राधिका ह्याण्डिक्राफ्ट, बागमती ट्रेडर्स, मेची ह्याण्डिक्राफ्ट र अपिनप्पा कार्पेट हुन्। मैले उपरोक्त फर्मका नामबाट लिएको कर्जाको अद्यावधिक हिसाब बैंकले नगरिदिएको कारण काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छु। सबै फर्मले ऊन र गलैंचासम्बन्धी आयात,

महान्यायाधिवक्ता

कताई, बुनाई र निकासीका कार्य गर्दछन् । रोशन ह्याण्डिक्राफ्ट २०५४।१।१६ मा अन्य व्यक्तिहरूलाई बिक्री गरिसकेपछि पुनः सोही फर्मको तर्फबाट विभिन्न मितिमा विभिन्न शिर्षकमा कर्जाहरू लिएको भूलवस र अन्य कारणले तमसुक र कागजात गराएको, अख्तियार प्राप्त गरेको अवस्थामा पनि अधो हस्ताक्षरीले तमसुकमा दस्तखत गरेको भए पनि फर्मवालाकै नामबाट तमसुक बनाउन निवेदन दिएको, फर्म एकजनाको नाममा छ, अख्तियारी लिई वा भूलवस तमसुक अर्काबाट भयो भने अख्तियारीको नियमबमोजिम भूलबाट भएको भए बैंकिङ नर्म्सअनुसार तमसुक फेर्नु उपयुक्त हुन्छ । व्यक्तिगत धनजमानीको सम्बन्धमा वाणिज्य बैंक ऐनबमोजिम हुनु पर्छ । म आफूले लिए खाएको होइन, अन्य थप जानकारी रोशन ह्याण्डिक्राफ्टका सञ्चालकहरूबाट लिनु राम्रो हुन्छ ।

राधिका ह्याण्डिक्राफ्ट फर्म मार्फत हाइपो, धितो, ओभर ड्राफ्ट तथा टि.आर. कर्जा लिएको हो । विगत २ वर्षदेखि बैंकले लिमिट उपभोग गर्न, एल.सी. खोल्न र अन्य कारोबार गर्न दिएन । देशको अर्थतन्त्रमा आएको मन्दीसँगै गलैंचा व्यापारमा आएको मन्दीले करोडौं घाटामा गयो । एकातिर भए भरको अचल सम्पत्ति बैंकमा फसेको छ । अर्कातिर कारोबार बन्द छ, बैंकलाई पटक पटक त्यसो नगर्न अनुरोध गर्दा पनि बैंकले नमानी दुःख दिन थालेपछि सम्बन्धित कर्जाहरूको हिसाब गराई पाउन निवेदन दिइयो तर सबै व्यर्थ भएपछि हिसाब गराई पाउँ भनी काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको हाल विचाराधीन छ । अदालतबाट हिसाब भएपछि कर्जाहरू चुक्ता गर्ने छु ।

बागमती ऊनी धागो उद्योग लि. प्रोजेक्ट फाइनान्सको अवधारणाअनुसार सेयरवालाले ३० देखि ४० प्रतिशतसम्म पुँजी लगानी गरी चलेको उद्योग हो । कर्जा र स्वपुँजी ६०:४० अनुपातमा लगानी गर्ने गरी कर्जा स्वीकृत भएपनि कम्पनीले रू. १५ लाख रकम मात्र माग गरी लगानी गरिएको सन्दर्भमा यो मेरो व्यक्तिगत कुरा होइन प्रा.लि. को कुरा हो । कर्जा दिने र लिनेको आपसी समझदारीको कुरा हो । के आधारमा दिइयो, बैंकले जान्ने कुरा हो । हाल उद्योग मेरो नाममा छैन, उद्योगको कर्जा चुक्ता नभएको भन्ने सम्बन्धमा बैंकले एल.सी. खोली ऊन आयात गर्न रोक लगायो, १ करोड थप चालु पुँजी माग गर्दा निवेदनको उत्तरसमेत दिएन, पुँजीको अभाव र मन्दीको कारण धरासायी भयो र उद्योग चलाउन सक्ने पार्टीले खरिद गर्न अनुरोध गरेको कारण आफ्नो सेयर बिक्री गरेको हो । हाल उद्योगको कुरा आफूलाई जानकारी छैन । व्यक्तिगत धन जमानी दिँदैमा उद्योगको सेयर नै बेच्न नपाइने होइन । २०५४।८।१९ मा बैंकमा पेस भएको प्रगति प्रतिवेदनमा जग्गा कम्पनीको नाममा किनिएको उल्लेख छ, बैंक र उद्योगको आपसी समझदारीबाट परियोजना नै बैंकलाई पास गरिदिएको छ । हाल उद्योग बिक्री भइसकेकोले मेरो दायित्वभित्र पर्ने होइन ।

बागमती ओरिएण्टल टिपिकका प्रोप्राइटर नाताले मेरो ज्वाइँ हुनुहुन्छ । कर्जा कारोबार गर्न उहाँलाई सुरक्षण चाहिएको बेला मैले सुरक्षण दिएँ । उहाँले कर्जा चुक्ता गरेपछि मेरो धितो फिर्ता हुन्छ । सो फर्मको तर्फबाट मेरै हस्तलिपिबाट पत्रहरू लेखिए पनि रकम मैले लिए खाएको छैन ।

मेची ह्याण्डिक्राफ्ट मेरो समूहभित्र पर्ने फर्म हो । यसले चालु पुँजी र अन्य कर्जा लिएको छ । कर्जा चुक्ता नगरेको भन्ने सम्बन्धमा हाल मुद्दा अदालतमा विचाराधीन भएर हो । बैंकबाट ६० लाख चालु पुँजी कर्जा लिँदा साझेदारहरूका तर्फबाट करिब १ करोड लगानी भएको थियो । हाल उद्योगले घाटा खाए पनि सानो स्केलमा सञ्चालनमा छ । बैंकको रकम गलैंचाको तान र कच्चा पदार्थ खरिदमा तथा मजदुरहरूको ज्याला भुक्तानीमा खर्च भएको थियो ।

बागमती एपरल्सका प्रो.कृष्णप्रसाद लुइटेलसँग बैंकमा कारोबारकै सिलसिलामा राम्रै

व्यवसायिक सम्बन्ध थियो। सो फर्मले लिएको टि.आर. कर्जा १० दिनमा चुक्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दा मैले निजले दिएको अख्तियारीअनुरूप नै गरेको हुनुपर्छ, तर हाल सो फर्मसँग मेरो सम्बन्ध छैन। २०५५।७।१ मा राधिका ह्याण्डिक्राफ्टको प्याड र छापमा १० दिनभित्र बागमती एपरल्सको कर्जा चुक्ता गरी दिन गरेको प्रतिबद्धता सो फर्मका प्रोप्राइटरले अनुरोध गरेअनुरूप दिएको हुन सक्छ, सो प्रतिबद्धताअनुसार बैंकले मलाई रकम तिराउने आधार भएको भए पत्र लेख्नुपर्ने हो, लेखेको छैन। राधिका ह्याण्डिक्राफ्टको तर्फबाट १५ दिनभित्र ५८ लाखको धितो सुरक्षण दिने भनिएकोमा बागमती एपरल्सले धेरै धितो दिइसकेको तर फुकुवा नभएकोले थप धितो नदिएको हुन सक्छ।

मसँग सम्बद्ध फर्महरूको कर्जाबापत काठमाडौं, पाटन, झापाका घर घडेरी जग्गाहरू धितोमा दिइएको छ। जग्गा किनेको केही दिनमै बैंकको नाममा पास गरिदिएको सन्दर्भमा व्यवसायमा खरिद बिक्री भइरहन्छ, खरिद बिक्री आवश्यकताअनुसार हुने गर्दछ। राधिका ह्याण्डिक्राफ्टको नाममा २०५५।८।६ मा किनेको जग्गा फर्मको सो रूम, कार्यालय भवन बनाउनलाई किनिएको तर पछि पुँजी अभाव भई २०५५।९।५ मा बैंकमा धितो राखी कर्जा लिइएको हो। धितो एयरमार्क सुविधा उपलब्ध गराउने फर्मको उद्देश्य नभए तापनि चिने जानेको फर्मलाई धितो दिनु अधिकारको कुरा हो चल अचल सम्पत्ति प्रचलित कानूनअनुसार खरिद बिक्री गर्न पाइने भएकोले यस्तो कारोबार भएको हो। गलैंचामा धेरै पुँजी आवश्यक पर्ने भएकोले अचल सम्पत्ति धितो राखी कर्जा लिएको हो । व्यवसायिक आवश्यकताको आधारमा कर्जा लिएका छौं, दुरूपयोग गरेको छैन।

मिति २०५५।६।२८ मा बागमती एपरल्सले टि.आर. कर्जा पाउन लेखेको निवेदनमा ७० लाखको एअरमार्क गराई सकेको र ब्याजबापतको १८,०००।– बागमती ऊनी धागो कताई उद्योगको खाताबाट कताई लिनु मैले लेखी दिएको हो । यो फर्म मेरा व्यापारिक साझेदार भरत कोइरालाको हो, राष्ट्र बैंककै परिभाषाबाट पनि यो फर्म राधिका समूहभित्र पर्दछ । यसको बाँकी कर्जा पनि राधिकाकै दायित्वभित्र छ।

बैंकले कारोबार रोकेको समयदेखि पनि उद्योगले कर्जा चुक्ता गर्दै आएको हो। अचल सम्पत्तिबाट लिमिट लिएपछि त्यस्तो लिमिट उपभोग गर्न पाउनु पर्छ। ग्राहकलाई कर्जा कारोबार गराउने बारेमा बैंकको प्रतिबद्धता फेल भएको छ । लिमिट नवीकरण पनि नगरिदिने, जग्गा बेचेर तिर्नुभन्दा पनि नहुने, हिसाब देउभन्दा पनि नदिने भएपछि अदालतमा पुग्नु परेको हो। राधिकाको लिमिट २.२५ करोड थियो, १ करोड तिरेँ। अचल सम्पत्ति रोक्का भएपछि पनि कारोबार गर्न नपाउँदा व्यवसाय बिग्रनु स्वभाविक हो, सुरक्षण दिएका छौं, बैंकको आफ्नै प्रक्रिया छ, कदाचित कर्जा तिर्न नसक्दा अचल सम्पत्तिको लिलामीबाट असुल गर्नुपर्छ।

टि.आर. कर्जा नं. ६१/१६११ को मार्जिन रकम १० दिनभित्र बुझाउने गरी टि.आर. गरी हालसम्म नबुझाउनु अनियमितता होइन, बैंक र पार्टी दुवैको व्यवहार हेरिदिनु पर्‍यो । टि.आर. कर्जा रू. १,०५,१५,०००।– नवीकरण गर्दा हाइपोमा बाँकी लिमिटबाट गराउन निवेदन दिएको तर पछि बैंकले कारोबार नै बन्द गरिदियो । राधिका ह्याण्डिक्राफ्टले विभिन्न फर्म/उद्योगहरूलाई कानूनबमोजिम धितो एयरमार्क दिन सकिने हुँदा दिएको हो। साना व्यवसायी र आफ्ना मानिसलाई गरिएको सहयोग मात्र हो भन्ने व्यहोराको लक्ष्मीप्रसाद आचार्यले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**१.१५ एस.पी. श्रेष्ठ:**

म २०३८ देखि जग्गाको मूल्याङ्कन गर्दै आएको छु । स्थलगत निरीक्षण गरी स्थानीय व्यक्तिहरूसँग जग्गाको प्रचलित दरभाउ जानकारी

गर्ने र मालपोतको न्यूनतम दररेटलाई पनि आधार मान्दछु । चलन चल्तीको मोलको ७५% र सरकारी मोलको २५% का आधारमा मूल्याङ्कन गर्दछु । नेपाल बैंकको धितो खराब हुनुमा धितो मूल्याङ्कन नम्स नभएर भएको हो, बैंकले नै ठोस कदम नचालेमा मूल्याङ्कनकर्ताबाट मात्र धितोको वास्तविक मूल्याङ्कन हुन कठिन देखिन्छ भनी एस.पी. श्रेष्ठले अनुसन्धानमा गरेको बयान ।

**१.१६ प्रदिपकुमार चापागाई:**

धितोमा दिइने जग्गाको मूल्याङ्कन गर्दा श्रेस्ताअनुसार जग्गा छ छैन, बाटो छ छैन, सँधियारहरू को को छन्, इन्जिनियर नक्सासँग वास्तविक जग्गा घर मेल खान्छ खाँदैन कुनै मुद्दा झै-झगडा छ छैन, वरिपरिका बासिन्दाहरूसँग सोधपुछ गर्ने, हालको मूल्य बुझ्ने, छरछिमेकका जग्गा केमा प्रयोग भएका छन् र पूर्वाधारहरू के कस्ता छन् भन्ने र इन्जिनियरको मूल्याङ्कनलाई समेत विचार गरी जग्गाको मूल्याङ्कन गरिन्छ । गरामनी ५ को कि.नं. ६६७ को जग्गा ०-१८-११ को मोल कायम गर्दा पीचतर्फको बढी मोल पर्ने र भित्रको कम पर्ने भएकोले सोही आधारमा मूल्य कायम गरेको हो । सोमध्ये ०-३-१७ जग्गा बाटोको लागि प्रयोग भएको भन्ने सम्बन्धमा सो जग्गाभित्र पछि प्लटिङ्ग गर्दा बाटो कायम भएको हो, बाटोबापत त्यति घटे नै पनि बैंक कर्जालाई नोक्सान पार्ने देखिँदैन भन्ने व्यहोराको प्रदिपकुमार चापागाईले अनुसन्धानमा गरेको बयान ।

**१.१७ सबल लाल सिंह:**

राधिका ह्याण्डिक्राफ्टको सोरूम तथा गोदाममा ठूलो परिमाणमा ऊनी गलैंचा देखिएकोले र पार्टीले पेस गरेको विवरणअनुसार सामानहरू ठिकै पाएको थिएँ । रू. ४,५६,२६,०००।– बराबरकै स्टक थियो थिएन भन्ने सम्बन्धमा कार्पेटको नाप जाँचको प्राविधिक ज्ञान नहुने र ठूलो परिमाण भएकोले अनुमानसम्म गरिएको हो । सो गलैंचाको मूल्य प्रति वर्ग मिटर रू. २,०००।– पर्छ भनी त्यहाँ उपस्थित २।३ जना कार्पेट व्यापारीहरूसँग जानकारी लिई यकिन गरेको हो । साथै सो सामान निकासीयोग्य सामान हो र प्रति वर्ग मिटर रू. २,१००।– देखि २२००।– सम्म पर्छ भनी उल्लेख गरेकोले रू. २,०००।– पर्ने भनी लेखी दिएको हुँ भन्ने व्यहोराको सबल लाल सिंहले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

**१.१८ विष्णुराम श्रेष्ठ:**

राधिका ह्याण्डिक्राफ्टको ऊनी गलैंचाको स्टक हेर्न जाँदा पार्टीले बैंकमा दिएको स्टकको एकप्रति विवरण हामीसँग पनि थियो । रू. ४,५६,२६,०००।– को गलैंचा कति वर्ग फिट थियो भन्ने यकिन गर्न हामीले सकेनौं, ठिकै होला भन्ने अनुमानसम्म गरिएको हो । ललितपुर न.पा. वडा नं. ५(र) र (म) को जग्गाहरू मूल्याङ्कन गर्दा इन्जिनियरको मूल्याङ्कन र स्थानीय बासिन्दाहरूको मूल्याङ्कनलाई आधार मानी गरेको हो र जानेबुझेसम्म बैंक हितमा नै मूल्याङ्कन गरिएको छ भन्ने व्यहोराको विष्णुराम श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

**१.१९ नरेन्द्रमेहेर श्रेष्ठ:**

आर.पी. कार्पेटको स्टक हेर्न जाँदा करिब सय सवा सय जति कर्मचारी थिए । तर स्टक प्रतिवेदन मैले लेखेको होइन । विभागीय प्रबन्धक पुरूषोत्तम प्रसाद श्रेष्ठको टेबुलमा लेखी राखेको प्रतिवेदनमा सही गरेको हो । मभन्दा माथिको हाकिमलाई सही गराई सकेपछि मलाई पनि सही गराएको हो । लक्ष्मीप्रसाद आचार्यको नाममा दर्ता कायम ललितपुर सैंबु वडा नं. ४(ग) को ३-१०-३-० जग्गा प्रति आना ३,१०,०००।– मा मूल्याङ्कन गर्दा बैंकका सूचीकृत इन्जिनियरको प्रतिवेदनलाई आधार मानेर सम्बन्धित व्यक्तिहरूलाई

नजिरको अनुवाद

सोधपुछ गरी कायम गरेको हो । त्यसबेला प्रायः सबै मूल्याङ्कन प्रतिवेदन रोशनमान जोशीले तयार गर्ने गर्दथ्यो र सो जग्गाको प्रतिवेदन पनि निजले लेखेको र आफूले सही मात्र गरेको हो भन्ने व्यहोराको नरेन्द्रमेहेर श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

**१.२० प्रयागराज रन्जित:**

बागमती ऊनी धागो उद्योगको निरीक्षण गरी प्रतिवेदन दिँदा उक्त उद्योगको भौतिक स्थिति, निर्माण कार्य, पूर्वाधार विकास (बाटो विद्युत्) आदिसमेत विचार गरी प्रतिवेदन पेस गरेको हो । सो निर्माणस्थल बागमती ऊनी धागो कताई उद्योगकै हो भन्ने कुरा धनी पुर्जा र नक्सा आदिबाट थाहा पाएको हो । आफूले देखे जानेका कुराहरू बाहेक अन्य कुराहरू उद्योगी र कार्यरत कामदारहरूसँग सोधखोज गरी उल्लेख गरेको हो । उद्योगको चुक्ता पुँजी रू. ७५ लाख भनी कसरी लेखेँ, पुरानो कुरा भएको कारण हाल थाहा छैन भन्ने व्यहोराको प्रयागराज रन्जितले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

**१.२१ रोशनमान जोशी:**

झापा गरामनी ७क को कि.नं. ७ र ८ को जग्गा मूल्याङ्कन गर्दा स्थानीय बासिन्दासँग बुझी पीच सडकबाट धेरै नजिकै रहेको र बाटो तीनतिर गएको भन्ने आधारमा प्रति कट्ठा २ लाख मूल्याङ्कन गरेको छु । इन्जिनियरिङ प्रतिवेदनका आधारमा आफूले प्रतिवेदन गरेको हो अरू कुरा थाहा भएन । कपन गा.वि.स. १(घ) को कि.नं. ३३० को जग्गा प्रति वर्ग फिट रू. ५००।– र प्रति आना रू. २,०५,०००।– कायम गर्दा स्थानीय बासिन्दालाई सोधखोज गरी गरेको हो । मिति २०५३।९।१६ को पत्रबाट एक पटक मूल्याङ्कन गरेकोमा मुख्य प्रबन्धक (शेरबहादुर थापा) को मौखिक आदेशानुसार पुनः मूल्याङ्कन गरेको हो । अर्को पत्र चाहिन्छ भन्दा पत्र पुरानै भए हुन्छ नयाँ चाहिँदैन, त्यसैका आधारमा मूल्याङ्कन गरेर आउ भन्नु भएअनुसार गरेको थिएँ । पुरानो प्रतिवेदनमा प्रति आना १,५०,०००।- मूल्याङ्कन भएकोमा दोस्रो मूल्याङ्कनमा रू. २,०५,०००।– मूल्याङ्कन गरेको स्थानीय बासिन्दाको भनाई अनुसार नै हो । मूल्य कसरी बढ्न गयो थाहा भएन । पछिल्लो मूल्याङ्कन पहिलेको भन्दा रू. १४,३०,०००।– बढी भए तापनि इन्जिनियरको मूल्याङ्कनभित्रै रहेको छ भन्ने व्यहोराको रोशनमान जोशीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

**१.२२ लोकबहादुर श्रेष्ठ:**

काठमाडौं महानगरपालिका १६ बालाजुको जग्गा मूल्याङ्कन गर्दा प्रति आना रू. २,५०,०००।– पर्ने भनी स्थानीय बासिन्दाको भनाईका आधारमा गरेको हुँ । त्यहाँ आधुनिक घरहरू पनि बनेका थिए र बत्ती पानी आदिको सुविधा पनि थियो । बैंक हित हेरेर नै इन्जिनियरको मूल्याङ्कनलाई घटाएको हो भन्ने व्यहोराको लोकबहादुर श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

**१.२३ चुम्बक बहादुर बुढाथोकी:**

झापा गरामनीको जग्गा १ वर्षपछि फिर्ता गर्छु भनी सहयोग गरी दिन अनुरोध गरेकोले जग्गाको मोलबापत कुनै रकम नलिई निजलाई पास गरी दिएको हो । मैले धितो दिँदा लक्ष्मी आचार्यको बैंकसँगको अन्य कारोबारको बारेमा थाहा थिएन । मैले त बिर्तामोड शाखाबाट दिइएको ऋणको लागि मात्र धितो सुविधा दिएको थिएँ, राधिका ह्याण्डिक्राफ्टको नाउँ परेको जानकारी अहिले बयान दिन आउँदा मात्र प्राप्त भएको छ भन्ने व्यहोराको चुम्बकबहादुर बुढाथोकीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

**१.२४ हरीवंश झा:**

हाम्रो फर्मले सम्बन्धित फर्म उद्योगहरूको जग्गाहरूको मूल्याङ्कन नेपाल बैंक लि. मा सिभिल इन्जिनियर अरविन्द्रनाथ ठाकुरको नाम दिएको व्यक्तिबाट मूल्याङ्कन कार्य गराएका थियौं । मूल्याङ्कनको काम गर्दा बैंक कर्जालाई जोखिममा पार्ने हाम्रो कुनै नियत थिएन। हामीले प्रचलित नियमको आधारमा नै मूल्याङ्कनसम्बन्धी काम गराएका थियौं । सोकाम गर्दा म फर्मको निर्देशकको रूपमा काम हेर्थें । सम्बन्धित काम सिभिल इन्जिनियरको काम भएकोले सोको जिम्मा ठाकुरलाई दिएको थिएँ। जग्गाको अत्यधिक मूल्याङ्कन भएको हामीलाई लाग्दैन। सो बेलामा देशको उद्योग व्यापारको स्थिति राम्रो भएकोले जग्गाहरूको उच्च मोल थियो । मेरो योग्यता अर्थशास्त्र विषयमा छ । हाम्रो कुनै बद्नियत छैन। इन्जिनियर ठाकुरको नाम बैंकको सूचीमा थियो र सम्बन्धित इन्जिनियरको नाम बैंकमा दिएपछि मात्र बैंकले हाम्रो फर्मको नाम भ्यालुएटरको सूचीमा राखेको थियो । जग्गाको मूल्याङ्कन गर्दा मार्केट रेट निर्धारण गर्ने स्थलमा विभिन्न व्यक्तिहरू, वडा कार्यालय आदिसँग बुझ्छौं र क्रसचेकबाट पनि सही मूल्य निर्धारण गर्ने प्रयत्न गरिन्छ। यसको साथै मोटर बाटो, ढल, ट्रान्समिसन लाइन भए नभएको कुरालाई पनि ध्यान दिन्छौं साथै भविष्यमा के कस्तो व्यापारिक महत्त्व हुन्छ त्यसबारेमा पनि पर्याप्त विचार गरिन्छ । बैंकले लगानी गरेको रकम उठ्न नसकेमा हामी वा हाम्रो फर्म जिम्मेवार छैन भन्ने व्यहोराको प्रतिवादी हरीवंश झाले अनुसन्धानमा गरेको बयान।

**१.२५ पुर्णराम शर्मा दवाडी:**

इन्जिनियरको मूल्याङ्कन प्रतिवेदन र मूल्याङ्कनमा खटाएको चिठीको आधारमा मसमेत स्थलगत निरीक्षण गर्न पुगेको हुँ। कर्जा विभागको ख्याती प्राप्त कर्मचारीले गर्ने काम अन्यत्र विभागलाई खटाई गराउँदा अन्जानमा भूल हुन सक्तैन भन्न सकिन्न । मसमेतले मूल्याङ्कन गरी पेस गरेको रिपोटमा जग्गाको अवस्था, साइटप्लान, फोटो नापनक्सा आदि र स्पटमा जाँदा भए देखिएका कुराहरू प्रतिवेदनमा उल्लेख छ सबै विवरण लेखी दिनु मेरो कर्तव्य हो सोबाट कर्जा दिने नदिने सम्पूर्ण अधिकार कर्जा कमिटीलाई हुन्छ। जग्गा मात्र भनेर हुँदैन कतिपय खोलानालाका जग्गाहरू व्यापारिक र बसोबासमा पनि मूल्यवान् नै देखिन्छन्। सोही कारण मसमेतले सो प्रतिवेदन दिएको हुँ। मैले जानी जानी कसुर गरेको छैन भन्ने व्यहोराको प्रतिवादी पुर्णराम शर्मा दवाडीले अनुसन्धानमा गरेको बयान।

**१.२६ शैलेन्द्रकुमार शाक्य:**

पार्टीबाट पेस भएको Scheme अनुसार उद्योगको क्षमता दुई सिफ्टमा २०० के.जी. (२ टन) को हिसाबले ३०० दिनको ६०० टन क्षमता रहेको। घरेलु उद्योगले दर्ता प्रमाणपत्रमा उक्त क्षमतालाई रू. मा उल्लेख गरेको र सो रकम उद्योग ६०० टनमा सञ्चालन हुँदा आर्जन हुने बिक्री मूल्यसँग मेल खान आउँछ । स्थिर पुँजी कर्जा स्वीकृत गर्दा उद्योगले आफ्नो क्षमताअनुसार काम गर्दा आय हुने रकमबाट कर्जा चुक्ता हुनसक्ने आँकलन गरिएको हुन्छ। प्रस्तुत उद्योगको क्षमता ६०० टन हुने आधारमा नाफा नोक्सान प्रक्षेपण गरिएको हुँदा ६०० टनको क्षमताको उद्योग हुन जरूरी छ। जडान भएको मेसिनको क्षमता के कति छ भन्ने आफूलाई थाहा छैन तर ६०० टन क्षमता हुनुपर्ने लागेको हो। कारखानामा गएर सिभिल निर्माणको स्थिति र कारखाना सञ्चालनमा आउन सक्ने आवश्यक न्यूनतम पूर्वधारहरू तयार भइसकेका छन् छैनन् भन्ने बारेमा कुरा थाहा पाएँ। उक्त कुराहरू आफैँले केही जानेर र केही उद्योगीसँगको कुराकानीबाट थाहा पाई लेखेको हुँ भन्ने व्यहोराको प्रतिवादी शैलेन्द्रकुमार शाक्यले अनुसन्धानमा दिएको बयान।

**१.२७ पुरूषोत्तम मल्ल:**

परियोजना कम्पाउण्डवालले घेरिएको र यसभित्र कारखाना भवन, गोदाम, क्वाटरसमेत रहेको देखिएको, कारखानाभित्र कार्डिङ्ग मेसिन र स्पीनिङ्ग मेसिनसमेत जडान गरेको थियो। भारतबाट आएका प्राविधिकहरूले ट्रायल प्रोडक्सनसमेत गरेको देखिएको थियो। उद्योगको क्षमताका सम्बन्धमा केही समय उद्योग चलेको हेरेको र सञ्चालकहरूले भनेको कुराअनुसार प्रतिवेदनमा लेखिदिएको हो। हामीले सञ्चालन प्रक्रिया मात्र हेरेकोले निरीक्षण समयमा प्रतिदिन कति उत्पादन हुन्थ्यो भन्ने किटानी गर्न नसकेको भन्नेसमेत व्यहोराको प्रतिवादी पुरूषोत्तम मल्लले अनुसन्धानमा गरेको बयान।

**१.२८ भवनाथ उपाध्याय:**

राधिका ह्याण्डिक्राफ्टको लागि प्रतितपत्र नं. ६१।१६११ बाट प्रतितपत्र खोली सोका आधारमा अख्तियारी उल्लङ्घन गरी प्रवाह भएको टि.आर. कर्जा रू. १,०५,५१,९९५।४८ को समर्थन गर्नुको कारण पहिले प्रतितपत्र खोली डकुमेन्ट आइसकेकोले स्वीकृतिसम्म दिएको हो, का.मु. म.प्र. को मौखिक स्वीकृतिले टि.आर. कर्जा प्रवाह गरेको देखिएकोले लिमिट कायम नहुने गरी एक पटकको लागि सो स्वीकृति दिएको हो। सबै कारोबारको स्थिति नहेरी सो समर्थन रोक्का गर्न मिल्ने अवस्था थिएन भन्नेसमेत व्यहोराको प्रतिवादी भवनाथ उपाध्यायले अनुसन्धानमा गरेको बयान।

**१.२९ माला खड्का:**

लक्ष्मीप्रसाद आचार्यसँग व्यक्तिगत चिनजान भएको हुँदा घरायसी कामको लागि रकम माग गर्दा तपाईको जग्गा ६ महिनाको लागि बैंकमा राखी दिन्छु, ६ महिनापछि फुकुवा गरी दिन्छु भनेको हुँदा मैले मन्जुरनामा लेखिदिएको हो। पछि मलाई झुक्याएर दृष्टिबन्धक पास गरेको रहेछ भन्ने कुरा बैंकमा गएपछि थाहा भयो। निजले मलाई ३ लाख ५० हजार दिएकोमा पछि फुकुवा गरिदिनु पर्‍यो भन्दा हुन्छ हुन्छ भनी आलटाल गरी हालसम्म अलमल्याएर राखे। मैले दृष्टिबन्धकका लागि मन्जुरनामा गरिदिएको होइन, झुक्याएर सहिछाप गराएछन् भन्ने व्यहोराको माला खड्काले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

**२. <u>उजुरीपत्रमा वर्णित पार्टीलाई दिए दिलाएको कर्जाको स्वरूप:</u>**

**२.१ राधिका ह्याण्डिक्राफ्ट:** घरेलु तथा साना उद्योग विभागको प्रा.फ.नं.घ.उ.वि. १९१२१।२५२२।२०५० मिति २०५०।३।१३ मा दर्ता भएको राधिका ह्याण्डिक्राफ्टको स्थिर पुँजी रू. ७५ लाख र चालु पुँजी रू. १ करोड ७५ लाख गरी कूल पुँजी रू. २ करोड ५० लाख रहेको तथा प्रोप्राइटर लक्ष्मीप्रसाद आचार्य रहेको देखिन्छ। यस उद्योगलाई बैंकको प्रधान कार्यालयबाट कर्जा स्वीकृत गरी बैंकको काठमाडौं शाखाबाट बद्नियतका श्रृंखलाहरूलाई निरन्तरता दिँदै कर्जा प्रवाह भएको देखिन्छ।

कर्जा उपभोग गरेपछि १ पैसा पनि साँवा तथा ब्याज बैंकलाई नबुझाएको हुँदा ऋणीले भ्रष्टाचार गर्न गराउन मात्र बैंक कर्जा उपभोग गरेको देखिन्छ। हाइपोथिकेशन कर्जा शिर्षकमा सुरू कर्जा लिएपछि केही कर्जा रकम घटेको देखिए तापनि उक्त घटेको रकम ऋणीले आफ्नो व्यापार व्यवसायको आम्दानीबाट चुक्ता गरेको नभई बैंकको प्रधान कार्यालयको मिति २०५५।९।२२ को पत्रबाट बागमती एपरल्सलाई स्वीकृत रू. ७४ लाख कर्जाबापत राधिका ह्याण्डिक्राफ्टको धितो कर्जाको साँवामा जम्मा गर्न निर्देशन दिएबाट यथार्थमा ऋणीलाई भ्रष्टाचार गराउन मात्र बैंक कर्जा उपयोग गरेको देखिन्छ। त्यस्तै गरी

२०५५।१२।१६ र १९ गते ६० लाख कर्जा चुक्ता गर्नुपर्नेमा रू. ९० लाख कर्जा धितो फुकुवा गर्ने उद्देश्य मात्र राखेको देखिन्छ।

पार्टीले मिति २०५५।९।८ मा राधिका ह्याण्डिक्राफ्ट समूहअन्तर्गत राधिका ह्याण्डिक्राफ्ट, बागमती ऊनी धागो कताई उद्योग र बागमती ट्रेडर्स सम्वद्ध छन् भनी दिएको निवेदनमा बैंकका अम्बरकुमार खड्काले "अभिलेख हेरी आवश्यक भए कागजसमेत मगाई मिलाउने" तोक आदेश दिएबाट कर्जा लगानी विभागले बद्नियतपूर्ण ढङ्गले यस समूहका सम्पूर्ण फर्म/उद्योग/कम्पनीहरूको कर्जाको स्थिति उल्लेख नगरी महाप्रबन्धकको अख्तियारी सीमा रू. ५ करोड नाघेको नदेखाउने दुराशय राखी यस समूहमा आबद्ध फर्म/उद्योग/कम्पनीहरू पटक पटक थपघट गरेको र वास्तविक विवरण लुकाएको देखिन्छ। तर राष्ट्र बैंकको निर्देशानुसार यस समूहमा मेची ह्याण्डिक्राफ्टसमेत पर्दछ भने बैंकले पटक पटक रोशन ह्याण्डिक्राफ्ट, अप्पिनप्पा कार्पेटको कर्जाको स्थितिसमेत समावेश गरी उक्त समूहको कूल कर्जाको विश्लेषण गरेको देखिन्छ।

**<u>हाइपोथिकेशन कर्जा नं. ६१/३९० :</u>**

बैंकको प्रधान कार्यालयको मिति २०५५।७।१६ को पत्रानुसार यस समूहलाई धितो कर्जा शिर्षकबाट रू. २,२५,००,०००।–लिमिट आ.व. २०५५।०५६ का लागि हाइपोथिकेशन कर्जामा परिणत गरेको देखिएको छ। त्यसैगरी उक्त कर्जा स्वीकृत गर्दा उक्त समूहको नाउँमा म्याद नाघेको कर्जा हिसाब कुनै बाँकी नरहने हुनुपर्ने सर्त राखी कर्जा स्वीकृत गरेको तर प्रधान कार्यालयको तत्कालीन महाप्रबन्धक स्तरीय कर्जा कमिटीले यसै समूहको बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. को टि.आर. कर्जा मिति २०५५।७।१५ मा स्वीकृत गर्दा नै यस समूहको कूल कर्जा नदेखाएको अवस्थामा पनि राधिका ह्याण्डिक्राफ्ट, बागमती ट्रेडर्स र बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. स्वीकृत लिएर रू. ४,४२,००,०००।– रहेको अवस्थामा पनि स्वीकृत लिमिटभन्दा रू. १,६१,६५,०००।– बढी कर्जा प्रवाह भएको र म्याद नाघेको कर्जा रू. ७५,४७,०००।– रहेको स्थितिमा पनि धितो कर्जालाई हाइपोथिकेशन कर्जामा परिणत गर्न स्वीकृत प्रदान गरेको।

राधिका ह्याण्डिक्राफ्टको अख्तियारी प्राप्त नगरेको व्यक्ति अच्युतप्रसाद रिजालले रू. ४,५६,२६,०००।– स्टक विवरण पेस गरेको र विष्णुराम श्रेष्ठ र सवललाल सिंहले निरीक्षण अवधिमा पार्टीले दिएको भाउ नै मनासिब भएको व्यहोरा उल्लेख गर्दै दिएको प्रतिवेदनलाई आधार मानी बैंकको कर्जा सापट निर्देशिका एवं कार्य प्रणाली, २०५५ को हाइपोथिकेशन निर्देशिका उल्लङ्घन गरी मिति २०५५।९।२४ मा हाइपोथिकेशन कर्जा रू. २,२५,००,०००।– प्रवाह गरेको र सोका आधारमा प्रवाहित साँवा रू. १,४३,१८,६२५।९७ र उक्त कर्जाको २०५८ चैत मसान्तसम्म रू. २,१३,४३,११६।५८ असुल उपर हुन नसकी बैंकलाई गैरकानूनी हानि र पार्टीले गैरकानूनी लाभ लिएको स्पष्ट छ।

पार्टीले मिति २०५५।९।२४ मा प्रधान कार्यालयबाट निकासा भएको हाइपो कर्जा रू. २,२५,००,०००।– उपलब्ध गराई सो रकमले यस उद्योगको नाममा रहेको धितो कर्जा चुक्ता गरी बाँकी रकम उपलब्ध गराउन दिएको निवेदनको कारवाही गर्ने सिलसिलामा हायर पर्चेज कर्जामा भाखा नाघेको किस्ता रू. २०,१५०।– रहेको अवस्थामा पनि शेरबहादुर थापाले आफ्नो वित्तीय स्वार्थ भएको व्यक्ति लक्ष्मीप्रसाद आचार्यको यस उद्योगलाई "कर्जा, प्रधान कार्यालयको निर्देशनअनुसार जम्मा गरी दिने" भनी तोक आदेश गरी कर्जा प्रवाह गरेको देखिन्छ।

**टि.आर. कर्जा नं. ६१/३३०:**

महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट रू. १,०८,००,०००।– को प्रतितपत्र खोल्न स्वीकृत प्रदान भएबाट पार्टीले मिति नखोली प्रतितपत्रबाट खोलिएको प्रतितपत्रको डकुमेण्ट छुटाउनका लागि आवश्यक पर्ने रकमका लागि टि.आर. कर्जा रू. १,११,००,०००।– कर्जा माग गरेको निवेदनमा उत्तमकुमार नेपालले "टोटल उपयोग रकमहरू सहित का.मु. महाप्रबन्धकज्यूको आदेशअनुसार टि.आर. गरी समर्थनमा पठाउने" भनी मिति २०५५।१०।२५ मा तोक आदेश दिएपछि मिति २०५५।९।१२ मा प्रतितपत्र नं. ६१।१६११ खोलिएको र उक्त प्रतितपत्रको डकुमेण्ट छुटाउन दिएबमोजिमको रू. १,०२,१५,९९५।४८ कर्जा प्रवाह भएको देखिन्छ। प्रोप्राइटर लक्ष्मीप्रसाद आचार्यले मिति २०५५।१०।२५ मा "मार्जिनबापतको रकम जम्मा गर्ने बारे" भनी बैंकको नियमानुसार ३० प्रतिशत मार्जिन लिई प्रतितपत्र डकुमेण्ट भन्सार प्रयोजनका लागि पार्टीलाई दिने व्यवस्था यो टि.आर. कर्जामा छुट पाउन र सो रकम १० दिनभित्र चुक्ता गर्नेछु भनी प्रतिबद्धता व्यक्त गरेकोलाई पनि कर्जा प्रवाह गर्ने आधार बनाएको देखिन्छ । तर लक्ष्मीप्रसाद आचार्यले बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. को मिति २०५५।५।२९ मा प्रतितपत्र नं. ६१।१३५५ बाट प्रतितपत्र खोल्ने सिलसिलामा "नगद तिरेर डकुमेण्ट छुटाउन प्रतिज्ञा गर्छु" भनी प्रतितपत्रको निवेदनमा उल्लेख गरेको तर योबमोजिम व्यवहार नदेखाएको कुरा स्पष्ट हुँदाहुँदै पनि लक्ष्मीप्रसाद आचार्यको प्रतिबद्धताको आधारमा तत्कालीन का.मु. महाप्रबन्धकले आफू मातहतका कर्मचारीलाई मौखिक आदेशको भरमा कर्जा प्रवाह गर्न लगाएको प्रधान कार्यालय प्र.का. (१) कल ६१।२९।६६ मिति २०५५।११।६ पत्रबाट उक्त कर्जा समर्थन गरेको देखिएको छ।

**ओभर ड्राफ्ट कर्जा नं. ५७७२।४८**

बैंकको प्रधान कार्यालयको प.सं. प्र.का. (१) कल ।५८।६१०७ मिति २०५२।११।१३ को पत्रानुसार रू. १५ लाख कर्जा स्वीकृत गरी ऐ. कार्यालयको प.सं. प्र.का. (१) कल । ६१।२४०८ मिति २०५५।९।१६ को पत्रबाट अन्तिम पटक कर्जा नवीकरण भई मिति २०५५।९।२६ मा कर्जा लगानी भएको देखिन्छ । यस समूहका फर्म/उद्योगका कर्जाहरूको भाखा नाघेको, ब्याज चुक्ता नगरेको, अवस्थामा पनि अम्बर कुमार खड्काले बैंक नीति निर्देशन विपरीत रू. १५,००,०००।– कर्जा नवीकरण गरेको देखिन्छ।

**२.२ बागमती ऊनी धागो कताई उद्योग प्रा.लि.**

यो कम्पनीमा लक्ष्मीप्रसाद आचार्यको ५० प्रतिशत सेयर रहेको हुँदा यो उद्योग नेपाल राष्ट्र बैंकको परिपत्र निर्देशनबमोजिम लक्ष्मीप्रसाद आचार्य समूहमा पर्दछ । लक्ष्मीप्रसाद आचार्य, भरतराज कोइराला र अच्युतप्रसाद रिजाल प्रथम सञ्चालक रहेका देखिन्छन् । कर्जाको लागि सुरक्षण बापत उद्योगको नाममा दर्ता भएको झापा गरामुनि ८ कि.नं. ५३६ र ५३७ क्षेत्रफल ०-७-१० र ०-८-० गरी जम्मा ०-१५-१० जग्गा र सोमा रहेको परियोजना धितो पास गरी लिएको देखिन्छ।

**स्थिर पुँजी कर्जा नं. ६०।११५ :**

मिति २०५४।९।१० को महाप्रबन्धक स्तरीय कर्जा कमिटीले "सैद्धान्तिकरूपमा यो प्रोजेक्ट बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. मा लगानी गर्ने तर group को Total Loan Exposure ५ करोडमा नबढ्ने र प्रोजेक्टको निरीक्षण रिपोर्टसहित विभागको राय सिफारिससहित पेस गर्ने" भनी निर्णय गर्दा यस समूहमा निम्न फर्म / उद्योगहरूको कर्जाको स्थिति उल्लेख गरी विश्लेषण गरेको देखिएको छ।

| शिर्षक | स्वीकृत लिमिट | बाँकी साँवा (आषाढसम्मको) | ब्याज |
|---|---|---|---|
| धितो कर्जा (राधिका ह्याण्डिक्राफ्ट) | २,५९,००,०००।- | २,६३,००,०००।- | ७६,१०९।- |
| ओभरड्राफ्ट (" ") | १५,००,०००।- | १४,९९,९२६।२४ | १,०९,४९८।- |
| ओभरड्राफ्ट डलर खाता एयरमार्क (" ") | - | ३८,९४,३५७।७५ | - |
| पूर्व निर्यात कर्जा | ४५,४०,०००।- | ४५,४०,०००।- | ५९,५१८।- |
| रोशन ह्याण्डिक्राफ्टको प्रतितपत्र | ९२,५०,०००।- | | |
| अप्पिनप्पाको टि.आर. कर्जा | ९५,००,०००।- | ९५,००,०००।- | १,८३,३०१।- |
| रोशन ह्याण्डिक्राफ्ट बागमती ह्याड (चालु पुँजी) | | ६३,२०,०००।- | - |
| | ४,१४,४०,०००।- | ५,२०,५४,२८३।९९ | १०,९८,४२६।- |

○ ननफण्डेड कर्जा ९२,५०,०००।– नजोडिएको ।

बैंक आफैँले तयार गरेको उपरोक्त तथ्याङ्कको आधारमा यस समूहको स्वीकृत फण्डेड कर्जा लिमिट रू. ४,१४,४०,०००।– रहेको र ननफण्डेड कर्जा लिमिट रू. ९२,५०,०००।– रहेको देखिन्छ ।

स्वीकृत फण्डेड कर्जा लिमिट रू. ४,१४,४०,०००।– रहेको अवस्थामा डलर एयरमार्क गरेको ओभरड्राफ्ट कर्जा रू. ३८,९४,३५७।७५ (जोखिम न्यून रहने) बाहेक पनि रू. ४,८१,५९,९२६।२४ (स्वीकृत लिमिट भन्दा रू. ६७,१९,९२६।२४ बढी) र डलर खाता एयरमार्क गरेको कर्जासहित जम्मा रू. ५,२०,५४,२८३।९९ (लिमिटभन्दा रू. १,०६,१४,२८३।९९ बढी कर्जा प्रवाह भएको) । कूल कर्जा ५ करोड नबढ्ने गरी लगानी गर्न सैद्धान्तिक सहमति गर्ने निर्णय आफैँमा अर्थहीन रहेको देखिन्छ । गौरीलाल श्रेष्ठले यस प्रकारको कार्य गर्ने अगुवाई गरेको देखिएको छ । बैंकको नियमानुसार भाखा नाघेको कर्जा बाँकी रहेको अवस्थामा थप कर्जा स्वीकृत गर्न नमिल्ने भएकोले गौरीलाल श्रेष्ठ र महाप्रबन्धक स्तरीय कर्जा कमिटीका सदस्यहरू भवानीदेवी शर्मा, अम्बरकुमार खड्का र दिव्यकुमार अधिकारीसमेतले यस समूहको बागमती ट्रेडर्सको बिर्तामोड शाखाको कर्जा नं. ५९/२१, ५९/३४ र ६०/०१ को जम्मा रू. ६,०२,३२१।८३ रकम Total Loan Exposure मा नदेखाई बद्नियतपूर्ण ढङ्गले यस उद्योगमा कर्जा प्रवाह गर्ने सैद्धान्तिक सहमति जनाएको देखिएको छ ।

आचार्य समूहसँग सम्बन्धित फर्म/उद्योग कम्पनीहरूको सम्पूर्ण कर्जाको स्थिति नराखेको देहाय विवरणलाई नै अन्तिम विवरण मानेर कर्जा प्रवाह गरेको देखिन्छ ।

| सि.नं. | नाम | कर्जा शिर्षक | लिमिट | बाँकी साँवा | २०५४ आश्विनको ब्याज | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राधिका ह्याण्डिक्राफ्ट (प्रो.लक्ष्मीप्रसाद आचार्य) | धितो कर्जा | २५,९०० | २६,१८२ | १,८३९ | भाखा नाघेको साँवा १८१८८।– ब्याज १४७८।– भाखा नाघेको |
| | | पूर्व निर्यात | - | ४,५४० | १६८ | लिमिट नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ओ.डि | १५०० | १,५०० | - | नवीकरणका लागि अनुरोध |
| | डलर खाता एयरमार्क गरी | “ | २२०० | २,१७५ | - | |
| २ | अपिनप्पा कार्पेट (प्रो.भरतराज कोइराला) | टि.आर. | - | ९,५०० | ५४४ | भाखा नाघेको रू. ९५०० लिमिट नभएको |
| ३ | रोशन ह्याण्डिक्राफ्ट प्र. अच्युत प्रसाद रिजाल, (प्रो.चिरन्जीवी आचार्य) | चा.पू. | ३,५०० | ३,५०० | - | व्यवहारिकरूपमा लक्ष्मीप्रसाद आचार्यको नियन्त्रणमा रहेको |
| ४ | बागमती ह्याण्डिक्राफ्ट (प्रो.भरतराज कोइराला) | चा.पू. | ३,००० | २,८२० | | |
| | जम्मा | | ३६,१८० | ५०,२१७ | २,५५१ | **भाखा नाघेको साँवा २७६८८, ब्याज २०२२** |

- रोशन ह्याण्डिक्राफ्टलाई कर्जा नं. ६०/९३ मिति २०५४।९।९ मा रू. ३० लाख कर्जा प्रवाह गरेको रकम समावेश नगरेको।

यस उद्योगलाई स्थिर पुँजी कर्जा प्रवाह गर्ने विषयमा तत्कालीन महाप्रबन्धक गौरीलाल श्रेष्ठले मिति २०५४।९।१० महाप्रबन्धक स्तरीय कर्जा कमिटीको निर्णयले “सैद्धान्तिकरूपमा यो प्रोजेक्टमा लगानी गर्ने तर Group को Total Loan Exposure ५ करोडमा नबढ्ने र प्रोजेक्टको निरीक्षण गराई निरीक्षण रिपोर्टसहित विभागको राय सहित पेस गर्ने” निर्णय भएको। उपरोक्त सैद्धान्तिक सहमतिलाई कार्यान्वयन गर्ने सिलसिलामा कर्जा लगानी विभागले लक्ष्मीप्रसाद आचार्य समूहमा माथिको तालिकामा उल्लिखित फर्म/उद्योगहरू आबद्ध रहेको सोको साँवा कर्जा तथा ब्याजको स्थिति देखाएको देखिन्छ। तर सो विवरणमा यस समूहसँग आबद्ध उद्योगहरूको सम्पूर्ण कर्जाहरूको स्थिति नराखी कर्जा स्वीकृत गर्न महाप्रबन्धकको प्रतिग्राहक/समूह सीमा रू. ५ करोडको अनुकूल हुने गरी देखाउँदासमेत रू. ५ करोडभन्दा बढी कर्जा प्रवाह भइसकेको देखिएको छ।

बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. का सञ्चालक लक्ष्मीप्रसाद आचार्य, भरतराज कोइराला र अच्युतप्रसाद रिजाल रहेको अवस्थामा तिनै सञ्चालक एकै समूहमा रहने देखिन्छन्। यस स्थितिमा यस समूहको स्वीकृत कर्जा लिमिट रू. ३,६१,००,०००।– रहेकोमा स्वीकृत कर्जा लिमिटभन्दा रू. १,४०,३७,०००।– रकम कर्जा प्रवाह भएको र प्रवाहित कर्जामध्ये साँवा रू. २,७६,८८,०००।– र ब्याज रू. २०,२२,०००।– भाखा नाघी सकेको देखिन्छ।

स्वीकृत लिमिटभन्दा बढी कर्जा प्रवाह गर्ने कर्मचारीलाई कारवाही गर्ने, भाखा नाघेको साँवा कर्जा तथा ब्याज असुल गर्न गराउन कारवाही प्रक्रिया अघि बढाउनु पर्ने कर्तव्य पालन गर्नुको सट्टा महाप्रबन्धक गौरीलाल श्रेष्ठले तथा निजको अध्यक्षतामा गठित कर्जा कमिटीका सदस्यहरूले बैंकसँग असल व्यवहार प्रदर्शित गर्न नसक्ने उक्त ग्राहकलाई मिति २०५४।१०।३ को निर्णयबाट “सुरक्षणले राम्ररी कभर गराउने गरी उक्त समूहको Total Loan Exposure रू. ५ करोडमा नबढ्ने गरी रू. १ करोड १० लाख स्थिर पुँजी कर्जा निकासा गर्ने निर्णय गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी भई आफ्नो अख्तियारीको दुरूपयोग गरेको देखिएको छ।

गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, दिव्यकुमार अधिकारी र अम्बरकुमार खड्कासमेतले आपसी

मिलेमतोमा यस समूहको कूल कर्जा ५ करोडभन्दा बढी नदेखाउने बद्नियत राखी रोशन ह्याण्डिक्राफ्टको चालु पुँजी कर्जा नं. ६०।९३ को रू. ३०,००,०००।- बागमती ट्रेडर्सको भाखा नाघेको कर्जा नं. ५९।२१, ५९।३४ र ६०।०१ गरी जम्मा रू. ६,०२,३२१।८३ को भाखा नाघी सकेको र ब्याज रू. १,०३,०६९।०९ समेत असुलउपर नभएको विवरण यस समूहको कूल कर्जासम्बन्धी वित्तीय विश्लेषणमा देखाएको पाइँदैन।

**टि.आर. कर्जा नं. ६१।२०१ :**

मिति २०५५।७।१५ मा टि.आर. कर्जा स्वीकृत गर्दा लक्ष्मीप्रसाद आचार्य समूहका (स्थिर पुँजी कर्जा स्वीकृत गर्दाका उल्लेख गरेका अपिनप्पा कार्पेट, रोशन ह्याण्डिक्राफ्ट र बागमती ह्याण्डिक्राफ्टको कर्जाको स्थिति नराखी ३ वटा फर्महरूको मात्र कर्जाको स्थिति यस समूहको Total Group Loan Exposure देखाई प्रति ग्राहक/समूह कर्जा सीमासम्बन्धी अख्तियारीको गलत व्याख्या गरेको। बागमती ट्रेडर्सको रू. ६ लाख कर्जा यथार्थमा भाखा नाघी सकेको तर बद्नियतपूर्ण ढङ्गले उल्लेख नगरेको र लिमिटभन्दा रू. १,६१,६५,०००।– बढी कर्जा प्रवाह भएको देखिएको । सो कर्जा स्वीकृत गर्ने सिलसिलामा यस समूहमा उल्लिखित फर्म/उद्योगहरू मात्र समावेश गरेको तर यही कमिटीले मिति २०५४।१०।३ को निर्णयबाट स्थिर पुँजी कर्जा स्वीकृत गर्दा रोशन ह्याण्डिक्राफ्ट, अपिनप्पा कार्पेट, बागमती ह्याण्डिक्राफ्ट उद्योगहरू समूहमा समावेश गरी समूह कायम गरेको हुँदा महाप्रबन्धकको प्रति ग्राहक / समूह फण्डेड कर्जा सीमा रू. ५ करोड देखाउने बद्नियतपूर्ण उद्देश्य राखी Total Group Loan Exposure मा ८ नं. तालिकाबमोजिमका उद्योगहरूको मात्र कर्जाको स्थिति देखाएको स्पष्ट हुन्छ । उल्लिखित समूहको फर्म / उद्योगहरूको बाँकी कर्जालाई मात्र आधार मान्दा पनि स्वीकृत लिमिटभन्दा रू. १,६१,६५,०००।– बढी र महाप्रबन्धकको प्रति ग्राहक/समूहको लागि फण्डेड कर्जातर्फको रू. ५ करोडको अख्तियारी सीमाभन्दा रू. १,०३,६५,०००।– बढी कर्जा प्रवाह भएको र भाखा नाघेको साँवा ७५,४७,०००।– रहेको अवस्थामा स्वीकृत लिमिटभन्दा बढी कर्जा प्रवाह भएको विषयमा छानबिन गरी दोषीलाई कारवाही गर्दै असुली प्रक्रिया प्रारम्भ गर्नुपर्नेमा पुनः आफ्नो अख्तियारी सीमा उल्लङ्घन गरी थप टि.आर. कर्जा स्वीकृत गरेको र यस कर्जाको २०५८ चैत्र मसान्तसम्म कर्जा असुलउपर नभई रू. ७५,९३,१२३।९५ रकम बैंकलाई गैरकानूनी ढङ्गले हानि नोक्सानी पुर्‍याएको देखिएको छ। पुरानो टि.आर. कर्जा नं. ६०।११२ को रू. ९९,९७,७३३।२५ प्रवाह भएको ३ महिनाको समय समाप्त हुन आटेको अवस्थामा कर्जा असुली गर्नुपर्नेमा बद्नियतपूर्ण ढङ्गले आफ्नो अख्तियारी उल्लङ्घन गरी थप रू. ५८ लाख स्वीकृत गरेको देखिएको छ।

**चालु पुँजी कर्जा नं. ६१।१८१**

महाप्रबन्धक गौरीलाल श्रेष्ठले यस समूहसँग सम्बन्धित राधिका ह्याण्डिक्राफ्ट, बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. र बागमती ट्रेडर्स गरी ३ व६ फर्म/उद्योगहरू मात्र देखाई सञ्चालक समितिमा थप कर्जा स्वीकृत गर्न प्रस्ताव लगेको देखिन्छ। उपरोक्त फर्म/उद्योगहरूको आ.व. २०५४।५५ का लागि स्वीकृत लिमिट रू. ४,४८,६५,०००।– रहेकोमा उपभोग गरेको कर्जा रकम रू. ५,७७,१४,०००।– र ब्याज रू. १२,८३,०००।– देखाई यस समूहको अन्य फर्म/उद्योगहरूको कर्जा कारोबारको विषयमा गौरीलाल श्रेष्ठले यस समूहको स्पष्ट विवरण लुकाई छिपाई दिने दिलाउने कार्य गरेको कुरा निजले सञ्चालक समितिमा पेस गरेको जेजति कागजातहरू छन् त्यसबाट स्पष्ट रहेको हुँदा सञ्चालक समितिले यस समूहलाई कर्जा स्वीकृत गरेको देखिन्छ।

उपरोक्त विवरणको आधारमा सञ्चालक समितिको नीति तथा व्यवस्था उपसमितिको मिति २०५५।९।१ को निर्णयबमोजिम यस समूहलाई फण्डेड कर्जा रू. ५ करोड ७७ लाख १४ हजार उपभोग गराई राखेकोमा पार्टीको यू.एस.डलर खाता एयरमार्क गरी ९० प्रतिशत ओभरड्राफ्ट कर्जा स्वीकृत र बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. लाई सुरक्षणका आधारमा थप रू. १ करोड चालु पुँजी कर्जा स्वीकृत गर्ने निर्णय गरेको। तर ती फर्म/उद्योगहरूको सम्बन्धमा अन्य कुनै जानकारी माग नगरेको।

गौरीलाल श्रेष्ठले मिति २०५४।१०।३ मा यस उद्योगलाई स्थिर पुँजी कर्जा स्वीकृत गर्दा लक्ष्मीप्रसाद आचार्य समूहको राधिका ह्याण्डिक्राफ्ट, अपिनप्पा कार्पेट, रोशन ह्याण्डिक्राफ्ट, बागमती ह्याण्डिक्राफ्ट राखी Total Group Loan Exposure को विश्लेषण गरेको हुँदा सोहीबमोजिम फर्म/उद्योगहरू समूहमा राखी Total Group Loan Exposure को यथार्थ विवरण सञ्चालक समितिमा राख्नु पर्ने, तर निजले मिति २०५५।९।१ मा सञ्चालक समितिको "कर्जा उपसमितिमा" पेस गरेको Total Group Loan Exposure मा केवल राधिका ह्याण्डिक्राफ्ट, बागमती ऊनी धागो कताई उद्योग, प्रा.लि. र बागमती ट्रेडर्सको मात्र देखाई बद्नियतपूर्ण ढङ्ग झुट्टो विवरण पेस गरेको देखिएको छ।

**<u>टि.आर. नं. ६१/११२ :</u>**

यस कर्जाको उत्पत्ति प्रतितपत्र ६१/१२१२ खोलिएपछि भएको देखिन्छ। प्रतितपत्र नं. ६१/१२१२ बाट मिति २०५५।४।१८ मा रू. १,०९,०६,३५०।– ($ १५९८००.००) को प्रतितपत्र खोल्दा आफू मातहतका कर्मचारीहरूले लिमिट नभएको, कोल्याटरल नभएको भनी उल्लेख गर्दा गर्दै शेरबहादुर थापाले एक करोडको मात्र खोल्ने भनी आफूले लगाएको तोक आदेशलाई काटी आफ्नो अख्तियारी (रू. १ करोड) सीमा समेत उल्लङ्घन गरी बद्नियतपूर्ण ढङ्गले ५ प्रतिशत मार्जिन लिई बैंक नियमानुसार ९५ प्रतिशत सुरक्षण लिनुपर्नेमा नलिई प्रतितपत्र खोल्न स्वीकृत प्रदान गरेको । उक्त प्रतितपत्रबाट आयात भएको सामान छुटाउनका लागि पार्टीले मिति २०५५।४।२८ मा दिएको निवेदनमा "श्रीमान् महाप्रबन्धकको मौखिक आदेश भई पछि कमिटीमा राख्ने गरी डकुमेण्ट छुटाउन आदेश भएको" उल्लेख गरी टि.आर. गराई पाउँ भनी दिएको निवेदनमा उत्तमकुमार नेपालले ऐ. मितिमा "महाप्रबन्धकज्यूबाट रू. ५ करोड ननाघ्ने गरी कर्जा उपयोग गराई समर्थन गराउने भनी आदेश दिएबमोजिम सोहीअनुसार गर्ने" भनी तोक आदेश दिएको र मिति २०५५।४।३१ मा रू. ९९,९७,७३३।२५ कर्जा प्रवाह भएको।

**<u>टि.आर. कर्जा नं. ६१/२०१</u>**

यस कर्जाको उत्पत्ति प्रतितपत्र नं. ६१/१३५५ खोलेपश्चात् भएको देखिन्छ। मिति २०५५।५।२९ मा उक्त प्रतितपत्र खोल्दा आफूमुनिका कर्मचारीहरूले लिमिट नभएको, कोल्याटरल नभएको, टि.आर. कर्जा नं. ६१/११२ मा रू. ९९,९७,७३३।२५ रकम बाँकी रहेको कुरा उल्लेख हुँदाहुँदै पनि शेरबहादुर थापाले रू. ५३,६८,४३०।– ($ १,७८,२००) बराबरको आयात प्रतितपत्र खोल्दा ५ प्रतिशत मार्जिनमा प्रतितपत्र खोल्न स्वीकृत दिएको देखिन्छ।

यस सिलसिलामा लक्ष्मीप्रसाद आचार्यले "नगद तिरेर डकुमेण्ट छुटाउने प्रतिज्ञा गर्छु" भनी प्रतितपत्रको निवेदनमा उल्लेख गरेपछि मिति २०५५।५।२९ मा प्रतितपत्र खुल्ने खुलाउने काम भएको देखिन्छ । पार्टीले मिति २०५५।७।२७ मा टि.आर. गरी डकुमेण्ट छुटाई पाउँ भनी दिएको निवेदनमा निजले प्रतितपत्र खोल्दा गरेको प्रतितपत्र

कार्यान्वयन गराउनुको सट्टा गौरीलाल श्रेष्ठको अध्यक्षताको (महाप्रबन्धक स्तरीय) कर्जा कमिटीले कर्जा स्वीकृत गरी प्रधान कार्यालयको प.सं. प्र.का. (१) कल/६१/१८१२ मिति २०५५।७।१६ बाट रोशन ह्याण्डिक्राफ्ट लक्ष्मीप्रसाद आचार्य समूहमा पर्ने हो होइन, हेर्नु भई समूहमा नपर्ने भएमा मात्र उक्त समूहलाई कूल फण्डेड कर्जा रू. ५ करोडमा नबढ्ने भएमा मात्र कर्जा उपभोग गराउने भनी रू. ५३,६८,४३०।– को प्रतितपत्रका लागि रू. ५८ लाख कर्जा स्वीकृत गरेबमोजिम मिति २०५५।७।१७ मा रू. ५०,६९,०७०।९५ कर्जा प्रवाह भएको।

**२.३ <u>मेची ह्याण्डिक्राफ्ट:</u>**

यस उद्योगलाई चालु पुँजी र ओ.डी. कर्जा रू. ५८,००,०००।– प्रवाह भएको र २०५८ चैत्र मसान्तसम्म साँवा ब्याज गरी जम्मा रू. ९७,८६,५१०।४४ बाँकी भई असुलउपर हुन नसकी बैंकलाई गैरकानूनी हानि नोक्सानी पुगेको देखिन्छ।

**<u>चालु पूँची कर्जा नं. ६१/०१ :</u>**

राधिका ह्याण्डिक्राफ्टको तर्फबाट कारोबार गर्न अख्तियारी नै प्राप्त नगरेको व्यक्ति भरतराज कोइरालाको (मिति र सुरक्षणको विवरण किटान नगरी) उक्त उद्योगको पारितमध्ये रू. ८४ लाख बराबरको धितो मेची ह्याण्डिक्राफ्टलाई एयरमार्क गरी दिन मन्जुरी भएको व्यहोरा उल्लेख गरी रू. २५ लाख कर्जा माग गरेको निवेदनमा शेरबहादुर थापाले मिति उल्लेख नगरी कर्जा कमिटीमा राख्ने तोक आदेश दिएको, पार्टीले पुनः २०५४।१२।२८ मा रू. ५० लाख चालु पुँजी कर्जा पाउँ भनी दिएको निवेदनमा शेरबहादुर थापाले ऐ. मितिमा तोक आदेश दिएबमोजिम मिति २०५४।१२।३१ को कर्जा कमिटीले राधिका ह्याण्डिक्राफ्टको धितो सुरक्षण एयरमार्क गरी रू. ५० लाख कर्जा दिने निर्णय गरी मिति २०५५।१।२ मा रू. ४८ लाख कर्जा प्रवाह गरेको देखिन्छ।

**<u>ओभरड्राफ्ट कर्जा नं. ५२९६८/४८</u>**

मिति २०५५।५।१५ मा यस उद्योगका साझेदारद्धय लक्ष्मीप्रसाद आचार्य र भरतराज कोइरालाले संयुक्तरूपमा दस्तखत गरी रू. १० लाख कर्जा पाउँ भनी सुरक्षणबापत राधिका ह्याण्डिक्राफ्टको फाजिल रहेको (सुरक्षण किटानी नभएको) २० लाख सुरक्षण एयरमार्क गर्न दिएको निवेदनमा शेरबहादुर थापाले आफ्नो वित्तीय स्वार्थ भएको व्यक्ति लक्ष्मीप्रसाद आचार्य संलग्न रहेको यस उद्योगलाई ऐ. मितिमा नै "ओ.डी. रू. १० लाखसम्म सुरक्षित हुने गरी दिने" भनी ठाडो तोक आदेश गरी कर्जा स्वीकृत गरेको देखिन्छ। कर्जा कमिटीबाट मिति २०५५।१।१६ मा कर्जा स्वीकृत गर्नुपूर्व बैंकको आन्तरिक फाँटबाट प्राप्त कर्जा विवरणमा यस उद्योगको चालु पुँजी कर्जा रू. ४८ लाखमध्ये भाखा नाघेको किस्ता रू. २,३८,१००।– र ब्याज रू. १,७९,१७८।– बाँकी रहेकोमा "पैसा बुझाउन भौचर लेखी सकेको" भनी नाटकीय ढङ्गले विवरण लेखाई कर्जा कमिटीबाट कर्जा स्वीकृत गरे गराएको देखिन्छ। यो कर्जा कमिटीमा शेरबहादुर थापा, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ र महन्त बहादुर महर्जन रहेका थिए।

**२.४ <u>अप्पिनप्पा कार्पेट:</u>**

यस उद्योगको प्रोप्राइटर भरतराज कोइराला रहेको देखिन्छ। उद्योगको स्थिर पुँजी रू. १०,४०,०००।– र चालु पुँजी रू. ३९,५०,०००।– गरी कूल पुँजी रू. ४९,९०,०००।– रहेको छ। यस उद्योगलाई निम्नानुसार कर्जा प्रवाह भएको र उक्त कर्जाको २०५८ चैत्र मसान्तसम्मको स्थिति देहायको तालिकामा प्रस्तुत छ।

| कर्जा नं. | कर्जा शिर्षक | लगानी मिति | भुक्तानी मिति | प्रवाहित रकम | २०५८ चैत्र मसान्तसम्मको | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | साँवा रू. | ब्याज रू. | जम्मा रू. |
| ५२५९५ | ओ.डी | २०५५-५-१६ | २०५५-११-१५ | १०,००,०००।- | १०,३८,३४६।५६ | ५,६३,८२८।४८ | १६,०२,०७५।०४ |

कर्जा उपभोग गरेपछि १ पैसा पनि साँवा तथा ब्याज बैंकलाई नबुझाएको देखिन्छ । पार्टीले मिति २०५५।५।१५ मा रू. १० लाख ओभरड्राफ्ट कर्जा पाउँ भनी सो कर्जाका लागि धितो सुरक्षण राधिका ह्याण्डिक्राफ्टको फाजिल धितोबाट एयरमार्क गरी दिन मन्जुरी दिएको व्यहोरा राखी (मन्जुरीपत्र नभएको) दिएको निवेदनमा ऐ. मितिमा शेरबहादुर थापाले ओ.डी. को रीत पुर्‍याई रू. १० लाख दिने भनी तोक आदेश दिएको तथा मिति २०५५।५।१६ मा कर्जा कमिटीका सदस्यहरू शेरबहादुर थापा, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ र महन्तबहादुर महर्जनले रू. १० लाख स्वीकृत गरेको देखिन्छ । कर्जा स्वीकृत गर्ने सिलसिलामा सुरक्षणबापत राधिका ह्याण्डिक्राफ्टको रू. २० लाख एयरमार्क कायम भएको पत्र प्राप्त भएको व्यहोरा उल्लेख गरी कर्जा स्वीकृत गरेपनि सो पत्र नलिएको हुँदा यस कर्जामा सुरक्षण नै लिएको देखिँदैन । त्यसैगरी यो ओ.डी. कर्जा स्वीकृत गर्दा टि. आर. कर्जा रू. ८,४८,६७०।– को भाखा नाघेको १ वर्ष भएको र ब्याजसमेत रू. ३,५०,८१८।– असुल नभएको हुँदा कर्जाको ब्याज भुक्तान गरेपश्चात् मात्र साँवा घटाउँदै जाने बैंकिङ प्रचलनको विपरीतको कार्य भएको देखिन्छ ।

**२.५ बागमती ओरियण्टल टिपिक:**

यस उद्योगलाई उद्योग दर्ता भएको ८ दिनपश्चात् नै चालु पुँजी र हाइपो कर्जा प्रवाह भएको र सो कर्जाका लागि प्रोप्राइटर मोती उप्रेतीको नाममा दर्ता भएको साबिक बालाजु गा.वि.स. वडा नं. २(क) हाल काठमाडौं महानगरपालिका १६ कि.नं. १५७० र १४८१ गरी जम्मा ०-१०-०-० जगा रू. २२,५०,०००।– बैंकको नाममा दृष्टिबन्धकी पास गरेको र निम्न धितो सुरक्षण एयरमार्क गरेको देखिन्छ ।

| सि.नं. | धितो सुरक्षण एयरमार्क निवेदन दिनेको नाम | फर्मको नाम | एयरमार्क मिति र रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अच्युतप्रसाद रिजाल (साझेदार) | रोशन ह्याण्डिक्राफ्ट | २०५४।९।२४ ६०,००,०००।- | यस समयमा उद्योगको नाममा रू. ३२ लाखको सुरक्षण मात्र दृष्टिबन्धकी पास भएको |
| २ | लक्ष्मीप्रसाद आचार्य | राधिका ह्याण्डिक्राफ्ट | मिति उल्लेख नभएको १,१०,००,०००।- | सुरक्षण किटान नभएको |
| | " | | मिति उल्लेख नभएको ४२,००,०००।- | " |
| | " | | २०५४।९।२४ ३७,५०,०००।- | " |

**चालु पुँजी कर्जा नं. ६०/१०७ :**

कर्जा कमिटीको मिति २०५४।९।२४ को बैठकबाट यस उद्योगको आवश्यक सुरक्षण तथा हैसियतवाला

पार्टीको व्यक्तिगत जमानीसमेत लिई रू. ३५ लाख कर्जा प्रवाह गर्ने निर्णय गरेको देखिन्छ । स्वीकृत कर्जा रकमको पहिलो किस्ता खातामा जम्मा गराई पाउँ भनी दिएको निवेदनमा रू. ३५ लाख कर्जा माग गरेको निवेदनमा पुरूषोत्तमप्रसाद श्रेष्ठले हाल रू. ३० लाख दिने तोक आदेश गरी सोही मितिमा कर्जा नं. ६०।१०७ बाट रू. ३० लाख कर्जा प्रवाह गरी कमिटमेण्ट चार्ज रू. १७,५००।– कर्जा रकमबाट कट्टा गरी रू. २९,८२,५००।– पार्टीको खातामा जम्मा गरेको सोही दिन मोती उप्रेतीले चेक नं. ११३७७ बाट रू. २९,८२,५००।– नै भुक्तानी लिएको देखिन्छ । पार्टीले मिति २०५५।९।२८ मा दोस्रो किस्ता रू. ५ लाख पाउँ भनी दिएको निवेदनमा पुरूषोत्तमप्रसाद श्रेष्ठले "निरीक्षण पछि पठाई रू. ४ लाख दिने" भनी बद्नियतपूर्ण ढङ्गले तोक आदेश दिएबमोजिम सोही दिन रू. ४ लाख उद्योगको चल्ती खातामा जम्मा भएको र सोही दिन चेक नं. ११३७९ बाट मोती उप्रेतीलाई भुक्तानी भएको देखिन्छ । त्यसैगरी पार्टीले मिति २०५४।१०।१ मा रू. १ लाख पाउँ भनी दिएको निवेदनमा पुरूषोत्तम प्रसाद श्रेष्ठले बद्नियतपूर्ण ढङ्गले "निरीक्षण ७ दिनभित्र गर्ने गरी लिमिटभित्र रही गर्ने" भनी तोक आदेश दिएको र मिति २०५४।१०।२ मा उद्योगको खातामा रू. १ लाख जम्मा भई चेक नं. ११३८० बाट मोती उप्रेतीलाई रू. १ लाख भुक्तानी भएको देखिन्छ ।

**<u>कर्जा नं. ६०/१९१:</u>**

मिति २०५४।१२।२८ को कर्जा कमिटीले राधिका ह्याण्डिक्राफ्टको धितो एयरमार्क गरी यसअघि स्वीकृत गरेको रू. ३५ लाखमा थप रू. १५ लाख गरी जम्मा रू. ५० लाख उपभोग गराउने निर्णय गरेबमोजिम पार्टीले मिति २०५४।१२।२८ मा खातामा रकम जम्मा गराई पाउँ भनी रू. १५ लाख चालु पुँजी कर्जा माग गरेको निवेदनमा पुरूषोत्तमप्रसाद श्रेष्ठले तोक आदेश दिएबमोजिम कमिटमेण्ट चार्ज रू. ७५,०००।– र कर्जा नं. ६०।१०७ को त्यस समयसम्म पाकेको ब्याज रू. ७,९८४।– गरी जम्मा रू. १५,४८४ कर्जाबाट नै कट्टा गरी रू. १४,८४,५१६।– उद्योगको खातामा जम्मा गरेको र सोही दिन तेस्रो पक्षको व्यक्ति अच्युतप्रसाद रिजाललाई चेक नं. ११३८२ बाट रू. १४,८४,०००।– भुक्तानी भएको देखिन्छ ।

बैंकका का.मु.स.प्र. कृष्णबहादुर कारजित र रोशनमान जोशीले मिति २०५४।९।२४ मा दिएको प्रतिवेदनमा "कपन गा.वि.स. वडा नं. १ स्थित लक्ष्मीप्रसाद आचार्यको घर कम्पाउण्डमा उद्योग सञ्चालन भइरहेको पाएको र उक्त कारखानामा भएको सामानहरू र कामदारहरूको लिष्ट पार्टीबाट लेखिदिएबमोजिम भएको" व्यहोरा उल्लेख गरेको देखिन्छ । यसरी उद्योग दर्ता भएको आठै दिनमा उद्योगले कुनैपनि सामान उत्पादन गर्ने नसक्ने अवस्थामा दिएको स्टक विवरण साँचो हो भन्न सकिने अवस्था विल्कुलै रहँदैन ।

**<u>हाइपोथिकेशन कर्जा नं. ६१/३५:</u>**

पार्टीले २०५५।१।१४ मा रू. ३० लाख हाइपोथिकेशन कर्जा पाउँ भनी दिएको निवेदनमा शेरबहादुर थापाले ऐ. मितिमा "कर्जा, कमिटीमा पेस गर्ने" भनी तोक आदेश दिएबमोजिम कर्जा कमिटीको मिति २०५५।१।१४ को बैठकको निर्णय नं. १ बाट राधिका ह्याण्डिक्राफ्टको तर्फबाट पारित सुरक्षण एयरमार्क गरी आ.व. २०५४।५५ का लागि रू. २८ लाख कर्जा स्वीकृत गरेको देखिन्छ । कर्जा लगानी गर्ने गराउने सिलसिलामा पार्टीले मिति २०५५।१।१४ मा रू. ४२,७५,७५०।– को स्टक विवरण पेस गरेको तर स्टक निरीक्षण गर्न नपठाई पार्टीले मिति २०५५।१।१४ मा नै स्वीकृत कर्जा रू. २८ लाख पाउँ भनी दिएको निवेदनमा नियमानुसार कर्जा दिन नमिल्ने अवस्थामा पनि पुरूषोत्तमप्रसाद श्रेष्ठको तोक आदेशबमोजिम ऐ.



नेपाल कानून पत्रिका

मितिमा उद्योगको खातामा कर्जा नं. ६१/१३ उल्लेख गरी रू. २८ लाख जम्मा भई सोही मितिमा नै चेक नं. ११३८३ बाट मोती उप्रेतीलाई रू. २८ लाख नै भुक्तानी भएको देखिन्छ।

पार्टीले मिति २०५५।१।३१ मा रू. ८८,३१,७००।– को स्टक विवरण पेस गरेको र सोको स्टक निरीक्षण गर्ने स.प्र. लोकबहादुर श्रेष्ठ र का.मु. सुप. नरेन्द्रमेहर श्रेष्ठले बैंकको कर्जा सापट निर्देशिकाको प्रक्रिया पूरा नगरी रू. ७० लाख मूल्यको स्टक रहेको प्रतिवेदन पेस गरेको देखिन्छ।

पार्टीले सुरू कर्जा उपभोग गरेको १७ दिन पश्चात अर्थात् मिति २०५५।१।३१ मा थप रू. ३० लाख कर्जा माग गरेको आधारमा बैंकको तर्फबाट कर्जा थप गर्नुपर्ने विषयमा आवश्यक लेखाजोखा तथा वित्तीय विश्लेषण नै नगरी मिति २०५५।२।५ को कर्जा कमिटीबाट आ.व. २०५४।५५ का लागि पुनः रू. २५ लाख गरी जम्मा रू. ५३ लाख कर्जा शेरबहादुर थापाको अगुवाईमा स्वीकृत गरे गराएको देखिएको छ। पार्टीले २०५५।२।६ मा उक्त स्वीकृत कर्जा रू. २५ लाख जम्मा गर्न भनी "नेपाल बैंक लिमिटेड, सिटी अफिस, काठमाडौं उल्लेख गरी दिएको निवेदनमा ऐ. मितिमा शेरबहादुर थापाले बिना आधार बिना कारण कर्जा थप गर्ने "कर्जा धितो पास भए जम्मा गरी दिने" भनी ठाडो तोक आदेश दिएबमोजिम त्यस अवधिको कर्जा नं. ६१।१३ को ब्याज रू. २६,६९६।– रकमसमेत थप कर्जा रकमबाट कट्टा गरी सुरू कर्जा शून्य पारी मिति २०५५।२।७ मा नयाँ कर्जा नं. ६१।३६ बाट रू. ५३ लाखको कर्जा तमसुक तयार गरी कर्जा प्रवाह गरेको । थप गरेको कर्जा रू. २५ लाख उद्योगको खातामा मिति २०५५।२।७ मा नै जम्मा भएको रकममध्ये सोही मितिमा चेक नं. ११३८६ बाट भरत कोइरालालाई रू. २४,७३,०००।– भुक्तानी भएको देखिन्छ।

**२.६ <u>बागमती एपरल्सः</u>**

बागमती एपरल्सका प्रो. कृष्णप्रसाद लुइटेल रहेका र सो उद्योगलाई स्थिर पुँजी, टि.आर. र पूर्व निर्यात कर्जा प्रवाह भएको देखिन्छ । कर्जाहरू प्रवाह भएपछि पार्टीले हालसम्म साँवा र ब्याज बैंकलाई चुक्ता नगरेको देखिएको छ । कर्जाका लागि सुरक्षणबापत राधिका ह्याण्डिक्राफ्टको तर्फबाट लक्ष्मीप्रसाद आचार्यले मिति उल्लेख नगरी १ करोड ७० लाखको धितो आवश्यक परेको मध्ये हाल १ करोड १२ लाख मात्र धितो भएकाले बाँकी रू. ५८ लाख धितो १५ दिनभित्र दिने गरी दिएको निवेदनमा "मागबमोजिम गर्ने" भनी पुरूषोत्तमप्रसाद श्रेष्ठले तोक आदेश गरी धितो स्वीकार गरेको देखिन्छ । त्यसैगरी रोशन ह्याण्डिक्राफ्टका तर्फबाट मिति २०५५।६।३० मा अच्युतप्रसाद रिजालले रू. ८५ लाखको फाजिल रहेको धितो एयरमार्क गर्न मन्जुरी दिएको निवेदनमा शेरबहादुर थापाले ऐ. मितिमा एयरमार्क स्वीकार गर्ने भनी तोक आदेश दिएको देखिन्छ, जबकि रोशन ह्याण्डिक्राफ्टको रू. ९२,१८,८०४।९६ कर्जाका लागि बैंकको नियमानुसार न्यूनतम रू. १,५७,१८,०००।– धितो आवश्यक पर्नेमा रू. ३२ लाखको मात्र सुरक्षण रहन गई धितो नपुग भइरहेको अवस्थामा रू. ८५ लाखको धितो सुरक्षण एयरमार्क गर्न दिने लिने कार्य भएको देखिन्छ।

**<u>स्थिर पुँजी कर्जा नं. ६१।१४५</u>:**

**१.** यो उद्योग काठमाडौं जिल्लाको सतुंगलमा स्थायी ठेगाना देखाई दर्ता भएको तर उद्योगका प्रोप्राइटर कृष्णप्रसाद लुइटेलले मिति २०५५।६।२१ मा सिमरास्थित निर्यातयोग्य तयारी पोशाक बनाउने कारखानाका लागि १ करोड स्थिर पुँजी कर्जा माग गरेको निवेदनमा अम्बरकुमार खड्काले कारवाही गर्न ऐ. मितिमा तोक लगाएको ऐ. मात्र नै पार्टीले पुनः सिमरा स्थित आफ्नो कारखानामा महिला, पुरूष

तथा बच्चाको लागि तयारी पोशाक बनाउन मेसिन आवश्यक परेको हुँदा स्थिर पुँजी कर्जा रू. ९० लाख कर्जा पाउँ भनी माग गरेको र सो निवेदनमा ऐ. मितिमा नै अम्बरकुमार खड्काले कारवाही गर्न तोक आदेश दिएको देखिन्छ । काठमाडौंको सतुंगलमा उद्योग स्थापना गर्नका लागि दर्ता भएको यो उद्योगका लागि स्थिर पुँजी कर्जा प्राप्त गर्न पार्टीले सिमरामा उद्योग खोल्छु भनी निवेदन दिएको र एकै मितिमा एउटै उद्योगका लागि फरक फरक रकम क्रमशः १ करोड र ९० लाख माग गर्दा कारवाही रोक्नुपर्नेमा कर्जा स्वीकृतको कारवाही गर्ने भनी तोक आदेश दिएको, साथै, सोही निवेदनमा उद्योगका लागि आवश्यक पर्ने सुरक्षण राधिका ह्याण्डिक्राफ्टको फाजिल रहेको धितोमध्येबाट रू. ९० लाख एयरमार्क गराई लिन ऋणिले निवेदनमा उल्लेख गरेबाट उद्योगको वा उद्योगका प्रोप्राइटरको नाउँमा कुनै स्थिर सम्पत्ति नरहेको अवस्थामा पनि कर्जा स्वीकृत गर्ने प्रक्रिया अघि बढाउन अम्बरकुमार खड्काले तोक आदेश गरेको पाइन्छ।

**२.** ऋणीले धितो सुरक्षणका विषयमा कर्जा प्रस्ताव पेस गर्दा नै राधिका ह्याण्डिक्राफ्ट फाजिल रहेको धितोमध्येबाट रू. ९० लाख एयरमार्क रहने कुरा कर्जा माग निवेदनमा स्पष्ट रूपले उल्लेख गर्दा गर्दै पनि स्थिर कर्जामा निहित जोखिम कम गर्न ध्यान नदिएको तथा पार्टीले कर्जा माग गर्ने सिलसिलामा परियोजना प्रस्ताव पेस नगरी केवल १ पृष्ठको निवेदनको आधारमा कर्जा माग गर्दा अम्बरकुमार खड्काले रू. ८५ लाख कर्जा स्वीकृत गरेको देखिन्छ । विस्तृत परियोजना प्रस्ताव आवश्यक पर्नेमा सो नभएकोले कर्जा स्वीकृत गर्न मिल्दैन भन्ने मातहत कर्मचारीको रायका बाबजुद पनि सो कर्जा स्वीकृत गरेको देखिन्छ।

**३.** कर्जा स्वीकृत गरेपश्चात् प.सं.प्र.का. १।कल. ६१।१७१२ मिति २०५५।६।२९ को पत्रबाट काठमाडौं अफिसका प्रमुख तत्कालीन नायब महाप्रबन्धकलाई सम्बोधन गरी "स्वीकृत कर्जा उपभोग गरेबापत पार्टीबाट अचल सम्पत्तिको स्थलगत निरीक्षण गरी उक्त सुरक्षण बैंकलाई योग्य हुने भएमा मात्र बैंक नियमानुसार आवश्यक सुरक्षण कभर गराउने" भनी उल्लेख गरे तापनि आफूले कर्जा स्वीकृत गर्दा धितो सुरक्षण एयरमारक गर्ने प्रस्तावलाई आधार मानी स्वीकृत गरेको हुँदा आफ्नो बद्नियतलाई ढाकछोप गर्न त्यस किसिमको सर्त राखी कर्जा स्वीकृत गरेको पत्र जारी गर्ने तर कर्जा स्वीकृत गर्ने तहमा नै अम्बरकुमार खड्काले कर्जा सापट निर्देशिका एवम् कार्य प्रणाली, २०५५ बमोजिम सुरक्षणको गुणस्तरका विषयमा विस्तृत विश्लेषण गरी कर्जा जोखिम न्यून गर्नुपर्नेमा बद्नियतपूर्ण ढङ्गले सुरक्षणको विवरण नै थाहा नभएको राधिका ह्याण्डिक्राफ्टको रू. ९० लाखको धितो एयरमार्कलाई नै धितो स्वीकार गरी कर्जा स्वीकृत गरेको।

**४.** यस उद्योगमा प्रत्यक्ष रूपले लक्ष्मीप्रसाद आचार्य संलग्न रहेको, प्रोप्राइटर केवल देखावटी रहेको तथ्य यस कर्जाका लागि सुरक्षणबापत आवश्यक पर्ने धितो राधिका ह्याण्डिक्राफ्टका प्रो. लक्ष्मीप्रसाद आचार्यको धितो एयरमार्क गर्न मन्जुरीनामा दिएको निवेदनले स्पष्ट गरेको अवस्थामा आफ्नो वित्तीय स्वार्थ गाँसिएको लक्ष्मीप्रसाद आचार्यलाई कर्जा स्वीकृत गर्दा प्रतिवादी अम्बरकुमारको बद्नियत रहेको कुरा स्पष्ट देखिन्छ।

**५.** बागमती एपरल्सको स्थिर पुँजी जमीन र भवनसमेत भाडामा रहेको कुरा उद्योग दर्ता निवेदनमा उल्लेख भएको, कसको जमीन प्रचलित नेपाल कानूनबमोजिम लिजमा लिएको हो वा होइन ? सो केही उल्लेख नभएको र कसको घर भाडामा लिई उद्योग सञ्चालन गर्न लागेको हो वा होइन ? सोको कुनै जानकारी नभएको अवस्थामा अम्बरकुमार खड्काले स्थिर पुँजी कर्जा लगानी गर्नुपूर्व विश्लेषण तथा मूल्याङ्कन गर्नै पर्ने आधारभूत कुराहरूको विषय तर्फ दृष्टि नपुर्‍याई पार्टीलाई गैरकानूनी लाभ पुर्‍याउने

एकमात्र उद्देश्य राखी कर्जा स्वीकृत गरी बैंकलाई हानि नोक्सानी पुर्‍याएको ।

**६.** उद्योग दर्ता गर्दाको बखत उद्योगको स्थिर पुँजी रू. ९६ लाख रहेको हुँदाहुँदै ऋण स्वलागत अनुपात (Debt/Equity Ratio) ६०:४० ले हुने रू. ५७,६०,०००।– मात्र हुने भएकाले पार्टीले मिति २०५५।६।२६ मा स्थिर पुँजीतर्फ उद्योग दर्ता प्रमाण पत्रमा रू. १,४९,४५,०००।– पुर्‍याएको देखिन्छ । यसरी कर्जा लिने एक मात्र उद्देश्यले कर्जा पाउनुभन्दा १ दिन अगाडि मात्र उद्योग दर्ता प्रमाण पत्रमा पुँजी वृद्धि गरेकोलाई वास्तविकरूपमा थप पुँजी लगानी गरेको हो वा होइन भनी बैंकको तर्फबाट थप पुष्टि वा प्रमाणित नै नगरी केवल कागजातमा ऋण/स्वलागत अनुपात ६०:४० पुर्‍याएको आधारमा मिति २०५५।६।२७ मा अम्बरकुमार खड्काले कर्जा निर्देशिका तथा अन्य परिपत्रअन्तर्गतका व्यवस्थाहरू उल्लङ्घन गर्दै कर्जा स्वीकृत गरेको देखिएको छ ।

**७.** पार्टीले २०५५।६।२१ मा स्थिर पुँजी कर्जा रू. १ करोड माग गरेको निवेदनमा नेपाल हाइटेक इन्जिनियरिङलाई रू. १५ लाखको बुझाई सकेको प्रमाणसमेत संलग्न छ भनी उल्लेख गरेको देखिन्छ। उक्त प्रमाण अध्ययन गर्दा सामान सप्लाई गर्ने कोटेसन रहेको र उक्त कोटेसनमा रू. १५ लाख अग्रिम बुझिसकेको व्यहोरा सप्लायर्सको तर्फबाट उल्लेख गरेको देखिन्छ। तर नेपाल अधिराज्यभित्रको कुनैपनि व्यापारिक कारोबारमा सप्लायर्सले कोटेसन पेस गर्दा अग्रिम भुक्तानी लिने प्रचलन नरहेको र यस विषयमा सम्बन्धित सप्लायर्सका साझेदारलाई बोलाई बयान लिँदा उक्त कोटेसनको प्याड र छाप आफ्नो फर्मको रहेको तर सो कोटेसन आफूहरूले जारी नगरेको कुरा उल्लेख गरेबाट ऋणीले पेस गरेको कोटेसन नै कीर्ते हो भन्ने कुरा स्वतः स्पष्ट हुँदाहुँदै अम्बरकुमार खड्काले कर्जा स्वीकृत गरेको देखिएको छ ।

**<u>टि.आर. कर्जा नं. ६१/१८१</u>:**

यस कर्जाको उत्पत्ती प्रतितपत्र नं. ६१/१३१८ खोलेपश्चात् भएको देखिन्छ । उक्त प्रतितपत्र खोल्दा प्रतितपत्र फाटका कर्मचारीहरूले लिमिट नभएको, कोल्याटरल नभएको, पहिलो कारोबार भएको व्यहोरा उल्लेख गर्दा गर्दै पनि शेरबहादुर थापाले बैंकको नियमानुसार लिनुपर्ने सुरक्षण नलिई मिति २०५५।५।१५ मा ५ प्रतिशत मार्जिन लिई प्रतितपत्र खोल्न स्वीकृति प्रदान गरेबाट रू. ७०,७९,४६३।– (डलर १०३१२४।-) रकमको प्रतितपत्र मिति २०५५।५।१६ मा खोलेको देखिन्छ । बागमती एपरल्सको लेटरप्याड कम्प्युटर प्रिन्टबाट तयार गरी मिति २०५५।६।२८ मा टि.आर. गरी डकुमेण्ट उपलब्ध गराई पाउँ भन्ने निवेदन राधिका ह्याण्डिक्राफ्टका प्रोप्राइटर लक्ष्मीप्रसाद आचार्यले तयार गरेको र बागमती एपरल्सका प्रोप्राइटरले केवल दस्तखत मात्र गरेको देखिन्छ । सोही निवेदनमा धितो सुरक्षणको हकमा कर्जा विभागबाट राधिका ह्याण्डिक्राफ्टले दिएको धितो (रू. ७० लाख एयरमार्क) भइसकेको व्यहोरा उल्लेख भएकोमा शेरबहादुर थापाले "प्रतितपत्र, कोल्याटरल सेक्यूरिटी भए दिने" भनी मिति २०५५।६।२९ मा तोक आदेश दिएको हुँदा यस निवेदनमा लक्ष्मीप्रसाद आचार्यले "ब्याजबापत लागेको रू. १८,०००।– बागमती ऊनी धातो कताई उद्योगको चल्ती खाता नं. १०१-५२८५१ बाट कताई लिनु हुन" भनी उल्लेख गरेबाट डकुमेण्टको ऋणी व्यक्ति र यथार्थमा रकम उपभोग गर्ने व्यक्ति फरक छन् भन्ने स्पष्ट हुन्छ । लक्ष्मीप्रसाद आचार्य शेरबहादुर थापाका व्यापारिक साझेदार रहेको हुँदा यस किसिमको बद्नियतपूर्ण कर्जा प्रवाह गर्दा आफूसमेतलाई गैरकानूनी लाभ पुग्ने गरी भ्रष्टाचार गर्न गराउन कर्जा प्रवाह गरेको कुरा स्पष्ट हुन्छ ।

**टि.आर. कर्जा नं. ६१/२८९:**

यस कर्जाको उत्पत्ति प्रतितपत्र नं. ६१/१०८ खोलेपश्चात् भएको देखिन्छ । उक्त प्रतितपत्र खोल्दा प्रतितपत्र फाँटका कर्मचारीहरूले लिमिट नभएको, कोल्याटरल नभएको, टि. आर. कर्जा नं. ६१/१८१ मा रू. ६५,८३,२०७।६० असुल गर्न बाँकी रहेको व्यहोरा उल्लेख गर्दा गर्दै पनि शेरबहादुर थापाले बैंकको नियमानुसार लिनुपर्ने सुरक्षण नलिई मिति २०५५।८।६ मा १० प्रतिशत मार्जिन लिई प्रतितपत्र खोल्न स्वीकृत प्रदान गरेबाट रू. २०,१७,८९०।– को प्रतितपत्र खोलेको देखिन्छ । बागमती एपरल्सको लेटरप्याड कम्प्युटर प्रिन्टबाट तयार गरी मिति २०५५।८।२९ मा टि.आर. गरी डकुमेन्ट उपलब्ध गराई पाउँ भन्ने निवेदन राधिका ह्याण्डिक्राफ्टका प्रोप्राइटर लक्ष्मीप्रसाद आचार्यले लेखी तयार गरेको र बागमती एपरल्सका प्रोप्राइटरले केवल दस्तखत मात्र गरेको । सोही निवेदनमा धितो सुरक्षणको हकमा कर्जा विभागबाट राधिका ह्याण्डिक्राफ्टले दिएको धितो (रू. ५० लाख एयरमार्क) भइसकेको व्यहोरा उल्लेख गरेको यो निवेदनमा मार्जिनबापत लाग्ने रकम राधिका ह्याण्डिक्राफ्टको च.हि.नं. ५१७७२।४८ बाट कट्टा गरी लिन भनी उल्लेख गरेको देखिन्छ । यस अवस्थामा टि.आर. कर्जा नं. ६१/१८१ को रू. ६५,८३,२०७।६० को अन्तिम भुक्तानी अवधि मिति २०५५।९।२८ रहेको हुँदा उक्त कर्जा चुक्ता गरेपछि मात्र नयाँ टि.आर. स्वीकृत गर्नुपर्नेमा मिति २०५५।९।१३ मा उत्तमकुमार नेपालले रू. २० लाखमा नबढ्ने गरी एक पटकका लागि टि.आर. गर्ने भनी तोक आदेश दिएबाट मिति २०५५।९।१५ मा कर्जा नं. ६१/२८९ बाट रू.८,८८,०४९।८९ कर्जा प्रवाह भएको देखिन्छ ।

**पूर्व निर्यात कर्जा नं. ६१/६६:**

रिपब्लिकन नेशनल बैंक अफ न्यूयोर्कबाट मिति २०५६।४।१९ (०४।०८।९८) मा खुलेको एक्सपोर्ट ट्रान्सफरेवल प्रतितपत्र नं. १५६९६१ नेपाल बंगलादेश बैंकको नाममा आएको देखिन्छ । सो प्रतितपत्र सुरूमा प्राप्त हुँदा यू.एस. डलर ३ लाख रहेको तत्पश्चात् पटक पटक संशोधन भई अन्त्यमा यू.एस. डलर १० लाखको एक्सपोर्ट प्रतितपत्र रहेको देखिन्छ । यस प्रतितपत्रको बेनिफिसरी (बिक्रेता) जि-टेक्स, मिलन चोक, नयाँ बानेश्वर, काठमाडौं रहेको छ भने एल.सी. खोल्ने (क्रेता)Skiva International Inc. १३७० Broadway, ४th Floor, New York, १००१८ रहेको देखिन्छ । यो एल.सी. ट्रान्सफरेवल भएको हुँदा बेनिफिसरी G-Tex को अनुरोधमा नेपाल बंगलादेश बैंक लि. बाट मिति २०५५।१२।२४ (०७।०४।९९) मा बागमती एपरल्सलाई बेनिफिसरीको रूपमा यू.एस. डलर १ लाखको प्रतितपत्र ट्रान्सफर भएको देखिन्छ । यस प्रतितपत्रको सर्तमा Available with any bak by Negotiation भन्ने उल्लेख भएको हुँदा बैंकको ६१/२५९६ मिति २०५५।१०।३ को परिपत्रबमोजिम पूर्व निर्यात कर्जा उपभोग गराउँदा प्रतितपत्र Irrevocable and confirmed हुनुपर्ने र उक्त प्रतितपत्र Negotiation Restricted to Nepal Bank Ltd. हुनुपर्ने सर्तमा केवल Irrevocable मात्र उल्लेख भएको देखिन्छ । निर्यात प्रतितपत्रको आधारमा अम्बरकुमार खड्काले प्र.का. (१) कल/६१/३६३३ मिति २०५५।१२।२४ बाट पूर्व निर्यात कर्जा स्वीकृत गर्दा निम्नलिखित बद्नियतपूर्ण कार्य गरे गराएको देखिएको छ ।

बैंकको ६१/२५९६ मिति २०५५।१०।३ को परिपत्रमा पूर्व निर्यात कर्जा उपभोग गराउँदा प्रतितपत्र Confirmed हुनुपर्ने र Negotiation Restricted to Nepal Bank Ltd. हुनुपर्ने सर्त भएको बैंकको कर्जा सापट निर्देशिका एवं कार्य प्रणाली, २०५५ को पूर्व निर्यात कर्जा (Pre-shipment or pre-export loan) शिर्षकमा प्रतिष्ठित पार्टीको पूर्व कारोबार हैसियत हेरी

प्रतित पत्रअनुसार डकुमेण्ट पेस हुनु अगावै प्रतितपत्र नै धितोको रूपमा लिई सुरक्षणसहित पूर्व निर्यात कर्जा दिइनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । बैंकले यस उद्योगलाई प्रतिष्ठित ग्राहक भनी कतै उल्लेख नगरेको र कारोबारको आधारमा पनि प्रतिष्ठित ग्राहक भन्न सकिने अवस्था नदेखिएको, प्रतिष्ठित ग्राहकलाई प्रदान गरिने यो कर्जा यू.एस. डलर १ लाख बराबरको ९०% ले हुने कर्जा स्वीकृत गर्दा उपरोक्त परिपत्र र कर्जा निर्देशिकाको बर्खिलाप गरेको देखिन्छ ।

नयाँ शिर्षकको कर्जा स्वीकृत गर्दा त्यस्ता पार्टीको अन्य कुनै शिर्षकको कर्जामा भाखा नाघेको छ छैन ? उक्त पार्टीबाट बैंकलाई ब्याज तथा कमिसन कति आम्दानी भएको छ ? पार्टीको व्यवसायको टर्न ओभर कस्तो छ ? ब्याज तथा साँवा किस्ता नियमित छ छैन ? जस्ता आधारभूत कुराको विश्लेषण गरी स्वीकृत गर्ने प्रचलन रहेकोमा अम्बरकुमार खड्काले उपरोक्त कुनै पनि तर्फ ध्यान नदिई कर्जा स्वीकृत गरेको देखिन्छ ।

यसरी आफ्नो वित्तीय स्वार्थ रहेको व्यक्ति लक्ष्मीप्रसाद आचार्य समूहको प्रत्यक्ष नियन्त्रणमा रहेको यो उद्योगलाई बैंकको निर्देशनको उल्लङ्घन गरी कर्जा स्वीकृत गर्नुका साथै उक्त कर्जा स्वीकृत गर्दा रू. ५०,००,०००।– रोशन ह्याण्डिक्राफ्टको कर्जा जम्मा गर्ने पार्टीको अनुरोध स्वीकार गरेको हुँदा पूर्व निर्यात कर्जा सदुपयोग हुन नसक्ने अवस्थासमेत स्पष्ट हुँदाहुँदै कर्जा स्वीकृत गरेबमोजिम काठमाडौं अफिसबाट शेरबहादुर थापाले २०५५।१२।२६ मा रू. ६०,७५,०००।– कर्जा प्रवाह गरेको देखिन्छ । प्र.का. (१) कल ६१/१६८ मिति २०५६।१।१३ को पत्रबाट काठमाडौं अफिसलाई बागमती एपरल्सको कारोबार नियमित भई म्याद नाघेको कुनै कर्जा बाँकी नभएमा मात्र उक्त पार्टीले प्रेषित प्रतितपत्रमा Confirmed र Negotiation Restricted to Nepal Bank Ltd. भन्ने सर्त उल्लेख नभए तापनि रू. ६०,७५,०००।– कर्जा प्रवाह गरेको भएमा कर्जा प्रवाह भइसकेको जानकारी प्राप्त भएको यो एक पटकलाई समर्थन गरी दिएको व्यहोरा अनुरोध गर्दछु भनी पत्राचार गरेबाट मिति २०५५।१२।२४ मा स्वयम्ले गरेको बद्नियतपूर्ण काम कारवाहीलाई सच्याउने दुराशय राखी पुनः अर्को पत्राचार गरेको देखिएको छ ।

बैंकको कर्जा सापट निर्देशिका एवं कार्य प्रणाली, २०५५ को पूर्व निर्यात कर्जा शिर्षकमा "यस्ता कर्जा निर्यातकर्ताले सामान खरिद, चलान, प्याकिङ्ग आदिमा प्रयोग गर्नुपर्छ" भन्ने उल्लेख भएको छ । बैंकिङ शब्द कोषमा पनि पूर्व निर्यात कर्जा (pre-shipment Loan) भन्नाले निर्यात गर्ने प्रयोजनको लागि निर्यातकर्तालाई प्रदान गरिने कर्जा भन्ने उल्लेख भएकोमा सो व्यवस्था उल्लङ्घन गरी अम्बरकुमार खड्का प्र.का. (१) कल ६१/३६३३ मिति २०५५।१२।२४ को पत्रबाट नेपाल बंगलादेश बैंकबाट ट्रान्सफर भई आएको एल.सी. नं. १५६९६१ को यू.एस. डलर १ लाखको ९०% ले हुने रकम मध्ये रू. ५० लाख रोशन ह्याण्डिक्राफ्टको टि.आर. कर्जा हिसाबमा जम्मा गर्न पार्टीको मागबमोजिम निर्देशन दिएको देखिन्छ । यसरी स्वीकृत पूर्व निर्यात कर्जा स्वीकृत गर्दाकै अवस्थामा सम्बन्धित पार्टीलाई उपभोग गर्न नलगाई कर्जा निर्देशिका र परिपत्रसमेतको उल्लङ्घन गरी अम्बरकुमार खड्काले बैंक हितविपरीत कार्य गरेको देखिन्छ ।

उक्त स्वीकृत भएको कर्जा ऋणीलाई प्रवाह गराउने सिलसिलामा काठमाडौं अफिसको एल.सी. विभागका कर्मचारीले मिति २०५५।१२।२५ मा उठाएको टिप्पणीमा परिपत्रबमोजिम प्रतितपत्र Confirmed र Negotiation Restricted to Nepal Bank Ltd. वा LC Confirmed to Nepal Bank Ltd भन्ने सर्त हुनुपर्नेमा सो नभएको कर्जा प्रदान गर्न बाधा देखिएको निर्देशनार्थ प्रेषित भनी स्पष्टरूपमा उल्लेख गर्दागर्दै अम्बरकुमारले स्वीकृत

गरी कर्जा प्रवाह गर्न निर्देशन दिएको र शेरबहादुर थापाले "प्रधान कार्यालयको निर्देशनअनुरूप गर्ने" भनी २०५५।१२।२५ मा तोक आदेश दिएबमोजिम मिति २०५५।१२।२६ मा पार्टीलाई भुक्तानी दिने कार्य गरेको देखिएको छ।

कुनै पनि भाखा नाघेको कर्जा बाँकी रहेको अवस्थामा उक्त पार्टीलाई पूर्व निर्यात कर्जा दिन नमिल्ने बैंकको नीतिगत व्यवस्थाको बर्खिलाप गरी टि.आर. कर्जा नं. ६१।१८१ र ६१।२८९ को रू. ७३,६८,७५७।४९ भाखा नाघेको रहँदारहँदै पनि पूर्व निर्यात कर्जा रू. ६०,७५,०००।– बद्नियतपूर्वक प्रवाह भएको छ।

शेरबहादुर थापाले बैंकको परिपत्र नं. ५८।०९ मिति २०५२।४।१५ को निर्देशनबमोजिम बागमती एपरल्सलाई कर्जा प्रवाह गर्न नमिल्ने अवस्थामा आफूलाई प्राप्त नभएको अख्तियारी सीमा उल्लङ्घन गरी टि.आर. कर्जा नं. ६१/८१ र ६१/२८९ बाट जम्मा रू. १,०९,९५,८४०।४९ प्रवाह गरेको देखिन्छ।

पार्टीले मिति उल्लेख नगरी बैंकको प्रधान कार्यालय कर्जा लगानी विभागका तत्कालीन प्रमुख अम्बरकुमार खड्काले स्वीकृत गरेको रू. ८५ लाख कर्जा माग गरेको निवेदनमा पुरुषोत्तम प्रसाद श्रेष्ठले "लिमिटभित्र रही गर्ने" भनी तोक आदेश दिएबाट कमिटमेण्ट चार्ज रू. ४२,५००।– साँवा कर्जामा कट्टा गरी मिति २०५५।७।१ मा रू. ८४,५७,५००।– रकम उद्योगको खातामा जम्मा गरेको हुँदा सप्लायर्सलाई ड्राफ्टबाट भुक्तानी गर्नुपर्ने रकम ऋणी स्वयम्लाई नगदै दिएबाट कर्जा निर्देशिका उल्लङ्घन गरी कर्जा प्रवाह गरेको देखिन्छ। उक्त रकम सोही दिन अच्युतप्रसाद रिजाललाई चेक नं. ४२१७७ बाट रू. ८२,३०,०००।– भुक्तानी गर्ने कार्य भएको देखिन्छ। त्यसैगरी पार्टीले स्थिर पुँजी कर्जा स्वीकृत हुनुभन्दा अगाडि मिति २०५५।५।१६ मा यस उद्योगका लागि आवश्यक पर्ने प्लाण्ट मेसिनरी खरिद गर्न (स्थिर पुँजी कर्जा), प्रतितपत्र नं. ६१।१३१८ बाट रू. ७०,७९,४६३।–($१०३१२४) को प्रतितपत्र खोली सो प्रतितपत्रको डकुमेण्ट छुटाउन टि.आर. कर्जा नं. ६१।१८१ बाट मिति २०५५।६।२९ मा शेरबहादुर थापाले रू. ६७,२५,२०७।६० कर्जा प्रवाह गरेको देखिएको छ भने बैंकको प्रधान कार्यालय कर्जा लगानी विभागबाट मिति २०५५।६।२७ मा अम्बरकुमार खड्काले स्थित पुँजी कर्जा रू. ८५ लाख स्वीकृत गरी मिति २०५५।७।१ मा काठमाडौं अफिसबाट पुनः ऋणीलाई कर्जा प्रवाह गर्दा एउटै कार्यका लागि दुई पटक कर्जा प्रवाह गरेको देखिन्छ। यसरी यो उद्योगलाई बद्नियतपूर्वक एउटै प्रयोजन (प्लान्ट मेसिनरी खरिद गर्न) को लागि अम्बरकुमार खड्का र शेरबहादुर थापाको वित्तीय स्वार्थ रहेको व्यक्ति लक्ष्मीप्रसाद आचार्यको नियन्त्रणमा रहेको यो उद्योगका लागि दुई पटक कर्जा प्रवाह गरेको र प्रवाह भएको रकमको साँवा तथा ब्याज कुनै पनि असुल नभएको देखिन्छ।

**२.७ <u>आर.पी. कार्पेटः</u>**

यस उद्योगको प्रोप्राइटर रूद्रप्रसाद भट्टराई रहेको र उद्योग दर्ता भएको एक हप्ता पनि नबिती १ करोड १२ लाख २० हजारको गलैंचाको स्टक देखाई गैरकानूनी ढङ्गले कर्जा प्राप्त गर्न सफल यस उद्योगले बैंक कर्जा प्राप्त गरी भ्रष्टाचार गर्ने गराउने अभिप्रायले बैंकमा प्रवेश गरेको कुरा कर्जा प्रदान भएपछि बैंकसँग कुनै कारोबार नगरेको कुराबाट स्पष्ट हुन्छ।

पार्टीले मिति २०५५।२।१९ मा हाइपोथिकेशन कर्जा रू. ७५ लाख पाउँ भनी निवेदन दिएको, सुरक्षणबापत रोशन ह्याण्डिक्राफ्टको नाममा बैंकको कर्जा विभागमा पारित सुरक्षण एयरमार्क गरी दिने भनी हुँदै नभएको सुरक्षण एयरमार्क गर्न उल्लेख गरेको, धितो बैंकको नाममा पारित भइसकेकोले र कर्जा रकमलाई पर्याप्त हुने भनी बैंकले नलिएको सुरक्षण लिएको भनी उल्लेख गरेको र पछि माइन्युट

गर्ने गरी कर्जा रकम उद्योगको चल्ती खातामा जम्मा गर्न माग राख्दै दिएको निवेदनमा शेरबहादुर थापाले २०५५।२।२० मा दिएको तोक आदेशको भरमा कर्जा प्रवाहको कारवाही सुरू भएको देखिन्छ । त्यसैगरी पार्टीले पुनः मिति २०५५।२।२१ मा उद्योगको खातामा रू. ७५ लाख जम्मा गरी दिन दिएको निवेदनमा शेरबहादुर थापाले ऐ. मितिमा "कर्जा, कोल्याटरल सेक्युरिटी र स्टक पर्याप्त भएमा कमिटीबाट समर्थन गर्ने गरी जम्मा गर्ने" भनी बद्‌नियतपूर्ण ढङ्गले तोक आदेश दिएबमोजिम सोही मितिमा कर्जा प्रवाह भई ऐ. मितिमा नै उद्योगको खातामा रू. ७५ लाख जम्मा भएको र त्यसै दिन प्रोप्राइटरले चेक नं. ४४८५१ बाट रू. ७५ लाख नै भुक्तानी लिएपश्चात् बैंकमा अन्य कुनै कारोबार गरेको देखिँदैन । उक्त कर्जाको धितो सुरक्षण रोशन ह्याण्डिक्राफ्टको नाममा पारित सुरक्षण रू. १,१२,०५,०००।– एयरमार्क गर्न साझेदार अच्युतप्रसाद रिजालले मिति २०५५।२।२१ मा दिएको निवेदनमा पुरूषोत्तमप्रसाद श्रेष्ठले लिमिटभित्र रही गर्ने भनी तोक आदेश दिई धितो स्वीकारेको देखिन्छ। अतः यस कर्जा प्रकरणमा शेरबहादुर थापा, पुरूषोत्तमप्रसाद श्रेष्ठ, अच्युतप्रसाद रिजाल, रूद्रप्रसाद भट्टराई र लक्ष्मीप्रसाद आचार्यको मिलेमतो रहेको स्पष्ट हुन्छ । कर्जा तमसुकमा दस्तखत गर्ने प्रोप्राइटरको दस्तखत र मिति २०५५।२।१९ मा कर्जा माग गर्दा दस्तखत गर्ने प्रोप्राइटरको दस्तखत फरक पर्दासमेत दस्तखत जाँच (Verify) गर्न नलगाई शेरबहादुर थापा र निजका मतियारहरूले कर्जा दिने कारवाही अघि बढाएकोबाट समेत दिने र लिने भ्रष्ट व्यक्तिहरूको नियत स्पष्ट हुन्छ।

उद्योगले मिति उल्लेख नगरी पेस गरेको स्टक विवरणमा रू. १,१२,२०,०००।– को गलैंचा उल्लेख गरेकोमा सो स्टक निरीक्षण गर्ने कृष्ण बहादुर कारंजित र नरेन्द्रमेहर श्रेष्ठले मिति २०५५।२।२० मा पेस गरेको स्टक निरीक्षण प्रतिवेदनमा उक्त मूल्यमा १० प्रतिशत कट्टा गरी दिए हुन्छ भनी रू. १,००,९८,०००।– को अवास्तविक स्टक प्रतिवेदन पेस गरेको आधारमा शेरबहादुर थापाले बद्‌नियतपूर्ण ढङ्गले कर्जा प्रवाह गरेको पाइन्छ। उद्योग स्थापना भएको एक हप्ता पनि नहुँदै त्यति ठूलो परिमाणमा गलैंचा स्टक राख्न सक्ने त्यस फर्ममा कतिवटा तान थिए र कति कामदारहरू कार्यरत थिए भन्ने कुरा स्टक निरीक्षणमा जानेहरूले उल्लेख नगरेकोबाट र सो स्टक निरीक्षण गर्ने मध्येका एक नरेन्द्रमेहर श्रेष्ठले सो प्रतिवेदन पुरूषोत्तमप्रसाद श्रेष्ठले अफिसमै तयार गरेको र आफूले दस्तखत गरी दिएको भनी बयान दिएबाट कर्जावाला र बैंक कर्मचारीहरूको मिलेमतो भएको पुष्टि हुन्छ।

**२.८ <u>रोशन ह्याण्डिक्राफ्टः</u>**

यस उद्योगमा साझेदारहरू लक्ष्मीप्रसाद आचार्य, चिरञ्जिवी आचार्य, वसन्त ब. मानन्धर रहेकोमा सोही कार्यालयको मिति २०५४।१।१६ को निर्णयानुसार साझेदार लक्ष्मीप्रसाद आचार्य, वसन्त ब. मानन्धरलाई हटाई अच्युतप्रसाद रिजाल र चिरञ्जिवी आचार्यलाई साझेदारी कायम गरिएको छ।

ऋणीले आफ्नो व्यवसायबाट आर्जित रकमले यस उद्योगको टि.आर. कर्जा चुक्ता गरेको नभई अम्बरकुमार खड्काले मिति २०५५।१२।२४ मा बागमती एपरल्सको कर्जा स्वीकृत गर्दा नै रू. ५० लाख रोशन ह्याण्डिक्राफ्टको टि.आर. कर्जा चुक्ता गर्न भनी स्वीकृत गरेको हुँदा यो कर्जा चुक्ता गर्न थप कर्जा प्रवाह भएको देखिन्छ।

यस उद्योगको कर्जाका लागि बैंकले देहायबमोजिमको सुरक्षण लिए पनि कर्जा चुक्ता नहुँदै धितोमा लिएका सुरक्षण फुकुवा गरी रू. ३२ लाखको मात्र सुरक्षण रहेको देखिन्छ । एयरमार्क गरेको सुरक्षणतर्फ व्लू डाईमण्ड इण्डष्ट्रिज प्रा.लि. को निवेदनबाट रू. ५० लाखको सुरक्षण र राधिका ह्याण्डिक्राफ्टको तर्फबाट प्रोप्राइटर लक्ष्मीप्रसाद



महान्यायाधिवक्ता

आचार्यले मिति २०५५।५।१ मा सुरक्षणको विवरण नखोली रू. ६८ लाखको धितो सुरक्षणको एयरमार्क गर्न मन्जुरीनामा दिएको देखिन्छ । यसरी यस उद्योगको सुरक्षण रू. १,५०,००,०००।– रहेको अवस्थामा सोही सुरक्षणबाट बागमती ओरिएण्टल टिपिक, बागमती एपरल्स, आर.पी. कार्पेट र राधिका ह्याण्डिक्राफ्टलाई सुरक्षण नहुँदा नहुँदै पनि रू. २,८७,००,०००।– धितो एयरमार्क गर्ने गराउने कार्य गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी र पार्टीलाई गैरकानूनी लाभ पुर्‍याएको देखिन्छ ।

| जग्गा धनीको नाम | सुरक्षणको विवरण | धितो पास मिति | फुकुवा गरेको मिति |
|---|---|---|---|
| मीनाकुमारी कार्की | (का.म.न.पा. ७ सिट नं. १०६७-०९ कि.नं. ५६ र २७१ क्षे.फ. ०-६-०-२, ०-५-१-३ जम्मा ०-११-२-१) | २०५४।८।२७ ४६,००,०००।- | २०५४।१०।१४ को कर्जा कमिटीको निर्णयबाट फुकुवा गरेको । |
| मोती उप्रेती | ल.पु. ५ (त्र) कि.नं. ४४, २-४-२-२ | २०५४।९।२३ ७४,००,०००।- | २०५५।३।१७ को २(का) कर्जा ६१।५७७ को पत्रबाट शेरबहादुर थापाले फुकुवा गरेको । |
| मोती उप्रेती | ५(त्र) कि.नं. ४५, १-२-१-१ | २०५४।१०।१ ३२,००,०००।- | फुकुवा नगरी बाँकी रहेको सुरक्षण (रू. २,५७,००,०००।– एयरमार्क गरेको) |
| मोती उप्रेती | ५(त्र) हाल १४ तिखीदेवल कि.नं. ३० र ४० क्षे.फ. ०-१३-१-०, १-१३-२-० गरी जम्मा २-१०-३-१ | २०५४।८।१७ ७०,००,०००।- | २०५५।२।३१ को प.स. २।का। कर्जा ६१/४३४ को पत्रबाट शेरबहादुर थापाले फुकुवा गरेको । |

यस उद्योगको लागि बैंकको नियमानुसार बक्यौता कर्जाका लागि मात्र पनि न्यूनतम रू. १,५७,१८,०००।– बराबरको धितो आवश्यक पर्नेमा बद्नियतपूर्ण ढङ्गले रू. १,९०,००,०००।– धितो सुरक्षण फुकुवा गरी केवल रू. ३२ लाखको धितो सुरक्षण राखी रू. १,२५,१८,०००।– सुरक्षण कम लिएको अवस्थामा पनि देहायका उद्योगहरूलाई हुँदै नभएको सुरक्षण छ भनी रू. २,८७,००,०००।– को सुरक्षण एयरमार्क गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी र पार्टीलाई गैरकानूनी लाभ पुर्‍याएको छ ।

| सि.नं. | रोशन ह्याण्डिक्राफ्टले एयरमार्क गरिदिएको फर्म/उद्योगहरूको विवरण | एयरमार्क रकम रू | एयरमार्क गर्न आदेश दिने |
|---|---|---|---|
| १ | बागमती ओरिएण्टल टिपिकलाई | रू. ६० लाख | पुरूषोत्तम प्रसाद श्रेष्ठ |
| २ | २०५५।६।३० को निवेदनबाट बागमती एपरल्सलाई | रू. ८५ लाख | पुरूषोत्तम प्रसाद श्रेष्ठ |
| ३ | आर.पी. कार्पेटलाई | रू. ११२ लाख | शेरबहादुर थापा |
| ४ | २०५४।८।१८ मा राधिका ह्याण्डिक्राफ्टलाई | रू. ३० लाख | पुरूषोत्तम प्रसाद श्रेष्ठ |
| ५ | २०५४।९।१९ मा रकम उल्लेख नगरी कटनरिच प्रा.लि. लाई एयरमार्क | - | शेरबहादुर थापा |
| | जम्मा | रू. २८७ लाख | |

रोशन ह्याण्डिक्राफ्टका तर्फबाट अच्युत प्रसाद रिजालले मोती उप्रेतीको नामको ललितपुर ५(त्र) कि.नं.

४०, ३० को जग्गा रू. ७० लाखको धितो सुरक्षण फुकुवा गरी मिति २०५५।२।२७ मा पारित रू. ९० लाखको सुरक्षणमध्ये रू. ७० लाख एयरमार्क गरी मन्जुरीनामा कागजात यसैसाथ पेस गरेको भनी दिएको निवेदनमा शेरबहादुर थापाले "कर्जा आवश्यक कारवाही गर्ने" भनी तोक लगाएको र सोही निवेदनको तल्लो भागतर्फ निजले "राधिका ह्याण्डिक्राफ्टको नाममा पारित कोल्याटरल सेक्युरिटी रोशनको नाममा पारित भएको रकम बराबरको कोल्याटरल सेक्युरिटी पछि कमिटीबाट समर्थन गर्ने गरी फुकुवा गरी दिने" भनी बैंकलाई गैरकानूनी हानि र पार्टीलाई गैरकानूनी लाभ पुर्‍याउने गरी तोक आदेश दिई उक्त धितो सुरक्षणको जग्गा फुकुवा गर्न पत्राचार गरेकोले रोशन ह्याण्डिक्राफ्टको रू. ९२,१८,८०४।९६ कर्जा बाँकी हुँदाहुँदै पनि उक्त धितो फुकुवा गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याएको देखिएको छ।

२.९ <u>कटनरिच प्रा.लि</u>. :

कटनरिच प्रा.लि. शतप्रतिशत विदेशी लगानीमा स्थापित निर्यातमूलक मझौला उद्योग भएको देखिन्छ। उद्योगका सञ्चालकहरू एपाची गाउण्डर चन्दन भारत, श्रीमती पद्मावती चन्दन भारत, पुलिकल रविन्द्रन, संयुक्त अरब इमिरेट्स रहेको देखिन्छ।

नेपाल बैंक लिमिटेड काठमाडौं अफिसबाट उपभोग गरेको कर्जाको २०५८ चैत्र मसान्तसम्मको बक्यौता साँवा र ब्याज क्रमशः रू. १,८९,३०,६०८।०४ र १,०२,८३,९३९।७५ गरी जम्मा रू. २,९२,१४,५४७।७९ रहेको छ।

पूर्व निर्यात कर्जा नं. ६१/६५ बाट लिएको ६९,४६,०००।– मध्ये बाँकी साँवा १९,४६,०००।– देखिए तापनि ऋणीले आफ्नो व्यवसायबाट आर्जित रकमले आंशिक कर्जा भुक्तानी गरेको नभई अर्को कर्जा लिएर ५० लाख रूपैयाँ तिरेको देखिएकोले यथार्थमा १ पैसा पनि साँवा तथा ब्याज बैंकलाई नबुझाएको हुँदा ऋणीले भ्रष्टाचार गर्न गराउन मात्र बैंक कर्जा उपभोग गरेको देखिन्छ।

उक्त कर्जाको लागि देहायबमोजिमको धितो सुरक्षण एयरमार्क गरेको देखिन्छ।

| सि.नं. | एयरमार्क गर्न मन्जुरीनामा दिने उद्योग | मिति | प्रोप्राइटर | सुरक्षणको विवरण | एयरमार्क भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोशन ह्याण्डिक्राफ्ट | २०५४।९।१९ | अच्युतप्रसाद रिजाल | उल्लेख नभएको | उल्लेख नभएको | निवेदनमा लक्ष्मी प्रसाद आचार्यले दस्तखत गरेको |
| २ | राधिका ह्याण्डिक्राफ्ट | उल्लेख नभएको | लक्ष्मीप्रसाद आचार्य | उल्लेख नभएको | २०,००,०००।- | निवेदनमा लक्ष्मी प्रसाद आचार्यले दस्तखत गरेको |

शेरबहादुर थापाले रू. २,३९,३०,६०८।०४ कर्जाका लागि बैंकको नियमानुसार लिनुपर्ने सुरक्षण नलिई एकातिर रू. २०,००,०००।– मात्र सुरक्षण लिई कर्जा प्रवाह गरेको छ भने अर्कातिर आफ्नो अख्तियारीसमेत उल्लङ्घन गरी आफ्नो वित्तीय स्वार्थ रहेको व्यक्ति लक्ष्मीप्रसाद आचार्य नै वित्तीय निर्देशक रहेको यस कम्पनीलाई

प्रवाह गरिएको सम्पूर्ण कर्जाहरू बद्नियतपूर्ण ढङ्गले प्रवाह गरेको देखिन्छ।

**<u>टि.आर. कर्जा नं. ६०।२६९</u>:** यो कर्जा उद्योगको तर्फबाट लक्ष्मीप्रसाद आचार्यले माग गरेको र सोका लागि सुरक्षण लक्ष्मीप्रसाद आचार्य र अच्युत प्रसाद रिजालले रोशन ह्याण्डिक्राफ्टबाट पारित सुरक्षण एयरमार्क दिने व्यहोरा उल्लेख गरेको देखिन्छ। यस निवेदनमा शेरबहादुर थापाले मिति २०५४।९।२० मा "प्रतितपत्र, कोल्याटरल सेक्युरिटीले खाम्ने भएमा टि.आर. मा छुटाउन दिने" भनी तोक आदेश दिएबमोजिम कर्जा प्रवाह भएको र यो कर्जाको ३ महिनाको म्याद समाप्त भएपछि मिति २०५४।१२।३० मा पुनः ३ महिनाका लागि म्याद थप गरेको देखिन्छ।

**<u>टि.आर. कर्जा नं. ६०।३००</u>:** कटनरिच प्रा.लि.का तर्फबाट लक्ष्मीप्रसाद आचार्यले मिति २०५४।११।१० मा टि.आर. कर्जा उपलब्ध गराई पाउँ भनी दिएको निवेदनमा सुरक्षणबापत राधिका ह्याण्डिक्राफ्टको धितो एयरमार्क गरी दिन उल्लेख गरेको र शेरबहादुर थापाले "प्रतितपत्र, पहिले गरेको मार्जिनमा टि.आर. गर्ने" भनी तोक आदेश दिएबमोजिम प्रवाह भएको यो कर्जाको ३ महिनाको म्याद समाप्त भएपछि पुनः ३ महिनाको लागि म्याद थप गरेको । यस कर्जाको सुरू प्रवाहित रकम रू. ८,६७,०००।– रहेको र २०५८ चैत्र मसान्तसम्ममा भाखा नाघेको साँवा रू. ८,६७,०००।– र ब्याज रू. ४,२७,७३६।– गरी जम्मा रू. १२,९४,७३६।– असुलउपर हुन नसकी बैंकलाई गैरकानूनी हानि नोक्सानी पुगेको देखिन्छ।

**<u>टि.आर. कर्जा नं. ६१।५५</u>:** यस कर्जाको उत्पत्ति प्रतितपत्र नं. ६१।१०३९ खोलेपश्चात् भएको हो । यो प्रतितपत्र खोल्दा प्रतितपत्र फाँटका कर्मचारीहरूले टि.आर. कर्जा नं. ६०।२६९ को रू. १२,२६,०००।– र ब्याज रू. ४५,३४५।– रूपैयाँ बाँकी रहेकोले प्रधान कार्यालयको निर्देशानुसार प्रतितपत्र खोल्न नमिल्ने उल्लेख गरेको विभिन्न विभागहरूमा रू. ७९,१५,९१५।०९ म्याद नाघेको कर्जा रहेको र टि.आर. कर्जा नं. ६०।३०० को साँवा रू. ८,६७,०००।– र ब्याज रू. १८,१७१।– रहेको जस्ता व्यहोराहरू उल्लेख गर्दा गर्दै शेरबहादुर थापाले प्रतितपत्र खोल्न स्वीकृत दिएबमोजिम मिति २०५५।१।२० मा रू. २४,९९,१३२।– को प्रतितपत्र खोलेको देखिन्छ । उक्त प्रतितपत्रबाट आएको सामान छुटाउनका लागि कम्पनीको तर्फबाट लक्ष्मीप्रसाद आचार्यले मिति २०५५।३।२ मा दिएको निवेदनमा तीर्थराम श्रेष्ठले ऐ. मितिमा नै "लिमिटभित्र अनुरोधबमोजिम टि.आर. गर्ने" भनी तोक आदेश दिएबमोजिम रू. १३,७१,०००।– कर्जा प्रवाह भएको उक्त कर्जाको २०५८ चैत्र मसान्तसम्म भाखा नाघेको साँवा रू. १३,७१,०००।– र ब्याज रू. ६,७५,३५२।– गरी जम्मा रू. २०,४६,३५२।– असुलउपर हुन नसकी बैंकलाई गैरकानूनी हानि नोक्सानी पुगेको देखिन्छ। यो कर्जामा पार्टीले कर्जा लिएपछि साँवा ब्याजको कुनैपनि रकम भुक्तानी नगरेको । कम्पनीका तर्फबाट मिति २०५५।३।१४ मा लक्ष्मीप्रसाद आचार्यले प्रतितपत्र नं. ६१।०९, ६१।१२ र ६०।१०३९ को डकुमेण्ट छुटाउन टि.आर. कर्जा माग गर्दै दिएको निवेदनमा "टि.आर. गरी डकुमेण्ट छुटाई दिने" भनी मिति २०५५।३।१४ मा शेरबहादुर थापाले तोक आदेश दिएबमोजिम रू. १७,९८,००७।०४ कर्जा प्रवाह भएको।

**<u>टि.आर. कर्जा नं. ६१/६९</u>:** यस कर्जाको उत्पत्ति प्रतितपत्र नं. ६१।१७ खोलेपश्चात् भएको देखिन्छ । यो प्रतितपत्र खोल्दा प्रतितपत्र फाँटका कर्मचारीहरूले कोल्याटरल नभएको, लिमिट नभएको टि.आर. कर्जा नं. ६०।२६९ र ६०।३०० को जम्मा रू. २०,९३,०००।– बाँकी रहेको व्यहोरा उल्लेख गर्दा गर्दै पनि शेरबहादुर थापाले रू. १६,०१,५००।– को प्रतितपत्र मिति २०५५।२।२१ मा खोल्न स्वीकृति प्रदान गरेको देखिन्छ । उक्त प्रतितपत्रको डकुमेण्ट

छुटाउनु पर्ने र सोका लागि टि.आर. कर्जा आवश्यक परेकोले व्यक्तिगत धन जमानीमा १० दिनको लागि फ्रि-मार्जिनमा कर्जा उपलब्ध गराई दिन लक्ष्मीप्रसाद आचार्यले दिएको निवेदनमा उत्तमकुमार नेपालले ऐ. मितिमा १० दिनभित्र नपुग अचल सम्पत्ति पास गरी दिने गरी गर्ने" भनी तोक आदेश दिएबमोजिम ऐ. मितिमा नै रू. १५,२०,९३७।– कर्जा प्रवाह भएको।

**<u>पूर्व निर्यात कर्जा नं. ६१।२४ र ६१।२५</u>:** इन्पेरियल बैंक, लस एन्जलसबाट पटक पटक संशोधन भई मिति २०५५।४।२३ मा ग्रीनलैज बैंकमार्फत प्राप्त भएको प्रतितपत्र नं. ILC ९८००२२६३ को अमेरिकी डलर ३९,०००।– र द कमर्सियल बैंक अफ द कोरियाको प्रतितपत्र नं. M१७४८८०६५५०००८९ बाट अमेरिकी डलर १,१३,५००।८० रकमको निर्यात प्रतितपत्रमा कटनरिच प्रा.लि. वेनिफिसरी रहेको देखिन्छ। उक्त निर्यात प्रतितपत्रको आधारमा कर्जा पाउँ भनी कम्पनीका तर्फबाट लक्ष्मीप्रसाद आचार्यले मिति उल्लेख नगरी निवेदन दिएको देखिन्छ। यो निवेदनमा माग भएको कर्जा कार्यान्वयन गर्न मिति २०५५।५।११ को टिप्पणी तथा आदेशमा यस पार्टीको पूर्व निर्यात कर्जाबाट चुक्ता गरी पाउन, पूर्व निर्यात कर्जा नं. ६१।१४ र ६१।२० को ५/५ लाख कर्जा उपभोग गरी सकेको र ६१।०३ बाट रू. ३२ लाख उपभोग गरी राखेकोमा पटक पटक कर्जा चुक्ता गर्ने प्रतिबद्धता देखाए तापनि हालसम्म कर्जा चुक्ता नगरेको, बैंकमा सुरक्षणबापत अचल सम्पत्ति केही पनि पारित गरी नदिएको व्यहोरा उल्लेख गरेतापनि शेरबहादुर थापाले मिति २०५५।५।१२ मा "मागबमोजिम दिने" भनी तोक आदेश दिएबमोजिम ऐ. मितिमा अमेरिकी डलर ३९,०००।– का लागि कर्जा नं. ६१।२४ बाट रू. २३,८६,०००।– कर्जा प्रवाह भएको। अमेरिकी डलर १,१३,५००।८० निर्यात प्रतितपत्रका लागि कर्जा नं. ६१।२५ बाट मिति २०५५।५।१२ मा रू. ६९,४६,०००।– कर्जा प्रवाह भएको देखिन्छ। उक्त कर्जा पार्टीले सामान निर्यात गरी आर्जित रकमबाट चुक्ता गर्नुपर्नेमा शेरबहादुर थापाले पुनः नयाँ कर्जा नं. ६१।४६ बाट रू. ६६,७०,०००।– स्वीकृत गर्दा "एक पटकका लागि पुरानो कर्जामा रू. ५० लाख जम्मा गर्ने गरी दिने र प्र.का. बाट समर्थन गराउने" तोक आदेश दिई रू. ५० लाख बैंक कर्जाबाट चुक्ता भएको र २०५८ चैत्र मसान्तसम्म उक्त कर्जाको भाखा नाघेको साँवा रू. १९,४६,०००।– र ब्याज रू. १०,२९,१३५।– गरी जम्मा रू. २९,७५,१३५।– असुलउपर हुन नसकी बैंकलाई गैरकानूनी हानि नोक्सानी पुगेको देखिन्छ। मिति २०५५।५।१२ को रू. २३,८६,०००।– रकमको तमसुकमा लक्ष्मीप्रसाद आचार्यले दस्तखत गरेको र ऐ. मितिमा यो कर्जाका लागि रू. २३,८६,०००।– को व्यक्तिगत धनजमानीसमेत दिएको देखिन्छ।

**<u>पूर्व निर्यात कर्जा नं. ६१।४६</u>:** रिपब्लिक नेशनल बैंक आफ न्यूयोर्कको मिति २०५५।६।२४ को प्रतितपत्र नं. १४७४९५ बाट अमेरिकी डलर ११०४५२.०० को निर्यात प्रतितपत्रको वेनिफिसरी कटनरिच प्रा.लि. रहेको देखिन्छ। यस कम्पनीले पूर्व निर्यात कर्जा नं. ६१।४६ कर्जा चुक्ता नगरेको विषयमा मिति २०५५।६।२३ मा उत्तमकुमार नेपाल र मिति २०५५।७।९ मा शेरबहादुर थापाले ताकेता गरेको देखिन्छ। यसरी पार्टीले कर्जा चुक्ता नगरेको विषयमा आफैँले ताकेता गरिरहेको र कर्जा चुक्ता नभएको अवस्थामा कम्पनीको तर्फबाट मिति उल्लेख नगरी लक्ष्मीप्रसाद आचार्यले उक्त प्रतितपत्रको आधारमा कर्जा माग गरेको रकममध्ये रू. ५० लाख पुरानो कर्जा चुक्ता गर्न र बाँकी उद्योगको खातामा जम्मा गरी दिन अनुरोध गरेको देखिन्छ।

उक्त निवेदनको आधारमा मिति २०५५।८।२ को टिप्पणीमा कर्जा नं. ६१।०३, ६१।२४, ६१।२५ को जम्मा ९३,३८,७९५।– र ब्याज रू. २,१३,५७४।– रहेको शेरबहादुर थापालाई यस कर्जा शिर्षकमा प्रतिपार्टी/ग्राहक कर्जा सीमासम्म कर्जा उपभोग गराउने

प्रावधान रहेको कुरासमेत उल्लेख गरेको टिप्पणीमा "एक पटकको लागि पुरानो कर्जामा रू. ५० लाख जम्मा गर्ने गरी दिने र प्र. का बाट समर्थन गराउने" भनी तोक आदेश दिएबाट ऐ. मितिमा नै रू. ६६,७०,०००।– कर्जा प्रवाह भएको र २०५८ चैत्र मसान्तसम्म भाखा नाघेको साँवा रू. ६६,७०,०००।– र ब्याज रू. ३४,४७,३५१।– गरी जम्मा रू. १,०१,१६,३५१।– रकम बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याएको देखिएको छ। यो कर्जामा पार्टीले कर्जा लिएपछि साँवा ब्याजको कुनै पनि रकम भुक्तानी नगरेकोले बैंकका कर्मचारीहरूसँगको मिलेमतोमा लक्ष्मीप्रसाद आचार्यले बैंक कर्जाको नाममा भ्रष्टाचार गरे गराएको देखिएको छ । सो कर्जा तमसुकमा लक्ष्मीप्रसाद आचार्यले दस्तखत गरेको र ऐ. मितिमा नै रू. ६६,७०,०००।– को व्यक्तिगत धन जमानी दिएको देखिएकोले सो रकम कम्पनीको व्यवसायमा लगाइएको थियो भनी अनुमान गर्न सकिँदैन।

**<u>वि.पि. कर्जा नं. ६१/४२</u>**: कटनरिच प्रा.लि. का तर्फबाट लक्ष्मीप्रसाद आचार्यले मिति २०५५।६।८ को प्रतितपत्र नं. ०५/१९९७/७५३४ बाट अमेरिकी डलर १६८४८.०० को सामान पठाएको विवरण राखी डकुमेण्ट नेगोसिएट् गरिपाउँ भनी निवेदन दिएको देखिन्छ।

यस प्रतितपत्रको डिस्क्रिप्रेन्सी सीटमा निर्यात प्रतितपत्र फाँटबाट कर्मचारीहरूले कर्जा नं. ६१।०३ को रू. ६,१९,९४२।– को भाखा नाघिसकेको र पूर्व निर्यात कर्जा नं. ६१।२४ र ६१।२५ को जम्मा रू. ९३,३२,०००।– कर्जा प्रवाह भइरहेको देखाएको छ। त्यसैगरी बिल पर्चेजतर्फ कर्जा नं. ६१।२३ र ६१।३० को जम्मा अमेरिकी डलर ८७९४६.०० रकम विदेशी आयात कर्ताको बैंकले डिस्क्रिप्रेन्सी देखाई भुक्तानी प्राप्त नभएको कुरा उल्लेख भएको देखिन्छ। यसरी यस पार्टीलाई काठमाडौं अफिसको फण्डेड कर्जातर्फको अख्तियारी उल्लङ्घन गरी पूर्व निर्यात कर्जा शिर्षकमा मात्र जम्मा रू. ९९,५१,९४२।– कर्जा प्रवाह भएको र अमेरिकी डलर ८७९४६.०० को भुक्तानी नआएको अवस्थामा उत्तमकुमार नेपालले मिति २०५५।६।९ मा "यो प्रतितपत्रअन्तर्गत कर्जा बाँकी नरहने गरी नेगोसिएट गर्ने" भनी तोक आदेश दिएबमोजिम मिति २०५५।६।९ मा रू. ११,४५,६६४।– कर्जा प्रवाह गरेको र उक्त कर्जाको २०५८ चैत्र मसान्तसम्म भाखा नाघेको साँवा रू. ११,४५,६६४।– र ब्याज रू. ६,७८,७६३।– गरी जम्मा रू. १८,२४,४२७।– असुलउपर हुन नसकी बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याएको देखिएको छ।

नेपाल राष्ट्रि बैंकको प.सं. सि.वी. पास ९४-२।०४७ मिति २०४७।१२।१३ को निर्देशनको दफा (ख) को उपदफा ४ बमोजिम कर्जाको मूल्याङ्कन नै (Credit Appraisal) नगरी कर्जा प्रवाह गरेको र प्रतिग्राहक फण्डेड कर्जा रू. ७५ लाखको (धितो कर्जा रू. १ करोड) अख्तियारी सीमा उल्लङ्घन गरी यस कम्पनीलाई टि.आर. र पूर्वनिर्यात कर्जा शिर्षकमा रू. २,३९,३०,६००।०४ कर्जा प्रवाह गरेको र उक्त कर्जाको २०५८ चैत्र मसान्तसम्म साँवा रू. १,८९,३०,६०८।०४ र ब्याज रू. १,०२,८३,९३९।७५ गरी जम्मा रू. २,९२,१४,५४७।७९ बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याएको।

उद्योग सञ्चालक समितिको मिति २०५४।७।४ को निर्णयानुसार नेपाल बैंक लिमिटेड, काठमाडौं शाखाबाट एल.सी., जमानत तथा अन्य सबै प्रकारका कर्जा कारोबारका निम्ति लक्ष्मीप्रसाद आचार्यलाई अख्तियारी दिएको र चल्ती खाता सञ्चालन गर्न लक्ष्मीप्रसाद आचार्यसमेत दुई व्यक्तिको दस्तखत हुनुपर्ने निर्णय भएको निर्णयका आधारमा बैंकसँगको कर्जा तथा उपभोगका लागि निज लक्ष्मीप्रसाद आचार्यले पटकपटक गरी रू. १,९३,२६,९४४।०४ बराबरको व्यक्तिगत जमानी लेखिदिएको र अन्य चल

अचल सम्पत्ति धितो नलिएको हुँदा असुरक्षितरूपमा बैंकको हित विरूद्ध कर्जा सुविधा उपभोग गरे गराएको स्पष्ट हुन्छ।

लक्ष्मीप्रसाद आचार्य समूह र सोसँग सम्वद्ध फर्म/उद्योगलाई हाइपोथिकेशन कर्जा प्रवाह गर्दा कर्जा सापट निर्देशिका एवं कार्य प्रणाली २०५५ को दफा ४.७, ४.९, ४.१०, ४.११,४.१२, ४.१४, दफा ५.१, ५.३, दफा ६.१, ६.२, ६.४, दफा ७ को कर्जा सुरक्षणसम्बन्धी विविध व्यवस्था, दफा १२ को विविध व्यवस्था र कर्जा प्रदान भइसकेपछिका निरीक्षणसम्बन्धी व्यवस्था, दफा १४ को व्यवस्थाका ठाडो उल्लङ्घनका अतिरिक्त कर्जा प्रवाह गर्दा कर्जा व्यवस्थापनसम्बन्धी बैंकिङ प्रचलन र ने.रा. बैंकको प.सं.सि.बी.पास९४-२/०४७, मिति २०४७।१२।१३ को परिपत्रको खण्ड (४) को निर्देशनविपरीत कर्जाको अध्ययन र मूल्याङ्कन नगरी ठाडो तोक आदेशको भरमा बद्नियतपूर्ण ढङ्गले कर्जा प्रवाह गरी बैंकलाई गैरकानूनी हानि र पार्टीलाई गैरकानूनी लाभ पुर्‍याएको देखिन्छ । त्यस्तै विभिन्न फर्म तथा उद्योगहरूलाई बैंकको कर्जा निर्देशिका एवं कार्य प्रणाली, २०५५ को ट्रष्ट रिसिप्ट कर्जा शिर्षकअन्तर्गत कार्यविधिको दफा ३ मा टि.आर. कर्जा पाउन सक्ने ग्राहकहरू शिर्षकको “बैंकसँग प्रतितपत्रलगायत सबै किसिमका कारोबार सन्तोषजनक ढङ्गबाट गरिरहेका वरिष्ट ग्राहकहरू” भनी कहLF उल्लेख नभएको र यिनीहरूको कर्जा खाता र चल्ती खाताको स्टेटमेण्टमा पनि कारोबार नभएकोले बैंकका वरिष्ठ ग्राहकमा पर्न नसक्ने कुनै हैसियत नभएका भ्रष्ट व्यक्तिहरूलाई उनीहरूसँगको मिलोमतोमा कर्जा प्रवाह गरिएको छ । सोही निर्देशिकाको पूर्व निर्यात कर्जा शिर्षकमा “प्रतिष्ठित पार्टीको पूर्व कारोबार हैसियत हेरी प्रतितपत्रअनुसार डकुमेण्ट पेस हुनु अगावै प्रतितपत्र नै धितोको रूपमा लिई सुरक्षणसहित पूर्व निर्यात कर्जा दिइने छ” भन्ने व्यवस्थाको उल्लङ्घन गर्दै बैंक र निक्षेपकर्ताको हितविपरीतको कार्य गरी गैरकानूनी ढङ्गबाट पार्टीलाई लाभ पुर्‍याउने बद्नियतपूर्ण उद्देश्य राखिएको छ।

कर्जा प्रवाह गर्दा बैंकको कर्जा सापट निर्देशिका एवं कार्यप्रणाली, २०५५ को स्थिर तथा चालु पुँजी कर्जाको कार्यविधिसम्बन्धी निर्देशिकाको ३.३, ३.६, ३.७, ३.८, ३.९, ३.१०, ३.११, ३.१३, ३.१४ तथा दफा ४ कर्जा सीमा शिर्षकको उपदफा २ को व्यवस्था “कच्चा पदार्थ, अर्ध तयारी सामान, तयारी सामान, उधारो बिक्रीसहित गरी १ अपरेटिङ्ग साइकलका लागि चाहिने रकमसम्म कोटेसनहरू वा प्रोफर्मा इन्भ्वाइस पेस गरा@ वा पछि पेस गर्ने गरी उद्योगको अवस्था हेरी व्यवसायमा बैंक कर्जा र कर्जावालाले आफ्नो तर्फबाट गर्ने लगानीको अनुपात ६०:४० देखि ८०:२० को हिसाबले चालु पुँजी कर्जा स्वीकृत गर्न सकिने” व्यवस्था उल्लङ्घन गरी बद्नियतपूर्ण ढङ्गले कर्जा प्रवाह गरेको साथै ऋण प्रवाह गर्दा सुरक्षणसम्बन्धी व्यवस्थाको पनि उल्लङ्घन गरेको देखियो। त्यस्तै ओभर ड्राफ्ट कर्जा बैंकका अति विश्वासिला, पार्टीहरूलाई मात्र दिइनेमा कर्जा लिएपछि कहिले नतिर्ने आफ्नो वित्तीय स्वार्थ रहेका पार्टीलाई यो कर्जा उपलब्ध गराई बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याएको देखिन्छ।

**३. <u>विविध कानूनको उल्लङ्घन</u>:**

(१) बैंकको प्र.का. १ परिपत्र ५८।०८ मिति २०५२।४।८ को परिपत्रबमोजिम “जग्गा मात्र धितोमा लिने भएमा एक पार्टीलाई तराईको हकमा १० कट्ठा र अन्य क्षेत्रमा ७ रोपनी जग्गासम्मको मात्र मूल्याङ्कन समावेश गर्न सक्ने सीमा कायम रहने छ” भन्ने व्यवस्था उल्लङ्घन गरी लक्ष्मीप्रसाद आचार्य, राधिका ह्याण्डिक्राफ्ट र रोशन ह्याण्डिक्राफ्टको नाममा दर्ता भएका कमसल जग्गाहरू अत्यधिक मूल्याङ्कन गरी रू.१०,१०,३४,०००।– धितो स्वीकार गरेको । उक्त जग्गाको हालको प्रचलित मूल्य

रू.४,७१,६३,५६२।– मात्र भएबाट सुरक्षणमा दिए लिएका जग्गाहरूको अत्यधिक मूल्याङ्कन गरिएको र बद्नियतपूर्ण ढङ्गले कर्जा स्वीकृत गरी भ्रष्टाचार गरिएको पाइन्छ ।

(२) बैंकले सामान्यतया राजीनामाबाट पास गरेको जग्गाको हकमा "६ महिना ३५ दिन र बकसपत्र पास गरेको जग्गा २ वर्ष ३५ दिनभित्र मात्र स्वीकार गर्ने नीतिगत व्यवस्था बैंकको नं. १ म.प्र. का ६४।२१८ मिति २०५८।५।२२ को आयोगलाई जानकारी गराएको पत्रबाट देखिएको" हुँदा यस नीतिगत व्यवस्थाको उल्लङ्घन गरिएको ।

(३) बैंकमा कर्जा लगानी गर्नुपूर्व कर्जासम्बन्धी कार्यविधिविपरीतको कार्य गरी कर्जा लगानी गरेको साथै लक्ष्मीप्रसाद आचार्य समूह र सोसँग सम्वद्ध फर्म/उद्योगहरूको कर्जा लेजर तथा चल्ती खाताको स्टेटमेण्टबाट कर्जा रकम लिएपश्चात कारोबार नै नगरेको स्पष्ट हुन्छ । बैंकबाट प्रवाह भएको अधिकांश कर्जा लक्ष्मीप्रसाद आचार्य, निजको फर्म राधिका ह्याण्डिक्राफ्ट वा निज लक्ष्मीप्रसाद आचार्यको नियन्त्रणमा रहेको अच्युतप्रसाद रिजालका नाममा चेक काटी भुक्तानी हुन गई कर्जाको चरम दुरूपयोग भएको स्पष्ट हुँदा हुँदै पनि विभिन्न कर्जा शिर्षकहरूमा पटक पटक कर्जा थप गरी बैंकको हितविपरीतको कार्य गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी र पार्टीलाई गैरकानूनी लाभ पुर्‍याएको ।

**४. <u>अभियोग मागदाबी:</u>**

नेपाल बैंक लिमिटेडकै पूर्व कर्मचारी एवं निजका समूहलाई कर्जाको नाममा प्रवाहित गरिएको भनिएको रकमको स्थिति हेर्दा केवल रकम लिन बैंकमा खाता खोलिएको पाइयो । व्यापार उद्योग गरेपछि र माल वस्तु बिक्री गरेपछि हुने आम्दानीबाट त्यो रकम तिर्दै लगेको स्थिति देखिन्न । तिरेको भनिएका केही रकम पनि बैंकबाट तेस्रो पक्षको नाउँमा समेत फर्म/उद्योग दर्ता गराई नयाँ कर्जा लिई आफ्नो नाउँमा दर्ता भएका उद्योगको कर्जा तिरिएको देखियो । यस्तो तिर्नुको तात्पर्य पनि नाघेको कर्जामा सीमा (लिमिट) ननघाउने प्रयोजनको भएको पाइयो । जुन प्रयोजनको लागि कर्जा लिएको हो सोमा लगानी गर्नु परै रहोस् तिर्न बुझाउन पर्ला भनी कानूनतः प्राप्त सुविधाहरूलाई समेत गलत मनसायमा प्रयोग गरेको कुरा लक्ष्मीप्रसाद आचार्य समूहले आफ्नो उद्योगहरूलाई कालो सूचीमा नराख्न पुनरावेदन अदालत, पाटनबाट मिति २०५८।३।२२ मा अन्तरिम आदेश जारी गराएको र कर्जाको हिसाब गराई पाउँ भनी काठमाडौं जिल्ला अदालतमा मिति २०५८।३।१५ मा मुद्दा दायर गरेको क्रियाकलापले स्पष्ट पार्दछ ।

मूल कर्जावाला लक्ष्मी आचार्यसँग वित्तीय सम्बन्ध रहेका शेरबहादुर थापाले संयुक्तरूपमा जग्गा किनेको र सोही जग्गा हिमालयन बैंक लिमिटेड र नेपाल बंगलादेश बैंक लिमिटेडमा धितो राखी कर्जा लिएको, संयुक्तरूपमा ई.आई.सीं. प्राइभेट कम्पनी स्थापना गरी सञ्चालन गरेको पाइयो । अम्बरकुमार खड्काले लक्ष्मीप्रसाद आचार्यलाई ललितपुर फाइनान्स कम्पनी लिमिटेडको कर्जा उपलब्ध गराउन आफ्नो घर जग्गा सुरक्षणबापत धितो राख्न दिएको र अम्बरकुमार खड्काकी श्रीमती कालिका खड्का (आचार्य) र लक्ष्मीप्रसाद आचार्यसमेत मिली एकै समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी नेपाल घरेलु तथा साना उद्योग विकास बैंक स्थापना गर्न संस्थापक सेयरमा संयुक्तरूपमा लगानी गरेकोसमेत देखिन्छ । यी तथ्यहरूले लक्ष्मीप्रसाद आचार्यसँग शेरबहादुर थापा र अम्बरकुमार खड्काको स्पष्टरूपमा वित्तीय सम्बन्ध देखिएको हुँदा वाणिज्य बैंक ऐन,२०३१ को दफा १३ को उपदफा ५ उल्लङ्घन गरी लक्ष्मीप्रसाद आचार्य समूहलाई कर्जा प्रवाह गरेको पुष्टि भएको छ । सम्पत्ति धितो दिएको समेतबाट सार्वजनिक निकाय

नेपाल बैंक लिमिटेडको सर्वसाधारणको जम्मा रहेको रकमलाई आफैँले दिने आफैँले लिने बद्नियतपूर्ण स्थिति प्रस्टरूपमा देखा परेको छ । पार्टी र उसको समूहले लिएको कर्जाको स्थितिलाई लुकाउन कर्जाको वास्तविक स्थिति नदेखाउनु, फायलबाट मातहत कर्मचारीले कर्जाको सीमा नाघेको देखिएको टिप्पणीमा जनाउँदा पनि त्यसलाई नहेर्नु बद्नियतीकै स्पष्ट आधार हो ।

कर्जा स्वीकृत गर्ने अधिकारीहरू मध्येका अम्बरकुमार खड्का र शेरबहादुर थापाको वित्तीय सम्बन्ध रहेको यस समूहको कूल बाँकी कर्जा रू.१३,७०,६६,८२७।९० रकमका लागि बैंकको नियमानुसार न्यूनतम सुरक्षण रू. १७,६७,२५,९०९।१२ रकमको धितो आवश्यक पर्नेमा सोबमोजिम हालको प्रचलित बजार मूल्य रू. ४,७१,६३,५६२।५० रहेको हुँदा बद्नियतपूर्वक ढङ्गले कर्जा प्रवाह गरेको विषयमा विवाद देखिँदैन ।

नेपाल बैंक लिमिटेड, काठमाडौं अफिसको प्रमुख भई प्रतिवादी शेरबहादुर थापाले बद्नियतपूर्ण ढङ्गले कर्जा प्रवाह गर्दा बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याई आफूलाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरी आर्जित रकमबाट विभिन्न व्यक्तिहरूलाई रू. ८,००,०००।– आर्थिक सहायता दिएको कुरा निज आफैँले लेखेको डायरीबाट स्पष्ट हुन्छ ।

प्रतिवादी शेरबहादुर थापाको आयोगद्वारा घर खानतलासी गर्दा लक्ष्मीप्रसाद आचार्यका सही र छाप उक्त खाली लेटर प्याड फेला पर्नुका अतिरिक्त जफत गरिएका डायरीको विश्लेषण गर्दा करिब २ करोड रूपैयाँ व्यक्तिगतरूपमा लगानी गरेको, घर बनाउँदा केही सामग्रीको खरिद मूल्य मात्र ४५ लाखको हिसाब देखिनुलाई भ्रष्टाचारको स्पष्ट प्रमाण मान्नुपर्ने अवस्था छ । डायरीमा नेपाल बैंक लिमिटेडका कर्जावाला व्यक्तिलाई नै आफ्नो तर्फबाट पनि कर्जा दिएको पाइनुबाट भ्रष्टाचारीहरूको सो सहकार्य गम्भीरतम अपराध हो । यति मात्र नभई शेरबहादुर थापाले कर्जा स्वीकृत गरी दिएको बागमती ह्याण्डिक्राफ्टबाट भएको रू. ३० लाख कर्जा रकमलाई आफ्नो आम्दानी भनी डायरीमा उल्लेख गरी सो रकम विभिन्न व्यक्तिलाई आफ्नो तर्फबाट लगानी गरेको देखियो । कर्जा दिने अख्तियारी विभिन्न समितिलाई भएकोमा कतिपय कर्जा पहिले दिने पछि अनुमोदन गराउने स्थिति र अख्तियारी नै नभएका अम्बरकुमार खड्काले व्यक्तिगत तोक लगाई कर्जा दिलाएको स्थितिलाई बद्नियतको उल्लेखनीय नमुना मान्नु पर्दछ ।

मिति २०५५।९।१ मा नेपाल बैंक लिमिटेड, सञ्चालक समितिको नीति तथा व्यवस्था उपसमितिको बैठकले ५ करोडभन्दा बढी कर्जा स्वीकृत गर्न डा. प्रफुल्लकुमार काफ्ले, डा. विश्वम्भर प्याकुरेल, झरेन्द्र शमशेर ज.ब.रा., मुकुन्द प्र. अर्याल ४ जनाको कर्जा उपसमिति रहेको पाइयो । यो समितिको माइन्यूट बुकसमेत आयोगमा मगाई अध्ययन गर्दा बागमती उनी धागो कताई उद्योग प्रा.लि. लाई १ करोड कर्जा दिने र भत्ता बुझेको भरपाई सक्कलसमेत आयोगमा मगाई अध्ययन गरिँदा कर्जा प्रवाह गर्ने निर्णय भएको मिति २०५८।९।१ तत्कालीन सञ्चालक समितिका सदस्यहरूले बैंकलाई व्यवसायिकरूपमा सञ्चालन गर्न गराउनको सट्टा बद्नियतपूर्ण ढङ्गले कर्जा स्वीकृत गर्ने गराउने र तत्कालीन महाप्रबन्धक गौरीलाल श्रेष्ठ र नायब महाप्रबन्धक शेरबहादुर थापासमेतको अगुवाईमा बैंकभित्र संस्थागतरूपमा आरम्भ गरिएको भ्रष्टाचारको अपराधलाई यथासमयमा कारवाही नगरी श्री ५ को सरकारबाट मनोनित सञ्चालकहरूको बहुमत रहेको अवस्थामा पनि सोकार्य नगरी भ्रष्टाचारको अपराधलाई निरन्तरता दिएको देखिन्छ ।

माथिका विभिन्न प्रकरणहरूमा लिइएका जिकिरका अतिरिक्त केवल कर्जा दिने लिने



नेपाल कानून पत्रिका

प्रयोजन मात्रका लागि जग्गा खरिद गरी अत्यन्त बढी अस्वाभाविक मूल्याङ्कन गराई कर्जा लिनु दिनु, दृष्टिबन्धक पारित नै नगरी कर्जा लिनु दिनु, कर्जावालाले केवल कर्जा जम्मा गर्ने उद्देश्यले मात्र खाता खोल्नु र त्यसमा बैंक कर्जाबाहेक अन्य आम्दानी नदेखिनु, कर्जा रकम झिकेपछि खातामा कुनै कारोबार नहुनु, कर्जा लेजरतर्फ कर्जा प्रवाह गरेपश्चात अन्य कुनै कारोबार नगर्नु, ठूलो लेना बाँकी देखिँदादेखिँदै पटक पटक कर्जामाथि कर्जा थप्दै लगिनु, लेना उठाउने कुनै प्रयास नहुनु, स्टकसमेत कुनै कुराको निरीक्षण नगरी सिफारिस प्रतिवेदन खडा हुनु, कर्जा दिन सकिने कानूनी सीमा नाघी पटक पटक कर्जा दिँदै जानु ठाडो तोक आदेशबाट कर्जा दिनु, कर्जा दिँदा पार्टीले सो व्यवसाय गर्दा के कति आफ्नो लगानी गर्‍यो, परियोजना के हो त्यो केही सुरक्षण कर्जा दिनुबाट कर्जा लिने दिने कार्य व्यापार व्यवसाय कारोबारका लागि नभई लिने र खाने बैंकलाई कहिल्यै नतिर्ने अभिप्राय देखिनु, बैंकको कर्जा सापट निर्देशिका एवं कार्य प्रणाली, २०५५ र कर्जा व्यवस्थापनसम्बन्धी अन्य परिपत्रहरू लगायत प्रचलित नेपाल कानूनको ठाडो उल्लङ्घन गर्नु गराउनु, बैंकको निक्षेप दायित्वबाट जम्मा भएको कोषबाट कर्जा प्रवाह गर्दा कर्जा व्यवस्थापनको अन्तरष्ट्रिय मान्यता प्राप्त सिद्धान्तहरूको पालना नगरी कर्जा प्रवाह गर्ने नाममा उक्त कोषको चरम दुरूपयोग गरी रकम बाँड्नु, खानु, खुवाउनु जस्ता कार्य बद्नियतका स्पष्ट आधार हुन्।

**४.१ <u>प्रा.डा. विश्वम्भर प्याकुरेल, मुकुन्द प्र. अर्याल, डा.प्रफुल्लकुमार काफ्ले, झरेन्द्र शमशेर जबरा:</u>**

नेपाल बैंक लि. को सञ्चालक समिति तथा सो समितिअन्तर्गतको नीति तथा व्यवस्था उपसमितिसमेतको सदस्यको हैसियतले बागमती ऊनी धागो कताई उद्योगको चालु पुँजी रू. ६१।१८१ बाट रू. १ करोड स्वीकृत गर्दा सोसँग सम्बद्ध फर्म/उद्योगहरूले कूल उपभोग गरेको रकम र पार्टीको कारोबारको हैसियत नहेरी प्रस्तावमा उल्लिखित कैफियत, कर्मचारीको नकारात्मक टिप्पणी तथा सोलाई पुष्टि गर्ने कागजात फाइल संलग्न हुँदा हुँदै कर्जा माग गर्ने पार्टीका फाइल कागजातबाटै पार्टीको हैसियतसमेत देखिने नकारात्मक स्थिति स्पष्ट हुँदा हुँदै त्यसतर्फ वास्तै नगरी त्यस्ता कार्यहरूलाई समर्थनसमेत गरी वाणिज्य बैंक ऐन, २०३१ को दफा ६ कम्पनी ऐन, २०५३ को दफा ६६ अनुसार बैंक वा कम्पनीप्रतिको आफ्नो कर्तव्यसमेत पालना नगरी महाप्रबन्धकबाट पेस भएको प्रस्तावमा सम्बन्धमा बैंकको नीति नियमअनुसार कर्जा प्रवाह गर्दा निवेदकहरूले पेस गर्नुपर्ने परियोजनाको सम्भाव्यता प्रमाणलगायतका कागजात केही नहेरी बद्नियतपूर्ण ढंगले कर्जा स्वीकृत गरिएबाट बैंकलाई २०५८ चैत्र मसान्तसम्म रू. १,५८,२५,७०४।- गैरकानूनी हानि नोक्सानी, सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुग्ने कार्य गरी भ्रष्टाचार गरेकोले मुकुन्द प्रसाद अर्यालका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९, डा.विश्वम्भर प्याकुरेल र डा. प्रफुल्लकुमार काफ्लेको हकमा ऐ.ऐ. को दफा ७(२) र २९ तथा झरेन्द्र शमशेर जबराको हकमा ऐ.ऐ. को दफा ८ र २९ बमोजिम सजाय गरी बिगो असुल गरिपाऊँ।

**४.२ <u>गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, दिव्यकुमार अधिकारी र भवनाथ उपाध्याय:</u>**

महाप्रबन्धक स्तरीय कर्जा कमिटीका पदाधिकारीहरू गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, दिव्यकुमार अधिकारी, भवनाथ उपाध्याय र अम्बरकुमार खड्काले लक्ष्मीप्रसाद आचार्य समूहका राधिका ह्याण्डिक्राफ्ट र बागमती उनी धागो कताई उद्योगलाई स्थिर पुँजी कर्जा नं. ६०।११५ बाट १ करोड १० लाख, टि.आर. कर्जा नं. ६०।२०१ बाट

५८ लाख, टि.आर. कर्जा नं. ६१।३३० बाट १ करोड ५ लाख स्वीकृत गर्दा र चालु पुँजी कर्जा नं. ६१।१८१ बाट रू. १ करोड कर्जा स्वीकृतीको लागि सञ्चालक समितिसमक्ष सिफारिस गर्दा कर्जा लगानी गरिने परियोजना मुनाफामा सञ्चालन हुनसक्ने सम्भाव्य परियोजना होइन भन्ने स्पष्ट वस्तुगत आधारहरू फाइलमा संलग्न हुँदा हुँदै र कर्जावाला पार्टीको अरू विभिन्न फर्मका नाउँमा लिएका विभिन्न कर्जाहरूको साँवा ब्याज भाखा नाघिसकेको स्पष्ट हुँदा हुँदै तथा महाप्रबन्धक स्तरीय कर्जा कमिटीको अख्तियारी सीमा रू. ५ करोड मात्र भएकोमा पटक पटक सो सीमा नाघी कर्जा स्वीकृत गरेको र काठमाडौं बैंकिङ कार्यालयका कर्मचारीहरूले अख्तियारी उल्लङ्घन गरी प्रवाह गरेको कर्जासमेत बद्नियतपूर्ण ढंगले समर्थन गरी बैंकलाई रू. ४,१३,५९,८४०।०४ गैरकानूनी हानि नोक्सानी र कर्जावालालाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरी भ्रष्टाचार गरे गराएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम सजाय गरी बिगो असुल गरिपाऊँ।

**४.३ <u>तत्कालीन महाप्रबन्धक स्तरीय कर्जा कमिटीको सदस्य अम्बरकुमार खड्का:</u>**

महाप्रबन्धक स्तरीय कर्जा कमिटीको सदस्यको नाताले माथि उल्लिखित आपराधिक संलग्नताका अतिरिक्त प्रधान कार्यालय, कर्जा लगानी विभागका प्रमुखसमेत रहेका निज अम्बरकुमार खड्काले लक्ष्मीप्रसाद आचार्यसँगको वित्तीय स्वार्थ एवं मिलोमतोमा सो समूहभित्रका बागमती ऊनी धागो कताई उद्योगलाई सो समूहको कर्जा उपभोग रकम रू. ५ करोड नाघिसकेको अवस्थामा पनि काठमाडौं अफिसले प्रवाह गरेको टि.आर. कर्जा नं. ६०।११२ बाट रू. ९९,९७,७३३।२५ महाप्रबन्धक स्तरीय कर्जा कमिटीमा लगि सोमार्फत स्वीकृत गर्नुपर्नेमा आफूलाई अख्तियारी नै नभएको विषयमा आफैँले ठाडो तोक आदेशबाट कर्जा स्वीकृत गरेको, सोही उद्योगलाई स्थिर पुँजी, टि.आर. कर्जा स्वीकृत गर्दा र चालु पुँजी स्वीकृत गर्न सञ्चालक समितिसमक्ष पेस गर्ने कार्य जसरी भए पनि पार्टीलाई कर्जा दिलाउने बद्नियत राखी तथ्यसमेत लुकाई पेस गर्ने कार्य गरेको, राधिका ह्याण्डिक्राफ्टको टि.आर. कर्जा कमिटीबाटै बिना उद्योग, राधिका ह्याण्डिक्राफ्ट र बागमती ट्रेडर्स गरी तीन वटा उद्योगको मात्र नाम खुलाई ह्याण्डिक्राफ्टको नाम नखुलाई सो समूहले लिएको कूल कर्जा रकमलाई रू. ५ करोडभित्रै देखाउने बद्नियतपूर्ण कार्य गरेको तथा सो समूहसँग सम्बद्ध बागमती एपरल्सलाई स्थिर पुँजी पूर्व निर्यात कर्जा र टि.आर. कर्जा उपलब्ध गराउँदा र राधिका ह्याण्डिक्राफ्टलाई हाइपोथिकेशन, टि.आर., ओ.डी. कर्जा उपलब्ध गराउँदा प्रचलित कानून तथा नीति निर्देशन र निर्देशिकाविपरीत कार्य गरी कूल रू. ११,७९५५,६४६।८५ बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ७(२) अन्तर्गतको कसुर गरेकोले निजलाई उक्त ऐनको दफा ७(२) र २९ बमोजिम गरी बिगो असुल गरिपाऊँ।

**४.४ <u>तत्कालीन नायब महाप्रबन्धक शेरबहादुर थापा:</u>**

तत्कालीन नायब महाप्रबन्धक शेरबहादुर थापाले पार्टी लक्ष्मीप्रसाद आचार्यसँगको आफ्नो निजी वित्तीय स्वार्थ तथा सम्बन्धसमेतका आधारमा सो समूहका ४ उद्योगहरू तथा सोसँग सम्बद्ध अन्य ५ वटा फर्म कम्पनीहरूलाई बिना परियोजना तथा बिना सुरक्षण अख्तियारीको सीमा नाघी कर्जा प्रवाह गरेको, भ्रष्टाचारद्वारा आर्जित रकम व्यक्तिगतरूपमा विभिन्न प्रकारले लगानी गरेको र कम मूल्यको धितोलाई

अधिक मूल्याङ्कन गरी गराई र नरहे नभएको धितोलाई रहे भएको छ भनी सोको आधारमा आफ्नो वित्तीय स्वार्थ भएका व्यक्ति/फर्मलाई बद्नियतपूर्वक हाइपोथिकेशन कर्जा, टि.आर. कर्जालगायतका विभिन्न किसिमका कर्जा कार्यालयबाट भएका विभिन्न परिपत्र नीति निर्देशन, कर्जा अधिकारको दुरूपयोग गरी विभिन्न शिर्षकमा कर्जा स्वीकृत तथा प्रवाह गर्दा कूल रू. २१,३८,८०,३३६।६६ बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसुर गरेकोले उक्त ऐनको दफा ७(२) तथा २९ बमोजिम सजाय गरी बिगो असुल उपर गरिपाऊँ।

**४.५ <u>तत्कालीन सहायक मुख्य प्रबन्धक उत्तमकुमार नेपाल र कर्जा विभागका तत्कालीन विभागीय प्रमुख पुरूषोत्तमप्रसाद श्रेष्ठ:</u>**

यी प्रतिवादीहरूले लक्ष्मीप्रसाद आचार्य समूहका ४ फर्महरू तथा सोसँग सम्बद्ध अन्य ५ वटा फर्म/कम्पनीहरूलाई बिना अख्तियारी तथा बिना परियोजना कम मूल्यको धितोलाई अधिक मूल्याङ्कन गराई तथा नरहेको नभएको धितोलाई रहे भएको छ भनी सोको आधारमा आफ्नो वित्तीय स्वार्थ भएका व्यक्ति/फर्मलाई बद्नियतपूर्वक ढङ्गले हाइपोथिकेशन कर्जा, टि.आर. कर्जालगायतका विभिन्न किसिमका कर्जा केन्द्रीय कार्यालयबाट भएका विभिन्न परिपत्र नीति निर्देशन, कर्जा अधिकारको दुरूपयोग गरी विभिन्न शिर्षकमा कर्जा स्वीकृत तथा प्रवाह गर्दा कूल रू. २१,३८,८०,३३६।६६ बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसुर गरेकोले निजहरूलाई उक्त ऐनको दफा ७(२) र २९ बमोजिम सजाय गरी बिगो असुलउपर गरिपाऊँ।

**४.६ <u>प्रबन्धक इन्दिरा गुरूङ</u>**

नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयको कर्जा कमिटीको सदस्यको हैसियतले राधिका ह्याण्डिक्राफ्टले धितोमा दिने ललितपुर सैंबु र झापा गरामनीको जग्गालाई अत्यधिक मूल्याङ्कन गराई धितो सुरक्षणमा लिने र बागमती ओरियण्टल टिपिकलाई २८ लाख कर्जा प्रवाह गर्ने कार्यमा काठमाडौं बैंकिङ कार्यालयको कर्जा कमिटीको सदस्यको नाताले माइन्युट बुकमा सही गरी सो अवास्तविक र अनियमित कार्य गर्ने अपराधमा कर्जा प्रवाह भइसकेपछि सही गरी सहमति जनाएको, कर्जा प्रवाह भएको धेरै समयपछि सहमति सही गर्न नमानेकोमा नायब प्रबन्धकको दबाबबाट समर्थन जनाएको भनी आयोगसमक्ष बयान गरेको समेतका कारणबाट अपराधमा प्रत्यक्ष संलग्नता नरहे पनि मतियारको रूपमा संलग्नता रहेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसुरमा १६ क बमोजिम सजाय गरिपाऊँ।

**४.७ <u>कर्जा विभागका तत्कालीन इन्चार्ज र उपप्रबन्धक रजनीलोचनप्रसाद तण्डुकार:</u>**

रजनीलोचनप्रसाद तण्डुकारले लक्ष्मीप्रसाद आचार्य समूहको काठमाडौं र ललितपूरका विभिन्न जग्गाहरूको अत्यधिक मूल्याङ्कन गरी सो मूल्याङ्कनका आधारमा बैंकले रू. १,१०,००,०००।– मा दृष्टिबन्धक पास गरी लिएको आधारमा प्रवाहित कर्जा जोखिममा परेको र लक्ष्मीप्रसाद आचार्य समूहका ४ फर्महरू तथा सोसँग सम्बद्ध अन्य ५ वटा फर्म/कम्पनीहरूलाई बिना अख्तियारी तथा बिना परियोजना कम मूल्यको धितोलाई अधिक मूल्याङ्कन गराई तथा नरहे नभएको धितोलाई रहे भएको छ भनी सोको आधारमा बद्नियतपूर्वक ढङ्गले हाइपोथिकेशन

कर्जा, टि.आर. कर्जालगायतका विभिन्न किसिमका कर्जा प्रधान कार्यालयबाट भएका विभिन्न परिपत्र नीति निर्देशन, कर्जा निर्देशिका लगायतका बैंक सम्बन्धित प्रचलित नेपाल कानून पालना नगरी आफूलाई प्राप्त अधिकारको दुरूपयोग गरी कर्जा स्वीकृत तथा प्रवाह गरी कूल रू. १,०३,००,०००।– बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम सजाय गरी बिगो असुल उपर गरिपाऊँ।

**४.८ <u>चल्ती विभाग इन्चार्ज महन्तबहादुर महर्जन:</u>**

अप्पिनप्पा कार्पेट र मेची ह्याण्डिक्राफ्टलाई कर्जा रू. २०,००,०००।– प्रवाह गर्न कानूनतः नमिल्ने अवस्थामा सोसम्बन्धी बैंक नीति तथा नियमको उल्लङ्घन गरी चल्ती ओभरड्राफ्ट कर्जा कमिटीको सदस्यको हैसियतले सो कर्जा प्रवाह गर्ने कार्य गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम सजाय गरी बिगो असुलउपर गरिपाऊँ।

**४.९ <u>प्रबन्धक तीर्थराम श्रेष्ठ</u>**

बागमती ऊनी धागो उद्योग, राधिका ह्याण्डिक्राफ्ट र बागमती एपरल्सको नाममा विभिन्न मितिमा प्रतितपत्र खोल्दा बैंकको प्रधान कार्यालयको परिपत्र तथा निर्देशनविपरीत अख्तियारी तथा स्वीकृत प्रक्रिया उल्लङ्घन गरी प्रतितपत्र खोल्ने कार्यमा सम्म संलग्न रहेको तथा सो समूहले कर्जाबापत धितोमा दिने सुरक्षणको अत्यधिक मूल्याङ्कनलाई कर्जा कमिटीको सदस्यको हैसियतले सो कर्जा समर्थन जनाई बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याउने कार्यमा मतियारको रूपमा संलग्न रहेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसुरमा दफा १६क बमोजिम सजाय गरिपाऊँ।

**४.१० <u>कर्जा विभागका तत्कालीन इन्चार्ज र उपप्रबन्धक शशीकिरण श्रेष्ठ:</u>**

नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयको कर्जा कमिटीको सदस्य एवं कर्जा विभागको इन्चार्जको हैसियतले राधिका र रोशन ह्याण्डिक्राफ्टलाई पछि गर्ने कर्जा कारोबारको लागि सुरूमा नै धितो सुरक्षण दिएको काठमाडौं जिल्ला कपन, गौशाला, बालुवा सुन्तखान, झापा जिल्लाको अनारमुनी, ललितपुर खुमलटार र तिखेदेवलका कमसल जग्गाहरूको अत्यधिक मूल्याङ्कन गरी धितो सुरक्षणमा लिने कार्यमा संलग्न रहेको तथा केवल ३२ लाख धितो सुरक्षण भएको रोशन ह्याण्डिक्राफ्टको लागि बिना परियोजना रू. ६५,००,०००।– कर्जा प्रवाह गर्ने कार्यमा संलग्न रही बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम सजाय गरी बिगो असुलउपर गरिपाऊँ।

**४.११ <u>कृष्णबहादुर कारन्जित, रोशनमान जोशी, विष्णुराम श्रेष्ठ, नरेन्द्रमेहर श्रेष्ठ, पूर्णराम शर्मा दवाडी, लोकबहादुर श्रेष्ठ, सवललाल सिंह, प्रदीप चापागाई र पदमकुमार प्रधान</u>:**

विभिन्न कर्जाबापत बैंकको नाममा धितो सुरक्षण दिने लिने कार्यमा संलग्न रही जग्गा तथा स्टकमा रहेको मालसामानको मूल्याङ्कन गर्दा सम्बन्धित कर्जावालाहरूसमेतसँगको मिलेमतोमा देहायबमोजिम अत्यधिक मूल्याङ्कन गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याई र पार्टी तथा आफूलाई गैरकानूनी लाभ हासिल गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय गरी

देहायबमोजिमको बिगो असुल गरिपाऊँ ।

| कर्मचारीको नाम | जग्गाको मूल्याङ्कन | स्टक मूल्याङ्कन | जम्मा मूल्याङ्कन |
|---|---|---|---|
| | रू. | रू. | रू. |
| कृष्णबहादुर कारन्जित | ३,०३,५०,०००।- | १,००,९८,०००।- | ४,०४,४८,०००।- |
| रोशनमान जोशी | २,०१,००,०००।- | - | २,०१,००,०००।- |
| विष्णुराम श्रेष्ठ | ४४,००,०००।- | ४,५६,२६,०००।- | ५,००,२६,०००।- |
| नरेन्द्रमेहर श्रेष्ठ | १,७६,००,०००।- | १,७२,९८,०००।- | ३,४८,९८,०००।- |
| पुर्णराम शर्मा दवाडी | ३२,००,०००।- | - | ३२,००,०००।- |
| लोकबहादुर श्रेष्ठ | ५७,७५,०००।- | ७२,००,०००।- | १,२९,५०,०००।- |
| सवललाल सिंह | - | ४,५६,२६,०००।- | ४,५६,२६,०००।- |
| प्रदिप चापागाई | २५,००,०००।- | - | २५,००,०००।- |
| पदमकुमार प्रधान | ९०,००,०००।- | - | ९०,००,०००। |

४.१२ **प्रयागराज रन्जित, शैलेन्द्रकुमार शाक्य र पुरूषोत्तम मल्ल:**

बागमती ऊनी धागो कताई उद्योगलाई चालु पुँजी कर्जा र स्थिर पुँजी कर्जा स्वीकृत गर्ने सिलसिलामा उद्योगको स्थलगत निरीक्षण गर्दा नगरे नभएको कार्यलाई गरे भएको भनी कर्जावालाले बोल्ने कुरासमेत आफैँले बोली अनिवार्यरूपले अवलोकन गर्नुपर्ने आधार प्रमाण केही नहेरी पार्टीलाई गैरकानूनी लाभ पुर्‍याउने र बैंकलाई गैरकानूनी हानि पुर्‍याउने बद्नियतले झुट्ठो प्रतिवेदन दिएको र सोसमेतका आधारमा कर्जा प्रवाह भएको देखिँदा निजहरूका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय गरी निजहरूले दिएको प्रतिवेदनपश्चात् प्रवाह भएको कर्जाको रकमलाई देहायबमोजिम भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ बमोजिम बिगो असुलउपर पाऊँ ।

| सि.नं. | कर्मचारीको नाम | बिगो |
|---|---|---|
| १ | प्रयागराज रन्जित | रू. १,७९,४१,०१२।०९ |
| २ | शैलेन्द्र कुमार शाक्य | रू. १,५८,२५,७०४।०० |
| ३ | पुरूषोत्तम मल्ल | रू. १,५८,२५,७०४।०० |

४.१३ **बैंकको प्रधान कार्यालय, कर्जा लगानी विभागका प्रबन्धक सुरेशकुमार न्यौपाने:**

बागमती ऊनी धागो कताई उद्योगलाई स्थिर पुँजी कर्जा स्वीकृत गर्ने सिलसिलामा उठाइएको टिप्पणी रायमा लक्ष्मीप्रसाद आचार्य समूहको कूल कर्जा ५ करोडभन्दा बढी भएको देखिँदादेखिँदै सो कुरालाई बद्नियतपूर्वक लोप गरी तथ्य र कानूनविपरीत ३ करोड ७८ लाख कर्जा प्रवाह भएको देखाई र बागमती एपरल्सलाई स्थिर



सर्वोच्च अदालत

पुँजी कर्जा स्वीकृत गर्ने कार्यमा फायलबाट देखिएका तथ्यबाट कर्जा लगानी गर्न नमिल्ने स्थिति हुँदाहुँदै सोको विपरीत पार्टी र आफूलाई गैरकानूनी लाभ र बैंकलाई गैरकानूनी हानि पुर्‍याउने बद्नियतले रू. ८५ लाख कर्जा प्रवाह गर्न सिफारिस गरेको र सोही आधारमा कर्जा स्वीकृत भएकोबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय गरिपाऊँ । बिगोका हकमा निजले दिएको टिप्पणी रायअनुसारको रकम रू. १,९५,००,०००।– बैंकलाई हानि नोक्सानी भएबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ बमोजिम बिगो असुल गरिपाऊँ ।

**४.१४ <u>केशवलाल श्रेष्ठ, नरेन्द्रराज भट्टराई, एस.पी. श्रेष्ठ, टेकनाथ चम्लागाई डा.हरिवंश झा</u>**

इन्जिनियर तथा इन्जनियरिङ्ग फर्म तर्फबाट काय गर्ने व्यक्तिहरू: केशवलाल श्रेष्ठ, (बिगो रू.६४,९३,७५०।००), नरेन्द्रराज भट्टराई, (बिगो रू.२,८१,२८,५००।००), एस.पी. श्रेष्ठ, (बिगो रू.४७,८१,८६९।००), टेकनाथ चम्लागाई (बिगो रू.३८,०२,७५०।००), डा.हरिवंश झा (बिगो रू.६,४९,६१,५००।००) ले नेपाल बैंक लिमिटेडसँग गरेको सम्झौता बर्खिलाप गरी काठमाडौं, ललितपुर र झापा जिल्लाका विभिन्न जग्गाको अत्यधिक मूल्याङ्कन गरी सो मूल्याङ्कनका आधारमा बैंकबाट प्रवाहित कर्जालाई जोखिममा पारी बैंकलाई गैरकानूनी हानि र कर्जावाल तथा आफूलाई गैरकानूनी लाभ पुर्‍याउने कार्यमा संलग्न रहेकोले केशवलाल श्रेष्ठका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), नरेन्द्रराज भट्टराईका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र प्र.एस.पी. श्रेष्ठ, टेकनाथ चम्लागाई र हरिवंश झासमेतका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम सजाय गरी बिगो भराई पाऊँ ।

**४.१५ <u>लक्ष्मीप्रसाद आचार्य:</u>**

साबिकमा आफू नेपाल बैंक लिमिटेडको सेवामा रहँदा परिचित सहकारीहरूसँग मिलोमतो गरी काठमाडौं बैंकिङ कार्यालयका तत्कालीन प्रमुख शेरबहादुर थापा र सोही बैंकको प्रधान कार्यालय, कर्जा लगानी विभागका प्रमुख अम्बरकुमार खड्कासँग वित्तीय स्वार्थ रहने गरी संयुक्त नाममा जग्गा खरिद गर्ने, फर्म तथा कम्पनी दर्ता गर्ने, धितो एयरमार्क लिने दिने, खाली प्याडमा हस्ताक्षर गरी शेरबहादुर थापाका घरमा छोड्ने जस्ता कार्यहरू गरी निजहरूसँगको व्यवसायिक सम्बन्धलाई अनुचित प्रभावमा पारी विभिन्न फर्म तथा कम्पनीहरूका नाउँमा नतिर्ने मनसायले गैरकानूनी तवरले ठूलो रकम कर्जा लिई कर्जाको उद्देश्यअनुसारको कारोबारसमेत नगरी २०५८ चैत्र मसान्तसम्म कूल रू. २१,३८,८०,३३६।६६ बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याएको र आफू र आफू सम्बद्ध व्यक्तिहरूलाई गैरकानूनी लाभ लिए दिलाएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम सजाय गरी बिगो भराई पाऊँ । साथै, ऐ. को दफा १५ को कसुरमा १६ ग बमोजिम नेपाल बैंक लिमिटेडमा रहेको निजको नामको सेयर कित्ता २,५०० र नेपाल घरेलु तथा साना उद्योग विकास बैंकमा निज र निजको फर्म बागमती ट्रेडर्सका नाममा रहेको सेयर कित्ता ९०,००० समेतको सम्पत्ति जफत गरिपाऊँ ।

**४.१६ <u>रामप्रसाद पाण्डे, माला खड्का र चुम्बकबहादुर बुढाथोकी:</u>**

लक्ष्मीप्रसाद आचार्यसँगको मिलोमतोमा आफ्नो नाममा रहेको देहायबमोजिमको जग्गाको अत्यधिक मूल्याङ्कन गराई नेपाल बैंक लिमिटेडलाई धितो दृष्टिबन्धकी लेखिदिई सोका आधारमा प्रवाहित बैंक कर्जालाई जोखिममा पारी बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ

पुर्‍याउने कार्यमा मतियारको रूपमा संलग्न रहेको देखिँदा उल्लिखित प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसुरमा दफा १६ क बमोजिम सजाय गरिपाऊँ।

तपसिल

| सि.नं. | नाम | दृष्टिबन्धक दिएको जग्गा |
|---|---|---|
| १ | रामप्रसाद पाण्डे | काठमाडौं जिल्ला बालुवा सुन्तखान गा.वि.स. वडा नं. ९(घ) कि.नं. १७४ को २-८-२-० |
| २ | माला खड्का | काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका २३ (घ) कि.नं. ५३५ को ०-१४-०-० |
| ३ | चुम्बकबहादुर बुढाथोकी | झापा गरामुनी ५ कि.नं. ६६७ को ०-१८-११ विगाहा |

**४.१७ सरस्वती थापा, कालिका खड्का (आचार्य) र भक्ति उप्रेती:**

यी प्रतिवादीहरूले आ आफ्ना एकाघर सगोलका पति क्रमशः शेरबहादुर थापा, अम्बरकुमार खड्का र मोती उप्रेतीले नेपाल बैंक लिमिटेडको रकम भ्रष्टाचार गरी लिएको, प्राप्त गरेको रकमबाट आ आफ्ना नाममा घर जग्गासमेतका चल अचल सम्पत्ति खरिद र निर्माण गर्ने तथा बैंकिङ कम्पनीको संस्थापक सेयरवालाको हैसियतमा लगानी गरेको पाइएकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसुरमा ऐ. दफा १६ ग बमोजिम हाल फेला परेका प्रतिवादी सरस्वती थापाका नाउँमा रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १५ स्थित कि.नं. १७० क्षेत्रफल १-२-०-० जग्गा र सोमा बनेको घरसमेत प्रतिवादी श्रीमती कालिका खड्काका नाममा रहेको नेपाल घरेलु तथा साना उद्योग विकास बैंकको रू. १० लाखको सेयर, प्रतिवादी श्रीमती भक्ति उप्रेतीका नाममा रहेको नेपाल घरेलु तथा साना उद्योग विकास बैंकको रू. ५ लाखको सेयर जफत गरिपाऊँ।

**४.१८ अच्युतप्रसाद रिजाल, चिरञ्जिवी आचार्य, एपाची गाउन्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रन, भरतराज कोइराला, रूद्रप्रसाद भट्टराई, मोती उप्रेती, कृष्णप्रसाद लुइटेल:**

लक्ष्मीप्रसाद आचार्य र सम्बन्धित बैंक पदाधिकारीहरूसमेतको मिलोमतोमा धितोको अत्यधिक मूल्याङ्कन गरी गराई देहायका फर्म उद्योगहरूको नाममा विभिन्न शिर्षकहरूमा देहायबमोजिमको कर्जा प्राप्त गरी सोअनुरुपको कुनै परियोजना सञ्चालन नगरी समयमै तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बैंकलाई गैरकानूनी हानि नोक्सानी तथा आफूहरूलाई गैरकानूनी लाभ लिई पुर्‍याई भ्रष्टाचार गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम सजाय गरी बिगो असुल गरिपाऊँ।

१. रोशन ह्याण्डिक्राफ्ट (बिगो रू. ९९,९९,१३८) को साझेदारको हैसियतबाट कारोबार गर्ने तथा बागमती ऊनी धागो कताई उद्योग (बिगो रू.५,६७,६२,६१८।२९) को सञ्चालकको हैसियतबाट कारोबार गर्ने अच्युतप्रसाद रिजाल।
२. रोशन ह्याण्डिक्राफ्ट (बिगो रू. ९९,९९,१३८) को साझेदारको हैसियतबाट कारोबार गर्ने चिरञ्जिवी आचार्य।

३. कटनरिच प्रा.लि. (बिगो रू. ३,४१,५५६४२।७९) को सञ्चालकको हैसियतबाट कारोबार गर्ने एपाची गाउण्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रन।

४. अप्पिनप्पा कार्पेट (बिगो रू. १६,०२,०७५।०४) को प्रोप्राइटर, बागमती ऊनी धागो कताई उद्योग (बिगो रू. ५,६७,६२६१८।२९) को सञ्चालक तथा मेची ह्याण्डिक्राफ्ट (बिगो रू. ९७,८६,५००।-) को साझेदारको हैसियतबाट कारोबार गर्ने भरतराज कोइराला।

५. आर.पी. कार्पेट (बिगो रू. १,२९,१३,३८७।-) को प्रोप्राइटर हैसियतबाट कारोबार गर्ने रूद्रप्रसाद भट्टराई।

६. बागमती ओरियन्टल टिपिक (बिगो रू. १,७४,७६,४९७।०९) को प्रोप्राइटरको हैसियतबाट कारोबार गर्ने मोती उप्रेती।

७. बागमती एपरल्स (बिगो रू. ३,२४,००,७५७।४९) को प्रोप्राइटरको हैसियतबाट कारोबार गर्ने कृष्णप्रसाद लुईटेल।

साथै भरतराज कोइरालाको नाउँमा नेपाल बैंक लिमिटेडको ३०० कित्ता सेयर रहेको पाइएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसुरमा १६ ग बमोजिम जफत गरिपाऊँ।

**४.१९ <u>थप माग</u>:**

बैंक व्यावसायिक संस्था भएकोले गैरकानूनीरूपमा कर्जा प्रवाह भई सो समयमा असुल नहुँदा बैंकलाई मुद्रास्फ्रितीको कारणबाट बढ्न जाने हानि नोक्सानी परिपूर्तिका लागि कानूनद्वारा व्यवस्थित ब्याजलाई पनि हानि नोक्सानीकै अभिन्न अंग मान्नुपर्ने भएबाट उपरोक्तमा दाबी लिइएका ब्याजसहितको बिगोका अतिरिक्त सो निर्णय अन्तिम भई असुली हुँदाको दिनसम्मको ब्याजसमेतको रूपमा बैंकले पाउनुपर्ने रकमलाई हानि नोक्सानी मान्नुपर्ने भएबाट समेत नेपाल बैंक लिमिटेडलाई प्रतिवादीहरूलाई गरिने सजायकैरूपमा दिलाई पाउँ भन्नेसमेत व्यहोराको उजुरी प्रतिवेदन दाबी।

**५. प्रतिवादीहरूको विशेष अदालतमा भएको बयानको संक्षिप्त व्यहोराः**

**५.१ <u>प्रतिवादी हरिवंश झा</u>:**

यस मुद्दामा उल्लेख भएका जग्गा सम्पत्तिहरूको मूल्याङ्कन गर्ने अरविन्द नाथ ठाकुर नै हुन् र उनले गरेको मूल्याङ्कनअनुसारको मूल्याङ्कन बैंकमा पठाइएको हो। यस विषयमा यसै लगाउको फौ.द.नं. १५५ को भ्रष्टाचार मुद्दामा मैले आजै गरेको बयानको सम्पूर्ण व्यहोरा यस मुद्दामा पनि सोही व्यहोरा कायम गरी प्रमाण लगाई पाउँ र अभियोगबाट अलग फुर्सद दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी हरिवंश झाको अदालतमा भएको बयान।

**५.२ <u>प्रतिवादी इन्दिरा गुरूङ</u>:**

आवश्यक सुरक्षण कर्जालाई खाम्ने गरी एयरमार्क जनाई लिमिट कायम गर्ने कमिटीको निर्णय भएको, लिमिट कायम गर्दैमा कर्जा प्रवाह गर्ने आदेश होइन। मिति २०५५।२।१८ को कमिटीबाट ललितपुर जिल्ला सैंबुको जग्गा सुरक्षण पारित हुँदा सूचीकृत इन्जिनियरले गरेको मूल्याङ्कनभन्दा पनि ज्यादै कम गरी बैंकको हितलाई ध्यानमा राखी सुरक्षण पारित भएको हो। कर्जा प्रवाह र सुरक्षण पारित दुवै भिन्दाभिन्दै प्रक्रिया हुन्। असल नियतले कमिटीको निर्णयमा सही गरेको हुँ। म अधिकारप्राप्त व्यक्ति नभएको, मूल्याङ्कन गर्ने इन्जिनियर नभएको, निरीक्षण गर्ने अधिकृत नभएको, कर्जा प्रवाह गर्ने व्यक्ति पनि नभएको, उक्त कार्यसँग मेरो संलग्नता पनि नरहेको, अभियोगबमोजिमको कुनै कार्य मैले नगरेकोले म दाबीबमोजिम मलाई सजाय हुने होइन भन्ने व्यहोराको प्रतिवादी इन्दिरा गुरूङको अदालतमा

भएको बयान।

**५.३ <u>प्रतिवादी अम्बरकुमार खड्का:</u>**

कर्जा कमिटीमा मेरो हैसियत विभागीय प्रमुख हो । मेरो विभागीय अख्तियारबाट स्वीकृत गरेको बागमती एपरल्सको स्थिर पुँजी कर्जा रू. ८५ लाख मात्रै हो । रू. १ करोड कमिटीबाटै नियमअनुसार निर्णय भएको हो । कमिटीमा निर्णयार्थ फायलहरू पेस गरी दिन समूहको परिभाषासम्बन्धी नेपाल राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रहेर बैंक नियमानुसार खुलाई सम्पूर्ण कागजात नै निर्णयको लागि कमिटीमा पेस गरिने कमिटीबाट नै स्वीकृत गर्ने नगर्ने अधिकार कमिटीलाई नै हुने हुँदा मैले गलत विवरण पेस गर्यो भनी भनेको व्यहोरा झुट्टा हो। मैले अधिकार सम्पन्न कमिटी र सम्बन्धित निकायबाट भएको निर्णय कार्यान्वयन गरेमा त्यसको दोषी मैले हुनुपर्ने होइन। रू. ९९,९७,७३३।२५ टि.आर. कर्जा महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट निर्णय भएर मैले कार्यान्वयनसम्म गरेको हुँ। अभियोग पत्रको तालिका नं. २ को सि.नं. ५ को स्थिर पुँजी रू. ८५ लाख विभागीय प्रबन्धकको रू. १ करोडको अख्तियारी र रू. ६० लाख ७५ हजार पूर्व निर्यात कर्जा मुख्य प्रबन्धकको हैसियतले महाप्रबन्धकको स्वीकृतिसमेत लिई एल.सि. को आधारमा स्वीकृत गरेको बाहेक अरू तालिका नं. २ को कर्जा मेरो अख्तियारीबाट स्वीकृत भएको होइन। मैले कुनै गैरकानूनी काम गरेको छैन। मागदाबीबमोजिमको कसुर मैले गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी अम्बरकुमार खड्काले गरेको बयान।

**५.४ <u>प्रतिवादी लक्ष्मीप्रसाद आचार्य:</u>**

वाणिज्य बैंक ऐन, २०३१ अनुसार नेपाल बैंक लिमिटेडको सम्पूर्ण नियमको अधीनमा रही बैंकले मागेअनुसार अचल सम्पत्ति सुरक्षण लेखाई कर्जा सुविधा लिएको हुँ, यसमा मैले कुनै भ्रष्टाचारको कसुर गरेको छैन । मेरो नाममा राधिका ह्याण्डिक्राफ्टस, बागमती ट्रेडर्स र बागमती ट्रेडर्स नाम गरेका उद्योगहरू छन्। मैले नेपाल बैंक लिमिटेडबाट राधिका ह्याण्डिक्राफ्टसका नाममा रू. २ करोड २५ लाख हाइपोथिकेशन कर्जा, लिमिट रू. १ करोड, टि.आर. कर्जा, रू. १५ लाख, ओभरड्राफ्ट कर्जा, रू. ८ लाख हाइपो कर्जा तथा रू. ५० लाख धितो कर्जा लिएको छु तथा बागमती ट्रेडर्सबाट नेपाल बैंक लिमिटेड, वितमोड शाखाबाट उपभोग गर्ने गरी रू. ४० लाख धितो कर्जा लिएको छु। बागमती ट्रेडर्सलाई चालु पुँजीको अभाव भएअनुरूप नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा लगानी विभागको स्वीकृति लिएर राधिका ह्याण्डिक्राफ्टसमा फाजिल लिमिट धितो कर्जा रू. ५० लाख बिर्तामोड शाखामा बागमती ट्रेडर्सको नाममा सारी रू. ९० लाखको कूल धितो कर्जा लिमिट लिएको थिए। यसमा पछि गएर राधिका ह्याण्डिक्राफ्टसको हाइपोथिकेशन कर्जा रू. १ करोड जम्मा गरेको छु । नेपाल बैंक लिमिटेड, बिर्तामोड शाखामा उपभोग गरेको रू. ९० लाख लिमिटमा करिब रू. ६० लाख कर्जा लिएको छ। उक्त कम्पनीले लिएको कर्जा मेरो आफ्नो समूहमा पर्ने भएकोले मैले सकार गरेको छु। साथै मैले राधिका ह्याण्डिक्राफ्टसबाट राधिका ह्याण्डिक्राफ्टसको नाममा हिमालयन बैंक, ठमेल शाखाबाट, बंगलादेश बैंक, पुतली सडक शाखाबाट, नेपाल सिलोन बैंक, बागबजारबाट हाइपोथिकेशन, ओभरड्राफ्ट, टि.आर. गरी जम्मा अन्दाजी साढे ४ करोड लिएको छु। त्यसपछि बागमती ट्रेडर्सको नामबाट पूर्व निर्यात कर्जा रू. १ करोड सिलोन बैंकबाट र ललितपुर फाइनान्सबाट राधिका ह्याण्डिक्राफ्टसको नाममा रू. १५ लाख लिएको छु। जहाँसम्म नेपाल बैंक लिमिटेडको कर्जा कारोबारको प्रश्न छ बैंकिङ अफिस काठमाडौंबाट भएको लगानीको सन्दर्भलाई लिएर नेपाल बैंकले आफूले गरेको कर्जा लिमिट कारोबार बन्द गरी समूहसम्बन्धी कर्जा रकमसम्बन्धी खिचोला उठाएपछि आफूले बाध्य भई

जिल्ला अदालत, काठमाडौंमा तिर्नुपर्ने रकम यकिन गराई पाउन र समूह किटान गराई पाउनको लागि मुद्दा दायर गरेको छु । मैले माथिका दफामा उल्लिखित उद्योगहरू मार्फत गलैंचाको निर्यात तथा उत्पादनमा हुने ऊन तथा तयारी पोशाक निर्यात गरी अन्दाजी वार्षिक १ अरब रूपैयाँको टर्न ओभर गर्छु । यसो गर्दा गर्दै उद्योगको उद्देश्यअनुरूप काम नगरेको भन्न मिल्दैन । अचल सम्पत्ति मूल्याङ्कन गर्ने नेपाल बैंकको आफ्नै प्रणाली र प्रक्रिया छ सोहीअन्तर्गत मूल्याङ्कन भएको हो । बैंकिङ प्रणालीमा बैंकहरूको आपसी सहमतिमा एउटै धितो Second Charge बापत दोहोरो लेखाई लिने प्रचलन छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम कुनै गैरकानूनी लाभ लिएको भन्ने आरोप झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मीप्रसाद आचार्यको अदालतमा भएको बयान ।

**५.५ प्रतिवादी शेरबहादुर थापा:**

मैले काम कारवाही बैंकको नीति निर्देशनको अधीनमा रही गरेको हुँ । दाबीबमोजिम भ्रष्टाचार गरेको होइन । साँवा १३ करोड चानचुन अनियमितपूर्वक लगानी भएको भन्ने अभियोग लगाइएको छ सो नभई उक्त रकममध्ये ७ करोड चानचुन लक्ष्मी समूहलाई प्रधान कार्यालयको निकासाबमोजिम विभिन्न शिर्षकमा लगानी भएको हो । जुन म एक्लो व्यक्तिबाट लगानी हुने नभई बैंकले तोकेको अधिकृत कर्मचारीहरूको संलग्नताको आधारमा तोकिएको सर्तहरूको पालना गर्न लगाई लगानी गर्ने गरिन्छ । रू. १३ करोडमध्ये करिब ६ करोड विभिन्न व्यक्तिहरूको नाममा काठमाडौं अफिसलाई प्राप्त अख्तियारीभित्र रही कर्जा लगानी भएको हो । सम्पूर्ण कर्जाहरूमा बैंकले धितो लिन आवश्यक भनेकोमा धितो लिइएको छ । बिना धितो सुरक्षण कर्जा लगानी भएको छैन । कर्जा सीमा पनि उल्लङ्घन गरेको छैन । धितोलाई अधिक मूल्याङ्कन गरेको छैन । बरामद गरिएको भनिएको दायरी थान ४ मेरो आफ्नै हो । यो मेरो निजी मात्र नभएर बैंकको कारोबार स्मरण गर्न लेखिएको विवरण हो । कर्जावाला फर्महरूको खाली लेटर प्याडहरू मेरो होइन भन्नेसमेत व्यहोराको प्रतिवादी शेरबहादुर थापाको अदालतमा भएको बयान ।

**५.६ प्रतिवादी रजनी लोचनप्रसाद तण्डुकार:**

जग्गाहरूको अधिक मूल्याङ्कन भए गरेको छैन । बैंकबाट भएको परिपत्र निर्देशनहरूको परिधिभित्र रही स्थलगत निरीक्षण गरी मूल्याङ्कन प्रतिवेदन पेस गरेको हो । प्राप्त अधिकारको दुरूपयोग नगरी असल नियतले बैंकको हित चिताई गरेको कार्य हुँदा मेरो बद्नियत छैन । मैले उल्लिखित १,०३,००,०००।– रूपैयाँ हानि नोक्सानी हुने कार्य नगरेकोले मलाई बिगोबमोजिम जरिवाना र बिगो भराई दिने हुनुपर्ने होइन । तसर्थ, मलाई यस मुद्दाबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रजनी लोचनप्रसाद तण्डुकारको अदालतमा भएको बयान ।

**५.७ प्रतिवादी उत्तमकुमार नेपाल:**

बैंकको नीति, निर्देशन, परम्परा, व्यावसायिक सोचको सीमा नाघेर मैले कुनै कार्य गरेको छैन । सूचीकृत इन्जिनियर तथा बैंक अधिकृतहरूबाट पेस गरिएको मूल्याङ्कनलाई आधार मानी सोमा नबढ्ने गरी कमिटीबाट मूल्य निर्धारण गरी सोही कायम हुने हुँदा मैले भौतिक अवस्था हेर्नु नपर्ने र कमिटीबाटै तोकिएको मूल्यमा पास गर्ने कुरा अनुरोध गर्दछु । धितो सामानको हकमा कमिटीमा पेस हुँदा सम्बन्धित विभागबाट अधिकृतहरू र कर्मचारीबाट निरीक्षण प्रतिवेदन मूल्यसमेत राखी विभागका अधिकृतबाट पेस भई कमिटीमा निर्णय हुने हुँदा मैले भौतिक अवस्था वा मूल्य हेरी रहनु नपर्ने भएकोले मबाट नरहे नभएको धितोलाई रहे भएको भनी हाइपोथेटिकल

कर्जा, टि.आर. कर्जा लगायतका अन्य किसिमका कर्जा सुविधा कसैलाई पनि नदिएको व्यहोरा अनुरोध गर्दछु । आरोपित कसुर झुट्ठा भएकोले उक्त उजुरी प्रतिवेदन खारेज गरी यस मुद्दाबाट फुर्सद पाउँ भन्ने प्रतिवादी उत्तमकुमार नेपालको अदालतमा भएको बयान।

**५.८ <u>प्रतिवादी विष्णुराम श्रेष्ठ:</u>**

मैले बैंकको नीति निर्देशनमा रही बैंक नियमबमोजिम गरेको छु । दाबीबमोजिमको भ्रष्टाचार गरेको छैन । यस मुद्दामा धितो सुरक्षण लिँदा स्थलगत निरीक्षणमा गएको र सामानको स्टक पनि के कति छ भनी निरीक्षण गरी प्रतिवेदन पेस गरेको थिएँ । निरीक्षण गर्दा ठूलो परिमाणका सामानहरू भएकोले एक एक गरी गिन्ती गर्न असम्भव भएकोले मोटामोटी हिसाबले यति थान जति हुन्छ भनी अनुमान गरी उक्त सामानको बजार भाउ बुझी स्टक निरीक्षणको प्रतिवेदन पेस गरेको थिएँ। मलाई लगाइएका आरोप झुट्ठा हुन् सफाई पाउनु पर्दछ भन्ने प्रतिवादी विष्णुराम श्रेष्ठले अदालतमा गरेको बयान।

**५.९ <u>प्रतिवादी रोशनमान जोशी:</u>**

बैंकको नीति, निर्देशन, नियमानुसार नै मैले काम गरेको हुँ। भ्रष्टाचार गरेको भनी दायर भएको उजुरी प्रतिवेदन झुट्ठा हो । मलाई विभागीय प्रबन्धकले घर जग्गाको स्थलगत निरीक्षण गर्न खटाइएकोमा स्थानीय ठाउँमा गई त्यस ठाउँको जग्गाको हकमा सोही ठाउँको बासिन्दासँग चलन चल्तीको भाउ बुझी इन्जिनियरले पेस गरेको भाउसमेत हेरी बैंक व्यवसायको हित चिताई असल नियतले प्रतिवेदन पेस गरेको हो। धितो लिने नलिने सम्बन्धमा बैंकको कर्जा कमिटीको निर्णयबाट हुने भएकोले मलाई दोषी ठहऱ्याउन मिल्दैन। बागमती ओरिएन्टल टिपिक उद्योग सञ्चालन भएको छ, छैन भनी अह्राइ पठाएको थियो । मसमेत कपन गा.वि.स. वडा नं. १ मा बनेको घर कम्पाउण्ड (लक्ष्मीप्रसाद आचार्यको घरमा) मा उद्योग सञ्चालन भएको भनी निरीक्षण प्रतिवेदनमा उल्लेख गरी मसमेतले प्रतिवेदन दिएका थियौं । उक्त समयमा उद्योग सञ्चालन भई रहेको नै थियो । स्थानीय व्यक्तिहरूसँग बजार भाउ बुझी निरीक्षण प्रतिवेदन पेस गरेको हो। मबाट आरोपित कसुरअनुसार बिगो असुल हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी रोशनमान जोशीको अदालतमा भएको बयान।

**५.१० <u>प्रतिवादी शशिकिरण श्रेष्ठ:</u>**

राधिका ह्याण्डिक्राफ्टसको मैले धितो सुरक्षण लिएको भन्ने दाबीका हकमा काठमाडौं जिल्ला कपन गा.वि.स. वडा नं. १ को कि.नं. ३३० को सुरक्षणबाट मैले कुनै कर्जा प्रवाह गरेको छैन । कर्जा कमिटी गठन भएको अवस्थामा मैले सचिवको हैसियतले माइन्यूट लेखी सम्बन्धित फाँटमा कारवाहीको लागि दिने गर्दथेँ अन्य कुनै दायित्व स्पष्ट गरी मलाई दिएको छैन । यसरी बैंकलाई हानि नोक्सानी र पार्टीलाई फाइदा हुने कुनै कार्य मैले नगरेकोले मलाई सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी शशिकिरण श्रेष्ठले अदालतमा गरेको बयान।

**५.११ <u>प्रतिवादी लोकबहादुर श्रेष्ठ:</u>**

पार्टीले हाइपोथिकेशन कर्जा पाउनका लागि पेस गरेको स्टक विवरण तथा कर्जा विभागले स्टक निरीक्षणको लागि दिएको आदेशपत्र लिई बागमती ओरियन्टल कपनस्थित कारखानामा तथा गोदाममा गई निरीक्षण गर्दा स्टकअनुसारको सामान पाइएकोले जे जति सामान थियो सोको विवरणसहित बजार मूल्य बुझी प्रतिवेदन दिएको हुँ। बैंक हितलाई ध्यानमा राखी स्टकबमोजिमको मूल्याङ्कनलाई १०% ले घटाई दिए हुने भन्ने प्रतिवेदनमा उल्लेख गरेको हौं । असल नियतले यथार्थ व्यहोराको प्रतिवेदन दिएकोले

अभियोगदाबीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी लोकबहादुर श्रेष्ठले अदालतमा गरेको बयान।

**५.१२ प्रतिवादी केशवलाल श्रेष्ठ:**

म बैंकको सूचीकृत इन्जिनियर भएकाले बैंकसँग कर्जा लिन चाहने पार्टीले दिएको जेथाको मूल्याङ्कन गर्ने कार्य गरेको हुँ । मूल्याङ्कन गर्दा तत्कालको चलन चल्तीको दररेट, सोधपुछ गर्ने, धितोको जग्गाको पूर्वाधारहरू सडक, पानी, बत्ती, टेलिफोन आदि धितोको व्यापारिक उपयोगितालाई समेत ध्यानमा राखी मूल्याङ्कन गरिएको हो। हामीले गरिदिएको मूल्याङ्कनअनुसार बैंकले ऋण प्रवाह गर्ने नगर्ने भन्ने बैंकको कुरा हो । मैले कुनै त्यस्तो बद्नियतसाथ मूल्याङ्कन गरेको नभएकोले मलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी केशवलाल श्रेष्ठले अदालतमा गरेको बयान।

**५.१३ प्रतिवादी महन्तबहादुर महर्जन:**

अप्पिनप्पा कार्पेटको टि.आर. कर्जाको साँवा ब्याज बाँकी रहेको जानकारी दिँदा बैंक प्रमुखले १५ दिनभित्र चुक्ता गराउने कागज गराई दिने भन्ने आदेश गरेकोले ओ.डी. विभागबाट कागज गराएको, कर्जा कमिटीको माइन्यूटमा समेत उल्लेख गरी बैंक प्रमुखलगायत सबैले समर्थन गरेकोले कर्जा कमिटीको सदस्यको हैसियतले माइन्यूटमा सही गरेको हुँ । मेची ह्याण्डिक्राफ्टसको सम्बन्धमा विभागले कर्जाको म्याद बाँकी रहेको, पाकेको ब्याज बक्यौता रहेको भन्ने जानकारी गराएकोमा बक्यौता ब्याज चुक्ता गराई ओ.डी. प्रवाह गरिएको हो मैले कुनै गैरकानूनी कार्य नगरेकाले मलाई सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी महन्तबहादुर महर्जनले अदालतमा गरेको बयान।

**५.१४ प्रतिवादी नरेन्द्र राज भट्टराई:**

हामीले गरेको मूल्याङ्कन प्रतिवेदन मान्न बैंक बाध्य हुँदैन। म बैंकको एप्रुभ लिष्टमा रहेको कारण सयौं धितो मूल्याङ्कन गरे हुला संख्या यकिन भन्न सकिएन, मूल्याङ्कन गर्दा जग्गाको संरचना, पूर्वाधार, जग्गाको व्यवसायिक महत्त्व आदिका आधारमा मूल्याङ्कन गरी प्रतिवेदन दिने गरिन्छ । आरोपित कसुर मैले गरेको छैन। मउपरको आरोप झुट्ठा हो भन्ने व्यहोराको प्रतिवादी नरेन्द्र राज भट्टराईले अदालतमा गरेको बयान।

**५.१५ प्रतिवादी भवनाथ उपाध्याय:**

भवानीदेवी शर्माको अनुपस्थितिमा निज हाजिर नभएसम्मका लागि म कर्जा उपसमितिमा थिएँ। २०५५।११।४ को निर्णय भनिएको लिखतमा रायसहितको सही गरे तापनि सोबारे कुनै निर्णय भएको छैन । महाप्रबन्धकको निर्णय हेरी आफैँले समर्थन गर्ने वा सञ्चालक समितिसमक्ष पेस गर्ने भन्नेमा महाप्रबन्धकको अधिकारको कुरा हो । सञ्चालक समितिसमक्ष सिफारिस पेस गर्ने अधिकार मेरो नभई महाप्रबन्धकको हो। त्यसैले सिफारिस नगरेको भन्ने व्यहोराको अभियोग मउपर लाग्ने होइन । मेरो कुनै किसिमको बद्नियत नरहेको र मैले कसुर नगरेकोले मलाई अभियोग दाबीबमोजिम सजाय हुने होइन भन्ने व्यहोराको प्रतिवादी भवनाथ उपाध्यायले अदालतमा गरेको बयान।

**५.१६ प्रतिवादी डा.विश्वम्भर प्याकुरेल:**

रू. ५ करोडसम्मको कर्जा स्वीकृत गर्ने अख्तियारी सञ्चालक समितिले महाप्रबन्धकलाई सुम्पेको हो । ब्याज असुल गर्न बाँकी देखिएपछि उपसमितिले निर्णय गर्दा सम्पूर्ण समूहकै ब्याज चुक्ता गराई लिई परियोजनाको स्थिर सम्पत्ति सुरक्षणले

बैंक नियमानुसार कभर गराई लिई रू. १ करोड कर्जा प्रवाह गर्ने भनी ससर्त निर्णय कमिटीबाट भएको हो । व्यवस्थापनले परियोजनाको मेरिटको आधारमा सञ्चालक समितिले दिएको निर्देशनअनुरूप सम्भाव्यता अध्ययन गरी ऋण स्वीकृत गर्ने परिपाटीअनुरूप ऋण स्वीकृत गरिएको हो । यसरी सम्पूर्ण प्रक्रिया पूरा गरी कानूनबमोजिम नै ऋण प्रवाह गरेकोले उपसमितिको तथा मेरोसमेत कुनै बद्नियत छैन । मैले संस्थाकै हितका लागि काम गरेको र कुनै मेरो बद्नियत नभएकोले अभियोगदाबीबाट सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी डा.विश्वम्भर प्याकुरेलले अदालतमा गरेको बयान ।

**५.१७ <u>प्रतिवादी मुकुन्दप्रसाद अर्याल:</u>**

रू.५ करोडसम्मको कर्जा स्वीकृत गर्ने अख्तियारी सञ्चालक समितिले महाप्रबन्धकलाई सुम्पेको हो । ब्याज असुल गर्न बाँकी देखिएपछि उपसमितिले निर्णय गर्दा सम्पूर्ण समूहकै ब्याज चुक्ता गराई लिई परियोजनाको स्थिर सम्पत्ति सुरक्षणले बैंक नियमानुसार कभर गराई लिई ससर्त कर्जा स्वीकृत गरिएको हो । उपसमितिलाई प्राप्त प्रस्तावमा स्टाटिक ७८ लाख २० हजार डलर खाता मार्क गरी उपभोग गर्ने गरी कर्जा प्रदान गरिएको हुँदा लिमिट कायम नगरिएको र स्वीकृत फण्डेड कर्जाको जम्मामा नगाभिएको भनी स्पष्ट उल्लेख नभएकोले लिमिट नाघेको भनी भन्न मिल्दैन । मैले कुनै बद्नियतपूर्ण कार्य नगरेको बैंकको नियमानुसार कार्य गरेकोले मउपर सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी मुकुन्दप्रसाद अर्यालले अदालतमा गरेको बयान ।

**५.१८ <u>प्रतिवादी एस.पी. श्रेष्ठ:</u>**

बैंकको निर्देशनअनुसार जग्गाको मूल्याङ्कन गर्दा चलन चल्तीको मूल्यको आधारमा मूल्याङ्कन गर्ने भनी निर्देशन भए तापनि मैले बैंकको हितको लागि चलन चल्ती मूल्यको ७५% र मालपोत कार्यालयको रजिस्ट्रेसन पास दररेटको २५% लिई जम्मा हुने दररेटबाट जग्गाको मूल्याङ्कन गरेको हो । मैले बढी मूल्याङ्कन गरेकै होइन, छैन । कर्जावालालाई बढी लाभ र बैंकलाई हानि पुर्‍याउने मेरो बद्नियत पनि होइन, छैन । मैले अभियोगदाबीबमोजिम सजाय पाउनु पर्ने होइन भन्ने व्यहोराको प्रतिवादी एस.पी. श्रेष्ठले अदालतमा गरेको बयान ।

**५.१९ <u>प्रतिवादी चुम्बकबहादुर बुढाथोकी:</u>**

म जग्गाको कारोबार गर्ने मानिस हुँ । लक्ष्मी आचार्य मेरा चिनजानका मानिस भएका र निजले ऋण निकाल्नका लागि जग्गा दिनुहोस् भन्दा जिल्ला झापा गरामुनी गा.वि.स. ५ को कि.नं. ६६७ को ०-१८-११ को प्लटिङ भएको बिक्री मूल्य प्रति कट्ठा रू. १,५०,०००।– देखि रू. २,५०,०००।– सम्म बिक्री भई रहेकाले सो जग्गा लक्ष्मी आचार्यलाई कुनैपनि पैसा नलिई धरौट राख्न दिएको हुँ । उक्त जग्गा कमसल जग्गा होइन । हाल पनि लिलाम गर्दा उक्त जग्गाबाट बैंकको रकम उठ्दछ । हालसम्म पनि मैले उक्त जग्गा पाएको छैन । यसरी बैंकलाई गैरकानूनी हानि पुर्‍याउने नियत मेरो नभएकोले अभियोग दाबीबाट सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी चुम्बकबहादुर बुढाथोकीले अदालतमा गरेको बयान ।

**५.२० <u>प्रतिवादी दिव्यकुमार अधिकारी:</u>**

कर्जा कमिटीले टि.आर. स्वीकृति दिएको अवस्थामा कर्जा रू. ५ करोडमा नबढ्ने गरी बैंक नियमबमोजिम बागमती ऊनी धागोको परियोजनाअन्तर्गतको कर्जा सुरक्षित पारी रीतपूर्वक व्यक्तिगत जमानत लिई उपभोग गराउने गरी टि.आर. कर्जा स्वीकृत गरिएको हो । प्रधान कार्यालय, लगानी विभाग महाप्रबन्धक स्तरीय कर्जा कमिटीमा पेस गरेको टिप्पणीमा राधिका ह्याण्डिक्राफ्टसको ओभर ड्राफ्टको

रू. ७८ लाख २० हजार विदेशी मुद्राको डलर खाता एयरमार्क गरी दिएकाले लिमिटअन्तर्गत समावेश नहुने, त्यसै गरी टि.आर. कर्जा दिँदा थप मार्जिनबापत नगद लिनुपर्ने २५% को रू. १४ लाख ५० हजार, पुरानो बाँकी रू. ७५, लाख ४७ हजार चुक्ता गराउनु पर्नेमा सो रकमहरूसमेत कूल कर्जा रकममा समावेश गरी देखाउँदा रू. ५ करोडमा बढ्न गएको देखिएको हो। वास्तवमा उल्लिखित रकमहरू कटाउँदा कूल कर्जा लिमिट ४ करोड ३५ लाख ४८ हजार मात्र हुन आउने हुन्छ। टि.आर. अन्तर्गतको रू. ५८ लाख स्वीकृत गर्दा पनि कूल कर्जा रकम ५ करोडमा नबढ्ने हुँदा अख्तियारी नाघी टि.आर. कर्जा प्रवाह गर्‍यो भन्ने व्यहोरा झुट्ठा हो। म्याद नाघेको सन्दर्भमा सम्बन्धित शाखा नै जिम्मेवारी हुने हुँदा मउपर लगाएको अभियोग झुट्ठा भएकाले मैले अभियोग दाबीबाट फुर्सद पाउँ भन्ने व्यहोराको प्रतिवादी दिव्यकुमार अधिकारीले अदालतमा गरेको बयान।

**५.२१ <u>प्रतिवादी नरेन्द्रमेहर श्रेष्ठ:</u>**

म सहायक स्तरको कर्मचारी भएकोले विभागीय प्रमुखले लाए अह्राएको काम गर्छु। विभागीय प्रमुखको आदेशानुसार धितो राख्ने जग्गाको स्थलगत निरीक्षण गर्न आदेशपत्र दिएकोमा सो आदेशपत्र तथा इन्जिनियरको मूल्याङ्कन प्रतिवेदन लिई स्थानीय ठाउँमा गई त्यहाँका बासिन्दासँग जग्गाको खरिद बिक्री चलन चल्तीको मूल्य बुझी इन्जिनियरले पेस गरेको मूल्यसमेत हेरी बैंक व्यवसायको हित चिताई असल नियतले जग्गाको चलन चल्तीको मूल्य बुझी न्यूनतम मूल्य उल्लेख गरी प्रतिवेदन पेस गरेको हो। मैले कुनै खराब बद्नियत राखी प्रतिवेदन पेस गरेको होइन, छैन। मउपर लगाएको अभियोग झुट्ठा भएकोले अभियोगदाबीबाट सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी नरेन्द्रमेहर श्रेष्ठले अदालतमा गरेको बयान।

**५.२२ <u>प्रतिवादी तिर्थराम श्रेष्ठ:</u>**

अख्तियारले लगाएको आरोप, अनुसन्धान सबै त्रुटिपूर्ण छ। बागमती एपरल्सलाई बैंकको प्रधान कार्यालयबाट पूर्व निर्यात कर्जा उपभोग गराउन स्वीकृत भएकोमा सो कर्जासम्बन्धी एल.सी. मा कन्फर्म र रेस्टिक्टेड टु नेपाल बैंक लिमिटेड भन्ने सर्त नभएकोले कर्जा उपभोग गराउन बाधा पर्ने देखिएको व्यहोरा उल्लेख गरी सम्बन्धित विभागले टिप्पणी पेस गरेकोमा मैले पनि सोहीबमोजिमको कैफियतमा सहमति जनाई अख्तियारवाला नायब महाप्रबन्धकसमक्ष निर्देशनार्थ पेससम्म गरेको हुँ। म आफूले कर्जा दिनु भन्ने आदेश र स्वीकृत गरेको होइन। नायब महाप्रबन्धकबाट प्रधान कार्यालयको निर्देशनबमोजिम नै गर्ने भन्ने तोक आदेश भई सम्बन्धित विभागले कार्यान्वयन गरेको रहेछ। उक्त सर्त नभए तापनि उपभोग गराएको कर्जा प्रधान कार्यालयबाट समर्थन भएको देखिन्छ। तसर्थ यसमा मेरो कुनै संलग्नता नभएको, साथै मलाई लगाएको आरोप निराधार हो। यसमा म संलग्न नभएको हुनाले मैले बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याएको र अन्य कसैलाई गैरकानूनी लाभ नपुर्‍याएको व्यहोरा अनुरोध गर्दछु। बागमती एपरल्सको प्रतितपत्र नं. ६१।१०८ र १३१८ खोल्न लिमिट नभएको भनी सम्बन्धित विभागले कैफियत जनाई पेस भएकोमा मैले पनि सोही कैफियतसहित आफूभन्दा माथिको अधिकारीसमक्ष निर्देशनार्थ पेससम्म गरेको हो। मिति २०५४।९।८ को कर्जा कमिटीको बैठकमा मेरो उपस्थिति नै नभएकोले सोकापीमा मेरो कुनैपनि किसिमको संलग्नता नभएको माइन्यूटबाट पुष्टि हुन्छ। मिति २०५४।१०।१५ को कर्जा कमिटीको निर्णय केवल निर्देशन मात्र हो। सो निर्णयमा नपुग सुरक्षण निजको सिष्टर कन्सर्न राधिका ह्याण्डिक्राफ्टको तर्फबाट पारित सुरक्षणमा एयरमार्क जनाएर मात्र फुकुवा गर्ने भन्ने उल्लेख भएको छ। फुकुवा कार्यान्वयन गर्ने काम मसँग सम्बन्धित होइन। मैले अभियोग मागदाबीबमोजिमको कसुर नगरेको हुँदा



सर्वोच्च अदालत

मलाई सजाय नभई सफाई पाउनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी तिर्थराम श्रेष्ठको विशेष अदालतमा भएको बयान।

**५.२३ <u>प्रतिवादी सवललाल सिंह:</u>**

हामीले स्टक निरीक्षण गरेको हो, निरीक्षण गर्दा कार्पेट, गलैंचाहरू थिए सो सामानको मूल्याङ्कन त्यहाँका मानिसहरूसँग सोधपुछ गरी यथार्थ विवरण मैले दिएको हुँ। हामीलाई पार्टीले पेस गरेको स्टक विवरणअनुसार सामानहरू छ छैन हेर्न र सो सामानको प्रतिमीटर कति पर्छ भनी बुझी प्रतिवेदन पेस गर्ने हो। हामीले यसमा मूल्याङ्कन गर्नुपर्ने हुँदैन र हाम्रो प्रतिवेदनले कर्जा प्रवाह हुने पनि होइन। झुट्ठा विवरण मैले दिएको होइन, छैन। झुट्ठा आरोपबाट सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी सवललाल सिंहले विशेष अदालतमा गरेको बयान।

**५.२४ <u>प्रतिवादी सुरेशकुमार न्यौपाने:</u>**

टिप्पणी पेस गर्दा काठमाडौं अफिसबाट प्राप्त जानकारीमा नै फण्डेड कर्जा रू. ३ करोड ७८ लाख ९७ हजार र नन्फण्डेड ८७ लाख ५८ हजार मात्र देखिएको हुँदा सो परियोजनामा आफ्नो रायमा माथिल्लो अख्तियार प्राप्त निर्णयमा पेस गर्ने राय व्यक्त गरेको हुँ। म निर्णयकर्ता होइन। एल.सी., बैंक ग्यारेण्टी अस्थायी कर्जा टोटल एक्सपोजरमा गणना नहुने प्रावधान रहेको छ। मैले आरोपअनुसारको झुट्ठा प्रतिवेदन दिएको होइन छैन भन्ने व्यहोराको प्रतिवादी सुरेशकुमार न्यौपानेले अदालतमा गरेको बयान।

**५.२५ <u>प्रतिवादी झरेन्द्र शमशेर जबरा:</u>**

बागमती ऊनी धागो कताई उद्योगलाई थप रू. १ करोड रूपैयाँ स्वीकृत गर्ने उपसमितिको २०५५।९।१ को निर्णयमा मेरो सहभागिता छैन। उक्त बैठकमा मेरो उपस्थितिसम्म भएको हो। मउपर लगाएको आरोप झुट्ठा हो। मैले बैंकलाई हानि नोक्सानी हुने र व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने बद्नियतले कुनै काम नगरेकोले मलाई सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी झरेन्द्र शमशेर ज.ब.रा.ले अदालतमा गरेको बयान।

**५.२६ <u>प्रतिवादी कृष्णबहादुर कारन्जित:</u>**

कर्जा विभागीय प्रबन्धकको आदेश पत्रबमोजिम मसमेत सम्बन्धित जेथाको निरीक्षण गर्न गएको थिएँ। इन्जिनियरले दिएको प्रतिवेदनअनुसारकै जग्गा भएकोले सोहीबमोजिमको रिपोर्ट दिएको थिएँ। जग्गाको मूल्याङ्कन हामीले गर्ने होइन हामी लाए अह्राएको काम गर्ने मानिस भएकोले हामीले जग्गाको मूल्याङ्कन गर्ने होइन, छैन। स्थानीय व्यक्ति र जग्गाका साँधसँधियारहरूले चलन चल्तीको मूल्य खुलाई दिएको आधारमा प्रतिवेदन दिएको हो। मउपरको आरोप झुट्ठा भएकोले मलाई सजाय हुनुपर्ने होइन भन्ने प्रतिवादी कृष्णबहादुर कारन्जितले अदालतमा गरेको बयान।

**५.२७ <u>प्रतिवादी प्रफुल्लकुमार काफ्ले:</u>**

कर्जा स्वीकृतीको सम्बन्धमा कर्जाको मेरिटको आधारमा कर्जासम्बन्धी प्रस्ताव सञ्चालक समिति वा उपसमितिमा ल्याउने, नल्याउने भन्नेमा महाप्रबन्धकले निर्णय गर्नुपर्ने कुरा हो। महाप्रबन्धकले ल्याउने निर्णय गरेमा सो परियोजनाको विस्तृत विश्लेषण गरी सत्य तथ्य विवरण, कर्जा उपलब्ध गराउनु पर्ने वा नपर्ने बारे आफ्नो किटानी राय प्रस्तावको रूपमा ल्याउनु पर्छ। यसरी ल्याएको विवरणका आधारमा सञ्चालक समितिले निर्णय लिन्छ। महाप्रबन्धक बैंकको पूरै समय काम गर्ने मुख्य कार्यकारिणी हो। सञ्चालक समितिका सदस्य पार्ट टाईममा मात्र संलग्न हुन्छन्। समितिले बहुमतको आधारमा सामूहिक निर्णय गर्ने भएकोले व्यक्तिगतरूपमा सञ्चालक समितिका

सर्वोच्च अदालत

सदस्यको कुनै दायित्व रहँदैन । म पनि सञ्चालक समितिको सदस्य मात्र भएकोले मलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी प्रफुल्लकुमार काफ्लेले अदालतमा गरेको बयान ।

**५.२८ प्रतिवादी प्रदिपकुमार चापागाईः**

मैले गरेको जग्गाको मूल्याङ्कन वास्तविकरूपमा चलन चल्तीको मूल्यका आधारमा गरेको हुँ । कोही कसैसँग मेरो मिलोमतो केही छैन । बैंकलाई हानि नोक्सानी हुने कार्य मैले गरेको छैन । अभियोगदाबी झुट्ठा हो भनी प्रतिवादी प्रदिपकुमार चापागाईले अदालतमा गरेको बयान ।

**५.२९ प्रतिवादी पदमकुमार प्रधानः**

मैले झापा जिल्ला अनारमुनी गा.वि.स. वडा नं. ३ को जग्गा २०५४ सालतिर मूल्याङ्कन गरेको हो । जुन समयमा उक्त जग्गाको मूल्य अत्यधिक बढेको थियो । गा.वि.स. को मूल्याङ्कन इन्जिनियरको मूल्याङ्कन, स्थानीयरूपमा बिक्री वितरण हुँदा चलेको चलन चल्तीको मूल्यलाई समेत आधार मानी मूल्याङ्कन गरिएको हो । मैले जग्गाको मूल्याङ्कन धेरै गरी बैंकलाई हानि नोक्सानी पुर्‍यायो भन्ने व्यहोरा झुट्ठा हो । मलाई अभियोगदाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने प्रतिवादी पदमकुमार प्रधानले अदालतमा गरेको बयान ।

**५.३० प्रतिवादी गौरीलाल श्रेष्ठः**

महाप्रबन्धक स्तरीय कर्जा कमिटीलाई सञ्चालक समितिको २०५३।११।२३ को निर्णयअनुसार फण्डवेस कर्जा रू. ५ करोड नन्फण्डवेस कर्जा रू. ५ करोडको अख्तियारी छ । सो अख्तियारी कर्जा कमिटीमार्फत मात्र प्रयोग गर्न सकिन्छ । यसरी कर्जा प्रवाह गर्दा रू. ५ करोडमा ननाघी कर्जा प्रवाह गरिएको छ । बैंक नफसोस् भन्ने उद्देश्यले सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी कुनै बद्नियत नराखी कर्जा प्रवाह गरेको हुँदा मलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी गौरीलाल श्रेष्ठले अदालतमा गरेको बयान ।

**५.३१ प्रतिवादी पुरूषोत्तम मल्लः**

हाम्रो कार्य चालु पुँजी कर्जा स्वीकृतीसँग सम्बन्धित छ । चालु पुँजी स्वीकृत गर्ने प्रक्रियाअन्तर्गत उद्योगमा जडित मेसिनहरूको काममा यकिन गरिँदैन । कुनै पनि उद्योगको चालु पुँजीको गणना उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित उद्योगको क्षमता र उद्यमीले बैंकमा पेस गरेको Scheme मा उल्लिखित क्षमतालाई आधार मानिन्छ । उद्यमीले बैंकमा पेस गरेको Scheme अनुसार उद्योगको क्षमता प्रति दिन २ मे.ट. अर्थात् वार्षिक ६०० मे.ट. उत्पादन गर्दा ३० मे.टन जति उत्पादन खेर जाने भई ५७० मे.ट. तयारी ऊनी धागो उत्पादन हुने र सोको बिक्री मूल्य १६,८१,५०,०००।– हुने र सोही बिक्री मूल्य उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित छ । सोही आधारमा हाम्रो प्रतिवेदन तयार गरिएको हुँदा हाम्रो प्रतिवेदनलाई अतिरन्जित भन्न मिल्दैन । हामीले दिएको प्रतिवेदन कुनै बद्नियतपूर्ण रूपको नभएकोले अभियोगदाबीबाट सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी पुरूषोत्तम मल्लले अदालतमा गरेको बयान ।

**५.३२ प्रतिवादी प्रयागराज रंजितः**

प्रधान कार्यालय कर्जा लगानी ६०/२२६४ मिति १६।९।०५४ को पत्रबाट बागमती ऊनी धागो कताई उद्योग प्रा.लि. को निरीक्षण गरी प्रतिवेदन पेस गर्न तोकिएबमोजिमको परिधिभित्र रही स्थलगत निरीक्षण गरी आफूले देखे बुझेसम्म आफूले देखेको तथ्य विवरणसहितको प्रतिवेदन पेस गरेको हो ।



नेपाल कानून पत्रिका

उक्त प्रतिवेदनमा उद्योगले परियोजनाको निर्माण कार्यमा के कति रकम कसरी खर्च गर्‍यो सो मलाई थाहा हुने कुरा भएन । सो हेर्न मलाई अधिकार पनि थिएन । भौतिक स्थिति जाँच गर्ने अधिकार मात्र मलाई थियो । अवास्तविक प्रतिवेदन दिएको भन्ने आरोप झुट्टा हो, मलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी प्रयागराज रंजितले अदालतमा गरेको बयान ।

**५.३३ प्रतिवादी रामप्रसाद पाण्डे:**

मैले लक्ष्मी आचार्यलाई चीनजान साथीभाइका आधारमा २०५४ जेष्ठ महिनामा निजको घरमा गएको थिएँ । लक्ष्मी आचार्यले स्विजरल्याण्डबाट ऊन मगाएकोमा कलकत्तामा रोकिएकोले उक्त ऊन छुटाउन सहयोग गर्नु पर्‍यो भनेकोले मैले साधा फुलिस्केप कागजमा सहिछाप गरी बैंकमा जग्गा राख्नका लागि १ वर्षभित्र फुकुवा गर्ने सर्तमा मन्जुरनामा लेखी दिएको हुँ । मालपोत कार्यालय, चावहिलमा दृष्टिबन्धक पास गर्न बोलाएकोले मैले दृष्टिबन्धक पास गरी दिएको हुँ । मेरो जग्गाको मूल्याङ्कन कसले गरेको हो मलाई थाहा छैन । मैले कुनै रूपैयाँ पैसा लिएको छैन । जग्गासम्म दिएको हो । मैले बैंकलाई हानि नोक्सानी पुर्‍याएको छैन । म माथि झुट्टा आरोप लगाइएको हो । मलाई अभियोग मागदाबीबमोजिम सजाय गर्नुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी रामप्रसाद पाण्डेले अदालतमा गरेको बयान ।

**५.३४ प्रतिवादी शैलेन्द्रकुमार शाक्य:**

मसमेतबाट पेस भएको स्थलगत निरीक्षण प्रतिवेदनमा देखाइएको चालु पुँजी गणनानुसार भएका तथा नेपालका सबै वाणिज्य बैंकहरूमा प्रयोग हुँदै आएको तथा नेपाल बैंक लि. बाट जारी भएको परिपत्र र वित्तीय व्यवस्थापनको सिद्धान्तअनुरूप छ । चालु पुँजीको गणना गर्दा उद्योगको वार्षिक उत्पादन क्षमतालाई आधार लिई गरिन्छ । उद्यमीले बैंकमा पेस गरेको स्किमअनुसारको क्षमता, उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी गरिएको उद्योग दर्ता प्रमाणपत्रअनुसारको क्षमतालाई लिइएको हो । प्रतिवेदनमा रू. १ करोड ८३ लाख चालु पुँजी कर्जा आवश्यक देखिन्छ भनी अनुमान गरिएको रकम मात्र हो । सिफारिस गरिएको होइन । कर्जा रकम सिफारिस गर्ने अख्तियार प्राप्त कर्मचारी होइनौं । कर्जा स्वीकृती प्रक्रियामा उठाइएको टिप्पणीमा हामीहरूले आफ्नो राय पनि लेखेका छैनौं । अख्तियारले म माथि लगाएको अभियोग झुट्टा हो । मलाई अभियोगदाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी शैलेन्द्रकुमार शाक्यले अदालतमा गरेको बयान ।

**५.३५ प्रतिवादी पूर्णराम शर्मा दवाडी:**

मोती उप्रेतीका नाउँको पाटन जिल्लाअन्तर्गतको कि.नं. ४५ को क्षेत्रफल १-२-२-२ जग्गा मूल्याङ्कनको लागि स्थलगत निरीक्षण गर्न म र रोशनमान जोशी गयौं र स्थलगत निरीक्षणको कार्य गरी इन्जिनियरको मूल्याङ्कन रेकर्डको आधारमा सो इन्जिनियरको फर्मले प्रति आना रू. २,१८,०००।– मूल्याङ्कन गरेकोमा बैंकको हितलाई ध्यानमा राखी मसमेतको मूल्याङ्कन टोलीले प्रति आना रू. २,००,०००।– का दरले मूल्याङ्कन गरेका हौं र सो कर्जा प्रवाह हुँदा खेरी बैंकको कर्जा कमिटीले आफ्नो मूल्याङ्कन कायम गरी जम्मा कर्जा रू. ३२,००,०००।– मालपोतबाट धितो पास भएको देखिन्छ । ऋण दिने नदिने अधिकार हामीमा हुँदैन । बैंककै कर्जा कमिटीमा अधिकार हुन्छ । सो कमिटीले नै निर्णय गर्ने हो । मैले यस मुद्दाको सम्बन्धमा कसैलाई हानि नोक्सानी पुर्‍याई काम गरेकै छैन । मैले बिगो तिर्नुपर्ने र सजाय भोग्नु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी पूर्णराम शर्मा दवाडीको विशेष अदालतमा भएको बयान ।

**५.३६ प्रतिवादी भवानीदेवी शर्मा:**

बागमती ऊनी धागो कताई उद्योगले नेपाल बैंकको न्यूयोर्कस्थित सिटी बैंकको शाखाबाट १९९८-९-२३ मा ७७,१०७।५० डलर खर्च लेखी माल पठाउने कम्पनीलाई भुक्तानी गरी सकेको अवस्था हुँदा र बैंकको खर्च भइसकेको विदेशी मुद्राको हिसाब मिलान गर्न बैंकको निर्ब्याजीरूपमा रहने रकमबाट ब्याज आर्जन गर्न र आयतित माल सदुपयोग गर्न T.R. सुविधा दिइएको हो । यदी कमिटीले T.R. सुविधा नदिएको भए कलकत्ता पोर्टबाट छुटाउन नसके भारी डेमरेज लाग्ने चोरी, घामपानी हानि नोक्सानी हुन सक्ने र लामो समयसम्म माल छुटाउन नसके माल नै लिलाम हुनसक्ने हुन्छ । विदेशी मुद्रा खर्च गरी आयात गरिएको सामान नेपाल भित्रिन नसके विदेशी मुद्रा अपचलनमा राष्ट्र बैंकबाट कारवाहीसमेत हुनसक्ने व्यवस्था रहेको हुँदा हामीले T.R. सुविधा दिनुबाहेक अर्को विकल्प थिएन । Break Even Point, Dept Service Coverage Ratio, Net present value, Payback period सकारात्मक छन् भने IRR को कारणले मात्र परियोजनामा लगानी नगर्ने भन्ने तर्कसङ्गत हुन सक्दैन । जहाँसम्म IRR निर्धारण गर्ने प्रक्रिया छ अभियोगदाबी कर्ताले सोको सही किसिमले निर्धारण गरेको पाइँदैन । किनकि परियोजनाको IRR अनुमान गर्दा स्थिर पुँजी १,७४,००,०००।– र चालु पुँजी १,८२,४४,०००।– कर्जा माग गरेको आधारमा ६.५८% भनी पेस गरिएको हो । तर वास्तविक स्थिर पुँजी १,१०,००,०००।–र चालु पुँजी १,००,००,०००।– मात्र स्वीकृत गरिंदा स्वतः IRR बढ्न जाने कुरामा विवाद छैन । मैले बैंकलाई कुनै हानि नोक्सानी पुर्‍याउने गरी कुनै कार्य नगरेको हुँदा यो अभियोगदाबी झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी भवानीदेवी शर्माको अदालतमा भएको बयान ।

**५.३७ प्रतिवादी टेकनाथ चम्लागाई:**

मैले झापा जिल्ला गरामुनी गा.वि.स. वडा नं. ५ कि.नं. ६६७ को ०-१८-११ को चुम्बकबहादुर बुढाथोकीको नाउँको जग्गाको मूल्याङ्कन गरेको हुँ । मूल्याङ्कन गर्दा जग्गाको धनी पुर्जा मालपोत तिरेको रसिद, नापीको प्रमाणित भएको नक्सा जग्गा धनीको नागरिकताको प्रतिलिपि, गा.वि.स. ले चार किल्ला प्रमाणित गरेको पत्रसमेतलाई आधार लिई सम्बन्धित फिल्डमा गई जग्गा निरीक्षण गरी सम्म मिलेको जग्गा, सो जग्गालाई छोएर चन्द्रगडी जाने पिच सडक जग्गालाई पश्चिमबाट गरामुनी बजारले छोएको छ, सो जग्गा नाप जाँच गर्दा नापी नक्सा र फिल्ड बुकको नापसँग भिड्न गएको हुँदा सोहीबमोजिम मूल्याङ्कन गरेको थिएँ । सो जग्गा मैले मूल्याङ्कन गर्दा चुम्बकबहादुर बुढाथोकीको नाउँमा थियो । हाल के गरे थाहा भएन । झापा गरामुनी गा.वि.स. वडा नं. ५ को कि.नं. ६६७ को जग्गा मूल्याङ्कन गर्दा सबै कागजसमेतलाई आधार मानी मूल्याङ्कन गरिएको हो । अत्यधिक मूल्याङ्कन भएको छैन । म निर्दोष छु सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी टेकनाथ चम्लागाईको विशेष अदालतमा भएको बयान ।

**५.३८ प्रतिवादी भक्ती उप्रेती:**

मेरो नाउँको ५ लाखको सेयर मैले विभिन्न N.G.O. हरूमा काम गर्दा प्राप्त गरेको पारिश्रमिक र दाइजोबाट प्राप्त रकमबाट खरिद गरेको हुँ । मैले सेयर किन्दाको समयमा मेरो बुबाले दिएको दाइजो बेचेको छु । सो बद्नियतपूर्वक लगाइएको आरोप हो । उक्त सेयर करिब २७ महिना अगाडि छोरालाई अमेरिका पढ्न उठाउँदा बिक्री गरी सकेको छु भन्नेसमेत व्यहोराको प्रतिवादी भक्ती उप्रेतीको विशेष अदालतमा भएको बयान ।

**५.३९ प्रतिवादी पुरूषोत्तमप्रसाद श्रेष्ठ:**

मैले बागमती एपरल्सलाई प्रधान कार्यालयबाट स्वीकृत भएको स्थिर पुँजी कर्जा नं. ६१/१४५ बाट रू. ८५,००,०००।– प्रवाह गर्दा ठाडो तोक आदेश दिई उद्योगको स्थलगत निरीक्षण नगराई सिधै ऋणको चल्ती खातामा जम्मा गराई निर्देशनविपरीत कर्जा प्रवाह गरेको होइन । उक्त कर्जा प्रधान कार्यालयबाट स्वीकृत भई आएको कर्जा हो। मैले पार्टीको निवेदनमा लिमिटभित्र रही गर्ने भन्नेसम्म लेखेको हुँ । प्रधान कार्यालयबाट आएको पत्रमा स्थलगत निरीक्षण भई आएको देखिन्छ। मैले यस सम्बन्धमा कुनै अनियमित गरेको छैन। रोशन ह्याण्डिक्राफ्टको नामबाट बैंकमा पारित सुरक्षणभन्दा बढी कर्जा प्रवाह भएको अवस्थामा थप सुरक्षण लिनुपर्नेमा फुकुवा गर्ने निर्णय गरेको भन्ने सम्बन्धमा नायब महाप्रबन्धकले २०५५।२।३१ गते तोकमा पछि कमिटीबाट समर्थन गरी हाल फुकुवा गर्ने भन्ने तोक भएको हुँदा सोही आधारमा फुकुवा भएको हो । पछि कमिटीबाट अनुमोदन भएको हो। यसमा मेरो कुनै तोक आदेशबाट फुकुवा भएको होइन। लक्ष्मीप्रसाद आचार्य समूहका कुनै फर्महरूलाई मेरो निर्णयबाट कर्जा प्रवाह भएको छैन। अभियोगपत्र झुट्टा हो। मलाई लगाइएको आरोपबाट फुर्सद गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी पुरूषोत्तमप्रसाद श्रेष्ठको विशेष अदालतमा भएको बयान।

प्रतिवादी अच्युतप्रसाद रिजालको हकमा विशेष अदालतको मिति २०६२।७।१३ को फैसला सर्वोच्च अदालतको मिति २०६७।४।४ को अन्तिम आदेशबाट बदर भई विशेष अदालतबाट मिति २०६७।१०।२४ मा निजको नाउँमा पुन: म्याद जारी भएको र निजले मिति २०६८।२।८ मा विशेष अदालतमा उपस्थित भई बयान गरेको बयानको संक्षिप्त व्यहोरा देहायबमोजिम छ:

**५.४० प्रतिवादी अच्युतप्रसाद रिजाल:**

प्रतिवादी लक्ष्मीप्रसाद आचार्यको राधिका ह्याण्डीक्राफ्ट र मेची ह्याण्डीक्राफ्ट दर्ता भएकोमा रोशन ह्याण्डीक्राफ्टमा मेरो नाम राखी लक्ष्मीप्राद आचार्यको नाम हटाई, चिरिन्जिवी आचार्य र मेरो नाममा फर्म कायम भएको हो। बागमती उनी धागोमा लक्ष्मी प्रसाद आचार्य, भरतराज कोइराला र मेरो नामसमेत राखी कम्पनी रजिष्ट्रारमा दर्ता भएकोमा उक्त फर्ममा तपाईंले राम्रो काम गरेबापत पाँच प्रतिशत (५%)सेयर दिने भनिएको थियो, उक्त फर्मबाट कर्जा लिँदा लक्ष्मीप्रसाद आचार्यको आफ्नै नाउँको जग्गा धितो सुरक्षण राखी लिएको हुँदा उक्त कर्जा रकम मैले तिर्नुपर्ने होइन, मउपरको अभियोग दाबी सरासर झुट्टा हो, यसमा म निर्दोष छु भन्ने व्यहोराको प्रतिवादी अच्युतप्रसाद रिजालले मिति २०६८।२।८ मा विशेष अदालत काठमाडौंमा गरेको बयान।

**६. विशेष अदालतको थुनछेकको क्रममा भएको आदेश:**

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी लक्ष्मीप्रसाद आचार्यबाट रू.१,००,००,०००।-, शेरबहादुर थापाबाट रू.७५,००,०००।-, अम्बरकुमार खड्काबाट रू.१०,००,०००।-, उत्तमकुमार नेपालबाट रू.१०,००,०००।-, रजनीलोचन तण्डुकारबाट रू.१,००,०००।– र रोशनमान जोशी तथा विष्णुराम श्रेष्ठबाट जनही रू. २५,०००।-, हरिवंश झाबाट रू. ६४,००,०००।-, इन्दिरा गुरूङबाट रू. १,५०,०००।- पुरूषोत्तमप्रसाद श्रेष्ठबाट रू. ७,००,०००।– शशीकिरण श्रेष्ठबाट रू. ५,००,०००।- महन्तबहादुर महर्जनबाट रू. १,२५,०००।-, भवनाथ उपाध्यायबाट रू. ६,००,०००।-, प्रतिवादी विश्वम्भर प्याकुरेल र मुकुन्दप्रसाद अर्यालबाट जनही रू. १,००,०००।-, एस.पी. श्रेष्ठबाट रू. १,२०,०००।-



नजिर अभिलेख

चुम्बकबहादुर बुढाथोकीबाट रू.५,०००।-, दिव्यकुमार अधिकारीबाट रू. ६,००,०००।-, नरेन्द्र मेहर श्रेष्ठबाट रू. ५०,०००।-, तिर्थराम श्रेष्ठबाट रू. १,५०,०००।-, सवललाल सिंहबाट रू. ६०,०००।-, प्रतिवादी सुरेशकुमार न्यौपानेबाट रू. ५,००,०००।- झरेन्द्र शमशेर जबराबाट रू.१,००,०००।-, कृष्णबहादुर कारंजितबाट रू. ६०,०००।-, प्रफुल्ल कुमार काफ्लेबाट रू. १,००,०००।-, प्रदिपकुमार चापागाईबाट रू. २०,०००।-, प्रतिवादी पदमकुमार प्रधानबाट रू. ३०,०००।-, गौरीलाल श्रेष्ठबाट रू. ६,००,०००।-, पुरूषोत्तम मल्लबाट रू. ३०,०००।- प्रयागराज रंजितबाट रू. ३५,०००।-, शैलेन्द्रकुमार शाक्यबाट रू. ३०,०००।-, भवानीदेवी शर्माबाट रू. ६,००,०००।-, टेकनाथ चम्लागाईबाट रू. १,००,०००।-, प्रतिवादी पूर्णराम शर्मा दवाडीबाट रू. २०,०००।– नगद धरौट वा सोबापत जेथा जमानत दिए लिई तारेखमा राखी र दिन नसके कानूनबमोजिमको सिधा खान पाउने गरी थुनुवा पुर्जी दिई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने, प्रतिवादी नरेन्द्रराज भट्टराईसँग मिति २०५८।१०।२५ मा अनुसन्धानको क्रममा माग गरेको धरौटबापतको निजले मिति २०५८।१०।२९ मा राखेको जेथा जमानतलाई नै प्रस्तुत मुद्दामा पनि सोही धरौट जमानत कायम गरी तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने, प्रतिवादी केशवलाल श्रेष्ठसँग अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रस्तुत मुद्दासमेतमा मिति २०५८।१०।२५ मा माग गरेको धरौटबापत निजले २०५८।१०।२६ मा राखेको जेथा जमानतलाई नै प्रस्तुत मुद्दामा पनि जेथा जमानत कायम गरी तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने र लोकबहादुर श्रेष्ठसँग मिति २०५८।९।१६ मा माग गरेको धरौटबापतको निजले मिति २०५८।९।१८ मा राखेको जेथा जमानतलाई नै विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) र (च) बमोजिम प्रस्तुत मुद्दामा पनि सोही धरौट जमानत कायम गरी तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने तथा प्रतिवादी रामप्रसाद पाण्डे र भक्ति उप्रेतीलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने भन्नेसमेत व्यहोराको विशेष अदालतको विभिन्न मितिमा भएको आदेश।

विशेष अदालतबाट मिति २०६१।५।४ मा भएको आदेशानुसार प्रतिवादीहरूका साक्षी डा.गोविन्द टण्डन, तारा ढकाल, कैलास मान श्रेष्ठ, मुरारीप्रसाद उपाध्याय, सुवोध पोखरेल, उमेश श्रेष्ठ, विष्णुप्रसाद शाह, ध्यानबहादुर राईले विशेष अदालतमा गरेको बकपत्र मिसिल सामेल रहेको।

**७. <u>विशेष अदालतको फैसलाको सारसंक्षेप:</u>**

मिसिल संलग्न रहेका विभिन्न कागज प्रमाण एवं आधार र कारणहरूबाट प्रतिवादीमध्येका शेरबहादुर थापा, अम्बरकुमार खड्का, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ, रजनी लोचनप्रसाद तण्डुकार, शशी किरण श्रेष्ठ, महन्तबहादुर महर्जन, कृष्णबहादुर कारंजित, रोशनमान जोशी, विष्णुराम श्रेष्ठ, नरेन्द्र मेहर श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, सवललाल सिंह, डा. हरिवंश झा, प्रदिपकुमार चापागाई र पदमकुमार प्रधानले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको, प्रतिवादी केशवलाल श्रेष्ठले सोही ऐनको दफा ७(१) अन्तर्गतको, प्रतिवादी टेकनाथ चम्लागाईले उक्त ऐनको दफा ८ अन्तर्गतको, प्रतिवादी नरेन्द्र राज भट्टराईले उक्त ऐनको दफा ७(२) अन्तर्गतको, प्रतिवादी लक्ष्मीप्रसाद आचार्य, अच्युतप्रसाद रिजाल, भरतराज कोइराला, मोती उप्रेती, कृष्णप्रसाद लुईटेल, रूद्रप्रसाद भट्टराई, चिरन्जीवी आचार्य, एपाची गाउन्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रनले उक्त ऐनको दफा ८ अन्तर्गतको र प्रतिवादी इन्दिरा गुरूङले सोही ऐनको दफा १६क अन्तर्गतको कसुर गरी नेपाल बैंक लिमिटेडलाई जम्मा रू. २०,८९,२५,७३८।१७ गैरकानूनी हानि नोक्सानी र कर्जावाला प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुर्‍याएको ठहर्छ।

नेपाल बैंक लि. लाई हानि नोक्सानी पुऱ्याएको बिगोमध्ये राधिका ह्याण्डिक्राफ्ट तर्फको रू. ३,८७,७०,२१७।४७ प्रतिवादी लक्ष्मीप्रसाद आचार्यबाट, रोशन ह्याण्डिक्राफ्ट तर्फको रू. ९९,९९,१३८।– प्रतिवादी लक्ष्मीप्रसाद आचार्य, अच्युतप्रसाद रिजाल र चिरन्जीवी आचार्यबाट, बागमती उनी धागो कताई उद्योग प्रा.लि. तर्फको रू. ५,६७,६२,६१८।२९ प्रतिवादी लक्ष्मीप्रसाद आचार्य, भरतराज कोइराला र अच्युतप्रसाद रिजालबाट, अपिनप्पा कार्पेट र मेची ह्याण्डिक्राफ्टतर्फको क्रमशः रू. १६,०२,०७५।०४ र रू. ९७,८६,५००।– प्रतिवादी लक्ष्मीप्रसाद आचार्य र भरतराज कोइरालाबाट, आर.पी. कार्पेट तर्फको रू. १,२९,१३,३८७।– प्रतिवादी लक्ष्मीप्रसाद आचार्य र रूद्रप्रसाद भट्टराईबाट, बागमती ओरिएण्टल टिपिकतर्फको रू. १,७४,७६,४९७।०९ प्रतिवादी लक्ष्मीप्रसाद आचार्य र मोती उप्रेतीबाट, बागमती एपरल्सतर्फको रू. ३,२४,००,७५७।४९ प्रतिवादी लक्ष्मीप्रसाद आचार्य र कृष्णप्रसाद लुईटेलबाट र कटन रिच प्रा.लि. तर्फको रू. २,९२,१४,५४७।७९, प्रतिवादी लक्ष्मी आचार्य, एपाची गाउण्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रनबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(१) बमोजिम नेपाल बैंक लिमिटेडलाई भराई दिने, यी प्रतिवादीहरूबाट असुल हुन नसकेमा सो असुल हुन नसकेको हदसम्मको बिगो गैरकानूनी कर्जा प्रवाह गर्दा मुख्य जिम्मेवार देखिएका व्यक्ति प्रतिवादी शेरबहादुर थापाबाट उक्त ऐनको दफा २९(१) बमोजिम नेपाल बैंक लि. लाई भराई दिने ठहर्छ।

प्रतिवादी डा.प्रफुल्ल कुमार काफ्ले, डा.विश्वम्भर प्याकुरेल, मुकुन्दप्रसाद अर्याल, झरेन्द्र शमशेर ज.ब.रा., गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, भवनाथ उपाध्याय, दिव्यकुमार अधिकारी, सुरेशकुमार न्यौपाने, तीर्थराम श्रेष्ठ, पूर्णराम शर्मा दवाडी, एस.पी. श्रेष्ठ, प्रयागराज रंजित, शैलेन्द्रकुमार शाक्य, पुरुषोत्तम मल्ल, रामप्रसाद पाण्डे, माला खड्का र चुम्बकबहादुर बुढाथोकीको हकमा मिसिल संलग्न सबुद प्रमाणबाट निजहरूले उजुरी प्रतिवेदन मागदाबीबमोजिमको कसुर गरेको पुष्टि हुन सकेको नपाइएकाले निजहरूले आरोपित कसुर गरेको नठहरी सफाई पाउने ठहर्छ।

प्रतिवादी सरस्वती थापा, कालिका खड्का (आचार्य), भक्ति उप्रेती, भरतराज कोइराला र लक्ष्मीप्रसाद आचार्यको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसुरमा दफा १६ग बमोजिम सम्पत्ति जफत गरिपाउँ भन्ने उजुरी प्रतिवेदन मागदाबी नपुग्ने ठहर्छ।

सो ठहर्नाले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा २९(२) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम प्रतिवादी लक्ष्मीप्रसाद आचार्यलाई रू. १०,५४,१७,३८१।४८, प्रतिवादी चिरन्जीवी आचार्यलाई रू. ३३,३३,०४६।- प्रतिवादी अच्युतप्रसाद रिजाललाई रू. २,२२,५३,९१८।७७, प्रतिवादी भरतराज कोइरालालाई रू. २,४६,१५,१६०।२८, प्रतिवादी रूद्रप्रसाद भट्टराईलाई रू. ६४,५६,६९३।५०, मोति उप्रेतीलाई रू. ८७,३८,२४८।५४, प्रतिवादी कृष्णप्रसाद लुईटेललाई रू. १,६२,००,३७८।७५, प्रतिवादी एपाची गाउण्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रनलाई जनही रू. ७३,०३,६३६।९५ जरिवाना हुन्छ। सोही ऐनको दफा ७(२) र २९(२) बमोजिम कसुरको मात्राअनुसार प्रतिवादी शेरबहादुर थापालाई २ (दुई) वर्ष कैद र रू. ५,०००।– जरिवाना, अम्बरकुमार खड्का, उत्तमकुमार नेपाल र पुरूषोत्तमप्रसाद श्रेष्ठलाई जनही १ (एक) वर्ष कैद र रू. ५,०००।– जरिवाना, प्रतिवादी रजनीलोचनप्रसाद तण्डुकार, शशीकिरण श्रेष्ठ, प्रतिवादी महन्तबहादुर महर्जनलाई जनही ६ (छ) महिना कैद र रू. ५,०००।– जरिवाना, प्रतिवादी कृष्णबहादुर कारंजित, विष्णुराम श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, नरेन्द्रमेहर श्रेष्ठ, रोशनमान

जोशी, सवललाल सिंह, पदमकुमार प्रधान, प्रदिपकुमार चापागाई, नरेन्द्रराज भट्टराई र हरिवंश झालाई जनही रू. ५,०००।– जरिवाना, उक्त ऐनको दफा ७(१) तथा २९(२) बमोजिम प्रतिवादी केशवलाल श्रेष्ठलाई रू. ५,०००।– जरिवाना, उक्त ऐनको दफा ८ तथा २९(२) बमोजिम टेकनाथ चम्लागाईलाई रू. ५,०००।– जरिवाना र सोही ऐनको दफा १६क अनुसार प्रतिवादी इन्दिरा गुरूङलाई दफा ७(२) को कसुरमा अन्य प्रतिवादीलाई भएको न्यूनतम सजायको आधा रू. २,५००।– जरिवाना हुन्छ भन्ने विशेष अदालत काठमाडौंबाट मिति २०६२।७।१३ मा भएको फैसला।

प्रतिवादी अच्युतप्रसाद रिजालको हकमा विशेष अदालतको मिति २०६२।७।१३ को फैसला सर्वोच्च अदालतको मिति २०६७।४।४ को अन्तिम आदेशबाट बदर भई विशेष अदालतबाट मिति २०६७।१०।२४ मा निजको नाउँमा पुन: म्याद जारी भएको र निजले मिति २०६८।२।८ मा विशेष अदालतमा उपस्थित भई बयान गरेको देखिन्छ । निज अच्युतप्रसाद रिजालले प्रतिवादी लक्ष्मीप्रसाद आचार्यको मिलेमतोमा विभिन्न उद्योगहरूको नाउँमा कर्जा लिने कार्य गरी कर्जा नतिरी नेपाल बैंक लिमिटेडलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याउने कार्यमा संलग्न भई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ अन्तर्गतको कसुर गरेको ठहर्छ । सो ठहर्नाले उक्त ऐनको दफा ८ बमोजिम ६ महिना कैद र नेपाल बैंक लिमिटेडको नाउँमा जम्मा रू. २,३९, २०,४४१/७७ बिगो प्रतिवादी अच्युतप्रसाद रिजालबाट भराई पाउने ठहर्छ भन्ने विशेष अदालत, काठमाडौंबाट मिति २०६२।७।१३ मा भएको फैसला।

## ८. पुनरावेदन पत्रको सारसंक्षेप:

### ८.१ वादी नेपाल सरकारको पुनरावेदन पत्रः (स.फौ. नं. ३६४२)

विशेष अदालत काठमाडौंबाट मिति २०६२।७।१३ मा भएको फैसला अ.बं. १८४, १८४(क), १८५, प्रमाण ऐन, २०३१ को दफा ५४ समेतका आधारमा निम्न कारणबाट निम्न व्यक्तिहरूको हकमा त्रुटिपूर्ण छ ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले गरेको कसुरमा समावेश भएको बिगो खुलाई सजायको मागदाबी गरिएकोमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ को उपदफा २ बमोजिम हानि नोक्सानी पुर्‍याएको बिगोबमोजिम प्रतिवादीलाई जरिवाना गर्नुपर्नेमा प्रतिवादीहरू शेरबहादुर थापा, अम्बरकुमार खड्का, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, तिर्थराम श्रेष्ठ, कृष्णबहादुर कारंजित, शशिकिरण श्रेष्ठ, इन्दिरा गुरूङ, रजनी लोचनप्रसाद तण्डुकार, नरेन्द्र मेहर श्रेष्ठ, सवललाल सिंह, रोशनमान जोशी, पदमकुमार प्रधान, प्रदिपकुमार चापागाई, महन्तबहादुर महर्जन, डा.हरिवंश झा, केशवलाल श्रेष्ठ, नरेन्द्रराज भट्टराई, टेकनाथ चौलागाईलाई जरिवानातर्फ बिगो नखुलेको मुद्दामा जस्तो गरी कैद तथा रू. ५,०००।– जरिवाना गर्ने ठहर्‍याएको फैसला कानूनतः त्रुटिपूर्ण छ। बिगोबमोजिम सजायसमेत गरिपाऊँ।

महाप्रबन्धकले एउटा समूह वा व्यक्तिलाई आफूलाई प्राप्त ५ करोडभन्दा बढी कर्जा दिनु नै हुँदैन । अतः महाप्रबन्धकबाट अधिकार सीमा नाघी कर्जा प्रवाह भइसकेको लक्ष्मी आचार्य समूहले लिएको पुरानो कर्जा बाँकी देखिएकोमा नीति तथा व्यवस्था उपसमितिले थप रू. १ करोड स्वीकृत गर्नु यी प्रतिवादीहरूको लक्ष्मी आचार्यसँगको मिलोमतोको कारणले कर्जा स्वीकृत गरेको भन्ने पुष्टि हुन्छ।

**१. प्रतिवादी झरेन्द्र शमशेर जबराको हकमा:**

बैठकमा उपस्थित भई निर्णयमा सही नगर्नुको मुख्य कारण कुनै विवादमा वा कारवाहीमा परिन्छ की भन्ने उद्देश्यले हो भन्ने स्पष्ट छ। तर कमिटीको निर्णय भएको ४८ घण्टाभित्रसम्म नोट अफ डिसेन्ट नलेखी

बसेमा सही नगरे पनि सही गरेको मानिने बैंकिङ प्रक्रिया रहेको हुँदा यी प्रतिवादीको पनि यस कसुरमा पूर्णरूपमा संलग्नता रहेको पुष्टि हुन्छ।

२. **गौरीलाल श्रेष्ठ, दिव्यकुमार अधिकारी, भवानीदेवी शर्मा र भवनाथ उपाध्यायको हकमाः**

यी प्रतिवादीहारूलाई सफाई दिँदा लिएको आधार देहायको कारणबाट त्रुटिपूर्ण र बदरभागी छः

कर्जा प्रवाह गर्दा वाणिज्य बैंक ऐन, २०३१, कर्जा सापटी निर्देशिका एवं कार्यप्रणाली, २०५५, राष्ट्र बैंक तथा वाणिज्य बैंक केन्द्रीय अफिसको विभिन्न मितिमा जारी गरिएको निर्देशनबमोजिम कर्जा प्रवाह गर्दा पार्टीको व्यावसायिक हैसियत, Project Apprisal धितो सुरक्षण, भाखा नाघेको पुरानो बाँकी कर्जा छ छैन र लगानी जोखिम कस्तो छ जस्ता विविध पक्ष तथा फिल्ड निरीक्षण, फाइल निरीक्षण र कर्जा लगानी गरी रहेको बैंक शाखाहरूको विस्तृत प्रतिवेदन लिई कर्जा स्वीकृत गर्नुपर्ने स्पष्ट मापदण्ड भइरहेको यी प्रतिवादीहरूले कर्जा स्वीकृत गर्दा त्यस्ता प्रक्रियाको पालना नगरी कर्जा दिन नहुने स्थिति रहँदा रहँदै मिलेमतोमा कर्जा प्रवाह गरेको छन्।

यी प्रतिवादीहरूले बागमती उनी धागो कताई उद्योगलाई मिति २०५४।१।९ गते स्थिर पुँजी कर्जामा रू. १ करोड १० लाख, मिति २०५५।७।१६ मा टि.आर. मा रू. ५८ लाख, राधिका ह्याण्डिक्राफ्टलाई धितो कर्जा २ करोड २५ लाख दिइएकोमा भाखा नाघेको मिति २०५५।१०।२६ मा हाइपो कर्जामा परिणत गरेको र त्यसैगरी मिति २०५५।१०।२५ गते टि.आर. मा रू. १,०२,९३,९९५।४८ कर्जा स्वीकृत गर्नुका साथै राधिका ह्याण्डिक्राफ्टको लागि थप चालु पुँजीमा रू. १ करोड कर्जा प्रदान गर्न नीति तथा व्यवस्था उपसमितिमा सिफारिस गरेको, कर्जा कमिटीको माइन्यूटिङबाट स्पष्ट देखाइएको छ।

३. **भवनाथ उपाध्यायको हकमाः**

त्यसैगरी महाप्रबन्धक स्तरीय कर्जा कमिटीको माइन्यूटको अध्ययन गर्दा यी प्रतिवादीसमेतले राधिका ह्याण्डिक्राफ्टको लागि टि.आर. कर्जामा रू. १,०२,९३,९९५।४८/- दिने निर्णय गरेका छन्। यसरी यी प्रतिवादीले कहाँ के कसरी बद्नियतपूर्वक कर्जा दिइएको हो भन्ने स्पष्ट देखिँदा देखिँदै मागदाबीमा स्पष्टता नभएको भनी विशेष अदालतले यी प्रतिवादीहरूलाई सफाई दिएको त्रुटिपूर्ण छ।

४. **प्रतिवादी शेरबहादुर थापा र लक्ष्मीप्रसाद आचार्यको हकमाः**

विशेष अदालतले यी प्रतिवादीहरूलाई कसुर ठहर गर्दा लक्ष्मी आचार्य समूहअन्तर्गत ९ समूह रहेको भनी स्वीकार गरी सकेपछि पुनः यी प्रतिवादीहरूका हकमा कति उद्योग व्यवसाय रहेको हो यकिन नभएको भनी व्याख्या गर्दै महाप्रबन्धकको फण्डेड कर्जा सीमा ५ करोड ननाघेको भन्नु यी प्रतिवादीहरूलाई सफाई दिन तथ्यको गलत व्याख्या भएको भन्ने पुष्टि हुन्छ।

काठमाडौं बैंकिङ अफिसले यस समूहलाई बद्नियतपूर्वक करोडौं कर्जा दिएको देख्दादेख्दै त्यसको कुनै खोजतलास र आवश्यक कारवाही नगरी यी प्रतिवादीहरूले वाणिज्य बैंक ऐन, निर्देशन र परिपत्रको विपरीत हुने गरी कर्जा माथि कर्जा थप्दै जाने, एउटा शिर्षकमा दिएको कर्जा अर्को शिर्षकमा परिवर्तन गरी ऋणीलाई सुरक्षित बनाउन खोज्ने, भाखा नाघेको कर्जामा कुनै कारवाही नै नगर्ने, धितो सुरक्षणको खोजबिन नै नगर्ने कर्जा माग गरेअनुसारको उद्योग व्यवसाय सञ्चालन छ छैन छानबिन नगर्ने आदि कार्यहरू गरी लगानीलाई ठूलो जोखिम पार्ने मात्र होइन कि कर्जा उठ्न नै नसक्ने देख्दा देख्दै यी प्रतिवादीहरूबाट लक्ष्मी आचार्य समूहलाई कर्जा दिने कार्य भएकोले यी प्रतिवादीहरूसमेतको मिलोमतोमा कर्जा दिने कार्य भएको भन्ने स्पष्ट पुष्टि भएको छ।

यी प्रतिवादीहरूले महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट कर्जा दिने निर्णय गर्दा त्यही कमिटीमा बसी सही गर्ने प्रतिवादी अम्बरकुमार खड्कालाई मागदाबीबमोजिम सजाय गरी सकेको हुँदा त्यही कमिटीमा बसी कर्जा स्वीकृत गर्ने अन्य प्रतिवादीहरूलाई सफाई दिने भनी गरेको फैसला आफैँमा त्रुटिपूर्ण छ।

**५. <u>प्रतिवादी तीर्थराम श्रेष्ठ, सुरेशकुमार न्यौपानेको हकमाः</u>**

यी प्रतिवादीहरूलाई सफाई दिँदा लिएका आधारहरू देहायबमोजिम त्रुटिपूर्ण छः

एल.सी. ६१।१०८ र १३१८ प्रतिवादी तीर्थरामको कारणबाट खुलेको भन्ने अभियोग पत्रको आसय नभई मातहतका कर्मचारीबाट लिमिट नभएको धितो सुरक्षण नभएको भनी स्पष्ट उल्लेख गरी सकेकोले बैंक कानून र प्रक्रियाबमोजिम प्रतिवादी तीर्थरामले यस्तो एल.सी. खोल्न नै नमिल्ने भनी स्पष्टरूपमा टिप्पणीमा जनाउनु पर्नेमा एल.सी. खोल्नेतर्फ फाइल अगाडि बढाई यो एल.सी. खोली यसबाट बैंकलाई हानि पुग्न गएको छ। प्रतिवादी तीर्थरामले धितोको अत्यधिक मूल्याङ्कन गरेको होइन कि गैरकानूनीरूपमा धितो फुकुवा गरेको भनी कसुर खण्डमा उल्लेख गरेको छ।

प्रतिवादी सुरेशकुमार न्यौपाने कर्जा कमिटीमा संलग्न रहेको भनी अभियोग खण्डमा कहीँ पनि उल्लेख गरिएको छैन। उनले महाप्रबन्धकको अधिकार सीमा फण्डेड कर्जामा रू. ५ लाखभन्दा बढी कर्जा लक्ष्मी आचार्य समूहलाई गइसकेको छ भनी स्पष्ट टिप्पणीमा उल्लेख गर्नुपर्नेमा सो तथ्यलाई लुकाई ५ करोडभन्दा कम कर्जा गएको भनी देखाउने कार्य गरेको र बागमती एपरल्सको सुरक्षण नै नभए पनि रू. ८५ लाखसम्मको कर्जा दिन सकिने भनी राय लेख्ने कार्य गरी कर्जा प्रवाह गर्नमा वातावरण मिलाउन मतियार भएको भनी अभियोग खण्डको पाना ११३ मा स्पष्टरूपमा उल्लेख गरिएको छ।

**६. <u>अन्य प्रतिवादीहरू प्रयागराज रंजित, शैलेन्द्रकुमार शाक्य र पुरूषोत्तम मल्ल, पूर्णराम शर्मा दवाडी र एस.पी. श्रेष्ठको हकमाः</u>**

यी प्रतिवादीहरूको हकमा सफाई दिई अभियोग मागदाबीलाई ध्यानै नदिई अन्यथा गरी गरेको फैसला देहायअनुसार त्रुटिपूर्ण छः

प्रतिवादी प्रयागराज रंजित, शैलेन्द्रकुमार शाक्य र पुरूषोत्तम मल्लले बागमती उनी धागो कताई उद्योग परियोजनाबमोजिम उद्योग स्थापित भई उद्योगको लागि भवन, कम्पाउण्ड धारो तथा अन्य निर्माण कार्य सम्पन्न भइसकेको र उत्पादन कार्य सुरू भएको भन्ने प्रतिवेदन दिएकोमा परियोजनाबमोजिमको यो उद्योग नभई हाते चर्खाले चलाउने उद्योग भनी लक्ष्मीप्रसाद आचार्यले निवेदन दिएको हुँदा (फाइल १६ को पाना ३१) यी प्रतिवादीहरूले उल्लेख गरे झैं उद्योग स्थापना भई निर्माण कार्य भएको हुन सक्दछ कि सक्दैन ? विवेकसम्मत तर्क गर्न सकिन्छ। यी प्रतिवादीहरूले दिएको प्रतिवेदन झुट्ठो भन्ने स्पष्ट देखिरहेकै छ।

यसैगरी एस.पी. श्रेष्ठले मूल्याङ्कन गरेको दुई कित्ता जग्गाको ४७ लाखभन्दा बढी पर्ने भने तापनि अनुसन्धानको सिलसिलामा जग्गाहरू रू. ३० लाख पर्ने भनी आएकोले यी प्रतिवादीले पनि कमसल मूल्यको जग्गालाई बढी मूल्याङ्कन गरी बैंकबाट धेरै रुपैयाँ निकाल्नमा सहयोग गरेको भन्ने पुष्टि भएको छ। यस्तो स्थितिमा यी प्रतिवादीलाई सफाई दिने गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई बदरभागी छ।

**७. <u>प्रतिवादी सरस्वती थापा र कालीका खड्का र भक्ति उप्रेतीको हकमाः</u>**

प्रतिवादी सरस्वती थापाले आफ्नो नाममा खरिद गरेको घर जग्गा वैधानिकरूपमा आय आर्जन

गरी खरिद गरेको घर जग्गा हो भनी अदालतमा आई बयान गर्न सकेको छैन भने कालीका खड्काको नाममा रहेको सेयर पनि वैधानिक आयस्रोतबाट जम्मा भएको रकमले खरिद गरेको भनी अदालतमा आई बयान गर्न सकेको छैन । यसरी लोग्नेले भ्रष्टाचार गरी संकलन गरेको रूपैयाँबाट यी प्रतिवादीहरूको नाममा खरिद गरेको घर जग्गा तथा सेयर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसुर भएकोले ऐ. ऐनको दफा १६ग बमोजिम त्यस्तो सम्पत्ति जफत हुन मागदाबी लिई रहेको अवस्थामा विशेष अदालतले आत्मनिष्ठ व्याख्या गरी जफत नगर्ने ठहर्‍याएको हदसम्म उक्त फैसला त्रुटिपूर्ण हुँदा अभियोग मागदाबीबमोजिम यी प्रतिवादीहरूको नामको सम्पत्ति जफत गरिपाऊँ।

८. **प्रतिवादी लक्ष्मीप्रसाद आचार्य, चिरञ्जीवी आचार्य, अच्युतप्रसाद रिजाल, भरतराज कोइराला, रूद्रप्रसाद भट्टराई, मोती उप्रेती, कृष्णप्रसाद लुइटेल, एपाची गाउण्डर चन्दन, पदमावती चन्दन र पुलिकल रविन्द्रनको हकमा:**

यी प्रतिवादीहरूसमेतलाई बिगोबमोजिम जरिवाना गरिएको भए तापनि कसुरको गाम्भिर्यताको आधारमा कैदको समेत सजाय हुनुपर्नेमा अदालतबाट कैद सजाय नगरेको हदसम्म उक्त विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा यी प्रतिवादीहरूलाई अभियोग मागबमोजिम कैदको समेत सजाय गरिपाऊँ।

अतः उल्लिखित आधार तथा बुँदाहरूको आधारमा प्रतिवादीहरूलाई आरोपपत्र माग दाबीबमोजिम हदैसम्म सजाय गरिपाउँ भन्ने व्यहोराको वादी नेपाल सरकारको तर्फबाट मिति २०६२ फागुनमा यस अदालतमा परेको पुनरावेदन पत्र।

९. **वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी अच्युतप्रसाद रिजालको हकमा यस अदालतमा छुट्टै परेको पुनरावेदन जिकिर (०६८-CR-०६५२):**

ज्यादै कम मूल्य पर्ने सम्पत्तिको अत्यधिक बढी मूल्य पर्ने भनी मूल्याङ्कन गरी गराई धेरै मूल्यमा धितो पास गरी गराई गलत किसिमको स्टक मुल्याङ्कनसमेतका आधारमा कर्जा सुरक्षित नै हुन नसक्ने र असुलसमेत हुन नसक्ने गरी कर्जा प्रवाह गरी गराई नेपाल बैंक लिमिटेडलाई गैरकानूनी हानि नोक्सानी र कर्जावाला प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुर्‍याई भ्रष्टाचार गरेको हुँदा प्रस्तुत जघन्य कसुरको मुद्दामा कसुरको मात्रा र गाम्भीर्यतासमेतको आधारमा प्रत्यर्थी / प्रतिवादीलाई बिगो बमोजिम जरिवानासमेतको सजाय हुनुपर्नेमा बिगो बमोजिम जरिवाना नगरी ६ महिना कैद सजाय मात्र गर्ने गरी भएको हदसम्मको फैसला त्रुटिपूर्ण रहेकोले प्रतिवादीलाई आरोपपत्र मागदाबीबमोजिम बिगोबमोजिम जरिवानासमेतको सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी अच्युतप्रसाद रिजालको हकमा यस अदालतमा छुट्टै परेको पुनरावेदन जिकिर।

८.२ **प्रतिवादीहरूको पुनरावेदनको सारसंक्षेप:**

१. **प्रतिवादी सवललाल सिंहको यस अदालतमा परेको पुनरावेदन पत्र (३५९७)**

म पुनरावेदकलाई नेपाल बैंक लिमिटेडले राधिका ह्याण्डिक्राफ्टले पेस गरेको स्टक विवरणअनुसारको सामान छ छैन स्थलगत निरीक्षण गरी बजार दर बुझी प्रतिवेदन पेस गर्नको लागि मात्र खटाइएको हो । मूल्याङ्कन गर्नको लागि खटाइएको होइन । मलाई भ्रष्टाचारको कसुरदार ठहर्‍याई रू. ५,०००।– जरिवाना गर्ने गरेको हदसम्म विशेष अदालत, काठमाडौंको मिति २०६२।७।१३ को फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी आरोपित कसुरबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादी सवललाल सिंहको यस अदालतमा परेको पुनरावेदन पत्र।

## २. प्रतिवादी विष्णुराम श्रेष्ठको पुनरावेदन पत्र (३७३८):

म पुनरावेदक बैंकको एक सामान्य तल्लो स्तरको कर्मचारी भएको, जग्गाको मूल्याङ्कन गर्ने निश्चित प्रक्रिया र प्रविधि नभएको र निश्चित मापदण्डसमेत तोकी हामीलाई मूल्याङ्कन गर्न नपठाइने हुँदा जग्गाको भौतिक अवस्था तथा सुविधा, व्यापारिक महत्त्व र स्थानीय बासीको भनाईसमेतको आधारमा मूल्याङ्कन गरेकोलाई के कुन आधार प्रमाण र कानूनका आधारमा लक्ष्मी आचार्य समूहलाई फाइदा पुग्न गई बैंकलाई नोक्सान पुगेको हो खुलाउन सकेको पाइँदैन। तसर्थ मलाई सुरु विशेष अदालत काठमाडौंले कसुरदार गरेको फैसला त्रुटिपूर्ण र गैरकानूनी रहे भएको हुँदा सो हदसम्म उक्त फैसला बदर गरी आरोपित कसुरमा पूर्णतः सफाई दिने गरी फैसला गरी न्याय पाउँ भन्ने व्यहोराको प्रतिवादी विष्णुराम श्रेष्ठको पुनरावेदन पत्र।

## ३. प्रतिवादीद्वय लोकबहादुर श्रेष्ठ र कृष्णबहादुर कारञ्जितको यस अदालतमा परेको संयुक्त पुनरावेदन पत्र। (३७४०)

बैंकको सूचीकृत इन्जिनियरले गरेको मूल्याङ्कन रिपोर्टअनुसार छ छैन भनी कार्यालयको निर्देशनअनुसार हामीले जग्गाको निरीक्षण गरी प्रतिवेदन पेस गर्नेसम्मको कार्य गरेको हुँदा आफूले देखे बुझेसम्म जग्गाको भौगोलिक वस्तुस्थितिलाई मूल्याङ्कन प्रतिवेदनमा खुलाई प्रतिवेदन पेस गर्ने प्रयास गरेका छौं। हामीले गलैंचा उद्योगमा गई हेर्दा उद्योग सञ्चालन भई रहेको र सामानहरूको रूजु गर्दा पार्टीले पेस गरेको स्टक विवरणअनुसार सामान भएको हुँदा बजार भाउ बुझि सोहीअनुरूप स्टक जाँच प्रतिवेदन पेस गरेका हौं। तसर्थ हामीलाई आरोप लगाई भएको त्रुटिपूर्ण फैसलालाई बदर गरी अभियोग मागदाबीबाट सफाई दिलाई न्याय गरिपाउँ भन्ने व्यहोराको प्रतिवादीद्वय लोकबहादुर श्रेष्ठ र कृष्णबहादुर कारञ्जितको यस अदालतमा परेको संयुक्त पुनरावेदन पत्र।

## ४. प्रतिवादी डा. हरिवंश झाको पुनरावेदन पत्र (३७५२):

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) ले सरकारी सेवामा रहेको बाहेक अरू कुनै राष्ट्र सेवकको हकमा आकर्षित नहुने कुरा प्रस्ट रहँदा रहँदै पनि सरकारी सेवा र राष्ट्र सेवकको परिधिभित्र नरहेको म प्रतिवादीलाई दफा ७(२) अन्तर्गत सजाय गर्ने गरी भएको निर्णयमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को गलत व्याख्या र प्रयोग भएको प्रस्ट छ। म पुनरावेदक अर्थशास्त्री भएकोले मूल्याङ्कनबारेमा मलाई केही थाहा नभएको, प्रोप्राइटरको नाता सम्बन्धले भएको कुनै कामलाई बद्नियतपूर्वक गरेको हो भन्न मिल्दैन। तसर्थ विशेष अदालत काठमाडौंबाट मलाई दोषी ठहराई जरिवाना गर्ने गरी भएको निर्णय कानून, तथ्य र सबुत प्रमाणसमेतको विपरीत रहेकोले भएको त्रुटिपूर्ण निर्णय बदर गरी निर्दोष घोषित गरिपाउँ भन्ने प्रतिवादी डा. हरिवंश झाको पुनरावेदन पत्र।

## ५. प्रतिवादी नरेन्द्रराज भट्टराईको यस अदालतमा परेको पुनरावेदन पत्र। (३७५६):

मैले लक्ष्मी आचार्य समूहको तालिका नं. ३ अन्तर्गत सि.नं. ३, ८, ११ र १२ गरी जम्मा ५ कित्ता जग्गाहरूको मूल्याङ्कन गरेकोमा ती मध्ये कुनै पनि जग्गा विपक्षी वादीले अभियोग पत्रमा उल्लेख गरे जस्तो कमसल खालको वा बैंकको लगानी नउठ्ने खाले छैनन्। झापा अनारमनी- ३ कि.नं. ४०६८ क्षेत्रफल ०-१-११-१-२ जग्गा मैले मूल्याङ्कन गर्दा रू. ७९,१४,०००।– उल्लेख गरेको छु भने सोही जग्गा गा.वि.स. ले मूल्याङ्कन गर्दा रू. ८०,००,०००।– (असी लाख) मूल्याङ्कन गरेको भन्ने अनुसन्धानको

मिसिलसमेत रहेकोमा पछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गा.वि.स. तथा स्थानीय बासिन्दालाई प्रभावमा पारी रू. ४४,३७,५००।– मात्र मूल्य कायम गरी अभियोग पत्रमा उल्लेख गरेको छ। जुन सर्वथा अन्यायपूर्ण रहेको छ। त्यस्तै तालिका नं. ३ को सि.नं. ८ को काठमाडौं जिल्ला सुन्ताखान बालुवा वडा नं. ९(क) को कि.नं. १७४ जग्गा मैले रू. ५०,६२,५००।– मूल्याङ्कन गरेको तथा सि.नं. ११ को काठमाडौं जिल्ला कपन गा.वि.स. को घर जग्गा मैले रू. ९०,००,०००।– मूल्याङ्कन गरेकोमा अभियोजनकर्ताले घरको मूल्याङ्कनै नगरी जग्गाको मात्र मूल्याङ्कन गरी रू. २९,५६,२५०।– मात्र मोल पर्ने भनी हचुवा अभियोगदाबी रहेको छ। तसर्थ म पुनरावेदकलाई अभियोगदाबीबमोजिम कसुरदार ठहर गरेको विशेष अदालतको त्रुटिपूर्ण फैसला मेरो हकमा बदर गरी सफाई पाउँ भन्ने प्रतिवादी नरेन्द्रराज भट्टराईको यस अदालतमा परेको पुनरावेदन पत्र।

६. **<u>प्रतिवादी केशवलाल श्रेष्ठको यस अदालतमा परेको पुनरावेदन पत्र</u>**(३७९६):

प्रस्तुत मुद्दामा म पुनरावेदक धितोको जग्गाको मूल्याङ्कनसम्म गर्ने व्यक्ति भएको हुनाले मैले गरेको कार्य अन्तिम कार्य होइन। मैले गरेको मूल्याङ्कनलाई बैंकले स्वीकार अस्वीकार जे पनि गर्न सक्ने हक बैंकमा नै सुरक्षित रहेको अवस्थामा बैंकले स्वीकार गरे भ्रष्टाचार गरेको हुने स्वीकार नगरे भ्रष्टाचार गरेको नहुने भनी व्याख्या गर्दा कुनै अमूक व्यक्तिउपर भ्रष्टाचार गरिएको ठहर गर्नुपर्ने कुरा कुनै अर्को व्यक्ति वा निकायको निर्णयमा भर पर्न जाने देखिन्छ। तसर्थ मिति २०६२।७।१३ मा भएको उक्त फैसलालाई बदर गरी पूर्णरूपमा सफाई दिने गरी इन्साफ गरिपाउँ भन्ने प्रतिवादी केशवलाल श्रेष्ठको यस अदालतमा परेको पुनरावेदन पत्र।

७. **<u>प्रतिवादी इन्दिरा गुरूङको पुनरावेदन पत्र</u> (३८१७)**

म कर्जा कमिटीमा बसी सहमत जनाएको निर्णयले राधिका ह्याण्डिक्राफ्टको कारोबारको लागि थप सुरक्षणबापत पारित गरी लिने भनी निर्णय भएको हो। उक्त कार्यलाई भ्रष्टाचार भन्न मिल्दैन। बागमती ओरिन्यटल टिपिकलाई हाइपो कर्जा रू. ३० लाख माग गरेकोमा **सुरक्षण फाजिल रहेमा आवश्यक सुरक्षण एयर मार्क जनाई** रू. २८ लाख मात्र २०५४।०५५ को कर्जा लिमिटसम्म तोकिएको हो। पुनरावेदिकाको कर्जा प्रवाह गर्ने समयमा संलग्नता नभएबाट लिमिट कायम गर्ने कार्यलाई बद्नियतपूर्ण भन्न मिल्दैन। तसर्थ मतियारको रूपमा संलग्नता जनाएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी न्याय पाउँ भन्ने प्रतिवादी इन्दिरा गुरूङको यस अदालतमा परेको पुनरावेदन पत्र।

८. **<u>प्रदिपकुमार चापागाईको पुनरावेदन पत्र</u> (२८२४):**

बजार मूल्यभन्दा बढाई मूल्याङ्कन गरिएको भन्ने अभियोग भएकोमा बजार मूल्य यति नै हो भनी वादीले आधिकारिक प्रमाण पेस गर्न सकेको पाइँदैन। जग्गाको भौतिक अवस्था, व्यापारिक महत्त्व र स्थानीयबासीको भनाइसमेतको आधारमा मसमेतले बागमती ट्रेडर्सलाई प्रवाहित कर्जाको थप सुरक्षणको लागि चलन चल्तीको मूल्यभन्दा केही कम मूल्य राखी धितो मूल्याङ्कन गरेकोमा विवाद हुन सक्दैन। चुम्बकबहादुर बुढाथोकीले आफ्नो नामको झापा, गारामुनी ५ कि.नं. ६६७ को क्षेत्रफल ०-१८-११ मिति २०५६।१।१३ मा जमानतको तमसुक लेखी दिन्छु भनी रजिस्ट्रेसन पारित गरी लेखिदिएको जमानतको तमसुकमा नै उक्त धितो नेपाल बैंक लिमिटेड बिर्तामोड कार्यालयलाई दिएको उल्लेख छ। नेपाल बैंक लिमिटेड बिर्तामोड कार्यालयबाट

नजिरको अदालत

राधिका ह्याण्डिक्राफ्टलाई कर्जा प्रवाह नै भएको छैन र चुम्बकबहादुर बुढाथोकीको नामको उक्त जग्गासमेत बागमती ट्रेडर्सलाई प्रवाह भएको कर्जाको थप सुरक्षणको लागि जमानत पारित गरिएको तथ्य अकाट्य छ । वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७क(२) बमोजिम बैंकले ऋणीसँग थप धितो लिन सक्ने कानूनी व्यवस्था हुँदा बागमती ट्रेडर्सलाई विर्तामोड अफिसबाट प्रवाहित भएको जम्मा ८१ लाख कर्जाको सुरक्षणार्थ उक्त जग्गा जमानत पारित गरिएको तथ्यबाटै बैंक र ऋणीबीचको कारोबारको विषयको प्रकृति भ्रष्टाचार निवारण ऐन, २०१७ आकर्षित हुनसक्ने अवस्थाको नहुँदा ने.का.प. २०४६ नि.नं. ३८४९ पृ. ६१४ मा प्रतिपादित सिद्धान्तका आधारमा समेत उक्त विशेष अदालतको मिति २०६२।७।१३ को फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाई पाउँ भन्ने प्रदिपकुमार चापागाईको यस अदालतमा परेको पुनरावेदन पत्र।

**९. <u>पदमकुमार प्रधानको पुनरावेदन पत्र</u> (०६३-CR-०००१):**

बजार मूल्यभन्दा बढाई मूल्याङ्कन गरिएको भन्ने अभियोग भएकोमा बजार मूल्य यति नै हो भनी वादीले आधिकारिक प्रमाण पेस गर्न सकेको पाइँदैन । जग्गाको भौतिक अवस्था, व्यापारिक महत्त्व र स्थानीयबासीको भनाईसमेतको आधारमा मसमेतले चलन चल्तीको मूल्यभन्दा कम मूल्य राखी धितोहरू मूल्याङ्कन गरेकोमा विवाद हुन सक्दैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धानको क्रममा कायम गरेको मूल्याङ्कनलाई आधार मानी गणितीय आधारमा विवादित जग्गाहरूको मूल्य यति मात्र हुने भनी ठहर गर्न सकिन्न । असल नियतले गरेको कार्यलाई अन्यथा ठोस प्रमाण आधारबाट बद्नियत नदेखिएसम्म आरोप लगाउन मिल्ने हुँदैन भनी ने.का.प. २०५२ नि.नं. ६०७५ पृष्ठ ८२३ मा सिद्धान्त प्रतिपादित भएको छ।

नेपाल बैंक लिमिटेड बिर्तामोड कार्यालयबाट राधिका ह्याण्डिक्राफ्टलाई कर्जा प्रवाह नभएको र चुम्बकबहादुर बुढाथोकीको नामको उक्त जग्गासमेत बागमती ट्रेडर्सलाई प्रवाह भएको कर्जाको थप सुरक्षणको लागि जमानत पारित गरिएको तथ्य अकाट्य छ । अर्कोतर्फ निज चुम्बकबहादुर बुढाथोकीले आरोपित कसुरमा सफाई पाएको अवस्थामा मलाई भने कसुरदार ठहर गरिनु सर्वथा अन्यायपूर्ण हुन्छ। तसर्थ उक्त विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग मागदाबीबाट सफाई पाउँ भन्ने प्रतिवादी पदमकुमार प्रधानको यस अदालतमा परेको पुनरावेदन पत्र।

**१०. <u>नरेन्द्रमेहर श्रेष्ठको पुनरावेदन पत्र</u> (०६३-CR-०००५):**

म पुनरावेदक जस्तो तल्लो स्तरको कर्मचारीले फर्म कहिले दर्ता भयो ? उत्पादन कहिलेदेखि सुरू गर्‍यो ? फर्मको क्षमता कति छ ? जनशक्ति कति परिचालन छ ? लगानीको स्थिति कस्तो छ ? भन्ने विषय मेरो अधिकारभित्र पर्दैन । कार्यालय प्रमुखले हामीलाई मौखिक निर्देशन दिएअनुसार मूल्याङ्कन, निरीक्षणको लागि दायरा तोकिएको हुन्छ । त्यसैको परिधिभित्र रहेर प्रतिवेदन तयार गरिन्छ। प्रतिवेदन तयार गर्दा बजार दर, उपभोग्य दर र अन्तर्राष्ट्रिय स्तरमा खपत हुनसक्ने आधार मूल्यलाई स्वीकारिन्छ।

तसर्थ म पुनरावेदक पूर्णत निर्दोष हुँदा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम कसुरको मात्राअनुसार भनी म पुनरावेदकलाई रू. ५,०००।– पाँचहजार जरिवाना गर्ने गरी मिति २०६२।७।१३।१ मा विशेष अदालत, काठमाडौंले गरेको फैसला त्रुटिपूर्ण हुँदा सम्मानित सर्वोच्च अदालतबाट सोलाई मेरा हकमा बदर गरी म पुनरावेदकलाई पूर्ण सफाई दिलाई पाउँ भन्ने प्रतिवादी

नरेन्द्र मेहर श्रेष्ठको यस अदालतमा परेको पुनरावेदन पत्र।

**११. प्रतिवादी शशिकिरण श्रेष्ठको पुनरावेदन पत्र (०६३-CR-००२१):**

भ्रष्टाचार निवारण ऐन, २०१७ मिति २०५९।३।५ मा खारेज भई भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएको छ। यस स्थितिमा नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ बमोजिम खारेज भएको ऐनको आधारमा सजायको मागदाबी लिन मिल्ने कुनै कानूनी आधार नै छैन। नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनले औंल्याएका कुरालाई इंगित गरेको अवधिमा म पुनरावेदक काठमाडौं अफिसमा कार्यरत रहेको अवस्था छैन। मबाट कर्जा प्रवाह भएको अवस्था पनि हैन । सुन्ताखान गा.वि.स. वडा नं. ९(घ) को कि.नं. १७४ को जग्गा थप सुरक्षणको लागि अख्तियार प्राप्त व्यक्तिको आदेश मुताबिक कमिटीमा निर्णयार्थ पेस भई बैंकको नाममा पास गरिलिने कार्यसम्म भएको हो। उक्त कार्यमा म पुनरावेदकको कुनै बद्नियत रहेको छैन। रोशन ह्याण्डिक्राफ्टको लागि रू. ३० लाख कर्जा प्रवाह गर्दा मिनुकुमारी कार्कीको जग्गा धितो लिई रोक्का भएको देखिन्छ। तसर्थ विशेष अदालत काठमाडौंबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी न्याय पाउँ भन्ने प्रतिवादी शशिकिरण श्रेष्ठको यस अदालतमा परेको पुनरावेदन पत्र।

**१२. रोशनमान जोशीको पुनरावेदन पत्र (०६३-CR- ००९७):**

वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७(क) तथा बैंक तथा वित्तीय संस्थाम्बन्धी अध्यादेश २०६२ को दफा ५७ को प्रक्रिया नै नअपनाई मुद्दामा धितो सुरक्षणको विश्लेषण नै नगरी भ्रष्टाचार जस्तो गम्भीर विषयमा आरोप लगाउन मिल्ने हुँदैन। विशेष अदालतको फैसलामा मलाई सजाय गर्दा लिएको आधारमा कर्जावाल प्रतिवादी लक्ष्मीप्रसाद आचार्यको कपन-१(घ) को कि.नं. ३३० घर तथा जग्गा को मूल्याङ्कनलाई आधार बनाइएको रहेछ।

मैले ऋणीको मागबमोजिम पुनः मूल्याङ्कन गर्न खटाई मूल्याङ्कन गरी मेरो सिनियरसमेतको संलग्नतामा प्रतिवेदन दिएको सम्म हो। मसमेत भई मूल्याङ्कन गरेको धितो सुरक्षणमा जग्गा मात्र नभई २(दुई) वटा घर पनि छन् पछि मूल्याङ्कन गर्दा थप निर्माण भएको छ। यो विषय फैसलामा उल्लेख गरे जस्तो नभई कर्जा सुरक्षित हुनसक्ने कुरालाई समेत मध्यनजर गरेर नै उक्त धितोको मूल्य रू. ६७,६८,६८८।-४८ कायम गरेको अवस्था हो । जुन धितोलाई इन्जिनियरले मूल्याङ्कन गर्दा रू. ९०,०२,०००।- मूल्य कायम गरेको थियो । कर्जा प्रवाह गर्ने/नगर्ने अन्तिम निर्णय गर्ने अधिकार कर्जा प्रमुख, कर्जा कमिटी तथा कार्यालय प्रमुखको हातमा हुने हो। तसर्थ मलाई रू. ५,०००।- जरिवानासमेत हुने गरी गरिएको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी न्याय पाउँ भन्ने रोशनमान जोशीको यस अदालतमा परेको पुनरावेदन पत्र।

**१३. प्रतिवादी अम्बरकुमार खड्काको पुनरावेदन पत्र। (०६३-CR- ०१८५):**

खारेज भइसकेको भ्रष्टाचार निवारण ऐन, २०१७ लाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम मुद्दा चल्न सक्दैन। कर्जा विभागबाट पेस गर्ने विवरण सम्बन्धित कर्मचारीबाट तयार गरेको हो। उक्त विवरण म पुनरावेदकको दबाबमा तयार भएको होइन। राधिका ह्याण्डिक्राफ्टको रू. ९९,९७,७३३।२५ को टि.आर. कर्जा रू. ५ करोडको पूर्व स्वीकृति सीमाभित्र तथा आफूलाई प्राप्त अख्तियारीभित्र रही कर्जा स्वीकृति गरेकोले कर्जा कमिटीबाट स्वीकृति वा समर्थन गराई रहन पर्ने विषय होइन। नेपाल बैंक लिमिटेड काठमाडौं अफिसबाट महाप्रबन्धकलाई सोधेर कार्य गरेको भनी

जानकारी प्राप्त भएकोले सो विषयमा सोधेर कार्य गरेको हो होइन भनी यकिन भएपछि मात्र मौखिकरूपमा समन्वय गरेको विषयलाई अदालतले कसुर ठहर गर्ने निर्णयाधार बनाउन मिल्ने होइन।

बैंकिङ कारोबारमा Loan exposure घटबढ हुने कुरा सामान्य बैंकिङ प्रक्रिया हो। Loan exposure घटबढ हुने कुरा फौज्दारी कसुरको दायरामा आउनै सक्दैन। भ्रष्टाचारको लागि बद्नियत तत्त्वको आवश्यक पर्ने भनी ने.का.प. २०४३ अंक १० नि.नं. २८८२, भ्रष्टाचार गरेको प्रमाण सन्निनिहित हुनुपर्ने भनी ने.का.प. २०२१ अंक २ पृ. ३१ नि.नं. २२९, त्यसैगरी भ्रष्टाचारको कसुर प्रमाणित हुनका लागि मनसाय तत्त्वको साथै बद्नियतपूर्ण कृयाबाट कार्य भएको भन्ने प्रस्टरूपमा देखिनुपर्ने, हानि नोक्सानीको आधारबाट मात्रै भ्रष्टाचार गरेको भन्नु न्यायिक नहुने भनी पूर्ण इजलास ने.का.प. २०५४ अंक १० नि.नं. ६४४८ पृ. ५५३समेतमा सिद्धान्त कायम भइरहेको अवस्थामा सो सिद्धान्तसमेतका प्रतिकूल मलाई कसुरदार ठहर गरिएको फैसला न्याय कानूनसङ्गत नभई प्रतिपादित सिद्धान्तको प्रतिकूल भएको हुँदा उल्टी गरी अभियोगदाबीबाट सफाई पाउँ भन्ने प्रतिवादी अम्बरकुमार खड्काको यस अदालतमा परेको पुनरावेदन पत्र।

**१४. <u>प्रतिवादी महन्तबहादुर महर्जनको पुनरावेदन पत्र</u> (०६३-CR- ०२३६):**

धितो मूल्याङ्कन वा चेकजाँच गर्ने पद मेरो होइन। म चल्ती विभागको उपप्रबन्धक मात्र हुँ। मैले कुनै कर्जा स्वीकृत नगर्ने तोक आदेश नगर्ने र धितो मूल्याङ्कन नगर्ने भएपछि प्रवाहित कर्जाको रकम नउठेको सवाल मउपर राखी नीति निर्देशनको सतही कुरा गरेको भरमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) आकर्षित हुने होइन। मैले बद्नियत राखेर कुनै काम गरेको छैन। मेची ह्याण्डिक्राफ्टको पाकेको ब्याज बाँकी देखिएकाले सो ब्याज चुक्ता भएपछि ओ.डि. कर्जा उपलब्ध गराउने गरी काम भएको हो। मेची ह्याण्डिक्राफ्टको चालु पुँजी कर्जा २०५५।१।२ गते स्वीकृत भई २०५७।१।१ सम्म भाखा रहेको तथ्य आन्तरिक सूचना अभिलेखबाट देखिएको छ। मसँग असम्बन्धित सुरक्षणको मूल्याङ्कनसमेतको विषयलाई लिएर मलाई त्यसमा मुछ्न कदापि मिल्दैन। नेपाल बैंक लिमिटेडको कर्जा लगानी गर्ने व्यक्ति म होइन। चल्ती विभागको उप प्रबन्धकसम्म भएको नाताले हाजिर भएको दिन चल्ती ओ.डि. को कर्जा कमिटी बस्दा सदस्यको नाताले सो कमिटीमा मेरो उपस्थिति रहने हो। तसर्थ सत्य तथ्य नकेलाई प्रतिपादित सिद्धान्तको पालना नगरी अनुमानित तर्क राखी मलाई सजाय गर्ने गरी विशेष अदालतबाट २०६२।७।१३ गते भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको हुँदा बदर गरी मलाई सफाई दिलाई पाउँ भन्ने प्रतिवादी महन्तबहादुर महर्जनको यस अदालतमा परेको पुनरावेदन पत्र।

**१५. <u>प्रतिवादी उत्तमकुमार नेपालको पुनरावेदन पत्र</u> (०६३-CR- ०२३६):**

भ्रष्टाचारका लागि मनसाय तत्त्व र बद्नियतपूर्ण कार्यकारण म पुनरावेदकबाट भए गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम विपक्षी वादी पक्षबाट प्रमाणित हुन सकेको अवस्था पनि छैन। यी तत्त्वको अभावमा भएका क्रिया नोक्सानीको आधारमा मात्रै भ्रष्टाचार गरेको भनी ठहर गर्न मिल्ने अवस्था पर्दैन भन्ने कुरा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०५४ पृष्ठ ५५३ नि.नं. ६४४८ मा प्रतिपादित सिद्धान्तले पनि प्रस्ट पारेको छ।

एल.सी. खोल्नेसमेतका कामकारवाही बैंकले दैनिकरूपमा गर्ने नियमित र स्वाभाविक कार्यहरू हुन्। यस समूहसँग सम्बन्धित कर्जाका सम्बन्धमा मात्र नभई दैनिक कार्यका क्रममा विभिन्न तोकहरू लगाइनु स्वयम्मा कसुरजन्य कार्य होइन। ग्राहकको

यथार्थ कारोबार दर्शिने कर्जा लेजर, लिमिट लेजर, धितोसम्बन्धी लेजर आदि आधिकारिक लेजरहरूसँग मिलाई भिडाई विपक्षी वादी पक्षबाट अभियोग लगाइएको अवस्था छैन। विशेष अदालतबाट फैसला हुँदासमेत लेजरहरू मगाई अभियोगसँग मिलाई भिडाई विवेचना र मूल्याङ्कन गर्ने कार्य भएको छैन।

बागमती एपरल्सको L/C No. ६१/१३०८ बाट T.R. गर्दा राधिका ह्याण्डिक्राफ्टसको धितो Air marks गर्नु भनी अनधिकृत व्यक्तिले दिएको निवेदनका आधारमा T.R. गरेको अभियोग म पुनरावेदकमाथि लगाउनै नमिल्नेमा सो कुराको अत्तो थापी कसुरदार ठहराउने विशेष अदालतको फैसला तथ्यसङ्गत र वस्तुनिष्ठ छैन।

<u>टि.आर. कर्जा नं. ६१/२८९ का सम्बन्धमा:</u> यथार्थमा बैंक र कारोबार गरिरहेको ग्राहकका बीचमा एउटै मात्र कारोबार हुनुपर्दछ भन्ने निष्कर्ष निकाल्नु बैंकिङ पद्धतिको ठाडै प्रतिकूल हुन्छ। बैंकिङ पद्धति र प्रक्रियामा कारोबार गर्ने ग्राहकको सम्पूर्ण कर्जा चुक्ता भई एउटा मात्र बाँकी रहिरहने वा रही रहनुपर्ने अर्थ गर्न किमार्थ मिल्दैन।

<u>परिपत्र विपरीत एल.सी. मा सर्त नभएपनि अनुमोदनका लागि प्रधान कार्यालयमा पत्राचार गरेको सम्बन्धमा:</u> कर्जा निर्देशिकाको पृष्ठ ८४ प्रकरण ५ अनुसार पूर्व निर्यात कर्जा प्रवाहित भएमा Negotiation Restricted to Nepal Bank Ltd. भन्ने रबर छाप लगाइने व्यवस्था गरिएकोबाटै एल.सी. डकुमेन्टमै सो व्यहोरा पहिल्यै पर्ने होइन भन्ने कुरा अकाट्यरूपमा पुष्टि भइरहेको छ।

<u>कपन १ को कि.नं. ३३० को जग्गाका सम्बन्धमा:</u> पहिले ५३ लाखमा र पछि कर्जा कमिटीको बैठकबाट ६७ लाखमा पास गरी लिने निर्णय गर्दासमेत नियमानुसार इन्जिनियर तथा बैंकको अधिकृतबाट भए गरेको मूल्याङ्कनको अंकको सिमाभित्रै रही निर्णय भएको अवस्थामा सजायभागी बनाइएको कार्य अन्यायपूर्ण छ।

<u>प्रतितपत्र नं. ६१।२१२ का सम्बन्धमा:</u> प्रधान कार्यालयको पूर्व स्वीकृति र समर्थनमा तोकादेश भएगरेको अवस्थामा म पुनरावेदकमाथि कुनै अभियोग लाग्न सक्ने नै होइन।

<u>अपिनप्पा कार्पेटलाई भाखा नाघेको कर्जा बाँकी रहेको अवस्थामा पनि चल्ती ओभरड्राफ्टतर्फ कर्जा प्रवाह गरेको भन्ने सम्बन्धमा:</u> बैंकसँग नियमितरूपमा कारोबार गरिरहेको पार्टीको कुनै कर्जा बाँकी हुनु, नयाँ प्रवाह हुनु, चुक्ता हुनु सामान्य बैंकिङ प्रक्रियाअन्तर्गतकै विषय भएकोले कमिटीबाट ओभरड्राफ्ट कर्जा समर्थन भएको हो। अभियोगपत्रमा टि.आर. कर्जा बाँकी रहेको तर्फ दाबीसमेत नभएको अवस्थामा भाखा नाघेको कर्जा बाँकी रहेकोमा कर्जा प्रवाह गरेको भनी कसुरदार ठहर गर्नु सर्वथा विरोधाभाषपूर्ण र अन्यायपूर्ण छ। तसर्थ म पुनरावेदकलाई सजाय गर्ने गरी भएको विशेष अदालतको मिति २०६२।७।१३ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी म पुनरावेदकलाई पूर्ण सफाई दिलाई पाउँ भन्ने प्रतिवादी उत्तमकुमार नेपालको यस अदालतमा परेको पुनरावेदन पत्र।

**१६. <u>प्रतिवादी रजनीलोचनप्रसाद तण्डुकारको पुनरावेदन पत्र</u> (०६३-CR- ०३२८):**

कानून, नीति, निर्देशन पालना नगरेको हो सो अभियोग पत्रमा खुल्दैन। विपक्षी नेपाल बैंक लिमिटेड कानूनद्वारा स्थापित कानूनी व्यक्ति भएको र त्यसको सञ्चालन वाणिज्य बैंक ऐन, २०३१ तथा कम्पनी ऐनबमोजिम हुने कुरामा दुईमत छैन।

गैरकानूनी तोकेको आधारमा कर्जा प्रवाह गरेको भन्ने अभियोगको सम्बन्धमा अभियोजन कर्ताले कुन तोक कानूनी तोक गैरकानूनी हो भनी आफ्नो अभियोग पत्रमा स्पष्टरूपले खुलाउन नसकी केवल हचुवाको भरमा गैरकानूनी तोक भनी दाबी

लिएको पाइन्छ । भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम मागदाबी लिएको र उक्त ऐन खारेज भई मिति २०५९।३।५ देखि भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुने गरी तोकिएकोमा खारेज भइसकेको ऐनको प्रयोग गरी दायर भएको प्रस्तुत अभियोग पत्रबमोजिम कारवाही नै चल्न नसक्ने प्रस्ट छ । वाणिज्य बैंक ऐनको कुन दफाअन्तर्गत मेरो उक्त कार्य मेरो जिम्मेवारी पर्दछ हेर्नुपर्ने हुन्छ । कुनै कानूनले मेरो जिम्मेवारी निर्दिष्ट गरेको छ भने मात्र सो जिम्मेवारीमा कुनै कमजोरी, लापरवाही तथा बद्नियत देखिएमा कानूनले मेरो कसुर ठहर्‍याउन मिल्छ । तसर्थ मलाई कसुरदार ठहर गरेको विशेष अदालतको फैसला उल्टी गरी झुट्टा अभियोगदाबीबाट सफाई पाउँ भन्ने रजनीलोचन प्रसाद तण्डुकारको यस अदालतमा परेको पुनरावेदन पत्र।

**१७. <u>प्रतिवादी शेरबहादुर थापाको पुनरावेदन पत्र</u> (०६३-CR- ०४४०):**

मूल्याङ्कन गर्न खटिने इञ्जिनियर तथा कर्मचारीहरूले गरेको कार्यको लागि मलाई दण्डित हुनुपर्ने अवस्था किमार्थ न्यायसम्मत हुन सक्दैन । सुरूमा बागमती उनी धागो उद्योग झापामा रहेकोले झापाको जग्गा धितो स्वरूप पास भएको थियो । पछि सो उद्योगको भवन तथा मेसिनरी सामान धितो राखी थप चालु पुँजी माग गरेपछि प्रधान कार्यालयको समेत स्वीकृतिबाट कर्जा थप गरी अतिरिक्त धितो काठमाडौंबाट बैंकको नाममा पारित भएको हो। आचार्य समूहमा प्रवाह भएको कर्जा रू. १५,५३,२९,१५६।१७ भित्र कति कर्जाहरू धितो नचाहिने जस्तो प्रतितपत्र कर्जा, टि.आर.कर्जा, इत्यादिसमेतको अंक हुनाले सो बराबरको धितो नभएको कारणले भ्रष्टाचारको अपराध गरेको भन्ने निष्कर्षमा कदापि पुग्न मिल्दैन । भरखरै स्थापित उद्योगहरूलाई कर्जा प्रवाह गर्न कुनै नियम कानून एवं बैंक परिपत्रसमेतले रोक लगाएको छैन।

राधिका हैण्डिक्याप्टको धितो रोशन हैण्डिक्यापटको लागि Air Mark गरिएकोमा धितो फाजिल भए नभएको कुरा सुरक्षण लेजर हेरिएको अवस्थामा प्रस्ट हुन आउँछ। प्रतिग्राहक पार्टी फन्डेड कर्जा ७५ लाख र धितो कर्जा रू. १ करोड कर्जा प्रवाह गर्न सक्ने अख्तियारी मलाई छ । यसमा सो सीमा ग्राहक पार्टी, फर्महरूको हकमा लागु हुन्छ । नेपाल बैंक लिमिटेड प्रधान कार्यालयको २०५४।१२।१८ को पत्रमा कर्जा सीमा प्रति पार्टी भनेर निर्धारित छ । कर्जावाला लक्ष्मीप्रसाद आचार्य बैंकको पुरानो कर्मचारी भएबाट हामी एउटै विभागमा कार्यरत हुँदा २०४९ सालतिर निज र मैले ६ आना जग्गा संयुक्तमा किनिएको हो। कर्जा प्रवाह भएको रकम पार्टीले समयमा नतिरी कर्जाको असुली भएन भन्ने प्रवाहित कर्जालाई अपराधको विषयवस्तु बनाइएको अवस्थामा उक्त कर्जा रकमको ब्याज पनि अपराधको विषयवस्तुभित्र समावेश हुन सक्दैन। बैंकले धितोबाट नै ऋण असुल गर्नुपर्ने प्रक्रियालाई प्राथमिकता दिएको छ। वाणिज्य बैंक ऐन, २०३१ ले बैंकले धितोबाट नै ऋण असुल गर्नुपर्ने प्रक्रियालाई प्राथमिकता दिएको छ । भाखा नाघेका र असुल हुन नसकेका सम्पूर्ण ऋण प्रवाहमा भ्रष्टाचार मुद्दा चल्ने हो भने त्यस्ता थुप्रै कर्जाहरू बाँकी रहेका छन्।

तसर्थ प्रकरण / प्रकरणहरूमा वर्णित प्रमाणहरूबाट मलाई कसुरदार ठहर गरी २ वर्ष कैद र रू. ५०००।- जरिवाना एवं ऋणीबाट असुल हुन नसकेको बिगो मबाट भराई दिने भनी भएको विशेष अदालत काठमाडौंको मिति २०६२।७।१३ को फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी आरोपित कसुरबाट पूर्णरूपमा सफाई दिलाई पाउँ भन्ने प्रतिवादी शेरबहादुर थापाको मिति २०६३।३।२५ मा यस अदालतमा परेको पुनरावेदन पत्र।

**१८. प्रतिवादी पुरूषोत्तमप्रसाद श्रेष्ठको पुनरावेदन पत्र (०६३-CR- ०६१५):**

बागमती ओरिन्टल टिपिकको सम्बन्धमा अख्तियारप्राप्त अफिस प्रमुखको संयोजकत्वमा कमिटीबाट निर्णय भएको हो । हाइपोथिकेशन कर्जा चाँही नायब महाप्रबन्धकको तोकअनुसार सम्बन्धित विभागबाट कार्यान्वयन भएको अवस्था रहेको छ । त्यसैगरी आर.पि. कार्पेट सम्बन्धमा विभागबाट इन्चार्ज र सम्बन्धित अधिकृतले तयार गरेर ल्याएको पत्रबाट निरीक्षण गर्नसम्म खटाउने क्रिया म पुनरावेदकबाट भएको हो । निरीक्षण पठाउँदैमा कर्जा प्रवाह भई हाल्ने पनि होइन र निरीक्षण पठाउने भन्ने कुरा प्रक्रियासम्म हो । मेची ह्याण्डिक्राफ्ट तथा अप्पिनपा कार्पेटलाई ओभरड्राफ्ट कर्जा नायब महाप्रबन्धकको अध्यक्षतामा बसेको कमिटीले निर्णय गरेको हो । कार्यान्वयन गर्दाको अवस्थामा तत्कालीन विभागीय इन्चार्जले कागजात दुरूस्त राख्नुपर्नेमा नराखेको कारणबाट म पुनरावेदकलाई दोष लगाउन मिल्ने अवस्था छँदै छैन । म पुनरावेदकले कोल्याटरल निरीक्षण गर्नसम्म पठाएको हो, तर कुनै कर्जा भुक्तानी गर्दा खडा गरिने कुनै पनि भौचरमा मैले सही गरेको छैन । यसरी भुक्तानी भौचरमा सही नगर्ने र म पुनरावेदकलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गत सजायभागी बनाइएको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी न्याय पाउँ भन्ने प्रतिवादी पुरुषोत्तमप्रसाद श्रेष्ठको यस अदालतमा परेको पुनरावेदन पत्र ।

**१९. प्रतिवादी लक्ष्मीप्रसाद आचार्यको पुनरावेदन पत्र । (०६६-CR- ०४५१):**

म प्रतिवादी पुनरावेदकले नेपाल बैंक लिमिटेडसँगको कारोबारमा कुनै किसिमको बद्नियत चिताई कार्य गरेको छैन । समयमा बैंकको रकम तिर्न नसकेको कारणबाट मलाई उक्त "बद्नियत" चिताएको भन्ने अभियोग लगाइनु आफैँमा सान्दर्भिक छैन । मैले बैंकबाट लिएको कर्जा म तिर्न तयार छु भनी पटक पटक नेपाल बैंक लिमिटेडसँग प्रतिबद्धता जाहेर गरी निवेदनसमेत गरिरहेको अवस्था छ । मैले नेपाल बैंक लिमिटेडबाट ऋण लिँदा जग्गाको अत्यधिक मूल्याङ्कन गराएको छैन । जग्गाको मूल्याङ्कन सम्बन्धमा आधिकारिक निकायबाट आधिकारिकरूपमा गरिने भएको हुँदा मूल्याङ्कन गर्ने कुरा ऋणीको हैसियतभन्दा पृथक विषय हो । कर्जा नवीकरण नहुनु, नियमित नहुनु भ्रष्टाचारको परिभाषाभित्र पर्ने विषय होइन ।

एकातिर सञ्चालन भइरहेको बैंकिङ कारोबारमा रोक लगाउनु र अर्कोतिर बैंकको कर्जा निश्चित तिथि मितिमा मात्र नियमित गर्नु भनी तरताकेता लगाउँदै त्यस्तो तिथि मितिमा कर्जा नियमित नगरेको भनी गुन्द्रुकको भाउमा धितो लिलामी प्रक्रिया अगाडि बढाउनु बिल्कुलै अन्यायपूर्ण कुरा हो । बैंकसँग ऋण लिने दिने कार्य विशुद्ध देवानी प्रकृतिको विषय हो । व्यापारिक सिलसिलामा चिनजान भएका फर्महरूलाई धितो दिइनु स्वाभाविक प्रक्रिया हो । चिनजानको नाताले गरिने काम हो । धितो सुरक्षण दिँदैमा फर्म मेरो नियन्त्रणमा रहने कुरा होइन । यदि फर्म मालिकले मेरो नियन्त्रणमा रहेर काम गरेको हो भने उक्त कुराको समयमा नै उजुर गर्नुपर्ने हो । पुँजीको अभावको कारणले मेरो उद्योग धारासायी भयो र उद्योग चलाउन सक्ने पार्टीले खरिद गर्न अनुरोध गरेको कारण आफ्नो सेयर बिक्री गरेको हो । व्यक्तिगत धन जमानी दिँदैमा उद्योगको सेयर नै बेच्न नपाइने होइन । यसरी बैंकबाट मैले कर्जा लिएको रकम गैरकानूनी लाभ हानिको रकम हुन नसक्ने हुँदा भ्रष्टाचारको कसुर स्थापित हुन सक्तैन । मउपर विशेष अदालतको मिति २०६२।७।१३।१ को फैसलाले मलाई बिगो रू. १०,५४,१७,३८१।४८ र रू. १०,५४,१७,३८१।४८ जरिवाना हुने ठहरी गरेको फैसला उल्टी गरी सफाई पाउँ भन्ने प्रतिवादी लक्ष्मीप्रसाद आचार्यको यस अदालतमा परेको पुनरावेदन पत्र ।

## १. यस अदालतबाट विभिन्न मितिमा भएका आदेशहरू:

यसमा नेपाल सरकारको पुनरावेदन जिकिरमा अदालतको स्वविवेकीय अधिकारअन्तर्गत अदालतले सजाय गरेकोमा स्वविवेकीय अधिकारमाथि प्रश्न चिह्न उठाउन कानूनी सिद्धान्त प्रतिकूल हुने भई बोर्ड सदस्य तथा बैंकमा तत्काल अनुपस्थित रही वस्तुनिष्ठरूपमा प्रत्यक्ष संलग्नताको अभाव भएका सम्पूर्ण प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर देखिँदा मुद्दाको किनारा हुँदा इजलासले गहन विचार गर्ने हुँदा हाल अ.बं. २०२ नं. प्रयोग गरी रहनु पर्ने अवस्था रहेन।

निवेदक - अच्युतप्रसाद रिजालको हकमा बन्दीप्रत्यक्षीकरणको निवेदन परी विशेष अदालतबाट मिति २०६७।४।४ मा जारी बन्दीप्रत्यक्षीकरणको आदेशबाट मिति २०५९।१२।७ मा तामेल भएको म्याद बदर भई मिति २०६२।७।१३ मा गरेको विशेष अदालतको फैसला निजको हकमा बदर गरी ३ महिनाभित्र निवेदनको हकमा पुनः निर्णय गर्नु भनी २०६७।४।४ गते आदेश भई प्रतिवादी अच्युतप्रसाद रिजालको हकमा मुद्दा विशेष अदालतमा कारवाहीयुक्त रहेको देखिँदा उक्त मुद्दाको किनारा भएपछि पुनरावेदन परेमा पुनरावेदनसहित र पुनरावेदन नपरेमा कानूनको म्याद नाघेपछि साथै राखी पेस गर्नु भन्ने मिति २०६८।२।१ को यस अदालतको आदेश।

यसमा यसै प्रकृतिको संवत् २०६२ को फौ.पु.नं. ३६४१ को भ्रष्टाचार मुद्दामा यसै अदालतको समान तहको इजलासले अ.बं. २०२ नं. प्रयोग गर्न नपर्ने भनी आदेश गरिसकेपछि समान तहको यस इजलासले अ.बं. २०२ नं. अनुसार प्रत्यर्थी झिकाउन प्रक्रियागत जटिलता देखिएकोले यस मुद्दाको लगत कायम राखी उक्त प्रक्रियागत जटिलता फुकाउन सर्वोच्च अदालत नियमावली, २०४९ नियम ३(१) को खण्ड (घ) अनुसार पूर्ण इजलासमा पठाई पूर्ण इजलासबाट उक्त प्रक्रियागत बुँदामा आदेश भई आएपछि लगाउका मुद्दासमेत साथै राखी कानूनबमोजिम निर्णयार्थ संयुक्त इजलासमा पेस गर्नु भनी विशेष अदालतको संयुक्त इजलासबाट मिति २०६८।१२।१९ मा आदेश भएको देखिनाले प्रस्तुत मुद्दामा समेत सोही अवस्था विद्यमान रहेको देखिनाले उक्त फौ.पु.नं. ३६४१ को मुद्दा साथै प्रस्तुत मुद्दासमेतलाई सर्वोच्च अदालत नियमावली, २०४९ नियम ३(१) को खण्ड (घ) अनुसार पूर्ण इजलासमा पठाई पूर्ण इजलासबाट उक्त प्रक्रियागत बुँदामा आदेश भई आएपछि लगाउका मुद्दासमेत साथै राखी कानूनबमोजिम निर्णयार्थ संयुक्त इजलासमा पेस गर्नु भन्ने यस अदालतको मिति २०६८।१२।२७ को आदेश।

यसमा वादी नेपाल सरकार र सजाय ठहर भएका प्रतिवादीहरूको तर्फबाट दोहोरो पुनरावेदन परेको सन्दर्भमा दुवै पक्षलाई एक आपसमा पुनरावेदन परेको जानकारी दिने गरी यस अदालतबाट मिति २०६७।५।६ मा आदेश भएको देखिन्छ । सो आदेशपश्चात् इजलाससमक्ष पेस भएकोमा लगाउका केही मुद्दा (फौ.पु.नं. ३६४० र ३६४३) मा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश गरी प्रस्तुत मुद्दाको सन्दर्भमा नेपाल सरकारको पुनरावेदन जिकिरमा अदालतको स्वविवेकीय अधिकारअन्तर्गत अदालतले सजाय गरेकोमा स्वविवेकीय अधिकार माथि प्रश्न चिह्न उठाउनु कानूनी सिद्धान्त प्रतिकूल हुने भई बोर्ड सदस्य तथा बैंकमा तत्काल अनुपस्थित रही वस्तुनिष्ठरूपमा प्रत्यक्ष संलग्नताको अभाव भएका सम्पूर्ण प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने मुद्दाको किनारा हुँदा इजलासले गहन विचार गर्ने भन्ने आधारमा हाल अ.बं. २०२ नं. को प्रयोग गरिरहनु नपर्ने भनी मिति २०६८।२।१ मा आदेश भएको रहेछ। सोपश्चात् पुनः मिति २०६८।१२।२७ मा संयुक्त इजलासबाट यसै प्रकृतिको संवत् २०६२ सालको

फौ.पु.नं. ३६४१ को भ्रष्टाचार मुद्दामा यसै अदालतको समान तहको इजलासले अ.बं. २०२ नं. को प्रयोग गर्न नपर्ने भनी आदेश गरी सकेपछि समान तहको यस इजलासले अ.बं. २०२ नं. अनुसार प्रत्यर्थी झिकाउन प्रक्रियागत जटिलता देखिएकोले यस मुद्दाको लगत राखी प्रक्रियागत जटिलता फुकाउन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) अनुसार पूर्ण इजलासमा पठाई पूर्ण इजलासबाट आदेश भई आएपछि पेस गर्नु भनी भएको मिति २०६८।१२।१९ को आदेशलाई आधार बनाई प्रस्तुत मुद्दासमेतमा सोहीबमोजिम पूर्ण इजलासमा पठाई आदेश भई आएपछि पेस गर्नु भनी भएको आदेशबमोजिम प्रस्तुत मुद्दा यस इजलाससमक्ष पेस हुन आएको अवस्था छ।

उल्लिखित परिप्रेक्ष्यमा विचार गर्दा वादी नेपाल सरकारको पुनरावेदनमा विशेष अदालत काठमाडौंबाट सफाई पाएका प्रतिवादीहरूलाई समेत विपक्षी बनाइएको र यस अदालतको मिति २०६७।५।६ को आदेशबाट वादी प्रतिवादी दुवै पक्षबाट पुनरावेदन परेको अवस्था दर्साई पुनरावेदन परस्पर सुनाउनेसम्मको आदेश भएको हुँदा पुनरावेदन नगर्ने प्रतिवादीहरूलाई सो आदेशले समेट्ने अवस्था देखिँदैन। समान प्रकृतिको विषयवस्तु निहित रहेका लगाउका कुनै मुद्दामा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश भएको अवस्थामा लगाउका अन्य मुद्दामा समेत अन्तरप्रभावी भनी प्रत्यर्थी झिकाउने आदेश गरिने अभ्यास रही आएको र पुनरावेदन नगर्ने प्रतिवादीलाई समेत सुनुवाईको मौका प्रदान गर्ने प्रयोजनका लागि पनि अ.बं. २०२ नं. को प्रयोग गरिँदै आएको देखिन्छ। प्राकृतिक न्यायको सिद्धान्तका आधारमा पनि त्यसो गरिनु न्यायोचित मानिन्छ। यसै लगाउको फौ.पु.नं. ३६४१ को मुद्दामा जस्तै प्रस्तुत मुद्दामा समेत विशेष अदालतको फैसलाउपर वादी नेपाल सरकारका तर्फबाट पुनरावेदन पर्न आएको र सो पुनरावेदनमा विशेष अदालतबाट सफाई पाएका प्रतिवादीहरूलाई समेत प्रत्यर्थी बनाइएको देखिएको हुँदा त्यसरी सफाई पाएका र यस अदालतमा पुनरावेदन नगरेका प्रतिवादीहरूलाई अ.बं. २०२ नं. अनुसार झिकाउनु पर्ने भन्ने लगाउको फौ.पु.नं. ३६४१ को मुद्दामा आदेश भएको सन्दर्भमा प्रस्तुत मुद्दामा अ.बं. २०२ नं. को प्रयोग गर्नुपर्ने अवस्था विद्यमान छ वा छैन भन्ने कुराको विचार गरी आवश्यकतानुसार अ.बं. २०२ नं. प्रयोग गर्नुपर्ने देखिए सोसमेत प्रयोग गरी कारवाही अघि बढाउने कार्यसमेत जो जे गर्नुपर्ने हो सो सम्बन्धमा समेत संयुक्त इजलासबाटै यथोचित निर्णय हुन प्रस्तुत मुद्दा संयुक्त इजलासमा पेस गर्नु भन्ने मिति २०६९।१।७ को यस अदालतको आदेश।

**९. <u>विशेष अदालतबाट सफाई पाएका, सर्वोच्च अदालतमा पुनरावेदन नगरेका, झ.झि. आदेशबमोजिम उपस्थित भएका प्रतिवादीहरूको लिखित प्रतिवाद</u>**

**१. <u>सुरेशकुमार न्यौपाने:</u>**

महाप्रबन्धकको कर्जा सीमासम्बन्धी अधिकार ५ करोडसम्म भएको कुरा मिसिलमा प्रस्ट छ। बागमती एपरल्सतर्फ Detail परियोजना नहुँदा पार्टीले माग गरेको रकम परियोजना लागतको २७ प्रतिशत मात्र हुँदा सुरक्षण लिएर मात्र कर्जा प्रवाह हुन सक्छ भन्दै नीति नियमानुसार ६०:४० को लागतमा रू. ८५ लाख मात्र हुन आउने कुरा दर्साई आफ्नो राय दिएको हो। मैले कर्जा दिनु पर्छ भनी सिफारिस गरेको अवस्था नभई कर्जा कमिटीको निर्णयार्थ आफ्नो रायसहित फायल फर्वाड गरेको र त्यसमा मेरो कुनै किसिमको बद्नियतसमेत नरहेको कारणबाट मलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसलामा कुनै पनि त्रुटि नभएको हुँदा मेरो हकमा इन्साफ सदर हुने ठहर्‍याई पाउँ भन्ने सुरेशकुमार न्यौपानेको यस अदालतमा परेको लिखित प्रतिवाद।

२. **प्रतिवादी डा.प्रफुल्लकुमार काफ्ले :**

"थप रू. एक करोड रिभल्भिङ्ग चालु पुँजी कर्जा सम्बन्धमा समूहको बाँकी ब्याज सम्पूर्ण चुक्ता गराई लिई तथा परियोजनाको स्थिर सम्पत्ति सुरक्षणले बैंक नियमानुसार कभर गराई लिई मात्र उपभोग गराउने गरी रू. एक करोड रिभल्भिङ्ग चालु पुँजी कर्जा उपलब्ध गराउने " निर्णय उपसमितिबट भएको छ। यसरी बैंकको हितमा सर्तसमेत उल्लेख गरी कर्जा दिनुपूर्व अपनाउनु पर्ने सबै सर्तकता अपनाएर मात्र थप कर्जा दिने गरी व्यवस्थापनलाई निर्देशन गर्नु कुनै पनि अवस्थामा अवैध हुन सक्दैन । उपसमितिको निर्णय व्यहोरालाई अनदेखा गरी बुझ पचाई हामीलाई आरोप लगाउन मिल्ने हैन । उपसमितिका सदस्य हामी प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐनको दफा ७(१), ७(२) र ८ मा वर्णित कुनै कसुर गरेको छैन । तसर्थ हामी उपसमितिका सदस्यहरूका हकमा मिति २०६२।७।१३ मा विशेष अदालत, काठमाडौंबाट भएको फैसला सदर कायम गरिपाउँ भन्ने प्रतिवादी डा. प्रफुल्लकुमार काफ्लेको यस अदालतमा पेस भएको लिखित प्रतिवाद।

३. **प्र.मुकुन्दप्रसाद अर्याल:**

हामी प्रतिवादीहरूले बद्नियतसाथ मिलोमतो गरी कर्जा स्वीकृत गरेको भन्ने आरोप वादी पक्षले पुनः लगाएको देखिन्छ । तर कुन कारण र आधारबाट उक्त बद्नियत र मिलोमतो रहेको छ भन्ने कुनै वस्तुनिष्ठ आधार र प्रमाणबाट वादीले पुष्टि गर्न सकेको छैन । बैंकको हितमा सर्तसमेत उल्लेख गरी कर्जा दिनुपूर्व अपनाउनु पर्ने सबै सर्तकता अपनाएर मात्र थप कर्जा दिने गरी व्यवस्थापनलाई निर्देशन गर्नु कुनै पनि अवस्थामा अवैध हुन सक्दैन । तसर्थ हामी उपसमितिका सदस्यहरूका हकमा मिति २०६२।७।१३ मा विशेष अदालत, काठमाडौंबाट भएको फैसला सदर कायम राखी विपक्षी वादीको पुनरावेदन जिकिर बदर गरिपाउँ भन्ने व्यहोराको प्र. मुकुन्दप्रसाद अर्यालको यस अदालतमा परेको लिखित प्रतिवाद।

४. **प्रतिवादी माला खड्का:**

विपक्षीले मउपर यी प्रतिवादीहरूको नाममा रहेको कमसल मूल्यको जग्गा बढी मूल्याङ्कन गराई तदनुरूप बैंकको नाममा दृष्टिबन्धक गराउँदा कुनै मिलोमतो थिएन भनी विशेष अदालतले गरेको व्याख्या त्रुटिपूर्ण छ भनी लिएको पुनरावेदन जिकिर अनुमानको भरमा प्रस्तुत गरेको स्पष्ट हुँदा विशेष अदालतबाट कानूनसम्मतरूपमा भएको फैसला यथावत् कायम हुने गरी विपक्षीको पुनरावेदन जिकिर खारेज गरिपाउँ भन्ने प्रतिवादी माला खड्काको यस अदालतमा पेस भएको लिखित प्रतिवाद।

५. **प्रतिवादी प्रयागराज रन्जित:**

मैले मलाई दिएको कार्यादेशबमोजिम सम्बन्धित परियोजनास्थलमा गई हेरी जाँची बुझी दिएको प्रतिवेदनलाई विपक्षीले नकार्न सक्ने ठोस प्रमाण पेस गर्न नसकेको हुँदा मेरो हकमा लिएको झुट्टा पुनरावेदन खारेज गरी सुरू फैसला सदर गरी सफाई दिलाई पाउँ भन्ने प्रतिवादी प्रयागराज रन्जितको यस अदालतमा पेस भएको लिखित प्रतिवाद।

६. **प्रतिवादी शैलेन्द्रकुमार शाक्य:**

ऋणी लक्ष्मीप्रसाद आचार्यलाई स्वीकृत भएको स्थिर पुँजी कर्जा बैंकिङ कार्यालय काठमाडौंबाट प्रवाह भई उद्योग स्थापना भई सञ्चालनको अवस्थामा आएको कारण जनाई ऋणीबाट चालु पुँजी कर्जा माग भएको सन्दर्भमा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा लगानी विभागको प.सं. ६१।१७३९ मिति ८।७।२०५५ को पत्रबाट आदेश भएअनुसार उद्योगको स्थलगत निरीक्षण गरी उद्योगको परियोजनास्थलको

भौतिक अवस्था र घरेलु तथा उद्योग विभागबाट जारी भएको प्र.प.नं. १०।३६।०५४।०५५ मा उल्लिखित वार्षिक उत्पादन क्षमतालाई आधार लिई उद्योगलाई आवश्यक पर्नसक्ने चालु पुँजीको गणनासमेत गरी मिति १८।७।२०५५ मा निरीक्षण प्रतिवेदन दिएको हुँ । विपक्षीले मैले प्रतिवेदनमा पेस गरेबमोजिमको भौतिक संरचना नभएको नरहेको भन्ने प्रमाण गुजार्न सक्ने अवस्था छैन । तसर्थ मेरो हकमा लिएको झुट्ठा पुनरावेदन खारेज गरी सुरु फैसला सदर गरी सफाई दिलाई पाउँ भन्ने प्रतिवादी शैलेन्द्रकुमार शाक्यको यस अदालतमा परेको लिखित प्रतिवाद ।

७. **प्रतिवादी सरस्वती थापा:**

मेरा पति शेरबहादुर थापा नेपाल बैंक लिमिटेडको सेवामा रहेकै अवस्थामा तालिम तथा अन्य विभिन्न कामको सिलसिलामा पटक पटक विदेश जानु भएको हुँदा त्यसबाट भएको आयबाट करिब नेपाली रूपैयाँ ५,००,०००।– प्राप्त भई बचत भएको थियो । त्यसका अतिरिक्त मेरा पति शेरबहादुर थापाले नेपाल बैंक लिमिटेडको तर्फबाट अन्य तालिम, सेमिनार र भ्रमण (स्वदेशमा) मा जाँदा प्राप्त गरेका रकमबाट करिब रू. १,५०,०००।– बचत भएको थियो । नेपाल बैंक लिमिटेडको बैठकहरूमा भाग लिएबापतको बैठक भत्ता मात्र पनि करिब रू. १,२५,०००।– प्राप्त भएको थियो । त्यसरी नै बढे बढाएको रकमबाट १५,००,०००।– को लागतमा घर बनाएको हो । तसर्थ भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसुरमा दफा १६(ग) बमोजिम मेरो नाउँमा दर्ता रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १५ स्वयम्भुस्थित घरजग्गा जफत गरिपाउँ भन्ने विपक्षीको पुनरावेदन जिकिर खारेज गरी सुरू विशेष अदालतको काठमाडौंको फैसला सदर गरिपाउँ भन्ने प्रतिवादी सरस्वती थापाको यस अदालतमा परेको लिखित प्रतिवाद ।

**यस अदालतको ठहर:**

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दमा मिसिल कागजातहरू अध्ययन गरियो ।

प्रस्तुत मुद्दा नेपाल बैंक लिमिटेडबाट प्रतिवादीमध्येको लक्ष्मीप्रसाद आचार्य समूहका राधिका ह्याण्डिक्राफ्टसहितका ९ वटा उद्योगहरूलाई २०५४ सालदेखि कर्जा प्रवाह गर्दा नेपाल बैंक लि. का कर्मचारीहरू सो बैंकसँग आबद्ध धितो स्टक मूल्याङ्कनकर्ताहरू र कर्जावाल प्रतिवादीहरूसमेत एक आपसमा मिलेमतो र भ्रष्टाचारपूर्ण कार्य गरी २०५८ साल चैत मसान्तसम्म बैंकलाई बिगो रू. २१,३८,८०,३३६।६६ गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याएको भन्दै भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत प्रतिवादीहरूलाई सजायसमेतको मागदाबी लिई दायर भएको देखियो । प्रतिवादीहरू उपर सामूहिक र व्यक्तिगतरूपमा लागेको आरोपको विस्तृत विवरण मिसिल संलग्न उजुरी प्रतिवेदनमा दिइएको छ । आवश्यकताअनुसार त्यसको उल्लेखन ठहर खण्डमा यथास्थानमा गरिएको हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन ।

संक्षेपमा हेर्दा प्रतिवादीहरू मध्ये नेपाल बैंक लिमिटेडका सञ्चालक समिति तथा सो समितिले अन्तर्गतको नीति तथा व्यवस्था उपसमितिसँग आबद्ध प्रा. डा. विश्वम्भर प्याकुरेल, मुकुन्दप्रसाद अर्याल, डा. प्रफुल्लकुमार काफ्ले, झरेन्द्र शमशेर ज.ब.रा. को हकमा महाप्रबन्धकबाट पेस भएको प्रस्तावका सम्बन्धमा बैंकको नीति नियमअनुसार आवश्यक कागजात नहेरी बद्नियतपूर्ण तवरले कर्जा स्वीकृत गरी बिगो रू. १,५८,२५,७०४।– बैंकलाई गैरकानूनी हानि पुर्‍याएको समेत हुँदा प्रतिवादी मुकुन्दप्रसाद अर्यालको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को

दफा ७(१) तथा २९, प्रा.डा. विश्वम्भर प्याकुरेल र डा. प्रफुल्लकुमार काफ्लेको हकमा सोही ऐनको दफा ७(२) र २९ तथा प्र. झरेन्द्र शमशेर ज.ब.रा. को हकमा सोही ऐनको ८ र २९ अन्तर्गत सजाय गरी बिगो असुल गरिपाउँ भन्ने, प्र. मध्येका गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, दिव्यकुमार अधिकारी र भवनाथ उपाध्यायका हकमा निजहरूले काठमाडौं बैंकिङ अफिसका कर्मचारीहरूले अख्तियारी उल्लङ्घन गरी प्रवाह गरेको कर्जा समर्थन गरी बैंकलाई बिगो रू. ४,१३,५९,८४०।०४ गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याएकोले सोही ऐनको दफा ७(२) र २९ बमोजिम गरिपाउँ भन्ने, प्र. मध्येको अम्बरकुमार खड्काको हकमा लक्ष्मीप्रसाद आचार्यसँगको वित्तीय स्वार्थ र मिलेमतोमा रू. ११,७९,५५,६८६।८५ बैंकलाई हानि नोक्सानी र सम्बन्धित पक्षलाई लाभ पुर्‍याउने कार्य गरेकोले सोही ऐनको दफा ७(२) र २९ बमोजिम गरिपाउँ भन्ने, प्र. शेरबहादुर थापाको हकमा लक्ष्मीप्रसाद आचार्यसँगको आफ्नो निजी वित्तीय स्वार्थ तथा सम्बन्धका आधारमा कुल रू. २१,३८,८०,३३६।६६ बैंकलाई गैरकानूनी हानि र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याएको हुँदा सोही ऐनको दफा ७(२) र २९ बमोजिम हुनुपर्ने भन्ने, प्र. उत्तमकुमार नेपाल र प्र. पुरूषोत्तमप्रसाद श्रेष्ठको हकमा निजहरूले लक्ष्मीप्रसाद आचार्य समूहका उद्योगहरूलाई कम मूल्यको धितोलाई अधिक मूल्याङ्कन गराई ऐन, विनियम, परिपत्र तथा नीति निर्देशनसमेतको उल्लङ्घन गरी अधिकारको दुरूपयोग गरी कुल रू. २१,३८,८०,३३६।६६ बैंकलाई गैरकानूनी हानि र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याई भ्रष्टाचार गरेकोले सोही ऐनको दफा ७(२) र २९ बमोजिम हुनुपर्ने भन्ने, प्र. इन्दीरा गुरूङको हकमा अपराधमा संलग्न नरहे पनि मतियारको रूपमा संलग्नता रहेको देखिएकोले सोही ऐनको दफा ७(२) र १६(क) बमोजिम हुनुपर्ने भन्ने, प्र. रजनीलोचनप्रसाद तण्डुकारको हकमा विभिन्न जग्गाहरूको अत्यधिक मूल्याङ्कन गर्ने कार्यमा संलग्न भई बिगो रू. १,०३,००,०००।– बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुर्‍याई भ्रष्टाचार गरेकोले सोही ऐनको दफा ७(२) र २९ बमोजिम हुनुपर्ने भन्ने, प्र. महन्तबहादुर महर्जनको हकमा ओ.डी. कर्जा प्रवाहमा संलग्न भई बिगो रू. २०,००,०००।– हानि नोक्सानी पुर्‍याई भ्रष्टाचार गरेकोले सोही ऐनको ७(२) र २९ बमोजिम हुनुपर्ने भन्ने, प्र. तिर्थराम श्रेष्ठका हकमा धितो अधिक मूल्याङ्कन गर्नेलाई समर्थन गर्ने मतियारको रूपमा संलग्न देखिँदा सोही ऐनको दफा ७(२) तथा १६(क) बमोजिम हुनुपर्ने भन्ने, प्र. शशी किरण श्रेष्ठको हकमा कमसल धितोलाई अधिक मूल्याङ्कन गर्ने तथा कम धितो सुरक्षण रहेको उद्योगलाई बिना परियोजना रू. ६५,००,०००।– कर्जा प्रवाह गर्ने कार्यमा संलग्न रहेकोले सोही ऐनको दफा ७(२) र २९ बमोजिम हुनुपर्ने भन्ने, प्र. कृष्णबहादुर कारन्जीत, रोशनमान जोशी, विष्णु राम श्रेष्ठ, नरेन्द्र मेहर श्रेष्ठ, पूर्णराम दवाडी, लोकबहादुर श्रेष्ठ, सवललाल सिंह, प्रदिपकुमार चापागाई र पदमकुमार प्रधानले विभिन्न कर्जा बापत बैंकको नाममा धितो सुरक्षण दिने लिने कार्यमा संलग्न रही जग्गा तथा स्टकमा रहेको मालसमानको मूल्याङ्कन गर्दा अत्यधिक मूल्याङ्कन गरी भ्रष्टाचार गरेकोले सोही ऐनको दफा ७(२) र २९ बमोजिम गरी कृष्ण बहादुर कारन्जितबाट रू. ४,०४,४८,०००।, रोशन मान जोशीबाट रू. २,०१,००,०००।-, विष्णु राम श्रेष्ठबाट रू. ५,००,२६,०००।-, नरेन्द्र मेहर श्रेष्ठबाट रू. ३,४८,९८,०००।-, पूर्णराम शर्मा दवाडीबाट रू. ३२,००,०००।-, लोकबहादुर श्रेष्ठबाट रू. १,२९,५०,०००।-, सवललाल सिंहबाट रू. ४,५६,२६,०००।-, प्रदिपकुमार चापागाईबाट रू. २५,००,०००।– र पदमकुमार प्रधानबाट रू. ९०,००,०००।– भराउनुपर्ने भन्ने, प्र. प्रयागराज

रन्जित, शैलेन्द्रकुमार शाक्य र पुरूषोत्तम मल्लको हकमा निजहरूले झुठो प्रतिवेदन दिएको र सोसमेतको आधारमा कर्जा प्रवाह भएको देखिँदा निजहरूलाई सोही ऐनको दफा ७(२) र २९ बमोजिम भई प्रयागराज रन्जितबाट रू. १,७९,४१,०१२।०९, शैलेन्द्रकुमार शाक्यबाट रू. १,५८,२५,७०४।-, पुरूषोत्तम मल्लबाट रू. १,५८,२५,७०४।– भराई पाउँ भन्ने, प्र. सुरेशकुमार न्यौपानेको हकमा निजले बागमती उनी धागो कताई उद्योगलाई स्थिर पुँजी कर्जा स्वीकृत गर्ने सिलसिलामा कुल कर्जा रू. ५ करोडभन्दा कम देखाई र बागमती एपरल्सलाई स्थिर पुँजी कर्जा प्रवाह गर्न सिफारिस गरेबाट सोही ऐनको दफा ७(२) र २९ नं. बमोजिम गरी रू. १,९५,००,०००।– असुलउपर गरिपाउँ भन्ने, प्र. केशवलाल श्रेष्ठ, प्र. नरेन्द्रराज भट्टराई, एस.पी. श्रेष्ठ, टेकनाथ चम्लागाई र डा. हरिवंश झाले नेपाल बैंकसँग गरेको सम्झौताको बर्खिलाप धितो सुरक्षण राख्न खोजिएको जग्गाको अत्यधिक मूल्याङ्कन गरी बैंकको कर्जा जोखिममा पारी भ्रष्टाचार निवारण ऐन, २०१७ को विपरीत कार्य गरेकोले केशवलाल श्रेष्ठको हकमा सोही ऐनको दफा ७(१) र २९ बमोजिम र अन्य व्यक्तिहरूको हकम दफा ७(२) र दफा २९ बमोजिम गरी केशवलाल श्रेष्ठबाट रू. ६४,९३,७५०।-, नरेन्द्रराज भट्टराईबाट रू. २,८१,२८,५००।-, एस.पी. श्रेष्ठबाट रू. ४७,८१,८६९।-, टेकनाथ चम्लागाईबाट रू. ३८,०२,७५०।-, डा. हरिवंश झाबाट रू. ६,४९,६१,५००।– बैंकलाई भराई पाउनुपर्ने भन्ने तथा कर्जावालाहरू मध्ये लक्ष्मीप्रसाद आचार्यले विभिन्न फर्म तथा कम्पनीहरूका नाउँमा नतिर्ने मनसायले गैरकानूनी तवरले ठूलो रकम कर्जा लिई २०५८ साल चैत्रसम्म रू. २१,३८,८०,३३६।६६ बैंकलाई गैरकानूनी हानि तथा आफू र आफू सम्वद्ध व्यक्तिहरूलाई गैरकानूनी लाभ पुर्‍याई भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम सजाय गरी बिगो भराई पाउँ र सोही ऐनको दफा १५ को कसुरमा दफा १६(ग) बमोजिम नेपाल बैंक लिमिटेडको सेयर कित्ता २,५००, नेपाल घरेलु तथा साना उद्योग विकास बैंकमा निज र निजको फर्म बागमती ट्रेडर्सका नाममा रहेको सेयर कित्ता ९०,०००।– जफत गरिपाउँ भन्ने, त्यसै गरी रामप्रसाद पाण्डे, माला खड्का र चुम्बकबहादुर बुढाथोकीले आफ्नो नामको जग्गा अत्यधिक मूल्याङ्कन गराउने कार्यमा मतियारको रूपमा संलग्न देखिँदा सोही ऐनको दफा ८ को कसुरमा दफा १६(क) बमोजिम गरिपाउँ भन्ने प्र. शेरबहादुर थापाकी श्रीमती सरस्वती थापाका नाउँमा रहेको का.जि.का.म.न.पा. वडा नं. १५ स्थित कि.नं. १७० को जग्गा र सो मा बनेको घर, प्र. अम्बरकुमार खड्काको श्रीमती कालिका खड्काका नाममा रहेको नेपाल घरेलु तथा साना विकास बैंकको रू. १० लाखको सेयर, मोती उप्रेतीको श्रीमती भक्ति उप्रेतीका नाममा रहेको नेपाल घरेलु तथा साना उद्योग विकास बैंकको रू. ५ लाखको सेयर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसुरमा ऐ. दफा १६(ग) बमोजिम जफत गरिपाउँ भन्ने र प्र. अच्युतप्रसाद रिजाल, चिरन्जीवी आचार्य, एपाची ग्राउण्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रन, भरतराज कोइराला, रूद्र प्रसाद भट्टराई, मोती उप्रेती, कृष्ण प्रसाद लुईटेलले विभिन्न फर्म उद्योगहरूको नाममा विभिन्न शिर्षकहरूमा कर्जा प्राप्त गरी तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बैंकलाई गैरकानूनी हानि नोक्सानी तथा आफूहरूलाई गैरकानूनी लाभ लिई पुर्‍याई भ्रष्टाचार गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा २९ बमोजिम सजाय गरी दफा २९(१) बमोजिम अच्युतप्रसाद रिजालबाट बागमती उनी धागो कताई उद्योगतर्फको बिगो रू. ५,६७,६२,६१८।२९, रोशन ह्याण्डिक्राफ्ट तर्फको बिगो रू. ९९,९९,३१८।-, चिरन्जीवी आचार्यबाट रोशन ह्याण्डिक्राफ्ट तर्फको बिगो रू. ९९,९९,३१८।, एपाची ग्राउण्डर चन्दन, पद्मावती चन्दन र पुलिकल

रविन्द्रनबाट कटन रिच प्रा.लि. तर्फको बिगो रू. ३,४१,५५,६४२।७९, भरतराज कोइरालाबाट अपिनप्पा कार्पेटको बिगो रू. १६,०२,०७५।०४, बागमती उनी धागो कताई धागो उद्योगतर्फको बिगो रू. ५,६७,६२,६१८।२९, मेची ह्याण्डिक्राफ्ट तर्फको बिगो रू. ९७,८६,५००।– साझेदारको हैसियतबाट मोती उप्रेतीबाट बागमती ओरियन्टल टिपिक तर्फको बिगो रू. १,७४,७६,४९७।०९, प्र. कृष्ण प्रसाद लुईटेलबाट बागमती एपरल्स तर्फको बिगो रू. ३,२४,००,७५७।४९, रूद्र प्रसाद भट्टराईबाट आर.पी. कार्पेटतर्फको बिगो रू. १,२९,१३,३८७।– भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम गरी बिगोसमेत असुल गरिपाउँ भन्ने र अभियोग दाबीको बिगो भरिभराउ हुँदासम्मको ब्याजसमेत नेपाल बैंक लिमिटेडलाई भराई पाउँ भन्नेसमेत अभियोग दाबी रहेको पाइयो।

विशेष अदालतबाट मिति २०६२।७।१३ मा प्रतिवादीहरू मध्ये शेरबहादुर थापा, अम्वरकुमार खड्का, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ, रजनी लोचनप्रसाद तण्डुकार, शशीकिरण श्रेष्ठ, महन्तबहादुर महर्जन, कृष्णबहादुर कारन्जित, नरेन्द्र मेहर श्रेष्ठ, रोशनमान जोशी, नरेन्द्रराज भट्टराई, लोकबहादुर श्रेष्ठ, विष्णुराम श्रेष्ठ, सवललाल सिंह, डा. हरिवंश झा, प्रदिपकुमार चापागाई र पदमकुमार प्रधानलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको, प्रतिवादी केशवलाल श्रेष्ठले सोही ऐनको दफा ७(१) अन्तर्गत, प्र. टेकनाथ चम्लागाईलाई सोही ऐनको दफा ८ अन्तर्गतको, प्र. लक्ष्मीप्रसाद आचार्य, प्र. अच्युतप्रसाद रिजाल, भरतराज कोइराला, मोती उप्रेती, कृष्णप्रसाद लुईटेल, रूद्रप्रसाद भट्टराई, चिरन्जीवी आचार्य, एपाची गाउण्डर चन्दन, पद्मावती चन्दन, पुलिकल रविन्द्रनले उक्त ऐनको दफा ८ अन्तर्गतको र इन्दिरा गुरूङले सोही ऐनको दफा १६क अन्तर्गतको कसुर गरी नेपाल बैंक लिमिटेडलाई जम्मा रू. २०,८९,२५,७३८।१७ गैरकानूनी हानि नोक्सानी र कर्जावाला प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुर्‍याएको ठहर्‍याई सोही ऐनको दफा ८ तथा २९(२) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम प्र. लक्ष्मीप्रसाद आचार्यलाई रू. १०,५४,१७,३८१।४८, प्र. चिरन्जीवी आचार्यलाई रू. ३३,३३,०४६।-, प्र. अच्युतप्रसाद रिजाललाई रू. २,२२,५३,९१८।७७, प्र. भरतप्रसाद कोइरालालाई रू. २,४६,१५,१६०।४८, प्र. रूद्रप्रसाद भट्टराईलाई रू. ६४,५६,६९३।५०, प्र. मोती उप्रेतीलाई रू. ८७,३८,२४८।५४, प्र. कृष्णप्रसाद लुईटेललाई रू. १,६२,००,३७८।९५ जरिवाना हुने, त्यसै गरी सोही ऐनको दफा ७(२) र २९(२) बमोजिम कसुरको मात्राअनुसार प्र. शेरबहादुर थापालाई २ वर्ष कैद र रू. ५०००।– जरिवाना, प्र. अम्बरकुमार खड्का, उत्तमकुमार नेपाल र प्र. पुरूषोत्तमप्रसाद श्रेष्ठलाई जनही एक वर्ष कैद र रू. ५०००।– जरिवाना, प्र. रजनी लोचनप्रसाद तण्डुकार, शशीकिरण श्रेष्ठ, प्र. महन्तबहादुर महर्जनलाई जनही ६ महिना कैद र रू. ५०००।– जरिवाना, प्र. कृष्णबहादुर कारन्जीत, प्र. विष्णुराम श्रेष्ठ, प्र. लोकबहादुर श्रेष्ठ, प्र. नरेन्द्रमेहर श्रेष्ठ, प्र. रोशनमान जोशी, प्र. सवललाल सिंह, प्र. पदमकुमार प्रधान, प्र. प्रदिपकुमार चापागाई, प्र. नरेन्द्रराज भट्टराई र डा. हरिवंश झा, प्र. केशवलाल श्रेष्ठ र टेकनाथ चम्लागाईलाई जनही रू. ५०००।– जरिवाना, त्यस्तै गरी प्र. मध्येका इन्दीरा गुरूङलाई रू. २५००।– जरिवाना हुने ठहर भएको, बिगोको हकमा राधिका ह्याण्डिक्राफ्टको रू. ३,८७,७०,२१७।४७, प्र. लक्ष्मीप्रसाद आचार्यबाट, रोशन ह्याण्डिक्राफ्टतर्फको रू. ९९,९९,१३८।– प्र. लक्ष्मीप्रसाद आचार्य, अच्युतप्रसाद रिजाल र चिरन्जीवी आचार्यबाट, बागमती उनी धागो कताई उद्योग प्रा.लि. तर्फको रू. ५,६७,६२,६१८।२९ प्र. लक्ष्मीप्रसाद आचार्य, भरतराज कोइराला, अच्युतप्रसाद रिजालबाट, अपिनप्पा कार्पेट र मेची ह्याण्डिक्राफ्टतर्फको क्रमशः रू. १६,०२,०५७।०४

र रू. ९७,८६,५००।– प्र. लक्ष्मीप्रसाद आचार्य र भरतराज कोइरालाबाट, आर.पी. कार्पेटतर्फको रू. १,२९,१३,३८७।– प्र. लक्ष्मीप्रसाद आचार्य र प्र. रूद्रप्रसाद भट्टराईबाट, बागमती ओरियन्टल टिपिकतर्फको रू. १,७४,७६,४९७।०९ प्र. लक्ष्मीप्रसाद आचार्य र मोती उप्रेतीबाट, बागमती एपरल्स तर्फको रू. ३,२४,००,७५७।४९ प्र. लक्ष्मीप्रसाद आचार्य र प्र. कृष्णप्रसाद लुईटेलबाट र कटन रिच प्रा.लि. तर्फको रू. २,९२,१४,५४७।७९ प्र. लक्ष्मीप्रसाद आचार्य र एपाची ग्राउण्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रनबाट भराई दिने र यी प्रतिवादीहरूबाट असुल हुन नसकेमा नसकेको हदसम्मको बिगो गैरकानूनी कर्जा प्रवाह गर्दा मुख्य जिम्मेवार देखिएका व्यक्ति प्र. शेरबहादुर थापाबाट उक्त ऐनको दफा २९(१) बमोजिम नेपाल बैंक लिमिटेडलाई भराईदिने । प्रतिवादीहरू मध्येका डा. प्रफुल्लकुमार काफ्ले, डा. विश्वम्भर प्याकुरेल, प्र. मुकुन्दप्रसाद अर्याल, झरेन्द्र शमशेर ज.ब.रा., गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, भवनाथ उपाध्याय, दिव्यकुमार अधिकारी, सुरेशकुमार न्यौपाने, तीर्थराम श्रेष्ठ, पूर्णराम शर्मा दवाडी, एस.पी. श्रेष्ठ, प्रयागराज रन्जित, शैलेन्द्रकुमार शाक्य, पुरूषोत्तम मल्ल, रामप्रसाद पाण्डे, माला खड्का र चुम्बकबहादुर बुढाथोकीले अभियोग दाबीबाट सफाई पाउने, प्र. मध्येका सरस्वती थापा, कालिका खड्का (आचार्य), भक्ति उप्रेती, भरतराज कोइराला र लक्ष्मीप्रसाद आचार्यको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसुरमा दफा १६(ग) बमोजिम सम्पत्ति जफत गरिपाउँ भन्ने उजुरी प्रतिवेदन मागदाबी नपुग्ने ठहर भएको पाइयो ।

अभियोगमा विपक्षी बनाइएका अच्युतप्रसाद रिजालको हकमा विशेष अदालतको मिति २०६२।७।१३ को फैसलाबाट रू. २,२२,५३,९१८/७७ जरिवाना हुने ठहरेकोमा निजको हकमा यस अदालतबाट मिति २०६७।४।४ मा विशेष अदालतको उक्त मिति २०६२।७।१३ को फैसला बदर भई पुन: विशेष अदालतबाट मिति २०६८।५।६ मा फैसला हुँदा निजलाई ६ महिना कैद र बिगो रू. २,३९,२०,४४१/७७ भराउने ठहर भएकोमा उक्त फैसलाउपर वादी नेपाल सरकारको अलग्गै पुनरावेदन पर्न आएको पनि पाइयो ।

विशेष अदालतको मिति २०६२।७।१३ को उक्त फैसलाउपर वादी नेपाल सरकारको र प्रतिवादीहरू मध्ये लक्ष्मीप्रसाद आचार्य, अम्बरबहादुर खड्का, शेरबहादुर थापा, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ, विष्णुराम श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, कृष्णबहादुर कारन्जित, शशिकिरण श्रेष्ठ, इन्दिरा गुरूङ, रजनी लोचनप्रसाद तण्डुकार, नरेन्द्रमेहर श्रेष्ठ, सवललाल सिंह, रोशनमान जोशी, पदमकुमार प्रधान, प्रदीपकुमार चापागाई, महन्तबहादुर महर्जन, डा.हरिवंश झा, केशवलाल श्रेष्ठ, नरेन्द्रराज भट्टराईको पुनरावेदन परेको देखियो । विशेष अदालतबाट फैसला हुँदा कसुरदार ठहरेका मध्ये रजनी लोचनप्रसाद तण्डुकारको मिति २०६५।४।१५ मा र विशेष अदालतबाट सफाई पाउने मध्येका भवनाथ उपाध्यायको मिति २०७१।७।१९ मा मृत्यु भएको भन्ने खुल्न आयो ।

उक्त पुनरावेदनहरूको सन्दर्भमा पुनरावेदक वादीतर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटा र विद्वान् उपन्यायाधिवक्ताद्वय श्री अर्जुनप्रसाद कोइराला र श्री ज्ञानचन्द्र भूषाल तथा प्रतिवादीहरू मध्ये लक्ष्मीप्रसाद आचार्यको तर्फबाट श्री वालकृष्ण देवकोटा, अम्बरकुमार खड्काको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री महादेव यादव र विद्वान् अधिवक्ताद्वय श्री इन्द्रशेखर खड्का र अधिवक्ता श्री रामचन्द्र सुवेदी, शेरबहादुर थापाको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण सापकोटा र विद्वान् अधिवक्ता श्री शैलनाथ गौतम, उत्तमकुमार नेपालको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री श्रीहरि अर्याल र विद्वान् अधिवक्ता श्री मदनकुमार डंगोल, पुरूषोत्तमप्रसाद श्रेष्ठको तर्फबाट विद्वान् वरिष्ठ

अधिवक्ता श्री हरिहर दाहाल तथा विद्वान् अधिवक्ताद्वय श्री युवराज भण्डारी र श्री हिरा रेग्मी, विष्णुराम श्रेष्ठको तर्फबाट वरिष्ठ अधिवक्ता श्री वसन्तराम भण्डारी तथा विद्वान् अधिवक्ता श्री भोजराज भट्ट, लोकबहादुर श्रेष्ठ र कृष्णबहादुर कारन्जितको तर्फबाट विद्वान् अधिवक्ता श्री विनोद श्रेष्ठ, महन्तबहादुर महर्जनको तर्फबाट विद्वान् अधिवक्ता श्री नारायणप्रसाद दुवाडी, शशिकिरण श्रेष्ठको तर्फबाट विद्वान् अधिवक्ताद्वय श्री विनोद श्रेष्ठ र श्री युवराज भण्डारी, इन्दिरा गुरुङको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान् अधिवक्ता श्री युवराज भण्डारी, नरेन्द्रमेहर श्रेष्ठको तर्फबाट विद्वान् अधिवक्ता श्री भरतकुमार लकाई, सवललाल सिंहको तर्फबाट विद्वान् अधिवक्ताद्वय श्री ज्योतीदेव पनेरू र श्री उमेश खकुरेल, रोशनमान जोशीको तर्फबाट विद्वान् अधिवक्ता श्री शिव रिजाल, त्यसैगरी पदमकुमार प्रधान, प्रदीपकुमार चापागाई, टेकनाथ चम्लागाईको तर्फबाट विद्वान् अधिवक्ता श्री भरतमणी गौतम, महन्तबहादुर महर्जनको तर्फबाट विद्वान् अधिवक्ता श्री नारायणप्रसाद दुवाडी, डा. हरिवंश झाको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री महादेव यादव, केशवलाल श्रेष्ठको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री हरि उप्रेती, नरेन्द्रराज भट्टराईको तर्फबाट विद्वान् अधिवक्ता श्री सुनिल पोखरेलले बहस गर्नुभयो । त्यसैगरी सफाई पाउने मध्येका प्रफुल्लकुमार काफ्ले, डा. विश्वम्भर प्याकुरेल, मुकुन्दप्रसाद अर्याल, झरेन्द्र शमशेर ज.ब.रा. को तर्फबाट वरिष्ठ अधिवक्ताहरू श्री श्यामप्रसाद खरेल, श्री लोकभक्त शमशेर ज.ब.रा., रामप्रसाद भण्डारी, दीव्यकुमार अधिकारी, भवानीदेवी शर्मा, भवनाथ उपाध्याय र तीर्थराज श्रेष्ठको तर्फबाट विद्वान् अधिवक्ता श्री युवराज भण्डारी, पूर्णराम शर्मा दवाडीको तर्फबाट विद्वान् अधिवक्ता श्री राजकुमार निरौला, एस.पी. श्रेष्ठको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री हरि उप्रेती, ऋणीमध्येका अच्युतप्रसाद रिजालको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपानेले गर्नु भएको बहससमेत सुनियो । विद्वान् सह-न्यायाधिवक्ता तथा उपन्यायाधिवक्ताहरू र विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले लिनुभएको बहस जिकिर यथास्थानमा उल्लेख गरिएकोले यहाँ अलग अलग उल्लेख गरिएको छैन ।

पुनरावेदकहरूको सन्दर्भमा मिसिल कागज, पुनरावेदन जिकिरहरू र पेस हुन आएका बहसनोटसमेत अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखिन आयोः

(१) खारेज भइसकेको भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम मुद्दा चलाइएको र चलाउन सकिने अवस्था हो वा होइन ।

(२) प्रस्तुत विवादको बारेमा अनुसन्धान र अभियोगपत्र दायर हुँदा प्रचलन रहेको वाणिज्य बैंक ऐन, २०३१ आकर्षित भई सोही व्यवस्थाअन्तर्गत कारवाई हुने हो वा भ्रष्टाचार निवारण ऐन, २०१७ आकर्षित हुने हो ।

(३) बैंकमा धितो राखी कर्जा लिए दिएको विषयमा सोही ऐन प्रयोग भई असुल उपर गरिने विषय हो वा त्यस्तो विवाद भ्रष्टाचारजन्य कसुर कायम भई हेरिने विषय हो ।

(४) ऋणीले राखेको जेथाबाट असुलउपरको कार्य प्रारम्भ नै नगरी जेथा कच्चा वा कमसल रहेको भन्न मिल्छ वा मिल्दैन ।

(५) विशेष अदालतको फैसला मिलेको छ वा छैन ? पुनरावेदन जिकिरबमोजिम हुनुपर्ने हो वा होइन ।

२. सर्वप्रथम पहिलो प्रश्न तर्फ हेर्दा, प्रस्तुत मुद्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान प्रारम्भ भई मिति २०५९।३।५ मा प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ७(२), ८, १५, १६क र २९ अन्तर्गत

मुद्दा चलाउने निर्णय भएको, मिति २०५९।३।५ मा भ्रष्टाचार निवारण ऐन, २०५९ प्रारम्भ भएको र त्यसपछि मिति २०५९।३।७ मा पुनरावेदन अदालत, पाटनमा अभियोग पत्र दर्ता भएको र मिति २०५९।५।६ को राजपत्र (भाग ३२ खण्ड ५२ अतिरिक्ताङ्क ४०) मा प्रकाशित सूचनाबमोजिम भ्रष्टाचार मुद्दा हेर्न विशेष अदालत गठन भएपछि मुद्दा विशेष अदालतमा सरी सो अदालतबाट फैसला भएको तथ्यमा विवाद देखिएन। अब खारेज भइसकेको ऐनअन्तर्गत मुद्दा चल्न सक्छ वा सक्दैन भन्नेतर्फ हेर्दा सर्वप्रथम नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को व्यवस्थातर्फ हेर्नु पर्ने हुन आयो। उक्त ऐनको दफा ४(ङ) मा **"कुनै नेपाल ऐनले अहिलेसम्म बनेको र पछि बन्ने कुनै ऐनलाई खारेज गर्‍यो भने अर्कै अभिप्राय नदेखिएमा खारेज भएको ऐनले कुनै हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजाय वा जफतका सम्बन्धमा भएको कुनै तहकिकात, कानूनी कारवाई वा उपायमा यसले असर पार्ने छैन"** भन्ने उल्लेख भएको पाइन्छ। प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकात भ्रष्टाचार निवारण ऐन, २०१७ वहाल रहँदाको अवस्थामा प्रारम्भ भई सो अनुसन्धान तहकिकात समाप्त भई मुद्दा चलाउने निर्णयसमेत भइसकेको र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६५ को उपदफा (३) मा **"भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम भए गरेको काम कारवाई यसै ऐनबमोजिम भए गरेको मानिने छ"** भन्ने उल्लेख भएबाट भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत सम्पन्न अनुसन्धान तहकिकात नयाँ ऐनबमोजिम नै सम्पन्न भएको मान्नु पर्ने हुन आयो। यसका साथै भ्रष्टाचार निवारण ऐन, २०१७ ले कसुर मानेको कसुरहरू जस्तो दफा ७ को उपदफा (१) मा वर्णित सरकारी सेवामा रहेको राष्ट्रसेवकले गर्ने भ्रष्टाचारजन्य कसुर, दफा ७ को उपदफा (२) मा वर्णित सरकारी सेवामा रहेको बाहेक अन्य राष्ट्रसेवकले गर्ने भ्रष्टाचारजन्य कसुर, त्यस्तै गरी दफा ८ मा रहेको राष्ट्रसेवकबाहेकका अरू कुनै व्यक्तिले गर्ने भ्रष्टाचारजन्य कसुरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ मा सारभूतरूपमा उस्तै उस्तै गरी राखिएको देखियो। त्यस्तै गरी साबिक ऐनको दफा १६(क) अन्तर्गत मतियारलाई हुने सजायको व्यवस्था पनि नयाँ ऐनको दफा २२ मा, साबिक ऐनको दफा १५ को कसुर नयाँ ऐनको दफा २० मा राखिएको र दफा २९ को बिगो र जरिवानासम्बन्धी व्यवस्था पनि नयाँ भ्रष्टाचार निवारण ऐन, २०५९ का विभिन्न दफाहरूमा राखिएको पाइयो। यसरी भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गतका कसुरलाई नयाँ ऐनले पनि समेटी निरन्तरता प्रदान गरेको स्थितिमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत मुद्दा चलाउने निर्णय गरी दायर भएको मुद्दामा प्रतिवादीहरू उपर कारवाही चल्न नसक्ने भन्न मिलेन।

३. प्रतिवादीहरू तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले खारेज भइसकेको ऐनअन्तर्गत लिइएको अभियोग दाबी खारेज हुनुपर्ने भन्ने सन्दर्भमा श्री ५ को सरकार विरूद्ध वेदप्रसाद लोहनी (ने.का.प. २०२९ अंक १ नि.नं. ७११पृ. ३८५) मा प्रतिपादित सिद्धान्त आकर्षित हुने भन्ने जिकिर लिनु भयो। तर उक्त मुद्दामा खारेज भइसकेको मुलुकी ऐन, रकम तहसिलको ८ नं. अन्तर्गत मुद्दा दायर भएको स्थिति देखिएको र सो व्यवस्थालाई अन्य कुनै कानूनले स्पष्टरूपमा निरन्तरता प्रदान गरेको नपाइएको अवस्थामा खारेज भइसकेको ऐनअन्तर्गत मुद्दा चल्न नसक्ने भनी पूर्ण इजलासबाट निर्णय भएको पाइयो। तर प्रस्तुत मुद्दामा माथि उल्लेख गरेबमोजिम जुन जुन कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत मुद्दा चल्ने र सजाय हुने व्यवस्था रहेको थियो, भ्रष्टाचार निवारण ऐन, २०५९ मा पनि उक्त कसुर र सजायसम्बन्धी व्यवस्थाहरूले निरन्तरता पाइरहेको देखिन्छ। यसरी दुईवटा ऐनले नै कसुर कायम गरेको विषयमा कसुर जुन समयमा

घट्यो सोही ऐनको परिप्रेक्ष्यमा हेरिनु पर्ने हुन्छ । यदि दुई मध्ये नयाँ ऐनले कम सजाय गरेको स्थितिमा सम्म के कति सजाय गर्ने भन्ने सन्दर्भमा नयाँ ऐन आकर्षित हुने हुन्छ । यहाँ जुन कसुरको कुरा छ सो साबिक ऐन वहाल रहेकै अवस्थाको कसुर हुँदा यस्तोमा साबिक ऐनबमोजिम मुद्दा चलाउने निर्णय भई मुद्दा दायर भएको विषयलाई अब मुद्दा चल्न नसक्ने भनी नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४(ङ) को व्यवस्थाबाट भन्न मिल्ने देखिँदैन । तसर्थ यसबारेमा पुनरावेदकहरू र निजहरू तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू र विद्वान् अधिवक्ताहरूको बहस जिकिर स्वीकार गर्न सकिएन ।

४. अब दोस्रो प्रश्नतर्फ हेर्दा, प्रस्तुत मुद्दा नेपाल बैंक लि. को कर्जा प्रवाहको विषयसँग सम्बन्धित विषय हो भन्नेमा विवाद भएन । यस्तो विषयमा तत्काल वहाल रहेको वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत मुद्दा चल्ने हो वा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत मुद्दा चल्ने हो भन्ने बारेमा पुनरावेदनमा र बहसमा समेत जिकिरहरू उठाइएको छ । पुनरावेदक प्रतिवादीहरू तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले मूलतः वाणिज्य बैंक ऐन, २०३१ को दफा ४१, ४७क, ५२ का व्यवस्थाहरूको उद्धृत गर्दै भ्रष्टाचार निवारण ऐनबमोजिम मुद्दा चलाउन मिल्ने होइन भन्ने जिकिर लिनु भएको छ भने वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सह-न्यायाधिवक्ता तथा उपन्यायाधिवक्ताहरूले वाणिज्य बैंक ऐन, २०३१ ले कर्जा प्रवाहको विषयमा व्यवस्था गरे पनि भ्रष्टाचारको विषयमा व्यवस्था नगरेको हुँदा भ्रष्टाचार गरिएको विषयमा भ्रष्टाचार निवारण ऐन नै आकर्षित हुन्छ भन्ने जिकिर लिनु भएको छ ।

५. सो सन्दर्भमा हेर्दा, वाणिज्य बैंक ऐन, २०३१ र भ्रष्टाचार निवारण ऐन, २०१७ का व्यवस्थाहरूको तुलनात्मक अध्ययन र विश्लेषण गरी एउटा निष्कर्षमा पुग्नु आवश्यक देखियो । नाम र प्रस्तावनाको व्यवस्थाबाट स्पष्टरूपमा वाणिज्य बैंक ऐन, २०३१ सर्वसाधारण जनताको आर्थिक हित र सुविधा अभिवृद्धि गर्ने, निक्षेप स्वीकार गर्ने, तोकिएको क्षेत्रमा ऋण उपलब्ध गराउने र देश र जनतालाई बैंकिङ सेवा उपलब्ध गराउने नै मूल उद्देश्य रहेछ भन्ने देखिन्छ । कुनै फौजदारी कसुरको अनुसन्धान तहकिकात र सजाय गर्ने यो ऐनको मूल उद्देश्य होइन । यो कुरा ऐनको नाम र प्रस्तावनाको व्यवस्थाबाट स्पष्ट हुन्छ । तर भ्रष्टाचार निवारण ऐन "सर्वसाधारण जनतामा सदाचार, सुविधा र नैतिकता कायम राख्नको लागि भ्रष्टाचार पूर्णरूपले निवारण हुने ठोस व्यवस्था गर्न" बनेको ऐन हो । अर्को शब्दमा, पहिलो ऐनको मूल उद्देश्य "बैंकिङ सेवा" हो भने दोस्रोको "भ्रष्टाचार निवारण" । यस अर्थमा यी दुई ऐनहरू एकदमै फरक उद्देश्य प्राप्त गर्न जारी भएका ऐनहरू हुन् भन्ने देखिन्छ ।

६. यो कुरा सत्य हो कि वाणिज्य बैंक ऐन, २०३१ को दफा ४१ मा बैंकिङ कारोबारसँग सम्बन्धित केही कसुरहरू जस्तो झुट्टा वासलात वा विवरण बनाउने, खाता हर हिसाबमा झुट्टा कुरा लेख्ने, जानी जानी कुनै कार्य गरी बैंकलाई हानि पुर्‍याउने, बैंकको गोप्यता भंग गर्ने आदि कार्यलाई कसुरजन्य कार्य मानी सजायको व्यवस्था गरिएको छ । यी कसुरहरूमा अधिकतम पाँच वर्षसम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजायसमेत हुनसक्ने व्यवस्था पनि ऐनमा गरिएको देखिन्छ । तर ती कार्य भ्रष्टाचारजन्य कार्यहरू होइनन् । ऐनमा त्यस्ता कार्यहरूलाई भ्रष्टाचारजन्य कार्यहरू भनिएको पनि छैन । तसर्थ यी व्यवस्थाहरूलाई बैंकको व्यवस्थापकीय नियमहरूको उल्लङ्घन विषयमा गरिएका बन्देजहरूसम्म रहेछन् भनी बुझ्नुपर्ने हुन आउँछ । यो कुरा केबाट पनि देखिन्छ भने यी कार्यहरूमा सोझै उजुरी लाग्ने, अनुसन्धान हुने र मुद्दा चल्ने व्यवस्था ऐनले गरेको छैन । वाणिज्य बैंक ऐन, २०३१ को दफा ४३ मा गरिएको व्यवस्थाअनुसार सामान्यतः राष्ट्र बैंकले लिखित उजुरी गरेमा वा राष्ट्र

बैंकले विशेष स्वीकृति दिएमा मात्र दफा ४१ बमोजिम कारवाही उठ्न सक्छ । त्यसैले यो एउटा नियन्त्रित व्यवस्थासम्म हो । भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ मा उल्लेख भए जस्तो भ्रष्टाचारजन्य कार्यको विस्तृत एवं कसैले पनि सोझै अनुसन्धान गर्ने निकायमा उजुर गर्ने वा अनुसन्धान गर्ने निकायले सोझै हेर्ने र सरकारवादी भई मुद्दा चल्ने स्वतन्त्र व्यवस्था यो होइन । तसर्थ वाणिज्य बैंक ऐन, २०३१ को दफा ४१ को व्यवस्थालाई देखाएर भ्रष्टाचारमा अनुसन्धान हुन र मुद्दा चल्न सक्दैन भन्ने जिकिरलाई स्वीकार गर्न सकिने स्थिति देखिएन । सरकारी वा बैंकमा कार्यरत राष्ट्रसेवकले अन्य राष्ट्र सेवक वा राष्ट्र सेवकबाहेकको अन्य व्यक्तिसँग मिलेमतो गरी बैंकलाई हानि पुर्‍याउने वा आफू वा अन्य कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने बद्नियतले कानून बर्खिलाप कुनै कार्य गरेमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७, ८, १५ वा १६क समेतको व्यवस्थाहरू आकर्षित हुने स्थिति बन्छ । त्यसैले वाणिज्य बैंक ऐनको व्यवस्था देखाएर भ्रष्टाचारमा मुद्दा चल्न सक्दैन भन्न मिल्ने देखिँदैन । बैंकमा कार्यरत राष्ट्रसेवकहरूले जानीजानी बद्नियतपूर्वक गरेका भ्रष्टाचारजन्य कार्यमा अनुसन्धान तहकिकात भई मुद्दा चल्न सक्ने नै देखियो ।

७. प्रस्तुत मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान तहकिकात गरिएको विषयमा प्रतिवादीतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले अर्को प्रारम्भिक आपत्तिसमेत उठाउनु भएको छ । वहाँहरूका अनुसार जुन समयमा प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भयो सो समयमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थामा भएको भ्रष्टाचार विषयमा अनुसन्धान गर्न पाउने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई थिएन । तसर्थ जुन अनुसन्धान गरिएको छ सोकानूनको अख्तियारीअन्तर्गत गरिएको छैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(ङ) को दोस्रो संशोधन मिति २०५९।४।३० भन्दा पूर्व र पछिको व्यवस्थाको सूक्ष्म अध्ययन गरेमा विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले लिनु भएको जिकिर कानूनमा आधारित रहेनछ भन्ने स्पष्ट देखिन्छ । जुन समयमा प्रस्तुत मुद्दामा अनुसन्धान प्रारम्भ गरियो सो समयमा वहाल रहेको दफा २(ङ) मा "संस्था" को परिभाषा गर्दै **"संस्था भन्नाले श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वा श्री ५ को सरकारको नियन्त्रणमा रहेको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो संस्थाको नियन्त्रणमा वा सार्वजनिक उपयोग वा सेवाको उद्देश्यले प्रचलित कानूनबमोजिम गठन भएको अन्य संस्थालाई समेत जनाउँछ"** भन्ने उल्लेख भएको पाइन्छ । यो सत्य हो कि अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनमा मिति २०५९।४।३० मा गरिएको दोस्रो संशोधनद्वारा दफा २(ङ) मा संशोधन भई **"अधिकांश स्वामित्व"** को सट्टा **"आंशिक स्वामित्व"** भन्ने शब्दावली प्रयोग भएको छ तर बैंक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुने हुँदा सरकारको **"पूर्ण वा अधिकांश स्वामित्व"** भन्ने शब्दावलीभन्दा बैंकको नियन्त्रण र बैंकले प्रदान गर्ने सेवाको दृष्टिबाट दफा २(ङ) को उक्त परिभाषाभित्र बैंक पर्छ वा पर्दैन भनी हेरिनु पर्ने हुन्छ । यस दृष्टिबाट संशोधनपूर्वको माथि उल्लिखित परिभाषा हेर्दा तत्कालीन **"श्री ५ को सरकारको नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्थाको नियन्त्रणमा रहेको सार्वजनिक उपयोग वा सेवाको उद्देश्यले प्रचलित कानूनबमोजिम गठन भएको अन्य संस्था"** पनि **"संस्था"** को परिभाषाभित्र पर्ने देखिन्छ ।

८. प्रस्तुत मुद्दामा नेपाल बैंक लि. वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत सर्वसाधारण जनताको निक्षेप स्वीकार गर्न, कृषि र वाणिज्य क्षेत्रमा बैंकिङ सेवा प्रदान गर्न गठित संस्था हो भन्नेमा विवाद छैन । वाणिज्य बैंक ऐनअन्तर्गत स्थापित हुँदा यो **"कानूनबमोजिम गठन**

**भएको"** संस्था हो। सर्वसाधारणको निक्षेप स्वीकार गर्ने तथा बैंकिङ सेवा प्रदान गर्ने हुँदा **"सार्वजनिक उपयोग र सेवा"** को उद्देश्यबाट नै नेपाल बैंक संस्थापित रहेछ भनी बुझ्नुपर्ने हुन आउँछ। अर्को दृष्टिबाट हेर्दा नेपाल बैंक लि. नेपाल राष्ट्र बैंकको नियन्त्रणमा रहने संस्था हो भने राष्ट्र बैंक सरकारको पूर्ण नियन्त्रणमा रहेको संगठित संस्था हो। यसरी हेर्दा नेपाल बैंक लि. राष्ट्र बैंकको नियन्त्रणमा रहेको एवं सार्वजनिक उपयोग वा सेवाको उद्देश्यले कानूनबमोजिम गठन भएको संस्था हुँदा दफा २(ङ) मा गरिएको संस्थाको परिभाषालाई समग्रमा नहेरी **"श्री ५ को सरकारका पूर्ण वा अधिकांश स्वामित्व"** भन्ने शब्दावली मात्र टपक्क टिपेर त्यसको असान्दर्भिक व्याख्या गरी नेपाल बैंकभित्र भएका भ्रष्टाचारजन्य कार्यमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान र अभियोजन गर्न सक्दैन भनी अर्थ गर्न मिल्ने देखिँदैन। तसर्थ सो विषयमा प्रतिवादी तर्फबाट आएको जिकिर कानूनअनुरूप नदेखिँदा स्वीकार गर्न सकिएन।

**९. अब तेस्रो र चौथो प्रश्नतर्फ हेर्दा**, प्रतिवादीतर्फबाट बैंकबाट धितो राखी कर्जा लिएको विषयमा ऋणीले कर्जा नतिरेमा वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७(क) बमोजिम असुलउपर गर्नुपर्नेमा सोतर्फ कुनै कारवाई नै नगरी भ्रष्टाचार मुद्दा चलाउन मिल्छ वा मिल्दैन, धितो लिलामको कारवाई प्रारम्भ नै नगरी धितो कमजोर भयो भन्ने प्रश्न उठाउन मिल्छ वा मिल्दैन भन्ने प्रश्नहरू उठाइएको छ। प्रतिवादीतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता र अधिवक्ताहरूले पनि यस विषयमा जिकिरहरू लिनु भएको छ। प्रस्तुत मुद्दामा भए गरिएका कुराहरूको गहिराइमा पुगेर विश्लेषण नगरी सतहीरूपमा सरसर्ती हेरी निर्णय निष्कर्षमा पुग्ने हो भने प्रतिवादीहरूको जिकिर अस्वीकार गर्नुपर्ने कारण नरहन सक्छ। तर मुद्दाको गहिराइमा पुगेर हेर्ने हो भने त्यो निष्कर्षमा पुगी हाल्न मिल्दैन। यस अदालतबाट भएका निर्णयहरू हेर्दा पनि बैंकबाट अनियमित र कानूनविपरीत कर्जा प्रदान गरिएको विषयमा भ्रष्टाचार मुद्दा चली निर्णयहरू भएको पाइन्छ। उदाहरणको रूपमा राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखा कार्यालयको तत्कालीन प्रबन्धक *श्रीकृष्ण श्रेष्ठसमेत विरूद्ध नेपाल सरकार (ने.का.प. २०६९ अंक २ नि.नं. ८७६७ पृष्ठ २०९)* भएको भ्रष्टाचार मुद्दामा "शाखा प्रबन्धक जस्तो जिम्मेवार ओहदामा बसेको पदाधिकारीले ऋण प्रवाह गर्दा अनिवार्यरूपमा धितो लिई सुरक्षितरूपमा लगानी गर्नुपर्ने पदीय कर्तव्यविपरीत बिना धितो एउटै पार्टीलाई पहिलेदेखिको ऋण असुल हुन बाँकी रहेकै अवस्थामा पटकपटक एल.सी. खोल्दै थप ऋण प्रवाह गर्नुबाट निजले असल नियतसाथ सो विवादित प्रतीत पत्रहरू खोलेको नदेखिई ऋणी प्रतिवादीसँग मिलेमतो गरी बैंकलाई हानि नोक्सानी पुर्‍याउनेसमेतको बद्नियत राखी सोकार्य गरेको मान्नुपर्छ" पछाडि ऋण असुल भएको भन्ने मात्र आधारबाट तत्कालको अवस्थामा प्रतिवादीले अनियमित तवरबाट गरेको ऋण प्रवाहको कार्यको दायित्वबाट उन्मुक्ति पाउन नसक्ने भन्ने सिद्धान्त कायम भई प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय भएको पाइन्छ।

१०. त्यस्तै गरी प्रदिप *के.सी.समेत वि. नेपाल सरकार "(ने.का.प. २०६८ नि.नं. ८६८८ पृ. १५७०)* भएको भ्रष्टाचार मुद्दामा "आफूलाई अधिकार नभएको स्थितिमा सीमाभन्दा बढी कर्जा लगानी गरी पछि कर्जा सीमा स्वीकृत भएर आउँछ भन्ने अनुमान गरेर तथा बैंकको महाप्रबन्धकको मौखिक भनाईको आधारमा लगानी गरेको हो भन्ने तर्कलाई कानूनसम्मत भन्न नमिल्ने" भन्ने, त्यस्तैगरी कर्जा सीमा स्वीकृत नभएका व्यक्तिलाई मौखिक निर्देशन भनी ओभरड्रन हुने गरी भुक्तानी दिन र ड्राफ्ट बनाई दिन कानूनतः मिल्ने देखिँदैन। जिम्मेदार पदमा कार्यरत त्यस्ता कर्मचारीले माथिको दबाबमा काम गर्नु परेको थियो भनी त्यसलाई सफाईको आधार बनाउन नमिल्ने तथा मौखिक आदेश

आफैँमा अनधिकृत र कानूनविपरीत छ भने त्यस्तो आदेशलाई सफाईको आधार बनाउँदै प्रमाणको रूपमा प्रस्तुत गर्न प्रयासरत रहनु पनि दुरासयपूर्ण कार्य हुने भन्ने सिद्धान्त कायम भई यस अदालतबाट बैंकका कर्मचारीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत सजाय हुने ठहर गरेको पाइयो।

११. त्यस्तै गरी *चक्रबहादुर कार्कीसमेत वि. नेपाल सरकार (ने.का.प. २०६८ नि.नं. ८६८३ पृ. १४९१) भएको* भ्रष्टाचार मुद्दामा "आफू बैंकको प्रबन्धक भएको अवस्थामा ऋण लगानी गर्दा बैंकको निर्देशन पालना नगरी, पेस भएको धितोको बारेमा छानबिन नगरी प्रचलित कानूनी व्यवस्थाको विपरीत हुने गरी लापरवाही गरी नक्कली कागजात र काल्पनिक ऋणीका नामबाट ऋण प्रवाह गरी आफूलाई फाइदा र बैंकलाई नोक्सान पुर्‍याएको कार्य भ्रष्टाचार निवारण, २०५९ को दफा १७ बमोजिमको कसुर कायम हुनसक्ने भन्ने सिद्धान्त कायम भई फैसला भएको पाइन्छ।

१२. यहाँ बैंकको कर्जामा वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७(क)(१) बमोजिम बैंकमा राखेको सुरक्षणलाई बैंकले लिलाम गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा ब्याज असुलउपर गर्नसक्ने व्यवस्था रहेको, वाणिज्य बैंक ऐन, २०३१ को दफा ५२ ले राष्ट्र बैंक ऐन, २०१२ बाहेक अरू प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि वाणिज्य बैंक ऐनमा लेखिएको कुरामा सोही ऐनबमोजिम हुने भन्ने हुँदा भ्रष्टाचारमा मुद्दा चल्न सक्दैन भन्ने जिकिर पनि प्रतिवादी पक्ष तर्फबाट आएको छ।

१३. सो सन्दर्भमा हेर्दा, वाणिज्य बैंक ऐन, २०३१ को दफा ५२ ले सो ऐनलाई राष्ट्र बैंक ऐनको मात्र अधीनस्त बनाई सोबाहेकको स्थितिमा विशिष्टता प्रदान गरेको र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३५ ले सो ऐनलाई पनि विशिष्टता प्रदान गरेकोले प्रस्तुत विवादमा दुईमध्ये कुन ऐन आकर्षित हुन्छ भन्ने प्रश्न उत्पन्न हुन गएको छ। वस्तुतः विशिष्ट ऐनमध्ये कुन आकर्षित हुने भन्ने कुरालाई ऐनको उद्देश्य र त्यसले समेटेको क्षेत्रको आधारमा हेरी निर्णय निष्कर्षमा पुग्नुपर्ने हुन्छ। अर्थात् यदि दुईवटा ऐनहरू एउटै उद्देश्यबाट बनेका छन् वा तीनका व्यवस्था एउटै विषयसँग सम्बन्धित छन् भन्ने विधायिकाको पछिल्लो ईच्छालाई जसले समेट्छ, सो ऐन आकर्षित हुन्छ। तर यदि दुईवटा ऐनहरूले अलग अलग उद्देश्यहरू राख्छन् र अलग अलग कुराहरू समेट्छन् भने जुन ऐन उद्देश्य र व्यवस्थाको आधारमा नजिक छ वा विषयवस्तुसँग सोझो सम्बन्ध राख्छ, सो ऐन नै आकर्षित हुन्छ।

१४. यस दृष्टिबाट हेर्दा वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७क को उपदफा (१) मा "कुनै व्यक्ति संस्था वा उद्योगले बैंकसँग भएको कर्जा सम्झौता वा सर्त कबुलियतको पालना नगरे वा लिखतको भाखाभित्र बैंकको कर्जा चुक्ता नगरेमा वा बैंकले जाँचबुझ गर्दा कर्जा लिएको रकम सम्बन्धित काममा नलगाएको, हिनामिना भएको देखिएमा सम्बन्धित लिखत वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले बैंकलाई लेखी दिएको वा बैंकमा राखेको सुरक्षणलाई बैंकले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा ब्याज असुल उपर गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। दफा ४७(क) (१) को उक्त व्यवस्थाको विश्लेषण गर्दा सो व्यवस्था बैंकबाट कर्जा लिने ऋणीले त्यस्ता कर्जा लिएपश्चात गर्ने व्यवहारसँग सम्बन्धित देखिन्छ। ऋण नतिर्ने ग्राहकलाई के गर्ने भन्दा पनि कर्जा कसरी असुल उपर गर्ने भन्ने व्यवस्था सो दफामा छ। कर्जा लगानी गर्दा नै बैंकका कर्मचारीसमेतको मिलेमतोमा भएको वा अनियमित, बद्नियतपूर्ण र दूषित कर्जा प्रवाह गरेको अवस्थालाई सो दफाको व्यवस्थाले समेटेको देखिँदैन। त्यसैले बैंकका सञ्चालक र कर्मचारीसमेतको मिलोमतोमा भ्रष्टाचारजन्य कार्य भएको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०१७ को व्यवस्था नै आकर्षित हुने हुँदा सो

ऐनअनुसार मुद्दा चलाउन सकिने नै देखियो ।

१५. मुद्दा चल्नु अघि कर्जा असुलतर्फ प्रयाससम्म नगरी मुद्दा चलाइएको र सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा धमाधम धितो लिलाम गरिएको भन्ने जिकिर पनि प्रतिवादी पक्षबाट लिइएको छ । सो सन्दर्भमा हेर्दा कर्जावालाको परियोजना, उसको विश्वसनीयता, कारोबार आदि केही हेरिएन, कच्चा धितो लिइयो, भाका नाघेको कर्जा बाँकी हुँदा हुँदै थप कर्जा प्रवाह गरियो, सिर्फ कर्जा लिने उद्देश्यबाट उद्योग दर्ता गर्ने, उद्योगको ठेगाना एक स्थानमा देखाउने, अर्को स्थानमा परियोजना छ भन्ने, उद्योग स्थापना भएको केही दिनमा नै करोडौंको स्टक छ भन्ने सो कुरा हो होइन यकिन नगरी कर्जा प्रदान गर्ने, फिल्डमा नै नगई अफिसमा नै धितो स्टक निरीक्षणको कागज तयार गर्ने, अख्तियारी र प्रक्रिया नाघेर आदेश दिने र त्यसको पालन गर्ने बद्नियत र मिलेमतो गरी कार्य गर्नु प्रस्तुत मुद्दाको प्रमुख समस्या हो, मिसिलबाट सो कुरा स्पष्ट देखिन्छ । प्रस्तुत मुद्दामा बैंक सञ्चालक, प्रबन्धक कर्मचारी मूल्याङ्कनकर्ता र कर्जावाला प्रतिवादीहरूको आपसी मिलोमतोबाट वाणिज्य बैंक ऐन, प्रचलित कानून, कर्जा सापट निर्देशिका एवं कार्य प्रणाली, बैंकको नीति नियम र परिपत्रसमेतको उल्लङ्घन गरी ज्यादै कम मूल्य पर्ने सम्पत्तिको अत्यधिक मूल्याङ्कन गराई, धेरै मूल्यमा धितो पास गराई स्टकको मूल्याङ्कन गलत तरिकाले गराई असुलउपर नै हुन नसक्ने कर्जा सुरक्षण लिई नेपाल बैंक लि. लाई गैरकानूनी हानि र आफू र कर्जावाला प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुर्‍याई भ्रष्टाचार गरे भनी कर्जा लिने, दिने, दिलाउने, धितो तथा स्टक मूल्याङ्कन गर्ने गराउने धितो पास गर्ने गराउने राष्ट्रसेवकसमेतका व्यक्तिहरू उपर भ्रष्टाचारको कसुरको अभियोग लगाई सजायसमेतको माग लिई उजुरी प्रतिवेदन पेस भएको अवस्था छ । सोकार्यहरू प्रतिवादीहरूबाट भए गरेका हुन वा होइनन्, बद्यतपूर्ण कार्य भएको छ वा छैन, भ्रष्टाचार भएको छ वा छैन भनी सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय निष्कर्षमा पुग्नु पर्ने हुन्छ । कर्जावाला व्यक्तिहरूलाई मात्र लक्षित वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७क(१) अन्तर्गत सो कार्यहरू हुनसक्ने नदेखिँदा दफा ४७क(१) बमोजिम मात्र कारवाही उठान हुन सक्छ भन्ने प्रतिवादीतर्फको जिकिरसँग सहमत हुन सकिएन ।

१६. जहाँसम्म सर्वोच्च अदालतमा मुद्दा विचाराधीन हुँदाहुँदै धितो लिलाम प्रक्रिया सुरु गरिएको भन्ने कुरा छ, यो कुराले अदालत आश्चर्यमा परेको छ । सुनुवाईको क्रममा यो कुराको जानकारी आएपछि सँगै सुनुवाई भएका रिट निवेदनहरूमा नेपाल बैंक लि. को तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूलाई यो कुरा सोधिँदा प्रस्तुत मुद्दामा पक्ष नरहेको र धितो रोक्का नराखिएको हुँदा ऋण असुलीको क्रममा लिलाम गरिएको भन्ने जवाफ प्राप्त भयो । तर ज्ञातव्य के छ भने यहाँ नेपाल बैंक लि. लाई विपक्षी नबनाई बैंकका कर्मचारीहरूलाई विपक्षी बनाइएको भए पनि कानूनबमोजिम स्थापित निकाय बैंकको सम्पत्ति हिनामिना पारियो भनी मुद्दा चलेको हुँदा स्वच्छ सुनुवाईको दृष्टिबाट पनि मुद्दाको अन्तिम किनारा नभएसम्म अदालतको अनुमतिबेगर धितो यथावत राखिनुपर्ने हुन्छ । तर मिसिल हेर्दा न त धितो रोक्का गर्नु भन्ने मिसिलमा आदेश छ, न त धितो लिलाम विषयमा अनुमति मागिएको छ न त धितो लिलाम रोकी पाउँ भनी यस अदालतमा प्रतिवादीहरूबाट निवेदन परेको अवस्था नै यहाँ देखिन्छ । कानूनको अख्तियारीबेगर बद्नियतपूर्वक कार्य गरेको पाइएमा कानूनबमोजिम हुने नै हुन्छ र यो कुरालाई प्रस्तुत फैसलाले रोक्ने अवस्था पनि छैन । तर इजलाससमक्ष निवेदन उजुरीबेगर मौखिक जिकिरको आधारमा मुल विषयलाई पन्छाई विषयान्तर हुन मिल्ने यहाँ देखिएन ।

१७. मिसिल संलग्न उजुरी पत्र हेर्दा मुख्यतः बैंक सम्वद्ध व्यक्तिहरू र कर्जावाला, कर्जावाला

उद्योगीलाई धितो दिने व्यक्तिहरू र धितो स्टक मूल्याङ्कन कर्ताहरू समेत उपर मुद्दा चलाइएको देखियो । कर्मचारीहरू मध्ये पनि सञ्चालक समितिअन्तर्गतको नीति तथा व्यवस्थापन उपसमितिका सदस्य, व्यवस्थापनमा संलग्न महाप्रबन्धक नायब महाप्रबन्धक, प्रबन्धक, निर्देशकलगायत उच्च पदस्थ व्यक्तिहरू र उनीहरू मातहतका कर्जा स्वीकृति, धितो मूल्याङ्कन आदि कार्यहरूसँग संलग्न कर्मचारीहरू र बैंक आबद्ध मूल्याङ्कनकर्ताहरू उपर मुद्दा चलेको अवस्था छ । आरोपित कार्यमा को कसको कस्तो संलग्नता छ भन्ने बारे यथास्थानमा विश्लेषण गरिने छ।

१८. कर्जावालामध्ये मुख्य व्यक्ति लक्ष्मीप्रसाद आचार्य देखिन्छन् । आरोपपत्रमा उल्लिखित ९ वटा ऋणी उद्योगहरू मध्ये तीनवटा उद्योगहरू राधिका ह्याण्डिक्राफ्ट, बागमती उनी धागो कताई उद्योग प्रा.लि. र मेची ह्याण्डिक्राफ्टसमेतमा निज फर्मको प्रोप्राइटर साझेदार र सेयर होल्डर रहेको र अन्य ६ वटा उद्योगहरू मध्ये अपिनप्पा कार्पेट, बागमती ओरिएन्टल टिपिक, बागमती एपरल्स, आर.पी.कार्पेट, रोशन ह्याण्डिक्राफ्ट, कटनरिच प्रा. लि. मा कर्जा दिलाउने र दुरूपयोग गर्ने कार्यमा निजको प्रत्यक्ष संलग्नता देखाइएको छ। संक्षेपमा हेर्दा अपिनप्पा कार्पेटको प्रो. भरतराज कोइराला देखिन्छन् तापनि सो उद्योगको लागि लिन लागिएको टि.आर. कर्जाको लागि लक्ष्मीप्रसाद आचार्यले राधिका ह्याण्डिक्राफ्टको फाजिल रहेको धितो एयरमार्क गर्न मन्जुरी दिने, सो उद्योगको तर्फबाट निवेदन लेख्ने, नक्कल गरी सही गर्ने, धनजमानी दिने, कर्जा तिर्न अच्युत रिजालसमेतसँग मिली प्रतिबद्धता व्यक्त गर्ने कार्य निजले गरेको भन्ने उजुरीपत्रमा उल्लेख छ । त्यस्तैगरी बागमती एपरल्सको प्र. कृष्णप्रसाद लुइटेल देखिन्छन् तापनि त्यसमा लक्ष्मीप्रसाद आचार्य, अच्युतप्रसाद रिजाल, भरतराज कोइराला मिली कर्जा लिने र दुरूपयोग गर्ने, सो एपरल्सको लागि निवेदन लेखी कृष्णप्रसाद लुइटेलसमेतसँग संयुक्त दरखास्त लेख्ने, आवश्यक सुरक्षण राधिका ह्याण्डिक्राफ्टबाट लिनको लागि निवेदन लेख्ने, टि.आर. कर्जा चुक्ता गर्न लक्ष्मी आचार्य र अच्युत रिजालले संयुक्त प्रतिबद्धता व्यक्त गर्ने, धितो दिन मन्जुर भई निवेदन दिने, रोसन ह्याण्डिक्राफ्टको तर्फबाट अच्युतप्रसाद रिजालले फाजिल धितो बागमती एपरल्सलाई दिन मन्जुरी दिने, कर्जा तमसुक र व्यक्तिगत धन जमानीमा भरतराज कोइराला र अच्युतप्रसाद रिजाल साक्षी बस्ने आदि कार्य गरेको विस्तृत विवरण उजुरी प्रतिवेदनमा उल्लेख छ। त्यस्तै गरी रोसन ह्याण्डिक्राफ्टको प्रो. अच्युतप्रसाद रिजाल र चिरन्जीवी आचार्य देखिन्छन् तापनि सो उद्योगको लागि प्रतितपत्र खोल्न संयुक्त दरखास्त दिने, धितो सुरक्षण एयरमार्क राधिका ह्याण्डिक्राफ्टको धितोबाट गर्न मन्जुरी दिने, प्रतितपत्रबाट झिकाइएको सामान क्लीयरिङ गर्न संयुक्त निवेदन दिने, टि.आर. कर्जा उपयोग गर्न पाउँ भनी संयुक्त दरखास्त दिने, रोसन ह्याण्डिक्राफ्टकै तर्फबाट कर्जा माग गरी निवेदन गरी रोसन ह्याण्डिक्राफ्टको लागि स्वीकृत कर्जासम्बन्धी तमसुकमा सही गर्ने, रोसन ह्याण्डिक्राफ्टको नामको बैंक खाता सञ्चालनसहित सबै कारोबार गर्न दुवैजना प्रोप्राइटरहरूबाट मन्जुरीनामा लिने आदि कार्य लक्ष्मीप्रसाद आचार्यले गरेका विस्तृत विवरणको उल्लेख उजुरी प्रतिवेदनमा छ । त्यस्तैगरी बागमती ओरियन्टल टिपिकको प्रो. मोती उप्रेती (लक्ष्मी आचार्यको आफ्नै बहिनी ज्वाई) रहेको छन् भने सो उद्योगको कार्यमा लक्ष्मीप्रसाद आचार्य, अच्युतप्रसाद रिजाल र भरतराज कोइरालाको संलग्नता रहेको कुरा उजुरी प्रतिवेदनमा उल्लेख छ । विवरणअनुसार सो उद्योगको लागि भरतराज कोइरालाले धन जमानी दिने, लक्ष्मीप्रसाद आचार्यले धितो सुरक्षण एयरमार्क गर्न मन्जुरी दिने, धितो दिने, उद्योगले लिएको कर्जामा भरत कोइराला र अच्युतप्रसाद साक्षी बस्ने, भरत कोइरालाले धन जमानी बस्ने, अच्युत प्रसाद

रिजाल साक्षी बस्ने आदि कार्यहरू गरेको उल्लेख छ । त्यस्तै गरी आर.पी. कार्पेटको प्रो. रूद्र प्रसाद भट्टराई देखिन्छ भने सो उद्योगसँगको कारोबारमा लक्ष्मीप्रसाद आचार्य संलग्न भएको कुरा उजुरी प्रतिवेदनमा उल्लेख छ । त्यस्तै गरी ९ वटा उद्योगमध्येको कटनरिच प्रा.लि. वैदेशिक लगानीमा सञ्चालित उद्योग देखिन्छ । सोका सेयरहोल्डर एपाची ग्राउण्डर चन्दन, पद्मावती चन्दन, पुलिकल रविन्द्रन भन्ने नाम गरेका विदेशी नागरिक देखिएपनि लक्ष्मी आचार्य सो कम्पनीको वित्तीय निर्देशक रही सो कम्पनीको लागि प्रवाहित कर्जामा व्यक्तिगत धनजमानी दिने, कर्जा माग गर्ने, कर्जा तमसुकमा सही गर्ने, राधिका ह्याण्डिक्राफ्टको धितोमध्येबाट धितो सुरक्षण एयरमार्क गर्न मन्जुरी दिने, टि.आर. कर्जा माग गरी निवेदन दिने, डकुमेण्ट छुटाइ पाउन निवेदन दिने आदि कार्यको विस्तृत विवरण उजुरी प्रतिवेदनमा उल्लेख छ । कर्जावालाहरू बीचको आपसी सम्बन्धबारेमा उजुरी प्रतिवेदनको खण्ड ग (पृ. २७ देखि ३४) मा तिथि, मिति र संलग्न कागजातसहित विस्तृत विवरण उल्लेख छ । उल्लिखित कागजहरूबाट देखिएका कुरामा वा ती कागजहरूको अस्तित्वमा पुनरावेदनमा खासै विवाद उठाइएको पाइँदैन । विभिन्न उद्योगहरूमा लक्ष्मी आचार्य र सो उद्योगका प्रोपाइटर सेयरहोल्डरहरू सँगको व्यवसायिक सम्बन्धको स्थितिलाई हेरी यी सबै उद्योगहरूलाई "लक्ष्मी आचार्य समूहका उद्योग" भन्ने नामाकारण गरिएको देखिन्छ । उद्योग र लक्ष्मी आचार्यको संलग्नता बारेमा उजुरी प्रतिवेदनको तालिका नं. १, ती उद्योगहरूको नामबाट २०५८ चैत्रसम्म स्वीकृत कर्जाको विवरण तालिका नं. २ मा र कर्जा सुरक्षणको लागि प्रयोग भएका जग्गाहरूको संक्षिप्त विवरण तालिका नं. ३ मा दिइएको पाइन्छ । उक्त तालिकाहरूमा उल्लिखित विवरणको सत्यासत्यमा पुनरावेदनमा कुनै विवाद उठाइएको नपाइँदा ती सबै तालिका पुनः उल्लेखन गर्नु आवश्यक देखिँदैन तथापि कर्जाको स्थिति स्पष्ट गर्नको लागि उजुरी प्रतिवेदनको तालिका नं. २ लाई यहाँ पुनः राखिएको छ ।

| सि. नं. | पार्टी / प्रोप्राइटर | कर्जा शिर्षक | सुरू प्रवाहित कर्जा रकम | लगानी मिति | भुक्तानी मिति | भाखा नाघेको साँवा | भाखा नाघेको ब्याज | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राधिका ह्याण्डिक्राफ्ट लक्ष्मीप्रसाद आचार्य | हाईपो ६१।३९०<br>ओडि ५७७२।४८<br>टि.आर. ६१।३३० | २,२५,००,०००.००<br>१५,००,०००.००<br>१,०२,९३,९९५.४८<br>३,४२,९३,९९५.४८ | २०५५।९।२६<br>२०५५।१०।२५<br>२०५५।९।२६ | २०५६।९।२५<br>२०५६।३।२५<br>२०५६।३।२५ | १,४३,१८,६२५.९७<br>१५,५६,०९१.२८<br>१,०२,९३,९९५.४८<br>२,६१,६८,७१२.७३ | ७०,२४,४९०.६१<br>६,९६,९८७.१३<br>४८,८०,०२७.००<br>१,२६,०१,५०४.७४ | २,१३,४६,११६.५८<br>२२,५३,०७८.४१<br>१,५१,७४,०२२.४८<br>३,८७,७०,२१७.४७ | |
| २ | बागमती उनी धागो कताई उद्योग प्रा.लि. लक्ष्मीप्रसाद आचार्य, भरतर कोइराला अच्युतप्रसाद रिजाल | स्थिर पुँजी<br>६०।११५<br>चालु पुँजी ६१।१८१<br>टि.आर. ६०।११२<br>टि.आर.६०।२०१ | १,१०,००,०००.००<br>१,००,००,०००.००<br>९९,९७,७३३.२५<br>४९,६३,०७०.९५<br>३,५९,६०,८०४.२० | २०५४।१०।९<br>२०५५।९।१०<br>२०५५।४।३१<br>२०५५।७।१६ | २०५९।१०।८<br>२०५६।९।९<br>२०५५।१०।३०<br>२०५५।१०।१६ | १,१०,०२,०४३.०९<br>१,००,०१,०००<br>९९,९७,७३३.२५<br>४९,६३,०७०.९५<br>३,५९,६३,८४७.२९ | ६९,३८,९६९.००<br>५८,२४,७०४.००<br>५४,०५,०४५.००<br>२६,३०,०५३.००<br>२,०७,९८,७७१.०० | १,७९,४१,०१२.०९<br>१,५८,२५,७०४.००<br>१,५४,०२,७७८.२५<br>७५,९३,१२३.९५<br>५,६७,६२,६१८.२९ | भाखा नाघी नसकेको तर साँवा किस्ता तिर्न नतिराउने कार्य गरेको |
| ३ | मेची ह्याण्डिक्राफ्ट लक्ष्मीप्रसाद आचार्य भरत कोइराला | चालु पुँजी ६१।०१<br>ओ.डि. ५२९६८ | ४८,००,०००.००<br>१०,००,०००.००<br>५८,००,०००.०० | २०५५।१।२<br>२०५५।५।१६ | २०५७।१।१<br>२०५५।११।१५ | ४८,०३,०४३.०९<br>१०,३८,२४६.५६<br>५८,४१,२८९.६५ | ३३,८०,३२०.००<br>५,६४,९००.७९<br>३९,४५,२२०.७९ | ८१,८३,३६३.०९<br>१६,०३,१४७.३५<br>९७,८६,५१०.४४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | अप्पिनप्पा कार्पेट<br>भरत कोइराला | ओ.डि. ५२५९५ | १०,००,०००.०० | २०५५।५।१६ | २०५५।११।१५ | १०,३८,२४६.५६ | ५,६३,८२८.४८ | १६,०२,०७५.०४ | |
| ५ | बागमती एपरल्स<br>कृष्णप्रसाद लुइटेल | स्थिर पुँजी६१।१४५<br>टि.आर.६१।८१<br>टि.आर.६१।२८९<br>पूर्व निर्यात६१।६६ | ८५,००,०००.००<br>६४,८१,७०७.६०<br>८,८८,०४९.८९<br>६०,७५,०००.००<br>२,१९,४४,७५७.४९ | २०५५।७।१<br>२०५५।६।२९<br>२०५५।९।१६<br>२०५५।१२।२६ | २०६१।६।३१<br>२०५५।९।२८<br>२०५५।१२।१५<br>२०५६।३।२५ | ८५,०३,०४३.०९<br>६४,८१,७०७.६०<br>८,८८,०४९.८९<br>६०,७५,०००.००<br>२,१९,४७,८००.५८ | ४८,०२,१५१.००<br>३१,९२,८२२.००<br>४,३३,२६१.००<br>३०,४२,६१७.००<br>१,१४,७०,८५१.०० | १,३३,०५,१९४.०९<br>९६,७४,५२९.६०<br>१३,२१,३१०.८९<br>९१,१७,६१७.००<br>३,३४,१८,६५१.५८ | |
| ६ | आर.पि.कार्पेट<br>रूद्रप्रसाद भट्टराई | हाईपो ६१।५७ | ७५,००,०००.०० | २०५५।२।२१ | २०५६।२।२० | ७५,६४,१६२.०० | ५३,४९,२५५.०० | १,२९,१३,४१७.०० | |
| ७ | बागमती ओरियण्टल टिपिक<br>मोती उप्रेती | चालु पुँजी६०।१०७<br>हाईपो ६१।३५<br>चालु पुँजी ६०।१९१ | ३५,००,०००.००<br>५३,००,०००.००<br>१५,००,०००.००<br>१,०३,००,०००.०० | २०५४।९।२४<br>२०५५।२।७<br>२०५४।१२।२८ | २०५६।९।२३<br>२०५६।२।६<br>२०५६।१२।२७ | ३५,०१,०००.००<br>५३,९०,३१३.००<br>१५,०२,०४३.०९<br>१,०३,९३,३५६.०९ | २२,७२,५३६.००<br>३८,४३,४८७.००<br>९,६७,११८.००<br>७०,८३,१४१.०० | ५७,७३,५३६.००<br>९२,३३,८००.००<br>२४,६९,१६१.०९<br>१,७४,७६,४९७.०९ | |
| ८ | कटनरीच प्रा.लि.<br>पद्मावती चन्दन एपाची गाउण्डर चन्दन<br>पुलिकल रविन्द्रन | टि.आर.६०।२६९<br>टि.आर.६०।३००<br>टि.आर ६१।५५<br>टि.आर ६१।६५<br>टि.आर ६१।६९<br>पूर्व निर्यात ६१।२४<br>पूर्व निर्यात ६१।२५<br>पूर्व निर्यात ६१।४६<br>विल खरिद<br>६१।१४२ | १२,२६,०००.००<br>८,६७,०००.००<br>१३,७१,०००.००<br>१७,९८,००७.०४<br>१५,२०,९३७.००<br>२३,८६,०००.००<br>६९,४६,०००.००<br>६६,७०,०००.००<br>११,४५,६६४.००<br>२,३९,३०,६०८.०४ | २०५४।१२।३०<br>२०५५।२।९<br>२०५५।३।२<br>२०५५।३।१६<br>२०५५।३।१८<br>२०५५।५।१२<br>२०५५।५।१८<br>२०५५।८।२<br>२०५५।६।९ | २०५५।३।२९<br>२०५५।५।८<br>२०५५।६।१<br>२०५५।६।१५<br>२०५५।६।१७<br>२०५५।८।११<br>२०५५।८।११<br>२०५५।११।१<br>२०५५।६।२३ | १२,२३,०००.००<br>८,६७,०००.००<br>१३,७१,०००.००<br>१७,९८,००७.०४<br>१५,२०,९३७.००<br>२३,८६,०००.००<br>१९,४६,०००.००<br>६६,७०,०००.००<br>११,४५,६६४.००<br>१,८९,३०,६०८.०४ | ६,०४,८५६.००<br>४,२७,७३६.००<br>६,७५,३५२.००<br>८,८५,४१६.००<br>७,४८,९१५.००<br>१३,०७,८२४.७५<br>११,२४,५०३.००<br>३७,७१,६६०.००<br>७,३७,६६८.००<br>१,०२,८३,९३९.७५ | १८,३०,८६५.००<br>१२,९४,७३६.००<br>२०,४६,३५२.००<br>२६,८३,४२३.०४<br>२२,६९,८५२.००<br>३६,९३,८२४.७५<br>३०,७०,५०३.००<br>१,०४,४१,६६०.००<br>१८,८३,३३२.००<br>२,९२,१४,५४७.७९ | |
| ९ | रोशन ह्याण्डिक्राफ्ट<br>अच्युतप्रसाद रिजाल<br>चिरञ्जिवी आचार्य | चालु पुँजी ६०।८१<br>चालु पुँजी ६०।९३<br>टि.आर ६०।३०५ | ३५,००,०००.००<br>३०,००,०००.००<br>८०,९८,९९०.९६<br>१,४५,९८,९९०.९६<br><br>१५,५३,२९,१५६.१७<br>१ | २०५४।८।१६<br>२०५४।९।९<br>२०५४।८।१२ | २०५६।८।१५<br>२०५५।९।८<br>२०५५।२।११ | ३५,०१,०००.००<br>३०,००,०००.००<br>२७,१७,८०४.९६<br>९२,१८,८०४.९६<br><br>१३,७०,६६,८२७.९० | १८,७८,९६९.००<br>१६,१९,१६९.००<br>१२,१८,८५९.००<br>४७,१६,९९७.००<br><br>७,६८,१३,५०८.७६ | ५३,७९,९६९.००<br>४६,१९,१६९.००<br>३९,३६,६६३.९६<br>१,३९,३५,८०१.९६<br><br>२१,३८,८०,३३६.६६ | |

१९. यसरी हेर्दा एकातर्फ कर्जावाला लक्ष्मी आचार्य समूहका उद्योगमा संलग्न व्यक्तिहरूले लक्ष्मीप्रसाद आचार्यको नेतृत्वमा अनियमित कार्यमा संलग्न रहने अर्कोतर्फ बैंकका उच्च पदस्तदेखि विभिन्न तहका कर्मचारीहरू संलग्न रही कर्जावालालाई बिना परियोजना, कर्जावालाबाट भएको स्वलगानीको स्थिति वा भाखा नाघेको कर्जा कति छ भन्ने त्यस्तै कर तिरेको वा नवीकरण गरेको छ वा छैन भन्ने आदि कम्पनी वा फर्मको कारोबारको स्थिति र विश्वसनीयता नहेरी र बैंकको कर्जा प्रवाह निर्देशिका र परिपत्रहरूको वेवास्ता गर्दै, कर्जाको निहित जोखिमको विश्लेषण नगरी, कतिपय अवस्थामा ठाडो तोक आदेशबाट जसरी भएपनि पार्टीलाई कर्जा प्रवाह

गर्ने र पछि एकै मितिमा समर्थन गराउने आदि कार्य मिलेमतोबाट भएकोबाट जानी जानी बैंकलाई हानि नोक्सानी पुर्‍याउने र कर्जावाला पक्षलाई गैरकानूनी लाभ पुर्‍याउने बद्नियतपूर्ण कार्य भएको भन्ने आरोप लागेको स्थिति छ। कर्जा लिँदा धितो लिइएका जग्गाहरू धितो राख्ने उद्देश्यबाट मात्र खरिद गरी ६ महिना पनि नपुग्दै धितो राखी कर्जा लिएको, धितोको अत्यधिक मूल्याङ्कन गरेको, पार्टीको अनुरोधमा पटकपटक मूल्याङ्कन बढाएको, कुनै फर्महरू कर्जा उपयोग गर्ने उद्देश्यबाट दर्ता भएको (आर.पी.कार्पेट) खासै कारोबार नगरी बन्द भई अस्तित्वमा नै नरहेका, झुट्ठा स्टक विवरण तयार गरिएको र कतिपयमा त्यस्तो विवरण अफिसमा नै तयार गरेको आरोप छ। मिसिल संलग्न कागजातहरू हेर्दा बैंकका कर्मचारीहरूबाट वाणिज्य बैंक ऐन, २०३१ को दफा ६, १३(५) को उल्लङ्घन हुनुको साथै बैंकप्रतिको परम विश्वासको कर्तव्य (Fiduciary Duty) को पालना नगरी बद्नियतपूर्ण कार्य गरेको, बद्नियतपूर्ण कार्यकै परिणाम स्वरूप आ.व. २०५३।५।४ सम्म नाफामा रहेको बैंकको आर्थिक स्थिति खस्कन गई आ.व. २०५५।५६ मा रू. २,५३,५३,९४,७७४।२५ नोक्सान हुन गएको र २०५६।५७ देखि मुद्दा चल्दासम्म लेखा परीक्षण नै हुन नसक्ने चरम आर्थिक विश्रृङ्खलताको स्थिति बन्न गएको पाइएबाट यो त बैंकको लेना हो, ऋण असुलतर्फ कुनै कार्य वा प्रयास नै नगरी भ्रष्टाचारमा मुद्दा चलाइएको भनी सामान्य अनियमितता हो भन्ने स्थिति रहेन। जहाँ भ्रष्टाचार जस्ता फौजदारी कसुर भएको देखिन्छ त्यहाँ बिगोभन्दा पनि कसुर भएको छ वा छैन भनी हेरिनु पर्ने हुन्छ। कसुरको गम्भीरताको मापन र सजाय निर्धारणको लागिसम्म कर्जाको स्थिति र बिगो सान्दर्भिक हुन्छ। त्यसैले कर्जा असुलको निर्दोष प्रक्रिया सुरू गरिएको छैन भनेर भ्रष्टाचारमा मुद्दा नचल्ने भन्ने हुँदैन। यस अदालतबाट फैसला भएका माथि उल्लिखित निर्णयहरूमा यो जिकिरलाई स्वीकार गरिएको पनि छैन। तसर्थ सोतर्फको प्रतिवादी पक्षको जिकिर स्वीकार गर्न सकिएन।

**२०. पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन सुरु विशेष अदालतको फैसला मिलेको छ वा छैन भन्नेतर्फ हेर्दा,** प्रतिवादी पुनरावेदकहरूको र अन्य प्रतिवादीहरूको प्रस्तुत भ्रष्टाचारको कसुरमा के कस्तो संलग्नता रहेको छ वा छैन भनी हेर्नुपर्ने देखियो।

**२१. सर्वप्रथम प्र. शेरबहादुर थापाको हकमा हेर्दा,** निज वारदात समयमा ने.बै.लि. का नायब महाप्रबन्धक तथा काठमाडौं बैंकिङ अफिस प्रमुख देखिन्छन्। यी प्रतिवादीले कसुर गरेकोमा अनुसन्धान र अदालतमा इन्कार रही बयान गरेका छन्। आफ्नो व्यापारिक स्वार्थ र व्यवसायिक सम्बन्ध भएका लक्ष्मीप्रसाद आचार्य समूहको ९ वटा उद्योगहरूलाई कुल रू. १५,५३,२९,१५६।१७ कर्जा प्रावह गर्ने कार्यमा संलग्न कर्मचारी समूहको पिरामिड जस्तो सांगठनिक संरचनाको प्रमुख व्यक्तिको रूपमा रहेको मिसिलबाट देखिन्छ। निज शेरबहादुरसमेतले बागमती उनी धागो कताई उद्योग प्रा.लि. को स्थिर र चालु पुँजी कर्जाको सुरक्षणबापत झापा गरामनी ८ कि.नं. ५३६ र ५३७ को परियोजनासहित कुल रू. १,१०,००,०००।- मा इन्जिनियर र बैंक कर्मचारीबाट मूल्याङ्कन नै नगराई ०५४।१०।६ मा पारित गराई लिएको, सोही जग्गा रोक्का फुकुवा नै नगराई चालु पुँजी कर्जाको सुरक्षण बापत ०५५।९।९ मा मालपोत कार्यालय, डिल्लीबजारबाट पुनः दृष्टिबन्धक पारित गराई लिएको पाइयो। त्यस्तै गरी बागमती उनी धागो कताई उद्योगको स्वीकृत स्थिर पुँजी कर्जा रू. १,१०,००,०००।- बाट रू. ८० लाख राधिका ह्याण्डिक्राफ्टको युसोन्स प्रतितपत्र (उधारो प्रतितपत्र) बापतको रकम चुक्ता गर्न राधिका ह्याण्डिक्राफ्टको खातामा जम्मा गर्न स्वीकृति दिई स्थिर पुँजी कर्जाको रकमको दुरूपयोग गर्न सहमति दिएको पाइयो।

२२. त्यस्तै गरी <u>सोही उद्योगको लागि मिति २०५५।५।२९ मा प्रतितपत्र नं. ६१/१३५५ खोल्दा</u> आफू मुनिका कर्मचारीहरूले लिमिट नभएको, कोल्याटरल नभएको, टि.आर. कर्जा नं. ६०/११२ मा रू. ९९,९७,७३३/२५ कर्जा बाँकी रहेको भन्ने कुरा उल्लेख गर्दा गर्दै पनि ५ प्रतिशत मार्जिनमा प्रतितपत्र खोल्ने स्वीकृति दिएको, प्रतितपत्र ६१/१३५५ खोल्न स्वीकृति दिएको र उक्त प्रतितपत्रको डकुमेन्ट छुटाउन आफ्नो अख्तियारीबाट कर्जा दिन नमिल्नेमा कर्जा प्रवाह गरेको भन्ने पनि देखियो।

<u>**२३. बागमती एपरल्सको**</u> ३ वर्षको निर्यात कर्जा ६१/६६ मा आफ्नो अख्तियारीबाट कर्जा दिन नमिल्नेमा कर्जा प्रवाह गरेको, बैंकको प्रतितपत्रको विपरीत अम्बरकुमार खड्काले दिएको गैरकानूनी आदेशको कार्यान्वयन गरी भुक्तानी दिएको, राधिका ह्याण्डिक्राफ्टको फाजिल धितो भनी झुठा विवरणहरूबाट अन्य ३ उद्योगको धितो सुरक्षण भनी एयर मार्क गराई बद्नियतसाथ कर्जा प्रवाह गराएको समेत पाइयो।

२४. त्यस्तैगरी निजले टि.आर. कर्जा प्रवाह गर्दा, पार्टीले सन्तोषजनक कारोबार गरेको छ वा छैन, बजारमा प्रतिष्ठा के छ, सो नहेरी २ महिनाअघि मात्र दर्ता भई कारोबार सुरू मात्र भएको बागमती एपरल्सलाई टि.आर. कर्जा ६१/१८१, ६१/२८९ नं. बाट प्रदान गरेको कर्जा र ब्याज बाँकी रहँदा रहँदै बिना धितो प्रतितपत्र ६१/१०८ खोल्ने स्वीकृति दिई सो प्रतितपत्रको डकुमेन्ट छुटाउन अख्तियारी उल्लङ्घन गरी टि.आर. कर्जा ६१/२८९ बाट रू. ८,८८,०४९।८९ कर्जा प्रवाह गरेको, प्रतितपत्र ६१/१३१८ खोल्दा मातहत कर्मचारीले कैफियत लेख्दा लेख्दै प्रतितपत्र खोली बिना धितो, बिना सुरक्षण भुक्तानी दिएको र टि.आर. कर्जा ६१/२८९ बाट कर्जा प्रवाह गरी डकुमेन्ट छुटाउन कर्जा नं. ६१/१८१ बाट कर्जा प्रवाह गराई अख्तियारी उल्लङ्घन गरेको देखियो। टि.आर. कर्जा प्रतिष्ठित उद्योगलाई मात्र प्रदान गर्न सकिनेमा सोविपरीत कर्जा प्रवाह गरेको पाइयो।

२५. त्यसैगरी रोशन ह्याण्डिक्राफ्टलाई कम धितो सुरक्षण लिई कर्जा नं. ६०/८१ र ६०/९३ बाट रू. ६५ लाख कर्जा प्रवाह गर्दा रू. ३२ लाखको मात्र धितो सुरक्षण लिएको, थप सुरक्षण माग गर्नुपर्नेमा नगरेको, मोती उप्रेतीका नाउँमा पारित जग्गाको हक बद्नियतपूर्वक फुकुवा गरेको, रोशन ह्याण्डिक्राफ्टकै प्रतितपत्र ६०/५५९१ स्वीकृत गर्दा बद्नियतपूर्वक कर्जा स्वीकृत गरेको, व्यक्तिगत तोकका आधारमा कर्जा प्रवाह गरेको, आफूलाई प्राप्त प्रतिग्राहक फण्डेड कर्जाबाट सीमा नाघी कर्जा प्रवाह गरेको भन्ने आरोप निजउपर लागेकोमा वस्तुनिष्ठरूपमा खण्डन गर्न सकेको पाइएन।

२६. त्यसैगरी राधिका ह्याण्डिक्राफ्टको कर्जा सुविधाको लागि लक्ष्मीप्रसाद आचार्यको कपन गा.वि.स. १ कि.नं. ३३० को जग्गालाई कर्जा कमिटीले रू. ४६ लाखमा पास गरी लिने निर्णय गरेकोमा पार्टीको निर्णयको आधारमा पुनः मूल्याङ्कन गरी ५३ लाख र फेरी ६७ लाख मूल्याङ्कन गराई धितो पास गराई लिएको, सो उद्योगको कर्जाको लागि आवश्यक पर्नेभन्दा कम सुरक्षण लिई कर्जा प्रवाह गरेको पनि देखियो।

२७. त्यसैगरी बागमती ओरियन्टल टिपिकलाई उद्योग दर्ता भएको ८ दिनभित्र स्वलागत, लगानी, परियोजना विश्लेषण आदि कुनै कुराको विचार नगरी रू. ३५ लाख कर्जा प्रवाह गरेको र पटक पटक कर्जा थप्दै लगेको, प्रति ग्राहक फण्डेड कर्जाको सीमा उल्लङ्घन गरेको पनि देखियो।

२८. त्यस्तैगरी **कटनरिच प्रा.लि.** शतप्रतिशत विदेशी लगानीमा स्थापना भएको उद्योग देखिएको, यस्तो उद्योगमा विदेशी लगानीकर्ताहरूले के कति लगानी गरेका छन् भन्ने हेर्दै नहेरी लक्ष्मीप्रसाद आचार्यसँगको स्वार्थमा परी धितो सुरक्षण नलिई

टि.आर. कर्जा, पूर्व निर्धारित कर्जा, बिल खरिद आदि कर्जाहरू प्रवाह गरेको पनि पाइयो।

२९. सो उद्योगको नाममा म्याद नाघेको कर्जा बाँकी रहँदा रहँदै आयात प्रतितपत्र नं. ६१/०९ बद्नियतपूर्वक १०% मार्जिनमा खोल्न स्वीकृति दिएको, त्यस्तैगरी आयात प्रतितपत्र ६०/७७९ लक्ष्मीप्रसाद आचार्यको व्यक्तिगत धन जमानीमा खोल्ने भनी तोक आदेश दिएको, आयात प्रतितपत्र नं. ६१/१७ र ६१/४२ खोल्दा लिमिट नभएको, सुरक्षण नभएको, पुरानो कर्जा बाँकी भएको भनी मातहत कर्मचारीले कैफियत खुलाउँदा खुलाउँदै बिना धितो सुरक्षण कर्जा बाँकी हुँदा हुँदै एल.सी. खोल्न स्वीकृति दिएको, कर्जा प्रवाह गर्दा प्रति ग्राहक फण्डेड कर्जाको रू. ७५ लाखको अख्तियारी नाघी कर्जा प्रवाह गरेको समेत पाइयो।

३०. त्यस्तै गरी आर.पी. कार्पेट उद्योगलाई दर्ता भएको एक हप्ताभित्र रू. १ करोड १२ लाखको स्टक रहेको भन्ने पत्याउनै नसकिने झुठा स्टक मूल्याङ्कन प्रतिवेदनको आधारमा पछि कर्जा कमिटीबाट अनुमोदन गर्ने गरी रू. ७५ लाख हाइपोथिकेशन कर्जा प्रवाह गरेको, सो कर्जा प्रवाह गर्दा रोशन ह्याण्डिक्राफ्टको हुँदै नभएको धितो एयर मार्क गरेको भनी झुठा कागज खडा गरी कर्जा माग गर्ने तमसुक गर्ने व्यक्ति अलग अलग भएकोमा समेत बद्नियतपूर्वक कर्जा प्रवाह गरेको समेत देखियो।

**३१. अपिनप्पा कार्पेट**लाई भाखा नाघेको टि.आर. कर्जा बाँकी रहँदा रहँदै ओभरड्राफ्ट कर्जा रू. १० लाख स्वीकृत गरेको र कर्जा बाँकी रहँदा रहँदै राधिका ह्याण्डिक्राफ्टको एयर मार्क गरेको सुरक्षण फुकुवा गरेको पनि देखियो।

**३२. मेची ह्याण्डिक्राफ्ट**लाई परियोजना विश्लेषण नै नगरी रू. ४८ लाख कर्जा प्रवाह गरेको, सो उद्योगको भाखा नाघेको कर्जा बाँकी रहँदा रहँदै "चालु पुँजी कर्जाको भाखा नाघेको किस्ता र ब्याज बुझाउन भौचर लेखी सकेको" भन्ने बोली पारी किस्ता र ब्याज नबुझाएकै अवस्थामा झुठा व्यहोरालाई आधार गरी रू. १० लाख ओ.डि. कर्जा प्रवाह गरेको पनि देखियो।

३३. यसरी लक्ष्मी समूहका उद्योगहरूलाई कर्जा प्रवाह गर्दा नेपाल राष्ट्र बैंकको ०४७।१२।१३ (पसं.सी.वि.पास ९४-२/०४७) को दफा (ख) को उपदफा ४, त्यस्तैगरी चालु पुँजी कर्जा प्रवाह गर्दा बैंकको ०५४।९।८ (प्र.का. कल ६०/२२०४) को परिपत्रको दफा २ अन्तर्गत उल्लिखित सर्तहरू, टि.आर. कर्जा स्वीकृत गर्दा कर्जा निर्देशिकाको दफा ३समेतका सर्तहरू, बैंकको कर्जा निर्देशिका एवं कार्यप्रणाली, २०५५ को हाइपोथिकेशन कर्जा निर्देशिकाको दफा ४,५,६,७,१२,१४,१७ समेतको उल्लङ्घन गरेको देखिई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२)र २९(२) को उल्लङ्घन गरेको देखियो। लक्ष्मी आचार्य समूहका विभिन्न उद्योगहरूलाई जे जुन किसिमबाट कानून, कर्जा निर्देशिका एवं कार्यप्रणाली तथा विभागीय परिपत्रसमेतको उल्लङ्घन भइरहेको स्थिति देखिँदा देखिँदै कार्यालय प्रमुख जस्तो व्यक्तिले कहीँकतै यो विषयको समीक्षा बैठक गरेको वा मातहत अधिकृत र कर्मचारीहरूलाई सतर्क गराएको वा चेतावनी दिएको आदि केही गरेको देखिँदैन।

३४. यी प्रतिवादी शेरबहादुर थापा र लक्ष्मीप्रसाद आचार्यको व्यापारिक स्वार्थ रहेको भन्ने कुरा निजहरूको संयुक्त नाम मा घर जग्गा खरिद गरेको पाइनु, संयुक्तरूपमा कम्पनी खडा गरेको, निजको घर खानतलासी गर्दा लक्ष्मी आचार्य समूहको विभिन्न उद्योग र फर्महरूका खाली प्याड, लेटर हेड भेटिएबाट समेत पुष्टि हुन आयो। प्र. शेर बहादुरकी श्रीमती सरस्वती थापाका नाउँको विष्णुमती कार्पेट उद्योग सञ्चालन गर्न लक्ष्मीप्रसाद आचार्यलाई नियुक्त गरेको पाइयो। लक्ष्मी आचार्य समूहका उद्योगलाई अन्य बैंकहरूमा धितोको लागि संयुक्त नाउँको जग्गा राख्न निजले मन्जुरी दिएको समेत पाइयो। यसरी

आफ्नो वित्तीय स्वार्थ रहेको व्यक्तिलाई कर्जा प्रवाह गराउने कार्य निज थापाको बैंकप्रतिको परम विश्वासका कर्तव्य (Fiduciary Duty) को विरूद्ध हुने स्पष्ट छ । मिसिलबाट के पनि देखिन्छ भने जहाँ मातहत कर्मचारीले धितो प्रवाहमा नकारात्मक टिप्पणी लेखेका वा हिचकिचाहट देखाएका छन्, ती सबै अवस्थामा यी प्र. शेरबहादुरले हस्तक्षेप गरी कर्जा दिलाएका छन् । नयाँ उद्योग हुनु, परियोजना नहुनु, स्वलगानी नहुनु, अपत्यारिलो स्टक वा धितो मूल्याङ्कन हुनु, भाखा नाघेका कर्जा हुनु वा Credit Appraisal नहुनु आदि कुनै कुराले कर्जा प्रवाह नरोकिएको अवस्था छ । कुन कुन उद्योगलाई कुन मितिमा के कति कर्जा प्रवाह गरेको छ भन्ने माथि वर्णित तालिका २ मा स्पष्ट देखिएको छ। जग्गा सुरक्षणको विवरण तथ्य खण्डको तालिका ३ मा दिइएको छ । धितो लिन नमिल्ने जग्गा धितोमा लिने, बिना मूल्याङ्कन जग्गा धितो लिने, पक्षको अनुरोधमा सुरक्षण दिएको जग्गाको मूल्याङ्कन बढाउने वास्तविक मूल्याङ्कनभन्दा अत्यधिक मूल्याङ्कन गराउने, सुरक्षण बेगर धितो एयरमार्क गराउने आदि कार्य पनि कर्जा प्रवाह प्रकरणमा भए गरेको पाइँदा सोकार्यहरूमा निजको जिम्मेदारी रहँदैन भन्न मिलेन । तसर्थ बैंकका कर्मचारीहरूसँगको मिलेमतो र नेतृत्व गरी कर्जा प्रवाहमा निज संलग्न देखिँदा निजलाई कसुरदार ठहर्‍याएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नुपर्ने देखिएन ।

**<u>३५. अब प्र. मध्येका अम्बरकुमार खड्काको हकमा हेर्दा</u>,** निज वारदात समयमा नेपाल बैंक लिमिटेडका मुख्य प्रबन्धक पदमा कार्यरत देखिन्छ। अनुसन्धान अधिकारी र अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ। मिसिल हेर्दा निजको पनि लक्ष्मी आचार्य समूहसँग व्यापारिक स्वार्थ रहेको र सोही कारण लक्ष्मी आचार्य समूहका विभिन्न उद्योगहरूलाई कर्जा स्वीकृत र सिफारिस गर्ने कार्यमा संलग्न रहेको देखिन आयो।

३६. मिसिल हेर्दा, लक्ष्मीप्रसाद आचार्यलाई कर्जा लिनको लागि आफू मोही रहेको जग्गा (कपन ३ङ कि.नं. ३३६, ३६९ र ३७४ को जग्गा) धितो सुरक्षण राख्न निजले उपलब्ध गराएको पाइयो । त्यस्तैगरी आफ्नो भाइले लिने ऋणमा लक्ष्मीप्रसाद आचार्यको राधिका ह्याण्डिक्राफ्टको सुरक्षणबाट एयर मार्क गरी प्रयोग गरे गराएको, त्यस्तै गरी आफ्नी श्रीमती कालिका आचार्यसमेत संस्थापक सेयरधनी रहेको नेपाल घरेलु तथा साना उद्योग विकास बैंक लि. स्थापना हुँदा सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने उपसमूहमा लक्ष्मीप्रसाद आचार्य र निजको समूहको व्यक्तिहरू रहेको पाइयो । यस्तो व्यापारिक स्वार्थ रहेको व्यक्तिलाई कर्जा प्रवाह कार्यमा निज संलग्न नरहनुपर्नेमा वाणिज्य बैंक ऐन, २०३१ को दफा ६ तथा दफा १३ को विपरीत कार्य गरी बैंकप्रतिको परम विश्वास र भक्तिको दायित्व (Fiduciary Duty) को उल्लङ्घन गरेको पाइयो।

३७. मिसिल हेर्दा राधिका ह्याण्डिक्राफ्टको लागि झापा गरामुनी-५ कि.नं. ६६७ को ०-१८-११ जग्गा धितो लिँदा बैंकको परिपत्र (५८/०८ मिति २०५२।४।८) को उल्लङ्घन गरी कर्जा लिन मिल्ने भनी विर्तामोड शाखालाई पत्र पठाएको पाइयो। त्यस्तै गरी लक्ष्मी आचार्य समूहका सम्पूर्ण फर्म/ उद्योग / कम्पनीहरूको कर्जाको स्थिति, भाखा नाघेको अवस्था आदि नहेरी महाप्रबन्धकको अख्तियारी सीमा ५ करोड ननाघेको नदेखाउने दुरासय राखी वास्तविक विवरण लुकाई प्रतिवेदन / प्रस्ताव तयार गरेको भन्ने पनि निजउपर आरोप लागेको पाइयो। सो होइन भन्ने कुनै प्रमाण निजतर्फबाट पेस हुन सकेको पाइएन।

३८. त्यस्तैगरी बागमती एपरल्सको स्थायी ठेगाना काठमाडौंको सतुंगल देखाई दर्ता भएको देखिएको तर सोका प्रोपाइटर कृष्णप्रसाद लुईटेलले सिमरामा कारखाना रहेको कुरा देखाई ऋण माग गरेको स्थिर पुँजी रहेको उल्लेख गरेकोमा सो कुरा

यकिन नगरिकन मिति ०५५।६।२१ मा ऋण माग गरेको, सोही मितिमा तयारी पोशाक बनाउने मेसिनको लागि पुनः ९० लाख ऋण एउटै दर्ता नं. राखी दोहोरो निवेदन गरेकोमा कुनै परियोजना, प्रस्ताव आदि नहेरी पार्टीको विश्वसनीयता नजाँची उद्योगको आफ्नो वा प्रोप्राइटरको कुनै स्थिर सम्पत्ति नरहेको उद्योगको जग्गा काठमाडौंमा रहेको देखाइएको अवस्थामा राधिका ह्याण्डिक्राफ्टको फाजिल रहेको धितोबाट एयरमार्क गराई ऋण माग गरेकोमा वास्तविकता नहेरी जाँच स्थिर पुँजी कर्जा विषयमा बैंकको कर्जा निर्देशिकाको विपरीत र मातहत कर्मचारीको रायसमेतलाई बेवास्ता गरी रू. ८५ लाख कर्जा स्वीकृत गरेको, बागमती एपरल्स स्वयम् ०५५।५।१ मा दर्ता भएको र भाडाको भवनमा रहेको देखिएको, दर्ताको बखत स्थिर पुँजी रू. ९६ लाख देखिएको र कर्जा लिने मात्र उद्देश्यबाट प्राप्त गर्नुभन्दा एकदिन अघि ०५५।६।२६ मा मात्र स्थिर पुँजी रू. १,४९,४५,०००।- पुर्‍याई बढाएको प्रमाणपत्रबाट देखिएकोमा पनि परियोजनाको निरीक्षण र विश्लेषण गराउने कार्य गराएको पाइएन । स्थिर पुँजी र चालु पुँजी कर्जाको कार्यविधि निर्देशिकाको कर्जा सीमासम्बन्धी व्यवस्थाको दफा ४ को समेत विपरीत हुने गरी स्वलागत अनुपात उल्लङ्घन गरी ०५५।६।२७ मा कर्जा स्वीकृत गरेको देखियो । यसरी कर्जा प्रवाह गर्दा स्थिर पुँजी कर्जा स्वीकृत गर्दा बैंकको कर्जा निर्देशिका एवं कार्य प्रणाली, २०५५ को दफा ३ को पूर्णतः बेवास्ता गरी कर्जा स्वीकृत गरेको पाइयो । आरोपपत्रमा उल्लिखित कुराहरू आफूबाट भएका होइनन् भनी विश्वसनीयरूपमा निजको तर्फबाट खण्डन हुन सकेको पाइएन। निजको तर्फबाट कर्जाहरू प्रवाह भएको पाइएको यस स्थितिमा निज निर्दोष रहेछन् भन्न मिल्ने स्थिति देखिएन।

३९. अब प्र. मध्येका **<u>उत्तमकुमार नेपालको हकमा हेर्दा</u>**, निज आरोपित कसुरमा अनुसन्धान र अदालतमा इन्कारी बयान दिएको देखियो । तर मिसिल संलग्न उजुरी प्रतिवेदन र मिसिल संलग्न कागजहरू हेर्दा निजले नायब महाप्रबन्धक र अन्य कर्मचारीहरूसँगको मिलेमतोमा बिना परियोजना कर्जा प्रवाह गर्ने, धितोको अवास्तविक मूल्याङ्कन गराउने, पटकपटक मूल्याङ्कन थप्दै लग्ने, पहिला कर्जा प्रदान गरी पछिबाट समर्थन गराउने, नायब महाप्रबन्धकको मौखिक आदेश भन्दै तोक लगाउने आदि कार्यमा संलग्न भई बद्नियतपूर्वक कार्य गरेको आरोप छ । उदाहरणको लागि बागमती एपरल्सको प्रतितपत्र नं. ६१/१६७३, यस्तै गरी प्रतितपत्र नं. ६१/१०८ र ६१/१३१८ खोल्दा लिमिट नभएको, धितो सुरक्षण नभएको र टि.आर. कर्जाको म्याद नाघेको अवस्था हुँदा हुँदै टि.आर. कर्जाको म्याद थपेको भन्ने व्यहोरा आफैँले लेखी बद्नियतपूर्वक प्रतितपत्र खोल्ने कार्यमा संलग्न रहेको, त्यस्तै गरी प्रतितपत्र नं. ६१/१३०८ खोल्दा राधिका ह्याण्डिक्राफ्टको धितो एयरमार्क गर्नु भन्ने अनधिकृत व्यक्तिको निवेदन स्वीकार गरी कार्य गरेको, प्रतितपत्र ६१/१३१८ को डकुमेन्ट छुटाई दिँदा "ग्राहकको व्यक्तिगत धन जमानीमा छुटाइ दिने" भनी अख्तियारी नै नभएको तोक लगाएको समेत पाइयो।

४०. साथै निजले बागमती एपरल्सकै एउटा टी.आर. कर्जा ६१/१८१ को रकम बाँकी रहेकै अवस्थामा टि.आर. कर्जा ६१/२८९ बाट बद्नियतपूर्वक कर्जा प्रवाह गरेको, त्यस्तै राधिका ह्याण्डिक्राफ्टको लागि कपन गा.वि.स. १ को कि.नं. ३३० को जग्गा कर्जावालाको अनुरोध मुताबिक ४६ लाखबाट मूल्याङ्कन बढाउँदै लगी ६७ लाखमा धितो पास गरी कर्जा प्रवाह गर्ने कार्यमा संलग्न रहेको, त्यसैगरी अपिनप्पा कार्पेटलाई टि.आर. कर्जाको भाखा नाघेको कर्जा बाँकी रहेको अवस्थामा पनि चल्ती ओ.डि. कर्जा रू. १० लाख प्रवाह गरेको, मेची ह्याण्डिक्राफ्टलाई चालु पुँजी कर्जाको किस्ता नतिरी भाखासमेत नाघेको अवस्थामा पनि "किस्ता बुझाउन भौचर लेखी सकेको" भनी बद्नियतपूर्वक ढंगले कर्जा प्रवाह गरेको, तर

सो किस्ता नखुलाईएको राधिका ह्याण्डिक्राफ्टलाई प्रतितपत्र नं. ६१/१६११ बाट टि.आर. कर्जा १ करोड १० लाख स्वीकृत गर्दा महाप्रबन्धकको आदेशानुसार टि.आर. गरी समर्थन पठाउने भनी बद्नियतपूर्ण तरीकाले कार्य गरेको, झापा गरामुनी गा.वि.स. वडा नं. ७ को कि.नं. ६६० को ४-१४-१८ विगाहा धानखेतको जग्गा अत्यधिक मूल्याङ्कन गराई बैंकको नाममा पास गराउन कर्जा कमिटी सदस्यको हैसियतमा संलग्न रहेको, ललितपुर सैंवु गा.वि.स.-४(ग) स्थित विभिन्न कि.नं. को जग्गा अत्यधिक मूल्याङ्कन गराई बैंकको नाममा पास गरी बैंकको कर्जा जोखिममा पारेको भन्नेसमेत आरोप लागेको पाइयो। निजउपर लागेका आरोपहरूको निजबाट वस्तुनिष्ठरूपमा खण्डन हुन सकेको पाइएन। निजले गरेको कार्यको प्रकृतिबाट निजको शेरबहादुर थापासमेतका बैंकका कर्मचारीहरूसँग मिलेमतोसमेत देखियो। उल्लिखित कार्य निजले बद्नियतपूर्वक गरेको देखिँदा निजलाई कसुरदार ठहर्‍याएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नुपर्ने देखिएन।

४१. त्यस्तै गरी **प्र. पुरूषोत्तमप्रसाद श्रेष्ठको हकमा हेर्दा**, निज वारदात समयमा नेपाल बैंक लिमिटेडको काठमाडौं अफिसमा विभागीय प्रबन्धकको हैसयतमा कार्यरत देखिन्छ। आरोपित कसुरमा निजले इन्कार रही बयान गरेको छ तापनि मिसिल हेर्दा निजले नायब महाप्रबन्धक प्र. शेरबहादुर थापासहितका बैंकका कार्यकारीहरूसँग मिलोमतोमा कार्य गरेको देखिन आयो। मिसिल संलग्न उजुरी प्रतिवेदन र सोसँग संलग्न कागज हेर्दा लक्ष्मी आचार्य समूहका विभिन्न उद्योगहरूलाई कर्जा प्रवाह गराउने कार्यमा संलग्न रहेको देखिन आयो। मिसिल हेर्दा निजले बागमती एपरल्सलाई स्थिर पुँजी कर्जा नं.६१।१४५ बाट रू.८५ लाख कर्जा प्रवाह गर्दा "बिक्रेताको नाउँमा ड्राफ्टमार्फत भुक्तानी दिने" स्पष्ट सर्त राखिएकोमा ठाडो तोक आदेशबाट सिधै चल्ती खातामा रकम जम्मा गराएको, त्यस्तै गरी रोशन ह्याण्डी क्राफ्टलाई बैंकमा राखिएका सुरक्षणभन्दा बढी प्रवाह गराइएको, बागमती ओरिएन्टल टिपीकलाई परियोजनाको विश्लेषणबेगर नै कर्जा प्रवाह गरेको, सोही उद्योगलाई हाइपोथिकेशन कर्जा प्रवाह गर्दा स्टक निरीक्षण गर्न कर्मचारीसमेत नखटाएको, सोही पार्टीलाई बिना आधार र कारण जोखिम नहेरी कर्जा थप्दै लगेको, त्यस्तै गरी आर.पी. कार्पेटलाई दर्ता भएको ७ दिनमा नै १ करोड १२ लाखको गलैंचा स्टक रहेको प्रतिवेदन लिन लगाई रू.७५ लाख कर्जा प्रवाह गराएको, स्टक निरीक्षणको झुट्ठा प्रतिवेदन नरेन्द्र मेहर श्रेष्ठलाई आफ्नै कार्यालयमा राखी तयार गर्न लगाएको, लक्ष्मीप्रसाद आर्चायको रोशन ह्याण्डीक्राफ्टका लागि कपन १ कि.नं. ३३० को जग्गा पटक-पटक मूल्याङ्कन गर्दै अन्ततः रू.६७ लाखमा धितो पास गराउने निर्णयमा शेरबहादुर थापा, उत्तमकुमार नेपालसमेतसँग संलग्न रहेका, त्यस्तै झापा गरामुनी-७, कि.नं. ६६० र सैंबु ल.पु. सैंबुका जग्गाको अधिक मूल्याङ्कन गराएको भन्ने आरोप रहेको पाइयो। त्यस्तै गरी मेची ह्याण्डीक्राफ्ट र अपिनप्पा कार्पेटको भाखा नाघेका कर्जा बाँकी हुँदा हुँदै ओ.डि. उपलब्ध गराएको भन्ने पनि आरोप रहेको देखियो। यी कुराहरू भए गरेका होइनन् भनी विवरण खुलाई निजले खण्डन गर्न सकेको पाइएन। यसरी निजले शेरबहादुरसमेतका अन्य कर्मचारीहरूसँग मिली बद्नियतपूर्वक बैंकलाई हानि नोक्सानी र सम्बन्धित पक्षलाई लाभ पुर्‍याउने कार्यमा संलग्नता देखिँदा निजलाई निर्दोष भन्न सकिने अवस्था देखिएन।

**४२. प्र. महन्तबहादुर महर्जनको हकमा हेर्दा**, निज वारदात समयमा चल्ती विभागको इन्चार्ज देखिएको र निज अपिनप्पा कार्पेट र मेची ह्याण्डीक्राफ्टसँग सम्बन्धित देखियो। निजले कसुर गरेमा इन्कार रहे पनि कर्जा प्रवाहमा संलग्नता थिएन भन्न सकेको पाइएन। अप्पिनपा कार्पेटको टि.आर. कर्जाको साँवा रू.८,४८,६७०/- र ब्याजसमेत बाँकी

रही एक वर्षभन्दा बढी समयदेखि भाखा नाघेको स्थिति हुँदाहुँदै सो पार्टीलाई रू.१० लाख प्रवाह गरेको, त्यस्तैगरी मेची ह्याण्डीक्राफ्टलाई पनि भाखा नाघी सकेको, चालु पुँजी कर्जाको रकम बाँकी रहँदा रहँदै रू.१० लाख ओभरड्राफ्ट कर्जा प्रवाह गर्ने कार्यमा संलग्न रहेको भन्ने आरोप रहेको पाइयो । पार्टीले साँवा र ब्याज बुझाउन भौचर लेखिसकेको भनी कर्जा प्रवाह गरिए पनि कर्जा प्रवाह पूर्व सो रकम जम्मा गरेको पाइएन । मिसिल हेर्दा कर्जावालाले झुट्ठा विवरण लेखी कर्जा प्राप्त गर्ने र प्राप्त कर्जामध्येबाट केही साँवा र ब्याज तिर्नेसम्म कार्य भएको पाइँदा स्वस्थ कारोबार गरिएको भन्न सकिएन । मिति ०५५।५।१६ मा बसेको ओभरड्राफ्ट कमिटीको बैठकमा निज उपस्थित देखिन्छ र सो कमिटीले टि.आर. कर्जा बाँकी हुँदाहुँदै १५ दिनभित्र बाँकी बक्यौता बुझाउने हुँदा निजलाई OD कर्जा रू. १० लाख उपलब्ध गराउने निर्णय भएको देखियो तर मिसिल हेर्दा न त पार्टीले रकम बुझाएको न त कागज नै गरेको भेटियो । यसरी निजसमेतको संलग्नतामा बद्नियतपूर्वक कार्य भएको देखिँदा निज निर्दोष रहेछन् भन्न सकिएन ।

**<u>४३. प्र.रजनीलोचन प्रसाद तण्डुकारको हकमा</u>** निजलाई विशेष अदालतबाट दोषी करार गरिएपछि यस अदालतमा पुनरावेदन गरेको र मिति २०६५।४।१५ मा निजको मृत्यु भइसकेको भन्ने खुल्न आयो । निजको हकमा निज कपनको कि.नं. ३३० को जग्गा पार्टीले पटक पटक मूल्याङ्कन बढाउने कार्यमा, रोशन ह्याण्डीक्राफ्टको हकमा सुरक्षणभन्दा बढी कर्जा प्रवाह भएको वित्तीय कर्जा असुल नहुँदै सुरक्षण फुकुवा गर्ने कार्यमा संलग्न देखिएको, बागमती ओरियन्टल टिपिकलाई चालु पुँजी र हाइपो कर्जा स्वीकृत गर्दा परियोजनामा विश्लेशण बिना कर्जा प्रवाह गर्ने, आर.पी. कार्पेटको हकमा दर्ता भएको सातै दिनमा बद्नियपूर्वक रू. ७५ लाख कर्जा प्रवाह गर्ने, झापा गरामुनीको कि.नं. ६६० र ल.पु.न. सैंबुको विभिन्न कि.नं. का ३-१०-३-० (उजुरी प्रतिवेदन तालिका ३) जग्गा अधिक मूल्याङ्कन गर्ने, त्यस्तै गरी रोशन ह्याण्डीक्राफ्टले केवल ३२ लाखको धितो सुरक्षण पास गरी दिएको, धितो अवगत हुँदा हुँदै सो फर्मको तर्फबाट रू.२,८७,००,०००।- नभएको धितो एयरमार्क गरिदिने, रोशन ह्याण्डीक्राफ्टको सुरक्षण नपुग भइरहेको अवस्था हुँदाहुँदै मिति २०५४/१०/१५ को कर्जा कमिटीको निर्णयबाट काठमाडौं नगरपालिका वडा नं. ७ कि.नं. ५६, २७१ को धितो फुकुवा गर्ने कार्यमा संलग्न रहेको भन्ने अभियोग दाबी रहेको पाइयो । निजले वस्तुनिष्ठरूपमा सो आरोपहरू खण्डन गर्न सकेको पाइएन । तसर्थ सफाई पाउनुपर्ने भन्ने निजको जिकिर र बिगोबमोजिम जरिवानासमेत हुनुपर्छ भन्ने वादी नेपाल सरकारको जिकिर स्वीकार गर्न सकिएन । निजको हकमा दण्ड सजायको ३ नं. आकर्षित हुने हुँदा विशेष अदालतको लगत कायम राख्नुपर्ने देखिएन ।

**<u>४४. प्र. शशी किरण श्रेष्ठको हकमा</u>** निज कर्जा विभागको इन्चार्ज देखियो । निज राधिका ह्याण्डीक्राफ्टको कर्जा सुविधाको लागि कपन कि.नं. ३३० को जग्गाको पटक पटक मूल्याङ्कन बढाउने कार्यमा, त्यस्तै गरी बालुवा सुन्ताखान गाउँ विकास समिति वडा नं. ९(घ), गोकर्णस्थित कि.नं. १७४ को कमसल जग्गालाई रू.३८,००,०००।- मा धितो पास गराएको, रोशन ह्याण्डीक्राफ्टलाई कुनै आधार र कारण बिना नै कर्जा कमिटीले मिति २०५४/८/१५ मा रू.३५ लाख र मिति २०५४/९/८ मा पुनः रू. ३० लाख रिभल्भिङ चालु पुँजी कर्जा प्रवाह गर्दा पार्टीको पूर्व कारोबार, स्वलगानी जस्ता कुरा नहेरी लगानी गर्ने, रोशन ह्याण्डीक्राफ्टको धितो नपुग भइरहेको स्थितिमा मिति २०५४/१०/१५ मा कर्जा कमिटीबाट काठमाडौं महानगरपालिका वडा नं. ७ को कि.नं. ५६ र २७१ को धितो सुरक्षण गर्ने कार्यमा निज संलग्न देखाई अभियोग पेस भएको अवस्था छ । यी कार्यहरूमा

आफ्नो संलग्नता नरहेको भन्ने निजले पुष्टि गर्न सकेको पाइएन। पार्टीले अनुरोध गरेको छ वा चित्त बुझाएको छैन भन्दैमा एउटै जग्गा केही महिनाको अन्तरालमा तीन पटक धितो मूल्याङ्कन गरी गराई ६७ लाखमा धितो पास गर्ने कार्य स्पष्टरूपमा बद्नियतपूर्ण र बैंकलाई हानि नोक्सानी पुर्‍याउने उद्देश्यबाट भएको पाइयो। सुन्तखानका जग्गा पनि अत्यधिक मूल्याङ्कन भएको भन्ने अनुसन्धानबाट खुल्न आएको छ। यस स्थितिमा निज निर्दोष रहेछन् भन्न सकिएन।

**४५. प्र. विष्णुराम श्रेष्ठको हकमा हेर्दा,** वारदातको समयमा निज बैंकको का.मु. सुपरिवेक्षक देखिन्छ। निज लक्ष्मी आचार्य ल.पु. न.पा. वडा नं. ५(म) कि.नं. ६ र ५(र) को कि.नं. ३७ को जग्गाहरू (उजुरी प्रतिवेदन तालिका ३) को मूल्याङ्कन गर्दा अत्यधिक मूल्याङ्कन गर्ने, राधिका ह्याण्डीक्राफ्टलाई हाइपोथिकेशन कर्जा रू.२,२५,००,०००/- स्वीकृत गर्ने सन्दर्भमा रू.४,५६,२६,०००/- को उनी गलैंचा स्टक छ भनी स्टक निरीक्षण नै नगरी झुट्ठो प्रतिवेदन दिने, बागमती एपरल्सको बारा जिल्लाको सिमरामा उद्योगको पूर्वाधार निर्माण भएको छ, छैन भनी पुरुषोत्तमप्रसाद श्रेष्ठले निरीक्षण गर्न खटाई पठाएकोमा पूर्वाधार निर्माण भइसकेको छ भनी झुट्ठो प्रतिवेदन दिएको भन्ने निजउपर अभियोग रहेको पाइयो। अनुसन्धानबाट निजले दिएका प्रतिवेदनहरू तथ्यमा आधारित थिए भन्ने देखिएको छैन। धितो वा स्टकको धितो यकिन गर्ने समय समयमा निरीक्षण गर्ने गराउने दायित्व पूरा भएको पनि देखिँदैन। झुठा विवरण दिई कर्जा प्रवाह गर्ने, मिलेमतोमा कार्य गर्ने कर्मचारी समूहमा निज संलग्न देखिँदा निज निर्दोष रहेछन् भन्न सकिएन।

**४६. प्र. सवललाल सिंहको हकमा हेर्दा,** वारदातको समयमा बैंकमा निज सुपरिवेक्षकको रूपमा कार्यरत रहेको देखियो। निज र विष्णुराम श्रेष्ठ भई राधिका ह्याण्डिक्राफ्टको कर्जाको लागि स्टक नै निरीक्षण नगरी रू.४,५६,२६,०००/- को स्टक छ भनी पार्टीले दिएको दर भाउको आधारमा झुट्ठा प्रतिवेदन दिएको भन्ने अभियोग पत्र रहेको छ। प्रतिवेदन झुट्ठा होइन भनी तथ्ययुक्तरूपमा निजले खण्डन गर्न सकेको पाइदैन। प्रतिवेदनमा स्टक रहेको भनेको कार्पेटको भर पर्न सकिने कुनै विवरण वा अन्य कुनै स्वतन्त्र प्रमाण रहे भएको भेटिँदैन। तसर्थ कसुरजन्य कार्यमा निजको संलग्नता रहेनछ भन्न मिलेन।

**४७. प्र.रोशनमान जोशीको हकमा हेर्दा,** वारदातको समयमा निज बैंकमा सुपरिवेक्षक पदमा कार्यरत देखियो। निज का.जि. बालुवा सुन्ताखान गाउँ विकास समिति ९(घ) कि.नं. १७४ को जग्गाको अधिक मूल्याङ्कन गर्ने, कपन १(घ) कि.नं. ३३० को जग्गा पार्टीको अनुरोधमा पटक पटक मूल्याङ्कन बढाउने, बागमती ओरियन्टल टिपिकलाई चालु पुँजी कर्जा प्रदान गर्ने सन्दर्भमा उद्योगको निरीक्षण नै नगरी झुट्ठो प्रतिवेदन दिएको पाइयो। निजले आफ्नो निर्दोषिता वस्तुनिष्ठरूपमा पुष्टि गर्न सकेको नपाइएबाट निज निर्दोष रहेछन् भन्न सकिएन।

**४८. प्र. नरेन्द्र मेयर श्रेष्ठको हकमा हेर्दा,** वारदातको समयमा निज बैंकको का.मु. सहायक प्रबन्धक पदमा कार्यरत देखियो। निजले सैँबु ४(ग) को जग्गा (फा.नं. १३ का नं. १३, तालिका ३ मा) लाई अधिक मूल्याङ्कन गरी प्रतिवेदन दिएको, बागमती ओरियन्टल टिपकलाई हाइपोथिकेशन कर्जा दिने सन्दर्भमा पार्टीले दिएको आधारमा रू.८८ लाखभन्दा बढीको स्टक परिमाण छ भनी झुट्ठा प्रतिवेदन दिएको, त्यस्तैगरी आर.पी. कार्पेटले दर्ता भएको सातै दिनमा रू.१,१२,२०,०००/- को उनी गलैंचाको स्टक छ भनी उल्लेख गरेको आधारमा उद्योग निरीक्षण नगरी, फर्मको क्षमता, पूर्वाधार, मानवीय स्रोत साधन आदि केही नहेरी, नखुलाई सो मूल्य बराबरको कार्पेट छ भनी झुट्ठा प्रतिवेदन दिएको भन्ने अभियोगपत्र रहेको पाइयो। अनुसन्धानबाट उल्लिखित उद्योगहरूको

त्यस्तो पूर्वाधार वा स्टक रहेको भन्ने पुष्टि हुन नसकेको र जग्गाको पनि वस्तुनिष्ठ मूल्याङ्कन भएको भन्ने देखिँदैन । तसर्थ निज निर्दोष रहेछन् वा निजको संलग्नता रहेनछ भन्न सकिएन ।

**४९. प्र.कृष्णबहादुर कारन्जितको हकमा हेर्दा,** वारदातको समयमा निज बैंकमा का.मु. सहायक प्रबन्धकको पदमा कार्यरत देखियो । निज काठमाडौं जिल्ला बालुवा सुन्ताखान गाउँ विकास समितिको वडा नं. ९(घ) कि.नं. १७४ (उजुरी प्रतिवेदन तालिका ३) को कमसल जग्गा (फा.नं. १३ का.नं.२१) को कमसल जग्गा त्यस्तैगरी ल.पु.जि. सैंबु गाउँ विकास समिति वडा नं. ४(ग) को कमसल जग्गा (फा.नं. १३ का.नं.३३ उजुरी प्रतिवेदन तालिका नं. ३) को अधिक मूल्याङ्कन गर्ने, बागमती ओरियन्टल टिपिकको हकका उद्योग नै निरीक्षण नगरी, पूर्वाधार आदि केही नहेरी प्रतिवेदन दिने, आर.पि. कार्पेट दर्ता भएको सातै दिनमा रू.१,१२,२०,०००/-को उनी गलैंचा छ भनी झुट्ठा प्रतिवेदन दिने कार्यमा संलग्न देखियो । यी कार्यहरूमा आफ्नो संलग्नता छैन भन्ने निजले पुष्टि गर्न नसकेको पाइँदा निज निर्दोष रहेछन् भन्न सकिएन ।

**५०. प्र.लोकबहादुर श्रेष्ठको हकमा हेर्दा**, निज वारदात समयमा बैंकको सहायक प्रबन्धकको रूपमा कार्यरत देखियो । निज बागमती ओरियन्टल टिपिकलाई हाइपोथिकेशन कर्जा दिने विषयमा झुट्ठा स्टक निरीक्षण प्रतिवेदनलाई आधार गर्दै पार्टीले दिएको ८० लाखको स्टक परिमाण र मूल्यमा १०% ले घटाई दिए हुने भनी झुट्ठा प्रतिवेदन दिएको, बागमती ओरियन्टल टिपिकले रोशन ह्याण्डीक्राफ्टको लागि दिएको बालाजु २(क) कि.नं. १५७० र १४८१ को जग्गा, त्यस्तैगरी ल.पु.जि. सैंबु गाउँ विकास समिति वडा नं. ४(ग) को कमसल जग्गा (फा.नं. १३ का.नं.३३, उजुरी प्रतिवेदन तालिका नं. ३) को अधिक मूल्याङ्कन गरी प्रतिवेदन दिने कार्यमा संलग्न देखियो । यी कार्यहरू आफूबाट भएका होइनन् भनी निजले तथ्ययुक्तरूपमा खण्डन गर्न सकेको पाइएन । कर्जा प्रवाहको स्थिति र मिलेमतोको अवस्था हेर्दा निज निर्दोष रहेछन् भन्न सकिएन ।

**५१. प्रतिवादी प्रदिपकुमार चापागाई** वारदात समयमा बैंकमा सहायक शाखा प्रबन्धकको रूपमा कार्यरत देखिन्छ भने **प्रतिवादी पदमकुमार प्रधान** सुपरिवेक्षक पदमा कर्यरत देखिन्छ । यिनीहरू दुवै जना झापा गरामुनी -५ वडा नं. ६६७ को ०-१८-११ को जग्गाको धितो मूल्याङ्कन गर्ने, धितो योग्य देखाउने कार्यमा संलग्न देखियो । सो जग्गामध्ये ०-३-१७ जग्गा बाटोमा परिसकेकोमा सो तथ्य नदेखाएको भन्ने आरोप निजउपर छ । सो होइन भन्न निजहरूले सकेको पाइँदैन । प्रतिवादी पदमकुमार प्रधानले राधिका ह्याण्डिक्राफ्टको लागि धितो सुरक्षण दिइएको झापा अनारमनी-३ कि.नं. १०६८ को ०-१-११.५ जग्गाको अधिक मूल्याङ्कनमा संलग्नसमेत भएको देखियो । बद्नियतपूर्णरूपमा गरिएको धितो मूल्याङ्कनबाट बैंकको कर्जा जोखिममा परेको पाइयो । उपर्युक्त कार्यहरूमा आफ्नो संलग्नता छैन भनी यी प्रतिवादीहरूले पुष्टि गर्न नसकेको र मिलेमतोको कार्य गरी बद्नियतपूर्वक कर्जा प्रवाह भएको समेत पाइँदा निजहरूलाई निर्दोष मान्न सकिएन ।

**५२. त्यस्तै गरी प्र.इन्दिरा गुरूङ** बैंकमा प्रबन्धकको हैसियतमा कार्यरत देखियो । निज मुख्यतः कर्जा कमिटीको सदस्यको हैसियतमा लक्ष्मी आचार्य समूहको बागमती ओरियन्टल टिपिकलाई हाइपोथिकेशन कर्जा रू.२८ लाख स्वीकृत गर्ने, अस्वभाविक धितो मूल्याङ्कन गरी आएको सैंबुसमेतको जग्गासम्बन्धी प्रतिवेदनको आधारमा कर्जा प्रवाह गर्ने कार्यमा संलग्न रहेको पाइयो । ल.पु. जि. सैंबुको धितो पास गरी लिने कर्जा कमिटीको ०५५।२।१८ को निर्णयमा निज संलग्न रहेको देखिन्छ । तीन चारदिन अघि मात्र रू. ४,७३,०००।– मा खरिद भएका जग्गाहरूको अस्वभाविक मूल्याङ्कन

गराई रू. १,७६,५०,०००।– मा धितो पास भएको देखिन्छ । बागमती ओरियन्टल टिपिकलाई राधिका ह्याण्डिक्राफ्टको नभएको धितो एयरमार्क गर्ने फर्जी कार्य गरी कर्जा प्रवाह हुँदा कर्जा कमिटीको २०५५।१।१४ को निर्णयमा निजको संलग्नता देखिँदा निज प्रत्यक्षरूपमा कर्जा प्रवाहमा अन्य प्रतिवादीहरू जस्तो नदेखिए पनि मिलेमतोमा पसेको रहेछ भन्ने देखियो ।

**५३. अब पुनरावेदकहरू मध्ये डा. हरिवंश झा, केशवलाल श्रेष्ठ, टेकनाथ चम्लागाई, नरेन्द्रराज भट्टराईको हकमा हेर्दा,** यी पुनरावेदकहरूले नेपाल बैंक लिमिटेडसँग गरेको सम्झौताअनुरूप धितो मूल्याङ्कनको जिम्मेवारी पाएको देखिन्छ । निजहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको मुख्य जिकिर यिनीहरूले धितो, स्टक आदि मूल्याङ्कन गरेको सम्म हो धितो प्रदान गरेको होइन, मूल्याङ्कनलाई स्वीकार वा अस्वीकार गर्ने अधिकार बैंकलाई हुँदा मूल्याङ्कनसम्म गरेको आधारमा दोषी ठहर गर्न मिल्दै भन्ने रहेको छ । मिसिल हेर्दा, सुरक्षणबापत धितो स्वीकार गर्दा यी मूल्याङ्कनकर्ताको मूल्याङ्कन र त्यसपछि बैंकका कर्मचारीमार्फत् त्यसको भेरिफिकेसन गरी गराई धितो सुरक्षण स्वीकार गर्ने गरिएको पाइन्छ । त्यस अर्थमा यी प्रतिवादीहरूको कार्य सम्पूर्ण प्रक्रियाको जगमा रहने हुन्छ । बद्नियतपूर्ण कार्य गरी बैंकसँग गरिएको सम्झौताको विपरीत जोखिमपूर्ण धितो लिने, धितोको अधिक मूल्याङ्कन गर्ने कार्य त्यहीँबाट सुरू भएको पाइन्छ । मिसिल हेर्दा टेकनाथ चम्लागाईले झापा गरामुनी-५ कि.नं. ६६७ को जग्गा गलत विवरण लेखेको र रू. ३८,०२,७५०।– मूल्याङ्कन गरेको देखियो जबकी सो जग्गा केही दिन पहिले मात्र रू. १,३१,०००।– मा खरिद भएको देखियो । कुनै आधारबेगर अधिक मूल्याङ्कन गरी निजले बैंकसँगको सम्झौताविपरीत बद्नियतपूर्व कार्य गरेको देखियो । **डा. हरिवंश झाले** बैंकसँग गरेको सम्झौता र विपरीत ल.पु. जि. सैंबु गाउँ विकास समिति वडा नं.४(ग) ल.पु.न.पा. वडा नं.५(ग), झापा गरामुनी गाउँ विकास समिति वडा नं. ७(क), का.जि. का.म.न.पा. वडा नं. १६, बालाजु ५(र)समेतका कमसल जग्गा (तालिका नं. ३) हरूको अधिक मूल्याङ्कन गरी रू.६,३९,६१,५००।- पर्ने भनी प्रतिवेदन दिएबाट कर्जा जोखिममा परेको पाइयो । **प्र. केशवलाल श्रेष्ठको हकमा हेर्दा,** निजले ललितपुर उपमहानगरपालिका वडा नं. ५(म) र ५(र) को जम्मा २-२-२-० जग्गालाई रू. ८० लाख पर्ने भनी अत्यधिक मूल्याङ्कन गर्ने (फा.नं. १३ का. नं. ७२ देखि ७७ सम्म, तालिका ३) कार्यमा संलग्न देखिएको, र **नरेन्द्रराज भट्टराईको हकमा हेर्दा,** निज का.जि. कपन र गौशालालगायतका जग्गाहरू (फा.नं. १३ का नं. १८ देखि २०, ५३ देखि ५९, ८० देखि ८७ सम्म, **तालिका ३**) अत्यधिक मूल्याङ्कन गरी रू. २,८१,२८,५००/- पर्ने भनी मूल्याङ्कन गर्ने कार्यमा संलग्न देखियो । यी तिनै जनाले अनुसन्धान र अदालतमा बयान गर्दा बैंकसँग गरेको सम्झौता उल्लङ्घन भएको छैन वा मूल्याङ्कन वस्तुपरक र यथार्थ छ भनी तर्कयुक्त जवाफ दिन र आरोप खण्डन गर्न सकेको देखिएन । बद्नियतपूर्ण कार्य भएको स्थितिमा निजहरूले धितो प्रवाह गरेको होइन भन्ने आधारमा निजहरू निर्दोष रहेछन् भन्न सकिएन ।

५४. विशेष अदालतले कसुरदार ठहराएका मध्ये भरतराज कोइराला, मोती उप्रेती, कृष्ण प्रसाद लुइँटेल, प्र. रूद्रप्रसाद भट्टराई, प्र. चिरञ्जिवी आचार्य, एपाची ग्राउण्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रनले सुरू म्यादै गुजारी बसेको देखियो भने प्र. टेकनाथ चम्लागाईको हकमा निजलाई विशेष अदालतबाट रू. ५,०००।– जरिवाना भएकोमा सो फैसलाउपर निजले पुनरावेदन गरेको देखिएन । त्यस्तै गरी विशेष अदालतको मिति २०६८।५।६ को फैसलाबाट कसुरदार कायम भएका अच्युतप्रसाद रिजालको पनि यस अदालतमा पुनरावेदन परेको

देखिएन।

५५. अब **विशेष अदालतको फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन परेको सन्दर्भमा हेर्दा,** पुनरावेदनमा मुख्यरूपमा सफाई दिइएका व्यक्तिहरूलाई सफाई दिएको मिलेन, गडाउ भएका व्यक्तिहरूलाई बिगो खुलेकोमा पनि बिगोबमोजिम जरिवाना भएन। भ्रष्टाचार गरी कमाएको सम्पत्ति जफत गर्नुपर्नेमा सो नगरिएको हुँदा विशेष अदालतको फैसला उल्टी हुनुपर्छ भन्ने जिकिर रहेको पाइयो।

५६. सो सन्दर्भमा विशेष अदालतबाट सफाई पाएका मध्ये **डा. प्रफुल्लकुमार काफ्ले, डा. विश्वम्वर प्याकुरेल, प्र. मुकुन्दप्रसाद अर्याल र प्र. झरेन्द्र शमशेर ज.ब.रा. को हकमा हेर्दा,** निजहरू सञ्चालक समितिअन्तर्गतको नीति तथा व्यवस्था उपसमितिको सदस्यको हैसियतले बागमती उनी धागो कताई उद्योगलाई चालु पुँजी कर्जा नं. ६१/१८१ बाट रू. १ करोड स्वीकृत गर्दा सोसँग सम्बद्ध फर्म उद्योगहरूको कुल उपयोग गरेको कर्जाको रकम र पार्टीको कारोबारको हैसियत नहेरी, फायलमा उल्लिखित मातहत कर्मचारीको नकारात्मक टिप्पणी नहेरी कर्जा स्वीकृत गरी २०५८ चैत्र मसान्तसम्म बैंकलाई रू. १,५८,२५,७०४।– गैरकानूनी हानि नोक्सानी पारी भ्रष्टाचार गरेको भन्ने अभियोग दाबी देखिन्छ।

५७. अनुसन्धान अधिकारी र अदालतमा यी प्र. हरूले आरोपित कसुरमा इन्कार रही बयान गरेका छन्। मिसिल हेर्दा लक्ष्मी आचार्य समूहका उद्योगको कर्जा विषयमा महाप्रबन्धकिय कर्जा कमिटीको मिति २०५५।८।१५ को बैठकले "यसमा समूहको सम्पूर्ण कर्जा नियमित भएमा चालु प्रति कर्जा रू. १,००,००,०००।– स्वीकृतिको लागि सञ्चालक समितिमा पेस गर्ने" भनी निर्णय गरेको र नीति तथा व्यवस्था उपसमितिको २०५५।९।१ को निर्णयमा विवादित कर्जाको सम्बन्धमा थप रू.१ करोड रिभल्भिङ चालु पुँजी कर्जा सम्बन्धमा समूहको बाँकी ब्याज सम्पूर्ण चुक्ता गराई तथा परियोजनाको स्थिर सम्पत्ति सुरक्षणले बैंक नियमानुसार कभर गराई लिई मात्र उपयोग गराउने गरी रू. १ करोड रिभल्भिङ चालु पुँजी कर्जा स्वीकृत गर्ने भन्ने उल्लेख भएको देखिन्छ। यसबाट महाप्रबन्धकीय कर्जा कमिटी र नीति तथा व्यवस्था उपसमितिले हर हालत कर्जा दिनु नभनी "कर्जा नियमित भएमा" "बाँकी सम्पूर्ण ब्याज चुक्ता गराई" "सुरक्षणले कभर गराई" भन्ने जस्ता शब्दावली प्रयोग गरी निर्णय गरेबाट बैंकको हितविपरीत वा प्रतिवादीसँगको मिलेमतोमा बद्नियतपूर्वक कार्य भएको रहेछ भन्न मिलेन।

५८. यी प्रतिवादीहरू उपर फण्डेड कर्जाको सीमा ५ करोड रहेको र सोभन्दा बढी लगानीमा रहेकोमा पार्टीलाई थप कर्जा स्वीकृत गरेको भन्ने अभियोग दाबीको हकमा पार्टीकै यु.एस. डलरको मुद्दति खातामा रहेको रकमको धितो ९०% मा नबढाई बार्षिक ११.५% ब्याजसमेत लिने गरी ओ.डी. सुविधा दिने भनी नीति तथा व्यवस्था उपसमितिबाट मिति २०५५।०९।०१ मा निर्णय भएको पाइयो। यसरी पार्टीले आफ्नै खातामा रहेको डलरको धितोमा लिएको ओ.डी. सुविधालाई ऋणमा जोडी रू. ५,७७,१४,०००।– ऋण देखाई रू. ५ करोडको सीमा नाघेको भन्न मिल्ने देखिएन। यी निर्णयहरूमा प्र. मध्येका झरेन्द्र शमशेर ज.ब.रा. ले सही गरेको नपाइँदा निजलाई प्रतिवादी बनाउनुपर्ने कुनै कारण पनि देखिएन।

५९. माथि उल्लिखित निर्णयहरूको परिप्रेक्ष्यमा हेर्दा डा. प्रफुल्लकुमार काफ्लेसमेतका यी प्रतिवादीहरू बैंकको दैनिक कार्य सम्पादन गर्ने, कर्जा प्रवाहमा प्रत्यक्षरूपमा संलग्न कर्मचारी नभई बैंकको नीतिगत निर्णयमा मात्र संलग्न देखिएको र कर्जा प्रवाहमा अनियमितता भएको जानकारी हुन आएपछि महाप्रबन्धक स्तरीय निर्णयबाट छानबिन समिति गठन भई सञ्चालक समितिसमेत बसी नायब महाप्रबन्धक शेरबहादुर थापालाई हटाउने भनी २०५५।१२।५

मा निर्णय गरेको भन्नेसमेत देखिएबाट निजहरूको भ्रष्टाचारपूर्ण कार्यमा संलग्नता रहेछ भन्न मिल्ने देखिएन। अतः निजहरूलाई अभियोग दाबीबाट सफाई दिने ठहराएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नुपर्ने देखिएन।

६०. अब महाप्रबन्धक स्तरीय कर्जा **कमिटीका पदाधिकारीहरू प्र. गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, दिव्यकुमार अधिकारी र भवनाथ उपाध्यायका हकमा हेर्दा,** भवनाथ उपाध्यायको मिति २०७१।०७।१९ मा मृत्य भएको कुरा (लगाउको फौ.पु. नं. ३६४२ मुद्दाको मिसिल सामेल रहेको निजको मृत्यु दर्ता प्रमाण पत्र) खुल्न आएको छ । यी प्रतिवादीहरू उपर लक्ष्मी आचार्य समूहका राधिका ह्याण्डिक्राफ्ट र बागमती उनी धागो कताई उद्योगलाई स्थिर पुँजी कर्जा नं. ६०/११५, टि.आर. कर्जा नं. ६०/२०१ र ६१/३३० चालु पुँजी कर्जा नं. ६१/१८१ बाट कर्जा लगानी गर्दा परियोजनाको सम्भाव्यता, कर्जाको स्थिति, भाखा नाघे वा ननाघेको अवस्था नहेरी अख्तियारी नाघी कर्जा स्वीकृत गरी बैंकलाई रू. ४,१३,५९,८४०।०४ हानि नोक्सानी र कर्जावालालाई गैरकानूनी लाभ पुर्‍याएको भन्ने अभियोग दाबी देखिन्छ।

६१. यी प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही बयान गरेको देखियो । मिसिल हेर्दा लक्ष्मी आचार्य समूहका उद्योगहरूलाई कर्जा प्रवाह गर्ने कार्य ने.बै.लि. को काठमाडौं अफिसबाट भएको देखिन्छ । सोही अफिसले नै कर्जावालाको सम्पूर्ण स्थितिको सम्बन्धमा खुला र विस्तृत जानकारी राखेको छ र सोही विवरण प्रस्तुत गरेको छ भन्ने मान्यता राखिने हुन्छ र त्यसैमा प्रधान कार्यालय वा सञ्चालक समितिले भर गर्ने हुन्छ । उल्लिखित कम्पनीहरू मध्ये बागमती उनी धागो कताई उद्योगको हकमा रू. १ करोड १० लाख स्थिर पुँजी कर्जा प्रवाह गर्ने सम्बन्धमा उठेको टिप्पणीमा महाप्रबन्धक स्तरीय कर्जा कमिटीले मिति २०५४।९।१० मा "सैद्धान्तिकरूपमा यो project मा लगानी गर्ने तर group को total exposure ५ करोडमा नबढाउने र project को निरीक्षण गराई रिपोर्टसहित विभागको राय सिफारिससहित पेस गर्ने" भनी निर्णय गरेको देखिन्छ । यसबाट यी प्रतिवादीहरूले कर्जा प्रवाहमा पर्याप्त सतर्कता लिएकै देखिन्छ । तत्पश्चात् उठेको टिप्पणीमा लक्ष्मी आचार्य समूहभित्र पर्ने भनी स्पष्ट नभएको "बागमती ह्याण्डिक्राफ्ट" लाई कर्जा प्रवाहको स्थिति देखाइएको र टिप्पणीमा लक्ष्मी आचार्य सूमहको कुल बाँकी कर्जा रू. ३,७८,९७,०००।– उल्लेख गरी ५ करोडमा सो रकम घटाउँदा १ करोड २१ लाख बाँकी देखिने व्यहोरा खुलाइएपछि महाप्रबन्धकीय कर्जा कमिटीले २०५४।१०।३ मा **"सुरक्षणले राम्ररी कभर गराउने गरी उक्त समूहको total exposure रू. ५ करोडमा नबढ्ने गरी रू. १ करोड १० लाख स्थिर पुँजी कर्जा नियमानुसार दिने"** भनी निर्णय भएको देखिन्छ । निर्णयमा **"सुरक्षणले राम्ररी कभर गराउने गरी"** भन्ने र **total exposure ५ करोडमा नबढ्ने** गरी भन्ने बोली परेबाट व्यवस्थापनमा प्रत्यक्ष जुटेका कर्मचारी वा कर्जावालासँग निजहरूले मिलेमतो गरेको वा बद्नियत राखी कार्य गरेको भन्न मिल्ने देखिएन । टि.आर. कर्जाको हकमा महाप्रबन्धकीय कर्जा कमिटीलाई लक्ष्मी आचार्य समूहमा कुन उद्योग पर्छन् वा पर्दैनन् भन्ने कुरामा पनि अन्यौलको स्थितिमा पारिएको देखियो। यही अन्यौललाई स्पष्ट गर्नको लागि महाप्रबन्धकीय कर्जा कमिटीको २०५५।७।१५ को निर्णयमा रोशन ह्याण्डिक्राफ्ट लक्ष्मी आचार्य समूहमा पर्ने हो होइन हेरी नपर्ने भएमा मात्र रू. ५ करोडमा ननाघ्ने भए मात्र टि.आर. कर्जा नं. ६०/२०१ बाट डकुमेन्ट छुटाउन ५८ लाख दिने भनी निर्णय भएको देखियो । कर्जा प्रदान गर्दा पनि महाप्रबन्धकीय कर्जा कमिटीले २०५५।११।४ मा "त्यसमा लिमिट कायम नहुने गरी पटकेरूपमा एक पटकको लागि समर्थन गरिदिने" भनी निर्णय गरेबाट बद्नियत राखेर निर्णय

गरेको भन्न मिलेन।

६२. यी प्रतिवादीहरूको हकमा कसुर र बद्नियत खण्डमा २०५८ चैत्र मसान्तसम्म रू. १,५१,७४,०२२।४८ बैंकलाई हानि नोक्सानी पुर्‍याएको भन्ने र अभियोग मागदाबी खण्डमा रू. ४,१३,५९,८४०।०४ बिगो असुलीको दाबी गरिएबाट कसुर र बिगो दाबीमा उजुरी प्रतिवेदनमा स्पष्ट हुन नसकेको पनि पाइयो। यस स्थितिमा मिसिल संलग्न कागजहरूको मूल्याङ्कन गरी र यी प्रतिवादीहरू गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, दिव्यकुमार अधिकारी र भवनाथ उपाध्यायको बयान तथा निजहरूको कर्जा प्रवाहको सन्दर्भमा गरेका निर्णयहरूसमेतको विश्लेषण गरी निज प्रतिवादीहरूलाई सफाई दिने ठहराएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नुपर्ने देखिएन।

**६३. प्र. तिर्थराम श्रेष्ठको हकमा हेर्दा**, निज बैंकको प्रबन्धक पदमा कार्यरत देखियो । निजउपर लक्ष्मी आचार्य समूहका बागमती उनी धागो उद्योग, राधिका ह्याण्डिक्राफ्ट र बागमती एपरल्सको नाममा विभिन्न मितिमा आयात प्रतितपत्र खोल्दा बैंकको प्रधान कार्यालयको परिपत्र तथा निर्देशनविपरीत अख्तियारी तथा स्वीकृति प्रक्रिया उल्लङ्घन गरी प्रतितपत्र खोल्ने कार्यमा सम्म संलग्न रहेको तथा सो समूहले कर्जाबापत धितोमा दिने सुरक्षणको अत्यधिक मूल्याङ्कनमा कर्जा कमिटीको सदस्यको हैसियतले समर्थन जनाएबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र दफा २९ बमोजिम हुनुपर्ने भन्ने अभियोग दाबी (पृ. १३२) मा रहेको पाइयो। आरोपित कसुरमा इन्कार रही निजले बयान गरेको पाइयो। उजुरी प्रतिवेदन हेर्दा बद्नियत खण्डमा (पृ. १०९) उल्लेख गरिएका ४ कोलममध्ये दुई कोलम रोशन ह्याण्डिक्राफ्टसँग सम्बन्धित देखियो। तर रोशन ह्याण्डिक्राफ्टको बारेमा अभियोग खण्डमा कुनै कुरा उल्लेख गरेको नै पाइएन। बाँकी दुई कोलम बागमती एपरल्सको पूर्व निर्यात कर्जा रू. ६०,७५,०००।– र सोही उद्योगको लागि प्रतितपत्र नं. ६१/१०८ र १३१८ खोल्न नरोकेको भन्नेसम्म उल्लेख भएकोबाट सोही कुरामा सम्म सिमित रही हेर्नुपर्ने हुन आयो। मिसिल हेर्दा बागमती एपरल्सलाई पूर्व निर्यात कर्जा दिने विषयमा यी प्रतिवादीले नकारात्मक टिप्पणी गर्दा गर्दै कर्जा प्रवाह गरिएको भन्ने देखियो। त्यस्तै प्रतितपत्र खोल्ने विषयमा पनि मातहत कर्मचारीहरूले लिमिट नभएको तथा कोल्याटरल नभएको भनी लेखेको टिप्पणीमा निजले पनि सही गरेकोबाट मातहत कर्मचारीकै व्यहोरामा समर्थन जनाएको भन्नुपर्ने भएबाट प्रतितपत्र खोलेको विषयमा निजलाई दोष लगाउन मिल्ने देखिएन। अतः निजलाई अभियोग दाबीबाट सफाई दिने ठहराएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नु पर्ने देखिएन।

**६४. प्र. सुरेशकुमार न्यौपानेको हकमा हेर्दा**, वारदात समयमा निज नेपाल बैंक लि. प्रधान कार्यालयमा प्रबन्धक पदमा कार्यरत देखियो । निजउपर बागमती उनी धागो कताई उद्योग र बागमती एपरल्समध्ये कर्जा लगानीमा संलग्न देखाई सजायको हकमा रू. ८५ लाख कर्जा प्रवाह गर्न सिफारिस गरेको र सोही आधारमा कर्जा स्वीकृत भएकोबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय गरिपाउँ भन्ने र बिगोको हकमा निजले दिएको टिप्पणी रायअनुसारको रकम रू. १,९५,००,०००।– बैंकलाई हानि नोक्सानी भएबाट सोही ऐनको दफा २९ बमोजिम बिगो असुलउपर गरिपाउँ भन्नेसमेत अभियोग दाबी देखिन्छ। आरोपित कसुरमा इन्कार रही यी प्र. ले बयान गरेका छन्। आरोपमा उल्लेख भएका उद्योगहरूलाई कर्जा दिने कार्य मूलतः काठमाडौं बैंकिङ अफिसबाट भएको देखिन्छ। उल्लिखितमध्ये बागमती उनी धागो कताई उद्योगको हकमा मिसिल संलग्न २०५४।१०।३ को टिप्पणी निर्णय हेर्दा निजले यसो गर्न मनासिब हुने वा यसो गर्नुपर्ने भनी आफ्नो राय नलेखी टिप्पणी कर्जा कमिटीमा पेस गरेकोसम्म देखिन्छ। त्यस्तै गरी बागमती

एपरल्सको हकमा त कर्जा टिप्पणीमा यी प्रतिवादीले डिटेल परियोजनामा नभएको **"पार्टीले माग गरेको रकम जम्मा परियोजना लागतको करिब २७% मात्र पर्न आउने भएको, त्यस्तो कर्जालाई सुरक्षणको आधारमा कर्जा प्रवाह गर्न उपयुक्त हुने देखिन्छ अन्यथा डिटेल परियोजनामा आवश्यक देखिएको र पार्टीको मागअनुसार १० वर्षमा चुक्ता हुने गरी स्थिर पुजी कर्जा दिन नियमानुसार मिल्ने देखिँदैन"** भन्दै पार्टीको मागबारे आवश्यक निर्णयार्थ पेस गरेकोसम्म देखियो । यसरी यी प्रतिवादीले डिटेल परियोजनामा नभएको र सुरक्षणको आधारमा मात्र कर्जा प्रवाह गर्न उपयुक्त देखिएको भनी स्पष्ट उल्लेख गरेको पाइयो । यही कुरालाई आधार बनाई प्र. अम्बरकुमार खड्काको हकमा विस्तृत परियोजनामा प्रस्ताव आवश्यक पर्नेमा सो नभएकोले कर्जा प्रवाह गर्न मिल्दैन भनी मातहत कर्मचारीको रायको बाबजुद कर्जा स्वीकृत गरेको भन्ने आरोप लगाइएको पाइँदा अभियोगपत्रमा सकारात्मक र नकारात्मक राय व्यक्त गर्ने दुवैलाई मुद्दा चलाउनु न्यायपूर्ण देखिएन । तसर्थ प्र. सुरेशकुमार न्यौपानेलाई अभियोग दाबीबाट सफाई दिने ठहराएको सुरू फैसला मिलेकै देखियो ।

६५. विशेष अदालतबाट सफाई दिएकामध्ये **<u>प्रयागराज रन्जित, पुरूषोत्तम मल्ल र शैलेन्द्र कुमार शाक्यको हकमा हेर्दा</u>,** यी तिनै जना प्रतिवादीहरूलाई बागमती उनी धागो कताई उद्योगलाई स्थिर र चालु पुँजी कर्जा प्रवाह गर्ने कार्यमा झुठो प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसुर गरेकोबाट निजहरूलाई सोबमोजिम सजाय भई दफा २९ बमोजिम प्रयागराज रन्जितबाट बिगो रू. १,७९,४१,०१२।०९ र शैलेन्द्रकुमार शाक्य र पुरूषोत्तम मल्लबाट जनही बिगो रू. १,५८,२५,७०४।०० असुलउपर गराई पाउनुपर्ने भन्ने अभियोग दाबी रहेको देखिन्छ । यी प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही बयान गरेका छन् । यी प्रतिवादीहरूले दिएको प्रतिवेदन यो यस आधारमा झुठो भनी सो प्रमाणित हुने प्रमाण अभियोगपत्र साथ पेस गरेको पाइएन । कर्जा प्रवाह काठमाडौं अफिसबाट भएकोमा यी प्रतिवादीहरू प्रधान कार्यालयका कर्मचारी भई कर्जा प्रदान गर्ने अन्य कार्यमा संलग्न देखिएन । केवल लक्ष्मी आचार्यले कर प्रयोजनको लागि आन्तरिक राजश्व कार्यालयमा उद्योगको हैसियत सानो देखाई दिएको निवेदनको आधार लिई यी प्रतिवादीहरू उपर भ्रष्टाचार गरेको भनी आरोप लगाउन मिल्ने देखिएन । अतः सबुद प्रमाणको मूल्याङ्कन गरी आरोपित कसुरबाट निजहरूलाई सफाई दिने गरेको विशेष अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन ।

**<u>६६. प्रतिवादी एस.पी. श्रेष्ठको हकमा हेर्दा</u>,** निज धितो मूल्याङ्कनकर्ता देखियो । निजले का.म.न.पा. वडा नं. २९ को कि.नं. १०६१ र ११२१ जग्गाहरूको गलत मूल्याङ्कन गरी बैंकलाई बिगो रू. ४७,८१,८६९।०० हानि नोक्सानी पुर्‍याएकोले भ्रष्टाचार निवारण ऐनको दफा ७(२) र २९ बमोजिम हुनुपर्ने भन्ने अभियोग दाबी देखियो । सो जग्गाको कसरी अधिक मूल्याङ्कन भयो भन्ने अनुसन्धानबाट स्थापित हुन सकेको पाइँदैन । यस कुरालाई विशेष अदालतको फैसलामा विस्तृतरूपमा उल्लेख भएकै छ । निजका विरूद्ध अभियोग स्थापित हुने आधार प्रमाण पुनरावेदनमा समेत उल्लेख हुन सकेको पाइएन । तसर्थ निजलाई अभियोग दाबीबाट सफाई दिने ठहराएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नुपर्ने देखिएन ।

६७. त्यस्तै गरी **<u>प्र. मध्येको पूर्णराम शर्मा दवाडीको हकमा हेर्दा</u>,** निजलाई उजुरी प्रतिवेदनको अभियोग खण्डमा अन्य प्रतिवादीहरूसँग मिसाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम सजाय हुनुपर्ने भन्ने उल्लेख गर्दै बिगो रू. ३२,००,०००।– भराउनुपर्ने भन्ने उल्लेख भएपनि निजले यो यस्तो कार्य गरी भ्रष्टाचार गरेको भन्ने कुरा

अभियोग खण्डमा उल्लेख गरेको पाइँदैन । के कसुर गरेको हो, निजले के कसरी मूल्याङ्कनमा बद्नियतपूर्ण कार्य गरे सो उल्लेख नगरी अभियोग लगाउनु न्यायपूर्ण नहुने भएकोले निजलाई सफाई दिने ठहराएको विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखियो ।

**६८. प्र. मध्येका रामप्रसाद पाण्डे, माला खड्का र चुम्बकबहादुर बुढाथोकीको हकमा हेर्दा,** निजहरू उपर भ्रष्ट्रचार निवारण ऐन, २०१७ को दफा ८ र १६(क) को अभियोग रहेको देखिन्छ । निजहरूले आफ्ना नाउँको जग्गा बैंकमा धितो राख्न मन्जुरी दिए पनि मूल्याङ्कन कार्यमा निजहरूको संलग्नता नदेखिँदा निजहरूले आरोपित कसुर गरेको ठहर गर्नु न्यायोचित देखिएन ।

६९. त्यस्तै गरी **प्र. मध्येको सरस्वती थापा (शेर बहादुरकी पत्नी), कालिका खड्का (अम्बर बहादुर खड्काकी पत्नी), भक्ती उप्रेती (मोती उप्रेतीकी पत्नी) र भरत राज कोइराला**उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को अवस्था हुन निजहरूको सम्पत्ति जफत हुनुपर्ने भन्ने आरोप अभियोगपत्रमा दाबी रहेको पाइयो । तर दफा १५ को कसुर अर्थात् अकुत सम्पत्तिमा आवश्यक अनुसन्धान गरी सोअनुसार हुने ठहरिएमा मात्र सम्पत्ति जफत हुन सक्ने हुन्छ । सो भए गरेको भन्ने कुरा स्थापित हुने गरी उजुरी प्रतिवेदन पेस भएको नपाइँदा र पुनरावेदनमा समेत सो हुन नसकेकोले सम्पत्ति जफततर्फ लिइएको दाबी नपुग्ने ठहराएको फैसलालाई अन्यथा भन्नुपर्ने देखिएन ।

**७०. अब कर्जावालामध्येका लक्ष्मीप्रसाद आचार्य, भरतराज कोइराला, मोती उप्रेती, अच्युतप्रसाद रिजाल, कृष्णप्रसाद लुईटेल, रूद्रप्रसाद भट्टराई, चिरन्जीवी आचार्य, एपाची ग्राउण्डर चन्दन, पद्मावती चन्दन, पुलिकल रविन्द्रनसमेतको हकमा हेर्दा,** यी मध्ये लक्ष्मीप्रसाद आचार्य सो उद्योग समूहका प्रमुख व्यक्ति देखिन्छन् । निजउपर नेपाल बैंक लि. बैंकिङ कार्यालय काठमाडौंका तत्कालीन प्रमुख शेरबहादुर थापा र लगानी विभाग प्रमुख अम्बरकुमार खड्कासँग वित्तीय स्वार्थ रहने गरी कार्य गर्ने र विभिन्न फर्म तथा कम्पनीहरूका नाउँमा नतिर्ने मनसायले गैरकानूनी तवरले ठूलो रकम कर्जा लिई, कर्जाको उद्देश्यअनुसारको कारोबारसमेत नगरी २०५८ चैत्र मसान्तसम्म कूल रू. २१,३८,८०,३३६।६६ बैंकलाई हानि नोक्सानी पुर्‍याएको र आफू र आफू सम्बद्ध व्यक्तिहरूलाई गैरकानूनी लाभ पुर्‍याएको भन्दै भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम सजाय हुनुपर्ने साथै दफा १५ र १६(ग) बमोजिम निजको नाउँको ने.बै.लि. को सेयर कित्ता २,५००।– नेपाल घरेलु तथा साना विकास बैंकमा निज र निजको फर्म बागमती ट्रेडर्सका नाउँको सेयर कित्ता ९७,०००।– जफत हुनुपर्ने भन्ने दाबी रहेको र अन्य कर्जावाला प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम सजाय हुनुपर्ने भन्ने अभियोग दाबी रहेको पाइन्छ ।

**७१. प्रतिवादीहरू मध्ये लक्ष्मीप्रसाद आचार्य र अच्युतप्रसाद रिजालबाहेक अन्य प्रतिवादीहरू फरार देखिन्छन्** । **प्र. अच्युतप्रसाद रिजालको हकमा** यस अदालतको मिति २०६७।४।४ को फैसलाबाट निजको हकमा विशेष अदालतको फैसला बदर भई निज विशेष अदालतमा उपस्थित भएको र निजको हकमा मिति २०६८।०५।०६ मा फैसला भएको पाइयो । यी दुवै प्रतिवादीहरू (अर्थात् लक्ष्मी प्रसाद आचार्य र अच्युत प्रसाद रिजाल) ले आरोपित कसुर गरेको भन्नेमा इन्कारी बयान दिएको पाइयो । प्रतिवादीहरू मध्ये उजुरी प्रतिवेदनको तालिका नं. १ मा उल्लिखित सबै उद्योग फर्म र कम्पनीहरूमा यी लक्ष्मीप्रसाद आचार्यको संलग्नता स्पष्टरूपमा देखियो भने अन्य प्रतिवादीहरूको निजहरू संलग्न फर्म उद्योग र कम्पनीहरूमा संलग्नता देखियो । उल्लिखित ९ वटा फर्म उद्योग कम्पनीहरूको

नाउँमा जम्मा रू. १५,५३,२९,१५६।१७ कर्जा प्रवाह भएकोमा विवाद रहेको पाइन्न । प्रवाहित कर्जामध्ये सावाँ रू. १३,७०,६६,८२७।९० र ब्याज रू. ७,६८,१३,५०८।७६ तिर्न बुझाउन बाँकी भन्ने तालिका २ मा देखाइएको छ । सावाँ र ब्याजको रकम यो यति हो वा होइन भन्नेमा प्र. लक्ष्मीप्रसाद आचार्यको स्पष्ट जिकिर देखिँदैन । प्रतिवादीहरू बैंकबाट गैरकानूनी रूपले धितो कर्जा लिने उद्देश्यले फर्म तथा कम्पनी दर्ता गराउने, दर्ता भएको केही दिनमै अस्वभाविक स्टक देखाउने, धितो नै लिने उद्देश्यबाट जग्गा खरिद गर्ने, खरिद गरेको छोटो अवधिमा अस्वभाविक मूल्याङ्कन गराई कर्जा लिने, एउटा जग्गा पटकपटक मूल्याङ्कन गराउने, दोहोरो पारित गराउने, भाखा नाघेका ऋण हुँदाहुँदै अर्को कर्जा माग्ने, झुठा व्यहोरा विवरण पेस गर्ने, गलत विवरण उल्लेख गरी एयरमार्क गराउने आदि कार्य गरी नेपाल बैंक लिमिटेडलाई गैरकानूनी हानि र आफूहरूलाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरेको आरोप रहेको छ । अनुसन्धानको क्रममा धितो सुरक्षण लिइएका अचल सम्पत्तिहरूको अत्यन्त न्यून मूल्याङ्कन भई आएको उजुरी प्रतिवेदनको तालिका नं. ३ मा देखाइएको छ । यस बारेमा विशेष अदालतको फैसलामा विस्तृत विश्लेषण गरिएको र सो विश्लेषण यो यस कारणले गलत छ भनी प्र. लक्ष्मीप्रसाद आचार्यले विश्वसनीयरूपमा पुनरावेदनमा खण्डन गर्न सकेको पाइँदैन । प्र. **अच्युतप्रसाद रिजालको हकमा** विशेष अदालतको मिति २०६८।०५।०६ को फैसलाउपर पुनरावेदन परेको समेत पाइदैन । अन्य प्रतिवादीहरू फरार रहेबाट आरोप खण्डन हुने अवस्था नै रहेन । विशेष अदालतले ९ वटै उद्योगमा रहेको लक्ष्मीप्रसाद आचार्यको संलग्नतालाई हेरी राधिका ह्याण्डिक्राफ्टको बिगो लक्ष्मीप्रसाद आचार्यबाट र अन्य उद्योगको हकमा सो उद्योगहरूका प्रोप्राइटर, प्रोमोटर र यी लक्ष्मीप्रसाद आचार्यबाट भराउने, सो गर्दा पनि नउठेको बिगो प्र. शेरबहादुर थापाबाट भराउने ठहर गरेको पाइयो । सोबमोजिम गर्दा देहायबमोजिमको स्थिति हुने देखिन आयो ।

| सि.नं. | नाम | प्रतिवादी | बिगो |
|---|---|---|---|
| १ | रोशन ह्याण्डिक्राफ्ट | लक्ष्मीप्रसाद आचार्य<br>अच्युतप्रसाद रिजाल<br>चिरन्जीवी आचार्य | रू. ९९,९९,१३८।- |
| २ | बागमती ऊनी धागो कताई उद्योग | लक्ष्मी प्रसाद आचार्य<br>अच्युत प्रसाद रिजाल<br>भरतराज कोइराला | ५,६७,६२,६१८।२९ |
| ३ | कटनरिच प्रा.लि. | एपाची गाउन्डर चन्दन<br>पद्मावती चन्दन<br>पुलिकल रविन्द्रन<br>लक्ष्मी प्रसाद आचार्य | २,९२,१४,५४७।७९ |
| ४ | अपिनप्पा कार्पेट | भरत राज कोइराला<br>लक्ष्मी प्रसाद आचार्य | १६,०२,०७५।०४ |
| ५ | मेची ह्याण्डिक्राफ्ट | भरत राज कोइराला<br>लक्ष्मी प्रसाद आचार्य | ९७,८६,५००।- |

| | | | |
|---|---|---|---|
| ६ | आर.पि. कार्पेट | रूद्र प्रसाद भट्टराई<br>लक्ष्मी प्रसाद आचार्य | १,२९,१३,३८७।- |
| ७ | बागमती ओरियन्टल टिपिक | मोती उप्रेती<br>लक्ष्मी प्रसाद आचार्य | १,७४,७६,४८७।०९ |
| ८ | बागमती एपरल्स | कृष्ण प्रसाद लुईटेल<br>लक्ष्मी प्रसाद आचार्य | ३,२४,००,७५७।४९ |
| ९ | राधिका ह्याण्डिक्राफ्ट | लक्ष्मी प्रसाद आचार्य | ३,८७,७०,२१७।४७ |

**७२. प्रतिवादीहरू लक्ष्मीप्रसाद आचार्यलाई** भ्रष्टाचार निवारण ऐनको दफा १५ र १६(ग) बमोजिम सेयरहरू जफत हुनुपर्ने भन्ने अभियोग दाबीको हकमा सो स्थापित हुने प्रमाण पेस हुन नसकेकोले दाबी नपुग्ने तर दफा ८ र २९ को अभियोग पुग्ने, त्यस्तै गरी अच्युतप्रसाद रिजालबाहेकका अन्य प्रतिवादीहरूको हकमा दफा ८ र २९ बमोजिम जरिवाना हुने ठहराएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नुपर्ने देखिएन । प्र. अच्युतप्रसाद रिजालको हकमा विशेष अदालतको मिति २०६८।५।६ को फैसलाबाट निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम ६ महिना कैद र दफा २९ बमोजिम बिगो रू. २,३९,२०,४४१।७७ भराउने ठहर भएकोमा निजको पुनरावेदन परेको पाइएन। निजको हकमा नेपाल सरकारको पुनरावेदन परेकोतर्फ हेर्दा दफा ८ मा कैद वा जरिवाना वा दुवै गर्नसक्नेमा कैद भएकै देखिँदा जरिवानासमेत हुनुपर्छ भन्न मिलेन । बिगोको हकमा सम्म रोशन ह्याण्डिक्राफ्टमा निज चिरन्जीवी आचार्य र लक्ष्मीप्रसाद आचार्यको संलग्नता देखिँदा र बागमती उनी धागो कताई उद्योगमा निज भरतराज कोइराला र लक्ष्मीप्रसाद आचार्यसमेतको संलग्नता देखिँदा सो उद्योगहरूको दामासाहीबाट हिसाब गरी बिगो भराउनुपर्ने ठहर्छ। ऐनमा कैद जरिवाना वा दुवै हुने व्यवस्था रहेकोमा प्रतिवादीहरूको हकमा न्यायिक स्वविवेकको प्रयोग गरी फैसला भएको हुँदा सजायसमेत हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्वीकारयोग्य देखिएन।

**७३. अब गडाउ भएका बैंकका कर्मचारीहरूलाई** स्पष्टरूपमा बिगोसमेत खुलाई उजुरी प्रतिवेदन दर्ता गरिएकोमा बिगो नखुले जस्तो गरी जरिवाना गरेको मिलेको छैन भन्ने वादी पक्षको पुनरावेदन जिकिर रहेतर्फ हेर्दा प्रतिवादीहरू उपर बिगो खुलाइए तापनि उल्लिखित बिगोमध्ये को कसले के कति लिए खाएको हो स्पष्ट नखुलाइएको, कसैलाई भ्रष्टाचार र कसैलाई मतियार देखाइएको, एउटै बिगो विभिन्न व्यक्तिका उपर लगाइएको, कर्जाको लाभ मूलरूपमा कर्जावाला पक्षले लिएको हुँदा इन्दिरा गुरूङबाहेक बैंकका कर्मचारीहरूलाई रू. ५,०००।– जरिवाना र प्र. इन्दिरा गुरूङको हकमा रू. २५००।– जरिवाना गरेकोलाई अन्यथा भन्नुपर्ने देखिएन । शेरबहादुर थापाको हकमा निज कर्जा प्रवाहमा प्रत्यक्षरूपमा संलग्न कर्मचारीहरूको पिरामिड जस्तो संगठनको प्रमुख व्यक्ति देखिँदा भ्रष्टाचार निवारण ऐनको दफा २९(१) बमोजिमको बिगो कर्जावाला प्रतिवादीहरूबाट भराउ हुन नसकेको हदसम्म यी शेरबहादुर थापाबाट बैंकलाई भराइदिने ठहराएको मिलेकै देखियो। बैंकबाट प्रवाह भएको कर्जा बद्नियतपूर्वक प्रयोग गरी भ्रष्टाचार गरेकोमा बैंकको सावाँ मात्रको हिसाब नभई ब्याजको समेत हिसाब हुने हुँदा अभियोग पेस हुँदाको अवस्थामा देखिएको ब्याजसमेत बिगो दाबी गरेको मनासिब नै देखियो। नेपाल बैंक लिमिटेड आफैँले कर्मचारीहरूलाई भ्रष्टाचार मुद्दा चलेको कारण विभागीय कारवाही गरी हटाएको, नेपाल राष्ट्र

बैंकसमेतको प्रतिवेदनबाट अनियमितता देखिएपछि मुद्दा चलेको स्थिति भई प्रस्तुत मुद्दा लेनदेनसम्बन्धी मुद्दा नहुँदा भरी भराउ हुँदासम्मको ब्याज भराउन मिल्ने नहुँदा सोतर्फको जिकिर स्वीकारयोग्य देखिएन।

७४. अदालतको आदेशबाट धितो लिलाम नभएको र सो विरूद्ध प्रस्तुत मुद्दाको सुनुवाईको क्रममा मुद्दा चलिरहेको अवस्थामा नेपाल बैंक लिमिटेडको तर्फबाट सुरक्षण रहेको धितो लिलाम बिक्री सुरू गरिएको भन्ने कुरा पनि उठ्यो। यस विषयमा माथि केही चर्चा पनि गरिएको छ । अदालतको आदेशबाट धितो लिलाम नभएको र सो विरूद्ध प्रस्तुत मुद्दामा प्रतिवादी पक्षबाट उजुरीसमेत नहुँदा धितो लिलाम अनियमित वा बद्नियतपूर्वक गरिएको भए कानूनले आफ्नो बाटो लिन सक्ने नै हुँदा यस मुद्दाबाट बोली रहनु परेन। यहाँ बिगो असुलउपरमा निवेदन परेमा हालसम्म असुल उपर गरिसकेको रकम बिगोमा कटाई नपुग हुन आउने बिगो मात्र असुलउपर गर्नु भनी फैसलामा लेखिदिनु पर्याप्त हुने देखियो।

७५. अतः माथि उल्लिखित आधार कारणहरूबाट उजुरी प्रतिवेदन मागदाबीबमोजिमको कार्य गरी प्रतिवादीमध्येका शेरबहादुर थापा, अम्वरकुमार खड्का, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ, रजनीलोचन प्रसाद तण्डुकार, शशी किरण श्रेष्ठ, महन्तबहादुर महर्जन, कृष्णबहादुर कारंजित, रोशनमान जोशी, विष्णुराम श्रेष्ठ, नरेन्द्र मेहर श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, सवललाल सिंह, डा. हरिवंश झा, प्रदिपकुमार चापागाई र पदमकुमार प्रधानले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको, प्रतिवादी केशवलाल श्रेष्ठले सोही ऐनको दफा ७(१) अन्तर्गतको, प्रतिवादी टेकनाथ चम्लागाईले उक्त ऐनको दफा ८ अन्तर्गतको, प्रतिवादी नरेन्द्र राज भट्टराईले उक्त ऐनको दफा ७(२) अन्तर्गतको, प्रतिवादी लक्ष्मीप्रसाद आचार्य, भरतराज कोइराला, मोती उप्रेती, कृष्णप्रसाद लुईटेल, रूद्र प्रसाद भट्टराई, चिरन्जीवी आचार्य, एपाची गाउन्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रनले उक्त ऐनको दफा ८ अन्तर्गतको र प्रतिवादी इन्दिरा गुरूङले सोही ऐनको दफा १६क अन्तर्गतको कसुर गरी नेपाल बैंक लिमिटेडलाई जम्मा रू. २०,८९,२५,७३८।१७ गैरकानूनी हानि नोक्सानी र कर्जावाला प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुर्‍याएको *ठहर्‍याएको विशेष अदालतको मिति २०६२।७।१३ को फैसला मिलेकै देखिँदा सदर हुने, प्र. अच्युतप्रसाद रिजालको हकमा निजलाई सजाय गरेको मिति २०६८।५।६ को फैसला सदर हुने* देखिएकोले सो बमोजिम हुने र तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९(२) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम प्र. लक्ष्मीप्रसाद आचार्यलाई रू. १०,५४,१७,३८१।४८, प्र. चिरन्जीवी आचार्यलाई रू. ३३,३३,०४६।-, प्रतिवादी भरत राज कोइरालालाई रू. २,४६,१५,१६०।५८, रूद्रप्रसाद भट्टराईलाई रू६४, ५६, ६९३/५०, प्र. मोती उप्रेतीलाई रू. ८७,३८,२४८।५४, प्र. कृष्णप्रसाद लुईटेललाई रू. १,६२,००,३७८।७५, प्र. एपाची ग्राउण्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रनलाई जनही रू. ७३,०३,६३६।९५ जरिवाना हुने, त्यस्तै सोही ऐनको दफा ७(२) र २९(२) बमोजिम कसुरको मात्रा अनुसार प्र. शेरबहादुर थापालाई २ वर्ष कैद र रू. ५०००।- जरिवाना, प्र. अम्बरबहादुर खड्का, उत्तमकुमार नेपाल र पुरूषोत्तमप्रसाद श्रेष्ठलाई जनही १ वर्ष कैद र रू. ५०००।- जरिवाना, प्र. शशी किरण श्रेष्ठ, महन्तबहादुर महर्जनलाई जनही ६ महिना कैद र रू. ५०००।- जरिवाना, प्र. कृष्णबहादुर कारन्जित, विष्णुराम श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, नरेन्द्र मेहर श्रेष्ठ, रोशनमान जोशी, सवललाल सिंह, पदमकुमार प्रधान, प्रदिपकुमार चापागाई, नरेन्द्रराज भट्टराई र डा. हरिवंश झालाई जनही रू. ५०००।– जरिवाना, उक्त ऐनको दफा ७(१) र २९(२) बमोजिम प्र. केशवलाल श्रेष्ठलाई रू.

५०००।- जरिवाना र उक्त ऐनको दफा ८ तथा २९(२) बमोजिम प्र. टेकनाथ चम्लागाईलाई रू. ५०००।– जरिवाना र सोही ऐनको दफा १६(क) अनुसार प्र. इन्दिरा गुरूङलाई दफा ७(२) बमोजिम रू. २५००।– जरिवाना हुने ठहर्‍याएको फैसला मिलेकै देखियो।

७६. नेपाल बैंक लि. लाई हानि नोक्सानी पुर्‍याएको बिगोको हकमा अभियोगको पेटवोली र अभियोग खण्डमा फरक परेको कुरासमेतको विवेचना गर्दा जम्मा बिगो रू. २०,८९,२५,७३८।१७ कायम गरी सोमध्ये राधिका ह्याण्डिक्राफ्टतर्फको रू. ३,८७,७०,२१७।४७ प्रतिवादी लक्ष्मीप्रसाद आचार्यबाट, रोशन ह्याण्डिक्राफ्टतर्फको रू. ९९,९९,१३८।– प्रतिवादी लक्ष्मीप्रसाद आचार्य, अच्युतप्रसाद रिजाल र चिरन्जीवी आचार्यबाट, बागमती उनी धागो कताई उद्योग प्रा.लि. तर्फको रू.५,६७,६२,६१८।२९ प्रतिवादी लक्ष्मीप्रसाद आचार्य, भरतराज कोइराला र अच्युत प्रसाद रिजालबाट, अपिनप्पा कार्पेट र मेची ह्याण्डिक्राफ्ट तर्फको क्रमशः रू. १६,०२,०७५।०४ र रू. ९७,८६,५००।– प्रतिवादी लक्ष्मीप्रसाद आचार्य र भरतराज कोइरालाबाट, आर.पी. कार्पेटतर्फको रू. १,२९,१३,३८७।– प्रतिवादी लक्ष्मीप्रसाद आचार्य र रूद्रप्रसाद भट्टराईबाट, बागमती ओरिएण्टल टिपिकतर्फको रू. १,७४,७६,४९७।०९ प्रतिवादी लक्ष्मीप्रसाद आचार्य र मोती उप्रेतीबाट, बागमती एपरल्सतर्फको रू. ३,२४,००,७५७।४९ प्रतिवादी लक्ष्मीप्रसाद आचार्य र कृष्णप्रसाद लुईटेलबाट र कटन रिच प्रा.लि. तर्फको रू. २,९२,१४,५४७।७९ प्रतिवादी लक्ष्मी आचार्य, एपाची गाउण्डर चन्दन, पद्मावती चन्दन र पुलिकल रविन्द्रनबाट दामासाहीका दरले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(१) बमोजिम नेपाल बैंक लिमिटेडलाई भराई दिने र सो गर्दा हालसम्म जेथा लिलाम गरी प्राप्त गरेको रकम बिगोमा कटाई बाँकी असुलउपर गर्नु, यी प्रतिवादीहरूबाट असुल हुन नसकेमा सो असुल हुन नसकेको हदसम्मको बिगो गैरकानूनी कर्जा प्रवाह गर्दा मुख्य जिम्मेवार देखिएका व्यक्ति प्रतिवादी शेरबहादुर थापाबाट उक्त ऐनको दफा २९(१) बमोजिम नेपाल बैंक लि. लाई भराई दिने ठहर्‍याएको विशेष अदालतको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ।

**७७. प्रतिवादी डा.प्रफुल्लकुमार काफ्ले, डा.विश्वम्भर प्याकुरेल, मुकुन्दप्रसाद अर्याल, झरेन्द्र शमशेर जबरा, गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, भवनाथ उपाध्याय, दिव्यकुमार अधिकारी, सुरेशकुमार न्यौपाने, तीर्थराम श्रेष्ठ, पूर्णराम शर्मा दवाडी, एस.पी. श्रेष्ठ, प्रयागराज रंजित, शैलेन्द्रकुमार शाक्य, पुरूषोत्तम मल्ल, रामप्रसाद पाण्डे, माला खड्का र चुम्बकबहादुर बुढाथोकीको** हकमा मिसिल संलग्न सबुद प्रमाणबाट निजहरूले उजुरी प्रतिवेदन मागदाबीबमोजिमको कसुर गरेको पुष्टि हुन सकेन। तसर्थ निजहरूले आरोपित कसुर गरेको नठहरी सफाई पाउने ठहर्‍याएको विशेष अदालतको उक्त मितिको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ।

**७८. प्रतिवादी सरस्वती थापा, कालिका खड्का (आचार्य), भक्ति उप्रेती, भरतराज कोइराला र लक्ष्मीप्रसाद आचार्यको हकमा** भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसुरमा दफा १६ग बमोजिम सम्पत्ति जफत गरिपाउँ भन्ने उजुरी प्रतिवेदन मागदाबी नपुग्ने ठहर्‍याएको हकमा समेत विशेष अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।

**७९. प्र. रजनीलोचन प्रसाद तण्डुकारको हकमा** कसुरदार कायम गरेको विशेष अदालतको फैसला मिलेको देखिए पनि निजको मृत्यु भइसकेकोले मुलुकी ऐन, दण्ड सजायको ३ नं. बमोजिम सजाय गर्नुपरेन।

**८०. प्रतिवादी अच्युतप्रसाद रिजालको हकमा** जरिवानातर्फको विशेष अदालतको २०६२।७।१३ को लगत कायम राख्नु परेन। बिगोको

हकमा विशेष अदालतबाट मिति २०६८।५।६ मा भएको फैसलामा प्रतिवादी अच्युतप्रसाद रिजाल र चिरन्जीवी आचार्यसमेत दुई जना साझेदार भएको रोशन ह्याण्डीक्राफ्टको अभियोग पत्रमा कायम गरेको बिगो रू. ९९,९९,१३८/- को २ भागको १ भागमा पर्ने रू. ४९,९९,५६९/- र यी प्रतिवादी अच्युतप्रसाद रिजाल, लक्ष्मीप्रसाद आचार्य र भरतराज कोइरालासमेत साझेदार रहेको बाग्मती उनी धागो कताई उद्योग प्रा.लि. को बिगो रू. ५,६७,६२,६१८।२९ को ३ भागको १ भागमा पर्ने रू. १,८९,२० ८७२/७समेत जम्मा रू. २,३९,२०,४४१।७७ (अक्षरेपी दुई करोड उनान्चालिस लाख बीस हजार चार सय एकचालिस रूपैयाँ सतहत्तर पैसा) नेपाल बैंक लिमिटेडले प्रतिवादी अच्युतप्रसाद रिजालबाट तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ बमोजिम भराई पाउने ठहरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरू र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत : शकुन्तला कार्की
इति संवत् २०७३ साल कार्तिक २२ गते रोज २ शुभम् ।

## निर्णय नं. ९७९९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७३।११।२३
०६५-CI-०१८०

मुद्दाः निर्णय दर्ता बदर दर्ता

पुनरावेदक / वादी : राजेन्द्र प्रसाद पण्डित
विरूद्ध
प्रत्यर्थी / प्रतिवादी : टिपाल्जोर लामा

- **फैसलाअनुसार भएको कार्यान्वयनको कार्यले फैसलालाई विस्थापित गर्न परिवर्तन गर्न सक्तैन, मिल्दैन । फैसलाअनुसार भएको कार्यान्वयनले फैसलाको मूल ठहर खण्डलाई संशोधन गर्न पनि नसक्ने ।**
- **फैसलाको ठहर खण्ड यथावत् रहिरहने तर सो फैसलाबमोजिम कार्यान्वयन भएको कार्य बदर हुने हो भने त्यस्तो कार्यान्वयनले फैसलालाई नै परिवर्तन गर्न पुग्दछ जुन हाम्रो न्यायिक पद्वति प्रणालीविपरीत हुने हुन्छ । अतः अन्तिम भई रहेको फैसला कहीँकतैबाट बदर हुन नसकेको स्थितिमा सो फैसलाअनुसार भएको कार्यान्वयनको पाटोलाई मात्र बदर गर्न सैद्धान्तिकरूपबाट नै मिल्ने नदेखिने ।**

**(प्रकरण नं.८)**

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता गुणनिधि न्यौपाने, विद्वान् अधिवक्ताहरू खगेन्द्र



सर्वोच्च अदालत

प्रसाद अधिकारी, विश्वप्रकाश सिग्देल र मुरारी सापकोटा

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता नारायणबल्लभ पन्त र अधिवक्ता जगदीशचन्द्र पाण्डे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

माननीय जिल्ला न्या.श्री केदारप्रसाद चालिसे

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्या. श्री अलि अकबर मिकरानी

माननीय न्या. श्री जगदिश शर्मा पौडेल

फैसला

**न्या. विश्वम्भरप्रसाद श्रेष्ठ :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)बमोजिम दर्ता भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छ :-

विपक्षीमध्येका पाल्साङ छिरिङ लामाबाट मालपोत कार्यालय, काठमाडौंबाट र.नं. ७५९७ मिति २०४४।२।१३ मा पारित हालैको बकसपत्रका आधारमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २ (ख) कि.नं. ६६० को क्षे.फ. १-१०-२ को पूरा जग्गा हक प्राप्त गरी आएको थियो। हाल कित्ता फोड भई कायम भएको उक्त कि.नं. ६६० को मूल कित्ता नं. १६९ को क्षे.फ. ५-३-२समेत साबिकमा विपक्षी राजेन्द्र पण्डितकी आमा मिठु देवीबाट मेरा परदाता छेचु लामाले मिति २०३४।६।२ मा पारित राजीनामाको लिखतबाट प्राप्त गरेपश्चात मिति २०४२।९।७ मा दिने छेचु लामा लिने पाल्साङ छिरिङ लामा भएको पारित राजीनामा लिखतबाट उक्त कि.नं. १६९ मध्ये पूर्व उत्तर तर्फबाट क्षे.फ. १-१०-२ कित्ताबाट भई मेरा दाता पाल्साङ छिरिङका नाउँमा दर्ता कायम भई सो कित्ता पूरै पाल्साङ छिरिङ लामाबाट मिति २०४४।२।१३ मा मैले हालैदेखिको बकसपत्र गरेपश्चात् मेरो स्वामित्वमा आएको हो । मिठुदेवी पण्डितले छेचु लामालाई गरी दिएको मिति २०३४।६।२ को लिखतको सम्बन्धमा नाबालक राजेन्द्रप्रसाद पण्डितको हकमा ईश्वरी पण्डितले दिएको मुद्दामा तहतह हुँदै सर्वोच्च अदालतबाट आधा लिखत सदर कायम रही आधामा राजेन्द्रप्रसाद पण्डितको हक कायम हुन गएको छ। सो मुद्दा चलिरहकै क्रममा छेचु लामाले उक्त जग्गामध्ये १-१०-२ जग्गा पाल्साङ छिरिङ लामालाई मिति २०४२।९।७ मा राजीनामा गरिदिएपश्चात् निजबाट मैले मिति २०४४।१।१३ मा हालैको बकसपत्र पास गराई लिएकोमा राजेन्द्रप्रसाद पण्डितले पाल्साङ छिरिङ लामासमेतलाई प्रतिवादी बनाई देवानी दायरी नं. २००० र म वादी टिपाल्जोर लामालाई समेतलाई प्रतिवादी बनाई देवानी दायरी नं. २००२ को लिखत दर्ता बदर मुद्दा काठमाडौं जिल्ला अदालतमा दिएका थिए। सोकाठमाडौं जिल्ला अदालतबाट मिति २०५२।८।७ मा देवानी दायरी नं. २००० मा दाबीको लिखत र दर्ता आधा बदर हुने ठहरी फैसला भएको छ भने देवानी दायरी नं. २००२ मा लिखत र दर्ता बदर हुने फैसला भई अन्तिम भएर रहेको छ। सो मूल फैसलाअनुरूप वादीको हक जति आधा नै बदर भएको मान्नु पर्ने स्पष्ट छ। यसरी मेरो नाममा नैं दर्ता स्रेस्ता रहेको उक्त कि.नं. ६६० को क्षे.फ. १-१०-२ मा आधाभन्दा बढीमा राजेन्द्र प्रसाद पण्डितको हकै नभएको अवस्थामा उक्त कित्ता पूरै जग्गा निज राजेन्द्र पण्डितले आफ्नो नाममा दाखेल खारेज गरेको मालपोत कार्यालय काठमाडौंको मिति २०५२।११।१० को निर्णयबाट देखिएकोले उक्त निर्णय बदर गरी सो कि.नं. ६६० मध्येबाट आधा कित्ता जग्गाको पूर्ववत् मेरा नाममा कायम राखी पाउँ भन्नेसमेत व्यहोराको टिपाल्जोर लामाको फिराद दाबी।

वादी दाबीका कि.नं. ६६० को जग्गा मुद्दा पर्दा पर्दैको अवस्थामा वादी टिल्पाजोर लामाले पाल्साङ छिरिङ लामाबाट मिति २०४४।२।१३ मा र.नं. ५७९७ बाट बकसपत्र गरी लिनु भएको हो । सो बकसपत्र लिएउपर मैले लिखत दर्ता बदर मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर गरी सो मुद्दामा पाल्साङ छिरिङ र टिल्पाजोर लामाले सुरू म्यादै गुजारी बसेकोमा लिखत बदर हुने ठहरी मिति २०५२।८।७ मा फैसला भएको छ। विपक्षी टिल्पाजोर लामाले मसमेतलाई विपक्षी बनाई यसै जग्गा सम्बन्धमा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकोमा मिति २०५२।३।३१ मा रिट खारेज भएको छ। विपक्षी टिल्पाजोर लामा कहिले आधा जग्गा दर्ता गरिपाउँ भनी अदालतमा जानुहुन्छ भने कहिले पूरै जग्गा दर्ता गरिपाउँ भन्नु हुन्छ । उक्त फैसलाबाट वादीको हक आघात भएको भएको कानूनले तोकेको हदम्यादभित्र नालेस गर्नुपर्नेमा सो गरेको देखिँदैन । काठमाडौं जिल्ला अदालतबाट उल्लिखित मितिमा भएको फैसलालाई वादीले एकातिर राखेर अहिले आएर ७/८ वर्षपछि प्रस्तुत फिराद गरेको देखिएकोले वादीको प्रस्तुत फिराद मुलुकी ऐन अ.बं. ८२, ८५, र २०८ नं. विपरीत भएकोले खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको राजेन्द्रप्रसाद पण्डितको प्रतिउत्तर जिकिर।

विपक्षीलाई मैले मालपोत कार्यालय, काठमाडौं मार्फत र.नं. ७५९७ मिति २०४४।२।१३ मा हालै देखिको बकसपत्रका आधारमा वादी दाबीको कि.नं. ६६० को जग्गाको हक हस्तान्तरण गरेको हो। उक्त जग्गा मैले छेचु लामाबाट मूल कित्ता नं. १६९ को जग्गामध्ये पूर्व उत्तरबाट १-१०-२ कित्ताकाट गरी प्राप्त गरेको हुँ । नाबालक राजेन्द्र पण्डितको हकमा ईश्वरी पण्डितद्वारा फिराद परी तहतह सोउपर इन्साफ हुदै जाँदा सर्वोच्च अदालत पूर्ण इजलासबाट मिति २०५०।१।३ मा भएको अन्तिम फैसलाले मिठु देवीले बिक्री गरेको घर जग्गा आधा लिखत सदर कायम रही आधा लिखित बदर भएको अवस्थामा २०५२ सालको देवानी दायरी नं. २००२ को लिखत दर्ता बदर मुद्दा पनि सोही आधारमा आधासम्म बदर हुने हो । मूल फैसलाले आधाको हक प्रदान गरेकोमा मालपोत कार्यालयबाट कि.नं. ६६०को पूरै जग्गा राजेन्द्र प्रसाद पण्डितको हुन सक्दैन भन्नेसमेत व्यहोराको पाल्साङ छिरिङ लामाको प्रतिउत्तर जिकिर।

प्रतिवादी राजेन्द्र प्रसादले मूल लिखतबाट हक प्राप्त गरेको जग्गाहरूको क्षेत्रफलको आधारमा सर्वोच्च अदालतको अन्तिम फैसलापश्चात् आफ्नो नाउँमा दाखिल दर्ता गराई सकेपश्चात् यी वादीले मुद्दा चल्दा चल्दैको अवस्थामा गराई लिएको लिखतको सम्पूर्ण लिखत दर्ता बदर हुने आसयको यी वादीका उपर प्रतिवादी राजेन्द्र प्रसादले दायर गरेको लिखत दर्ता बदर मुद्दामा भएको मिति २०५२।८।७ को फैसला र अदालतको जनाउ पुर्जीबाट वादीको नाउँको सम्पूर्ण जग्गाको लिखत र दर्ता बदर गर्ने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५२।११।१० मा निर्णय भएबाट वादीका हकमा प्रत्यक्ष असर परेको देखिएको छ । वादी पक्षबाट मिति २०५२।८।७ को फैसलाको विरूद्धमा दाबी लिएको देखिएको छैन। यस अदालतबाट मिति २०५२।८।७ मा भएको फैसलालाई यसै अदालतबाटै असर पर्ने गरी प्रस्तुत दाबीको विषयमा निर्णय गर्न सान्दर्भिक देखिन नआएकोले वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६२।३।६ मा भएको फैसला।

वादीकी आमा मिठू देवीले मिति २०६४।६।२ मा छेन्चु लामालाई गरिदिएका लिखतमध्येबाट निजको हक जति आधा अर्थात् क्षेत्रफल ४-७-१-२ जग्गा मात्र निजले पाउने र सोबमोजिमको जग्गा मिति २०५१।१२।१७ मा नै निजले दाखेल खारेज गरी लिइसकेको अवस्थामा पुनः मिति २०५२।११।१० मा कि.नं. ६६० बाट क्षे.फ. १-१०-२-०समेत पुरै

निजले पाउने गरी दाखेल खारेज भएको निर्णय निजले पाउनेभन्दा बढी लिएको अवस्था विद्यमान रहेको र यथार्थमा कि.नं. ६६० को पूरै जग्गा बढी भएपनि लेनदेन व्यहोराको १० नं. ले आधासम्म निजकै हकमा छोडी आधाको हकसम्म उक्त दाखिल खारेज गरेको निर्णय बदर गरिपाउँ भनी लिएकोमा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६२।३।६ को उक्त फैसला उल्टी गरी फिराद दाबीबमोजिम मालपोत कार्यालय काठमाडौंको मिति २०५२।११।१० को दाखेल खारेज निर्णय कि.नं. ६६० को क्षे.फ. १-१०-२-० मध्ये आधाको हकसम्म बदर गरी सो कित्तामध्येबाट आधा जग्गाको दर्ता पूर्ववत् मेरो नाममा कायम रहेन कायम गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक वादीको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

यीनै वादी प्रतिवादी भई चलेको दा.खा. दर्ता मुद्दा मिति २०५२।८।७ मा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाको ठहर खण्डमा उल्लिखित सम्मानित सर्वोच्च अदालत एकल इजलासबाट मिति २०५०।१।३० को फैसलाको र लिखत बदर मुद्दा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०५८।८।७ मा फैसला भएको र यस अदालतबाट मिति २०५४।१।१५ मा सदर भएको फैसलासहितको मिसिल सम्बन्धित अदालतबाट झिकाई साथै राखी पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।६।२ मा भएको आदेश।

यसमा पुनरावेदन साथ संलग्न रहेको संवत् २०४६ सालको दे.पु.३ नं. ५३१ को यीनै राजेन्द्रप्रसाद पण्डितको संरक्षक भई ईश्वरी देवी पण्डितले दायर गरेको लिखत बदर मुद्दामा सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०५०।१।३ मा भएको फैसलाले प्रतिवादी मिठू देवी आधा सम्पत्तिको हक लाग्ने अंशियार भएको र निजले कानूनबमोजिम आफ्नो हक लाग्ने सम्पत्ति बेचबिखन गर्न पाउने नै हुँदा निजले बिक्री गरेको घर जग्गा आफ्नो आधा लिखत सदर कायम रहन सक्ने हुँदा बाँकी आधा हिस्सा लिखत बदर गर्ने गरेको मध्यमाञ्चल क्षेत्रीय अदालतको मिति २०४४।८।२१ इन्साफ मनासिब ठहर्छ भनी फैसला भएको देखिँदा आधी लिखत बदर नभई कायम रहेको अवस्थामा पूरै जग्गा राजेन्द्रप्रसाद पण्डितको नाममा दर्ता गर्ने मालपोत कार्यालयको निर्णय आधाको हकमा बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराई भएको काठमाडौं जिल्ला अदालतको फैसला फरक पर्ने देखिँदा प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६४।३।२८ को आदेश।

यसमा विपक्षीमध्येका पाल्साङ छिरिङ लामाका नाममा जारी भएको म्याद मिति २०६४।५।२३ मा बिजुलीको खम्बामा टाँस गरी बेपत्ते तामेल भई आएको देखिँदा उक्त म्याद बदर गरीदिएको छ। अब पुनरावेदकसँग निजको अरू कुनै वतन भए खुलाउन लगाई खुलाई दिए खुलाएको वतनमा र अर्को वतन खुलाउन नसके आवश्यक परे पुनरावेदकको समेत सहयोग लिई लेखिएको वतनमा अ.बं. ११० नं. को रीत पुर्‍याई म्याद तामेल गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।९।१६ मा भएको आदेश।

प्रमाणमा आएको वादी नाबालक राजेन्द्र प्रसाद पण्डितको संरक्षक ईश्वरी देवी पण्डित प्रतिवादी छेन्चु लामा भएको लिखत बदर मुद्दा अध्ययन गर्दा मुद्दा कि.नं. १४३ र १६९ को जग्गाबाट आधा बदर हुने ठहराएको मध्यमाञ्चल क्षेत्रीय अदालतको फैसला सर्वोच्च अदालत पूर्ण इजलासबाट मिति २०५०।१।३।५ मा सदर हुने ठहरी फैसला भएको देखिन्छ । यस फैसलाबाट कि.नं. १४३ र १६९ को जग्गामध्ये आधा जग्गाको लिखत मात्र बदर भई आधा जग्गा मात्र वादीले पाउने हुन्छ । छेन्चु लामाले खरिद गरेको जग्गा निजले पाल्साङ छिरिङ लामालाई र पाल्साङ छिरिङ लामाले पुनरावेदक

टिपाल्जोर लामालाई बिक्री गरेकोमा काठमाडौं जिल्ला अदालतमा वादी राजेन्द्र कुमार पण्डित विपक्षी छेन्चु लामा र पाल्साङ छिरिङसमेत भएको १ थान मुद्दा र वादी राजेन्द्र कुमार पण्डित विपक्षी पाल्साङ छिरिङ र टिपाल्जोर लामासमेत भएको २ थान मुद्दा दायर गरेकोमा पहिलो मुद्दामा वादी दाबीको जग्गामध्ये आधा बदर हुने ठहर्छ र पुनरावेदक प्रतिवादी भएको मुद्दामा बदर हुने ठहर्छ भनी फैसला भएबाट मूल मुद्दाबाट वादी राजेन्द्र कुमार पण्डितको दाबीबमोजिम आधा जग्गाको लिखत बदर हुने ठहरी फैसला भएको आधारबाट सुरू काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसलाबाट आधा जग्गा फैसला भएको मान्नुपर्छ। वादी दाबीबमोजिम कि.नं. ६६० को आधा जग्गाको निर्णय दर्ता बदर गरी वादीको नाममा दर्ता हुने ठहर गर्नुपर्नेमा वादी दाबी नपुग्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६२।३।६ मा भएको फैसला उल्टी हुन्छ । वादी दाबीबमोजिम कि.नं. ६६० को जग्गाको आधा जग्गा वादीको नाममा दर्ता कायम हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०७१।७।२३ को फैसला।

वादीले आफूउपर उक्त मि.नं. २००२ को लिखत दर्ता बदर मुद्दा परेको छ भनी थाहा पाइसकेको कुरालाई लुकाई त्यसको ७-८ वर्षपछि दाबी गरेको प्रस्तुत मुद्दामा अनन्त कालसम्म मुद्दा दायर गर्ने हदम्याद विपक्षी वादीलाई हुँदैन । जहाँसम्म वादी राजेन्द्रप्रसाद पण्डितको हकमा ईश्वरी देवी पण्डित र प्रतिवादी छेचु लामा भएको लिखत बदर मुद्दामा राजेन्द्र प्रसादको हकमा आधा लिखत मात्र बदर भएको भन्ने आधारमा प्रस्तुत मुद्दामा पनि सोहीबमोजिम उल्लिखित कि.नं. ६६० को आधा जग्गाको निर्णय दर्ता बदर हुने भनी पुनरावेदन अदालत, पाटन ललितपुरबाट फैसला भएको छ। सो प्रस्तुत मुद्दामा लाग्न सक्दैन। किनभने एकातिर उक्त मुद्दामा विपक्षी वादी टिपाल्जोर लामा पक्ष विपक्ष केही नभएका र त्यसपछिका उल्लिखित विभिन्न मुद्दाहरू तथा रिट निवेदनमा पनि विपक्षीको दाबी नपुग्ने गरी अन्तिम फैसला भइसकेको स्थितिमा उक्त मुद्दामा भएको फैसला प्रस्तुत मुद्दामा लाग्न सक्दैन। त्यसमा पनि विपक्षी टिपाल्जोर लामाको दाता पासाङ छिरिङ लामाले छेचु लामासँग र.नं. ४६८० मिति २०४२।८।७ मा खरिद गरी लिएकोमा उक्त कि.नं. ६६०समेतको जग्गको लिखतलाई नै काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसलाले जालसाजी घोषित गरी विपक्षी पाल्साङ छिरिङ लामा र छेचु लामालाई किर्ते कागजको १० नं. बमोजिम दण्ड, जरिवानासमेत भएकोमा सोउपर विपक्षी पाल्साङ छिरिङ लामाले पुनरावेदन अदालत, पाटन ललितपुरमा पुनरावेदन गर्दा सो अदालतबाट समेत काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसलालाई नै सदर गरिएको छ। यस सम्बन्धमा जालसाजी ठहरिएको लिखत समुचा वा आंशिकरूपमा पनि सदर कायम राख्न नमिल्ने भनी यस अदालतबाट नजिर प्रतिपादित सिद्धान्त भएको छ । तसर्थ पुनरावेदन अदालत, पाटनले गरेको फैसलालाई उल्टी गरी काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६२।३।६ को फैसलालाई सदर कायम गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजेन्द्रप्रसाद पण्डितको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा कि.नं. ६६० को ज.रो. १-१०-२ जग्गाको लिखत र प्रतिवादीको दर्तासमेत बदर हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसला अन्तिम भई बसेको देखियो । यस्तो अवस्थामा कि.नं. ६६० को आधा जग्गाको निर्णय दर्ता बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६५।३।१३ को फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतबाट भएको मिति २०७०।१०।२८ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी

इजलासससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकको तर्फबाट उपस्थित रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री गुणनिधि न्यौपाने, विद्वान् अधिवक्ताहरू श्री खगेन्द्र प्रसाद अधिकारी, श्री विश्वप्रकाश सिग्देल र श्री मुरारी सापकोटाले वादी टिपाल्जोर लामाले पाल्साङ छिरिङ लामाबाट कि.नं. ६६० को १-१०-२-० जग्गा बकसपत्र गरी लिनु भएकोमा सोउपर यस मुद्दाका प्रतिवादी राजेन्द्र पण्डितले काठमाडौं जिल्ला अदालतमा लिखत दर्ता बदर दर्ता मुद्दा दायर गरेकोमा लिखत बदर हुने ठहरी मिति २०५२।८।७ मा भएको फैसला अन्तिम भई बसेको अवस्थामा सोलाई अन्देखा गरी पुनरावेदन अदालत, पाटनबाट भएको प्रस्तुत फैसला त्रुटिपूर्ण छ । सो फैसलाउपर फैसला भएको मितिले ६ महिनाभित्र थाहा पाएको मितिले ३५ दिनभित्र सोही अदालतमा जानुपर्नेमा वादी पक्ष ७/८ वर्ष पछि प्रस्तुत मुद्दा दिएकोले हदम्यादको आधारमा वादी दाबी खारेज हुने गरी भएको काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरेको पुनरावेदन अदालत, पाटनको फैसला उल्टी गरी जिल्ला अदालतको फैसला सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी वादी टिपाल्जोर लामाका तर्फबाट उपस्थित रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री नारायण बल्लभ पन्त र अधिवक्ता श्री जगदीशचन्द्र पाण्डेले मिठुदेवीले मिति २०३४।६।२ मा छेचु लामालाई गरिदिएको लिखतमध्येबाट निजको हक जति ४-७-१-२ जग्गा मात्र निजले पाउने र सोबमोजिमको जग्गा मिति २०५१।१२।१७ मा नै निजले दा.खा. गरी लिइसकेको अवस्थामा पुनः मिति २०५२।११।१० मा कि.नं. ६६० बाट १-१०-२-० जग्गासमेत पूरै निजले पाउने गरी भएको दा.खा. निर्णयबाट निजले पाउनेभन्दा बढी जग्गा लिएको अवस्था विद्यमान रहेको छ। काठमाडौं जिल्ला अदालतमा वादी राजेन्द्र पण्डित प्रतिवादी छेन्चु लामा र पाल्साङ छिरिङसमेत भएको १ थान मुद्दा र वादी राजेन्द्र पण्डित प्रतिवादी पाल्साङ छिरिङ र टिपाल्जोर लामासमेत भएको दुई थान मुद्दा दायर गरेकोमा पहिलो मुद्दामा वादी दाबीको जग्गामध्ये आधा बदर हुने ठहरी र टिपाल्जोर लामा प्रतिवादी भएको मुद्दामा बदर हुने ठहरी फैसला भएकोले मूल मुद्दाबाट राजेन्द्र पण्डितको दाबीबमोजिम आधा जग्गाको लिखत बदर हुने ठहरी फैसला भएको आधारबाट काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसलाबाट आधा जग्गाको लिखत बदर भएको मान्नु पर्ने भएकोले पुनरावेदन अदालत, पाटनबाट भएको फैसला कानूनसम्मत हुँदा सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजहरूको अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, मालपोत कार्यालय काठमाडौंले काठमाडौं महानगरपालिका वडा नं. २२ (ख) कि.नं. १६९ बाट कित्ताकाट भई वादीका नाउमा पाल्साङ छिरिङ लामाबाट मिति २०४४।२।१३ मा हालैको बकसपत्रबाट प्राप्त भएको कि.नं. ६६० को १-१०-२-० जग्गा प्रतिवादीको नाउँमा पूरै दा.खा. दर्ता गर्ने गरेको निर्णय आधा जग्गाका हकमा निर्णय र दर्ता बदर गरिपाउँ भन्ने वादी दाबी भएकोमा मुलुकी ऐन अदालती बन्दोबस्तको ८५ नं. र २०८ नं. को कानूनी प्रश्न उठाई अदालतको फैसलाबमोजिम भएको निर्णय बदरमा लिएको फिराद दाबी खारेज हुनुपर्ने भनी प्रतिवादी राजेन्द्र पण्डितको प्रतिउत्तर जिकिर तथा कि.नं. ६६० को आफ्नो जग्गाको दर्ता बदर भएमा मेरो सहमती छ। सो कि.नं. ६६० को १-१०-२-० जग्गा प्रतिवादी राजेन्द्र पण्डितको हुनसक्दैन भनी प्रतिवादी पाल्साङ छिरिङ लामाको प्रतिउत्तर जिकिर रहेको छ।

काठमाडौं जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोमा सोउपर चित्त नबुझी वादीको पुनरावेदन परेकोमा पुनरावेदन अदालत, पाटनबाट काठमाडौं जिल्ला अदालतको फैसला उल्टी भई वादी दाबीबमोजिम कि.नं. ६६० को जग्गाको आधा जग्गा वादीका नाममा दर्ता कायम हुने ठहऱ्याई भएको फैसलाउपर प्रतिवादी राजेन्द्र प्रसाद पण्डितको यस अदालतमा पुनरावेदन परेको देखियो।

३. प्रतिवादी राजेन्द्र प्रसाद पण्डितको आमा मिठु देवीको नाउ दर्ताको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ (ख) को कि.नं. १६९ को ५-३-२ जग्गा मिति २०३४।६।२ मा छेचु लामाले राजीनामा पारित गराई लिएपश्चात् सोमध्ये १-१०-२ जग्गा मिति २०४२।९।७ मा छेचु लामाले पाल्साङ छिरिङ लामाको नाममा राजीनामा लिखत गरी दिँदा कित्ता काट भई कि.नं. ६६० कायम भएको देखिन्छ । प्रस्तुत मुद्दाको विवादको उक्त कि.नं. ६६० को जग्गा वादी टिपाल्जोर लामाले मिति २०४४।२।१३ मा पाल्साङ छिरिङ लामाबाट बकसपत्र गरी प्राप्त गरेको देखिन आयो । यसबाट विवादको कि.नं. ६६० को जग्गा साबिक कि.नं. १६९ भित्रको रहेकोमा विवाद भएन। कि.नं. १४३ र १६९ को जग्गा राजेन्द्रप्रसाद पण्डितकी आमा मिठु देवीले मिति २०३४।६।२ मा छेचु लामालाई राजीनामा पारित गरी दिएपश्चात् राजेन्द्रप्रसाद पण्डितको हकमा ईश्वरी देवी पण्डित वादी र छेचु लामासमेत प्रतिवादी भई लिखत बदर मुद्दा चलिरहेकै अवस्थामा छेचु लामाले उक्त कि.नं. १६९ को जग्गामध्ये १-१०-२ जग्गा पाल्साङ छिरिङ लामाको नाममा र पाल्साङ छिरिङ लामाले सोकायम कि.नं. ६६० को जग्गा मिति २०४४।२।१३ मा टिपाल्जोर लामाको नाममा हक हस्तान्तरण गरी सकेका थिए। उक्त मुद्दा तह तह हुँदै सर्वोच्च आदालतसम्म आई पुग्दा सर्वोच्च अदालत पूर्ण इजलासबाट मिति २०५०।१।३ मा फैसला हुँदा उक्त कि.नं. १४३ र १६९ को जग्गाको आधा लिखत बदर भई पुनरावेदक राजेन्द्र पण्डितको हक हुने गरी फैसला भएको देखिन्छ । सर्वोच्च अदालतको उक्त फैसलाअनुसार कि. नं. ६६० को जग्गा राजेन्द्रप्रसाद पण्डितको नाउँमा दाखिल खारेज गर्न मालपोत कार्यालय, काठमाडौंले मिति २०५१।६।४ मा निर्णय गरेकोमा सो निर्णयउपर पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेकोमा मिति २०५१।११।२ मा उक्त निर्णय सदर भएको छासो निर्णय बदर गर्न टिपाल्जोर लामाले सर्वोच्च अदालतमा २०५१ सालमा २६१३ नं.को रिट निवेदन दिएकोमा मिति २०५२।३।२१ मा उक्त रिट निवेदन खारेज भएको प्रमाणको रूपमा पेस भएको उक्त रिट निवेदनको मिसिलबाट देखिन्छ।

४. सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०५०।१।३ मा भएको फैसलाले साबिक कि.नं. १४३ र १६९ को जग्गाको आधा लिखत बदर भई पुनरावेदक राजेन्द्र पण्डितको नाउमा दर्ता हुने ठहर भएको छ । सो साबिक कित्ता नम्बरका जग्गाहरूको लिखतदर्ता बदरसमेतको मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा अन्य व्यक्तिहरूलाई तह तह बिक्री हक हस्तान्तरण गरिदिएको देखिन्छ । फलस्वरूप साबिक कि.नं. १६९ को जग्गाको कित्ता नम्बरहरू, क्षेत्रफल, निकाश बाटोसमेतमा जग्गाको आकृति प्रकृति मूल्याङ्कन फरक फरक हुनसक्ने स्थिति देखापरेको छ । सो कि.नं. १६९ बाट कित्ताकाट भई कायम भएको कि.नं. ६६० को जग्गा सर्वोच्च अदालतको पूर्ण इजलासको फैसलापश्चात् यी पुनरावेदक वादीको नाउमा दा.खा. गर्ने गरी मालपोत कार्यालयबाट मिति २०५१।६।४ मा निर्णय भइसकेको पनि देखियो। सो निर्णय बदर गर्न स्वयम् विपक्षी टिपाल्जोर लामाले यस अदालतमा रिट निवेदन दिएको र सो निवेदन खारेज हुने ठहरी ०५२ सालमा नै आदेश भइसकेको छ।

५. वस्तुतः कि.नं. ६६० को जग्गा पुनरावेदक राजेन्द्र पण्डितको नाउँमा दा.खा. हुने ठहरी २०५१

सालमा भइसकेको कार्यको बारेमा विपक्षी टिपाल्जोर लामालाई उसै बखत थाहा जानकारी भइसकेको देखिन्छ। वादीको नाउमा दर्ता हुने हक हुने सम्पत्तिलाई मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा तह तह बिक्री गर्दै कित्ताकाट गर्दै गएको कार्यको परिणामले २०५१ सालमा वादीको नाउँमा दर्ता हुने निर्णय भइसकेको स्थितिमा पनि अन्य लिखत बदरसमेतका मुद्दाको सिर्जना हुन गएको देखिन्छ।

६. पुनरावेदक वादीले विपक्षी प्रतिवादी टिपाल्जोर लामासमेत उपर दे.नं. २००२ नं. को लिखत बदर मुद्दा दिएकोमा मिति २०४४।२।१३ को पारित हालको बकसपत्रको लिखत वादी दाबीबमोजिम बदर भई वादीको नाउँमा दर्तासमेत हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट मिति २०५२।८।७ मा फैसला भएको रहेछ । वादीको नाउँमा २०५१ सालमा कि.नं. ६६० को जग्गा दर्ता हुने गरी मालपोत कार्यालयको निर्णय बदर गरिपाउँ भनी यीनै विपक्षी टिपाल्जोरले दिएको रिट निवेदन खारेज हुने ठहरी रहेको र प्रस्तुत लिखत बदर मुद्दा विपक्षी प्रतिवादीले प्रतिउत्तर नै नफिराई बसेको स्थितिमा दाबीबमोजिम लिखत बदर र दर्ता हुने ठहरी मिति २०५२।८।७ मा काठमाडौं जिल्ला अदालतबाट दे.नं. २००२ नं. लिखत बदर मुद्दामा भएको फैसला अन्तिम भई बसेको देखिन्छ। सो अन्तिम भएको फैसलाको कार्यान्वयनको लागि मिति २०५२।१०।२५ मा मालपोत कार्यालय, काठमाडौंलाई जनाउ दिएको पाइन्छ । सो अन्तिम भई बसेको फैसलाअनुसार कि.नं. ६६० जग्गा वादी राजेन्द्र पण्डितको नाउँमा मिति २०५२।११।१० मा दर्ता गर्ने मालपोत कार्यालयबाट निर्णय भएको रहेछ।

७. उक्त मिति २०५२।८।७ को फैसला कतैबाट बदर हुनसकेको देखिन नआई अन्तिम भई बसेको छ । अन्तिम भइरहेको फैसलाअनुसार कार्यान्वयन गर्ने कार्य मालपोत कार्यालयले २०५२ सालमा नै गरिसकेको छ । सोकार्यान्वयन गरेको मिलेन बदर गरिपाउँ भनी विपक्षी टिपाल्जोर लामाले प्रस्तुत फिराद २०५८।२।३ मा दर्ता गर्न ल्याएका छन् । २०५२।८।७ को उक्त फैसलाउपर विपक्षी वादी टिपाल्जोरले चुनौती दिई बदर गर्न सकेको छैन । फैसला अन्तिम भइरहने सोउपर चुनौती छैन तर सो फैसलाअनुसार भएको कार्यान्वयन मिलेन बदर गरिपाउँ भनी प्रस्तुत फिराद करिब ५ वर्षपछि पर्न आएको देखिँदा फैसला यथावत् रहेको स्थितिमा सो फैसलाअनुसार भएको कार्यान्वयनको कार्य मात्र बदर हुन सक्ने हुँदैन।

८. अदालतको फैसलाले हक बहेक छुट्याई जग्गाको दर्ता स्वामित्व कसको हुने हो भनी निर्धारण गर्दछ । त्यस्तो निर्धारण भएअनुसार नै सो फैसला कार्यान्वयन हुने हो । फैसला उपर चुनौती छैन । सो फैसलाअनुसार भएको कार्यान्वयन मात्र मिलेन बदर गरिपाउँ भनी परेको फिरादअनुसार गरिदिने हो भने फैसलामा उल्लिखित ठहरभन्दा पृथक कार्य गर्नुपर्ने अवस्था आई पर्दछ । अर्थात् फैसलाअनुसार भएको कार्यान्वयनको कार्यले फैसलालाई विस्थापित गर्न परिवर्तन गर्न सक्तैन, मिल्दैन। फैसलाअनुसार भएको कार्यान्वयनले फैसलाको मूल ठहर खण्डलाई संशोधन गर्न पनि सक्तैन । फैसलाको ठहर खण्ड यथावत् रहिरहने तर सो फैसलाबमोजिम कार्यान्वयन भएको कार्य बदर हुने हो भने त्यस्तो कार्यान्वयनले फैसलालाई नै परिवर्तन गर्न पुग्दछ जुन हाम्रो न्यायिक पद्धति प्रणालीविपरीत हुने हुन्छ । अतः अन्तिम भइरहेको फैसला कहीँकतैबाट बदर हुन नसकेको स्थितिमा सो फैसला अनुसार भएको कार्यान्वयनको पाटोलाई मात्र बदर गर्न सैद्धान्तिकरूपबाट नै मिल्ने देखिएन।

९. तसर्थ माथि उल्लिखित आधार कारण एवं प्रमाणबाट मिति २०५२।८।७ मा काठमाडौं जिल्ला अदालतबाट भएको फैसला बदरतर्फ वादी दाबी नभएको स्थितिमा फैसलाअनुसार भएको कार्यान्वयन बदर हुन नसक्ने भएकोले वादी दाबी

नपुग्ने ठहर गर्नु पर्नेमा कि.नं. ६६० को आधा जग्गाको निर्णय बदर गर्ने गरी मालपोत कार्यालय, काठमाडौंको मिति २०५२।११।१० को निर्णय बदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।३।१५ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने ठहर्‍याएको काठमाडौं जिल्ला अदालतको मिति २०६२।३।६ को फैसला सदर हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत: रामु शर्मा
इति संवत् २०७३ फाल्गुन २३ गते रोज २ शुभम् ।

## निर्णय नं. ९८००

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
फैसला मिति : २०७४।१।१७
०७३-RC-००२७

मुद्दा : हाडनाता जबरजस्ती करणी

पुनरावेदक / वादी : परिवर्तित नाम डी कुमारको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला कपिलवस्तु भलवाड गाउँ विकास समिति वडा नं.२ भलवाड बस्ने धनबहादुर दमाईको छोरा जीवन दमाई (परियार)

- **विभिन्न कलममा भएको कैद गणना गर्दा २० वर्ष वा सो भन्दा बढी हुनु र जन्मकैदको सजाय हुने ठहर हुनु एउटै कुरा होइन । खण्ड कायम गरी कैद गर्नु पर्दा वा जन्मकैद बापत कैद ठेक्नु पर्दा अपनाउने मापदण्डको रूपमा सम्म जन्मकैद बापत २० वर्ष कैद हुने भन्ने व्यवस्था गरिएको देखिन्छ । विभिन्न कलमको कैद गणना गर्दा २० वर्ष हुने भयो भन्ने कुरालाई नै जन्मकैद भन्नु तार्किक दृष्टिकोण नहुने ।**
- **प्रचलित नेपाल कानूनले सबैभन्दा बढी कैद तोक्नु पर्ने गम्भीर प्रकृतिको कसुरका लागि जन्मकैद हुने व्यवस्था गरेको देखिन्छ । यो एउटा कसुरमा हुने सजायको व्यवस्था हो । फरक फरक कसुरमा भएको सजाय अवधि गणना गर्दा २० वर्ष वा सो भन्दा बढी कैद हुने अवधि देखिँदैमा त्यसलाई जन्मकैदको सजाय भन्न नमिल्ने ।**
- **प्रतिवादीलाई जबरजस्ती करणी महलको ३(१) नं. ले १० वर्ष र हाडनाता करणीको महलको १ नं. ले थप १० वर्ष कैद गरेको अवस्था छ । यस अवस्थामा पुनरावेदनको माध्यमबाट नै इन्साफ परीक्षण हुन सक्तछ । तर प्रतिवादीले सुरू फैसला उपर पनि पुनरावेदन गरेको नदेखिई पुनरावेदन अदालतले साधकको रोहमा सुनुवाई गरेको पाइयो । यसपछि पुनः साधक जाहेर गरी यस अदालतमा पठाएको देखियो । यसरी पुनरावेदन अदालतको फैसला उपर साधक जाहेर गरी रहनु पर्ने र साधकको रोहबाट हेर्न मिल्ने देखिँदैन । यस विषयमा**

सर्वोच्च अदालत

**सम्बन्धित पक्ष (प्रतिवादी)ले नै पुनरावेदन गरेको हुन आवश्यक थियो। तर त्यसो गरेको पाइएन । तसर्थ प्रस्तुत मुद्दा साधकको रोहमा हेर्न नमिल्ने भएको र सम्बन्धित पक्षको पुनरावेदनसमेत परेको नदेखिँदा मुद्दाको तथ्यमा प्रवेश गरी ईन्साफ गर्न नमिल्ने।**

(प्रकरण नं.२)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता राजेन्द्र सिंह भण्डारी

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक अधिवक्ता नारायण देवकोटा

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- न्याय प्रशासन ऐन, २०७३ को दफा १०(२)

सुरू तहमा फैसला गर्नेः

माननीय न्या. श्री अच्युतप्रसाद भण्डारी

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री टीकाबहादुर हमाल

माननीय न्यायधीश श्री नीलम पौडेल

फैसला

**न्या. ईश्वरप्रसाद खतिवडा :** न्याय प्रशासन ऐन, २०७३ को दफा १० बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :–

आफ्नै ७ वर्षकी छोरीलाई करणी गरेको जानकारी प्राप्त हुन आएकोले निज जीवन परियारलाई फेलापारी पक्राउ गरी ल्याएको छु, कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्र.स.नि.राजेन्द्र प्रसाद चौधरीको प्रतिवेदन।

जिवन परियारको श्रीमती पोइला गएपछि निजको छोरी परिवर्तित नाम एम कुमारीलाई मैले रेखदेख गर्दै आएकोमा मिति २०७०।१२।२५ गतेका दिउसो नातिनी साथीहरूसँग खेल्न गएकोमा जीवन परियारले वोलाई झाडीमा लगी जबरजस्ती करणी गरेको कुरा नातिनी आत्तिदै आएपछि निजको साथिले सोध्दा बताएकी र अनु परियारले रगतसमेत धोई दिएकोले निजलाई कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम डि कुमारको जाहेरी दरखास्त।

जिल्ला कपिलवस्तु भलवाड गा.वि.स.वडा नं.२ स्थितमा रहेको नर्सरी भित्रको झाडीभित्र जीवन परियारले पीडित परिवर्तित नाम एम कुमारीलाई जबरजस्ती करणी गरेको स्थान रहेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का।

म उक्त वारदात मिति २०७०।१२।२५ मा घर नजिक जंगलमा साथीहरू वन्दना, अप्सरा, सुष्मा वि.क.समेत भई खेल्न गएकोमा नर्सरीमा काम गर्न गएका बुबाले बोलाएकोले गएकोमा बावुले झाडी भित्र लगी भुईमा पल्टाई मैले लगाएको कपडा माथि फर्काइ आफूले लगाएको कपडा खोली मेरो खुट्टा च्यापी मेरो पिसाब फेर्नेमा आफ्नो पिसाब फेर्नेले घोची जबरजस्ती पसाउनु भयो र दुख्यो भन्दा पनि नछाडी काम गरी सकेपछि कसैलाई भनेमा पिट्छु भनि छाडेका र म घरतर्फ फर्की रगत लागेको धुन धारामा जाँदा सृजना खनालसमेत भेट भई निजलाई उक्त कुरा बताएको र अनु परियारले कपडा पखाली दिनु भएको हो भन्नेसमेत व्यहोराको पीडित परिवर्तित नाम एम कुमारीले गरेको कागज।

परिर्विर्तत नाम एम कुमारीको शारीरीक परिक्षण प्रतिवेदनमा No sign of struggle like abrasion,contusion & bite mark are present र Hyem rupture भएको भन्नेसमेतको परिवर्तित नाम एम कुमारीको शारीरीक परिक्षण प्रतिवेदन।

प्रतिवादी जीवन परियारको शारीरिक परिक्षण प्रतिवेदनमा निजले करणी गरेको पाइँदैन । निजको

लिंगबाट विर्य स्खलन भएको पाइँदैन, लिंगको वरिपरी योनि रस लागेको पाइँदैन, संर्घषका संकेतहरू पाइँदैन भन्नेसमेत व्यहोराको प्रतिवादी जीवन परियारको शारीरिक परिक्षण प्रतिवेदन।

मेरो श्रीमती पोइला गएपछि मेरो सानो छोरी परिवर्तित नाम एम कुमारीलाई मेरो बुबाले रेखदेख गर्दै आउनु भएकोमा कहिलेकाहीँ मसँगसमेत बस्दै आएकोमा उक्त वारदात मितिका दिन दिउँसो खोलातिर काम गर्न जाँदै गर्दा छोरीलाई केटाकेटीसँग खेल्दै गरेको देखी बोलाई केही पर लगी घर जानु भनी काममा गएको हुँ, करणी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी जीवन परियारको बयान।

परिवर्तित नाम एम कुमारी र हामीसमेत गाउँ नजिकैको नर्सरीमा खेली रहेकोमा निजको बुबा हामी भएको ठाउँमा आई एम कुमारीलाई बोलाई जंगलतर्फ लैजानु भएकोमा केही बेरपछि निज रातो पिरो हुँदै आएकोले सोध्दा बुबाले मेरो पिसाब फेर्नेमा आफ्नो पिसाब फर्नेले घोची छिराएकोले दुखेको छ भनी बताएकी थिइन् भन्नेसमेत व्यहोराको बुझिएका अप्सरा सुनार, सृजना खनाल, सुष्मा परियार र बन्दना लोहार बि.क.ले गरेको झण्डै एकै मिलानको पृथक पृथक कागज।

परिवर्तित नाम एम कुमारीलाई आफ्नै बाबु प्रतिवादी जीवन परीयारले जबरजस्ती करणी गरेको थाहा पाएको भन्नेसमेत व्यहोराको बुझिएका सन्त बहादुर सुनारले गरेको कागज।

परिवर्तित नाम एम कुमारीलाई आफ्नै बाबुले जबरजस्ती करणी गरेको थाहा पाई सो दिन रात परेकोले भोलिपल्ट मिति २०७०।१२।२६ गते गई हेर्दा साप्रा र कपडामा रगत लागेको देखी धोइ दिएकी हुँ भन्नेसमेत व्यहोराको बुझिएका अनु परियारले गरेको कागज।

परिवर्तित नाम एम कुमारीलाई आफ्नै बाबु प्रतिवादी जीवन परियारले जबरजस्ती करणी गरेको कुरा थाहा पाई गई पीडितलाई सोध्दा जबरजस्ती करणी गरेको बताएकी हुन् भन्नेसमेत व्यहोराको हर्क बहादुर वि.क., रोम बहादुर खत्री र कमल वेल्वासेले गरेको झण्डै एकै मिलानको पृथक पृथक वस्तुस्थिति मुचुल्का।

परिवर्तित नाम एम कुमारीको जन्म मिति २०६४।६।१० मा भएको भन्ने निजको जन्म दर्ता प्रमाण पत्र।

मिति २०७०।१२।२५ गतेको दिउसो नर्सरी वनमा खेलिरहेकी ६ वर्ष ६ महिना १५ दिनकी पीडित परिवर्तित नाम एम कुमारीलाई आफ्नै बाबु प्रतिवादी जीवन दमाई परियारले बोलाई नर्सरी भित्रको झाँडीमा लगी जबरजस्ती करणी गरी प्रतिवादी जीवन दमाई परियारले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं र ३ नं को देहाय (१) बमोजिमको कसुर अपराध गरेको प्रमाणित भएकोले निज प्रतिवादी जीवन दमाई परियारलाई उक्त ऐन, उक्त महलको ३ नं.को देहाय (१) बमोजिम सजाय हुन तथा प्रतिवादी जीवन दमाई परियारले आफ्नै छोरी परिवर्तित नाम एम कुमारीलाई जबरजस्ती करणी गरी निज प्रतिवादी जीवन दमाई परियारले जबरजस्ती करणीको महलको २ नं. बमोजिमको कसुर अपराध गरेको प्रमाणित भएकोले निज प्रतिवादी जीवन दमाई परियारलाई हाडनातामा करणी गर्नेको महलको १ नं. बमोजिम थप सजायसमेत हुन र पीडित परिवर्तित नाम एम कुमारीलाई प्रतिवादी जीवन दमाई परियारबाट जबरजस्ती करणी महलको १० नं.र १०ग. नं. बमोजिम मनासिब माफिकको क्षतिपूर्ति दिलाई भराई दिनसमेतको मागदाबी लिई पेस भएको अभियोग पत्र।

मिति २०७०।१२।२५ गते बिहान म बालुवा गिट्टी भर्नको लागि खोलामा गएको थिएँ। १२.०० बजे ट्याक्टर साहुको घरमा खाना खाई पुन: खोलामा बालुवा गिट्टी लोड गर्ने काम गरी साँझ ७ बजे घर फर्केको हुँ। मेरो श्रीमती २ वर्ष अगाडि पोइल गएपछि

मेरा २ सन्तान १ छोरा ८ वर्षको र १ छोरी ६ वर्षकी मसँगै बस्दै आएका छन् । मेरो घर र ससुराली घर नजिकै भएकोले मामा घर जाने आउने गर्दथे । त्यसदिन छोरा म घरमा, छोरी मामा घर गएकी थिइ । मैले मेरो छोरीलाई केही गरेको छैन । आफ्नो प्राणभन्दा प्यारी छोरीलाई त्यस्तो गलत कार्य गर्ने कुरा नै हुँदैन । मलाई रिसको बदला लिन मेरो सासुले मलाई फसाएकी हुन् । म निर्दोष हुँदा सफाई पाउनु पर्छ भन्ने प्रतिवादी जिवन दमाई परियारले सुरू अदालतमा गरेको बयान ।

म घरनजिकै रहेको बगैँचामा साथीसँग खेल्दै थिएँ । मेरो बाबाले बोलाउनु भयो । मलाई झाडीमा लानुभयो । मेरो र आफ्नो कट्टु खोली मात्तिनु भयो । त्यसपछि बाबा टेक्टर भएतिर जानु भयो म मावलीमा गए भन्नेसमेत व्यहोराको पीडित परिवर्तित नाम एम कुमारीले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०७१।१।१ गते प्रहरीमा गरेको कागजको सहीछाप मेरो हो । परिवर्तित नाम एम कुमारीको बुबाले नराम्रो काम गर्नुभयो भनी मलाई भनेकी थिइन् भन्नेसमेत व्यहोराको वादीका साक्षी सृजना खनालले सुरू अदालतमा गरेको बकपत्र ।

जीवन परियाले बलात्कार गरेछन् भनी नातीसमेतका बच्चाहरूबाट सुनेको हुँ । नातिनीको शारीरिक परीक्षण गराउने काममा आएको थिएँ भन्नेसमेत व्यहोराको जाहेरवाला परिवर्तित नाम डि कुमारले सुरू अदालतमा गरेको बकपत्र ।

आफ्नै बाबुले नराम्रो काम गरेछ भनेपछि मलाई थाहा भएको हो । निजले लगाएको कपडा अघिल्लो दिन धोइसकेका रहेछन् । मैले पनि हल्का दाग देखी धोइदिएको हुँ । गाउँका मानिसले प्रहरी बोलाई पिपरामा पीडित एम कुमारीलाई लगी गएका हुन् भन्नेसमेत व्यहोराको वादीका साक्षी अनु परियारले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादीले अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको भए तापनि अधिकार प्राप्त अधिकारीसमक्ष जबरजस्ती करणी गरेको हैन भनी वारदातस्थलमा आफू रहेको र छोरीसँग भेट भएको उल्लेख गरी बयान गरेका, जबरजस्ती करणी मुद्दामा वारदातको प्रमाणको पहिलो कडी मानिने पीडित एम कुमारी जसले आफ्नो बाबु यी प्रतिवादीले आफूलाई बोलाई झाडीभित्र लगी भुइँमा पल्टाई मैले लगाएको कपडा माथि फर्काई आफूले लगाएको कपडा खोली मेरो खुट्टा च्यापी मेरो पिसाब फेर्नेमा आफ्नो पिसाब फेर्नेले घोची जबरस्ती पसाउनु भयो र दुख्यो भन्दा पनि नछाडी काम गरी सकेपछि कसैलाई भनेमा पिट्छु भनि छाड्नु भएको श्रृजना खनालसँग बाटोमा भेट भई निजलाई सबै कुरा बताएकी र अनु परियारले कपडा पखाली दिनु भएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गरी अदालतसमक्ष बुबाले बोलाई आफूलाई झाडीमा लग्नु भई मेरो कट्टु खोल्नु भयो र आफ्नो कट्टुसमेत खोली मात्तिनु भयो भनी बयान गरेको पाइन्छ । पीडित ६ वर्ष की नाबालिकाले आफ्नो बाबुले आफ्नो इच्छाविपरीत हुने करणीमा आफ्नो सतित्व नष्ट गर्न लाग्नु भयो भनि बचाउको लागि हरसम्भव प्रयत्न गर्ने र विरोध गर्ने जस्ता कुराहरू गर्न सक्ने हुँदैन । एउटा अवोध बालिकाले आफूमाथि बाबुद्वारा भएको नृशंस एवम पासविक अपराधको जस्ताको तस्तै स्वभाविकरूपमा भनेको भनाईलाई अन्यथा भन्ने अवस्था पनि देखिँदैन । Victim ले बताएका कुराहरूलाई अन्यथा भन्न सकिने अवस्था छैन । Direct and original प्रमाणको रूपमा Victim ले बताएका कुरा प्रमाणमा लिनुपर्ने भन्ने प्रतिपादित नजिर (ने.का.प. २०६४ पेज ८६ नं. ७८१० राकेश कुमार सिंह हिमाली गोलेको जाहेरीले नेपाल सरकार मुद्दा जबरजस्ती करणी) समेतबाट देखिन्छ । यी प्रतिवादी जीवन परियारको श्रीमती पोइल गएपछि परिवर्तित नाम पीडित एम कुमारीलाई मैले रेखदेख गर्दै आएकोमा मिति २०७०।१२।२५ गते दिउँसो नातिनी साथीहरूसँग खेल्न गएको अवस्थामा निजका बाबु जीवन परियारले

बोलाई झाडीमा लगि जबरजस्ती करणी गरेको कुरा नातिनी आत्तिदै आएपछि निजको साथीले सोध्दा बताएकी र अनु परियारले रगतसमेत धोइ पखाली गरी दिएसमेतबाट यी प्रतिवादीलाई आवश्यक कार्यवाही गरिपाउँ भन्ने जाहेरी रही जाहेरवालाले अदालतसमक्ष जाहेरीमा उल्लिखित कुरा नातीसमेतका बच्चाहरूबाट सुनी जाहेरी दिएको हुँ भनी प्रतिवादीकै सहोदर बाबु परिवर्तत नाम डि कुमारले बकपत्र गरेको पाइन्छ । परिवर्तित नाम एम कुमारीले हामीहरूसँग बुबाले मेरो पिसाब फेर्नेमा आफ्नो पिसाब फेर्नेले घोची दिएकाले दुखेको छ भनि बताएकी थिइन भनी बुझिएका अप्सरा सुनार, श्रृजना खनाल, सुस्मा परियार, वन्दना लोहार वि.क.समेतले कागज गरी श्रृजना परियारले सोही मिलानको बकपत्र अदालतसमक्ष गरेको पाइन्छ । पीडितलाई सोध्दा आफूलाई बुबाले जबरजस्ती करणी गरे भनि बताएकीले थाहा पाएको भन्ने वस्तुस्थितिका हर्कबहादुर वि.क.समेतले एकै मिलानको कागज गरी दिएको पाइन्छ । पीडित परिवर्तित नाम एम कुमारीको शारीरिक परीक्षण प्रतिवेदन हेर्दा No sign of struggle like abrasion,contusion & bite mark are present र Hymem rapture अर्थात् हाइमन च्यातिएको भन्ने पाइन्छ । यसरी माथि वर्णित किटानी जाहेरी, पीडितको कागज एवं बकपत्र, प्रतिवादीका बाबु एवं जाहेरवालाको बकपत्र, बुझिएका मानिसहरूको भनाई एवं बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदन आदिसमेत एक अर्कासँग मालाकाररूपमा मिल्न भिड्न आएकाले अदालतको इन्कारी बयानलाई मात्र आधार मानी प्रतिवादीलाई सफाई दिन मिलेन प्रतिवादीले आरोपित कसुर गरेकोले जबरजस्ती करणी महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने र आफ्नै छोरीलाई जबरजस्ती करणी गरेको देखिँदा हाडनाता करणी महलको १ नं. बमोजिम थप १० वर्ष कैद सजायसमेत हुने तथा रू.२५०००।- क्षतिपूर्ति यी प्रतिवादीबाट पीडितलाई भराई दिनेसमेत ठहर्छ भन्ने सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।३।५ को फैसला ।

यसमा प्रस्तुत मुद्दाका प्रतिवादी जीवन दमाई परियारलाई कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।३।५ का फैसलाले २० (बीस) वर्ष कैद र रू.२५,०००।- क्षतिपूर्ति भराई पाउने ठहरी फैसला भएकोले सो फैसलाको तपसिल खण्डमा पुनरावेदन परे पुनरावेदनको रोहबरमा पुनरावेदन नपरे पुनरावेदन पर्ने अवस्थापछि साधक जाहेरीको लागि यो फैसलासहितको सक्कल मिसिल श्री पुनरावेदन अदालत, बुटवलमा पठाई दिने भन्नेसमेत उल्लेख भएको सो फैसलाउपर प्रतिवादीका नाममा मिति २०७१।३।३१ मा पुनरावेदन म्याद तामेल भएका मितिले ऐनका म्यादभित्र निजको पुनरावेदन पत्र पर्न आएको नदेखिएकोले अब निज प्रतिवादीको हकमा प्रस्तुत मुद्दा सुरू फैसलामा उल्लेख भएबमोजिम साधक दर्ता गरी नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, बुटवलको २०७२।१।२७ को आदेशबमोजिम प्रस्तुत मुद्दा साधकको रोहबाट दर्ता भएको ।

प्रतिवादीले मौकामा तथा अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कारी भई बयान गरेपनि पीडितले मौकामा कागज गर्दा साथीहरू बन्दना, अप्सरा, सुष्मासमेत भई खेलेको बेला बाबाले नर्सरीमा काम गर्नु भएकोमा बोलाएपछि म नर्सरीतिर लागेपछि निजले झाडीभित्र लगी भुइँमा पल्टाई मैले पिसाब फेर्ने ठाउँमा बुबाको पिसाब गर्नेले घोची जबरजस्ती पसाउनु भयो भनी आफूलाई प्रतिवादी जीवन परियारले जबरजस्ती करणी गरेको कुरा सिलसिलाबद्ध तरिकाले लेखाएको साथै निज पीडितले अदालतमा बकपत्र गर्दासमेत मौकाको कागजको समर्थन गर्दै बाबाले मेरो कट्टु खोली आफ्नो कट्टु पनि खोल्नुभयो र मात्तिनु भयो भनी बकपत्र गरेको देखियो । मौकाको बयानमा छोरीलाई बोलाई केही परसम्म लगी सम्झाई घरमा जान भनी पठाएको थिए भनी गरेको

बयानले वारदात स्थलमा निज प्रतिवादीको उपस्थिति थियो भन्ने बुझिन्छ । जाहेरवालाले आफ्नो मौकाको जाहेरीलाई समर्थित जनाउँदै छोरी माथि बुबा नाता पर्ने जिवनले बलात्कार गरेछ भन्ने सुनेको हुँ भनी बकपत्र तथा पिडितको स्वास्थ्य परिक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी जीवन दमाई परियारले आफ्नो ७ वर्षभन्दा कम उमेरकी छोरीलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएकोले सुरू अदालतबाट निज प्रतिवादीलाई जबरजस्ती करणीको ३(१) नं. बमोजिम १० वर्ष र हाडनाता करणीको महलको १ नं. बमोजिम थप १० वर्ष गरी २० वर्ष कैद गर्ने र पिडितलाई रू. २५,०००।– क्षतिपूर्तिसमेत भराई दिने गरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, बुटवलको २०७२।३।८ को फैसला ।

प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेको र पीडितको बकपत्र खम्बिर नहुनुका साथै घाउ चोटसमेत नदेखिएको हुँदा सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७१।३।५ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७२।३।८ मा भएको फैसला फरक पर्न सक्ने भएकोले छलफलका लागि मुलुकी ऐन, अदालती बन्दोबस्तको २०२ नं. को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०७३।८।६ गतेको आदेश ।

नियमानुसार आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्र सिंह भण्डारीले प्रतिवादी जीवन दमाई परियारलाई सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेको अवस्था छ भनी र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री नारायण देवकोटाले तल्ला अदालतबाट भएको फैसला विचारणीय रहेको भनी बहस गर्नुभयो ।

प्रस्तुत मुद्दाको मिसिल कागजातहरू अध्ययन गरी हेर्दा पीडित परिवर्तित नाम एम कुमारीलाई निजको आफ्नै बाबु प्रतिवादी जीवन दमाई परियारले जबरजस्ती करणी गरेकोले निज प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको ३(१) नं. र हाडनाता करणीको १ नं. बमोजिम थप सजायसमेत गरी पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने अभियोग दाबी भएको प्रस्तुत मुद्दामा सुरू अदालतबाट प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र हाडनाता करणी महलको १ नं. बमोजिम थप १० वर्ष कैदसमेत गरी २० वर्ष कैद हुने ठहरी फैसला भएको देखियो ।

पुनरावेदन अदालत, बुटवलले उक्त फैसलालाई साधकको रोहमा जाँच गर्दा सुरू कपिलवस्तु जिल्ला अदालतले गरेको फैसला मनासिब देखिएको भनी सदर गर्ने गरी २०७२।३।८ मा फैसला गरेको देखियो । उक्त फैसलाउपर साधक जाँचका लागि यस अदालतमा मिसिल प्राप्त भई मिति २०७३।५।२० को आदेशले साधकमा दर्ता भएको रहेछ ।

२. अब पुनरावेदन अदालत, बुटवलले गरेको फैसलाको सम्बन्धमा साधकको रोहमा पेस भएको प्रस्तुत मुद्दाको सन्दर्भमा विचार गर्दा प्रतिवादी जीवन दमाई परियारलाई जबरजस्ती करणी महलको ३(१) नं. बमोजिम १० वर्ष र हाडनाता करणीका महलको १ नं. बमोजिम थप १० वर्ष गरी २० वर्ष कैद हुने ठहर गरी सुरू तथा पुनरावेदन अदालतले फैसला गरेको देखियो । सोउपर यस अदालतमा साधकको रोहमा पेस हुन आएको पाइयो । मुलुकी ऐन, अदालती बन्दोबस्तको १८६ नं. बमोजिम पुनरावेदन सुन्ने अदालतले सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने ठहराएको मुद्दामा साधकको रोहमा सुनुवाई हुनसक्ने देखिन्छ । न्याय प्रशासन ऐन, २०७३ को दफा

१०(२) बमोजिम उच्च अदालतले जन्मकैदको सजाय हुने ठहऱ्याएको मुद्दामा मात्र साधक जाहेर गरिनु पर्ने हुन्छ । पूर्ववर्ती कानून न्याय प्रशासन ऐन, २०४८ मा समेत सोहीबमोजिमको प्रावधान रहेको देखिन्छ । विभिन्न कलममा भएको कैद गणना गर्दा २० वर्ष वा सोभन्दा बढी हुनु र जन्मकैदको सजाय हुने ठहर हुनु एउटै कुरा होइन । खण्ड कायम गरी कैद गर्नु पर्दा वा जन्मकैदबापत कैद ठेक्नु पर्दा अपनाउने मापदण्डको रूपमा सम्म जन्मकैदबापत २० वर्ष कैद हुने भन्ने व्यवस्था गरिएको देखिन्छ । विभिन्न कलमको कैद गणना गर्दा २० वर्ष हुने भयो भन्ने कुरालाई नै जन्मकैद भन्नु तार्किक दृष्टिकोण हुँदैन । प्रचलित नेपाल कानूनले सबैभन्दा बढी कैद तोक्नु पर्ने गम्भीर प्रकृतिको कसुरका लागि जन्मकैद हुने व्यवस्था गरेको देखिन्छ । यो एउटा कसुरमा हुने सजायको व्यवस्था हो । फरक फरक कसुरमा भएको सजाय अवधि गणना गर्दा २० वर्ष वा सोभन्दा बढी कैद हुने अवधि देखिँदैमा त्यसलाई जन्मकैदको सजाय भन्न मिल्दैन । प्रस्तुत मुद्दामा यी प्रतिवादी जीवन दमाई परियारलाई जबरजस्ती करणी महलको ३(१) नं. ले १० वर्ष र हाडनाता करणीको महलको १ नं. ले थप १० वर्ष कैद गरेको अवस्था छ । यस अवस्थामा पुनरावेदनको माध्यमबाट नै इन्साफ परीक्षण हुन सक्तछ । तर प्रतिवादीले सुरू फैसलाउपर पनि पुनरावेदन गरेको नदेखिई पुनरावेदन अदालत, बुटवलले साधकको रोहमा सुनुवाई गरेको पाइयो । यसपछि पुनः साधक जाहेर गरी यस अदालतमा पठाएको देखियो । यसरी पुनरावेदन अदालत, बुटवलको फैसलाउपर साधक जाहेर गरी रहनु पर्ने र साधकको रोहबाट हेर्न मिल्ने देखिँदैन । यस विषयमा सम्बन्धित पक्ष (प्रतिवादी)ले नै पुनरावेदन गरेको हुन आवश्यक थियो । तर त्यसो गरेको पाइएन । तसर्थ प्रस्तुत मुद्दा साधकको रोहमा हेर्न नमिल्ने भएको र सम्बन्धित पक्षको पुनरावेदनसमेत परेको नदेखिँदा मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ गर्न मिलेन । साधकको लगतमा दर्ता गरेको दायरी खारेज हुन्छ । साधक दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृतः टेकनाथ गौतम
इति संवत् २०७४ साल वैशाख १७ गते रोज १ शुभम् ।

## निर्णय नं. ९८०२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७३।१०।१९
०६८-CR-१०४२

मुद्दाः जबरजस्ती करणी

पुनरावेदक / प्रतिवादी : जिल्ला ललितपुर बडीखेल गा.वि.स. वडा नं. ४ घर भई हाल नख्खु कारागारमा थुनामा रहेका सुमन पहरी

विरूद्ध

प्रत्यर्थी / वादी : लिलाबहादुर नगरकोटीको जाहेरीले नेपाल सरकार

- **जबरजस्ती करणीको कसुर हुनका लागि मुख्यतः तीन वटा आधारभूत तत्त्व हुनु**



नेपाल कानून पत्रिका

**अनिवार्य हुन्छ । जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्था । यस्ता आधारभूत तत्त्व विद्यमान भएको अवस्थामा जबरजस्ती करणीको कसुर स्थापित हुने ।**

- **एक अवोध ४ वर्षकी नाबालिका जसलाई यौन अंग के हो ? करणी के हो ? योनिको भागमा खेलाउँदा वा पीडितको योनिमा लिङ्ग छिराई करणी गर्न लाग्दा आफूलाई के गरेको हो भन्ने कुराको बारेमा थाहा हुनसक्ने अवस्था हुँदैन । त्यस्तो नाबालिकाले बालिक प्रतिवादीले आफ्नो इच्छाविपरीत करणी गर्न लागेको र आफ्नो सतित्व रक्षाको लागि बचाउका लागि हरसम्भव प्रयत्न गर्ने वा विरोध गर्ने भन्ने प्रश्न नै आउँदैन । जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेको स्वयम् पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षण हुने ।**

(प्रकरण नं.३)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता दानबहादुर बुढा, विद्वान् अधिवक्ता तिलबहादुर भट्टराई र विद्वान् अधिवक्ता निर्मला शाक्य

प्रत्यर्थी / वादीका तर्फबाट : उपन्यायाधिवक्ता दशरथ पंगेनी

अवलम्बित नजिर :

- नेकाप २०६१, नि.नं.७४१४, पृ.९१९
- नेकाप २०७३, अङ्क १, नि.नं.९५१९

सम्बद्ध कानून :

सुरू फैसला गर्ने अदालत :

माननीय न्यायाधीश श्री भीमकुमार ओझा

पुनरावेदन तहमा फैसाल गर्नेः

माननीय न्यायाधीश श्री फणिन्द्रदत्त शर्मा

माननीय न्यायाधीश श्री यज्ञ प्रसाद बस्याल

फैसला

**न्या. सपना प्रधान मल्ल** : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको अधिकार क्षेत्रअन्तर्गत भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

सम्मानित सर्वोच्च अदालतको पक्षहरूको गोपनीयता कायम राख्ने निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दामा पीडितको वास्तविक नाम परिवर्तन गरी रोसनी कायम गरिएको छ ।

मिति २०६७/४/२८ बेलुका पखको समयमा आफ्नै घरआँगनमा खेली रहेको मेरो छोरी रोसनीलाई ऐ. बस्ने सुमन पहरीले ललाई फकाई आफ्नो घरको कोठामा लगी जबरजस्ती करणी उद्योग गर्न खोजेको र छोरी रोइरहेको अवस्थामा फेला परेको हुँदा निज सुमन पहरीलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्नेसमेत व्यहोराको लिलबहादुर नगरकोटीको जाहेरी दरखास्त ।

ललितपुर जिल्ला बडिखेल गा.वि.स. वडा नं. ४ स्थित बसन्त पहरीको दुईतले पक्की घरको भुइँतलाको कोठामा प्रतिवादी सुमन पहरीले रोसनीलाई जबरजस्ती करणी उद्योग गर्न खोजेको भन्ने घटनास्थल प्रकृति विवरण कागज ।

पीडित रोसनीलाई जबरजस्ती करणी उद्योग गरेको भन्ने सम्बन्धमा निज पीडितको शरीरको कहीँकतै कोतरिएको घाउ चोट नभएको भन्ने स्वास्थ्य जाँच परीक्षण प्रतिवेदन ।

प्रतिवादी सुमन पहरीको स्वास्थ्य परीक्षण गर्दा जबरजस्ती करणी उद्योग गरेको भन्ने सबुद नभएको भन्ने व्यहोराको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

मिति २०६७/४/२८ का दिन साँझ म आफ्नै

घरको आँगनमा बसी चोया काटी रहेको थिएँ । उक्त समयमा रोसनी खेल्दै म भएको स्थानमा आएकोले वरिपरि कोही नदेखी निजलाई ललाईफकाई चकलेट किनी दिन्छु भनी आफ्नो घरको म सुत्ने कोठामा लगी रोसनीको स्तन र योनिको भागमा हातले खेलाई गालामा चुम्बन गर्न खोज्दा रोई कराई गरेकाले मैले फकाई जबरजस्ती करणी गर्न खोजेको अवस्थामा निजको आमाले फेला पारेकोले म भागेको हुँ । पछि सोही विषयलाई लिएर मिति २०६७/४/२९ गते मलाई पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी सुमन पहरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०६७/५/२१ मा गरेको बयान ।

मिति २०६७/४/२८ मा दिन साँझ १८ बजेको समयमा म आफ्नै घरको आँगनमा खेलिरहेको अवस्थामा मेरो घर नजिकैको सुमन दाइले नानु आउँ म तिमीलाई फिलिम देखाउँछु भनी मलाई बोकी ऊ सुत्ने कोठामा लगी मलाई अस्लिल फिल्म देखाई मेरो पिसाब फेर्ने अङ्गमा उसको पिसाब गर्ने अङ्ग छिराउन खोज्दा म कराएकोले आमा आएपछि सुमन दादा भागी गएको हो । पछि मेरो आमाबुबाले प्रहरीलाई खबर गरी निजलाई पक्राउ गरी मलाई जबरजस्ती करणी गर्न खोज्नेलाई हदैसम्म सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको रोसनीले आफ्नो आमाको रोहबरमा गरेको कागज ।

२०६७/४/२८ गतेका दिन साँझ १८ बजेको समयमा गाउँघरमा होहल्ला भएको सुनी बुझ्दा हाल पक्राउ परेका सुमन पहरीले जाहेरवालाको छोरी वर्ष ४ की रोसनीलाई ललाईफकाई आफ्नो कोठामा लगी जबरजस्ती करणी गर्न खोजेको अवस्थामा बच्चा रोएको सुनी के भयो भनी हेर्दा सुमन पहरीले रोसनीलाई समाइरहेको अवस्थामा फेला पारेको हुँदा निजलाई कानूनबमोजिम कारबाही होस् भन्नेसमेत व्यहोराको घटना आसपासका मानिसहरूले खुलाई दिएको घटना विवरण कागज ।

यी प्रतिवादी सुमन पहरीले जाहेरवालाको छोरी वर्ष ४ कि रोसनीलाई ललाईफकाई आफ्नो कोठामा लगी जबरजस्ती करणी गरी मुलुकी ऐन जबरजस्ती करणीको १ नं. विपरीत ३(१) नं. को कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी सोही महलको १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोग माग दाबी ।

उक्त मितिमा मैले नाम परिवर्तित रोशनी नगरकोटीलाई जबरजस्ती करणी उद्योगसमेत केही गरेको होइन । मिति २०६७/४/२८ गते बेलुका ५ बजेतिर म आफ्नै घरमा चोया काटी रहँदा छिमेकी लिलाबहादुर नगरकोटीको छोरी रोशनी नगरकोटी हाम्रो घरमा आएकि रहेछिन् मैले झुलुक्क देखिको मात्र हुँ । मेरो घरमा हजुरआमा समेत हुनुहुन्थ्यो । निज करिब ४ वर्षे बालिका मेरो हजुरआमासँग केही बेर बसी आफ्नो घर गइछन् । निज कतिबेला गइन् सोसमेत मलाई थाहा जानकारी भएन । करिब ६ बजेतिर म आफ्नो मामाको घरमा बडिखेल गा.वि.स. वडा नं. ७ गएँ, बेलुका ८ बजेतिर आफ्नो घरमा आई खाना खाई सुत्न लाग्दा ती छिमेकी लिलाबहादुरसमेत आई मलाई बोलाएर मेरो घरमा आमाबाबु थिएनन हाम्रो घर हिँड भनेकाले किन जाने भनी सोध्दा बहिनीले दाइ, दाइ भनी बोलाएकी छ भनी भनेकाले बहिनीले किन बोलाइछे भनी म निजहरूको घरमा गएँ । घरभित्र पस्नासाथ निज जाहेरवालासमेत घरका परिवार सबै मिली बाहिरी मानिसहरूसमेत भई केही बोल्न नदिई निर्घात कुटपिट गरे त्यसपछि मलाई राति नै बाँडेगाउँ चौकीमा ल्याएका हुन् । मलाई शरीरमा निलचोट, डाम हुने गरी प्रहरीले कुटपिट गरी सो कुटाईबाट सहन नसकी मैले बाध्य भई जबरजस्ती करणी गरेको हुँ भनेको हुँ सोपछि म ६ दिनसम्म थला नै परेँ । मैले जबरजस्ती गरेको होइन भन्ने व्यहोराको प्रतिवादी सुमन पहरीले अदालतमा

गरेको बयान।

मिति २०६७/४/२९ को जाहेरीमा भएको सहिछाप र व्यहोरा मेरै हो। २०६७/४/२८ का दिन उक्त घटना घटेको हो। उक्त घटनाको बारेमा छोरीसँग सोध्दा मलाई सुमनले टिभी देखायो, त्यसपछि मेरो योनिमा चलायो अनि त्यसपछि उसको योनि मेरो योनिमा घुसार्‍यो भनी बताएको हुँदा हामीले सुमन पहरीलाई राति १०:३० बजेतिर समातेको हो। त्यसपछि मंगलेले प्रहरीलाई फोन गर्‍यो । बाडेगाउँ चौकीबाट प्रहरीहरू आई चौकीमा लगे। सुमनले मेरो छोरीलाई जबरजस्ती करणी गरेको हुँदा निजलाई सजाय हुनुपर्छ भन्नेसमेत व्यहोराको जाहेरवाला लिलाबहादुर नगरकोटीले मिति २०६७/६/२० मा अदालतमा गरेको बकपत्र।

उक्त घटना घटेको दिन हल्लाखल्ला भएको सुनेर म पनि त्यहाँ गएँ। के भयो भनेर सोध्दा पीडितको आमाले मलाई सबै कुरा भनेपछि म आफ्नो घरमा गएँ। मलाई जाउलाखेलमा बोलाई सहिछाप गराएका हुन् । प्रतिवादीले जबरजस्ती करणी गरेको नै हो भन्नेसमेत व्यहोराको बुझिएका मानिस सुमित्रा पहरीले मिति २०६७/६/२० मा अदालतमा गरेको बकपत्र।

उक्त घटना घटेको दिन हल्लाखल्ला भएको सुनेर म पनि त्यहाँ गएँ । के भयो भनेर पीडितलाई सोध्दा मलाई सुमनले काउकुती लगायो भनी बताएकी हुँदा हामीले सुमनले बलात्कार गर्न खोजेकै होला भनी प्रहरीमा लगेको हो भन्नेसमेत व्यहोराको बुझिएका मानिस सानुमैयाँ पहरीले २०६७/६/२० गते अदालतमा गरेको बकपत्र।

मैले उक्त घटना राति १० बजे थाहा पाएको हुँ। मलाई पीडितको आमा र सानुमैयाँले बोलाएकोले म जाहेरवालाको घरमा गएँ के भयो भनी सोध्दा पीडितले मलाई यहाँ गर्‍यो भनी बताएकी हुन् । प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्न खोजेको हो जबरजस्ती करणी गरेको चाहीँ होइन जबरजस्ती करणी गर्न खोज्नेलाई सजाय हुनुपर्छ भन्नेसमेत व्यहोराको बुझिएका मानिस मंगल पहरीले २०६७/६/२१ मा अदालतमा गरेको बकपत्र।

प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने कुरामा मलाई विश्वास लाग्दैन । जबरजस्ती करणी गरेको भए बच्चाको योनिमा घाउचोट हुनुपर्ने हो। केही पनि छैन। प्रतिवादीलाई कुटपिट गरेको हुँदा जबरजस्ती करणी गरेको हुँ भनेको होला भन्नेसमेत व्यहोराको प्रतिवादी सुमन पहरीको साक्षी सुनिल पहरीले मिति २०६७/६/२१ मा अदालतमा गरेको बकपत्र।

प्रतिवादीले मलाई कुरीकुरी लगाएर मेरो पिसाब फेर्नेमा कोतरी दिएको हो भन्नेसमेत व्यहोराको पीडित रोसनीले मिति २०६७/८/२७ मा आमा कमला पहरीको संरक्षकमा अदालतमा गरेको बकपत्र।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष अभियोग दाबी स्वीकार गरेको अवस्था र बालिकाको उमेर ४ वर्षको देखिएबाट जबरजस्ती करणी भएको होइन भनी भन्नसक्ने अवस्था देखिएन । सो हुँदा यी प्रतिवादी सुमन पहरीले आरोपित कसुर गरेको ठहर्छ । तसर्थ प्रतिवादी सुमन पहरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र ऐ.को. १० नं. बमोजिम प्रतिवादीले पीडितलाई रू.२०,०००/- क्षतिपूर्तिसमेत भराई पाउने ठहर्छ भन्ने मिति २०६७/१२/२७ को ललितपुर जिल्ला अदालतबाट भएको फैसला।

प्रस्तुत मुद्दाको जाहेरीले केवल जबरजस्ती करणीको उद्योग गरेको भनिए पनि अभियोग दाबी जबरजस्ती करणीको भएको देखिन्छ । यस्तो आपराधिक वारदात पुष्टि हुनका लागि आपराधिक मनसाय एवं आपराधिक कार्यसमेत स्पष्ट र वस्तुनिष्ठरूपमा पुष्ट्याई हुनुपर्ने हुन्छ । स्वयम् चिकित्सकद्वारा पनि करणी उद्योगको कुनै सबुत नभएको भनी जनाएको अवस्थामा चश्मदिद् नभएका व्यक्तिहरूको केवल अदालतमा आई

बकपत्र गरेकोसम्मको आधार लिई मलाई मुलुकी ऐन जबरजस्ती करणी महलको ३ (१) र १० नं. बमोजिम सजाय गरेको कानूनी सिद्धान्तविपरीत भएको हुँदा सो सुरू अदालतको फैसला बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी सुमन पहरीको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

प्रतिवादी सुमन पहरीले अभियोग माग दाबीबमोजिम पीडित रोसनीलाई जबरजस्ती करणी गरेको ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतले मिति २०६७/१२/२७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६८/५/२७ को फैसला।

जाहेरवाला लिलाबहादुर नगरकोटीले मउपर किटानी जाहेरी दरखास्त दिएको कुरा साँचो भए पनि निजले दिएको जाहेरी दरखास्तको प्रकरण नं. २ मा कुन मुद्दासम्बन्धी अपराधबारे जाहेरी दरखास्त गरेको भन्ने मुद्दाको शिर्षकमा जबरजस्ती करणी उद्योग भनी उल्लेख गरेका छन्। यसरी जाहेरवालाले जबरजस्ती करणी उद्योगमा सजाय गरिपाउँ भनी निवेदन गरेको अवस्थामा पनि मलाई जबरजस्ती करणी नै ठहर गर्नु त्रुटिपूर्ण रहेको छ । निज जाहेरवाला घटनाका प्रत्यक्षदर्शी पनि होइनन्। जुन कुरा उनले अदालतमा गरेको बकपत्रमा समेत उल्लेख गरेका छन्। जाहेरवाला लिलाबहादुर नगरकोटीले अदालतमा गरेको बकपत्रमा मलाई कुटपिट गरी डर धाक धम्की दिएको कुरा पनि स्वीकार गरेका छन् भने मलाई पक्राउ गरी स्थानीय बाँडेगाउँ प्रहरी चौकीमा सोही रात पुऱ्याई प्रहरीले सोधपुछ गर्दा निर्दोष देखिएकोले तपाइँहरूलाई झन्झट हुन्छ, दुःख हुन्छ मिलेर जानुहोस् भन्दा हामीले सोही प्रहरी चौकीमा मिलापत्र गरी सुमनसहित घर फर्केका हौं। भोलिपल्ट भाइहरूले उक्साएकाले प्रहरीमा उजुरी दिएको हुँ भनी आफ्नो व्यहोरामा लेखाएका छन्। यसरी जाहेरवालाले आफ्नो स्वेच्छाले र स्वस्फुर्तरूपमा जाहेरी नदिएको प्रस्ट छ। मेरो अदालतसमक्षको सत्य साँचो इन्कारी बयान व्यहोरालाई मेरो साक्षी सुनिल पहरीले अदालतसमक्ष उपस्थित भई बकपत्र गरी पुष्टि गरिदिएका छन्। सुरू ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनले प्रतिवादीले अनुसन्धान अधिकारीसमक्षको बयानमा आफूले कसुर गरेकोमा साबित भई बयान गरेको भन्ने आधार लिएको रहेछ । अनुसन्धान अधिकारीसमक्ष भएको बयान मैले भनेबमोजिम लेखिएको होइन्, अनुसन्धान अधिकारीले आफूखुसी लेखी तयार पारेको कागज मलाई पढ्न नदिई र पढेर नसुनाई डर, धाकधम्की दिई कुटपिटसमेत गरी जबरजस्ती सहिछाप गराएको हो जुन कुरा मेरो सुरू अदालतसमक्षको बयानमा स्पष्टसाथ लेखाएको छु। मैले अदालतसमक्ष स्वतन्त्ररूपमा गरेको बयानलाई प्रमाणमा नलिनु र अदालतबाहिर प्रहरी हिरासतमा डर धाक धम्की र कुटपिटबाट गराएको बयानलाई प्रमाणमा लिनु न्यायका मान्य सिद्धान्त र फौजदारी विधिशास्त्रको सर्वमान्य मान्यता र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरविपरीत रहेको छ । चिकित्सकको स्वास्थ्य परीक्षण प्रतिवेदनमा Libia Minora सामान्य रहेको भनी उल्लेख भएको छ । सुमित्रा पहरीले अदालतमा बयान गर्दा प्रतिवादीले करणी गरेको होला भनी अनुमान र आशंकासम्म व्यक्त गरेकी छिन्। मौकामा कागज गर्ने मंगल पहरीले अदालतमा उपस्थित भई प्रतिवादीले पीडितको जबरजस्ती करणी गर्न खोजेको हो, करणी चाहीँ गरेको होइन भनी स्पष्टसाथ खुलाई लेखाइदिएका छन्। यसरी मैले पीडितलाई कुनै जबरजस्ती करणी अपराध नगरेको कुरा स्वयम् वादीका साक्षीहरू, मौकामा घटना विवरण कागज गर्नेहरूले अदालतमा उपस्थित भई गरेको बकपत्र र सम्पूर्ण मिसिल अध्ययनबाट स्पष्ट भएको अवस्थामा केवल शंका र अनुमानसम्म गरी बकपत्र गर्ने वादीका साक्षीको बकपत्रलाई आधार मानी भएको

फैसला न्यायका मान्य सिद्धान्त एवं प्रमाण ऐन २०३१ को दफा ८, २५,५४, र अ.बं. १८४(क) तथा अ.बं. १८५ नं.समेत प्रतिकूल भई तथ्य र कानूनको गम्भीर त्रुटि तथा हिरालाल विरूद्ध श्री ५ को सरकार भएको जबरजस्ती करणी मुद्दामा (ने.का.प. २०६१ पृष्ठ ९१९ नि.नं. ७४१४) "जबरजस्ती करणी भएको हो होइन, यकिन भन्न नसकिने भन्नेसमेत जिल्ला स्वास्थ्य कार्यालयको मेडिकल जाँच प्रतिवेदनबाट देखिएको भन्दै कसुर कायम गरिएको देखिँदैन" भनी सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त सिद्धान्तविपरीत भएको सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला उल्टी गरी पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्ने व्यहोराको सुमन पहरीको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

यसमा प्रतिवादीउपर जबरजस्ती करणीको कसुरमा दाबी लिई जबरजस्ती करणी मुद्दाको अभियोगपत्र दायर भएकोमा ललितपुर जिल्ला अदालतबाट जबरजस्ती करणी उद्योग मुद्दाको नामकरण गरी थुनछेक आदेश भएको र तत्पश्चात् साक्षीहरूको बकपत्रसमेत जबरजस्ती करणी मुद्दाको उद्योग नै नामकरण भई भएको देखिएको र सुरू ललितपुर जिल्ला अदालत, पुनरावेदन अदालत, पाटनको फैसलामा समेत मुद्दाको नामकरण जबरजस्ती करणी उद्योग मुद्दा नै भइरहेको देखिनुको साथै सुरू जाहेरीबाट समेत प्रतिवादीले पीडितलाई जबरजस्ती करणी उद्योगसम्म गरेको भन्ने व्यहोरा उल्लेख भएकोमा उल्लिखित प्रमाणहरूको समुचित विवेचना नगरी भएको पुनरावेदन अदालत, पाटनको फैसला प्रमाणको मूल्याङ्कनका रोहमा फरक पर्ने देखिँदा अ.बं. २०२ नं. को प्रयोजनार्थ वादी नेपाल सरकारलाई पुनरावेदनको जानकारीसहितको पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०७३/५/२१ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री दानबहादुर बुढा, विद्वान् अधिवक्ता श्री तिलबहादुर भट्टराई र विद्वान् अधिवक्ता श्री निर्मला शाक्यले जाहेरवालाले पुनरावेदकउपर किटानी जाहेरी दरखास्त दिए पनि जबरजस्ती करणीमा नभई जबरजस्ती करणी उद्योगमा जाहेरी दिएकोमा दाबी नै नलिएको जबरजस्ती करणीमा ठहर गरी सजाय गर्नु त्रुटिपूर्ण रहेको छ। जाहेरवाला घटनाका चश्मदिद् पनि होइनन्। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट करणी गरेको भन्ने प्रमाणित भएको छैन। पीडितको शरीरमा कुनै घाउचोट नभएको र Libia Minora सामान्य रहेको देखिए तापनि पीडितको गुप्ताङ्गको Libia Minora मा बढी मात्रामा रगत जमेको जबरजस्ती करणीको प्रमाण होइन। जबरजस्ती करणीको ३(१) बमोजिम गरेको भने पनि प्रमाण कागजबाट Corpus Delict देखिँदैन। जुन प्रकृतिबाट घटना घटेको हो त्यसमा उद्योगसम्मको कारबाही हुनसक्ने भएकाले पुनरावेदन अदालतको फैसला उल्टी गरी पुनरावेदक प्रतिवादीले सफाई पाउनुपर्छ भन्नेसमेत र प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले पीडितको अनुसन्धान अधिकारीसमक्ष गरेको काजगमा हातको औंलाले चलाई सकेपछि लिङ्ग छिराउन खोज्दा चिच्चाएपछि मेरो आमा आउनुभयो र मेरो आमा आएको देखेपछि सुमन दादा त्यहाँबाट भाग्नुभयो भनी स्पष्टरूपमा लेखाएकी र अदालतसमक्ष गरेको बयानमा पनि कुरीकुरी लगाएको र पिसाब फेर्ने ठाउँमा कोतरी दिएको हो भनी बकपत्र गरेको अवस्थामा जबरजस्ती करणी गरेको होइन भन्ने पुनरावेदक प्रतिवादीको जिकिर तथ्ययुक्त छैन। तसर्थ अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

उल्लिखित दुवै पक्षको तर्फबाट भएको बहस

जिकिर तथा मिसिल संलग्न प्रमाण कागजातहरू अध्ययन गरी हेर्दा यी प्रतिवादी सुमन पहरीले जाहेरवालाको छोरी वर्ष ४ कि रोसनीलाई ललाईफकाई आफ्नो कोठामा लगी जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीत ३(१) नं. को कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी सोही महलको १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोग माग दाबी रहेकोमा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष अभियोग दाबी स्वीकार गरेको अवस्था र बालिकाको उमेर ४ वर्षको देखिएबाट जबरजस्ती करणी भएको होइन भनी भन्न सक्ने अवस्था नदेखिएकाले प्रतिवादी सुमन पहरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र ऐ.को. १० नं. बमोजिम प्रतिवादीले पीडितलाई रू. २०,०००/- क्षतिपूर्तिसमेत भराई पाउने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसलाउपर चित्त नबुझाई प्रतिवादी सुमन पहरीको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

अब प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, पाटनबाट मिति २०६८/५/२७ को फैसला मिलेको छ छैन ? र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, मिति २०६७/४/२८ बेलुकापखको समयमा आफ्नै घरआँगनमा खेली रहेको मेरो छोरी रोसनीलाई ऐ. बस्ने सुमन पहरीले ललाईफकाई आफ्नो घरको कोठामा लगी जबरजस्ती करणी उद्योग गर्न खोजेकोले निज सुमन पहरीलाई पक्राउ गरी कारबाही गरिपाउँ भनी किटानीसाथ जाहेरी दरखास्त परी प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। पीडित ४ वर्षकी नाबालिका रहेको देखिन्छ। निजको शारीरिक परीक्षणबाट पीडितको गुप्ताङ्गको Libia Minora मा बढी रगत जमेको भन्ने उल्लेख गरेको पाइन्छ। प्रतिवादी सुमन पहरीले अदालतमा उपस्थित भई बयान गर्दा कसुरमा इन्कार रही बयान गरे तापनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पीडितलाई ललाईफकाई चकलेट किनी दिन्छु भनी आफ्नो घरमा सुत्ने कोठामा बोकी लगी स्तन र योनिको भागमा हातले खेलाई गालामा चुम्बन गर्न खोज्दा रोईकराई गरेकाले मैले फकाई जबरजस्ती करणी गर्न खोजेको अवस्थामा निजको आमाले फेला पारेकोले म भागेको हुँ भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ। निज प्रतिवादीले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारीसमक्ष भएको बयान मैले भनेबमोजिम लेखिएको होइन, मलाई पढ्न नदिई डर, धाकधम्की दिई कुटपिटसमेत गरी जबरजस्ती सहिछाप गराएका हुन् भनी कसुरमा इन्कार गरी बयान गरे तापनि त्यसरी कुटपिट गरी जबरजस्ती सहिछाप गराएका हुन् भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था देखिँदैन भने प्रतिवादीको शरीरमा कुनै घाचोट परेको पनि देखिँदैन।

३. जबरजस्ती करणीको कसुर हुनका लागि मुख्यतः तीन वटा आधारभूत तत्त्व हुनु अनिवार्य हुन्छ। जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्था। यस्ता आधारभूत तत्त्व विद्यमान भएको अवस्थामा जबरजस्ती करणीको कसुर स्थापित हुन्छ। प्रतिवादी सुमन पहरीले पीडित आफ्नै घरको आँगनमा खेलिरहेको अवस्थामा ललाईफकाई आफू सुत्ने कोठामा लगी स्तन र योनिको भागमा हातले खेलाई निज बालिकाको योनिमा लिङ्ग छिराउन लागेको अवस्थामा दुख्यो भनी कराउँदा निजको आमाले फेला पारेकोले म भागेको हुँ भनी गरेको बयान गरेको देखिएकोले प्रतिवादीको पीडित नाबालिकालाई करणी गर्ने मनसाय रहेको तथ्य स्पष्ट हुन्छ। एक अवोध ४ वर्षकी नाबालिका जसलाई यौन अंग के हो ? करणी

के हो ? योनिको भागमा खेलाउँदा वा पीडितको योनिमा लिङ्ग छिराई करणी गर्न लाग्दा आफूलाई के गरेको हो भन्ने कुराको बारेमा थाहा हुनसक्ने अवस्था हुँदैन। त्यस्तो नाबालिकाले बालिक प्रतिवादीले आफ्नो इच्छाविपरीत करणी गर्न लागेको र आफ्नो सतित्व रक्षाको लागि बचाउका लागि हरसम्भव प्रयत्न गर्ने वा विरोध गर्ने भन्ने प्रश्न नै आउँदैन। जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेको स्वयम् पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षण हो । प्रस्तुत मुद्दामा पीडित नाबालिकाले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा दाइ सुमन पहरीले नानु आउ तिमीलाई फिल्म देखाउँछु भनी मलाई बोकेर उसको कोठामा लगी मलाई अश्लिल खालको सिनेमा देखाई मेरो पिसाब गर्ने ठाउँमा हातको औंलाले चलाई सकेपछि उसको पिसाब फर्ने अंग (लिङ्ग) मेरो पिसाब फेर्ने अंगमा छिराउन खोज्दा म चिच्चाएपछि मेरो आमा आउनु भएकोले सुमन दादा भाग्नु भएको हो भनी बयान गरेको देखिन्छ भने सुरू अदालतमा उपस्थित भई प्रतिवादीले मलाई कुरीकुरी लगाएर मेरो पिसाब फेर्ने ठाउँमा कोतरी दिएको हो भनी बालसुलभ भाषामा निश्चल एवम् निष्कपटरूपमा आफ्नो आमाको रोहबरमा अदालतमा बकपत्र गरिदिएको देखिन्छ । पीडितको गुप्ताङ्गको Libia Minora मा बढी रगत जमेको भन्ने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदबाट नै प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेको स्थापित हुन प्रयाप्त हुन्छ। जबरजस्ती करणी जस्तो फौजदारी अपराधमा पीडित व्यक्तिले व्यक्त गरेको कुरा महत्त्वपूर्ण प्रमाण हो। पीडित स्वयम् घटनाको वा वारदातको चश्मदिद् गवाह पनि हो। एकातिर यी पीडित एक अवोध निर्दोष बालिकाले आफूमाथि जबरजस्ती करणी नगरेको भए यी प्रतिवादीलाई किटान गरी मेरो पिसाब फेर्ने ठाउँमा कुरीकुरी लगाएको र कोतरी दिएको भनी भन्नु पर्ने कुनै कारण वा परिस्थिति पनि छैन । साथै, बालिकाउपर आजीवन सामाजिक दाग लाग्ने जबरजस्तीकरणी जस्तो जघन्य अपराधमा अवोध बालिकालाई पीडित देखाई स्वयम् पीडित बालिकाको आमाले नै यी प्रतिवादीउपर जाहेरी दिनुपर्ने र सोही जाहेरीको व्यहोरालाई समर्थन गर्ने गरी अदालतमा उपस्थित भई बयान गरिदिनु पर्ने अरू कुनै कारण पनि विद्यमान देखिँदैन भने अर्कोतिर पीडित नाबालिकाले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतको भनाईलाई स्वयम् प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलगायत अनुसन्धानका सिलसिलामा घटना विवरण कागज गरिदिने सानुमैया पहरी, सुमित्रा पहरी र मंगल पहरीले घटना विवरण कागजमा लेखिएको व्यहोरालाई समर्थन गर्ने गरी अदालतमा उपस्थित भई गरेको बकपत्र गरेको देखिन्छ। प्रतिवादीको साक्षी सुनिल पहरीले प्रतिवादीले जबरजस्ती करणी गरेको कुरामा मलाई विश्वास लाग्दैन किनभने जबरजस्ती करणी गरेको भए बच्चाको योनिमा घाउ चोट केही पनि छैन भनी अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । पीडितको गुप्ताङ्गको Libia Minora मा बढी रगत जमेको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिइरहेको अवस्थामा अन्य कुनै घाउ चोट नभएको कारणले मात्र जबरजस्ती करणी भएको होइन भनी भनेको भनाईमा तथ्य एवम् कानूनसम्मत देखिँदैन ।यस्तो अवस्थामा प्रतिवादी सुमन पहरीले पीडित नाबालिकालाई जबरजस्ती करणीको कसुर गरेको प्रमाणित हुन आयो।

४. अब जहाँसम्म प्रतिवादी सुमन पहरीको जाहेरी दरखास्त जबरजस्ती करणी उद्योगमा सजाय गरिपाउँ भनी दिएको अवस्थामा पनि मलाई जबरजस्ती करणी नै ठहर गर्नु त्रुटिपूर्ण रहेको छ। फौजदारी मुद्दामा जाहेरी दरखास्त आफैँमा प्रमाण होइन र प्रमाण हुन सक्दैन । त्यसलाई स्वतन्त्र र निर्विवाद सबुद प्रमाणहरूबाट आरोपित कसुरको पुष्टि हुनुपर्छ। जाहेरी दरखास्त र प्रहरीमा भएको साबिती बयानको आधारमा मात्र कसुर ठहर गर्नु कानूनसम्मत हुँदैन । हिरालाल विरूद्ध श्री ५ को सरकार भएको जबरजस्ती करणी

मुद्दामा (ने.का.प. २०६१ पृष्ठ ९१९ नि.नं. ७४१४) जबरजस्ती करणी भएको हो होइन यकिन भन्न नसकिने भन्नेसमेत जिल्ला स्वास्थ्य कार्यालयको मेडिकल जाँच प्रतिवेदन देखिएको भन्दै कसुर कायम गरिएको देखिँदैन भनी प्रतिपादित सिद्धान्तविपरीत भएको फैसला उल्टी गरी पूर्ण सफाई पाउँ भन्ने जिकिरको सम्बन्धमा विचार गर्दा यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबित भइरहेको, सोको पीडित बालिकाको भनाइले पुष्टि गरेको अवस्थामा अदालतमा उपस्थित भई इन्कारी बयान गर्नु मात्र निर्दोषिता ठहर हुने आधार बन्न सक्दैन। आफूमाथि लागेको आरोपबाट छुटकारा पाउनको लागि अदालतमा उपस्थित भई इन्कारी बयान गर्नु फौजदारी मुद्दामा सामान्य कुरा हो। अनुसन्धान अधिकारीसमक्ष भएको बयान कुनै डर, त्रास, धाकधम्की गरी वा कुटपिट गरी गराइएको हो भनी मौखिक जिकिर लिएर मात्र पुग्दैन त्यो कुरा अदालतमा वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि गर्न सक्नु पर्ने हुन्छ। सो कुरा प्रतिवादीले प्रस्तुत मुद्दामा तथ्ययुक्त र वस्तुनिष्ठ आधार प्रमाणबाट खण्डन गर्न सकेको देखिँदैन।

५. जबरजस्ती करणी जस्तो फौजदारी अपराधमा पीडित व्यक्तिले व्यक्त गरेको कुरा महत्त्वपूर्ण प्रमाण हो। पीडित स्वयम् घटनाको वा वारदातको चश्मदिद् गवाह पनि हो। एकातिर यी पीडित एक अवोध निर्दोष बालिकाले आफूमाथि जबरजस्ती करणी नगरेको भए यी प्रतिवादीलाई किटान गरी मेरो पिसाब फेर्ने ठाउँमा कुरीकुरी लगाएको र कोतरी दिएको भनी भन्नु पर्ने कुनै कारण वा परिस्थिति पनि छैन। साथै, बालिकाउपर आजीवन सामाजिक दाग लाग्ने जबरजस्ती करणी जस्तो जघन्य अपराधमा अवोध बालिकालाई पीडित देखाई स्वयम् पीडित बालिकाको आमाले नै यी प्रतिवादीउपर जाहेरी दिनुपर्ने र सोही जाहेरीको व्यहोरालाई समर्थन गर्ने गरी अदालतमा उपस्थित भई बयान गरिदिनु पर्ने अरू कुनै कारण पनि विद्यमान देखिँदैन। पीडित नाबालिकाको गुप्ताङ्गको Libia Minora मा बढी रगत जमेको भनी स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भइरहेको अवस्थामा अन्य कारणबाट पीडितको गुप्ताङ्गको Libia Minora मा रगत जमेको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको अवस्थामा ४ वर्ष नाबालिकालाई जवान भएका प्रतिवादीले जबरजस्ती करणी गर्दाकै परिणाम हो भनी भन्न सकिने अवस्था रहन्छ। प्रतिवादीले जिकिर लिएको हिरालाल विरूद्ध श्री ५ को सरकार भएको जबरजस्ती करणी मुद्दा (ने. का.प. २०६१ पृष्ठ ९१९ नि.नं. ७४१४) प्रस्तुत मुद्दामा सान्दर्भिक हुन आउने देखिएन। जबरजस्ती करणीको महलको १(ग) मा "योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ" भन्ने व्यवस्था गरिएको छ। ने.का.प. २०७३ अंक १ नि.नं. ९५१९ वादी नेपाल सरकार प्रतिवादी टसि वि.क.समेत रहेको जबरजस्ती करणी मुद्दामा "लिङ्ग र योनिको सम्पर्क गरी करणीको कार्य हुने हुनाले योनिमा कति प्रवेश होइन कि योनिमा किञ्चित घर्षण वा प्रवेश पनि करणी गर्ने उद्देश्यले भएको छभने सो करणी भएको मान्नु पर्ने। बालिकाको यौनाङ्गमा लिङ्गले छुने, रगड्ने वा आंशिकरूपमा प्रवेश गरेको रहेछ भने पनि बालिका विरूद्धको करणीको कार्य पूरा भएसरह नै मान्नु पर्ने हुन्छ। अन्यथा लिङ्गले त्यहाँसम्म प्रवेश गर्ने कुरा अप्रासँगिक हुन्छ। आपराधिक मनसायलाई हेरी खराब कार्य (Mischief) लाई निरूत्साहित गरी दण्डित गर्ने हिसाबले कसुरसम्बन्धी कानूनको व्याख्या गर्नुपर्ने" भन्ने सर्वोच्च अदालत पूर्ण इजलासबाट सिद्धान्तसमेत प्रतिपादन भएको छ। यस सिद्धान्तअनुसार जबरजस्ती करणी हुनका लागि योनिमा लिङ्गको पूरै प्रवेश हुनुपर्छ भन्ने छैन। लिङ्गले योनिमा छोएको, घर्षण गरेको वा आंशिकरूपमा प्रवेश गरेको रहेछ भने पनि करणी गरेको मानिन्छ। यसरी प्रतिवादीउपर जाहेरवाला लिलाबहादुर

नगरकोटीको किटानी जाहेरी र सो जाहेरीको व्यहोरालाई समर्थन गर्ने गरी अदालतसमक्ष गरिदिएको बयान, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान, पीडितको गुप्ताङ्गको Libia Minora मा बढी रगत जमेको minor abrasion of 1X1 mm in the Rt cover of labia minora भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितको मौकाको कागज र अदालतसमक्ष भएको बकपत्र, घटना विवरण कागज गरिदिने मानिसहरूले घटना विवरण काजगको व्यहोरालाई समर्थन गर्ने गरी अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्रलगायत मिसिल संगल्न कागज प्रमाणहरूबाट प्रतिवादीले पीडित नाबालिकालाई जबरजस्ती करणी गर्ने उद्योग गरेको नभई जबरजस्ती करणी नै गरेको प्रमाणित हुन आएकोले प्रतिवादीको पुनरावेदन जिकिर तथा यस अदालतको संयुक्त इजलासबाट झ.झि. गर्दा लिएका कारण आधारसँग यो इजलास सहमत हुन सकेन।

६. अतः माथि उल्लिखित आधार कारण तथा प्रमाणहरूबाट प्रतिवादी सुमन पहरीले अभियोग माग दाबीबमोजिम पीडित नाबालिका रोशनीलाई जबरजस्ती करणी गरेको ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६७/१२/२७ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८/५/२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृतः उदविर नेपाली
इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

सर्वोच्च अदालत